मार्टिन्सको दुई गोल
संकटाको फराकिलो जित । १६

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

भुमरीमा दीपिका
'छपाक' बहिष्कार ट्रेन्डमा । ९

वर्ष २७ अंक ३२० काठमाडौं | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

NEPAL GEM & JEWELLERY ASSOCIATION
PRESENTS

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

GJE
3rd Nepal
GEM & JEWELLERY
EXPO 2020
Taking Nepalese Jewellery Globally

HOTEL SOALTEE CROWN PLAZA
Kathmandu, Nepal

Nepal's Exclusive Jewellery Exhibition

11-12 January, 2020, 10am - 6pm

More than 26 reputed jewelers under one roof

Large Variety of Gems & Jewelleries

Wedding Jewelleries

ORGANIZED BY
NEPAL GEM & JEWELLERY ASSOCIATION
FNCCI
Nepal Tourism Board www.welcomenepal.com

ENDORSED BY
Trade and Export Promotion Centre
Ministry of Industry Commerce and Supplies

MAIN SPONSOR: कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED

DIAMOND SPONSOR: Warsteiner PREMIUM GERMAN BEER, TVS

DIAMOND SPONSOR: अर्घाखाँची सिमेन्ट प्रा.लि., MG MORRIS GARAGES, लक्ष्मी बैंक

SILVER SPONSOR : HIMALAYA AIRLINES, PRIME BANK LTD., SiddharthaBank, सिद्धार्थ इन्स्योरेन्स लिमिटेड Siddhartha Insurance Limited, BAJAJ, Global IME Bank

SUPPORTING PARTNERS : GARUD SECURITIES P. LTD., Godrej, Radisson HOTEL KATHMANDU, SOALTEE CROWNE PLAZA KATHMANDU

MAKE-UP: MAKE-UP STUDIO PROFESSIONAL AMSTERDAM

MAGAZINE PARTNERS : SHINE, N-MAG SOCIAL NETWORK MAGAZINE

MEDIA PARTNERS : KANTIPUR HD

EVENT MANAGED BY : EVENT sansar.com

नेपाल रत्न तथा आभुषण संघ
प्रस्तुत गर्दछ
कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
GJE
3rd Nepal
GEM & JEWELLERY
EXPO 2076
Taking Nepalese Jewellery Globally
पौष २६ - २७ गते
२०७६
बिहान १० देखि
साँझ ६ बजे सम्म
होटल सोल्टी क्राउन प्लाजा
काठमाण्डौ, नेपाल
visit Nepal 2020
Lifetime Experiences
OUR EXHIBITORS
A Symbol of Quality
R.B. Diamond Jewellers
MARIGOLD
SAYAPATRI JEWELLERS
Gaiju Trade International Pvt.Ltd
Kathmandu
Shagoon Jewellers
CLASSIC
DIAMOND JEWELLERS
Shalimar Jewellers
GOLD AND DIAMOND ORNAMENTS
SINCE 1994
JAI MATA DI
GOLD PALACE
J G P
Durbar Jewels
DC
Diamond
DEVCORNER
SILVER ESTATE
Eco Design Jewelry
N Local Gem
Newroad, Kathmandu
DHANASHRI
JEWELLERS
SHREE
VJ
Shree Vairab Jewelry
New Road, Kathmandu
VJG
Zuleika
by GAHANA GRIHA
SHREE
NATRAJ
jewellers
GEM
COLLECTION CENTER
01-4223928
Baraha Jewellery Industries Pvt. Ltd.
Kathmandu

मार्टिन्सको दुई गोल
संकटको फराकिलो जित । १६

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

भुमरीमा दीपिका
'छपाक' बहिष्कार ट्रेन्डमा । ९

वर्ष २७ अंक ३२० काठमाडौं | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

सत्तारूढ दलका नेता र सरकारका उच्च अधिकारीको प्रतिबद्धता

'निजी क्षेत्रको मनोबल टुट्न दिन्नौं'

कान्तिपुर संवाददाता (काठमाडौं)

सत्तारूढ दलका नेता तथा सरकारका उच्च अधिकारीहरूले निजी क्षेत्रको मनोबल टुट्न नदिने प्रतिबद्धता जनाएका छन् ।

राजधानीमा बिहीबार आयोजित 'कान्तिपुर इकोनमिक समिट २०२०' मा सत्तारूढ नेकपाका नेता, बहालवाला तथा पूर्वअर्थमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष र सरकारका उच्च अधिकारीहरूले अहिले निजी क्षेत्रले केही असहज महसुस गरिरहे पनि मनोबल टुट्न नदिने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

समिटमा 'नेपाली अर्थतन्त्र : वर्तमान अवस्था र भावी दिशा' शीर्षकको छलफलमा सहभागी अर्थमन्त्री युवराज खतिवडाले विभिन्न तहका सरकारले निर्धारण गरेको करका कारण निजी क्षेत्रले असहज महसुस गरे पनि अब त्यस्तो नहुने बताए । संघ, प्रदेश र स्थानीय तहका सरकारले लगाएको करसम्बन्धी समस्या समाधान भइसकेको उल्लेख गरे । 'कर क्षेत्रको सुशासनमा सरकारको ध्यान जानेछ,' उनले भने । जनता र निजी क्षेत्रले तिरेको कर सदुपयोग हुनेमा आश्वस्त पार्दै उनले भने, 'अब कर बढ्दैन ।' उनले कर्पोरेट कर नबढेको र भन्सार महसुलमा मात्रै केही परिवर्तन गरिएको बताए ।

समिटका क्रममा निजी क्षेत्रको मनोबल शीर्षकको छलफल सत्रमा राजस्व सचिव शिशिर ढुंगानाले निजी क्षेत्रलाई सरकारले संकुचित नपारेको दाबी गरे । 'निजी क्षेत्रको मनोबल उकास्न आवश्यक अनुदान दिएका छौं,' उनले भने, 'लगानीकर्ताका लागि पूर्वाधार निर्माण र सुरक्षालाई पहिलो प्राथमिकतामा राखेका छौं ।'

'निजी क्षेत्रको मनोबल' शीर्षकको अर्को छलफलमा पूर्वअर्थमन्त्री एवं नेकपाका महासचिव विष्णु पौडेलले पनि निजी क्षेत्रको विश्वास जित्न कुनै कसुर बाँकी नराख्ने बताए । 'निजी क्षेत्रले लगानी गरेअनुसार अपेक्षा पनि गरेका हुन्छन् । उनीहरूले जोखिम कम खोजेका हुन्छन् । सीमित लगानीमा केही मुनाफा खोज्छन्,' उनले भने, 'सरकारले निजी क्षेत्रको कठिनाइ हेर्छ ।' सरकारले मात्र नभई नेकपाले पनि निजी क्षेत्रसँग घनिष्ठ सहकार्य गर्न चाहेको उनले बताए ।

लोकतान्त्रिक विधि र आर्थिक प्रणालीबाट चल्ने मुलुकमा निजी क्षेत्र आवश्यक पर्ने उल्लेख गर्दै उनले भने, 'निजी क्षेत्रलाई साथमा नलिई समृद्धि आउँदैन । निजी क्षेत्रको विश्वास जित्न र मनोबल उठाउन सरकारले कुनै संकोच राख्दैन ।' उनले निजी क्षेत्रलाई समस्या पर्ने कुनै कानुन भए तिनलाई संशोधन गर्न सकिने आश्वासनसमेत दिए ।

सोही छलफलमा राजस्व सचिव शिशिर ढुंगानाले पनि निजी क्षेत्रलाई सरकारले प्रोत्साहन गरिरहेको धारणा व्यक्त गरे । 'निजी क्षेत्रको मनोबल बढाउन सरकारका तर्फबाट सक्दो सहयोग गरेका छौं,' उनले भने, 'सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न चाहेको छ, त्यसैले राजस्वमा मात्रै जोड दिएका छैनौं ।' सरकारले ऐन, कानुन बनाउँदा पनि निजी क्षेत्रसँग छलफल गरेको उनले स्मरण गराए ।

कार्यक्रममा प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमालले निजी क्षेत्रसँगको सहकार्यमा ठूला आयोजना निर्माण गर्न सरकारले सार्वजनिक-निजी साझेदारी ऐन तयार पारिसकेको जानकारी दिए । **बाँकी पृष्ठ १३**

पृष्ठ ११/१२

- निजी क्षेत्र भन्छ- 'नीतिभन्दा नियतले समस्या'
- कसरी जुटाउने पूर्वाधारमा लगानी ?
- 'जनताको पैसा सुरक्षित गर्न वित्तीय क्षेत्र नियन्त्रण'
- 'सरकारले पूर्वाधार, निजीले उत्पादनमूलक क्षेत्रमा लगानी'

काठमाडौंमा बिहीबार आयोजित 'कान्तिपुर इकोनोमिक समिट-२०२०' को 'नेपाली अर्थतन्त्र : आजको अवस्था र भोलिको दिशा' शीर्षक छलफलमा सहभागी वक्ताहरू बायाँबाट क्रमशः अर्थमन्त्री युवराज खतिवडा, पूर्वअर्थमन्त्रीद्वय रामशरण महत र प्रकाशचन्द्र लोहनी, नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणा र प्रस्तोता विश्व पौडेल ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/ कान्तिपुर

आर्थिक बहसको खाँचो

संस्थागत पूर्वाधारबिना न लोकतन्त्र खँदिलो हुन्छ, न विकास समावेशी र न्यायोचित नै



प्रा. पीताम्बर शर्मा
पूर्वउपाध्यक्ष,
राष्ट्रिय योजना आयोग

नेपालमा खास गरेर आर्थिक विकास र नीतिहरूबारे सार्वजनिक फोरमहरूमा बहस, संवाद गर्ने र विषयको गम्भीरतालाई जनसाधारणमा सम्प्रेषण गर्ने स्थापित परम्परा छैन । भारतका विश्वविद्यालयको नक्कल गरेर विकसित हाम्रो प्राज्ञिक परम्परामा बेलामौकामा हुने गोष्ठी कर्मकाण्ड जस्तै छन् । दीर्घकालीन महत्त्वका वा समसामयिक विकासका विषयहरूमा विश्लेषण गर्ने प्राज्ञिक अनुसन्धानको खडेरी नै छ । व्यावसायिक संघसंस्थाका गोष्ठी र सम्मेलन आफ्ना मागहरूको सार्थकता वा सरकारी नीतिप्रति आफ्नो धारणा व्यक्त गर्ने फोरमभन्दा बढी हुने गर्दैनन् । विचार मन्थन गर्ने भनिएका सरकारी निकायहरूको निरीहता तथ्यको विश्लेषणमा आधारित नीति निर्माणभन्दा खास आग्रहद्वारा प्रेरित नीति र कार्यक्रमको पृष्ठपोषणमा झल्कन्छ ।

बहस र संवाद लोकतन्त्रको सबैभन्दा राम्रो पक्ष मानिन्छ । यसले सुन्ने-सुनाउने, बुझ्ने-बुझाउने, परिमार्जन गर्ने-गराउने एउटा खण्ड बनाउँछ । जब बहस, संवाद र प्रतिस्पर्धा कुण्ठित हुन्छ, तब तथ्य र प्रमाणलाई 'वैकल्पिक कथ्य' ले विस्थापित गर्छ । लोकतन्त्रका लागि यो सबैभन्दा घातक स्थिति बन्छ ।

पञ्चायतकालको राजाको निरपेक्ष शासनमा बहसलाई कुनै स्थान थिएन । पञ्चायतको अन्त्यकालताका सन् १९८५ मा बृहत् आर्थिक सन्तुलन कायम गर्ने नाममा संरचनात्मक समायोजन कार्यक्रम लागू गरियो । उद्योग, व्यापार, विदेशी विनिमय र मौद्रिक नीतिलाई उदार बनाइयो र आयात प्रतिस्थापनका लागि संरक्षण गरिएका उद्योगलाई बाह्य प्रतिस्पर्धाका लागि छाडियो । पञ्चायतको अवसानपछिको प्रजातान्त्रिक सरकारले दोस्रो चरणमा उदारीकरण, निजीकरण र भूमण्डलीकरण सँगसँगै लैजान कानुनी संरक्षण प्रदान गऱ्यो । सन् २००३ मा गरिबी निवारण र वृद्धि सुविधाका नाममा यो कार्यक्रमलाई अझै व्यापक र विस्तारित बनाइयो ।

संरचनात्मक समायोजनबाट यातायात, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको विकासमा निजी क्षेत्रको भूमिका बढ्यो र झाँगियो । कतिपय सार्वजनिक उद्योगहरू निजीकरण गरिए तर उद्योगमा दिगो अपेक्षित विकास हुन सकेन । दिगो आधार नभएका भुइँफुट्टा (फुटलुज) उद्योगको विकास भयो । विकासका निम्ति अपरिहार्य सार्वजनिक शिक्षा र स्वास्थ्य सेवा निकायमा संख्यात्मक वृद्धि हुँदाहुँदै पनि अपेक्षित गुणात्मक परिवर्तन आएन । **बाँकी पृष्ठ १३**

बिरामी ठग्दै 'अन्तिम विकल्प'

बिनु सुवेदी (काठमाडौं)

५० वर्षीय केसाङ (परिवर्तित नाम) भरतपुर क्यान्सर अस्पताल चितवनमा एक साता बसेर गत आइतबार ललितपुर गोदावरीको घर फर्किए । अन्तिम चरणमा पुगेको आन्द्राको क्यान्सर शल्यक्रिया गरे पनि निको नहुने भएपछि अब उनीसँग उनकै शब्दमा 'मृत्यु पर्खिनु' को विकल्प छैन ।

रोग पत्ता लाग्नेबित्तिकै उपचार गराउन अस्पताल पुगेको भए उनी छिट्टै निको हुन्थे तर उनी 'बिना अपरेसन क्यान्सर निको पार्छौं' भन्ने प्रचारको पछि लागे । शरीर डामाडोल भयो ।

करिब १७ महिनाअघि केसाङले आफ्नो आन्द्रामा क्यान्सर भएको पत्ता पाएका हुन् । डाक्टरले तुरुन्तै उपचार गरे रोग छिट्टै निको हुने पनि भनेका थिए । तर उनलाई शल्यक्रियासँग डर लाग्यो । उनले शरीर चिर्दै नचिरी सन्चो हुने उपचार पद्धतिबारे सुनेका थिए । सुरुमा त उनले बिमारबारे परिवारका सदस्यलाई पनि भनेनन् । गल्दै गएर करिब सात महिनाअघि उनले परिवारलाई बताउँदा उनको क्यान्सर स्टेज २ मा थियो ।



क्यान्सरका बिरामीले पैसा मात्र सिध्याएका छैनन्, बिमारलाई पनि अन्तिम चरणमै पुऱ्याइरहेका छन्

उनका छोरा सोनम (परिवर्तित नाम) भन्छन्, 'बुबाले शल्यक्रियाभन्दा सजिलो केही उपाय छ भने बुझौं न भनेपछि हामीले इन्टरनेटमा खोज्यौं ।' शल्यक्रिया नै नगरी रोग निको पार्छौं भन्दै प्रचार गरिरहेको ललितपुरको ढोलाहिटीस्थित 'अन्तिम विकल्प' मा सोनम बुबालाई लिएर गए । उनले अन्तिम विकल्पका सञ्चालक सुवास सुब्बालाई भेटेर बिमार र त्यसको उपचारबारे परामर्श गरे । सुब्बाले अन्तिम विकल्पलाई अस्पताल दाबी गर्दै गरेको प्रचार फेसबुक र युट्युबमा छयापछ्याप्ती छ । त्यहाँ उपचार गराएर निको भएका भनिएका 'बिरामी'हरूलाई सुब्बा आफैंले भेटाइदिए । सबैको कुरा र दाबी सुनिसकेपछि सोनमलाई लाग्यो, 'शल्यक्रिया नै नगरी दसै महिनामा उपचार हुने यो त गज्जबको ठाउँ रहेछ ।'

उनीहरूले त्यही उपचार सुरु गरे । सुब्बाले क्यान्सर निको पार्ने भन्दै आफ्नै क्लिनिकमा उत्पादन गरेको चमत्कार नामक औषधि चालु गराए । महिनाको ४५ हजार तिरेर किनेको त्यो औषधि केसाङले लगातार चार महिनासम्म खाए । **बाँकी पृष्ठ १४**

टीआरसी

ऐन संशोधन गर्दै सरकार

काठमाडौं (कास)- सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिहरूको छानबिन आयोगसम्बन्धी ऐन संशोधनको तयारी गरेको छ। कानुन मन्त्रालयले त्यसका लागि पीडितसँग आगामी सोमबार सातै प्रदेशमा परामर्श गर्दै छ।

कानुन मन्त्रालयका अधिकृत राजाराम दाहालले बिहीबार द्वन्द्वपीडित साझा चौतारीलाई पत्र पठाई छलफलमा सहभागी हुन सातै प्रदेशमा पाँच/पाँच प्रतिनिधि पठाइदिन आग्रह गरेका छन्। उनका अनुसार प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सम्बन्धित क्षेत्रका पीडितसँग परामर्शको तयारी गरिसकेका छन्। 'संशोधन गर्नुअघि पीडितको राय, सल्लाह र सुझाव लिने उद्देश्यले परामर्शको प्रक्रिया अघि बढेको हो,' दाहालले भने, 'त्यसै दिन पीडितहरूसँग छलफल सकेपछि पत्रकार तथा अन्य सरोकारवालासँग पनि छलफल गर्ने कार्यक्रम छ।'

सोमबार बिहान ९ देखि १२ बजेसम्म तीन घण्टा हुने छलफलमा ऐनमा सुधार्नुपर्ने पक्षबारे पूरा धारणा समेटन सम्भव नहुने भन्दै पीडितले त्यसमा सहभागी नहुने बताएका छन्। 'सरकारले दुनियाँको आँखामा छारो हाल्न परामर्श गरेजस्तो गर्न लाग्यो, जो हामीले खोजेका थिएनौं,' चौतारीका अध्यक्ष भागिराम चौधरीले भने, 'हामी हजारौं जना पीडित छौं, सरकार पाँच जनासँग कुरा गर्छु भन्छ, त्यो पनि आधिकारिक पत्र चाहिने रे ! जिल्ला जिल्ला पुगेर हाम्रा कुरा सुन्न ६ महिना लाग्छ, तीन घण्टामा के कुरा हुन्छ ?'

परामर्शमा सकेसम्म बढी पीडित सहभागी गराउनुपर्ने आफ्ना माग सरकारले वास्ता नगरेकाले त्यसमा सामेल नहुने उनले बताए। 'हाम्रा पीडा फरक छन् र आवश्यकता पनि फरक छन्,' उनले भने, 'पीडकलाई सजाय हुनुपर्ने बुँदामा सबैको सहमति भए पनि परिपूरण पाउनुपर्ने कुरामा पीडितपिच्छे फरक अवस्था भएकाले यसबारे राम्रोसँग परामर्श हुनुपर्छ र त्यसअनुसारकै ऐन बनाउनुपर्छ भन्ने हाम्रो माग सरकारले वास्ता गरेन।' कानुन मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले पीडितसँग यसै साता भेट गरेर ऐन संशोधनसम्बन्धी उनीहरूको माग पूरा गर्न सरकार तयार भएको जनाउ दिएका थिए।

स्ववियु चुनाव फागुन १४ मा

काठमाडौं (कास)- त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को बैठकले स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन गर्न आगामी फागुन १४ को मिति तोकेको छ। निर्वाचन मिति तोकेर मातहत निकाय र क्याम्पसलाई जानकारी पठाउन थालिएको रजिस्ट्रार पेशल दाहालले जानकारी दिए।

'चुनावको मिति तोकियो, क्याम्पसहरूलाई त्यसको जानकारी गराएर विद्यार्थी संघसंगठनसँग तयारीका विषयमा छलफल थाल्छौं,' उनले भने। त्रिवि विद्यार्थी कल्याण विभागले स्ववियु निर्वाचनलाई लक्षित गर्दै विद्यार्थी भर्नालगायत काम सक्न क्याम्पसलाई ताकेता गरिसकेको छ। कार्यकारी परिषद्को बैठकले निर्वाचनसम्बन्धी प्रक्रिया थाल्न विभागलाई समेत परिपत्र गरेको छ।

गत वर्ष निर्वाचन समन्वय एवं निरीक्षण समिति गठन गरे पनि विद्यार्थी संगठन र प्रमुख दल तयार नभएपछि निर्वाचन हुन सकेको थिएन। ०७३ मा पनि अन्तिम समयमा त्रिविका अधिकांश क्याम्पसमा निर्वाचन भएन। सत्तारूढ नेकपानिकट अनेरास्ववियुका संयोजक ऐन महरले विद्यार्थी आन्दोलन र स्ववियु जोगाउन पनि यो वर्ष चुनाव हुनुपर्ने तर्क गरे। 'हामीले गत वर्ष पनि निर्वाचन हुनुपर्छ भन्ने माग राखेका थियौं,' उनले भने, 'यस वर्ष पनि माहोल बनाउन दबाब दिइरहेका छौं।' जित हारभन्दा पनि विद्यार्थी आन्दोलनलाई सशक्त बनाइराख्न स्ववियु आवश्यक रहेको उनले औंल्याए।

गत वर्ष पनि फागुनमै निर्वाचन गर्ने गरी देशभरका क्याम्पसलाई तयारी थाल्न त्रिविले निर्देशन दिएको थियो। तर कांग्रेसनिकट नेपाल विद्यार्थी संघले तत्काल निर्वाचन नगर्न आग्रह गरेपछि मिति नै घोषणा हुन सकेन। निर्वाचनभन्दा एक महिना पहिले मिति र कार्यतालिका सार्वजनिक गर्नुपर्ने प्रावधान छ।

त्रिवि क्यालेन्डरमा हरेक दुई वर्षमा चुनाव गर्ने उल्लेख छ। चैत अन्त्यपछि वार्षिक परीक्षालगायत कार्यक्रम सुरु हुने हुँदा त्यसपछि निर्वाचन गर्न सम्भव नहुने त्रिविका पदाधिकारी बताउँछन्। नेविसंघका पूर्वमहामन्त्री कुन्दन काफ्लेले सरकार र विश्वविद्यालयले निर्वाचन सुनिश्चित गर्नुपर्ने बताए।

सूचना प्रविधि विधेयकको विरोधमा बिहीबार राजधानीको माइतीघर मण्डलमा प्रदर्शन गरिँदै। तस्बिर : कविन अधिकारी/कान्तिपुर

इराकमा नेपाली

'ग्रिन जोन' भित्र असुरक्षा

पहिले सबैभन्दा सुरक्षित मानिएको ग्रिन जोनमा अमेरिकी दूतावास भएकै कारण अहिले सुरक्षा खतरा बढेको नेपाली कामदारको बुझाइ

■ होम कार्की (काठमाडौं)

इराकको राजधानी बग्दादमा सरस्वती घर्ती बुधबार राति ड्युटी सकेर बेडमा निदाउन मात्रै लागेकी थिइन्, रकेट पड्किएको ठूलो आवाज आयो। हत्तपत्त दौडिएर बंकरतिर हान्निइन्। बंकरमा पुग्दा नपुग्दै फेरि अर्को रकेट पड्किएको आवाज सुनियो। त्यहाँ अरू नेपाली महिला पनि आइपुगे। 'त्यसरी रकेट आउँछ भन्ने थाहै थिएन। एक्कासि मुटु हल्लाउने आवाज आयो,' उनले कान्तिपुरलाई फोनमा भनिन्, 'एकछिन त डर लाग्यो। तर त्यसपछि रातभार सामान्य भयो।'

बर्दियाकी घर्ती सबभन्दा सुरक्षित मानिएको 'ग्रिन जोन' मा कार्यरत छिन्। उनी बस्ने क्याम्पमा ९ जना नेपाली महिला छन्। क्याम्प अमेरिकी दूतावास रहेको ठाउँबाट ५ सय मिटर नजिकै छ। बुधबार राति पड्किएको रकेट कहाँ खस्यो, कति क्षति गऱ्यो भन्नेबारे घर्तीलाई थाहा छैन। 'कुनै नेपालीलाई केही भएको सुनिएको छैन,' उनले भनिन्।

इराकी सेनाका अनुसार मध्यराति ११:४५ बजे ग्रिन जोनभित्र दुइटा 'कट्युसा रकेट' झरेका थिए। त्यसबाट क्षति भएको रिपोर्ट नरहेको सेनाको दावी छ। कसले रकेट प्रहार गऱ्यो भन्ने पनि खुलेको छैन। ग्रिन जोनभित्र सुरक्षित बंकरहरू रहेकाले आफूहरूलाई खासै डर नलागेको घर्तीले बताइन्। '६ वर्षदेखि यहाँ काम गरिरहेकी छु। हाम्रो कम्पनीले पनि डर मान्नुपर्दैन भनिरहेको छ,' उनले भनिन्, 'कम्पनीकै विश्वासमा बसिरहेका छौं।' ग्रिन जोन बग्दादको अन्तर्राष्ट्रिय क्षेत्र नामले पनि परिचित छ। यो झन्डै १० वर्ग किलोमिटरमा फैलिएको छ। 'इराकका मुख्य मन्त्रालयका साथै विदेशी कम्पनी, दूतावास सबै यहींभित्र छन्,' ४ वर्षदेखि त्यहाँ कार्यरत प्रेम लामाले भने, 'हरेक कम्पनीको कार्यालयमा नेपाली कामदार छन्।'

अमेरिकी दूतावास भएकै कारण पछिल्लो समय यो क्षेत्रमा सुरक्षा खतरा बढेको नेपाली कामदारको बुझाइ छ। पुस १५ गते अमेरिकी दूतावासमाथि स्थानीय इराकीको समूहबाट आक्रमण भएको थियो।

रेड जोनमा कार्यरत नेपालीले पनि ग्रिन जोनमै सुरक्षा खतरा बढेको बताए। 'हामी ग्रिन जोन बाहिर छौं। पहिला हामी बसेको ठाउँ असुरक्षित छ भन्थे। हाम्रो मनमा केही डर थियो। बितेको सातादेखि ग्रिन जोन सुरक्षित छैन,' ७ वर्षदेखि बग्दादमा कार्यरत कुन्छामान घलेले भने। सुरक्षा गार्ड रोल्पाका सूर्यमान गुरुङले ग्रिन जोनभित्र रहेका अधिकांश दूतावासमा नेपाली सुरक्षा गार्ड रहेको बताए। 'नेपाल फिर्ने कि ड्युटीलाई निरन्तर दिने भन्नेमा हामी अलमलमा छौं,' उनले भने, 'अहिले नै डराइहाल्नुपर्ने अवस्था त छैन। तैपनि भविष्यमा के हुन्छ, यसै भन्न सकिँदैन।'

यो क्षेत्रभित्र रहेका कम्पनीले आफ्ना कामदारलाई सतर्क राखेका छन्। 'कम्पनीले घर फिर्न चाहने कामदारको नामावली संकलन गरिरहेका छन्। काम गर्नैपर्छ भनेका छैनन्,' गुरुङले भने। धेरैजसो कम्पनीले आवश्यक कामदार मात्रै राखेर अरूलाई घर पठाउन थालेको उनले बताए। ग्रिन जोनभित्र कम्तीमा दुई सय नेपाली कार्यरत छन्। घरेलु कामदारको भने संख्या खुलेको छैन। 'आवासीय भवन पनि यहींभित्र छन्। सँपिङ मलमा धेरै नेपाली महिला घरेलु कामदार मालिक्नीहरूसँग आएको देखिन्छ,' उनले भने, 'मलाई त हरेक घरमा नेपाली छन् जस्तो लाग्छ।'

सिन्धुपाल्चोककी संगीता तामाङले ७ वर्षदेखि इराकी सरकारी अधिकारीको घरमा काम गरिरहेको बताइन्। 'मालिकले केही दिन हेरेर निर्णय दिन्छु भनिरहेका छन्। मालिकले जे भन्छन् त्यही गर्छु,' उनले भनिन्। उनले आफूले मासिक ८ सय डलर तलब पाउँदै आएको बताइन्। 'नियमित तलब पाइन्छ। हतारिएर किन निर्णय लिनु ?' उनले भनिन्, 'पैसाभन्दा त ज्यान नै ठूलो हो। तैपनि त्यत्तिकै दौडिएर फर्किने कुरा भएन।'

गोरखाकी माया गुरुङलाई भने आफन्त र छोरीहरूले फर्कन दबाब दिइरहेका छन्। 'नेपालबाट सबैले फोन गर्छन्। इराकमा राम्रो छैन भन्छन्। नेपालबाट आउने फोनले मनमा डर पलाइरहेको छ,' उनले भनिन्, 'म्याडम (घरधनी) ले भने खतरा छैन, खतरा भयो भने पठाइदिन्छौं भनेकी छन्।' इराक मामिला हेर्ने कुवेतका लागि नेपाली राजदूत दुर्गाबहादुर भण्डारीले कुवेतमा रहेको इराकी दूतावाससित समन्वय भइरहेको जानकारी दिए। 'हामी संवेदनशील क्षेत्रमा रहेका नेपालीसँग नियमित सम्पर्कमा छौं। सबै जना सुरक्षित ढंगले नियमित ड्युटी गरिरहेका छन्,' उनले भने।

इरानको आकाश छलेर उडान

स्वदेशी तथा विदेशी एयरलाइन्सले हवाई सुरक्षाको कारण देखाउँदै इरानी रुटबाट उड्न छाडेका छन्। ध्वजावाहक नेपाल वायुसेवा निगमले बुधबारदेखि मध्यपूर्वमा उडान भर्ने आफ्ना विमानलाई इरानको आकाश भएर नउड्न निर्देशन दिएको छ।

निगमको अपरेसन विभाग प्रमुख क्याप्टेन दीपुराज जुआर्चनका अनुसार इरानको आकाश हुँदै उड्ने विमान अब पाकिस्तानबाट मस्कट हुँदै दोहा प्रवेश गर्न थालेका छन्। यसअघि इरानबाट सोझै दोहा प्रवेश गर्थे। अब इरानको आकाश छल्दा निगमको जहाजलाई २५ मिनेट थप लाग्ने गरेको जुआर्चनले बताए।

निगम मात्र नभई मध्यपूर्वी मुलुक र टर्कीबाट नेपाल आउने विमानले समेत इरानको बाटो छल्न थालेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीले जानकारी दिए। 'केही एयरलाइन्सले पहिलेदेखि नै इरानको आकाश छल्दै आइरहेका थिए, अब अरूले पनि उक्त मुलुकको बाटो छल्दै आउजाउ गर्न थालेका छन्' उनले कान्तिपुरसित भने।

काठमाडौंमा २८ वटा अन्तर्राष्ट्रिय एयरलाइन्सले उडान गर्दै आएका छन् जसमा मध्यपूर्व र पश्चिमी रुटबाट आउजाउ गर्ने एयरलाइन्सको संख्या बढी छ।

परराष्ट्रले बनायो समन्वय समिति

■ जगदीश्वर पाण्डे (काठमाडौं)

परराष्ट्र मन्त्रालयले इरान र इराकमा रहेका नेपाली नागरिकको सुरक्षा र उनीहरूको सूचना एकीकृत गर्न 'अन्तर्निकाय समन्वय समिति' गठन गरेको छ।

अमेरिका र इरानबीच केही दिनयता बढेको तनावका कारण त्यस क्षेत्रमा कामका लागि गएका नेपाली पनि असुरक्षित छन्। इराकको अमेरिकी बेसक्याम्पमा रहेका नेपाली बढी असुरक्षित छन्। गत शुक्रबार अमेरिकाले गरेको ड्रोन आक्रमणमा इरानी सेनाका जनरल कासिम सुलेमानी मारिएपछि खाडीमा तनाव बढेको हो। त्यसको चार दिनपछि बुधबार इरानले इराकस्थित अमेरिकी सैनिक बेसक्याम्पमा मिसाइल आक्रमण गरेको थियो। परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीसहितको बिहीबारको बैठकले मन्त्रालयको मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखा प्रमुखको संयोजकत्वमा नौ सदस्यीय समिति गठन गरेको हो। महाशाखा प्रमुख सहसचिव हरिश्चन्द्र घिमिरे नेतृत्वको समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा, अर्थ, श्रम, संस्कृति, पर्यटन, सञ्चार मन्त्रालय र नेपाली सेनाका प्रतिनिधि रहनेछन्।

मन्त्रालयका प्रवक्ता भरतराज पौड्यालका अनुसार यो समितिले पश्चिम एसियामा भइरहेका घटनालाई मूल्यांकन गर्ने र सरकारलाई त्यसबारे सुझाव दिनेछ। 'थप केही समस्या आए कसरी समाधान गर्ने भन्नेबारे यो समितिले अध्ययन गर्नेछ,' उनले भने। परराष्ट्र मन्त्रालयले सोमबार इरान हेर्ने पाकिस्तानस्थित नेपाली दूतावास र इराक हेर्ने कुवेतस्थित दूतावासलाई त्यस क्षेत्रको स्थलगत विवरण पठाउन र त्यहाँ रहेका नेपालीसँग सम्पर्कमा रहन निर्देशन दिइसकेको छ।

बुधबारै नेपाली सेनाले इराक, लेबनान र सिरियामा संयुक्त राष्ट्रसंघअन्तर्गत शान्ति स्थापनार्थ तैनाथ आफ्ना युनिटलाई विशेष सुरक्षा सतर्कता अवलम्बन गर्न भनिसकेको छ। सेनाले त्यहाँको परिस्थितिलाई निरन्तर अनुगमन गर्न र शान्तिसेना सञ्चालन निर्देशनालयसँग निरन्तर सम्पर्कमा रहन निर्देशन दिएको हो। नेपाली सेनाका तर्फबाट इराकमा ७७, लिबियामा २ सय ३०, सिरियामा ३ सय ४२, लेबनानमा ८ सय ७१ सैनिकले शान्ति स्थापनार्थ काम गरिरहेका छन्।

शान्तिपूर्ण रूपमा समाधान गर्नुपर्छ : नेपाल

नेपाल सरकारले सम्पूर्ण विवाद र फरक कुराहरूलाई शान्तिपूर्ण रूपमा समाधान गर्नुपर्ने आफ्नो सैद्धान्तिक अडान रहेको बताएको छ। परराष्ट्र मन्त्रालयले बिहीबार पश्चिम एसियामा भइरहेको घटनाक्रमलाई गम्भीर रूपमा पछ्याइरहेको उल्लेख गर्दै शान्तिपूर्ण रूपमा विवाद समाधान गर्न सुझाव दिएको हो। परराष्ट्रले बिहीबार विज्ञप्ति जारी गर्दै यस क्षेत्रमा शान्ति र स्थायित्वलाई खतरामा पार्ने क्रियाकलाप रोक्न सबै पक्षलाई आग्रह गरेको छ।

इरानीलाई भिसामा कस्ने प्रस्ताव फिर्ता

■ मातृका दाहाल (काठमाडौं)

इरानी नागरिकलाई दिईदै आएको 'अनअराइभल भिसा' सुविधा रोक्न गृह मन्त्रालयले गरेको प्रस्ताव परराष्ट्र मन्त्रालयले अस्वीकार गरेको छ। अध्यागमन विभागले इरानीलाई अनअराइभल भिसा नदिने गरी तयार पारेको प्रस्ताव गृहले राय/सुझावका लागि परराष्ट्रमा पठाएको थियो। परराष्ट्रले इरानको राजनीतिक, आर्थिक, सामाजिक पृष्ठभूमिका आधारमा खराब स्थिति नदेखिएको भन्दै अनअराइभल सुविधालाई निरन्तरता दिन विभागलाई भनेको छ।

'सन् १९६४ मा कूटनीतिक सम्बन्ध कायम भएको इरानको पृष्ठभूमि र आर्थिक, सामाजिक परिवेशका आधारमा कुनै प्रकारको 'खराब स्थिति' नदेखिएको मूल्यांकन गर्दै तत्काल दिई आएको अनअराइभल भिसा रोक्न नमिल्ने जवाफ हामीले पठाएका छौं,' परराष्ट्रका एक अधिकारीले भने। आतंकवादी तथा सन्दिग्ध गतिविधिमा इरानी नागरिकको घुसपैठ हुन सक्ने आशंकामा विभागले कूटनीतिक र अफिसियल राहदानी भएकाबाहेकलाई नेपालस्थित नियोगहरूबाट भिसा लगाएर मात्रै यात्रा गर्ने व्यवस्थाको प्रस्ताव गरेको थियो। नेपाल र इरानबीच सन् १९६४ डिसेम्बर १४ मा द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना भएको हो।

अध्यागमन विभागका महानिर्देशक ईश्वरराज पौडेलले कूटनीतिक र अफिसियलबाहेकका इरानीलाई अनअराइभल भिसा नदिने प्रस्ताव रायका लागि मन्त्रालय पठाइएको तर सकारात्मक जवाफ नआएको बताए। 'अहिले १२ मुलुकका नागरिक (कूटनीतिक र सरकारी राहदानी वाहकबाहेक) र ट्राभल डकुमेन्टसहित प्रवेश गर्ने शरणार्थीलाई अनअराइभल भिसा सुविधा छैन, यो सूचीमा इरानलाई पनि समावेश गर्नेगरी प्रस्ताव तयार पारिएको थियो,' महानिर्देशक पौडेलले भने, 'अहिले नै अनअराइभल सुविधाबाट हटाउनु नपर्ने धारणा परराष्ट्रबाट आयो।' अहिले नाइजेरिया, घाना, जिम्बावे, स्वाजिल्यान्ड, क्यामरुन, सोमालिया, लाइबेरिया, इथियोपिया, इराक, प्यालेस्टाइन, अफगानिस्तान, सिरियाका नागरिक र ट्राभल डकुमेन्टसहित प्रवेश गर्ने शरणार्थीलाई अनअराइभल भिसा सुविधा छैन। केही इरानी नक्कली राहदानीमा नेपाल प्रवेश गरे भन्ने तथ्यांककै भरमा अनअराइभल भिसा रोक्ने प्रस्ताव उपयुक्त नभएको जवाफ परराष्ट्रले दिएको छ। 'इरानी नागरिकले नक्कली कागजातका भरमा यात्रा गर्ने गरेको र त्यसलाई नियन्त्रण गर्न अनअराइभल भिसा पाउने सूचीबाट हटाउन सुझावसहितको अनुरोध आएको थियो,' परराष्ट्र मन्त्रालयको पश्चिम एसिया महाशाखाका एक अधिकारीले भने, 'तर सामान्य घटनाक्रमका आधारमा यसरी रोक्न मिल्दैन, यो मामलालाई क्वाइट्ली हेन्डल गर्न अध्यागमनलाई निर्देशन दिइएको छ।'

> सामान्य घटनाका आधारमा अनअराइभल भिसा रोक्न मिल्दैन : परराष्ट्र

चोरीको राहदानी इरानीलाई फिर्ता

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयले पक्राउ परेका एक इरानी नागरिकलाई उनको साथमा रहेको चोरीको अमेरिकी राहदानी जफत नगरी फिर्ता पठाएको छ। इन्टरपोलको खोजी सूचीमा रहेको उक्त राहदानी फेला पारेर पनि विमानस्थल अध्यागमनले इरानीलाई नै फिर्ता दिएको हो। अमेरिकाले रिचर्ड जोसेफ लिन्डेकरका नाममा जारी गरेको ५९४२२३५३२ नम्बरको राहदानी बोकेर इरानी नागरिक हसन गोल्कर रिजी पुस १९ मा मलेसिया हुँदै मालिन्दो एयरलाइन्सबाट नेपाल भित्रिएका थिए तर सामान्य सोधपुछपछि अध्यागमनले गैरकानुनी रूपमा प्रयोग गरेको राहदानी पनि उनकै साथमा फिर्ता पठाएको छ। विमानस्थलका प्रमुख अध्यागमन अधिकृत दीर्घनारायण पौडेलले यसअघि पनि शंकास्पद विदेशीलाई 'इन्ट्री रिफ्युज' गरिएको र पछिल्लो घटना त्यसकै निरन्तरता भएको बताए।

हसनले बोकेको राहदानी 'स्टोलन एन्ड लस्ट ट्राभल डकुमेन्ट' (एसएलटीडी) डकुमेन्ट हो। त्यो राहदानी हसनले टर्कीमा चार हजार अमेरिकी डलरमा किनेको बताएका थिए। यात्राका क्रममा राहदानी हराएमा सम्बन्धित देशको सिफारिसमा इन्टरपोलले त्यस्तो राहदानीलाई एसएलटीडीको सूचीमा राखेर खोजी गर्छ। त्यही प्रकृतिको राहदानी अध्यागमनले बरामद गरेर पनि आरोपितलाई फिर्ता पठाइएको हो।

गत साउनता अन्य ६ जना इरानी पनि युरोपियन मुलुकका राहदानीसहित नेपाल भित्रिएका थिए। तर उनीहरूका साथबाट बरामद नक्कली राहदानी जफत गरेर उनीहरूलाई आफ्नै देश फिर्ता पठाइदिएको थियो। पूर्वन्यायाधीश मोहनरमण भट्टराईको अध्यक्षतामा गठित जाँचबुझ आयोगले नेपालमा अन्तर्राष्ट्रिय आतंककारी तथा विखण्डनवादी समूहको घुसपैठ र सक्रियता बढ्नसक्ने भन्दै यसप्रति सतर्कता अपनाउन सरकारलाई सुझाव दिएको थियो।

'अपराधी' पक्राउ गर्दा कारबाही

■ कृष्ण ज्ञवाली (काठमाडौं)

उच्च अदालत तुलसीपुरको बुटबल इजलासले अपराधी पक्राउ गर्ने प्रहरी र कर्मचारीलाई कारबाही हुने भनी 'विवादास्पद' फैसला गरेको छ। न्यायाधीशहरू शेषराज शिवाकोटी र दीपेन्द्रबहादुर बमको इजलासले बन्दी प्रत्यक्षीकरणको मुद्दामा फरार रहेका कसुरदार पक्राउ गर्ने व्यक्तिलाई नै दोषी देखाएको हो।

बैंकिङ कसुरमा ३ वर्ष कैद र ८० लाख रुपैयाँ जरिवाना तिर्नुपर्ने गरी दोषी ठहर भएका अधिवक्ता अर्जुनबहादुर कार्की फैसला कार्यान्वयन गर्नुको साटो कैद छलेर हिँडिरहेका थिए। पाल्पा भैरवस्थान घर भएका उनका नाममा जिल्ला अदालत पाल्पाले समेत म्याद तामेल गर्न सकेको थिएन। त्यस्तैमा इलाका प्रहरी कार्यालय बुटबलका डीएसपी भीमलाल भट्टराईले गत १८ गते अधिवक्ता कार्कीलाई पक्राउ गरी पर्सपल्ट जिल्ला अदालत रूपन्देहीमा बुझाए। तहसिलदार कृष्ण पौडेलले अपराधी ठहर भएका कार्कीलाई कैदी पुर्जी दिएर थुनामा पठाइदिए। स्रोतका अनुसार ३ वर्ष कैद ठहर भएको व्यक्ति आफ्नै कैदको लगत भएको रुपन्देही जिल्ला अदालतमा बहस गर्न गएपछि पक्राउ परेका हुन्।

गत सोमबार अर्थात् पक्राउ परी कैद भएको भोलिपल्ट अधिवक्ता कार्कीले उच्च अदालतको बुटबल इजलासमा बन्दी प्रत्यक्षीकरणको निवेदन दिए। निवेदन परेकै दिन न्यायाधीश शिवाकोटीको इजलासले बन्दीलाई उपस्थित गराउन आदेश दियो भने भोलिपल्ट शिवाकोटी र बमको इजलासले कार्कीलाई गैरकानुनी रूपमा थुनामा राखेको ठहर गर्दै रिहा गर्न आदेश दियो। निर्दोष व्यक्तिलाई गैरकानुनी रूपमा थुनेको ठहर गर्दै डीएसपी भट्टराईलाई ५० रुपैयाँ जरिवाना हुने फैसला पनि भयो। इजलासले जिल्ला अदालत रूपन्देहीका तहसिलदार पौडेललाई सचेत गराउने फैसला गऱ्यो। फैसलाबारे तहसिलदार पौडेल र डीएसपी भट्टराईले कुनै प्रतिक्रिया दिन चाहेनन्।

'फौजदारी कार्यविधि संहितामा पुनरावेदन लाग्ने भए त्यसको रोहबाट मुद्दाको अन्तिम किनारा नभएसम्म र पुनरावेदन नपरेको भए म्याद बाँकी हुँदा फैसला कार्यान्वयन स्थगित हुने स्पष्ट व्यवस्था छ,' उच्च अदालत स्रोतले भन्यो, 'सर्वोच्चमा पुनरावेदन परेर फैसला अन्तिम भई नसकेको देखिन्छ। कार्कीको पुनरावेदनको म्याद बाँकी छ। जिल्ला अदालतको तहसिलदारको हस्ताक्षरबाट कैदी पुर्जी जारी भएको देखिन्छ। त्यो पुर्जी बेरीतको भएकाले बन्दी प्रत्यक्षीकरणको आदेश जारी भई कैदी पुर्जी बदर हुने ठहर्छ।'

भट्टराईका सन्दर्भमा रायकितावमा 'आफ्नो कानुनी कर्तव्य र दायित्वप्रति संवेदनशील र जिम्मेवार नरहेको' निष्कर्ष छ। उच्च अदालतले जिल्ला अदालतबाट पक्राउ पुर्जी वा कैदी पुर्जी प्राप्त नगरी डीएसपी भट्टराईले स्वेच्छाचारी किसिमले व्यक्तिको स्वतन्त्रतामा प्रत्यक्ष असर पर्ने गरी गिरफ्तार गरेको भन्दै ५० रुपैयाँ जरिवानाको निर्णयसमेत सुनाएको हो। यस्तै, 'कैद र जरिवानाको अन्तिम लगत कायम नहुँदै कैदी पुर्जी दिई कार्कीलाई कारागार पठाएको' भन्दै तहसिलदार पौडेललाई सचेत गराउन जिल्ला अदालत रूपन्देहीका नाममा आदेश जारी भएको हो। रायकितावमा पौडेलमाथि 'आगामी दिनमा काम गर्दा व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा अधिक संवेदनशील भएर काम गर्नू' भनी आदेश हुने उल्लेख छ। सर्वोच्च अदालतका एक सहरजिस्ट्रारले अरूको गल्ती औंल्याउने इजलासले नै फौजदारी कार्यविधि संहिताको राम्रो अध्ययन नगरेको प्रतिक्रिया दिए। बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्दा इजलासले मुलुकी फौजदारी कार्यविधि संहिता ऐनको दफा १५३ को उपदफा १ (क) लाई आधार लिएको थियो। जसमा 'कानुनबमोजिम पुनरावेदन लाग्न सक्ने मुद्दामा पुनरावेदन परेको भए पुनरावेदनको रोहबाट मुद्दाको अन्तिम किनारा नभएसम्म वा पुनरावेदन नपरेकामा पुनरावेदन लाग्न सक्ने म्याद भुक्तान नभएसम्म' फैसला कार्यान्वयन स्थगित हुने उल्लेख छ। कैद ठहर भएका कार्कीले सर्वोच्च अदालतमा

> बैंकिङ कसुरमा अदालतबाटै दोषी ठहर भएका व्यक्ति पक्राउ गर्दा डीएसपीलाई जरिवाना, थुनामा पठाउनेलाई सचेत गराउने आदेश

पुनरावेदन दिन बाँकी भएको अनि मुद्दाको अन्तिम किनारा पनि नभएको भन्दै न्यायाधीशद्वय शिवाकोटी र बमको इजलासले तत्काल हतारमा कैद ठहर गर्नु गलत रहेको भनी ठम्यायो। जब कि उपदफा ३ मा 'माथि जुनसुकै कुरा लेखिएको भए पनि यस ऐनमा अन्यथा व्यवस्था भएकामा बाहेक कुनै कसुरदारलाई कैदको सजाय हुने ठहरी फैसला भएकामा त्यस्तो कसुरदारलाई तत्काल कैदमा पठाउनुपर्नेछ' भन्ने व्यवस्था छ। कैद सजाय नभई जरिवाना ठहर भएका कसुरदारले मात्रै उपदफा १ र २ को सुविधा पाउँछन्। फैसलाको पूर्णपाठ पाएको ७० दिनभित्र पुनरावेदन दिनुपर्ने व्यवस्था छ। गत वर्षकै मिति भए पनि पूर्णपाठ केही साताअघि मात्रै तयार भएको थियो।

ती सहरजिस्ट्रारले कैद सजाय भएका प्रतिवादीलाई पहिले थुनामा पठाउने अनि माथिल्ला अदालतमा पुनरावेदन दिएर प्रक्रियाअनुसार धरौटी राखेपछि मात्रै छाड्ने व्यवस्था रहेको बताए। ३ वर्ष कैद र ८० लाख रुपैयाँ जरिवाना भएको व्यक्तिले दैनिक ३ सय रुपैयाँका दरले ३ वर्षका लागि लाग्ने रकमको जोहो गर्नुपर्नेछ। त्यसपछि जरिवानाको ८० लाख र त्यसको १५ प्रतिशत रकमसमेत राखेपछि बल्ल बाहिर बसेर मुद्दा लड्ने सुविधा हुनेछ। 'डेढ सय कानुन व्यवसायीको वकालतनामा परेपछि र ५० जना कानुन व्यवसायी एकसाथ इजलासमा पसेपछि इजलास स्वतन्त्रपूर्वक राय प्रकट गर्न वञ्चित भएको देखिन्छ,' ती सहन्यायाधिवक्ताले भने, 'कैद हुनुपर्नेको मनोबल बढ्ने र फैसला कार्यान्वयन गर्नेको मनोबल घट्ने गरी आदेश आउनु दुर्भाग्य हो।'

फैसलाबारे थाहा पाएपछि फैसला कार्यान्वयन निर्देशनालयका अधिकारीहरूले सर्वोच्च अदालतका रजिस्ट्रार र मुख्य रजिस्ट्रारसँग छलफल गरेका थिए। गृहसचिवले समेत यसबारे प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको स्वकीय सचिवालयमा सम्पर्क राखेर 'आपत्ति' जनाएका थिए। सर्वोच्च अदालत स्रोतले भन्यो, 'फैसलामाथि यताबाट समेत गम्भीरतापूर्वक अध्ययन भइरहेको छ।'

कसरी दोषी भए कार्की ?

उच्च अदालत पाटनका न्यायाधीशहरू रमेश पोखरेल र अच्युतप्रसाद भण्डारीको इजलासले २०७५ फागुन ५ गते अधिवक्ता कार्कीसहितका व्यक्तिलाई बैंकिङ कसुरको अभियोगमा दोषी ठहर गरेको हो। धितो बढी मूल्यांकन गरी ऋण प्रवाह गरेको, त्यो ऋण फेरि आफ्नै नाममा लिएको र सबै पदमा नातेदार नियुक्त गरेको आरोपमा बुटबल फाइनान्सका अध्यक्ष देवेन्द्रप्रसाद ध्वजु पनि उक्त मुद्दामा दोषी ठहर भएका थिए।

नेपाल राष्ट्र बैंकको वित्त कम्पनी सुपरिवेक्षण विभागले अनुगमन गर्दा बुटबल फाइनान्सबाट एउटा कमसल धितोमा बढी ऋण प्रवाह भएको भेट्यो। करिब एक करोड रुपैयाँ मात्रै मूल्यांकन हुने सरस्वती थापा भण्डारीको जग्गालाई ३ करोड २१ लाख रुपैयाँको मूल्यांकन गरेर दुई करोड रुपैयाँ ऋण प्रवाह गरिएको थियो। छानबिनका क्रममा ध्वजुले सञ्चालक समिति र कर्जा समितिमा आफ्ना नातेदार राखी बहुमतका आधारमा निर्णय गराएको खुल्यो। कानुन विपरीत उनी स्वयं कर्जा समितिका संयोजक बनेका थिए।

छानबिनका क्रममा फाइनान्सका अध्यक्ष ध्वजुले चिनजानकी सरस्वती थापा भण्डारीलाई प्रयोग गरेर ऋणका लागि निवेदन दिन लगाएको खुल्यो। जग्गा राख्नेबाहेक कुनै अरू विषय उनलाई थाहा थिएन। छानबिन हुँदा उनका नाममा खाता खोलेर चेकमार्फत रकमसमेत ध्वजुले आफ्ना अरू व्यावसायिक कम्पनीलाई भुक्तानी गरेको भेटियो। छानबिन हुँदासम्म ब्याजसमेत जोडिएर ऋण रकम ३ करोड २० लाख पुगेको थियो। फाइनान्सका अध्यक्ष ध्वजुलाई ३ वर्ष कैद, ३ करोड २० लाख बिगो अनि बिगोबमोजिम जरिवानाको फैसला भयो। राजेशकिरण श्रेष्ठ, तुलसी पाण्डे, प्रदीपबहादुर प्रधान र अर्जुनबहादुर कार्कीलाई ३ करोड २० लाखको दामासाहीले ज

सभामुखबारे झनै उल्झन

ओलीले अडान नछोडेपछि बेग्लै मोर्चाबन्दी

■ **बिनु सुवेदी** (काठमाडौं)

नयाँ सभामुख चयनका विषयमा प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओलीले पूर्ववत् अडान नछाडेपछि नेकपाका अन्य शीर्ष नेताहरूको उनीविरुद्धको मोर्चाबन्दी सतहमा आएको छ। नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहालकै नेतृत्वमा ओलीको अडानविरुद्धको छलफल र परामर्श तीव्र भएका छन्। समय घकिँदै जाँदा सभामुखको विषयलाई नेकपाका अध्यक्षहरूले नै प्रतिष्ठाको विषय बनाउन थालेपछि यसले समग्र राजनीतिमा असर पार्ने देखिएको छ।

त्यसको पछिल्लो संस्करण हो- नेकपाका प्रस्तावित उपाध्यक्ष वामदेव गौतमको निवास भैंसेपाटीमा बुधबार साँझ भएको छलफल। 'सभामुख पार्टी एकताको समीकरणमा असर नपर्ने गरी छान्नुपर्छ भन्ने विषयमा एकमत छौं,' छलफलमा सहभागी एक नेताले भने, 'त्यसो हुँदा प्रधानमन्त्रीजीले आफ्नो अडान छाड्नुपर्छ।' बैठकमा गौतमबाहेक अरू नेताले सभामुख पूर्वमाओवादी पक्षबाटै हुनुपर्ने दाहालको कुरामा समर्थन जनाएका थिए। 'मैले पूर्वमाओवादीबाटै हुनुपर्छ भनेको छु तर ओलीजीले सुन्दै सुन्नुहुन्न। यसले त पार्टी एकतामै असर पार्ने भयो नि,' दाहालको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो।



ओलीजीले नेम्वाङका विषयमा किन यति धेरै अडान राख्नुभएको छ, मैले बुझ्न सकिरहेको छैन
- दाहाल

दाहाल किन एकाएक परिवर्तन हुनुभएको हो, हामीले पनि बुझ्न सकेका छैनौं
- ओली पक्ष

पुरानै सहमतिअनुसार सभामुख पूर्वमाओवादीलाई दिने विषयमा ओलीलाई मनाउने जिम्मा अर्का अध्यक्ष दाहाललाई नै दिएको ती नेताले बताए। 'पहिले दुई अध्यक्षले छलफल गरेर सहमति निकालून्,' उनले भने, 'भएन भने सचिवालयमा औपचारिक रूपमा प्रस्ताव आउनुपर्छ। हामी निर्णय गर्छौं।'

ती नेताका अनुसार यसअघि पटकपटक सभामुख भइसकेका संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङलाई सभामुख बनाउन प्रधानमन्त्रीले किन अडान लिइरहेका छन् भन्नेबारे पनि कुराकानी भएको थियो। 'प्रधानमन्त्री बारम्बार नेम्वाङलाई कसरी व्यवस्थापन गरौं भनिरहनुहुन्छ, उहाँ जिम्मेवार ठाउँमा हुनुहुन्छ,' दाहालले बैठकमा भनेका थिए, 'ओलीजीले नेम्वाङका विषयमा किन यति धेरै अडान राख्नुभएको छ, मैले बुझ्न सकिरहेको छैन।' तर ओलीनिकट स्रोतका अनुसार केही समयअघि प्रधानमन्त्री ओली र अध्यक्ष दाहालले नेम्वाङलाई भावी सभामुखका रूपमा तयारी अवस्थामा बस्न भनेका थिए। 'दाहाल किन एकाएक परिवर्तन हुनुभएको हो, हामीले पनि बुझ्न सकेका छैनौं,' स्रोतले भन्यो।

सुरुमा दाहाल नेम्वाङलाई सभामुख बनाउन सहमत भए पनि पछि पूर्वमाओवादीकै नेताहरूले पूर्वएमालेमा समाहित भएको सन्देश जाने गरी नक्कुक दबाब दिएपछि उनको मनस्थिति फेरिएको एक थरीको बुझाइ छ। गत सोमबार प्रधानमन्त्री ओलीसँग भएको भेटमा दाहालले 'सभामुखबारे तपाईंको त्यति धेरै अडान छ भने पार्टीको कार्यकारी हुनुस् म प्रधानमन्त्री हुन्छु' सम्म भनेका थिए। उनले यसबारे पनि बुधबारको उक्त भेलामा ब्रिफिङ गरेका थिए। सभामुखको उम्मेदवार तयार नहुँदा प्रधानमन्त्री ओलीले उपसभामुख शिवमाया तुम्बाहाङ्फेको राजीनामा रोकेका छन्।

'एमसीसीमा प्रधानमन्त्रीको अहंकार देखियो'

उक्त भेलामा अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सँग भएको सम्झौताका विषयमा पनि छलफल भएको थियो। 'एमसीसीबारे प्रधानमन्त्री र केही मन्त्रीको अहंकारपूर्ण अभिव्यक्ति आयो। कम्तीमा छलफल त गर्न पाउनुपर्‍यो नि,' भेलामा सहभागी एक नेताले भने, 'पार्टीमा उठेका कुरा राम्रोसँग सम्बोधन नगरी एमसीसी सम्झौता पारित गराएर छाड्छौं भन्नु प्रधानमन्त्रीको जिम्मेवारपूर्ण अभिव्यक्ति नभएकाले स्पष्ट धारणा आउनुपर्छ भन्ने सन्देश दिन पनि हामी जुटेका हौं।'

सुरुवाती भेलामा अध्यक्ष दाहाल, वरिष्ठ नेताहरू झलनाथ खनाल र माधव नेपाल, नेता वामदेव गौतम र प्रवक्ता नारायणकाजी श्रेष्ठ सहभागी थिए। भेलाको अन्त्यतिर एमसीसीबारे छलफल हुँदा स्थायी समिति सदस्य भीम रावललाई पनि बोलाइएको थियो। रावलले आफू उक्त बैठकमा सहभागी नभएको दाबी गरे पनि स्रोतले उनी छलफलको अन्त्यतिर गौतम निवास भैंसेपाटी पुगेको उल्लेख गऱ्यो।

प्रधानमन्त्रीनिकट एक मन्त्रीका अनुसार प्रधानमन्त्री ओली स्वयं अमेरिकाको इन्डो-प्यासिफिक रणनीतिमा सहमत छैनन्। 'एमसीसीको सहयोग अमेरिकाको सैन्य रणनीतिअन्तर्गतको हो भनेर अमेरिकाले भन्यो भने हाम्रा लागि ५५ अर्ब कुनै ठूलो कुरा होइन, सम्झौता रद्द हुन्छ,' प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै ती मन्त्रीले भने, 'हामी इन्डो-प्यासिफिक रणनीति आउनुभन्दा अघि नै सम्झौता गरिएको एमसीसीलाई मात्रै चिन्छौं।' स्रोतका अनुसार, प्रधानमन्त्री ओलीले एमसीसी सम्झौता अनुमोदनको प्रस्ताव संसद्मा पेस गर्दा सँगै एमसीसी इन्डो-प्यासिफिक रणनीतिअन्तर्गतको नभएको र नेपाल कुनै पनि सैन्य रणनीतिअन्तर्गत रहन नसक्ने गरी संकल्प प्रस्ताव ल्याउन सकिने विकल्प तयार पारेका छन्।

गौतमले दाहाललाई भने- धोका दिनुभयो

स्रोतका अनुसार झन्डै २ घण्टा भएको उक्त छलफलमा सबैभन्दा धेरै वामदेव गौतम नै बोलेका थिए। उनले दाहाल आफैंले संविधान संशोधन गरेर प्रधानमन्त्री बनाउने गरी राष्ट्रिय सभामा लैजान प्रस्ताव गरेर पछि धोका दिएको बताए। 'तपाईंले नै मलाई राष्ट्रिय सभामा जानुस्, राष्ट्रिय सभा सदस्य पनि प्रधानमन्त्री बन्न सकिने गरी संविधान संशोधन गरेर प्रधानमन्त्री बनाउँछु भन्नुभएको थियो,' गौतमले भनेका थिए, 'पूर्वसहमतिबाट पछि हट्नुभयो। म प्रधानमन्त्री बन्न सक्ने ढोका बन्द गरिदिनुभयो।'

एक साताअघि बसेको नेकपा सचिवालय बैठकले राष्ट्रिय सभा सदस्यका लागि उम्मेदवार टुंगो लगाउँदा गौतमलाई पनि उमेदवार बन्न प्रस्ताव गरिएको थियो। तर गौतमले संविधान संशोधनको ग्यारेन्टी हुने भए मात्रै आफू उम्मेदवार बन्ने बताएका थिए। अध्यक्षद्वयले सर्तसहित उम्मेदवार बनाउन नसकिने बताएपछि गौतमले इन्कार गरेका थिए। त्यही दिनदेखि गौतम आफूसँग रिसाएको आकलन गरेका दाहाल उनलाई फकाउनकै लागि पनि बुधबार गौतम निवास पुगेका हुन्। त्यहाँ उनले राष्ट्रपतिबाट मनोनयन भएर राष्ट्रिय सभा सदस्य बन्न सकिने र संविधान संशोधन गरेर प्रधानमन्त्री बन्न सक्ने बाटो अझै रहेको भन्दै त्यसमा सहमत हुन प्रस्ताव गरेका थिए। दाहालको प्रस्तावमा वरिष्ठ नेता नेपालको पनि समर्थन रहेको स्रोतको दाबी छ। तर वरिष्ठ नेता खनाल र प्रवक्ता श्रेष्ठले राष्ट्रिय सभा र प्रतिनिधिसभालाई विभेद नगर्ने कुरा जायज भए पनि एक जना व्यक्तिलाई प्रधानमन्त्री बनाउनकै लागि संविधान संशोधन गर्न नहुने धारणा राखेका थिए।

'दाहाल अध्यक्ष कि गुटका प्रमुख ?'

गत स्थायी समिति बैठकमा गुट/उपगुट झाँगिएर पार्टी संस्थागत हुन नसकेको भन्दै दाहालले गम्भीर चिन्ता व्यक्त गरेका थिए। उनले आफ्नो लिखित प्रतिवेदनमै भनेका थिए, 'नेताहरू पार्टीभन्दा पनि गुटप्रति बफादार भएजस्तो देखियो, यो अन्त्य गर्नुपर्छ।' आफैंले पेस गरेको प्रतिवेदन र गुटबारे सामना गरेका सवाललाई चुनौती दिने गरी दाहाल गुटका भेला र छलफलमा सहभागी हुन थालेका छन्। यसले पार्टीको कार्यकारी अध्यक्ष भइकन पनि नेतैपिच्छे छलफल चलाउन थालेको भन्दै उनको आलोचना हुन थालेको छ। 'उहाँ त सिंगो पार्टीको जिम्मेवारीमा रहनुभएको कार्यकारी अध्यक्ष हो, यसरी नेताका घरघर गएर स्वार्थ समूहको छलफल चलाउन मिल्छ ?' एक स्थायी समिति सदस्यले भने, 'कार्यकारी अध्यक्षबाट अनुशासनको उल्लंघन भयो।'

वरिष्ठ नेता झलनाथ खनालले उक्त भेला कुनै मिसनमा रूपमा नभएको बताए। 'कुनै खास एजेन्डा, पार्टी पद्धतिबारे सामान्य छलफल भएको हो,' खनालले कान्तिपुरसँग भने, 'वामदेवजीले फोन गरेर बोलाउनुभयो, गइयो।' खनाल र नेपाललाई गौतमले नै बोलाएका थिए भने श्रेष्ठ अध्यक्ष दाहालले बोलाएर गौतमको घर पुगेका थिए। दाहाल आफैंचाहिँ गौतम यसअघिको बैठकमा रिसाएका कारण सम्झाउने अवसर ठानेर गएका थिए। गौतमलाई उनले 'पहिले राष्ट्रिय सभामा जाँदै गर्नुहोस्, त्यसपछि त्यहींबाट संविधान संशोधनको माहोल बनेको अवस्थामा तपाईंको चासो पनि सम्बोधन गरौंला' भनेका थिए। प्रधानमन्त्री बन्नका लागि मात्र भनेर संविधान संशोधन गर्दा राम्रो सन्देश नजाने भएकाले अन्य विषयमा संशोधन हुँदा त्यो विषय पनि पार्न सकिने दाहालको भनाइ थियो।

पार्टीमा स-साना असमझदारी हुनेबित्तिकै नेताहरूको झुन्ड बसेर छलफल गर्ने र रणनीति बनाउने अभ्यास पूर्वमाओवादीमा व्यापक थियो। प्रधानमन्त्री ओलीविरुद्ध यसअघि पनि यी नेताहरूले धोबीघाटमा छुट्टै भेला गरेका थिए।

तीन टेलिकम कम्पनीको लाइसेन्स खारेजी

मन्त्रिपरिषद्ले उल्टायो निर्णय

■ **दिनेश रेग्मी** (काठमाडौं)

नेपाल दूरसञ्चार प्राधिकरणले पाँच महिनाअघि गरेको तीनवटा टेलिकम कम्पनीको अनुमतिपत्र खारेज गर्ने निर्णय मन्त्रिपरिषद्ले उल्टाएको छ। नेपाल स्याटेलाइट टेलिकम प्रालि, स्मार्ट टेलिकम प्रालि र वेबसर्फर नेपाल कम्युनिकेसन सिस्टम प्रालिले लाइसेन्सबापतको रोयल्टीलगायतको रकम नतिरेपछि प्राधिकरणले साउन १३ मा अनुमतिपत्र खारेजीको निर्णय गरेको थियो। उक्त निर्णय मन्त्रिपरिषद्ले कम्पनी सञ्चालकहरूको मागअनुसार उल्टाएको हो।

मन्त्रिपरिषद्को सोमबारको बैठकले ती कम्पनीलाई बाँकी रकम साँवाब्याजसहित पाँच वर्षभित्र बुझाउन समय दिएको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले मन्त्रिपरिषद्को निर्णय बिहीबार सार्वजनिक गर्दै उनीहरूलाई बक्यौता तिर्न पाँच वर्षको समय दिइएको बताए। मन्त्रिपरिषद्को निर्णयअनुसार तिर्न बाँकी रकमको पहिलो किस्ता यही आर्थिक वर्षको अन्तिमसम्ममा बुझाउनुपर्नेछ। बाँकी रकम पनि प्रत्येक आर्थिक वर्षको अन्तिममा बुझाइसक्नुपर्नेछ।

लाइसेन्स खारेज गर्ने प्राधिकरणको निर्णयविरुद्ध टेलिकम कम्पनीहरू सर्वोच्च अदालत गएका थिए। सर्वोच्चले पनि प्राधिकरणको निर्णयलाई जायज ठहऱ्याएपछि कम्पनीहरूले निर्णय पुनर्विचार गर्न माग गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग अनुरोध गरेका थिए। टेलिकम कम्पनीहरूको मागअनुसार सञ्चार मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लगेर प्राधिकरणको निर्णय उल्टाएको हो। समयमा बक्यौता, रोयल्टीलगायत रकम नतिर्ने कम्पनीलाई निश्चित समय दिन र त्यसपछि पनि नतिरे लाइसेन्स खारेज गर्न संसद्को अर्थ समितिले पनि प्राधिकरणलाई निर्देशन दिएको थियो।

नेपाल स्याटेलाइट व्यापारी अजेयराज सुमार्गीको कम्पनी हो। यसले फ्रिक्वेन्सी दस्तुरबापत प्राधिकरणलाई करिब ८० करोड रुपैयाँ बक्यौता बुझाउन बाँकी छ। नेपाल स्याटेलाइटले हेलो नेपाल ब्रान्डमा सेवा प्रदान गर्दै आएको छ। प्राधिकरणबाट नेपाल स्याटेलाइटले ग्रामीण दूरसञ्चार सेवाको अनुमतिपत्र पाएको थियो। उसले मध्यपश्चिमाञ्चल, पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका दुर्गम स्थानमा सेवा पुऱ्याउने सर्तमा ०६४ फागुन ५ मा अनुमतिपत्र पाएको हो। प्राधिकरणले गत वर्ष चैतमा बक्यौता बाँकी रहेका दूरसञ्चार सेवा प्रदायकलाई असार मसान्तसम्म बक्यौता तिर्न निर्देशन दिएको थियो। असार मसान्तसम्म बक्यौता नबुझाउनेलाई १० दिने समय दिएर स्पष्टीकरणसमेत सोधेको थियो।

प्राधिकरणले नेपाल स्याटेलाइटलाई अनुमतिपत्र किन खारेज नगर्ने भनेर स्पष्टीकरण सोधेको थियो। स्पष्टीकरणको जवाफ दिँदै नेपाल स्याटेलाइटले काठमाडौंमा सेवा विस्तारको अनुमति दिए मात्रै बक्यौता तिर्ने सर्त राखेको थियो।

प्राधिकरणले बक्यौता बाँकी रहेका अन्य दूरसञ्चार सेवा प्रदायकलाई पनि यही प्रक्रियामार्फत स्पष्टीकरण सोधेको थियो। स्मार्ट टेलिकमले नेपाल दूरसञ्चार प्राधिकरणलाई स्पष्टीकरण पेस गर्दै तत्काल ३० करोड बक्यौता रकम बुझाउने र बाँकी तीन महिनाभित्र बुझाउने प्रतिबद्धता जनाएको थियो। स्मार्टले प्रतिबद्धताअनुसार ३० करोड रुपैयाँ प्राधिकरणलाई बुझाइसकेको छ। प्राधिकरणका अनुसार उसले २ अर्ब ५९ करोड बक्यौता तिर्न बाँकी छ। वेबसर्फर कम्युनिकेसन सिस्टम प्रालिले ४ करोड ६२ लाख बुझाउन बाँकी छ। दूरसञ्चार सेवा प्रदायक कम्पनीले फ्रिक्वेन्सी दस्तुर, नवीकरण दस्तुर, रोयल्टी र ग्रामीण दूरसञ्चार कोषजस्ता शीर्षकमा रकम तिर्नुपर्छ।

संसद्को अर्थ समितिले गत वर्ष माघमा एक महिनाभित्र बक्यौता असुल्न र नतिर्नेको लाइसेन्स खारेज गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको थियो। समितिको निर्देशनअनुसार प्राधिकरणले सेवा प्रदायकलाई एक महिनाभित्र बक्यौता तिर्न पत्राचार गरे पनि केही सेवा प्रदायकले तत्काल रकम तिर्न नसक्ने भन्दै प्राधिकरणलाई पत्र लेखेका थिए। त्यसबेला अर्थ समितिले प्राधिकरणलाई बक्यौता रकम असुल नभएसम्म ती कम्पनीलाई थप सुविधा र पुँजी वृद्धिलगायत सेवा विस्तारको अनुमति नदिन पनि निर्देशन दिएको थियो। बक्यौता तिर्न बाँकी रहेका कम्पनीले एक महिनाभित्र तिर्न नसक्ने भन्दै पत्र पठाएपछि प्राधिकरणले चैतमा असार मसान्तभित्र तिर्ने गरी नयाँ म्याद तोकेको थियो।

छानबिनमा सेक्युरिटी प्रेस

सुरक्षण मुद्रण छापाखाना (सेक्युरिटी प्रेस) स्थापनामा भएको अनियमितताको छानबिन गर्न लेखा समितिले पहिल्यै र अर्थ समितिले बिहीबार सञ्चार तथा सूचना मन्त्रालयलाई पत्र पठाएको मन्त्री बाँस्कोटाले बताए। 'नेपाल र फ्रान्स सरकारले जर्मन सरकारसँग गरेका पत्राचार र प्रस्तावलगायत एक हजार पेजका डकुमेन्ट उहाँ (समितिहरू) लाई पठाइदिन्छौं,' उनले भने, 'उहाँहरूले राम्रोसँग छलफल गरेर यो देशलाई चाहिने हो वा नचाहिने हो, प्रक्रिया पुग्यो वा पुगेन भनेर हामीलाई पठाइदिनुभयो भने राम्रै हुन्छ।'

कसको कति बक्यौता ?

स्मार्ट टेलिकम	२ अर्ब ५९ करोड
नेपाल स्याटेलाइट	करिब ८० करोड
वेबसर्फर कम्युनिकेसन	४ करोड ६२ लाख

बाँस्कोटाले सेक्युरिटी प्रेस खरिदमा गलत वा सही के भएको छ भन्ने निर्णय समितिले दिएपछि त्यहीअनुसार अघि बढ्ने बताए। 'संसद्का दुईवटा समितिले चासो राखिसकेपछि हामी हतारिनुपर्ने कुनै कारण छैन,' उनले भने, 'समितिहरू जे भन्छन्, त्यही गर्छौं।'

सेक्युरिटी प्रेसमा राहदानी, नागरिकताको प्रमाणपत्र, मतदाता परिचयपत्र, शैक्षिक प्रमाणपत्र, लालपुर्जा, अन्तःशुल्क स्टिकर, हुलाक टिकट, ड्राइभिङ कार्डलगायत छापिनेछन्। प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिले प्रेस स्थापना सम्बन्धमा विज्ञहरूसँग छलफल गरिसकेको छ। समितिले सञ्चार सचिव र मन्त्रालयअन्तर्गतको सुरक्षण मुद्रण विकास समितिका कार्यकारी निर्देशकलाई पनि छलफलका लागि बोलाउने भएको छ। सरकारले जीटुजी (सरकारी तह) बाट प्रेस स्थापना गर्ने निर्णय गरेको हो। जर्मन र फ्रान्सले पठाएको प्रस्तावअनुसार सेक्युरिटी प्रेस स्थापनामा बजार मूल्यभन्दा ७-११ अर्ब बढी भएको विज्ञहरूले दावी गरेका छन्।

चार विधेयकलाई सैद्धान्तिक स्वीकृति

मन्त्रिपरिषद्ले चारवटा विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिएको छ जसमा पानीजहाज दर्ता, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, उच्च शिक्षासम्बन्धी विधेयक, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धी विधेयक तथा साझेदारी ऐन २०२० लाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक छन्। यस्तै, अर्थ मन्त्रालय र अन्तर्गतका निकायको संगठन संरचना र दरबन्दी मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ।

त्यसैगरी ट्रंक लाइन र डेडिकेटेड फिडरबाट विद्युत् आपूर्तिमा विद्युत् उपभोक्ता, उद्योगी व्यवसायी र विद्युत् प्राधिकरणबीच विवाद देखिएको भन्दै मन्त्रिपरिषद्ले समाधानका लागि ऊर्जा सचिवको नेतृत्वमा समिति गठन गरेको छ। समितिका सदस्यहरूमा उद्योग सचिव, अर्थ सचिव, नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक र ऊर्जा मन्त्रालयका सहसचिव सदस्य सचिव छन्। १५ दिनभित्र अध्ययन गरी सुझाव दिन समितिलाई समय दिइएको छ।

'विवादित विधेयक जनतामा लैजाऔं'

काठमाडौं (कास)- राष्ट्रिय सभामा कांग्रेस सांसद राधेश्याम अधिकारीले विवादित बनेका विधेयकलाई जनतामाझ लैजान माग गरेका छन्। उनले राष्ट्रिय सभामा दर्ता भएको विशेष सेवा र मिडिया काउन्सिल तथा प्रतिनिधिसभामा विचाराधीन सूचना प्रविधि विधेयकमा जनताका राय लिनुपर्ने बताए।

राष्ट्रिय सभा बैठकमा बिहीबार विशेष समय लिएर बोल्दै उनले दर्ता हुँदादेखि नै विवाद रहेकाले ती विधेयकहरूमा जनताको प्रतिक्रिया लिनुपर्ने धारणा राखे। 'तीनवटै विधेयकले संविधानले आममानिसलाई दिएको स्वतन्त्रताको हक, सञ्चारको हक, सूचनाको हक र व्यैक्तिक गोपनीयताको हकसँग सरोकार राख्छन्,' उनले भने, 'जसरी प्रस्तुत भएका छन्, त्यसरी नै पारित भयो भने मौलिक हकमा अनुचित बन्देज लाग्न जानेछ। मौलिक हक मौलिक हक रहने छैन।' राष्ट्रिय सभा नियमावलीमा खास विधेयकलाई जनतासमक्ष लैजान सकिने व्यवस्था रहेकाले त्यसलाई प्रयोग गर्नुपर्ने धारणा उनले राखे। 'विधेयकमा रहेका विषयले मौलिक हकमा बन्देजको सम्भावना देखिएकाले तिनलाई नागरिकसमक्ष लैजाऔं,' उनले भने, 'त्यसले केही समय र खर्च बढाउँछ तर जनताको सुझाव आएपछि सरकार र संशोधनकर्ता सांसद सबैले जित-जितको महसुस गर्नेछन्।'

उनले गुप्तचरले बिनाविघ्नबाधा कसैको पनि टेलिफोन सुन्न पाउने, इमेल हेर्न पाउने व्यवस्थाले व्यक्तिको वैयक्तिक गोपनीयता नरहने उल्लेख गरे। त्यस्तै, गैरजमानती मुद्दामा सनकको भरमा दण्ड जरिवानाको व्यवस्था गरिएको सूचना प्रविधि विधेयकले मानिसको अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने उनले बताए।

कांग्रेसकै अर्का सांसद जितेन्द्रनारायण देवले सत्तारूढ दलका कारण प्रतिनिधिसभाको सभामुख चयनमा गरिएको ढिलाइप्रति आपत्ति जनाएका थिए। राष्ट्रिय सभामा बोल्दै उनले संवैधानिक व्यवस्थाअनुसार सभामुख चयन प्रक्रिया प्रतिनिधिसभाको आगामी बैठकबाट अघि बढाइनुपर्ने माग गरे।

देउवाको 'लन्च मिटिङ' मा जिल्ला सभापतिहरू

कांग्रेस सभापति शेरबहादुर देउवा बिहीबार बूढानीलकण्ठस्थित निवासमा पार्टीका जिल्ला सभापतिहरूसँग। *तस्बिर : रासस*

काठमाडौं (कास)- कांग्रेसभित्र चर्केको विवाद अन्त्य गर्न संस्थापनइतर जिल्ला सभापतिहरूले मूल नेतृत्वलाई ध्यानाकर्षण गराएका छन्। केन्द्रीय कार्यसमितिले पुस ११ गते गरेको निर्णयबाट सिर्जना भएको विवाद अविलम्ब अन्त्य गरी महाधिवेशनको प्रक्रिया विश्वसनीय ढंगबाट अघि बढाउन उनीहरूले सभापति शेरबहादुर देउवासँग आग्रह गरेका छन्।

राजधानीमा तीन दिन चलेको बैठकको निष्कर्ष बुझाउन बिहीबार बूढानीलकण्ठस्थित निवासमा आएका जिल्ला सभापतिहरूलाई देउवाले सुरुमै 'मलाई किन नबोलाएको ?' भनी प्रश्न गरेका थिए। जिल्ला सभापतिहरूले भने, 'यो हामीले नभई वरिष्ठ नेता रामचन्द्र पौडेलले बोलाएको परामर्श बैठक थियो' भनेर जवाफ दिएका थिए।

वरिष्ठ नेता पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला पक्षले परामर्शका लागि भन्दै आफ्ना समूहका जिल्ला सभापतिहरूको भेला डाकेका थिए। वैधानिक रूपमा भेला बोलाउन नमिल्ने भएकाले त्यसलाई परामर्श बैठकको नाम दिइएको थियो। भेलाले केन्द्रीय कार्यसमितिले हालै गरेको बहुमतको निर्णय सच्याउनुपर्ने आफ्नो समूहका नेताहरूले राख्दै आएको लाइनलाई नै पारित गरेको छ। इतर समूहको बहिष्कारका बीच पुस ११ मा बसेको बैठकले महाधिवेशनको कार्यतालिका, कार्यविधि ल्याउनुका साथै विधानका धारा निलम्बनदेखि विभागको संख्या बढाउने, केन्द्रीय कार्यसमिति र तरुण दलको म्याद थप्ने निर्णय गरेको थियो। त्यस निर्णयपछि संस्थापनइतर चिढिएको हो। सभापति देउवालाई दबाब दिन इतर समूहको भेला बोलाइएको हो।

भेलाले तय गरेका ५ बुँदे निष्कर्ष बुझाउँदै जिल्ला सभापतिहरूले देउवालाई पार्टी एक गर्ने दायित्व र अभिभारा पूरा गर्न तत्काल अग्रसर हुनुपर्नेमा जोड दिएका छन्। 'केन्द्रीय कार्यसमितिको बहुमतको निर्णयबाट सिर्जना भएको विवाद तत्काल अन्त्य हुन आवश्यक छ, नत्र केन्द्रीय कार्यसमितिको निर्णयसम्बन्धी विवाद पार्टीको सबै तहसम्म पुग्न सक्छ,' जिल्ला सभापतिहरूले भनेका छन्, 'यसले पार्टीका विभिन्न तहका नियमित काम कारबाहीमा नकारात्मक प्रभाव पर्नेछ।' उनीहरूले पार्टीभित्र बृहत् एकता र सहमति निर्माण गरी समयभित्रै महाधिवेशन गर्नसमेत माग गरेका छन्।

जिल्ला सभापतिहरूसँग देउवाले सुरुमै आफ्नो धारणा राखेका थिए। उनले सहमतिका लागि आफू तयार भएको बताए। केन्द्र विधान मिचेर अघि बढेको भन्ने जिल्ला सभापतिहरूको आरोपको देउवाले प्रतिवाद गरे। 'तपाईंहरूले पनि जिल्लामा विधानविपरीत के-के गर्नुभएको छ, मलाई थाहा छ। म चुप लागेर बसेको भएर मात्रै हो,' उनले भनेका थिए।

देउवाले ११ गतेको निर्णय नसच्याउने संकेत गरेका थिए। उनले केन्द्रीय महाधिवेशनको तिथिबाहेक असन्तुष्ट पक्षले उठाएको विधानका दफा निलम्बन र स्थानीय तहका अधिवेशनको तिथि संशोधन सम्बन्धमा आफू तयार भएको बताएका थिए। 'यो पार्टी सबैको हो, सबै मिलेर जानुपर्छ। मिलाउन हदैसम्मको प्रयत्न पनि भएको हो,' देउवाको भनाइ उद्धृत गर्दै नुवाकोटका जिल्ला सभापति जगदीशनरसिंह केसीले भने, 'सबै कुरा मिलिसकेको थियो। कहाँनेर अड्कियो मलाई नि थाहा भएन।' परामर्श बैठकको निष्कर्षसहितको निर्णय पत्र काग्रेका जिल्ला सभापति मधु आचार्यले पढेर सुनाएका थिए। जिल्ला सभापतिहरूले आफूहरूले संस्थापन र इतर पक्षकै कमीकमजोरी औंल्याएर पार्टी एकताका लागि जोड दिएको बताएका थिए। उनीहरूले एक वर्षअघि सम्पन्न महासमिति बैठकको स्यान्डेटविपरीत केन्द्रीय कार्यसमितिले बहुमतबाट केन्द्रीय पदाधिकारी र सदस्यहरू स्वत: महाधिवेशन प्रतिनिधि हुन पाउने गरी गरेको निर्णयसमेत संशोधन गर्नुपर्ने माग गरेका छन्।

महासमिति बैठकमा दुई तिहाइभन्दा बढी सदस्यहरूले केन्द्रीय पदाधिकारीसहित सदस्यहरू बडाबाटै निर्वाचन लडेर आउनुपर्ने र समानुपातिक समावेशी कोटाको अवसर एकपटकका लागि मात्रै लिन पाइने व्यवस्था विधानमै राख्ने प्रस्ताव गरेका थिए। त्यसलाई सभापति देउवा र वरिष्ठ नेता पौडेलले केन्द्रीय कार्यसमितिको निर्णयबाट पारित गर्ने वचन दिए पनि उल्टो निर्णय भएको थियो।

छोटकरी

छुट्टाछुट्टै दुर्घटनामा ५ को मृत्यु
काभ्रे (कास)- काभ्रेमा बिहीबार छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ । पनौती-११ थुम्कीमा एक्स्काभेटर सडकबाट करिब ३ सय मिटर तल सलान्दु खोलामा खस्दा १६ वर्षीय राउत केसी र सिन्धुपाल्चोकका १५ वर्षीय रोशन भण्डारीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी प्रवक्ता डीएसपी दीपक गिरीले जानकारी दिए । चालक पनौती-७ का २७ वर्षीय जीवन ताम्राकारको धुलिखेल अस्पतालमा उपचार भइरहेको छ । यस्तै, नमोबुद्ध-२ सेल्फीडाँडामा मिनी टिपर दुर्घटना हुँदा दुई जनाले ज्यान गुमाएका छन् । धुलिखेलबाट भकुन्डेबेंसीतर्फ जाँदै गरेको वल्डवाइड कन्स्ट्रक्सन प्रालिको बा२क ५ नम्बरको टिपर सडकबाट करिब २ सय ५० फिट तल खस्दा चालक मकवानपुर टिस्टुङ पालुङका २३ वर्षीय आश्विन विष्ट र सुपरभाइजर ललितपुर चुलिखेलका अन्दाजी २२ वर्षीय विशाल खड्काको ज्यान गएको हो । बिहीबार नै रोशी-९ पानाञ्चेस्थित भित्री सडक खण्डमा देउरालीबाट नार्केतर्फ आउँदै गरेको दूध बोकेको बा१च ५०७४ नम्बरको जिप दुर्घटना हुँदा १२ वर्षका अनिल रानामगरको मृत्यु भएको छ । घटनामा सोही स्थानकी करिब ७० वर्षीया सतीकुमारी पिठाकोटे र चालक रोशी-६ का २३ वर्षीय टंकमान लामाको उपचार भइरहेको प्रहरीले जनाएको छ ।

चिनियाँ पर्यटक बढे
रसुवा (कास)- रसुवागढी नाका हुँदै सन् २०१९ मा २९ हजार २ सय ५२ जना चिनियाँ तथा तेस्रो मुलुकका पर्यटक नेपाल भित्रिएका छन् । भ्रमण वर्षको पहिलो दिन यो नाका हुँदै ९२ चिनियाँ भित्रिएका थिए । 'अफ सिजन' भएकाले अहिले चिनियाँ पर्यटक बढ्न नसकेको अध्यागमन कार्यालयल रसुवागढीका प्रमुख रामचन्द्र काफ्लेले बताए । 'अब तिब्बतमा हिउँ पर्न सुरु भयो,' उनले भने, 'मौसम प्रतिकूलताका कारण पर्यटक आउन नसकेका हुन् । अप्रिल, मे र जुनबाट पर्यटक बढ्छन् ।' रसुवागढीबाट नेपाल आउने पर्यटकमा करिब ९० प्रतिशत चिनियाँ रहेका छन् । ०७२ वैशाख १२ गतेको भूकम्पले सिन्धुपाल्चोकको तातोपानी नाका बन्द भएपछि चिनियाँ पर्यटकले नेपाल प्रवेशका लागि रसुवागढी नाका प्रयोग गर्दै आएका छन् ।

स्थानीयले रोके सडकको काम
नुवाकोट (कास)- गल्छी-त्रिशूली-मैलुङ सडक आयोजनाको पिपलटार खण्डमा स्थानीयले अवरोध गरेका छन् । सडकको दायाँबायाँ १५/१५ मिटर मालपोत र नापीबाट कट्टा गरी सडकको नाममा लगेपछि मात्र काम थाल्नुपर्ने उनीहरूको भनाइ छ । स्थानीय हरि न्यौपानेले सडकले तोकिएको ठाउँभन्दा बढी जग्गा काटेर काम गरेकाले अवरोध गर्नुपरेको बताए । आयोजनाको देवीघाट-पिपलटार खण्डको बालाजु-त्रिशूली सडकखण्ड जोडिने पिलटार चोक आसपासमा २६ जनाको जग्गा पर्ने स्थानीयले बताए । सडक निर्माण रोकिएको स्थान विदुर नगरपालिका-५ मा पर्छ । सोही स्थानदेखि माझीटारसम्म सडक पिच भइसकेको छ । विवाद आएको ठाउँलाई छाडेर अन्यत्र काम चालु राखिने आयोजनाका योजना प्रमुख नारायणदत्त भण्डारीले बताए । आयोजनाले धादिङको गल्छीदेखि नुवाकोट कोल्पुटारको कल्चउडे भीर र बुधासिङघाट भीर कटिङ गरिरहेको छ । रसुवागढी-स्याफ्रु-धुन्चे-त्रिशूली-गल्छी-काठमाडौंको दूरी १ सय ५२ किलोमिटर छ । यो सडक निर्माणपछि रसुवागढीदेखि काठमाडौं २३ किमि दूरी छोटिनेछ । आयोजनाको लागत ९ अर्ब ५० करोड रुपैयाँ रहेको छ ।

भ्युटावरसहित २१ संरचना बन्ने
हेटौंडा (कास)- प्रदेश सरकार र हेटौंडा उपमहानगरपालिकाको संयुक्त लगानीमा भ्युटावर, करां करिडोर, एकीकृत बस्ती, चक्रपथ र अन्तर्राष्ट्रिय सभाहलसहित २१ वटा संरचना निर्माण हुने भएको छ । उपमहानगरभित्र महत्त्वपूर्ण विकासका योजना सञ्चालन गर्न लागिएको उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले बताए । 'उपमहानगरले जग्गा उपलब्ध गराउने र आवश्यक रकम पनि खर्च गर्नेछ,' उनले भने, 'प्रदेश सरकारले निर्णय गरेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि हेटौंडा-१० टीसीएनको खाली जग्गा र हेटौंडा-११ थानाभञ्याङको गरी १२ बिघा जग्गा उपलब्ध गराउँछौं ।' एकीकृत बस्ती विकासका लागि हेटौंडा-८ नगर विकास समितिको ५ बिघा, हेटौंडा-१३ को वनस्पति र हेटौंडा-१५ फायरलाइन रोडको जग्गा उपलब्ध गराउन लागिएको हो । सम्पूर्ण संरचना निर्माणका लागि करिब ३० करोड रुपैयाँ बजेट लाग्ने उपमहानगरले जनाएको छ ।

बन्द इलाका प्रशासन | इलाका प्रशासन कार्यालय रहेको रामेछापको उमाकुण्ड गाउँपालिकास्थित लाप्चाने गाउँ । कार्यालय बन्द भएको एक वर्ष बित्न लाग्यो । अधिकृत कर्मचारी बस्न नरुचाउने भएकाले उक्त कार्यालय बारबार खुल्दै बन्द हुँदै आएको छ । *तस्विर : टीकाप्रसाद भट्ट/कान्तिपुर*

सुत्केरी भेट्दै जनप्रतिनिधि

स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयंसेविका र जनप्रतिनिधिसहितको टोलीले सुत्केरी र गर्भवतीलाई कोसेलीसहित भेट्ने कार्यक्रम सञ्चालनमा

■ **प्रताप विष्ट** (हेटौंडा)
अनिश तिवारी (सिन्धुपाल्चोक)

घरमा सुत्केरी हुने संख्यालाई शून्यमा झार्ने उद्देश्यले मकवानपुर र सिन्धुपाल्चोकका केही पालिकाले पोसिलो खानेकुरा उपलब्ध गराउन थालेका छन् । सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकाले स्वास्थ्य संस्थामा गएर सुत्केरी महिलालाई एक क्रेट अन्डा र तेल उपलब्ध गराउने गरेको छ । हेटौंडा उपमहानगरपालिकाले भने स्वास्थ्य संस्थामा सुत्केरी भएका महिलालाई सात दिनभित्र स्वास्थ्यकर्मीसहित घरमा गएर एक हजार तीन सय रुपैयाँ बराबरको पोसिलो खाद्यवस्तु उपलब्ध गराउँछ । स्वास्थ्यकर्मीले आमा र नवजात शिशुको स्वास्थ्य परीक्षण पनि गर्ने गरेका छन् ।

जनप्रतिनिधि, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयंसेविकाको समूहले स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई कोसेलीसहित भेट्ने कार्यक्रम चालु आवदेखि सञ्चालनमा ल्याइएको हो । बडा तहमा पनि सुत्केरी भेट कार्यक्रम चलिरहेको छ । हेटौंडा उपमहानगरका स्वास्थ्य अधिकृत सुपेन्द्र कार्कीका अनुसार उपमहानगर क्षेत्रमा आव ०७५/७६ मा २ हजार ५ सय ९६ गर्भवती सुत्केरी भएकामा सात जनामात्रै घरमा सुत्केरी भएका थिए । आव २०७५/७६ मा कुल सुत्केरीमध्ये ८ प्रतिशतले मात्रै सुत्केरी भएको एक साताभित्र सुत्केरी र नवजात शिशुको स्वास्थ्य जाँच गरेको तथ्यांक छ । यस्तो अवस्थामा उपमहानगरपालिकाले एक साताभित्रै सुत्केरी र नवजात शिशुको स्वास्थ्य परीक्षण गर्नेको दर बढाउने लक्ष्य लिएको स्वास्थ्य अधिकृत कार्कीले बताए । हेटौंडा-६ स्थित स्वास्थ्यचौकीका अहेव टीएन ढुंगेलले बडा तहमा यो कार्यक्रम प्रभावकारी बन्दै गएको बताए । चालु आर्थिक वर्षका लागि उपमहानगरले ५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

सिन्धुपाल्चोक बाह्रबिसे-२ का अध्यक्ष बमबहादुर तामाङ सुत्केरीलाई अन्डा र तेल प्रदान गर्दै । *तस्विर : कान्तिपुर*

स्वास्थ्य संस्थामा पोषण
सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-२ कर्थलीकी सुकुमाया तामाङ सुत्केरी गराउन स्वास्थ्य संस्थामा जान मान्दै मानिनन् । धामीझाँक्रीकै झारफुकको भरमा परेपछि वडाध्यक्ष महिला स्वास्थ्य सेविका लिएर गाउँमै पुगे । तामाङलाई पोषण उपहारसहित वडाध्यक्ष बमबहादुर तामाङले स्वास्थ्य सचेतनाबारे सम्झाए । 'संस्थामा सुत्केरी भएका कारण अन्डा र तेल पनि पाइयो,' उनले खुसी हुँदै भनिन् ।

अधिकांश जनप्रतिनिधिले सुत्केरीलाई स्वास्थ्य संस्थामा आकर्षित गर्ने बजेट छुट्याएर अभियानका रूपमा अगाडि बढाइरहेका छन् । बाह्रबिसे नगरपालिकाले प्राथमिक स्वास्थ्य केन्द्रलाई व्यवस्थित बनाएर ५० लाख बजेटसहित स्वास्थ्यसम्बन्धी अभियान चलाइरहेको छ । एकीकृत सेवा केन्द्र र १३ वडामा स्वास्थ्य चौकी ठड्याइसकेको मेलम्ची नगरपालिकाले स्वास्थ्य क्षेत्रका लागि २ करोड छुट्याएको छ । जिल्लाभर यीबाहेक पाँचपोखरी थाङपाल, जुगल, सुनकोसी, बलेफी, त्रिपुरासुन्दरी, लिसंखुपाखर गाउँपालिकाले सुत्केरीसम्बन्धी फरक कार्यक्रम ल्याएका छन् । 'पोषण र सुरक्षित सुत्केरी अभियान प्रभावकारी देखिएको छ,' इन्द्रावती गाउँपालिकाका अध्यक्ष वंशलाल तामाङले भने, 'अधिकांशमा परिवर्तन आएको छ । स्वास्थ्य चौकीमा सुत्केरी गराउने बढ्न थालेका छन् ।'

राजधानी विवाद

'सहमति नजुटे ह्वीप'

■ **सुवास बिडारी** (मकवानपुर)

पार्टीले गलत निर्णय गरे पनि अब कार्यान्वयन गर्नुको विकल्प छैन । पार्टी पनि जोगाऔं र नेतृत्व पनि
- अष्टलक्ष्मी शाक्य
प्रदेश ३ इन्चार्ज

स्थायी राजधानी र नामकरणमा सहमति जुटाउन बिहीबार बसेको नेकपा प्रदेश संसदीय दलको बैठक बिनानिष्कर्ष स्थगित भएको छ । हेटौंडास्थित मुख्यमन्त्री डोरमणि पौडेलको निवासमा बसेको बैठकमा ठोस सहमति नजुटेपछि शुक्रबार पुनः बस्ने भएको हो । नेकपा सचिवालयको निर्देशनअनुसार अघि बढ्ने प्रयास भए पनि त्यो असफल भएको बैठकमा सहभागी एक सांसदले बताए । नेकपा सचिवालयले प्रदेशको राजधानी हेटौंडा र नाम वाग्मती राख्ने निर्णय गरेसँगै हतारहतारमा पुस २२ गते मतदान गर्ने गरी प्रारम्भिक खाका ल्याइएको थियो तर सहमति नजुट्दा मतदान मिति अनिश्चित बनेको छ ।

संसदीय दलको बैठकमा विशेष गरी काभ्रेका सांसदहरूले पार्टीको केन्द्रीय नेतृत्वले गलत निर्णय गरेको बताउँदै आइरहेका छन् । बैठकमा नेकपा प्रदेश ३ इन्चार्ज अष्टलक्ष्मी शाक्यले समेत पार्टी नेतृत्वले गलत निर्णय गरेको बताइन् । 'यो गलत निर्णय गरेको हो । अब कार्यान्वयन गर्नुको विकल्प छैन । पार्टी पनि जोगाऔं र नेतृत्व पनि,' उनको भनाइ उद्धृत गर्दै बैठकमा सहभागी एक सांसदले भने । बैठकमा उठेको प्रश्नको जवाफ अझै मुख्यमन्त्री पौडेलले दिइसकेका छैनन् । बैठकमा सहमति नजुटेको खण्डमा ह्वीप लगाएर भए पनि हेटौंडा र वाग्मतीका पक्षमा मतदान गर्ने तयारीमा नेकपा संसदीय दल रहेको स्रोतको भनाइ छ ।

नेकपाका सचेतक रामेश्वर फुयाँलले यो ऐतिहासिक विषय भएकाले सबै दलको सहमतिमा मतदानको टुंगो लगाइने बताए । नेपाली कांग्रेसका सचेतक छिरिङ दोर्जेले शुक्रबारको कार्यव्यवस्था बैठकमा मतदानको मिति टुंग्याउन दबाब दिने तयारीमा आफूहरू रहेको बताए । 'अब दलको अप्ठेरोलाई हेरेर होइन । मतदानको मिति टुंग्याएर सोहीअनुसार कार्यतालिका बनाएर प्रदेशसभा अगाडि बढ्न जरुरी छ,' उनले भने ।

बिहीबारको प्रदेशसभा बैठकमा २२ जना सांसदले धारणा राखेका छन् । अधिकांश सांसद मकवानपुर र काभ्रेका पक्षमा विभाजित भइरहेका छन् । चितवन र नुवाकोटका सांसदले आआफ्नो जिल्ला हुनुपर्ने तर्क गर्दा केही सांसदले मध्यमार्गी तवरबाट धारणा राखेका थिए । बैठकमा राजेन्द्र पाण्डेले भौगोलिक र प्रशासनिक सुगमता हेरेर निर्णय लिन प्रदेशसभा सस्यदहरूलाई आग्रह गरे । हालसम्म ४३ जनाले राजधानी र नामकरणका विषयमा भनाइ राखिसकेका छन् । शुक्रबार बोल्ने क्रम सकिएपछि राजधानी सम्भाव्यता अध्ययन गर्न बनेको समितिका सभापति दीपक निरौलाले सदनमा उठेको प्रश्नको जवाफ दिने बताइएको छ ।

आगोमाथि नाच

■ **अनिश तिवारी** (थापागाउँ, सिन्धुपाल्चोक)

बलेफी गाउँपालिकाको फुल्पिङकोटस्थित बगाले थापा गाउँमा मंगलबार बेलुकादेखि बेग्लै रौनक सुरु भयो । वरिपरि गाउँलेको सुरक्षाबीच ८४ भारी दाउराको चाङमा आगो दन्किइरह्यो । एक्कासि पञ्चेबाजा गुन्जिन थाल्यो । आगोको थुप्रोछेउकै पालबाट एउटा समूह नाच्दै निस्कियो । रुद्राक्ष र घण्टी भिरेका दुई वृद्धसहित १३ युवा आगोछेउ आएर उफ्रिन थाले । सेतो कछाड र गन्जीको पहिरनमा रहेका उनीहरूले टाउको मुडुलो बनाएका थिए । 'हाहा... हरेहरे...' भन्दै आगोलाई फुटबलझैं खेल्न थालेपछि वरिपरिका दर्शकमा खैलाबैला मच्चियो । भीडलाई नियन्त्रण गरिरहेका स्थानीयले लौरो लिएर खली स्थललाई सुरक्षाको घेरामा राखिरहे ।

आगोमाथिको नृत्य दौडलाई 'एडभेन्चर' मानेर हेर्दै दंग परेका स्थानीयले भिडियो र तस्विर खिच्दै सामाजिक सञ्जालमा हाल्न थाले । हेर्दाहेर्दै ८४ भारी दाउरामा दन्किरहेको आगोको थुप्रो कोइलामा परिणत भयो । खली क्षेत्र आगोविहीन बनेपछि काँपिरहेका युवा दूध र पानीले नुहाए र घुम्दै नाच्न थाले । 'बल्ल खली परम्परा सुरक्षित रूपमा सकियो,' थापागाउँ सुधार समितिका अभियन्ता शम्भु थापाले भने, 'यसको तयारीकै लागि ६६ वर्ष लाग्यो ।' २०१० पछि बल्ल बगाले थापाको कुल पूजामा 'प्रेतात्माको इच्छामुताबिक' मुक्तिका लागि खली खुवाउने प्रथा चलाइएको उनले सुनाए । गाउँकै ८८ घरधुरी मिलेर वर्षौंपछि यो परम्परा पूरा गरिएको उनको भनाइ छ । समुदायका प्रायः ले आफ्नो कुल पूजाअन्तर्गत उमेर नपुगी बित्ने दिवंगतको मुक्तिका लागि यस्तो पूजा गर्छन् । गाउँबाटै झन्डै ४ लाख ४४ हजार रकम जुटाएर परम्परालाई निरन्तरता दिइएको थापाले जानकारी दिए ।

सिन्धुपाल्चोकको फुल्पिङकोट थापागाउँमा आगोको थुप्रोमाथि नाच्दै खली प्रथा मनाइरहेका युवा । *तस्विर : अनिश/कान्तिपुर*

तपाईंको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनश्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
कर्कट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारीक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल पौष २६ गते शनिबार तदनुरुप ११ जनवरी २०२० माघ कृष्णपक्ष प्रतिपदा रात्रिको ११:५० बजेसम्म उप्रान्त द्वितीया तिथि, पूनर्वसु नक्षत्र दिनको २:४० बजेसम्म उप्रान्त तिष्य नक्षत्र, वैधृति योग दिनको ३:३३ बजेसम्म उप्रान्त विष्कुम्भ योग, बालब करण दिनको १२:३२ बजेसम्म उप्रान्त कौलब करण, मिथुन राशिमा चन्द्रमा प्रातः ८:५० बजेसम्म उप्रान्त कर्कट राशिमा । **ज्यो. रामप्रसाद सिटौला**

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्यूज
९:००	हवाट द फ्लप (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	हियर्ज द् लाइफ (रिपिट)
११:००	कान्तिपुर न्यूज
११:३०	सुमनसैंजा (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	फायरसाइड (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	मनी टक्स (रिपिट)
३:००	हवाट द फ्लप (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	सुमनसैंजा (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	यू एण्ड आई
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हर्के हल्दार
१०:००	यू एण्ड आई (रिपिट)
१०:३०	कान्तिपुर न्यूज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्यूज रिपीटेड
१:३०	यू एण्ड आई (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट १)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हर्के हल्दार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	दिव्य दृष्टि (दिवाकर पन्त)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०८:००	डेलिलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (धलिसा)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:५०	ट्राफिक आप्डेट
०९:५५	राष्ट्रिय गीत
०९:२०	शैली (भूपेन्द्र)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फेमिना (दिपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी
११:०५	फेमिना (दिपाञ्जली)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप अफ द टप्स (साजारिका)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (महेश)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (महेश)
१५:००	कान्तिपुर डायरी
१५:५५	सौराई (कृष्ण मल्ल)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	द राहुल भुजेल सो
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	फेनाटिक फ्राइडे (महेश/स्मिता)
१८:००	आधा आकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	नो टेन्सन (दीपकराज/अनिका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	प्लेट्रोमिक्स (सञ्जय गुप्ता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी गोल्डी (स्मीता)
२३:००	इलिमेन्थ आवर (संजय)
२४:००	टप अफ द टप्स - रिपिट (संजय)
०१:००	कालजयी गीत-संगीत (भूपेन्द्र)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२०५३४४
वीर अस्पताल	४२०२९०८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१९५४०
प्रसूति गृह	४२५३२०६
ठेकु अस्पताल	४२५३२९६
पाटन अस्पताल	५४२२७०८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
मानसिक अस्पताल	५५२१३३३
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०६२९
तिलगंगा आँखा अस्पताल	४४२३६८४
नेपाल अर्थोपेडिक अस्पताल	४२९१७२५
मरुपुर अस्पताल	६६९०६०६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल	४२९१००८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल	४४०६१५२
काठमाडौं मोडेल अस्पताल	४२४०८७१/६
नेपाल मेडिसिटी अस्पताल	९९३४/४२५७०६६/४२५७०५५
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडीकेयर मेगानल अस्पताल	४४६७०४७
मेडीकेयर मेगानल अस्पताल (धनबुलेन्स)	४४६७०४७
कान्तिपुर हस्पिटल	४९९९५५७/८५८
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर	४४०६२०५
नर्भिक, थापाथली	४२५८५५४
वयोधा अस्पताल (प्रा.) लि.	४२८६४२८/४२८१६६६
लाइफ केयर अस्पताल	४२२७०३५
मितेरी अस्पताल	६६३१७०३६/६६३७०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४०२२
मरुपुर रेडक्रस	६६५२२६६
मेगानल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
नेपाल मेडिसिटी	४२५०७५५/४२५०७६६
मानसिक अस्पताल	४४८०१६०
हृयात्स अस्पताल	४३७०४०८/४३७०७०४
ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह	४३५५३७०/४३८१५६२
ओर्थो अस्पताल र रिसर्च इन्टिच्युट	४२५८५२०/४२५८५४१
मनमोहन मेमोरियल अस्पताल	४४१९६०५/४४२०८२३
मरोसा अस्पताल प्रा.लि.	४४७४१६८/४४८२८९१
सामुदायिक मानसिक स्वा. से. केन्द्र	०१ ६२१२५४४
जनसेत्री हस्पिटल	४३६६३०१-०५
मध्यपुर अस्पताल	०१-५०२३३८/५०२३३०५/५०२३३०२
विनायक अस्पताल तथा प्रसूति गृह	४३८३५२०/४३८०८४८
केन्द्रीय पशु चिकित्सालय	४२६१३८२/४२२९०६४/४२६८९०३
हेलिप्स हेल्थ सामुदायिक अस्पताल	४४७३५१८/४४७०६५५
शहीद मेमोरियल अस्पताल	४४८२०३४/०१६२०४६०२
स्पार्क हेल्थ सेन्स अस्पताल	४२७३०१४/४२७०२२३
ओम समाज अस्पताल	४३९३५२२
स्टार अस्पताल	५५५०१९७/५५५०१९८/५५५२२७७
अल्का अस्पताल	५५५५५५५
नागरिक सामुदायिक अस्पताल	६६३७६००/५६३९२८४
मिलाल अस्पताल/धनबुलेन्स	४४१५०८६/४४१२६४०२
स्पाइनल इन्जरी पुनस्थापना केन्द्र	०१९-६६०८४७/६६०८४८
काठमाडौं अस्पताल	४२२२२२
अन्तराष्ट्रिय मैत्री बाल अस्पताल	४४१९५३४/४४५४६१
बी.पी. स्मृति अस्पताल	४३८७०२४/४३८००६
सुनौरु अस्पताल	५७७५३७०/५७७५०८८/९९
वेलकेयर हस्पिटल	४४३६९३५/४४२६९८४
धनरेष्ट हस्पिटल	४७८२९२४/४७८३०२४
काठमाडौं नाक कान घाँटी अस्पताल	४२४५५५४/४२२६७३०
ग्रान्डी मेगानेशनल हस्पिटल	५५४२२६६/५५४०२६७
ग्रिन सिटी हस्पिटल	४३५२०४८/४३५०४५२
शुभेक्षा इन्टरनेशनल हस्पिटल	४२८५४३४/४२८५४३५
कान्तिपुर जनरल हस्पिटल	४३८५०१०/४३८५०९९
नि:शुल्क मोतियो दातव्य	४२५५५४०/४२५५५४१
दीर्घायु गुरु हस्पिटल	४४६२५२३/९८४४८५५५७
गणेशमान सिंह मेमोरियल अस्पताल	०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५८८४
ॐ समाज हेल्थल हस्पिटल	०१-४४७३४४४/४४८०८८०

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२२२०६
जिल्ला प्रहरी (मक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५०५६६६
अज्ञावा सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्नर नि:शुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२४००६
नेपाल मिटर दुवाकसी संघ	४२२६३७४

विद्यालय तहमा गाइड-गेसपेपर निषेध

काठमाडौं (कास)- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय तहमा गाइड, गेसपेपर, प्राक्टिस बुकजस्ता सहयोगी पुस्तक प्रयोगमा रोक लगाएको छ। पाठ्यक्रम, पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका २०७६ जारी गर्दै मन्त्रालयले कक्षा १२ सम्मको कुनै पनि कक्षामा यस्ता सामग्री प्रयोग गर्न नपाइने व्यवस्था गरेको हो। यसअघि पनि प्राक्टिस बुक, गेसपेपर र गाइड प्रयोग गर्न नपाइने उल्लेख थियो। मन्त्रालयले सहयोगी सामग्रीका रूपमा यस्ता पुस्तकको प्रयोग नरोकिएपछि, नयाँ निर्देशिका जारी गरी त्यस्ता सामग्रीको प्रकाशन, बिक्रीवितरण र खरिदमा थप कडाइ गरेको हो।

प्रश्नपत्र सँगालोका रूपमा मात्र छपाइ भएका पुस्तक बिक्रीमा समेत पाठ्यक्रम विकास केन्द्रले स्वीकृति नदिने मन्त्रालयका सहसचिव कृष्णप्रसाद काप्रीले बताए। शिक्षा मन्त्रालयले पाठ्यक्रम तथा पाठ्यसामग्री निर्देशिका, विद्यालय पाठ्यपुस्तक तथा पाठ्यसामग्री छपाइ तथा वितरण निर्देशिकालाई एकीकृत गर्दै नयाँ निर्देशिका जारी गरेको हो। 'सहयोगी पुस्तक प्रयोगमा पहिलेदेखि नै बन्देज थियो,' काप्रीले भने, 'कक्षा १२ सम्मै कडाइपूर्वक कार्यान्वयन गर्न निर्देशिका थप परिमार्जन गरिएको हो।' केन्द्रले हाल विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम प्रारूप पारित गरेर आगामी वर्षदेखि लागू गर्ने तयारी गरिरहेको छ। निर्देशिकामा पाठ्यक्रम कार्यान्वयन भएको १० वर्षमा परिमार्जन परिवर्तन गर्ने उल्लेख छ। केन्द्रको स्वीकृति लिएर मात्र अन्य पुस्तक प्रयोगमा ल्याउन सकिने निर्देशिकामा उल्लेख छ। पाठ्यसामग्री व्यवस्थापन तथा मूल्यांकन समितिको स्वीकृतिमा मात्र त्यस्ता पुस्तक प्रयोग गर्न पाइनेछ।

केन्द्रमा महानिर्देशक अध्यक्ष रहने समितिले बढीमा पाँच वर्षका लागि थप पाठ्यसामग्रीका लागि अनुमति दिन सक्ने निर्देशिका तयार पारिएको हो। विद्यालय तहमा प्रयोग हुने पुस्तकको मूल्य निर्धारण गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशकको संयोजकत्वमा मूल्य निर्धारण सिफारिस समिति रहने व्यवस्था गरिएको छ। निर्देशिकामा पाठ्यक्रम निर्माणका लागि विज्ञसूची तयार पार्ने व्यवस्था छ। आधारभूत र माध्यमिक तहका लागि विज्ञ बन्न क्रमशः कम्तीमा स्नातक र स्नातकोत्तर योग्यता कायम गरिएको छ। पाँच वर्षको शिक्षण, अनुसन्धानमा संलग्न व्यक्तिमात्र विज्ञमा सूचीकृत हुन पाउनेछन्। पाठ्यपुस्तक लेखनका लागि भने खुला प्रतिस्पर्धाबाट लेखक छनोट गर्न सकिने व्यवस्था गरिएको छ। लेखक वा प्रकाशकले पाठ्यक्रमको परिधिभित्र रही कुनै पनि कक्षाका लागि पाठ्यपुस्तक तयार पार्न सक्ने निर्देशिकामा व्यवस्था छ।

छोटकरी

गुन्डागर्दीमा संलग्न २ जना पक्राउ

काठमाडौं (कास)- गुन्डागर्दी र जबर्जस्ती असुलीमा संलग्न दुईजना ठमेलबाट पक्राउ परेका छन्। महानगरीय अपराध महाशाखाका अनुसार पक्राउ पर्नेमा बाग्लुङ ढोरपाटन नगरपलिकाका देवेन्द्रबहादुर घर्तीमगर र धादिङ निलकण्ठ नगरपालिका-३ का सुजन पौडेल छन्। हातहतियार देखाई व्यापारीसँग उनीहरूले जबर्जस्ती रकम असुल्दै आएको खुलेको छ। घर्तीमगर ०६४ सालमा दुईजनालाई गोली प्रहार गरी चार वर्ष जेल सजाय भुक्तान गरेर निस्किएका व्यक्ति हुन्। पौडेलले खुकुरी प्रहार गरी घाइते बनाएको आरोपमा धादिङमा ७ महिना र नुवाकोटमा ४ महिना सजाय भोगिसकेका छन्।

नक्कली नोट बनाउने समातिए

काठमाडौं (कास)- नक्कली नेपाली नोट बनाउने कारखानामा छापा मारेर प्रहरीले चार जनालाई पक्राउ गरेको छ। ४ लाख १३ हजार नक्कली नोटसहित शारदा नगरपालिका-७ सल्यानका कमल भनिने कोवीराम बुढाथोकी, पाँचखाल-१३ काभ्रेका बलबहादुर रानामगर, पूर्वीचौकी गाउँपालिका-३ डोटीका आर्यन खड्का र छथर जोरपाटी गाउँपालिका-३ धनकुटाका छत्रबहादुर लिम्बूलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पक्रेको हो। काठमाडौं र काभ्रेका विभिन्न स्थानमा उनीहरूले नक्कली नोट छाप्ने कारखाना नै खोलेको प्रहरीले जनाएको छ। सक्कली नोटकै जस्तो बनाइएका विभिन्न नम्बर उल्लेखित ४ सय १३ थान (४ लाख १३ हजार) तथा फोटोकपी पेपर र मेसिन प्रहरीले बरामद गरेको छ। ब्युरोका प्रवक्ता एसपी बेलबहादुर पाण्डेका अनुसार गिरोहले 'ए-फो साइज' को पेपरमा ४ वटासम्म नक्कली नोट छाप्ने गरेको खुलेको छ। राजधानीका विभिन्न स्थानमा नक्कली नोटबाट सामान खरिद गरेको भेटिएपछि ब्युरो त्यसको निगरानीमा खटिएको थियो।

काठमाडौंको थापाथलीस्थित बिजुलीको पोललाई बाँसको चोयाले बाँध्दै मजदुर। 'नेपाल भ्रमण वर्ष २०२०' सुरु भएसँगै राजधानीका पोललाई कलात्मक बनाउन थालिएको छ। *तस्बिर : कविन अधिकारी/कान्तिपुर*

राष्ट्रिय पुस्तकालय अझै बोरामा

पुस्तकालय बनाउन सरकारले जमलमा उपलब्ध गराएको जग्गा शंकरदेव क्याम्पसले छाडेन

कान्तिपुर संवाददाता (काठमाडौं)

ललितपुरस्थित हरिहर भवन भूकम्पले जीर्ण बनेयता राष्ट्रिय पुस्तकालयका डेढ लाख पुस्तक अझै बोरामै थन्किएका छन्। ती पुस्तक हरिहर भवनसँगैको तबेला रहेको ठहरा, सानो गौरचनस्थित गोदाम र सानोठिमीस्थित शिक्षा विभागको गोदाममा राखिएका छन्।

तीन सय वर्ष पुराना हस्तलिखित ग्रन्थसमेत लथालिंग छन्। पुस्तकालयको प्रशासनिक काम हरिहर भवन परिसरको घोडातबेला टहराबाट हुने गरेको छ। त्यहाँ १५ कर्मचारी कार्यरत छन्। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन इकाइले हरिहर भवन पुनर्निर्माण गर्ने भएपछि परिसरमा रहेको पुस्तकालय प्रशासन कार्यालयसमेत अन्यत्र सर्नुपर्ने भएको छ तर उपयुक्त ठाउँ नपाइएको पुस्तकालय प्रशासनले जनाएको छ।

इकाइले तीन महिनाअघि हरिहर भवन परिसरमा रहेको राष्ट्रिय पुस्तकालयको प्रशासन, निजामती किताब खाना र राष्ट्रिय मानव अधिकार आयोगलाई अन्यत्र सर्न परिपत्र गरेको थियो। त्यसपछि किताबखानालाई हरिहर भवन नजिकै कृषि विभागमा सारिएको छ। मानव अधिकार आयोगले घर भाडामा लिन मंसिर १५ गते सार्वजनिक सूचना जारी गरेको छ तर राष्ट्रिय पुस्तकालयको प्रशासन न्यून बजेटका कारण तत्काल भाडामा जान नसक्ने स्थितिमा गुज्रिएको पुस्तकालय प्रमुख उपेन्द्र मैनालीले बताए।

सरकारले काठमाडौं महानगरपालिका-१ जमलमा रहेको करिब ८ रोपनी जग्गा राष्ट्रिय पुस्तकालयलाई दिने निर्णय गरेको छ। जग्गा उपलब्ध गराएसँगै 'नेपालको मौलिक कला, संस्कृति र परम्परा झल्किने अत्याधुनिक राष्ट्रिय पुस्तकालय भवन' निर्माण गर्ने उक्त निर्णयलगत्तै विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बनेको छ तर पुस्तकालय बनाउन सरकारले उपलब्ध गराएको जग्गा शंकरदेव क्याम्पसले नछाडेपछि निर्माण प्रक्रिया अघि बढेको छैन। 'राष्ट्रिय पुस्तकालयको भवन जमलमै बन्नेमा दुई मत छैन,' मैनालीले भने, 'तर अहिले तत्कालै दुई महिनाभित्र हरिहर भवन भत्काउने भएपछि कार्यालय कहाँ सार्ने भन्ने अप्ठ्यारामा परेका छौं। सकेसम्म सानोठिमी शिक्षा विभाग आसपासमा अस्थायी कार्यालय राख्न पाए सेवा सुरु राख्न सक्थ्यौं।'

ललितपुरको हरिहर भवनस्थित राष्ट्रिय पुस्तकालयमा बोराभित्र राखिएका पुस्तक । *तस्बिर : बिजु महर्जन/कान्तिपुर*

राष्ट्रिय पुस्तकालयको नयाँ भवन बन्न कम्तीमा तीन वर्ष लाग्ने अनुमान गरिएको छ। जमलमा भवन निर्माण गर्न डीपीआर बनेसँगै माटो परीक्षण र वातावरणीय प्रभाव मूल्यांकनको कामसमेत भइसकेको छ। पुस्तकालयको रेकर्डअनुसार भूकम्पपछि सानो गौचरनस्थित महेन्द्र भवन माविको गोदाममा ८९ हजार र सानोठिमीमा २६ हजार पुस्तक सारिएका छन्। आधा जति मात्र च्याकमा राखिएका छन्। झन्डै ७ हजार थान बालपुस्तक र नयाँ खरिद गरिएका ३ हजार पुस्तक हरिहर भवनकै बालशाखामा गोदामभित्र बोरामा राखिएका छन्।

पुस्तकालयका दुर्लभ हस्तलिखित ७ सय ५० वटा पुस्तकलाई ट्याग गरेर राखिएको छ। पुस्तकालयले नेपाली, अंग्रेजी, हिन्दी र संस्कृत भाषाका फरक शाखा विस्तार गरेको थियो। पुस्तकालयमा ती लगायत मराठी, पाली, फ्रेन्च, जापनिज, थाई, मलेसियन र नेपालमा बोलिने विभिन्न भाषाका पुस्तक छन्।

भूकम्पबाट पुस्तक जोगिएका थिए। तिनलाई कीरा लाग्नबाट जोगाउन कपुर र बेगन प्रयोग गरिएको छ। कतिपय पुस्तक तथा कागजातहरू धुजाधुजा अवस्थामा छन्। हस्तलिखित ग्रन्थमध्ये केहीलाई कपडाले बेरेर राखिएको छ। तर सेवा दिन नसकेकाले ती पुस्तक सड्न थालेको कर्मचारी अनुमान गर्छन्। तत्काल अस्थायी टहरामा भए पनि ती पुस्तकलाई एकीकृत गरी सेवा विस्तार गर्ने योजना रहेको प्रमुख मैनालीले बताए।

होर्डिङ बोर्ड झिकियो, पोलका विज्ञापन हटेनन्

■ **सीमा तामाङ** (काठमाडौं)

बौद्धका उर्गेन शेर्पा दुई साताअघि जतातै ठूला होर्डिङ बोर्ड र बिजुलीका पोलमा पर्चा पम्प्लेट टाँसिएको देख्थे। यस्ता ठूला होर्डिङ बोर्डकै कारण बाटामा हिँड्दा समस्या खेप्नुपरेको अनुभव उनीसँग छ। 'चर्को घाम लाग्दा बोर्डका सिसा टल्केर हिँड्नै गाह्रो हुन्थ्यो,' तीनकुनेमा भेटिएका उनले भने, 'अहिले त त्यस्ता होर्डिङ बोर्ड र दिउँसो पर्चा पम्प्लेट टाँसेको पनि देखिदनँ। एक सातायता काठमाडौं महानगरपालिकाले सहरलाई कुरूप बनाइरहेको यस्ता होर्डिङ बोर्ड हटाउने काम सुरु गरेको छ। बिजुलीका पोलमा पर्चा पम्प्लेट टाँस्नेहरू कारबाहीमा पर्न थालेका छन्।

बगलामुखीकी सरिता महर्जन पनि होर्डिङ बोर्ड हटाइएकामा खुसी छिन्। 'बानेश्वर स्ट्यान्डर्ड चार्टर्ड बैंकसँगैको घरमा टाँसेका ठूला बोर्डले यात्रा गर्न गाह्रो थियो,' उनले भनिन्, 'त्यहाँ मोबाइल फोनको विज्ञापन राखिन्थ्यो, त्यो हेर्नेहरूका कारण पछाडि हिँड्नेलाई अघि बढ्नै मुस्किल थियो।' अनामनगरका विनोद भट्टराईले भने बिजुलीका पोल र खाली भित्तामा टाँसिएका पोस्टर, पम्प्लेट हटाउन महानगरलाई सुझाव दिए।

अहिले मुख्य गरी भीआईपी ओहोरदोहोर हुने क्षेत्रलाई केन्द्रित गरेर काम अघि बढाएको महानगरका प्रहरी प्रमुख धनपति सापकोटाले बताए। उनका अनुसार अनधिकृत रूपमा सहरलाई कुरुप बनाइरहेका ठूला बोर्ड हटाउन पाँच वटा समूह परिचालन गरिएको छ। विभिन्न ठाउँबाट सय वटाभन्दा बढी बोर्ड हटाइसकेको उनले बताए। जथाभावी पर्चा, पम्प्लेट तथा पोस्टर टाँस्नेलाई कारवाही गरी महानगरले दुई लाख रुपैयाँभन्दा पनि बढी जरिवाना संकलन गरेको छ।

काठमाडौं महानगरभित्रका होर्डिङ बोर्ड हटाउन ०७२ भदौ १६ गते सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र न्यायाधीश ओमप्रकाश मिश्रको संयुक्त इजलासले निर्देशन दिएको थियो तर लामो समयसम्म सर्वोच्चको आदेश कार्यान्वयन नभएपछि अधिवक्ता पदमबहादुर श्रेष्ठले महानगरपालिकाविरुद्ध अवहेलना मुद्दा दायर गरेका थिए। त्यसपछि मात्रै महानगरले होर्डिङ बोर्ड हटाउन सक्रियता देखाएको हो। महानगरपालिकाले करिब दुई साताअघि सातदिने म्याद दिँदै सरोकारवालालाई बोर्ड हटाउन निर्देशन दिएको थियो। हाल महानगर आफैले पनि आफ्नो क्षेत्राधिकारभित्रका बोर्ड हटाउँदै छ।

खाली स्थान तथा घरका भित्तामा टाँसिएका कतिपय बोर्ड महानगरपालिकासँग अनुमति लिएर राखिएका छन् भने बिजुलीका पोलमा विज्ञापन राख्न नेपाल विद्युत् प्राधिकरणले अनुमति दिएको छ। त्यसैले महानगरपालिकाको क्षेत्राधिकारभित्र अनधिकृत रूपमा राखिएका बोर्ड मात्र हटाइरहेको प्रमुख सापकोटाले बताए। 'विद्युत्का पोलमा विज्ञापन बोर्ड राख्न प्राधिकरणले सम्झौता गरेको रहेछ,' उनले भने, 'प्राधिकरणले सम्झौता तोडेर सूचना पठाएपछि त्यो पनि हटाउँछौं।'

ललितपुरमा बजार अनुगमन

ललितपुर (कास)- लगनखेलस्थित केके मार्टमा बेच्न राखिएको उपकार ब्रान्डको सनफ्लावर तेलमा म्याद नखुलेको भेटिएको छ। ललितपुर महानगरपालिकाकी उपप्रमुख गीता सत्यालको नेतृत्वमा गएको अनुगमन टोलीले तेलका दुई वटा प्याकेटमा बनेको मिति र प्रयोग गर्न नहुने मितिसमेत नलेखिएको फेला पारेको हो। मार्टमा दर्ता प्रमाणपत्रमा उल्लेख भएअनुसार बोर्ड नराखिएको, प्रमाणपत्र नवीकरण नभएको, ग्राहकले देख्ने गरी मुल्यसूची नराखिएको र मार्टको बाहिरी परिसरमा फुटपाथ ढाक्ने गरी अरूलाई व्यापार गर्न दिइएको पाइएको उपमेयर सत्यालले बताइन्। यस्तै, लगनखेलस्थित स्वजन स्टोरमा पनि म्याद गुज्रिएको पेयपदार्थ भेटिएको छ। चैनपुर शाक्य स्टोरमा म्याद नाघेको अनमोल बटर क्रेकर ब्रान्डको बिस्कुट टोलीले फेला पारेको छ।

पसलधनीहरूलाई अनुगमनका क्रममा भेटिएका कमजोरी तत्काल सुधार्न निर्देशन दिइएको अनुगमन समितिका सदस्य तथा महानगरका वरिष्ठ अधिकृत श्रीभद्र ओझाले बताए। उपप्रमुख सत्यालको नेतृत्वमा अधिकृत ओझा, कृषि शाखाका अधिकृत हरिशरण खड्का, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, उपभोक्ता मञ्चका प्रतिनिधिसहितको टोलीले लगनखेलका केही खाद्य र तरकारी पसलको अनुगमन गरेको हो।

ढोकैमा ज्यान गुमाउँछन् बिरामी

■ **फातिमा बानु** (काठमाडौं)

सल्यान छत्रपुरकी ६० वर्षीया विष्णुमाया ओलीलाई पुस २ गते बिहान भक्तपुरको ठिमीस्थित राष्ट्रिय क्षयरोग केन्द्र पुऱ्याइयो। क्षयरोगको नियमित औषधि नखाएका कारण श्वासप्रश्वासमा जटिल समस्या देखिएपछि सल्यान जिल्ला अस्पतालले उनलाई केन्द्रमा रिफर गरेको थियो। केन्द्रमा पुग्दा उनलाई छिनछिनमा बान्ता हुने, अचेत हुने भइरहयो। बिहान ८ बजे केन्द्र पुगेकी उनले १० बजेसम्म क्लिनिक खोल्ने समय कुर्दैमा बिताइन्। क्लिनिक त खुल्यो, उनको कुनै उपचार हुन सकेन। अन्तिम श्वास गन्दै त्यहाँ पुगेकी उनले अक्सिजन नपाएर केन्द्रमै ज्यान गुमाइन्।

'क्षयरोग केन्द्र उपचार गर्ने ठाउँ त होइन। यस्ता रोगीको उपचारमा अस्पतालहरूले पनि विभेद गर्छन्, छुन मान्दैनन् र केन्द्रमै रिफर गरिदिन्छन्,' केन्द्रका निर्देशक डा. सागरकुमार राजभण्डारीले भने, 'दक्ष जनशक्ति हुँदाहुँदै पनि पूर्वाधार अभावका कारण सिकिस्त बिरामीलाई उपचारबिनै फर्काउन बाध्य छौं,' रिफर भएर आएका १० जना बिरामीले बर्सौंन केन्द्रमै ज्यान गुमाउने गरेको उनले बताए। क्षयरोगको औषधि सेवन गरिरहेका अर्का बिरामी केही दिनअघि केन्द्र पुगेका थिए। त्यसदिन उनको रगत जाँच र एक्सरे गर्ने पालो पनि थियो। पालो कुर्दाकुर्दै उनी लाइनमै ढले। बेहोस भएका बिरामीको व्यवस्थापन केन्द्रमा थिएन। केन्द्रमा एक स्वास्थ्यकर्मीले भने, 'अक्सिजनबिना बिरामी होसमा नआउने भएपछि ट्याक्सीमा हालेर भक्तपुरकै कोरियामैत्री अस्पताल पठायौं। बिरामी अन्तिम अवस्थामा पुगिसकेको थियो।'

क्षयरोग केन्द्रको क्लिनिकमा पुगेका सिकिस्त बिरामीले उपचार अभावमा ज्यान गुमाउनुपर्ने या फर्किनुपर्ने यी दुई उदाहरण मात्रै हुन्। क्षयरोगले ग्रस्त भई देशभरबाट रिफर भएर आएका कुनै बिरामीले यहाँ आधारभूत स्वास्थ्य उपचारसमेत पाउँदैनन्। 'क्षयरोगकै कारण लामो खोकी लाग्ने, सास फेर्न अप्ठेरो हुने, बेहोस हुने, धेरैपटक बान्ता भएर अन्तिम अवस्थामा पुगेका बिरामी आउँछन्,' एक स्वास्थ्यकर्मीले भने, 'फोक्सोमा पानी जम्ने, मुटुको बाहिरी झिल्लीमा पानी जमेर जटिल समस्या भएका बिरामी देशभरका अस्पतालबाट रिफर भएर यहीं आउँछन्।' ती बिरामीलाई कम्तीमा अक्सिजन दिने र प्राथमिक उपचार गर्ने व्यवस्था भए बिरामीले ज्यान गुमाउनु नपर्ने उनको भनाइ छ। प्राथमिक उपचार मात्रै गरिदिने हो भने ती बिरामीलाई अन्य अस्पताल रिफर गरेर बचाउन सकिने केन्द्रका स्वास्थ्यकर्मी बताउँछन्।

केन्द्रमा सिकिस्त बिरामी उपचारका लागि आवश्यक बेड, अक्सिजन, सलाइन पानी चढाउने व्यवस्था छैन। क्षयरोग, छातीरोग र एचआईभी रोगको उपचार गर्ने देशकै एक मात्र रेफरल केन्द्रले बिरामीलाई जँचाउने र औषधि खुवाउने मात्रै गर्ने गरेको छ। 'कुनै बिरामी त रगत छाद्दै आइरहेका हुन्छन्। दुर्गमदेखि एम्बुलेन्समा आएका बिरामीलाई भित्र छिर्न नपाई ढोकैबाट फर्काइन्छ,' एक स्वास्थ्यकर्मीले भने। सरुवारोग विशेषज्ञ अनुप बाँस्तोलाका अनुसार क्षयरोगको नियमित औषधि नखाने, बीचैमा औषधि छाड्ने, पोषण नपुगेका, रोगसँग लड्ने क्षमता कम भएका बिरामी सिकिस्त हुन्छन्। 'जटिल टीबी भएका बिरामीले सामान्य टीबीको औषधि खाँदा पनि सिकिस्त हुन सक्छन्,'

भक्तपुरको ठिमीस्थित राष्ट्रिय क्षयरोग केन्द्रको भवन। *तस्बिर : कान्तिपुर*

> क्षयरोगीको उपचारमा अस्पतालले पनि विभेद गर्छन्, डाक्टरले छुन मान्दैनन्

उनले भने, 'कसैलाई टीबीकै कारण हाडजोर्नी र नसामा गम्भीर समस्या भइरहेको हुन्छ। यस्ता बिरामीको उपचार गर्ने ठाउँमा अक्सिजन र भेन्टिलेटर आवश्यक पर्छ।' अधिकांश बिरामी निजी अस्पतालको खर्च धान्न नसकेपछि केन्द्र आइपुगेका हुन्छन्। यहाँबाट पनि फर्काएपछि निजीमा जान सक्दैनन्। उपचार नपाएका यस्ता बिरामी बेड पाएसम्म राजधानीको कालीमाटीस्थित क्षयरोग अस्पतालमा उपचार गराउन जाने गरेका छन्। त्यहाँ उनीहरूलाई निःशुल्क उपचार र औषधिको व्यवस्था छ। 'यहाँ राख्न सक्ने अवस्था नभएपछि अन्य अस्पतालमा खबर गर्छौं,' केन्द्रका एक स्वास्थ्यकर्मी भने, 'बिरामी र स्वास्थ्यकर्मीलाई रोग सर्छ भनेर अस्पतालले यस्ता बिरामी लिन मान्दैनन्, अनि यहीं बस्दाबस्दै कतिपयले ज्यान गुमाउँछन्।' राजधानीका सरकारी अस्पतालले समेत यस्ता जटिल बिरामी लिन नमान्ने ती स्वास्थ्यकर्मीले बताए।

आर्कस्मिक कक्ष नहुँदा केन्द्रको ढोकासम्म आएको एम्बुलेन्सभित्रै बिरामीलाई परामर्श गरेर फर्काइन्छ। न्यूनतम आधारभूत स्वास्थ्य उपचारको व्यवस्था गर्न उपचार कक्ष निर्माणको आवश्यकता भएको केन्द्रका कर्मचारी र स्वास्थ्यकर्मी बताउँछन्। केन्द्रका छातीरोग विशेषज्ञ तथा क्लिनिक इन्चार्ज नवीनप्रकाश शाहले केन्द्रमा आउने कुनै पनि बिरामी नफर्काउने गरेको दावी गरे। उनले भने, 'हामीकहाँ इमर्जेन्सी उपचार चाहिने बिरामी आउँदैनन्, सेवा आवश्यक पनि छैन।'

सय बेडको अस्पताल

क्षयरोगले सिकिस्त भएर उपचार खोज्दै आएका बिरामीका लागि सय बेडको अस्पताल निर्माण हुने केन्द्रका निर्देशक डा. सागरकुमार राजभण्डारीले जानकारी दिए। यो अस्पताल आगामी असार मसान्तसम्म निर्माण भइसक्ने योजना छ। अस्पताल बनेपछि क्षयरोगका बिरामीले सामान्यदेखि शल्यक्रियसहितको उपचार पाउने उनले बताए।

सम्पादकीय

झारा टार्नमा सीमित नहोस् प्रधानमन्त्री रोजगार कार्यक्रम

सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत तीन महिनाभित्र ६० हजार बेरोजगारलाई सय दिनको रोजगारी दिने घोषणा गरेको छ। गत वर्ष यो कार्यक्रमको रकम दुरुपयोग भएको र झारा टारेरै सकिएको भन्दै चौतर्फी आलोचना भएको थियो। विश्व बैंकबाट ऋण लिएर सञ्चालन गरिएको कार्यक्रमलाई दुरुपयोग हुनबाट रोक्न र प्रभावकारी बनाउन सरकारले विशेष सावधानी अपनाउनुपर्छ। यसका लागि योजना छान्दादेखि नै ध्यान दिन आवश्यक छ।

संविधानले रोजगारीको अधिकारलाई मौलिक हक मानेको छ। यसको व्यवस्था गर्न बनेको रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले बेरोजगारहरूलाई एक आर्थिक वर्षमा न्यूनतम सय दिनको रोजगारी प्रत्याभूति गरेकाले सरकारले यस्तो कार्यक्रम ल्याएको हो। तर कार्यक्रमको ढाँचा जुन रूपमा छ, त्यो रोजगारी सिर्जना गर्ने खालको छैन। केवल बेरोजगारी भत्ता बाँड्नेजस्तो मात्रै छ। कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन र व्यवस्थापन) कार्यविधि २०७६ अनुसार सानातिना पूर्वाधार निर्माण, मर्मतसम्भारका योजनामा बजेट खर्च गरिनेछ। वास्तवमा, यस्ता कामबाट राज्यलाई खासै फाइदा हुने देखिँदैन। यसरी छरिने रकमले न विकास हुन्छ, न उत्पादकत्व बढ्छ। न पुँजी निर्माण हुन्छ, न रोजगारी सिर्जना नै हुन सक्छ। राज्यले त दीर्घकालीन रूपमा रोजगारी प्रवर्द्धन गर्ने काम गर्नुपर्छ। जसका लागि रकम छर्ने होइन, रोजगारमूलक नीति र त्यहीअनुसारको कार्य वातावरण चाहिन्छ। कनिकाजसरी बजेट छरेर बेरोजगारी हट्दैन, स्वरोजगार बन्ने व्यक्तिको प्रयासचाहिँ घट्छ।

सरकारका अनुसार गत आर्थिक वर्ष १ लाख ८७ हजारलाई औसत १३ दिनको रोजगारी दिइएको थियो। तर उद्देश्यअनुसार काम नभई अढाई अर्ब रुपैयाँ त्यसै खर्च भएको आम टिप्पणी रह्यो। श्रम मन्त्रालयले कार्यक्रमको दौरान नै स्थानीय सरकारहरूलाई कार्यशैली सच्याउन पत्र नै पठाउनुपरेको थियो। खुद्रा-मसिना काममै रकम सकिएको थियो, उत्कृष्ट नतिजा खासै देखिएको थिएन। ब्याच, क्याप र हल्का ज्याकेट लगाएर मेला भरेजस्तो गरी सडक किनारा र बगैंचाको झार उखेलेका, मकै गोडेका, बाटो बढारेका, धेरै मान्छे लागेर सानो काम गरेका तस्बिरहरू सामाजिक सञ्जालमा राख्दै जनस्तरबाटै कार्यक्रमको खिल्ली उडाइएको थियो।

चालु आर्थिक वर्षका लागि पनि यस कार्यक्रममा ५ अर्ब १ करोड रुपैयाँ विनियोजन गरिएको छ। यसको ७० प्रतिशत रकम पारिश्रमिकका लागि मात्रै भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यसपालि गत वर्षजस्तो केही घण्टा काम गरेको व्यक्तिलाई भुक्तानी दिएर बजेट सक्ने मेलो नहोस् भनेर सम्बन्धित सबै पक्ष सचेत हुनुपर्छ। यस कार्यक्रम सञ्चालन गर्न विश्व बैंकको अन्तर्राष्ट्रिय विकास संस्था (आईडीए) बाट १३ अर्ब रुपैयाँ ऋण लिइएको छ, यसको सदुपयोग सही ढंगबाट हुनुपर्छ। रकम दुरुपयोग रोक्न कार्यक्रमको उद्देश्य जसरी जनशक्तिलाई कामसँग जोड्ने र रोजगारीका अवसर सिर्जना गर्नेछ, योजनाहरू पनि त्यहीअनुसारका छानिनुपर्छ। कार्यक्रम कार्यकर्तालाई पैसा बाँड्ने बहाना मात्रै बन्नु/बनाउनु हुँदैन।

कार्यविधिअनुसार कतिपय स्थानमा स्थानीय आवश्यकताअनुसार कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा बिक्रीवितरणका लागि आवश्यक भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफूल संकलन तथा बिक्री केन्द्र निर्माण आदिबाट पनि लाभ लिन सकिनेछ। दुरुपयोग रोक्न भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरणको सार्वजनिक परीक्षण अनिवार्य रूपमा गराउने व्यवस्था गर्नुपर्छ। योजना र कामदार छनोटदेखि कार्य विवरणसम्मका क्रियाकलाप पारदर्शी बनाइनुपर्छ। अर्थहीन र कागजी काममा मात्रै रकम खेर जान दिनु हुँदैन। ज-जसका आम्दानीका बाटा छैनन्, उनीहरूलाई पुँजी निर्माणका काममा लगाउन रकम दिइनुपर्छ। जनशक्तिलाई सीप सँगसँगै जोडेर त्यसको प्रयोगको वातावरण बनाइयो भने मात्रै बजेट खेर जान पाउँदैन र लक्षित वर्ग लाभान्वित हुनेछ।

खुम्चिँदै छ लोकतन्त्र

श्रीकृष्ण अनिरुद्ध गौतम

राष्ट्रवाद र कम्युनिस्ट कन्फ्युजनको चेपुवामा परेको उदारपन्थ यदि यसै क्रमले साँघुरिँदै गयो भने लोकतन्त्र आफू पनि खुम्चिँदै आलङ्कारिकमात्र रहन सक्छ।

कि न हुँदैछ, लोकतन्त्र बेहाल ? उदारपन्थी (लिबरल) वाणीहरू किन हुँदैछन्, निम्सरा ?

यी प्रश्न विभिन्न कालखण्डमा गरिन्छन्, तर यहाँ चर्चाको विषय तात्कालिकमात्र छैन, संयुक्त राज्य अमेरिका र इरानबीच चर्किँदो द्वन्द्वले ध्यान अर्कातिर तानिएको भए पनि मूल विषय त्यो होइन। अमेरिकाको वर्चस्ववादी सोच र इरानको कट्टरपन्थी इस्लामी सत्ताबीच टकराव कुनै नौलो कुरा होइन। सन् १९७९ देखि नै उनीहरूबीच तनाव छ। उनीहरूले मध्यपूर्व भन्ने तर यताबाट हेर्दा पश्चिम एसियामा विभिन्न राजनीतिक खेलाडीको संलग्नता छ। रूस, सोभियत संघ विघटन नहुँदैदेखि त्यहाँको एक उल्लेख्य खेलाडीका रूपमा रहँदै आएको छ। पछिल्लो समय चीनको उपस्थिति पनि सघन हुँदै गएको छ। विभिन्न शक्तिहरूको स्वार्थ खेलिरहेका ठाउँमा अमेरिकाले चाहँदैमा उसको एकल वर्चस्व स्थापित हुने होइन।

मैले यहाँ उठाउन खोजेको विषय फरक छ, तापनि विषयहरू एकअर्कामा जेलिएकै हुन्छन्। खुला समाज क्रमशः संकुचित हुँदै गएको एवं लोकतन्त्रको आवरणमा फौजी राज्य (सेक्युरिटी स्टेट) को अवधारणा स्थापित भइरहेको छ। अमेरिका-इरान प्रकरण त्यस्तै एउटा अभ्यास हो। आफ्ना जनतामा सन्त्रास सिर्जना गराउने र त्यो सन्त्रासबाट उन्मुक्ति दिलाउने नाममा आफ्नो राजनीतिक अभीष्ट सिद्ध गर्ने प्रवृत्ति सामान्यझैं हुँदै गएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफूमाथि सम्भावित महाअभियोग पन्छाउँदै अब करिब एघार महिनापछि हुने राष्ट्रपतीय निर्वाचनमा पुनर्विजय चाहन्छन्।

यस दृष्टिले राजनीति फोहोरीमात्र होइन, अमानवीय हुँदै गएको छ। पुराणमा वर्णित कथाहरूमा राक्षसका हातमा सत्ता पर्न जाँदा पृथ्वीमा त्राहिमाम मच्चिए जस्तै राक्षसी प्रवृत्तिका हातमा राज्यसत्ता पुगेको प्रतीत हुनथालेको छ, केही अपवाद बाहेक सर्वत्र। कुनै एक देशको प्रसंग होइन, विश्वव्यापी रूपमै यस विभीषिकाबाट मुलुकहरू आक्रान्त भइरहेका छन्। सत्ताशक्ति सर्वोपरि र यसको दुरुपयोग नै राज्यसत्ता वाहकहरूको ध्येय बनिरहेको छ। उदारपन्थी विचार संकीर्ण राष्ट्रवादको उन्माद र कम्युनिस्ट कन्फ्युजनको चेपुवामा पर्दै गएको छ। सबैभन्दा खतरनाक कुरा त के भने उदारपन्थी भनेर चिनिएका बौद्धिकहरू आफ्नो पहिचान गुमाइरहेका छन्। यसमा अन्यत्रका जस्तै नेपालका बौद्धिक पनि अपवाद छैनन्।

उदारपन्थीहरूमध्ये एकथरी उदारपन्थकै आवरणमा ट्रम्प-बोरिस जोन्सन खेमातर्फ तानिएका छन् भने अर्काथरी सी चिनफिङ-भ्लादिमिर पुटिनका नियन्त्रित समाजका विचार बोकेर हिँड्न थालेका छन्। स्वतन्त्रचेतका मूल्यमा आर्थिक समृद्धि साटिनु हुँदैन भन्ने उदारपन्थी विचारधारा पाखा पारिँदै गएको छ। स्वतन्त्रता र समृद्धि दुवै अनिवार्य छन्। स्वतन्त्रचेतको अभावमा अन्ततोगत्वा लोकतन्त्रमाथि नै क्षति पुग्छ भन्ने होश हराउँदै गएको छ। वास्तविक उदारपन्थको परिधि साँघुरिँदै गएको छ।

धेरैजसो त जसलाई बजारमा उदारपन्थी भन्छन्, तिनमा पाँचतारे-कम्युनिस्ट गन्ध बेस्सरी मिसिएको छ, युरोप, भारत हुँदै नेपालसम्मै। पाँचतारे-कम्युनिस्ट अर्थात् बोल्न सबै मार्क्सीय शास्त्र बोल्छन्, तर भ्रष्टाचार आर्जित सम्पत्तिको भारीले थिचिएका छन् र आचरण छ, पूरै मतिभ्रष्ट-पुँजीवादीको। को हुन्, पाँचतारे-कम्युनिस्ट, कस्ता हुन्छन् ? जेजस्ता लोकरिझ्याइँका मुद्दा भेटिन्छन्, राष्ट्रवाद भेटे त्यही, नभए जातीयताका मुद्दा पाए पनि बोक्ने र ती मुद्दामा मार्क्सवादी जलप लगाइदिने, आफ्नो केही खर्च नगर्ने, बिना पूर्वाधार समृद्धिका गफ हाँक्ने, कमिसन खाने र प्राप्त रकममध्ये अधिकांश आफ्नै बैंक ब्यालेन्समा जोड्नेहरू पाँचतारे-कम्युनिस्ट हुन्।

नेपालतिरका आजका पाँचतारे-कम्युनिस्ट कुनै बेला देशको मुहार फेर्न हिँडेका क्रान्तिकारी-अगुवा थिए। कतिपय कथित पुरानो सत्ताका थुनुवामा परेका थिए र आज पुरानो सत्ता फालेर बनेको नयाँ सत्तामा तिनै क्रान्तिकारीहरूको वर्चस्व स्थापित भएको छ। किनभने हो, तिनीहरू त्यागी छन्, केही गर्छन् भनेर जनताले पत्याए हुन्, थिए। पत्याउनु गलत थिएन। तिनीहरूका अभियानमा उदारपन्थीहरूको साथ, सहयोग र समर्थन थियो। उदारपन्थको साथ र सहयोग लोकप्रियता हासिल गर्न निकै प्रभावकारी हुन्छ। अब गजब त के भने तिनीहरू जब सत्ता अथवा निर्णायक स्थानमा पुगे तिनका उदार र खुला समाज सम्बन्धी वाचाहरू विस्मृतिमा गए। किनभने तिनका वाचा नक्कली थिए। वाचालाई तिनले सत्तामा पुग्ने भर्याङका रूपमा प्रयोग गरेका थिए।

नयाँ सत्तामा तिनीहरू पुरानो सत्ताका नयाँ अवतार र कतिपय त पुरानोभन्दा क्रूर भएर प्रस्तुत हुनथाले, त्याटिन अमेरिकादेखि दक्षिण एसियासम्मै। नेपालमा त झल्झली नै छ। परिवर्तनको एजेन्डामा उदारपन्थीहरूसँग सहकार्य र सहचार्य गरेर सत्तासिन हुनपुगेका कम्युनिस्ट आफ्ना हातमा राजदण्ड प्राप्त हुनासाथ उदारपन्थकै शत्रु बन्न पुग्छन् (पुग्दा रहेछन्) र नागरिक अधिकार निलम्बन गर्दै निष्कण्टक राज्य गर्ने ध्येय लिन्छन् भन्ने देखिएको छ। दक्षिणपन्थी पनि यसमा अपवाद होइनन् र हुँदैनन्। यिनीहरूलाई पनि सत्ता बाहिर हुँदा उदारपन्थी प्रिय लाग्छन्। उदारपन्थी अघि-अघि यिनीहरू पछि-पछि दगुर्छन्। तर जब सत्ताको भर्याङ भेट्छन्, यिनीहरू गोलबद्ध हुन्छन् र उदारपन्थीलाई पाखा फाल्छन्।

आज नेपालमा जननिर्वाचित तर कम्युनिस्ट सरकार नागरिक अधिकार संकुचित तुल्याउँदै, विगतको निर्दलीयतातर्फ 'नक्से कदम', नियन्त्रित समाज निर्माण गर्नतर्फ लागिपरेको छ। सत्ताधारी त्यसै पनि निर्बाध राज्यभोग गर्न चाहन्छन्, त्यसमाथि कम्युनिस्टको मन नियन्त्रित समाजतर्फ ढल्किनु कुनै आश्चर्य होइन र यस्तो हुनजानु यथार्थमा सत्तामा बस्नेहरूको शिक्षण, प्रशिक्षण नै नियन्त्रित समाजमा विश्वास गर्ने हुनु त हो नै, उदारपन्थ आफैं साँघुरिँदै र अलमलिँदै गएकाले कम्युनिस्ट सत्ता बिना अंकुश शासन गर्न अरु प्रोत्साहित भएको हो। दल विशेषका एजेन्डा बोकेर हिँड्ने नागरिक समाज, राजनीतिक दलका भागबन्डामा चल्ने विश्वविद्यालय, दलीय झण्डामुनि सुरक्षित ठान्ने शिक्षक समुदाय एवं कोही कम्युनिस्टतर्फी वाम ढल्केका र कोही भने दक्षिण ढल्को भएका स्वामीभक्त बौद्धिकहरू यो रिसाउला, त्यो रिसाउला भनेर एकजुट हुन सक्दैनन्।

यताउता कतै नभएका उदारपन्थी लोकतन्त्रप्रेमी मेलोमेसो नपाएर अलमलिइरहेका छन्।

नअलमलिउन् पनि किन, किनभने आजको उदारपन्थ कहिले कम्युनिस्टका प्रगतिशील वाक्य संरचनामा अलमलिन्छ भने कहिले राष्ट्रवादका चर्का नारामा आफूलाई खोज्न थाल्छ। अर्कातिर सत्तास्वार्थ मिल्दा कम्युनिस्ट र राष्ट्रवादी भनिएका एकाकार भइदिन पुग्छन्। जस्तै- २०७२ सालको भारतीय नाकाबन्दीका बेला कम्युनिस्ट पार्टीका प्रधानमन्त्री केपी शर्मा ओलीका परराष्ट्र मन्त्री दरबार वफादार कमल थापा बनाइएका थिए। त्यस्तो देखेर उदारपन्थीहरू विचरा आफ्नै टाउको समाउन पुगेकै हुन्। फेरि उदारपन्थ होचाहिँ के भन्नेमै धेरै उदारपन्थी भनिनेहरू आफै झुक्किन्छन्। यिनीहरूलाई कम्युनिस्टका प्रगतिशील कार्यसूची मनपर्छ। देश कल्याणका कुरा गर्ने दक्षिणपन्थीलाई पनि यिनीहरू चटक्कै माया मारिहाल्न सक्दैनन्।

आफ्नो राजनीतिक परिधि विस्तार गर्न कम्युनिस्ट-वाम र भारदारिया-दक्षिणपन्थ दुवैले उदारपन्थीका दौराको फेरो समाउँछन्। उनीहरूलाई चाहिउन्जेल प्रिय पनि हुन्छन्। तर जब राजनीतिक प्रयोजनसिद्ध हुन्छ, उनीहरूको गालीको तारो फेरि उदारपन्थी नै हुन्छन्। एक प्रकारले यी वास्तवमा सधैंका प्रतिपक्षी हुन्। नेपालको संसदमा जस्तै यो प्रतिपक्ष अर्थात् उदारपन्थ नागरिक जीवनमा पनि निम्सरो हुँदै गएको छ। नेपालमा कम्युनिस्ट एकालाप चलिरहे जस्तै अन्यत्र पनि धेरैजसो देशमा आआफ्नै संस्करणका एकालाप चलिरहेका छन्। ब्राजिल, टर्की, भारत, बेलायत, अमेरिका, हंगेरीमा कहीं भने नश्लीय, कहीं धार्मिक त कहीं भने कल्पित राष्ट्रवादको एकालाप छ। लोकतन्त्रको माला जप्दै वैयक्तिक स्वतन्त्रताको परिधि खुम्च्याउने दुष्कर्म

भइरहेको छ। सुरक्षा खतारा देखाउँदै फौजी-राज्यको अवधारणा अघि सारिँदैछ। कतै बाह्य आक्रमणको खतरा देखाएर त कतै आन्तरिक विग्रहको बहानामा शासनमा बस्नेहरूको सुविधाका लागि मानिसका नैसर्गिक अधिकारहरू खोसिँदैछन्।

फलस्वरुप, कतै कम्युनिस्ट त कतै दक्षिणपन्थीद्वारा नागरिक स्वतन्त्रता खोसिँदै गएको देखेर उदारपन्थ धेरै ठूलो छटपटीमा छ। राष्ट्रवाद र कम्युनिस्ट कन्फ्युजनको चेपुवामा परेको उदारपन्थ यदि यसै क्रमले साँघुरिँदै गयो भने लोकतन्त्र आफू पनि खुम्चिँदै आलंकारिकमात्र रहन सक्छ। अमेरिका, बेलायत, भारतका लागि उदारपन्थको खुम्च्याइ अल्पकालिक हुनसक्छ। किनभने यी देशमा लोकतान्त्रिक संस्थाहरू आफैमा बलिया छन्। तर नेपालको लोकतन्त्र यसरी नै स्वतन्त्रता अतिक्रमित हुँदै खुम्चिँदै गयो भने लोकतान्त्रिक मान्यतामा आधारित हाम्रो गणतन्त्रसमेत खतरामा पर्न सक्छ। पर्न सक्छ, किनभने चिनियाँ र उत्तर कोरियायी जनवादी गणतन्त्रलाई आदर्श मान्नेहरू सिंहदरबारका कौसी-कौसी पुगिसकेका छन्।

सम्पादकलाई चिठी

नागरिक अधिकार विपरीत विधेयक

सरकारले संसदबाट पारित गर्नलागेको नेपाल विशेष सेवाको गठन, सञ्चालन सम्बन्धी विधेयकले नागरिकले आफ्नो गोपनीयता पनि व्यक्त गर्न नपाउने भएका छन्। उक्त विधेयकमा नागरिकले फोनमा गरेको कुराकानी सोझै रेकर्ड गर्न पाउने अधिकार गुप्तचर निकायलाई दिने व्यवस्था छ। यदि त्यस्तो खालको विधेयक पारित भयो भने नेपाली नागरिकले राणा शासनभन्दा पनि कठोर अवस्थाको सामना गर्नुपर्ने अवस्था आउनेछ। राष्ट्रिय अनुसन्धान विभागलाई बलियो पार्नेगरी ल्याइएको उक्त विधेयक राष्ट्रियसभामा विचाराधीन अवस्थामा नै छ। उक्त विधेयकमा राष्ट्रिय अनुसन्धान विभागले कुनै कसुरमा मुछिएको व्यक्तिले गरेको कुराकानी, कुनै व्यक्ति, संघ/संस्थाबाट सार्वजनिक सञ्चार माध्यम वा अन्य माध्यमबाट भएका कुराकानी विद्युतीय माध्यमबाट वा अन्य विभिन्न प्रक्रियाबाट अभिलेख गर्न सकिने व्यवस्था गरिएको छ। विधेयकको दफा १० मा सूचना सङ्कलनका लागि अनुसन्धान विभागका अधिकृतहरूलाई संदिग्ध लागेकाहरूको कम्प्युटर, टेलिफोन, मोबाइल फोन, इन्टरनेट वा दूरसञ्चार सम्बन्धी विवरण, सङ्केत वा सूचना लिने र ती विवरण सम्बन्धी सेवा प्रदायकबाट पनि लिन पाउने व्यवस्था छ। यो बुँदाले के प्रस्ट पार्छ भने जोसुकैको पनि टेलिफोनमा भएको कुराकानी रेकर्ड हुन सक्नेछ, गोपनीयता भङ्ग हुन सक्नेछ। यसबाट नागरिकको स्वतन्त्रताको अधिकारमाथि सिधै प्रहार हुनेछ।

– सुजन देवकोटा, *पालुङटार-४, गोरखा*

●●●

लोकतान्त्रिक मूल्य-मान्यता विपरीत सरकार अघि बढेको देख्दा अचम्म लाग्छ। बहुमतको सरकार छ। तैपनि डराइरहेको छ। कोसँग डराइरहेको छ, थाहा छैन। किन डराइरहेको छ, त्यो पनि थाहा छैन। राम्रो काम नगर्ने अनि जनताले बोल्ने अधिकारलाई बञ्चित गर्ने, यो जायज होइन। सूचना तथा सञ्चारमन्त्री बारम्बार एउटै कुरा दोहोऱ्याउँछन्- सरकारले 'यो गऱ्यो र ऊ गऱ्यो'। सरकारले जनता र राष्ट्रका लागि गऱ्यो चाहिँ के ? एक पटक सारा नेपालीले थाहा पाउनेगरी प्रस्ट पारिदिनुहुन्छ कि ? जनतालाई बोल्न, लेख्न पाउने अधिकारबाट बञ्चित गरिँदैछ। लोकतान्त्रिक संविधान केका लागि बनायौं ? लोकतान्त्रिक गणतन्त्र केका लागि ल्यायौं ? दलका नेताहरूलाई बलियो बनाउनका लागि हो ? सरकारमाथि प्रश्न राख्ने जोकोहीलाई कारबाही गर्ने सरकारको नीति अधिनायकवादी हो। प्रेस स्वतन्त्रता र मानव अधिकारलाई संकुचित पार्दै लाने सरकारको नीति प्रस्ट देख्न थालिएको छ। सामाजिक सञ्जालमा लेखे, बोलेको भरमा १५ लाख जरिवाना र ५ वर्ष कैद गर्नसक्ने विधेयक किन बनाउँदैछ सरकार ?

– पुरुषोत्तम घिमिरे, *जोरपाटी, काठमाडौं*

केन्द्रको तजबिजीको संघीयता

बिहीबार प्रकाशित 'गजब छ बा !' कार्टुनिष्ट अविनद्वारा कोरिएको कार्टुनमा अव्यक्त व्यंग्य हेरेपछि गज्जब नै लाग्यो। दुई/तीनपटक नै हेरियो पनि। एककप चियामा 'चिनीसहित कि चिनीरहित' भनेर निर्णय लिनसमेत केन्द्रको मुख ताक्ने वा प्रदेशलाई चिनी हालेर खाए पनि 'सुगर फ्री' रोजे पनि रोज्ने अधिकार प्रदेशको हो भनेर यसबारे सोच्नसम्म नदिने सवालमा देश हाँक्ने नेताहरू चुकेकै हुन्। किनभने सातवटा प्रदेशमा आठवटा सरकार बनाउन गरिएको निर्वाचनको दिन गणना गर्दा आधा अवधि बितिसकेको छ। तर प्रदेशका नाम केलाउन र जुराउनसमेत असफल साबित देखिए केही प्रदेश। कारण नेकपाको हस्तक्षेपका कारण। केन्द्रले प्रदेशहरूलाई पेलेर तेल निकाल्न खोज्दैछ। प्रदेशले आवश्यकभन्दा बढी भक्ति दर्शाएको हो ? नेकपा सचिवालयले ३ नं. प्रदेशको नाम वागमती र राजधानी हेटौंडा भनी तोकिपठाएको हो फर्मान मान्ने प्रदेश सदस्यहरू सहमत होलान् या फ्लोरक्रस गर्लान् ? अब हेर्न बाँकी छ।

– श्यामसुन्दर कुइकेल, *हाडीगाउँ, काठमाडौं*

देउवाको लन्च र कांग्रेसको भविष्य

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले इतर पक्षसँग निकट ४३ जिल्ला सभापतिहरूलाई आफ्नो निवासमा लन्च निम्तो दिएर समस्या समाधानको प्रयास गरेका छन्। कुनै पनि समस्याको गाँठो फुक्ने भनेकै संवादबाट हो। चुनावी अंकगणितबाट कमजोर बनेको कांग्रेस पार्टी अन्तरकलहले थप कमजोर भएको छ। यस्तो घडीमा कसरी कांग्रेसलाई सबल बनाउने ? कसरी प्रतिपक्ष धर्म निर्वाह गर्ने र कसरी जनभावनालाई उजागर गर्ने ?यसबारे लन्च बैठकमा गम्भीरतासाथ छलफल भए त्यो प्रतिफलमूलक हुने थियो।अन्यथा देउवा र रामचन्द्र मात्र होइन, नेपाली कांग्रेस पार्टी नै डुब्नेछ।

कांग्रेसको संस्थापन इतर पक्षले शेरबहादुर देउवा समूहलाई दबाब दिन जिल्ला सभापति बैठक बोलाएको हो। जसमा ७७ जिल्ला सभापतिमध्ये ४३ जनाको अर्थात बहुमत सभापतिहरूको सहभागिता रहेको बताइएको छ। यो तथ्यांकले शेरबहादुर देउवा समूह केन्द्रीय कार्यसमितिमा बहुमतमा भए पनि जिल्लागत तहमा र पार्टी भ्रातृ संगठनहरूमा भने संस्थापन इतर समूह बलवान देखिन्छ।

यस्तो परिस्थितिमा रामचन्द्र समूहलाई पेलेर पार्टी चलाउँछु भन्ने देउवा सोचले अन्ततः पार्टीलाई ठूलो दुर्घटनामा पुऱ्याउन सक्छ। दुबै समूह मिलेर अगाडि बढ्नुको कुनै विकल्प छैन। कांग्रेसीहरू बीचको झगडा यदुवंशको जस्तो अवस्थामा नपुगोस्।

– गोपाल देवकोटा, *जोरपाटी, काठमाडौं*

●●●

बिहीबार प्रकाशित किशोर नेपालद्वारा लिखित 'स-साना बीपी कोइरालाहरू'मा कांग्रेसका नेताहरूको मनोकांक्षाको चिरफार गरेको पाइयो। कांग्रेस नेताहरूले आफैलाई स-साना बीपी कोइराल सम्झेर इतिहास बिर्सेको देखिन्छ। गुट-उपगुटमा विभाजित कांग्रेसी नेताहरूले पार्टीको साखलाई कमजोर गर्ने काम गरिरहेका छन्। पद र ओहदाका खातिर

छिनाझम्टी गर्ने, एकआपसमा टोकाटोक गर्ने प्रवृत्तिले कांग्रेस चिराचिरा पर्न लागेजस्तो देखिन्छ। कांग्रेसमा गुट-उपगुटको समस्या पहिलेदेखि भए पनि अहिले झन् बढी देखिएको छ। एकले अर्कालाई गन्दै नगन्ने, दलभित्र 'चेन अफ कमाण्ड' पनि नभएको अवस्था छ। सबैजना फुक्काफाल तरिकाले विधानभन्दा माथि रहेर हिँडेको देखिन्छ। विधि, विधानभन्दा बाहिर गएपछि दलभित्र मनपरीतन्त्र हुने नै भयो। त्यसमाथि कोभन्दा को कम भन्ने गुट-उपगुट मौलाएपछि दलले बोक्नुपर्ने प्रस्ट विचार र योजना जनतामाझ पुऱ्याउन सक्ने अवस्था रहेन। इतिहासमा कांग्रेस कमजोर बन्नु, यतिसम्म कि एउटा बलियो प्रतिपक्ष बन्न नसक्ने अवस्था आउनु नेताहरूको गुट-उपगुट र स-साना बीपी कोइरालाहरू बन्नुले नै हो। आफ्नै दलभित्र सबैतिर भ्वाङ परेको अवस्थामा अरुतिर टाल्ने फुर्सद पनि हुँदैन। कांग्रेस गुट-उपगुटको रोगले इतिहासदेखि नै ग्रसित भएको दल हो। सबै राजनीतिक दलमा यो समस्या छँदैछ। गणेशमानदेखि कृष्णप्रसाद भट्टराईसम्मले पार्टीबाट नै निस्क्रिय रहनुपरेको इतिहास छँदैछ। अहिले पनि कांग्रेसका नेताहरूले इतिहासलाई सम्झेर पार्टीलाई मजबुत बनाउनुपर्नेमा एकआपसमा हानथाप गर्दा पार्टी झन् कमजोर बन्दै जाने अवस्था देखिन्छ।

– रेशमकुमार सुनुवार, *ल कलेज, काठमाडौं*

●●●

'स-साना बीपी कोइरालाहरू' वास्तवमै सबै इमानदार कांग्रेसीहरूले अध्ययन गरुन्। अनि यस्तै विचार नेता तथा चिन्तक प्रदिप गिरीको पनि आओस्। वास्तविक बीपी विचार बोक्ने प्रजातान्त्रिक योद्धाहरूको निरन्तर पलायन नेपाली कांग्रेसको नियति बन्यो। शक्ति र सत्ताको भागदौडले विचार र सिद्धान्त रछ्यानमा खोज्नुपर्ने अवस्था कांग्रेसीजनमा सिर्जना भएको छ। वैचारिक र सैद्धान्तिक रूपमा पार्टी कार्यकर्ता भुत्ते भएको अवस्था छ। वैचारिक प्रशिक्षण, पार्टीको नीति तथा कार्यक्रम, सङ्गठन निर्माणजस्ता पार्टी कार्यकर्तामा ऊर्जा बढाउने गतिविधिको स्थान गुटगत भेला र 'लन्च'हरूमा सीमित हुनपुगेका छन्। सामाजिक तथा राजनीतिक सवालमा भन्दा कार्यकर्ताहरूको ध्यान साना, मझौला र ठूला ठेकेदारी प्रथामा केन्द्रित छ। जननिर्वाचित संसदमा जनजीविका सवाललाई जोडतोडसाथ उठाउनुपर्ने दमदार प्रतिपक्षभन्दा सामाजिक सञ्जालमा अड् किएका सानातिना खुद्रे पसलतिर ध्यान छ।

सरकारले गरेका गलत निर्णयहरूको सैद्धान्तिक प्रतिरोधसँगै वैकल्पिक उपायहरूको प्रस्तावनामा भन्दा उत्तेजनात्मक प्रतिक्रियामा सीमित भएको छ। समग्र लोकतान्त्रिक पद्धतिका लागि संघर्ष गर्दै आएको दल आन्तरिक लोकतन्त्र मजबुत बनाउन नसकेर नातावाद, कृपावाद अनि फरियावादको सिकार भएको छ। अत्यन्तै कमजोर धरातलमा तैरिरहेको कांग्रेसले डबल नेकपाले एकपछि अर्को गर्दै गरिरहेको जनविरोधी कामको कसरी प्रतिरोध गर्न सक्छ ? आन्तरिक लोकतन्त्रलाई निमोठेर पार्टीभित्र 'नयाँ तानाशाह' बन्ने सभापति शेरबहादुर देउवाको सोच लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसाथ गर्ने कुनै पनि राजनीतिक पार्टीका लागि सिक्नयोग्य छैन। इमानदार कार्यकर्ताहरूले आफ्ना सभापतिबाट के आस गर्ने ? आन्तरिक लोकतन्त्रलाई मजबुत या लोकतन्त्रको नाममा तानाशाहीकरण ? आउँदो कांग्रेसी पुस्ताले यसको उत्तर सभापति देउवाबाट खोजेका छन्। त्यसका लागि देउवा तयार रहनुपर्छ।

– बुद्धि थापा, *जैमुनि नपा-९, बाग्लुङ*

समृद्ध बन्ने हतारो

रामचन्द्र अप्रेती

आफन्त, छिमेकी र चिनजानका मानिसको नजरमा समृद्ध हुने, देखिने चाहना नयाँ होइन । पहिला थियो, अहिले छ र पछि पनि रहनेछ । एउटा परिवारको लागि समृद्धि भनेको के हो भन्दा सायद सबैको मनमा आउने उत्तर हुनसक्छ, आफ्ना समकक्षीको नजरमा एउटा राम्रो घर, त्यो पनि सहरमा । एउटा राम्रो गाडी (मोटर), राम्रो स्कुलमा पढ्दै गरेका छोराछोरी, अरुका अगाडि मन खोलेर खर्च गर्नसक्ने खर्चालु हैसियत । यति गर्नसक्ने जोकोही मानिस समाजको नजरमा सम्मानित, हैसियतवाला, धनी, सम्पन्न, समृद्ध कहलिन पुग्छन् । त्यसैले सबैको सपना बन्ने गर्छ, यो अवस्थामा पुग्ने वा यस्तो अवस्थालाई आफैले प्राप्त गर्ने । यो चाहना आफैमा नराम्रो होइन । मिहेनत गर्दै जाँदा यति कुरा पूरा हुँदैन भन्ने पनि छैन । तर यो अवस्थामा पुग्न धेरैलाई हतारो छ ।

उद्यम, पेसा, व्यवसाय, नाफा, सञ्चय, लगानी, फेरि नाफा, सेवा, पौरख आदिको माध्यमबाट यो चाहना पूरा गर्न नसकिने होइन । यो बाटोबाट पनि समाजमा केही मानिसले आफ्नो समृद्धिको चाहना पूरा गरेका छन् । यो एकदमै स्वाभाविक, दिगो र टिकाउ बाटो हो । तर यो बाटो अलि लामो हुन्छ । मानिसलाई हतार छ । चाँडै अरुको अगाडि समृद्ध देखिनुछ । सम्मानित हुनुपरेको छ । त्यसैले धेरै मानिस यो लामो र घुमाउरो बाटोभन्दा छोटो, सजिलो बाटो रोज्ने गर्छन् । त्यसैले देखिने धेरै समृद्ध व्यक्ति, परिवारको समृद्धिको आधार निकै कमजोर छ ।

वर्तमान समाजमा देखिने केही समृद्धिका नमुनाहरू यस्ता छन् : केही वर्ष पहिलेसम्म साधारण परिवार, तर अहिले गाउँभन्दा अलि परको सहरमा राम्रो पक्की घर, घर अगाडि चारपांग्रे गाडी, छोराछोरी राम्रै स्कुलमा पढेर विदेश गएका छन्, विदेशबाट पैसा आएको होइन, बरु बेलाबखत पैसा विदेशमा भएकालाई पठाउने गरेको सुनिन्छ । खर्चालु दैनिकी र जीवनशैली अरुलाई लोभ्याउनेगरी छ ।

उत्पादन, न्यायोचित सेवा, मूल्यमा आधारित पेसा र व्यवसायसँग नजोडिएको समृद्धिले न समाजको हित गर्छ, न दिगो हुन्छ ।

यस्तै हुने जब धेरैको सपना हो भने यो आश्चर्य होइन । तर चासोको विषय कसरी ? यत्तिको सम्पन्नता अर्थात समृद्धिको जोहो गर्नसक्ने व्यक्ति वा परिवारको देखिने वा नियमित स्रोत, पेसा, सेवा, व्यवसाय आदि के छ भनेर हेर्दा त्यसलाई धान्ने अवस्था देखिँदैन । कतिको देखिने आम्दानी केही हुँदैन । कतिको आम्दानीले धान्ने अवस्था नै देखिँदैन । तर पनि यो समृद्धि छ ।

गाउँ/देहातको जग्गा बेच्ने र सहरमा घर बनाउने, गाडी किन्ने, बच्चाबच्चीलाई राम्रो बोर्डिङमा पढाउन चाहने र जागीर खाने अनि छिट्टै कमाउन चाहनेहरूको समृद्धि धेरै भएको छ आजभोलि । राजनीतिक नेता/कार्यकर्ताहरू जसको कुनै आम्दानीको स्रोत छैन, सँधै जनताको काम गरिदिने भनेर कुदेका छन् तिनको पनि काठमाडौंमा घर छ, कतिको त गाडी पनि छ र बच्चाबच्ची महंगो स्कुल, कलेजमा पढाएका छन् । तिनको पनि समृद्धि राम्रै छ । मान-सम्मान बढेकै छ ।

यस्तो प्रवृत्तिमा उभिएको हाम्रो समृद्धिको जग अहिले निकै कमजोर छ । परिस्थिति फेरिँदै जाँदा समृद्धिको आधार फेरिँदै जाने पक्का छ । अहिले गाउँमा समृद्धि ल्याउन सहयोग गरेको बढ्दो जग्गाको मूल्य र वैदेशिक रोजगारी एकदमै अस्थिर र अस्थायी आम्दानी हो । दण्डहीनताको अन्त्य र सुशासनको जग बलियो बन्दै जाँदा अराजकतामा चुलिएको सीमित संख्याका व्यक्ति र परिवारको समृद्धिले निरन्तरता नपाउने पक्का छ । त्यो अवस्थामा अहिले देखिने र देखाउने गरेको समृद्धिको हालत के हुन्छ ?

सबैका लागि समान समृद्धि हुँदैन, तर समान अवसर हुनुपर्छ । उत्पादन, न्यायोचित सेवा, मूल्यमा आधारित पेसा र व्यवसायसँग नजोडिएको समृद्धिले न समाजको हित गर्छ, न दिगो हुन्छ । त्यसैले समृद्धिको मात्रै होइन, दिगो समृद्धिको कुरा गर्दा यसको जग बलियो बनाउन सबैको ध्यान जानुपर्छ । सबै तहका सरकारले यसतर्फ बढी पहल गर्नुपर्छ ।

सूचना विधेयक यसकारण अमान्य

भीम भुर्तेल

प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिले बहुमतले पारित गरेपछि सूचना प्रविधि विधेयक समर्थन र विरोध दुवै कोणबाट टिप्पणी भएको छ । आलोचकहरू भन्छन्– यो विधेयक अभिव्यक्ति स्वतन्त्रता खुम्च्याउने र असहमतिको स्वरलाई तिस्तेज गर्ने, विपक्षीलाई व्यवस्थागत रूपले दुःख दिने नियतले ल्याइएको हो । सरकारी दाबी भने सूचना प्रविधिको विकास व्यवस्थित र मर्यादित बनाउन, साइबर सुरक्षा र अपराध नियन्त्रण गर्न विधेयक ल्याइएको भन्ने छ । विधेयकका समस्या धेरै गम्भीर प्रकृतिका छन् ।

पहिलो, यो विधेयक देशले अँगालेको 'कमन ल सिष्टम'सँग विरोधाभाषी छ । अहिलेको देवानी (सिभिल) र फौजदारी (क्रिमिनल) न्याय प्रणालीको विपरीत छ । यो विधेयकमा देवानी र फौजदारी विषय एकै स्थानमा छ । देवानी र फौजदारी विषयमा न्यायालयको प्रकृति, सुनवाइ, प्रमाणको भार, कसुर करार विधि र सजाय प्रणालीमा नै पृथकता हुन्छ । देवानी कसुरमा जघन्य फौजदारी अभियोगभन्दा धेरै दण्डको व्यवस्थाले यो विधेयक हास्यको विषय बनेको छ ।

१ सय ३१ दफा भएको विधेयक दफा ७७ सम्म सूचना प्रविधिका नितान्त देवानी विषयमा केन्द्रित छ । आर्थिक विकास, रोजगारी सिर्जना, प्रतिस्पर्धात्मक क्षमता वृद्धि, उत्पादन लागत न्युनीकरण, उत्पादकत्व वृद्धिजस्ता विषयमा डिजिटल प्रविधिको प्रयोग अपरिहार्य भएको छ । त्यसको कानुनी व्यवस्था र नियमन गर्न आवश्यक छ । तर त्यसैमा पनि यो विधेयकमा धेरै कमजोरी छन् । यस्ता विषय प्रविधि र यसमार्फतको व्यवसायमा क्रेता र बिक्रेता बीचको समस्या हुन् । अर्धन्यायिक संस्थामा यसको सुनवाइ गर्ने र कसुर भएमा सजाय र क्षतिपूर्ति वित्तीय हिसाबले गरिन्छ । यस्ता देवानी विषयलाई फौजदारीकरण गर्दा देशको आर्थिक विकास समेतमा नकारात्मक प्रभाव पार्छ भन्ने ख्याल विधेयकमा पुऱ्याइएको छैन । यो विधेयक ऐन बनेमा देशमा न्यायिक अराजकता आउनेछ । यो विधिको शासन र संवैधानिक सर्वोच्चतासँग मेल खाँदैन ।

दोस्रो, यो विधेयक तयारीबिनै हचुवाको भरमा आएको छ । हरेक कानुन निर्माण अगाडि त्यसको पूर्व-विश्लेषण अर्थात 'एक्स-एन्टे एनालिसिस' गरिन्छ । कुनै विषयलाई फौजदारीकरण गरेपछि राज्यलाई आउने सम्भावित दायित्वको लेखाजोखा गरिन्छ । वित्तीय लागत, मानव संसाधन, भौतिक पूर्वाधार, कानुन कार्यान्वयन गर्न प्रशासनिक र न्यायिक संरचना कत्रो र कस्तो आवश्यकता पर्छ भन्ने विश्लेषण गरिन्छ । अहिले त कम्प्युटर 'सिमोलेसन' नै गरिन्छ ।

यो कानुन लागू भएमा सम्भावित न्यूनतम कति फौजदारी 'केस' उत्पन्न हुन्छन् र तिनको अभियोजनार्थ अनुसन्धान लगायतका प्रक्रियाका लागि आवश्यक जनशक्तिको निक्र्योल गरिन्छ । न्याय सम्पादन गर्ने जनशक्ति कति चाहिन्छ, त्यो हेरिन्छ । सजाय कार्यान्वयन, जेलको व्यवस्था र त्यसको लागत अनुमान गरिन्छ । जस्तै- यो कानुन अन्तर्गत वर्षमा प्रतिलाख जनसंख्यामा ५० जना अपराधी करार गरिए १५ हजारलाई जेलको व्यवस्था गर्नुपर्ने हुन्छ । तर कारागार व्यवस्थापन विभागको पछिल्लो तथ्याङ्क अनुसार नेपालको हालको ७४ जेलको कुल क्षमता १५ हजा ४ सय ६६ छ । मंसिर मसान्तसम्म देशमा २४४२१ कैदी, ९८ तिनका आश्रित र १२५५ विदेशी बन्दी छन् । अहिले नै कुल क्षमताभन्दा दस हजारभन्दा धेरै बन्दी छन् । त्यसमा करिब ४२ प्रतिशतको मात्र 'ट्रायल' भएको र ५८ प्रतिशत न्यायिक हिरासतमा छन् । यो कानुनले दोषी करार गरेका कैदी सरकारले कहाँ राख्छ ? फौजदारीकरण र अदालती प्रक्रिया आर्थिक छनोटको विषय हुन् । हचुवामा ल्याएको कानुन आफै कार्यान्वयन गर्न नसक्ने भालुको कन्पट बन्ने निश्चित छ ।

तेस्रो, यो विधेयकमाथि रायसुझाव दिने कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कानुन तर्जुमा महाशाखा, राय तथा प्रशासन महाशाखा र सचिवको कार्यक्षमतामा प्रश्न उठाउनुपर्ने देखिन्छ । महानन्यायाधीवक्ताको कार्यालयले सञ्चार मन्त्रालयलाई दिएको सल्लाह (दिएको भए) माथि प्रश्न उठ्छ । विधेयकसँग सम्बन्धित क्षेत्राधिकारको विषयमा उपयुक्त रायसल्लाह नदिएको वा अत्यन्तै गैरजिम्मेवारीपूर्वक कार्यसम्पादन गरेको देखिन्छ ।

चौथो, सरकारका सल्लाहकार, विज्ञ, सहयोगीमात्र नभई, कानुन मन्त्रालयका कर्मचारी, महानन्यायाधीवक्ताको कार्यालय, प्रतिनिधिसभा सदस्य बीचमा लोकतान्त्रिक राज्य व्यवस्था, विधिको शासन, संविधानवाद र कानुन निर्माणको विधि, प्रक्रिया र त्यसबारे आधारभूत ज्ञानको अभाव देखिन्छ । यस्तो गम्भीर विषयलाई नजरअन्दाज गर्दै हचुवाको भरमा कानुन तर्जुमा भएको छ । कानुन बनाउने जस्तो विषयमा अध्ययन, चिन्तन र गम्भीरता अभावमात्र होइन, नियतवश/भूलवश केटाकेटीपन



झल्किन्छ । जिम्मेवार व्यक्तिमा थप अध्ययन, चिन्तन, मनन, जिम्मेवारीबोध र परिपक्वता आवश्यक छ । गुठी विधेयकबाट सरकारले पाठ नसिकेको देखिन्छ ।

पाँचौं, कानुन बनाउने अग्राधिकार संसदको हो । कार्यपालिका सदस्यले यो वा अन्य कानुन संसदले पास गर्छ भन्दै सार्वजनिक रूपमा बोल्दै हिँड्न मिल्दैन । कार्यपालिकाले सरकारी विधेयकको रूपमा व्यवस्थापिकामा विधेयक ल्याउने हो । विधेयक छलफल गर्ने-नगर्ने वा कार्यसूचीमा राख्ने-नराख्ने विषय संसदको हो । सरकारले विधेयक ल्याउने र पास हुने आशा गर्ने हो । यस्तो सरकारी शैलीले शक्ति पृथकीकरणको सिद्धान्त विपरीत विधायिकाको क्षेत्राधिकार मिचिन्छ, चाहे विधायिकामा ९९ प्रतिशत नै सत्तारुढ दलको प्रतिनिधित्व किन नहोस् ।

छैठौं, यो विधेयकको दफा ८८ को २ राज्यको आधुनिक राज्यको प्रकार्यसँग मिल्दैन । राज्य तर्क र युक्तिसंगत संस्था भएकोले यसले तर्क, युक्ति र तथ्यको भरमा काम गर्छ । राज्य नैतिकता प्रोत्साहन र सदाचार प्रबर्द्धन गर्ने निकाय होइन । प्रहरी र प्रशासन नैतिकता र सदाचार प्रबर्द्धन गर्ने अभिकर्ता कुन देशमा कहिलेदेखि भए ? राज्यको काम कानुन व्यवस्था बनाउने, नियमन गर्ने, राजस्व दोहन गर्ने, वितरण गर्ने र देशभित्र र अन्तर्राष्ट्रिय समुदायमा देशको सांकेतिक क्षमता बढाउने हो । आफ्नो प्रकार्यचाहिँ स्तरीय नगर्ने तर अन्य संस्थाको काममा हात हाल्ने सोच, चिन्तन र प्रयत्नको स्रोत के हो, बुझिएन ।

सदाचार र नैतिकता प्रबर्द्धन गर्ने काम परिवारको हो । विद्यालय, विश्वविद्यालयको हो । आ-आफ्नो धर्म र संस्कृतिको हो । समुदायको हो । व्यावसायिक सदाचार र नैतिकता प्रोत्साहन र प्रबर्द्धन गर्ने कार्य कार्यस्थलको हो । जस्तो- वकिलको बारले गर्ला, चिकित्सकको मेडिकल काउन्सिलले र निजी क्षेत्रको एफएनसीसीआई र चेम्बर अफ कमर्सले । नैतिकता र सदाचार राज्यले प्रबर्द्धन गर्ने हो भने त्यसका लागि भागवत कथावाचक, भन्ते, रिम्पोछे, इमाम, मुल्लाह, पादरी नियुक्त गर्नुपऱ्यो सरकारले !

सातौं, यो विधेयक अत्यन्तै अव्यावहारिक छ । कानुन व्यावहारिक र कार्यान्वयन गर्न सकिने मात्र बनाइन्छ । यसको दफा ९४ को विरोधस्वरुप नेपालमा भएका करिब ९० लाख फेसबुक र ६० लाख ट्विटर प्रयोगकर्ता मध्येका ०.५ प्रतिशतले मात्र प्रधानमन्त्रीकै विरुद्ध तथानाम गालीगलौज गरेर पोष्ट गरे भने ती पचहत्तर हजार सबैलाई गिरफ्तार गरेर अभियोजन गर्ने, ट्रायल गर्ने र जेलमा राख्न सम्भव छ ?

आठौं, असहमतिको आवाजलाई दबाउन यो कानुन दुरुपयोग हुने स्थिति सातौं बुँदाले जन्माउँछ । किनभने माथि उल्लेखित सबैलाई गिरफ्तारी र अदालती प्रक्रियामा लैजान नसक्ने भएकोले छानी-छानी यसको प्रयोगको हुनेछ । त्यसबेला समर्थकलाई छुट र विरोधीलाई दबाउन यसको दुरुपयोग हुन्छ, जुन संविधानको धारा १८ (१) को कानुनको नजरमा समानता र (२) कानुनको समान संरक्षणको हक विपरीत हुन्छ ।

नवौं, राजनीतिसँग जोडिएका विषयमा 'क्राइम' र 'कन्फलिक्ट' बीचको अन्तर संख्यामात्रै हो । थोरैले गरेको 'क्राइम', धेरैले गर्दा 'कन्फलिक्ट' । यसको उदाहरण सत्तारुढ नेकपाका दुई नेता प्रधानमन्त्री ओली र अध्यक्ष प्रचण्ड नै हुन् । ओली चौध वर्ष जेल बसे, प्रचण्ड विद्रोही नेता । यो पनि 'क्राइम'बाट 'कन्फलिक्ट' रूपान्तरण हुने विषय हो । राज्य सञ्चालक भनेको सबैभन्दा ठूलो द्वन्द्व व्यवस्थापक हो । तर 'क्रिमिनलाइजेसन' गर्न खोज्दा 'कन्फलिक्ट' मा रूपान्तरण हुनेछ, भन्नेतर्फ ध्यान दिइएको छैन । साथै यही कानुन भोलि विपक्षमा रहँदा आफूमाथि प्रयोग हुने निश्चित छ । त्यस्तै यो कानुन ल्याएपछि सन् २००० पछि जन्मेको पुस्ताले नेकपालाई आगामी निर्वाचनमा भोट हाल्दैन भन्ने ख्याल पनि गरेको देखिँदैन । विधेयकमार्फत नेकपा सरकार आफ्नै भोट घटाउँदैछ ।

दसौं, यस्तो त्रुटिपूर्ण विधेयक ल्याउनुको कारण अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने र सरकारका कमजोरी र गलत कामकारबाहीको आलोचना रोक्न प्रयोग हुन्छ भन्ने तर्क पन्छाउन मिल्दैन । सरकारले केही तथ्य मनन गर्न जरुरी छ :

१. नेपालको संविधानको संघीय आर्थिक कार्यप्रणाली अन्तर्गतको धारा ११६-११८ अन्तर्गत पारिश्रमिक, सेवा र सुविधा लिने व्यक्तिले गरेको गलत कामबारे प्रश्न गर्ने, आलोचना गर्ने अधिकार हरेक नागरिकलाई छ । करदाता नागरिकले आफूले तिरेको करबाट चल्ने सरकार र त्यसका सञ्चालकलाई जवाफदेही बनाउनु नागरिकको लोकतान्त्रिक दायित्व हो ।
२. जसलाई नागरिकको प्रश्न र आलोचना मनपर्दैन, त्यसले सञ्चित कोषमाथि व्ययभार हुने पद नलिनु उत्तम उपाय हो । सार्वजनिक पद धारण गरेपछि गलत कार्य गर्दा गाली र असल काम गर्दा ताली दुवै स्वीकार्नुपर्छ । जसलाई स्वीकार्य छैन, उसले सार्वजनिक जीवन परित्याग गर्नुपर्छ । निजी जीवन व्यतित गर्ने व्यक्तिको आलोचना गरियो भने त्योचाहिँ गालीगलौज हो । यस्ता सजिला उपाय हुँदाहुँदै कानुनको डन्डातिर किन लाग्ने ?
३. कवि, साहित्यकार, जिम्मेवार पत्रकार र नागरिक राज्यको स्थायी प्रतिपक्ष हो । विधायिका र कार्यपालिकामा सत्तापक्ष र प्रतिपक्ष समय-समयमा फेरिने गर्छन् । अहिलेको सत्तापक्ष भोलि प्रतिपक्षी हुन्छ, हिजोको प्रतिपक्षी आजको सत्तापक्षमा बदलिन्छ । तर यी सत्तापक्ष वा प्रतिपक्षलाई आफ्नो जिम्मेवारीप्रति सजक बनाउन साहित्यकार, कवि र पत्रकारले सधैं प्रतिपक्षको भूमिका खेल्छन् । त्यसैका लागि अभिव्यक्ति स्वतन्त्रता चाहिन्छ । व्यंग्य, आलोचना र गालीको जन्म बेथिति/विसंगतिको गर्भमा हुन्छ ।
४. समाज विज्ञानमा ज्ञानको उपयोग दुई प्रकारले गरिन्छ । पहिलो, ज्ञानको लागि ज्ञान । वास्तविक जीवनमा प्रयोग नहुने ज्ञान विषयलाई अझ परिस्करण गर्न प्रयोग हुन्छ । अर्को, प्रयोजन कार्यको लागि ज्ञान । कार्यका लागि ज्ञानका अझ दुइटा उपयोग हुन्छ । पहिलो, प्रत्यक्ष समस्याको समाधानार्थ कार्यात्मक ज्ञान र दोस्रो आलोचनात्मक ज्ञान । केही कमी-कमजोरी र गल्ती छन् भने त्यसको सुधारका लागि आलोचना चाहिन्छ । त्यही कारण देशमा करिब पौने दर्जन विश्वविद्यालयमा उदार शिक्षा अध्ययन/अध्यापन हुन्छ । त्यसले आलोचनात्मक चेतको विकास र प्रश्न गर्न सिकाउँछ । आलोचना पश्चिमा प्रणालीको शिक्षाको अभिन्न अङ्ग भएकाले उनीहरूको शिक्षण र सिकाइ अन्यभन्दा सबल मानिन्छ । हाम्रा पाठ्यक्रमहरूमा त्यही उपाय अपनाइएको छ । आलोचना मनपर्दैन भनेर यस्तो कानुन निर्माण गर्नुभन्दा अगाडि विश्वविद्यालय बन्द पो गर्नु राम्रो होला ! पत्रपत्रिका, टिभी, रेडियो, र इन्टरनेट बन्द गर्नुपर्ला ! अभिव्यक्ति स्वतन्त्रताका आगत (इन्पुट) भएपछि निर्गत (आउटपुट) हुन्छ नै । तर यो विधेयकले खान जति पनि खा, तर दिसापिसाब भने गर्न पाउँदैनस् भनेजस्तो छ ।

अन्त्यमा, सरकारले यो विधेयक फिर्ता लिएर सूचना प्रविधि नियमन गर्ने देवानी कानुनको रूपमा नयाँ विधेयक ल्याउनुपर्छ । साइबर सेक्युरिटी, साइबर बुलिङ र घृणा फैलाउने अभिव्यक्ति जस्ता कानुन फौजदारी संहितामा संशोधन गरेर थप्दा हुन्छ । अहिलेकै अवस्थामा यो विधेयक प्रतिनिधिसभामा छलफल हुनु भनेको संसदको गरिमा, महत्त्व र जनप्रतिनिधिको प्रतिष्ठाको क्षयीकरण मात्र हो ।

लैंगिक समानता सूचकाङ्कमा नेपाल

लक्ष्मी कार्की

राष्ट्रको समृद्धि र विश्व मानव जगतको चुनौतीसँग जुध्न जनसंख्याको आधा शक्तिलाई बेवास्ता गरेर जान सकिँदैन । तसर्थ समृद्धि र विकासका लागि लैंगिक समानता अनिवार्य र अपरिहार्य छ । नेपाल लगायत विश्वका अन्य मुलुकहरूले महिला अधिकारको रक्षा, सशक्तीकरण र लैंगिक समानताका लागि विभिन्न तवरले काम गर्दै आएका छन् । तर कुनै पनि मुलुकले पूर्ण समानता हासिल गर्नसकेका छैनन् । हरेक मुलुक र अन्तर्राष्ट्रिय जगतले समय-समयमा मानव विकासका विभिन्न आयामसँग जोडिएका क्षेत्रमा लैंगिक समानताको अवस्था कस्तो छ ? पूर्ण समानताको लक्ष्यमा पुग्न कति बाँकी छ ? त्यस बीचको अन्तराल कति छ ? त्यसलाई हटाउन कसरी अगाडि बढ्ने भनी कार्ययोजना बनाई काम गरेमा लैंगिक समानताको लक्ष्य छिटो प्राप्त हुनसक्छ । यस लेखमा लैंगिक दृष्टिकोणले नेपालको अवस्था र यसका चुनौतीबारे संक्षिप्तमा चर्चा गर्ने जमर्को गरिएको छ ।

विश्व आर्थिक मञ्च (वर्ल्ड इकोनोमिक फोरम) ले 'विश्वव्यापी लैंगिक समानता अन्तराल सम्बन्धी प्रतिवेदन २०२०' प्रकाशित गरेको छ । त्यसमा सन् २०१८ को तथ्याङ्क प्रस्तुत गरिएको छ । प्रतिवेदनमा लैंगिक समानता अन्तराल सूचकाङ्क गणनाका लागि महिला र पुरुष बीचको चारवटा अवस्थालाई आधार मानी मापन गरिएको छ : क) स्वास्थ्य तथा जीविकाको स्तर ख) शिक्षा प्राप्तिको अवस्था ग) आर्थिक सहभागिता तथा अवसर घ) राजनीतिक सहभागिता । यो सूचकाङ्कको गणनामा शून्य अंकले पूर्ण लैंगिक असमानता र १ अंकले पूर्ण लैंगिक समानताको अवस्थालाई जनाउँछ । सामाजिक हिसाबले महिला र पुरुष बीचको अवस्था र हैसियतमा भएको अन्तराल अंक १ तर्फ नजिक हुँदा लैंगिक समानता बढी र अंक शून्यतर्फ नजिक हुँदा कम हुन्छ ।

विश्व सूचकाङ्कभित्र दक्षिण एसियाका सात मुलुकहरूको विश्लेषण गर्दा ०.७२६ अंकसहित ५० औं श्रेणीमा रहेको बंगलादेश यस क्षेत्रमै अग्रस्थानमा छ भने ०.६८० अंकसहित १०१ औं श्रेणीमा रहेको नेपाल दोस्रो स्थानमा छ ।

प्रतिवेदनको सूचकाङ्कको स्तरीकरण अनुसार नेपाल १५३ देशहरूमध्ये १०१ नम्बरमा परेको छ, जसमा नेपालको लैंगिक समानता अन्तराल सूचकाङ्क अंक ०.६८० को विन्दुमा छ । नेपाल लैंगिक समानता अन्तराल सूचकाङ्कका दृष्टिले ५२ देशभन्दा राम्रो अवस्थामा रहेको छ भने १०० वटा देशभन्दा कमजोर । यो प्रतिवेदन अनुसार लैंगिक समानतामा राम्रो प्रगति गरेको आइसल्यान्ड ०.८७७ अंकसहित पहिलो स्थानमा छ । त्यस्तै ०.८४२ र ०.८३२ अंक प्राप्त गरी नर्वे र फिनल्यान्ड दोस्रो र तेस्रो स्थानमा छन् भने अन्तिम स्थानमा रहेको यमनको सबैभन्दा कम अंक ०.४९४ रहेको छ ।

विश्व सूचकाङ्कभित्र दक्षिण एसियाका सात मुलुकहरूको विश्लेषण गर्दा ०.७२६ अंकसहित ५० औं श्रेणीमा रहेको बंगलादेश यस क्षेत्रमै अग्रस्थानमा छ भने ०.५६४ अंकसहित १५१ औं नम्बरमा परेको पाकिस्तान सबैभन्दा तल छ । बंगलादेशपछि दोस्रो स्थानमा रहेको नेपालसँग समान अंकका साथ श्रीलंका १०२ नम्बरमा छ । भौगोलिक तथा जनसांख्यिक हिसाबले सबैभन्दा ठूलो मुलुक भारत भने ०.६६८ अंकले चौथो स्थानमा छ । यो विश्व सूचीमा ११२ नम्बरमा पर्छ । विश्व सूचीको १२३ नम्बरमा रहेको माल्दिभ्स ०.६४६ अंकसहित पाँचौं र १३१ नम्बरमा रहेको भुटान ०.६३५ अंकसहित छैठौं स्थानमा छन् ।

माथिका तथ्यङ्कबाट लैंगिक क्षेत्रमा दक्षिण एसियामा बंगलादेशले धेरै राम्रो प्रगति गरेको देखिन्छ । नेपालको स्थान दक्षिण एसियाका देशहरूमध्ये दोस्रो नम्बरमा आएको भए पनि नेपाल बंगलादेशभन्दा धेरै अंकले नै पछि छ । तथापि यहाँका अन्य देशहरूभन्दा नेपालमा महिला र पुरुषको अवस्था समानतातर्फ बढी नजिक रहेको देखिन्छ । तर ०.६८० अंकले विश्व सूचीको १०१ श्रेणीमा पर्नु भनेको उत्साहजनक अवस्था भने होइन । यसरी तुलना गर्दा नेपालले लैंगिक क्षेत्रका अन्तराल सूक्ष्म रूपले पत्ता लगाई धेरै सुधारका कार्य गर्नु पर्नेतर्फ संकेत गर्छ ।

विश्वको औसत सूचकाङ्क अंक ०.६८६ मा नेपाल यो अंकभन्दा थोरैमात्र तल ०.६८० को विन्दुमा छ भने विश्व मापदण्ड अनुसार अब नेपालले महिला र पुरुष बीचको पूर्ण

समानता वा अंक १ हासिल गर्न ०.३२० अंकले वृद्धि गर्नु पर्नेछ । यो उपलब्धि नेपाली महिलाहरूको लामो समयदेखिको संघर्ष र राज्यले गरेका नीतिगत व्यवस्थाहरूको परिणाम हो । नेपालको उक्त सूचकाङ्कलाई विशेषगरी महिलाहरूको राजनीतिक सहभागिताको अवस्थाले प्रभावित गरेको देखिन्छ । राजनीतिमा महिलाको अनिवार्य सहभागिताको नीतिगत व्यवस्था हुनु र स्थानीय तहमा ४१ प्रतिशत र प्रदेशसभा र संघीय संसदमा क्रमशः ३४ र ३३.५ प्रतिशतको प्रतिनिधित्व हुनु नेपालले हासिल गरेको महत्त्वपूर्ण उपलब्धि हो । तीन वर्षअघि एकै समयमा देशको राष्ट्रपति, सभामुख र प्रधानन्यायाधीशको पदमा महिलाहरू रहनु सहभागिताका दृष्टिले ठूलो उपलब्धि थियो । अहिले पनि राष्ट्रपति र सबै प्रदेशका प्रदेशसभा र संघीय संसदका उपसभामुखहरू सतप्रतिशत महिला हुनु, संघीय संसदका १६ संसदीय समितिमा ९ जना (५६ प्रतिशत) सभापतिहरूको संख्या महिला हुनु गौरवको विषय हो भने विश्व महिला आन्दोलनको लागि अनुकरणीय प्रगति हो । प्रगतिको यो अवस्थामा आइपुग्नुको प्रमुख कारण संविधान, ऐन तथा विभिन्न नीतिमा गरिएको महिला सहभागिताको सुनिश्चितता नै हो ।

२०६२/६३ को जनआन्दोलनपछि पुनःस्थापित संसदको २०६३ जेठ १६ गतेको बैठकमा राज्यका सबै क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता गराउनेबारे सार्वजनिक महत्त्वको प्रस्ताव पेस गरिएको थियो । उक्त प्रस्ताव सबै दलको सहमतिमा पारित भएको थियो । त्यही जगबाट नै समानुपातिक समावेशी प्रतिनिधित्वको प्रावधान सहितको लैंगिक उत्तरदायी संविधान बनेको र संविधान कार्यान्वयनको सिलसिलामा महिला सहभागिता बढेको हो ।

राजनीतिक सहभागिता बाहेक अन्य रणनीतिक र व्यावहारिक लैंगिक आवश्यकता पहिचान गरी तिनको पनि सम्बोधन हुनेगरी ऐन, कानुनमा उल्लेख्य सुधार गरिएका छन् । राष्ट्रिय आवधिक योजना, सरकारका नीति तथा कार्यक्रम, बजेट, निर्वाचन प्रणाली आदिलाई लैंगिक उत्तरदायी बनाइएका छन् । २०७६/७७ को बजेटमा ३८.१७ प्रतिशत लैंगिक सुदृढीकरणा लागि छुट्याइएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा महिला तथा बालिकाका लागि विशेष अवसर सिर्जना गरिएको छ । निश्चित कोटाको आरक्षण, राजस्वमा छुट, अनुदानको सुविधा, छात्रवृत्ति, प्रसूति सुविधाजस्ता कार्यक्रम लगायत विविध खाले समतापूर्ण नीतिहरूको अवलम्बन गर्नु र तिनलाई कार्यान्वयनमा उतार्न गरिएका प्रयासले महिलाहरूको अवस्थामा सुधार ल्याएको छ । फलस्वरुप महिलाहरू रोजगारीका साथै नयाँ-नयाँ आर्थिक क्रियाकलापमा संलग्न भई साना तथा ठूला उद्यमीको रूपमा आइरहेका छन् । सम्पत्तिमा महिलाको स्वामित्व बढ्दै गएको छ । हाल २६.३ प्रतिशत महिलाको सम्पत्तिमा स्वामित्व छ । महिला साक्षरता दर बढेर ५७.७ प्रतिशत पुगेको छ । माध्यमिक तहसम्मको शिक्षामा छात्राहरूको सहभागिता छात्रसरह हुनथालेको छ । उच्च शिक्षामा पनि महिलाहरूको नतिजा पुरुषको भन्दा अब्बल आउन थालेको छ । सुत्केरी हुँदा दक्ष प्रसूतिकर्ताको प्रयोग दर बढेर ५८ प्रतिशत पुगेको छ । मातृमृत्यु दर घटेर प्रति १ लाख जन्मदरमा २३९ मा झरेको छ । निजामती सेवामा महिला सहभागिता उत्साहजनक रूपले बढेको छ । हाल महिला उपसचिव र सहसचिव पदमा महिलाको दह्रो उपस्थिति रहेको छ, जो भविष्यका सचिवका दावेदार हुन् । इन्जिनियरिङ, चिकित्सा, कम्प्युटर विज्ञान, पत्रकारिता, खेलकुद, कला तथा संगीतजस्ता क्षेत्रमा उनीहरूको आकर्षण दिनानुदिन बढ्दो छ । न्यायिक क्षेत्रमा वकिलदेखि न्यायाधीशसम्मको पदमा महिला सहभागिताको उल्लेखनीय वृद्धि भएको छ । महिला हिंसा विरुद्ध ठूलो जागरण आएको छ । महिलामा आत्मविश्वास बढ्दैछ ।

उपरोक्त उपलब्धिहरू हुँदाहुँदै पनि राज्यका कार्यकारी निर्णय प्रक्रियामा महिलाहरूको उपस्थिति कमजोर छ । दलका पदाधिकारीमा, मन्त्रीपरिषद्मा, कर्मचारी संयन्त्रको उच्च तहमा महिला सहभागिताको अवस्था ज्यादै कमजोर छ । प्रतिनिधिसभा, राष्ट्रियसभा तथा प्रदेशसभा कुनैको पनि प्रमुख पद र कर्मचारीतन्त्रको मुख्य सचिवमा भने अझै पुरुषहरूकै वर्चस्व छ । स्थानीय सरकारमा पनि महिलाहरू प्रमुख पदमा नगण्यमात्र प्रतिनिधित्व गराइएका छन् । कार्यकारी भूमिकामा महिलाको उपस्थितिलाई दलहरू, सबै सामाजिक संरचनाहरू र राज्य प्रणाली पितृसत्तात्मक मानसिकताबाट मुक्त हुन नसकेका पुरुष तथा महिलाहरूले स्वीकार गर्न नसकेको देखिन्छ ।

महिलामाथि हुने घरेलु तथा यौनजन्य हिंसा, हत्या, आत्महत्या, कुटपिट, महिला बेचबिखन, तिलक, दाइजो, बोक्सी र छाउपडी प्रथा र श्रम शोषणले लैंगिक समानताका राजनीतिक, संवैधानिक र कानुनी उपलब्धिहरूलाई चुनौती दिइरहेका छन् । घरेलु काम, आर्थिक क्रियाकलाप, सामाजिक तथा राजनीतिक गतिविधिमा महिला संलग्नता बढ्नु र घरेलु कामको जिम्मेवारीमा पुरुषहरूले हिस्सा नलिनुले महिलाहरूको कार्यबोझ बढेको छ । समान श्रमको समान ज्याला पूर्णरूपमा कायम भएको छैन ।

यी समस्याहरू समाधान नगरी हामीले सोचेको पूर्ण लैंगिक समानताको लक्ष्य प्राप्त हुन सक्दैन । तसर्थ आउने दिनमा लैंगिक समानताका अन्तराल हटाउन अझै प्रभावकारी, फ्रस्ट र सशक्त नीतिगत र व्यावहारिक हस

फ्रान्समा रोकिएन आन्दोलन

वृद्ध भत्ता कटौती र निवृत्तिभरणको प्रस्तावविरुद्ध मजदुर युनियनको अगुवाइमा गरिएको देशव्यापी हडताल ३६ औं दिनमा

■ **ददी सापकोटा** (पेरिस)

फ्रान्सको राजधानी पेरिसमा बिहीबार गरिएको सरकारविरोधी प्रदर्शन । *तस्बिर : रोयटर्स*

फ्रान्स सरकारले अगाडि सारेको वृद्ध भत्ता कटौती र निवृत्तिभरणको प्रस्तावविरुद्ध मजदुर युनियनको हडताल लम्बिएको छ । हडतालका कारण बिहीबार फ्रान्सका अधिकांश ठूला सहरमा हजारौं कलकारखाना, उद्योगधन्दा, होटेल, रेस्टुरेन्ट, यातायातलगायत सार्वजनिक सेवा बन्द भए । मजदुर युनियनले बिहीबार बिहानैदेखि पेरिसको गार द लियों रेल स्टेसनबाट विरोध सुरु गरेका छन् । प्रदर्शनकारीले गणतन्त्र चोक हुँदै मुख्य रेल स्टेसन गार दु नर्ड पुगेर सरकारी प्रस्तावविरुद्ध आफ्ना मागबारे स्पष्ट पारेका थिए ।

मजदुर हडतालको ३६ औं दिनमा मजदुर युनियनको नेतृत्वमा प्रदर्शनकारीले मुख्य सहरहरू लियों, मासेई, लिल, बोर्दो, स्टार्सबुर्स, तुलुज, नात, रेनमा विरोध जनाए । यातायात सेवा बन्द गरेर हजारौं मजदुर र सर्वसाधारण सरकारविरुद्ध नाराबाजीसहित सडकमा उत्रेका हुन् ।

हडतालका कारण फ्रान्स सरकारले प्रत्येक दिन पाँच लाख युरो घाटा बेहोर्नुपरिरहेको 'ल लोकल एफ आर' अखबारले जनाएको छ । अखबारका अनुसार होटेल र रेस्टुरेन्ट व्यवसायमा मात्रै इल द फास प्रान्तको आर्थिक योगदानमा ४० प्रतिशतले कमी आएको छ भने पेरिस क्षेत्र बाहिरका पर्यटकीय स्थलले कम्तीमा ३० प्रतिशतको घाटा बेहोरेका छन् ।

हडतालका कारण फ्रान्सको सबैभन्दा ठूलो रेलवे सेवा कम्पनी 'एस एन से एफ' लाई ६० करोड युरो घाटा परिसकेको सरकारी टीभी टीएफ एकले जनाएको छ ।

यातायातको असुविधाले विश्वमा सबैभन्दा धेरै पर्यटक भित्रिने फ्रान्सका होटेल, रेस्टुरेन्ट खाली छन् । खुलेका होटेल र रेस्टुरेन्टमा पनि कामदार पुग्न नसकेपछि सेवा दिन सकेका छैनन् । 'पहिले दिनको ९० जनाजति हुन्थे पर्यटक । हडतालपछि दिनको २० जना हुन पनि मुस्किल परेको छ । यस्तै ताल हो भने अब घर भाडा तिर्न पनि सकिँदैन' पेरिसको द प्रिन्स रेस्टुरेन्टका माथ्यु पिनेको भन्छन् ।

पछिल्लो समय 'यस्तो सास्ती भोग्नुभन्दा हडताल फिर्ता भए हुन्थ्यो' भन्नेको संख्या बढ्दै गएको फ्रान्सेली मिडियाले दावी गरेका छन् । हडतालका कारण लाखौं घाटा बेहोरिरहेका व्यापारी, उद्योगी तथा लगानीकर्ताले समस्याको समाधान नखोजे सरकारलाई कर र बैंकलाई कर्जा तिर्न नसक्ने चेतावनी दिन थालेका छन् ।

फ्रान्समा पेन्सन सुविधा, वृद्ध भत्ता र निवृत्तिभरणमा ४२ खाले तह छ । यसका कारण आवश्यक पर्नेले सुविधा पाउन नसकेका तथा नसकेको तथा कतिपयले अनावश्यक फाइदा लिएको भन्दै सरकारले एकरूपता ल्याउने प्रस्ताव गरेपछि मजदुर युनियनहरू हडतालमा उत्रेका हुन् ।

मजदुर युनियनहरूले फ्रान्समा सबैभन्दा बढी सुविधा र भत्ता लिनेमा राजनीतिक नेताहरू भएकाले पहिले तिनको सेवा र सुविधा घटाउनुपर्ने माग राखेका छन् । फ्रान्समा नगरपालिका प्रमुख, मेजिस्ट्रेट, न्यायाधीश, सांसद, मन्त्री हुँदै प्रधानमन्त्री वा राष्ट्रपति हुँदा सबै पदमा हुँदाको पेन्सन सुविधा र भत्ता थपिँदै जान्छ ।

'द बी एफ एम' टीभीका अनुसार राज्यको उपल्लो तहका व्यक्तिले लिने सेवा, सुविधा र पेन्सनमा कटौती गर्नुपर्ने माग ६५ प्रतिशत नागरिकको छ । सरकारी परिमार्जनको प्रस्तावमा असहमति जनाउनेको संख्या ५३ प्रतिशत छ ।

समस्या समाधानका लागि मजदुर युनियनसँग सरकारले पटकपटक वार्ता गरे पनि सहमति जुटेको छैन ।

गत मंगलबार पनि प्रधानमन्त्री फिलिप एडुवार्डले विभिन्न मजदुर युनियनका नेतृत्वकर्तासँग सहमति जुटाउन भन्दै वार्ता गरेका थिए । जनवरी १३ र १७ मा हडतालका क्षेत्रसँग सम्बन्धित मन्त्रालयका मन्त्री र मजदुर युनियनका नेतृत्वसँग वार्ता गर्ने जनाएको छ ।

ह्यारी-मेगनले त्यागे राजपरिवारको जिम्मेवारी

■ **नवीन पोखरेल** (लन्डन)

बेलायती राजकुमार ह्यारीको नेपाल साइनो फरक छ । कुनै बेला गोर्खा सैनिकहरूसँगै अफगानिस्तान युद्ध लडेका ह्यारीले विसं २०७२ को महाभूकम्पलगत्तै उत्तरी गोर्खाको लापुस्थित प्रभात किरण विद्यालयको पुनर्निर्माणमा सघाएका थिए । तर तिनै ह्यारीले गरेको अप्रत्याशित निर्णयले बेलायतीसँगै गोर्खाली समुदाय आश्चर्यमा पऱ्यो ।

बेलायती राजकुमार ह्यारी र उनकी श्रीमती मेगनले बुधबार जारी गरेको वक्तव्यमा 'राजपरिवारको वरिष्ठ सदस्यका रुपमा आफूहरूले जिम्मेवारी त्याग्ने र आर्थिक रूपमा स्वतन्त्र बन्न काम गर्ने' घोषणा गरे । 'ड्युक एन्ड डचेस अफ ससेक्स' को उपाधि समेत पाएका दम्पतीद्वारा जारी वक्तव्यमा उनीहरूले 'बेलायत र उत्तरी अमेरिकाबीच आफ्नो समय बाँडेर जिउने' जनाएका छन् ।

यद्यपि, उनीहरूले बकिङ्घम दरबारसँग सरसल्लाह नगरिकनै निर्णय लिएको भन्दै राजपरिवारका वरिष्ठ सदस्य दुःखी भएको बीबीसीले उल्लेख गरेको छ । तर 'महिनौं लामो आन्तरिक छलफलपछि आफूहरूले निर्णय लिएको' उनीहरूको भनाइ छ ।

बेलायती राजगद्दीको उत्तराधिकारीका रूपमा ह्यारी छैटौं वरीयतामा छन् । बेलायती सञ्चारमाध्यमका अनुसार 'छोराको पठनपाठन तथा नयाँ कल्याणकारी काम सुरु गर्न पछिल्लो निर्णयले सहयोग पुग्ने ह्यारी दम्पतीले आशा व्यक्त गरेका' छन् । भर्खरै ९ महिना टेकेका आर्ची ह्यारिसन उनीहरूको पहिलो सन्तान हुन् ।

गत अक्टोबरमा राजकुमार ह्यारी तथा मेगन मर्कलले लगातार सञ्चारमाध्यमले आफूहरूको पिछा गरेको भन्दै दैनिक जीवनमा दबाब र तनाव थपिएको चर्चा गरेका थिए । त्यसलगत्तै ह्यारीले केही मिडियाले गैरकानुनी रूपमा आफ्नो 'भ्वाइस मेसेज' सुनेको आरोप लगाउँदै बेलायतबाट प्रकाशित हुने सन तथा डेली मिरर समाचारपत्रविरुद्ध कानुनी कारबाही सुरु गरेका थिए ।

ह्यारीले दस हरफ लामो वक्तव्य लेख्दै ट्याबलोइड पत्रिकाहरूले आफ्नी आमा स्वर्गीय डायनाले भोगेको जस्तो पीडा दोहोऱ्याउन खोजेको आरोप लगाएका थिए । फोटो पत्रकारहरूसँग भाग्ने क्रममा सन् १९९७ मा कार दुर्घटनामा परेकी डायनाको उपचारका क्रममा मृत्यु भएको थियो ।

पितालाई लेखेको गोप्य पत्र प्रकाशित गरेको आरोप लगाउँदै मेगनले पनि मेल अखबारविरुद्ध मुद्दा दायर गरेकी थिइन् ।

ह्यारी-मेगन विवाहलगत्तै उनीहरूलाई २०१८ मे १९ मा 'ड्युक एन्ड डचेस अफ ससेक्स' उपाधि प्रदान गरिएको थियो ।

क्रिसमसका बेला ६ साताको बिदा लिएर छोरासँगै क्यानडा गएका दम्पतीले गत मंगलबार लन्डनस्थित क्यानाडेली हाई कमिसन गएर न्यानो आतिथ्यका लागि आभार व्यक्त गरेका थिए ।

बेलायती सेनामा ३१ वर्ष सेवा गरेका ब्रिटिस गोर्खा वेलफेयर सोसाइटीका अध्यक्ष रिटायर्ड मेजर टिकेन्द्रदल देवान ह्यारी मेगनको निर्णय आश्चर्यजनक नलागेको बताउँछन् । 'पछिल्लोपटक घरभित्रको मनमुटावका खबरहरू आइरहँदा मलाई ढिलो-चाँडो यस्तो हुन्छ भन्ने लागेको थियो,' देवानले भने, 'मेगन सेलिब्रेटी र ह्यारी अलिक चुलबुले स्वभावका भएकाले उनीहरू स्वतन्त्र बस्न खोज्नु स्वाभाविक हो । यद्यपि, 'रोयल टाइटल' त्यागेको घोषणा नभएकाले राजदरबारसँग लिंक त रहिरहन्छ जस्तो लाग्छ ।'

बेलायतमा नेपालीको पहिलो ऊर्जा कम्पनी जिइनर्जीका निर्देशकसमेत रहेका देवान रानीसँगको सल्लाहबिना नै निर्णय गरेकामा भने अनौठो माने । बेलायती राजपरिवारको लोकप्रियता विश्वमै उच्च छ । बेलायती महारानी एलिजावेथ बस्ने लन्डनस्थित बकिङ्घम प्यालेस हर्नमात्रै बर्सेनि करिब डेढ करोड पर्यटक आउँछन् ।

भिजिट ब्रिटेनका अनुसार, बेलायती पर्यटनको प्रमुख आधार शाही आवास गृह बकिङ्घम प्यालेस र विन्डसोर क्यासल हुन् । कन्सल्टेन्सी ब्रान्ड फाइनान्सको तथ्यांकमा सन् २०१७ मा बेलायती राजतन्त्रले अर्थतन्त्रमा एक दशमलव ८ बिलियन पाउन्ड योगदान गरेको थियो । यसमध्ये ५ सय ५० मिलियन पाउन्ड शाही पर्यटनबाट भएको थियो ।

सडक दुर्घटना बढे, मृत्युदर घट्यो

पेरिस (एएफपी)- पछिल्ला ३ दशक विश्वमा सडक दुर्घटना बढे पनि मृत्युदरमा भने कमी आएको एक अध्ययनले देखाएको छ । बिहीबार सार्वजनिक एक प्रतिवेदनमा यस्तो देखिएको हो ।

स्वास्थ्य तथ्यांक तथा मूल्यांकन (आईएचएमई) को प्रतिवेदनअनुसार सन् २०१७ मा विश्वभर भएका सडक दुर्घटनामा १२ लाख व्यक्तिको मृत्यु भएको थियो भने ५ करोड ४० लाख व्यक्ति घाइते भएका थिए । सन् २०१७ लाई अध्ययनका लागि पछिल्लो नमुना वर्षका रूपमा लिइएको थियो ।

अध्ययनका अनुसार दुर्घटनामा मृत्यु हुने महिलाको संख्या पुरुषको तुलनामा दोब्बर छ । त्यसैगरी, दुर्घटनामा घाइते हुने अधिकांश पुरुषको उमेर समूह २५-२९ वर्ष छ ।

सन् १९९० पछि विश्वमा कार दुर्घटनामा कारण ज्यान गुमाउनेको संख्या पहिलेको तुलनामा घटेको पाइएको हो । तर मध्य अफ्रिकी गणतन्त्र, जमैका, सोमालिया, स्वाजिल्यान्ड र संयुक्त अरब इमरेट्स (यूएई) मा भने यो संख्यामा वृद्धि भएको छ । आईएचएमईका वरिष्ठ लेखक स्पेन्सर जेम्सले भने, 'सवारी साधनमा गरिएको सुरक्षा व्यवस्था, सडक सुरक्षा, गति नियन्त्रण, सिटबेल्ट र मादक पदार्थ सेवनमा विश्वभर गरिएको कडाइलगायत कारणले दुर्घटनामा हुने मृत्युदरमा कमी आएको हो ।'

पछिल्ला तीन दशकमा विश्वव्यापी रूपमा सडक दुर्घटनामा चोटपटक रोकथामका लागि अझै पर्याप्त प्रगति भने नभएको उनको भनाइ छ । उनले भने, 'थप सुधार गर्ने ठाउँहरू निकै छन् ।' अध्ययन अनुसार सडक दुर्घटनामा घाइते हुनेको संख्यामा १५ प्रतिशतभन्दा बढीले वृद्धि भएको छ ।

आईएचआईको तथ्यांक अनुसार सडक दुर्घटनाबाट हुने घाइतेको संख्या सबैभन्दा बढी हाइटीमा १५.६ प्रतिशत रहेको छ भने दोस्रोमा मध्य अफ्रिकामा १०.४ प्रतिशत र तेस्रोमा अल साल्भाडोरमा ७.३ प्रतिशत छ ।

त्यस्तै विश्वमा सडक दुर्घटनाबाट सबैभन्दा बढी नागरिकले ज्यान गुमाउने देशको शीर्ष स्थानमा चीन छ । चीनमा सन् २०१७ मा २ लाख ६१ हजार जनाले दुर्घटनामा ज्यान गुमाएका थिए ।

इरानसँग वार्ता गर्न अमेरिका तयार

न्युयोर्क (एजेन्सी)- अमेरिकाले इरानसँग 'बिनासर्त गम्भीर वार्ता' गर्न तयार रहेको बताएको छ । संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा अमेरिकाले इरानी विशेष फौजका कमान्डर कासिम सुलेमानीलाई आत्मरक्षाका लागि मारेको समेत दावी गरेको छ ।

इरानले सुलेमानीको हत्याको प्रतिशोध लिन इराकस्थित दुइटा अमेरिकी सैन्य आधार शिविरमा क्षेप्यास्त्र आक्रमण गरेको थियो । आक्रमणमा कुनै हताहत नभएको अमेरिकाले जनाएको छ । इस्लामिक स्टेट लडाकुविरुद्ध लड्न बनाइएको अन्तर्राष्ट्रिय गठबन्धनअन्तर्गत हाल इराकमा ५ हजार अमेरिकी सेना छन् ।

इरानले पनि राष्ट्रसंघलाई आत्मरक्षाका लागि अमेरिकी सेनाको शिविरमा आक्रमण गर्नुपरेको बताएको छ । सर्वोच्च नेतापछिकै शक्तिशाली मानिने सुलेमानीलाई इरानको नीतिनिर्माताका रूपमा हेरिन्थ्यो । उनी इरानी रेभुलुसनरी गार्ड कोर्प्सअन्तर्गतको विशेष फौज कुड्सका कमान्डर थिए । बीबीसीका अनुसार सुलेमानीको अन्तिम संस्कारमा दशौं लाख इरानीहरू सहभागी भएका थिए ।

इरानका सर्वोच्च नेता आयातोल्लाह खामेनीले क्षेप्यास्त्र आक्रमणपछि 'अमेरिकाको गालामा थप्पड हानेको' दावी गर्दै मध्यपूर्व क्षेत्रमा अमेरिकी उपस्थिति अन्त्य गरेरै छाड्ने दावी गरेका छन् । अमेरिकी आक्रमणमा सुलेमानीसँगै पनि मारिएका थिए । उक्त समूहले पनि अमेरिकासँग बदला लिने चेतावदी दिँदै आएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प

इरानी सर्वोच्च नेता आयातोल्लाह खामेनी

अमेरिकी उपराष्ट्रपति माइक पेन्सले सीबीएस न्युजसँगको कुराकानीमा इरानले ती समूहलाई अमेरिकामाथि आक्रमण नगर्न भनेको गुप्तचरी सूचनामा देखिएको दावी गरेका छन् ।

पत्रमा के छ ?

राष्ट्रसंघीय सुरक्षा परिषद्लाई लेखिएको पत्रमा अमेरिकी दूत केली क्राफ्टले 'अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा थप खतरामा पर्नबाट जोगाउन तथा इरानी शासनका कारण बढ्न सक्ने तनाव रोक्ने उद्देश्यले अमेरिका वार्ता गर्न तयार रहेको' उल्लेख गरेकी छन् ।

क्राफ्टले लेखेको पत्रमा 'सुलेमानीको हत्या संयुक्त राष्ट्रसंघीय बडापत्रको धारा ५१ बमोजिम उचित भएको' दावी गरिएको छ । उक्त धारामा कुनै पनि राज्यले आफ्नो रक्षा गर्नका लागि गरिएका कारबाहीबारे तत्काल सुरक्षा परिषद्लाई जानकारी गराउनुपर्ने उल्लेख छ ।

बीबीसीका अनुसार अमेरिकाले आफ्ना सेना र चासोका विषयको रक्षा गर्न परे मध्यपूर्वमा थप आवश्यक कारबाही गर्नेसमेत उल्लेख गरिएको छ ।

राष्ट्रसंघका लागि इरानी राजदूत मजिद तख्त राभाञ्चीले इरानविरुद्ध अमेरिकाले कडा प्रतिबन्धहरूलाई निरन्तरता दिइरहेकाले 'अमेरिकाले गरेको वार्ताको प्रस्ताव अविश्वसनीय भएको' बताएका छन् ।

इरानले पनि धारा ५१ को प्रावधानलाई उल्लेख गर्दै अमेरिकी सेनामाथि गरिएको आक्रमण उचित भएको दावी गरेको छ । उनले आफ्नो प्रतिरक्षा गर्ने क्रममा मध्यपूर्व क्षेत्रमा थप द्वन्द्व नचर्काियोस् भन्ने पक्षमा आफूहरूको रहेको जनाएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसअघि इरानसँग बिनासर्त वार्ता गर्न प्रस्ताव गरेका थिए । गत सेप्टेम्बरमा इरानी सर्वोच्च नेता आयातोल्लाह खामेनीले 'इरानमाथि दबाब कायम गर्ने अमेरिकाको नीति रहेको' उल्लेख गर्दै 'आफूहरू द्विपक्षीय वार्तामा कहिल्यै सहभागी नहुने' प्रस्ट पारेका थिए । गत वर्ष सन् २०१५ को इरानी परमाणु सम्झौताबाट अलग भएको अमेरिकाले उक्त कदम सच्याए इरान द्विपक्षीय वार्तामा सहभागी हुन सक्ने खामेनीको भनाइ छ ।

'अमेरिकी सेना लखेटेरै छाड्छौं'

तेहरान (एजेन्सी)- इरानी सेनाका एक उच्च कमान्डरले अमेरिकाविरुद्ध थप आक्रमण गर्ने चेतावनी दिएका छन् । इरानी सरकारी टेलिभिजनमा बोल्दै इरानी सैन्य कमान्डर अमिर अलि हाजिजादेहले 'कासिम सुलेमानीको हत्याको बदलामा मध्यपूर्वमा तैनाथ अमेरिकी सेना लखेटेरै छाड्ने' चेतावनी दिए ।

इराकस्थित अमेरिकी फौजका दुई सैनिक क्याम्पलाई लक्षित गरी इरानले गरेको क्षेप्यास्त्र आक्रमणपछि हाजिजादेहको भनाइ सार्वजनिक भएको हो । सुलेमानी इराकको राजधानी बग्दादमा एक साताअघि अमेरिकी सेनाको ड्रोन आक्रमणमा मारिएका थिए ।

हाजिजादेहले यसअघि अमेरिकी सेनालाई लक्षित गरी २० भन्दा कम क्षेप्यास्त्र प्रहार गरिएको जनाए । उनले भने, 'इरानले आवश्यकताअनुसार सयौं वा हजारौं क्षेप्यास्त्र प्रहारको तयारी गरिरहेको छ ।'

बर्गिकृत डिस्प्ले

जग्गा विक्रिमा
ललितपुर विष्टछाप हाईटमा प्लटिङ्का टुक्रा जग्गाहरू विक्रिमा प्रतिआना: ८.५०
९८६३८४२८६९,९८४५१२३६३१

Housekeeping Training CTEVT Affiliated
निःशुल्क भर्नासम्बन्धी सूचना
General Cook, Indian Cook, Receptionist, Waiter-Waitress
Liberty School of Vocational Education
Anamnagar
015705085, 9860389825

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
४२६२०३२ / ४२४३५३७
९८०१०३८५३६ / ९८०१०३८५४०

Space For Rent
Prime Rental Space for rent on the main road of Lake Side near Barahi Chowk. The space is around 600 square feet and fully finished. This place is suitable for shop and show-room and Trekking office.
For more details and to view.
Contact :
9856041134, 061-461477

CONSTRUCTION MACHINCE IN WHOLESALE PRICE
CHINESE 2 BAG MIXTURES
INDIAN MADE ESQUIRE
1 BAG MIXTURE WITH HOIST
INDIAN MADE ESQUIRE
BATCHING PLANT-20CUM
INDIAN MADE ESQUIRE
3 BAG MINI BATCHING PLANT
Contact:
9851237529/ 9851059553

फि होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहे नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनः उमार्ने-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

CAT 320 D3
NEXT GENERATION एक्साभेटर, १५% सम्म डिजलको बचत, मेकानिकल पम्प जडित
(२१ टनको मेशिन)
फाईनान्स सुविधा सहित
Kathmandu: 9802311673, 9802311675, 9802311679, 9802311685, 9802311672
Pokhara: 9802311681, 9802311694 |
Hetauda: 9802311687 | Butwol: 9802311683 |
Kohalpur: 9802311678 | Itahari: 9802311677

जग्गा विक्रिमा
धुम्बाराहि हाइटमा आकार मिलेको अति आकर्षक साढे दुई रोपनी जग्गा (हाल Insight Vision School संचालन भई रहेको) विक्रिमा छ । आनाको ६५ लाख मात्र
9818812220

यौन-शक्ति बर्दुक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म हुनु)
जाँड-रक्सी कुलत थाहे नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने ।
हाइट बढ्ने स्टेपअप
Balkumari, Ktm.
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

नेपाल सरकारबाट मान्यता प्राप्त
८१ कर्मचारीहरू आवश्यकता
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता:Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- खाजा खर्च १००।- माहीभाडा: १००।-
तलब Fulltime :- 48,500/-
Parttime:- 24,500/-
समय:- 12:00 to 4, 9:00 to 4:00
चावहिलचोक
जालपादेवी प्रा.लि.
9843564313, 9818872816

८१ कामदारहरू अर्जेन्ट
काम: अफिस र घरमा गर्न मिल्ने
No interview, 100% Job
योग्यता:Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- माहीभाडा:-१००।- खाजा:-१००।-
तलब: 26,500 - 48,500/-
समय:-9 to 4:00PM/ 12 to 4:00 PM
चावहिल SSD Nepal
मित्रपार्क पुष्पाञ्जली पेट्रोल पम्पसँगै
01-4493437, 9813994099
महिला/गृहिणीलाई घरैमा कामको व्यवस्था

नेपाल सरकारबाट मान्यता प्राप्त
१५५ कर्मचारीहरू अर्जेन्ट
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता:Test,SEE, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- माहीभाडा:-१००।- खाजा:-१००।-
काम:- उत्पादन सेक्टर: ३५ कम्प्यूटर सेक्टर: २०
तलब:- Parttime: 24,500/- Fulltime: 48,500/-
समय:- 12 to 4PM/9 to 5PM
चक्रपथ,बसुन्धाराचोक
9803822235,9845494590

यौन शक्ति
यौन शक्ति बढाउने, पुरुषलाई देखापर्ने सम्पूर्ण यौन समस्या र दुर्बलताहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्ट
जाँड-रक्सी, गाँजा, चुरोट जस्ता अन्य कुलत छुटाउन
हाईट बढाउन कपाल झर्न रोकी पुनः उमार्न
चाँयापोतो, डण्डिफोर चाउरीपना हटाउन
महिलाको पेट तथा छातिमा देखिने सेतो धर्सा हटाउने
मोटोपना बढाउन/घटाउन
हिपथाई बढाउन/घटाउन
स्तन बढाउन/घटाउन/टाईट पार्न
नेपालभरी फि-होम डेलिभरी
Global Fitness Shop
9851057631, 014461711, 9803464971, 9851057632
चावहिल (मेडिकेयर अगाडी)
Not For Medicinal Use

सुचना !
श्री कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानको दोस्रो केन्द्रिय अधिवेशन यहि पौष २६ गते शनिबार उत्तरवाहिनी क्षेत्रको ज्ञान विज्ञान हलमा हुन गैरहेकोले देशभरका समस्त सदस्य महानुभावहरुलाई सादर निमन्त्रणा गर्दछौं ।
स्थान : उत्तरवाहिनीक्षेत्र मालुङ्गा स्याङ्जा
समय : बिहान ११ बजे
सम्पर्क : 9851146234

TRAINING
Discounted Offer
Valid Till 7th Falgun 2076

1.	AutoCAD+SW DTM	6,000
2.	AutoCAD+SW Road	10,000
3.	ETABS	8,500
4.	ArcGIS	8000
5.	Project Scheduling using Primavera (Level I)	5,000

Training for Technical Professionals (Engineer/Overseer/Surveyor)
Navayug Engineering P. Ltd.
Tel. : 9841 343932

जग्गा बिक्रिमा
भैसेपाटी विभोर प्लानिङ्ग सँगै हाईटको Highway जोडिएको २०-२५ रोपनी जग्गा बिक्रिमा
सम्पर्क नं.
९८५१०५०९८८
९८५१०५९५५३

बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*
* उपरोक्त दररेटहरुमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

कलाले जोड्छ सम्बन्ध

कान्तिपुर संवाददाता (काठमाडौं)

उत्तर र दक्षिण कोरियाली समाज विखण्डनको पीडाले चित्रकार पार्क हेउङ सुनलाई सधैं पिरोल्छ । ६९ वर्षीय यी चित्रकारले सन् १९९३ मै एउटा तैलचित्र बनाएका थिए, जहाँ एक हुल परेवा रेलको लिकमाथि चरिरहेको देखिन्छ, परेवाहरूको बीचबाट भने एउटा पहँलो रेखा कोरिएको छ । यही रेखाले परेवाको हुललाई दुई समूहमा विभाजन गरिदिन्छ । शान्तिको प्रतीक मानिने यी निर्दोष परेवाको बीचबाट कसले विभाजनको रेखा कोऱ्यो ? उनको यो चित्र नियाल्दै गर्दा मनमा यस्तै प्रश्न उब्जिन्छ र राजनीतिक विभाजनले मानवीय भावना र सम्बन्धमा ल्याएको आघातप्रति गम्भीर बनाउँछ ।

उनको यो चित्र यतिबेला नेपाल आइपुगेको छ । नेपाल कोरिया कल्चर सेन्टरले राजधानीमा बुधबार सुरु गरेको दुईदेशीय कला प्रदर्शनीमा राखिएको यो चित्र आफैंमा प्रतीकात्मक लाग्थ्यो । 'राजनीतिले बिगारेको सम्बन्ध पनि कलाले जोड्न सक्छ,' उनको चित्रकलामाथि विश्लेषण गर्दै कोरियन कवि किम ह्यउङह्यो भन्दै थिए, 'सुनले २७ वर्षअगाडि बनाएको यो चित्र आजको कोरियाका लागि मात्रै हैन, देश र राजनीतिका नाममा बिछोडिएका संसारभरका समुदायका लागि आज झन् अर्थपूर्ण बन्दै गइरहेको छ ।' कोरियन राष्ट्रिय चित्रकार संघका पूर्वअध्यक्षसमेत रहेका सुनले प्रदर्शनीमा राखेको अर्को चित्र पनि उत्तिकै अर्थपूर्ण लाग्छ । गमलाभरि बग्रेल्ती बीउ उम्रिएको दृश्य क्यानभासमा



नेपाल-कोरिया कला प्रदर्शनी

कोरिया विभाजनसम्बन्धी पार्क हेउङ सुनले २७ वर्षअघि बनाएको चित्रकला । *तस्बिर सौजन्य : किम ह्यउङह्यो*

उतारेका छन् । 'यो चाहिँ अहिलेको कोरिया हो,' सुनले भने, 'जतासुकै मान्छे नै मान्छेको कोलाहल र भीड ।'

आधुनिक बजार र भीडले मान्छेलाई मानवबाट मेसिनतिर बढी रूपान्तरण गर्दै गइरहेको चिन्तालाई उनले यो चित्रमार्फत अभिव्यक्त गरेका हुन् । कोरियाकै अर्का चित्रकार ७४ वर्षीय रिम योङ तेकले पनि कलामार्फत भीडभन्दा परको एकान्तलाई प्रस्तुत गरेका छन् । उनका मेडिटेटिभ चित्र हेर्दै गर्दा मनमा शान्ति पैदा गर्छ । ध्यान र आराधना प्रभावमार्फत उनले मान्छेभित्रको स्वअस्तित्व खोज्ने प्रयास गरेका छन् भने हाल कोरियन राष्ट्रिय चित्रकर संघका अध्यक्ष रहेका दु सि योङको चित्रमा भने सांस्कृतिक प्रभावको आधिपत्य देखिन्छ । दुई देशका कलाकर्मीबीचको अनुभव आदानप्रदानको उद्देश्यले राजधानीको पुतलीसडकस्थित होटल आरिरङमा सुरु भएको प्रदर्शनीमा कला विषयवस्तुको मौलिकतामार्फत दुवै मुलुकका चित्रकारले आआफ्नो राष्ट्रिय पहिचान प्रस्तुत गरेका छन् ।

नरबहादुर विकेले नेपाली हिमालको जादुमय दृश्य पस्केका छन् क्यानभासमा । सूर्य उदाउँदा र अस्ताउँदा देखिने फरक दृश्यलाई एउटै क्यानभासमा विभिन्न रङ पोतेर उनले आफ्नो कौशल देखाएका हुन् । त्यस्तै अर्का चित्रकार धनु याक्खाले शान्ति, समृद्धि र धार्मिक आस्थाका प्रतीक निलो पहेंलोलगायत अन्य रङलाई एक्रेलिक माध्यमबाट चित्रमा उतारेका छन् । उनका चित्रमा महिला र पुरुष दुवै देख्न सकिन्छ । फरकफरक व्यक्तिको हेर्ने दृष्टिकोण पनि छुट्टाछुट्टै हुन्छ तर त्यसमा सन्तुलन भए मात्र आकर्षक देखिन्छ भन्ने भाव उनको चित्रले बोकेको छ ।

त्यस्तै प्राज्ञ लालकाजी लामाले हिन्दु मिथकीय प्रतीकलाई क्यानभासमा उतारेका छन् । उनले कोरेको गणेश चित्र प्राचीन र भलादमी लाग्छ । जेनी घलेले भने आधुनिक बजारका मनोवैज्ञानिक असरलाई चित्रमार्फत उतारेका छन् । नौ जना चित्रकारका १६ वटा कलाकृति राखिएको प्रदर्शनी उद्घाटन गर्दै नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोपाल चित्रकारले 'कलाले समाज जोड्न सघाउने' बताए । कोरियन कवि किम ह्यउङह्योको पहलमा प्रदर्शनी भएको हो । दुई देशको साहित्य र कलाका अनेक अभियान लिएर आफू हरेक वर्ष नेपाल आइरहेको बताउँदै यसपटक नेपाली पयर्टन वर्षलाई सघाउने ध्येय पनि रहेको उनले बताए ।

हाम्रो बाजा, हाम्रै धुन

कान्तिपुर संवाददाता (काठमाडौं)

नेपाली कलाकारहरूले बेलाबखतमा सांगीतिक साँझ तथा महोत्सवमा विभिन्न संगीतका धुन पस्किँदै आइरहेका हुन्छन् । ती धुनमा भने नेपाली मौलिकभन्दा विदेशी बाजा बढी सुनिन्छन् । सारंगीको सट्टा गितार, नेपाली पञ्चेबाजाको सट्टा वेस्टर्न अर्केस्ट्रा, मादल र डम्फुका ठाउँमा ड्रमसेट । यसरी मौलिक नेपाली बाजा र धुन हराउँदै गइरहेका बेला नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले लोक-संगीत संरक्षणको नयाँ अवधारणा अघि सारेको छ- 'हाम्रो बाजा : हाम्रै धुन ।'

नेपाली लोक बाजाहरू के के हुन्, कहाँ-कहाँ छन् र यसलाई संरक्षण गरेर युवा पुस्तामाझ कसरी स्थापित गर्ने सकिन्छ भन्ने चासोसाथ प्रतिष्ठानले नयाँ कार्यक्रम थालनी गर्न लागेको प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) ले बताए । बिहीबार बालुवाटारस्थित प्रतिष्ठानमै आयोजित पत्रकार सम्मेलनमा जनाएअनुसार २९८ औं पृथ्वीजयन्ती तथा नेपाल भ्रमण वर्ष २०२० को अवसरमा कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आउँदो आइतबार पहिलो प्रस्तुति हुँदै छ । नेपाली मौलिक बाजा मात्र बजाएर धुनहरूको प्रस्तुति दिने कार्यक्रममा तीन दर्जनभन्दा बढी वाद्यवादक समूह प्रस्तुत हुँदै छन् ।

'नेपाली बाजाको संरक्षण र संवर्द्धनमा समर्पित हुन चाहेका हौं,' कुलपति रायनले भने, 'यसअघि पनि हामीले पोखरामा गण्डकीका धुनहरू नामक प्रस्तुति दिएका थियौं ।'

कार्यक्रममा सारंगी, बाँसुरी, सहनाई, ताल वादन, टुङ्ना, मुर्चुङ्गा, खिं, धिमे, ढोलक, डम्फु, डमरु, शंख, घण्टीलगायत डेढ दर्जनभन्दा बढी नेपाली लोपोन्मुख बाजाका धुन सुनाइनेछन् । यी बाजामार्फत मंगल धुन, सोरठी, पालाम, मैथिली, कौडा, संगिनी, मालश्री, धिमाल, साकेला, मेन्दोमाया, थकाली, देउडा, सेलोलगायतको प्रस्तुति हुने सदस्य सचिव श्याम तमोटले जनाए । वाद्यवादनमा प्रतिष्ठानका प्राज्ञ अशोक राईको संयोजन रहनेछ भने सारंगीतर्फ सारंगीवादक भरत नेपाली, तालवादनतर्फ वाद्यवादकद्वय भरत बुढाथोकी र नरेश महर्जन रहनेछन् । त्यस्तै विभिन्न नेपाली बाजाहरूले नेपाली धुन सुनाउन वर्त गन्धर्व, अरुणा गन्धर्व, किरण महर्जन, विजय तामाङ, मौसम सुनुवार, सबिन लिम्बू, लोकराज राई, कला राई, रमा थापालगायत वाद्यवादक सहभागी हुनेछन् ।

ट्वीटरको भुमरीमा दीपिका

विश्वमा बलिउडको प्रभाव र बजार ठूलो छ । बलिउड स्टारका अभिव्यक्तिले कहिलेकाहीं भारतीय राजनीतिमा समेत खैलाबैला मच्चाउने गर्छ । त्यस्तै भयो, यसपटक अभिनेत्री दीपिका पादुकोणको जवाहरलाल नेहरू विश्वविद्यालय (जेएनयू) मा भएको उपस्थिति । भारतमा मोदी सरकारले नागरिकता संशोधन ऐन ल्याएपछि देशका विभिन्न सहरमा यसको विरोधमा आन्दोलन चर्किंयो । प्रतिपक्षीको भूमिकामा सधैं अग्रणी मानिने जेएनयूमा समेत विरोधको आगो सल्किंयो । सरकारले विद्यार्थीमाथि क्याम्पस हाताभित्रै पसेर धरपकड गऱ्यो । दीपिका तिनै विद्यार्थीको आवाजमा समर्थन र आन्दोलनप्रति ऐक्यबद्धता जनाउन पुगेपछि यतिबेला अर्को आगो बलेको छ । दीपिकाको जेएनयू उपस्थितिलाई लिएर सत्तापक्ष दल भाजपाका प्रवक्ता तजिन्दर पाल सिंह बग्गाले ट्वीटरमा उनको फिल्म 'छपाक' लाई बहिष्कार गर्ने उर्दी नै जारी गरिदिए ।

बग्गाको ट्वीटपछि ट्वीटरमा 'ब्वाईकटछपाक' ह्यासट्याग ट्रेन्डिङ नै चल्यो । आगामी शुक्रबारदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'छपाक' मा दीपिकाले एसिड आक्रमणमा परेकी एक युवती लक्ष्मी अग्रवालको भूमिकामा अभिनय गरेकी छन् । कतिपय आलोचकले फिल्म रिलिजको पूर्वसन्ध्यामा भएको दीपिकाको जेएनयू उपस्थिति केवल प्रचारबाजीका लागि मात्रै भएको टिप्पणी पनि गरेका छन् । जेएनयूमा झन्डै १० मिनेट बिताएकी उनले कुनै अभिव्यक्ति भने दिएकी थिइनन् । तर केहीले भने दीपिकाको उपस्थिति नै पनि सशक्त आवाज भएको तर्क गर्छन् । तर जे होस्, यतिबेला एक्ली दीपिकाले ट्वीटरदेखि भारतीय राजनीतिमा समेत हलचल मच्चाइदिएकी छन् । राजनीतिक अभिप्रायले 'ब्वाईकटछपाक' ह्यासट्याग चलाइएलगत्तै अभिनेत्रीका शुभचिन्तकले समेत उनको समर्थनमा 'आइसपोर्टदीपिका' ह्यासट्यागलाई झन् बढी चर्काए ।

दीपिका वादविवादको भुमरीमा यसअघि 'पद्मावत' का बेला पनि परेकी थिइन् । त्यसबेला फिल्मले इतिहास बंगाएको आरोप लगाउँदै त्यसलाई नसच्याए फिल्मकी अभिनेत्री दीपिकाको नाक काट्ने धम्की नै आएको थियो । अहिले भने उनी 'छपाक' बहिष्कारको भुमरीमा फसेकी हुन् । तर उनका समर्थकले भने अहिलेदेखि नै फिल्मको टिकट स्पोन्सर गर्ने अर्को नयाँ ट्रेन्ड पनि सुरु गरिदिएका छन् । दीपिका स्वयंले भने यस विषयमा मुख खोलेकी छैनन् । ट्वीटरमा २ करोड ६० लाख र इन्स्टाग्राममा ४ करोड २० लाख फलोअर्सकी धनी दीपिकालाई फोर्ब्स म्यागाजिनले सन् २०१६ मा विश्वभरका अभिनेत्रीमा सर्वाधिक कमाइ गर्नेको सूचीमा दसौं स्थानमा उल्लेख गरेको थियो ।

– एजेन्सी

सेलोघरको साइनो

काठमाडौं (कास)- झन्डै चार वर्षअघि म्यान्मारकी गायिका सी र गीतकार विन मिन थ्वेले काम्रेको मण्डनदेउपुर- १ ढाँडागाउँमा सेलोघर बनाउन सघाएका थिए । यी दुईलाई नगरकोटमुनिको यो गाउँसम्म डोहोऱ्याउने काम गरेका थिए म्यान्मारकै सहयोगी सागर घिमिरेले । चार वर्षपछि बुधबार सेलोघर पुगदा घिमिरेले त्यतिबेला ताम्बा नृत्यसहित स्वागत पाएको क्षण सम्झे ।

घिमिरेलाई पर्खिबसेका थिए उनै ताम्बा (तामाङ गीतविज्ञ) वीरमान वाइबा । 'तपाईंहरूले हाम्रो संस्कृति जोगाउने थलो बनाइदिनुभयो, हामी कहिल्यै बिर्सिनेछौंनौं,' वाइबाले भावुक हुँदै भने ।

यही कार्यका लागि घिमिरेले मण्डनदेउपुर नगरपालिकाका तर्फबाट सम्मान पाए । उपमेयर निर्मला शाही र वडाध्यक्ष लक्ष्मणप्रसाद बस्ताकोटीले घिमिरेलाई सम्मानपत्र हस्तान्तरण गरे । सेलोघर बनाउन नेपालबाट संयोजन गर्ने संस्था नेपाल म्यान्मार फ्रेन्डसिप काउन्सिलका अध्यक्ष शंकर घिमिरे पनि सम्मानित भए । आफूहरूले म्यान्मारमा नेपाली भाषा-साहित्य प्रवर्द्धनका लागि ३ सय वटा भाषा स्कुल निर्माण गरी कक्षा चलाइरहेको समेत सुनाउँदै सागर घिमिरेले गायिका सी र गीतकार विन मिन थ्वेको शुभकामना पनि सुनाए । म्यान्मारबाटै आएका कवि ज्ञान बहादुर बगाले थापाले 'अधिकार' शीर्षकको कविता सुनाउँदै नेपाली राजनीति र प्रवासी मनोविज्ञान प्रस्तुत गरे ।

नगर उपप्रमुख शाहीले 'सेलोघरकै साइनोका कारण म्यान्मारसँग सम्बन्ध जोडिएको' बताउँदै सांस्कृतिक आदानप्रदानमा आफूहरू तयार रहेको बताइन् । नेपाल म्यान्मार फ्रेन्डसिप काउन्सिलका महासचिव तुलसी ज्ञवाली, कोषाध्यक्ष पिटर खरेल, सहयोगी युगनारायण पोखरेल, गोमा घिमिरे, चन्द्रादेवी पोखरेलले सेलोघरको प्रशंसा गरे । सांस्कृतिक र सामुदायिक कार्यमा सेलोघर उपयोगी बनेको स्थानिय विकिराम तामाङ र लालबहादुर तामाङले बताए ।

सीमावासीको सकस

■ **कान्तिपुर संवाददाता** (काँकडभिट्टा)

खुला सीमाका फाइदा मात्रै छैनन्, बेफाइदा पनि धेरै छन् । 'वारिपारि' गरेर जीविका चलाउने सीमावासी धेरै छन् तर उनीहरूलाई राज्यले 'दुई नम्बरी' को पगरी गुथाइदिएको छ । वारिपारि गरेर परिवार चलाउनेको तिनै श्रमिकहरूको व्यथा नाटक 'दशगजा'ले खोलेको छ ।

शिल्पी थिएटरका निर्देशक रंगकर्मी घिमिरे युवराजले परिवर्तन थिएटरका रंगकर्मीलाई अभिनय कलाबारे १५ दिने प्रशिक्षण दिएका थिए । यही क्रममा नाटक 'दशगजा' जन्मिएको हो । नाटक पर्वत पोर्तेलले लेखेका हुन् ।

विजय (एञ्जल खड्का) का बुबा बेरोजगार छन् । ५ लाख ऋण लिएर व्यापार गर्न खोज्दा सबै पैसा डुबेपछि ढुक्कसाथ बसेका छन् । यो सानो परिवारमा बग्रेल्ती छ समस्या । परिवारको जिम्मेवारी आशिषको अपरिपक्व काँधमा छ । घरपरिवार धान्नै मुस्किल छ । १० कक्षा पढ्दापढ्दै छाडेर 'माल' बोक्न थालेका छन् । त्यसैबाट आउने थोरै पैसाले परिवार चलाएको छ । बहिनी पढाएको छ । बुबाले लिएको ऋणको किस्ता तिरेको छ । भारी बोक्दाबोक्दै प्रहरीको फन्दामा परेपछि विजयको परिवारमा आइपर्ने विपत्ति नै नाटकको मूल कथा हो । सँगै सीमावासीका अनेक कथा नाटकमा देखाइएको छ । निर्देशक

घिमिरेले कथालाई मार्मिक ढंगले प्रस्तुत गरेका छन्, केही नौला प्रयोग गरेका छन् । नाटकको मध्यतिर गोदामभित्र राखिएका बोरा नाच्छन् । एकापसमा संवाद गर्छन् । उनीहरू मान्छेका कुरा काट्छन् । मान्छेभित्र हराउँदै गएको संवेदनाको व्यंग्य गर्छन् । सत्ता र सिमानाका कारण पीडित जनताको कथा बोल्छन् । नाटकमा पूर्वोत्तर मणिपुर, असम, नागाल्यान्डजस्ता राज्यबाट प्रताडित भएर नेपालमा आश्रित परिवारको दुःखको कथा पनि देखाइएको छ । 'यो सीमान्त सहरवासीको दुर्दान्त कथा हो,' नाटक हेरिसकेपछि सिलिगुडीका साहित्यकार ज्ञानेन्द्र खतिवडाले सुनाए, 'श्रम गरेर जीविका चलाउने परिवारको कथामा नाटक केन्द्रित भएको पाएँ ।'

निर्देशक घिमिरेका अनुसार नाटकमा स्थानीय समस्यालाई उजागर गर्ने यत्न मात्रै गरिएको हो । 'दशगजामा हुने वारिपारिका कारोबारका असली पीडित को हुन् ?', निर्देशक घिमिरेले भने, 'यो प्रश्न दर्शकलाई नै छाडिदिएका छौं ।'

नाटकमा कविता नेपाल, लीला विष्ट, विमला चिमरिया, अभिषेक गतौला, एञ्जल खड्का, पूजा आचार्य, प्रतीक्षा आचार्य, राहुल ठाकुर, नवराज पाठक, मदन चिमरिया र कविता पौडेलले अभिनय गरेका छन् । गत १७ गतेदेखि मञ्चन भइरहेको नाटक पुस २६ सम्म चल्नेछ ।

कालापत्थरमा फेसन शो हुँदै

काठमाडौं (कास)- नेपालको प्रकृति विश्वभर चिनाउन तथा जलवायु परिवर्तनले हिमाली क्षेत्रमा पुऱ्याएको असरबारे विश्व समुदायलाई जानकारी गराउन सगरमाथा क्षेत्रको ५ हजार ६ सय ४४ मिटर उचाइको कालापत्थरमा फेसन शो हुँदैछ ।

पर्यटन बोर्डकी कार्यवाहक सीईओ नन्दिनी लाहे थापाका अनुसार आउँदो माघ १२ गते हुने शोमा ५ नेपालीसहित नौ मुलुकका १८ मोडल सहभागी हुनेछन् । उनीहरू नेपाली वेशभूषामा सजिएर प्रस्तुत हुनेछन् । 'द माउन्ट एभरेस्ट फेसन रनवे' नामक शोलाई के फिल्म्स प्रालि, कासा, आरबी डायमन्ड, डा. पंकज के गुप्तालगायतले गर्न लागेका हुन् । गुप्ताका अनुसार शोमा इटली, रोमानिया, सर्बिया, जिम्बाबिया, इन्डोनेसिया, घाना, श्रीलंका र लिथुआनियाका मोडल आउनेछन् ।

पुर्व मिस नेपाल युनिभर्स मनिता देवकोटा, मिस नेपाल इन्टरनेसनल रोनाली अमात्यसहित सहभागी हुने अधिकांश मोडल विश्व सुन्दरी प्रतियोगितामा भाग लिएकाहरू छन् । आयोजकले शोलाई गिनिज बुक अफ दि वर्ल्ड रेकर्डमा दर्तासमेत गर्दै छ । पुनः प्रयोग गर्न मिल्ने अल्लोलगायत नेपाली कच्चा पदार्थबाट उत्पादित पहिरन प्रस्तुत गरिने शोको चर्चित फेसन टीभी एमटीभीले ८ वटा भागमा डकुमेन्ट्री बनाई प्रसारण गर्ने समेत बताइएको छ ।

आकर्षक घडेरी बिक्रीमा

ललितपुर सातदोबाटो हात्तिवनमा शहरी विकास प्राधिकरणको योजनाबाट विकास गरिएको सबै सुविधा सम्पन्न २० देखि २४ फुटे बाटो भएको केही घडेरीहरू बिक्रीमा ।



सम्पर्क: निबेश
फोन: ९८८००४२५११

Study in India
in **Shri JJT University**
Jhunjhunu, Rajasthan, India (UGC Approved)
विश्व हिन्दी दिवस के अवसर पर हिन्दी विषय मे
Ph.D.
प्रवेश प्रारम्भ
Dr. YD Tripathi
9841206019/+918104883378
www.jjtu.ac.in

हार्दिक निमन्त्रणा

नेपाल आयल निगम लिमिटेडले आफ्नो अनवरत सेवाको ४९ औं वर्ष पुरा गरी ५० औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा आयोजित ५० औं वार्षिकोत्सव एवं स्वर्ण जयन्ती कार्यक्रममा निगमका सम्पूर्ण पूर्व कर्मचारीहरूलाई देहायको मिति, समय र स्थानमा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

मिति : २०७६ पौष २६ गते, शनिवार
समय : दिउँसो २:०० बजे
स्थान : नेपाल आयल निगम लिमिटेड, केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं ।

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं

CIMMYT
International Maize and Wheat Improvement Center

SALES OF SCRAP VEHICLES

CIMMYT International, South Asia Regional Office, Kathmandu invites sealed bids from all interested bidders for the sale of vehicles in scrap in "as is where is" basis. The transport management office has already authorized for the scrap of these vehicles. The details of the vehicles are as follow:-

S.N.	DESCRIPTION	UNIT
1.	Land Rover Jeep	1
2.	Mitsubishi Pajero Jeep	1
3.	Mitsubishi Pick up	1

All Interested bidders are requested to submit their sealed bid value through a **Bid Interest Letter** with the vehicle/s they are bidding for to the below address not later than **20 January 2020** before 5.00 PM.
The scrap vehicles can be inspected between 11.00 AM-5.00 PM on working days (Monday-Friday) at the following address from 13 to 17 January 2020.
The Management of CIMMYT reserves the right to accept or reject any or all the bids.

International Maize and Wheat Improvement Centre (CIMMYT)
South Asia Regional Office
First Floor of Agri. Botany Division, NARC Research Station
Khumaltar, Laltipur

UNFPA, the United Nations Population Fund, is looking for the qualified candidate for UNFPA Nepal Country Office

Census Website Developer/Content Manager, 1 position
Category: Individual Consultant Contract
Duty Stations: Census Bureau of Statistics, Thapathali, Kathmandu
Deadline: Thursday, 16 January 2020 by 5.00 pm Nepal time

Background: The Central Bureau of Statistics (CBS) is preparing for the National Population and Housing Census (NPHC) in June 2021. This will be the 12th in the series and the first census to be conducted since Nepal adopted the SDGs and transitioned to a federal state. In this regard, CBS is planning to establish and maintain a dedicated website for the 2021 NPHC. As part of UNFPA's technical support being provided for the census operations at the request of CBS, UNFPA Country Office intends to hire a Census Website Developer/Content Manager on a retainer basis to provide services to the CBS Office.

Eligibility: Bachelor's Degree in ICT/Computer Engineering or equivalent required, Master's Degree in ICT or relevant area desirable; At least 5 years of working experience in website content management, webpage scripting and programming, digital imaging, multimedia, graphic design and web application development; ICT background and/or webpage design, information architecture and usability, website usability experience is essential; Familiarity with a wide range of relevant tools and software (Illustrator, HTLM, Dreamweaver, Photoshop or similar program); Ability to write HTML/CSS essential; Strong interpersonal and communication skills; Ability to work with diverse teams, time management skills, problem solving skills and quality of work skills; Excellent command in Nepali and English (writing and editing).

How to apply: More detailed information, including the detailed Terms of Reference, competency profile and education/experience and other requirements can be found at **https://nepal.unfpa.org/en/vacancies/census-website-developercontent-manager-deadline-16-january-2020.** Applicants (Nepali nationals only) must complete a Personal History Form (P-11), together with a curriculum vitae (CV) and application letter. P-11 form can be downloaded from the **https://bit.ly/39HB5ub.** Please send your applications only by email to **jobs.nepal@unfpa.org** clearly marking the Position Title in the Subject of your email.

Deadline for applications: Thursday, 16 January 2020 by 5.00 pm Nepal time. Applications received after the deadline will not be accepted. UNFPA will only respond to applications to whom we have further interest.

Notice: There is no application, processing or other fee at any stage of the application process. UNFPA does not solicit or screen for information in respect of HIV or AIDS and does not discriminate on the basis of HIV/AIDS status. UNFPA provides a work environment that reflects the values of gender equality, teamwork, embracing diversity in all its forms, integrity and a healthy balance of work and life. We are committed to maintaining our balanced gender distribution and therefore encourage women to apply. UNFPA promotes equal opportunities for all, including persons with disabilities.

दानको रकमले 'विलासी गाडी'

लुम्बिनी विकास कोषका उपाध्यक्षका लागि १ करोड ५८ लाख मूल्य रहेको जापानको मित्सुबिसी 'पजेरो स्पट' किन्न लागिएको छ

■ **मनोज पौडेल** (लुम्बिनी)

टिकट बिक्री, श्रद्धालुले गर्ने दान र चन्दा लुम्बिनी विकास कोषका मुख्य आम्दानी हुन्। उपासक, तीर्थालु र पर्यटकले दान नगरे कोषको प्रशासनिक काम ठप्प हुन्छ। कर्मचारीले तलबभत्ता पाउँदैनन् तर कोषले यसरी संकलित रकमबाट उपाध्यक्ष अवधेशकुमार त्रिपाठीका लागि पजेरो गाडी खरिद गर्न लागेको छ। जापानमा निर्मित गाडीको मूल्य १ करोड ५८ लाख रुपैयाँ पर्ने बताइएको छ।

कोषले गाडी खरिदका लागि गत मंसिर १५ गते पत्रिकामा 'ई-बिडिङ' का लागि सूचना प्रकाशन गरेको थियो। सूचनामा १ करोड ५८ लाख मूल्य रहेको जापानको मित्सुबिसी 'पजेरो स्पट' गाडी चाहिएको उल्लेख छ। सूचना प्रकाशन भएको ३० औं दिनमा निओन मोटर प्रालि काठमाडौंले कोषले उल्लेख गरेको भन्दा २ रुपैयाँ कममा प्रस्ताव पेस गरेको छ। अहिलेसम्म एउटामात्र कम्पनीले फारम भरेको हो। उक्त गाडी बजारमा आएको एक महिना पनि भएको छैन। २४७७ सीसीको पजेरो वातानुकूलित, अत्याधुनिक प्रविधि र सुविधायुक्त रहेको वेवसाइटमा उल्लेख छ।

महँगो गाडी खरिद गर्न लागेको कोषका कर्मचारीले मन पराएका छैनन्। 'चन्दा सहयोग उठेन भने कर्मचारी पारिश्रमिक पाउँदैनन्,' कोषका एक कर्मचारीले भने, 'यत्रो विलासी गाडी किन चाहियो !' उनले गाडी खरिदको विरोधमा देखिने गरेर उत्रिन गाह्रो रहेको बताए। कोषमा अहिले ६ वटा गाडी छन्। उपाध्यक्ष त्रिपाठी टक्सन चढ्छन्। कोषाध्यक्ष सुरेन्द्रमुनि शाक्य कियाको स्पोटेज प्रयोग गर्छन्। निमित्त सदस्य-सचिव तथा योजना प्रमुख सरोज भट्टराई स्कार्पियो चढ्छन्। सदस्य-सचिवका लागि रहेको अर्को स्कार्पियो अहिले पद रिक्त भएकाले काठमाडौंस्थित सम्पर्क कार्यालय प्रमुख ज्ञानिन राई चढ्छन्। अन्य कार र पिकअप कार्यालय प्रयोजनका लागि प्रयोग भइरहेका छन्।

उपाध्यक्ष त्रिपाठी चढिरहेको टक्सन गाडी पुरानो भएपछि नयाँ गाडी खरिद गर्न लागिएको कोषको भनाइ छ। उपाध्यक्षले इच्छा जाहेर गरेपछि प्रक्रिया अघि बढाएको कोष स्रोतले बतायो। कोष सञ्चालन समिति (बोर्ड) ले गाडी किन्ने निर्णय गरिसकेको छ। उक्त निर्णयमा कुन गाडी र कति मूल्यको किन्ने भन्ने उल्लेख छैन। त्रिपाठीलाई २०७५ साउन १० गते सरकारले पाँच वर्षका लागि उपाध्यक्षमा नियुक्त गरेको हो।

प्रधानमन्त्री केपी शर्मा ओलीबाट पहिलो राजनीतिक नियुक्ति उनले पाएका हुन्। त्यसअघि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको चुनावी सरकारले उनलाई २०७४ मंसिर १४ मा उपाध्यक्षमा नियुक्त गरेको थियो। चुनावपछि ओली नेतृत्वको सरकारले २०७५ असार २१ मा उनलाई पदमुक्त गरेको थियो भने २० दिनपछि पुनः नियुक्त गरेको थियो। 'मासिक पारिश्रमिक नपाउने सरकारी नियुक्ति छ,' एक कर्मचारीले भने, 'सुविधा भने उच्चस्तरको खोज्नु राम्रो हैन।' यसले शान्तिका अनुयायी हुँ भन्नेप्रति नकारात्मक सन्देश गइरहेको ती कर्मचारीले बताए। उपाध्यक्ष त्रिपाठीले कार्यालय प्रयोजनका लागि गाडी किन्न लागिएको बताए। 'लुम्बिनीमा भीभीआईपी मुभमेन्ट हुन्छ,' निमित्त सदस्य-सचिव सरोज भट्टराईले भने, 'त्यसका लागि यस्तो गाडी आवश्यक छ।' उपाध्यक्ष चढ्ने गाडी धेरै बिग्रिने हुँदा उनका लागि नयाँ खरिद गर्न लागिएको कोषका सदस्य अम्रिका कोहारले बताए।

पजेरोका लागि परेको टेन्डरको मेकानिकल इन्जिनियरको सहयोग लिएर प्रारम्भिक मूल्यांकन गरिएको कोषका लेखा अधिकृत नवलकिशोर यादवले बताए। टेन्डर डकुमेन्टअनुसार विस्तृत मूल्यांकन ठीक भए पजेरो किन्न पत्रिकामा आशयपत्र निकालिने उनले बताए। आन्तरिक स्रोतबाट पजेरो खरिद गर्न लागिएको यादवले बताए।

गत आर्थिक वर्षमा मायादेवी मन्दिर प्रवेश टिकट बिक्रीबाट नौ करोड रुपैयाँ संकलन भएको थियो। विभिन्न व्यक्ति र संस्थाबाट दुई करोड रुपैयाँ चन्दा उठेको थियो। अन्य आम्दानी चार करोड रुपैयाँ थियो।

आज राति खण्डग्रास चन्द्रग्रहण

काठमाडौं (कास)- शुक्रवार राति नेपालबाट खण्डग्रास चन्द्रग्रहण देखिनेछ। ग्रहण राति १० बजेर ५२ मिनेटदेखि सुरु भएर ३ बजेसम्म (चार घण्टा आठ मिनेट) रहनेछ।

'यो चन्द्रग्रहणमा पातलो छाया र खण्डग्रास मात्र देखिनेछ,' बीपी कोइराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समितिका कार्यकारी निर्देशक सनतकुमार शर्माले कान्तिपुरसँग भने। सन् २०२० मा विश्वका विभिन्न भागबाट दुईवटा सूर्यग्रहण र चारवटा चन्द्रग्रहण देखिनेछ। यो ग्रहण नेपाल, भारतलगायत एसिया, अफ्रिका र अस्ट्रेलियाको पूरै क्षेत्र तथा अमेरिकाको उत्तरी क्षेत्रबाट देखिनेछ। ग्रहणको अधिकतम अवस्थामा चन्द्रमालाई एउटा गहिरो छायाले ढाकेको देख्न सकिने शर्मा बताउँछन्। पृथ्वीले सूर्यको र चन्द्रमाले पृथ्वीको परिक्रमा गर्छन्। पृथ्वी सूर्यको परिक्रमा गर्दै चन्द्रमा र सूर्यको बीचमा आउँदा चन्द्रमा पृथ्वीबाट छोपिन्छ र त्यहाँ सूर्यको किरण पुग्न नपाई चन्द्रग्रहण लाग्छ।

बर्गिकृत विज्ञापन

घर जग्गा

चपलीहाईट भंगालमा टुक्राजग्गाहरू बिक्रीमा 9851194703

घर बिक्रीमा बालुवाटार कोणमार्ग, सम्पर्क 9841706626

ललितपुरको जुनसुकै एरियामा घरजग्गा खरिदबिक्रीकोलागी 9849188782

ललितपुरको ठेचोमा घडेरी बिक्रिमा 9849737955, 9841223288

ललितपुरमा घरजग्गा खरिद बिक्रीलाई ९८५१०७१५९०

भैसेपाटी हाईटमा ०-७-२-०, ०-६-२-०, ०-६-०-०, ०-७-०-०, जग्गाहरू बिक्रीमा, 9841515302

बुढानीलकण्ठ चपलीबरिपरी टुक्राजग्गा बिक्रीमा 9851074256

ललितपुरमा प्लानिङ्का ०-३-३-३ बिक्रिमा 9851179040

सांखु नपुग्दै मेनहाइवे नजिकै टुक्रा तथा एकमुष्ठ जग्गा बिक्रीमा ९८५१०३५७८०, ९८४९५२५१८०

कलंकी ढुङ्गेअड्डाको हाईवेमा ०-१२-०-० बिक्रीमा 9851027364

किर्तिपुर, गोलढुंगा, सीतापाइला, रामकोट 9841409716

कपन राममन्दिर हाइटमा दिनभरी घामलाग्ने राम्रो ०-७-०-०, 9861497240

सस्तो घर नगरकोट ०-१५-१-० ९८५१०९४८४३

ललितपुर ठेंचोमा साढेचारआना जग्गा बिक्रीमा आनाको एघारलाख 9851064951

गोदामचौरमा ०-४-०-०, आनाको १४,२५,०००- 9861904926

चितवनको खेतिपाती कलकारखाना लागि जग्गा चाहिएमा ९८४१२०६०४४

गणेशवस्तिमा ०-६-२-० बनेको 3/4720147, 9851067692

सुन्दरीजल नयांपाटीमा पल्लानीको २० फिटे बाटोमा टुक्रा घडेरी सस्तोमा 9851066393, 9851021659

इटहरीमा एकतले घर टुक्रा जग्गाहरू सस्तोमा बिक्रीमा, ९८०८७६८८०९

चोभार सुख्खाबन्दरगाह नजिकै खहरेमा छोब्बिसफिटे पिचबाटोमा गोदाम, रिसोर्टहोटल, उद्योगकोलागि उपयुक्त असीआना बिक्रीमा 9841231987, 9841549149

२.५आनामा २तल्लेघर हाइभिजन, थानकोट १,२५,००,०००/- ९८४१५३७५९७

ग्राण्डी हर्सपटलबाट १किमी उत्तर साईबाबा चोकबाट हात्तीगौडा जानेबाटो नजिक पूर्वमोहडाको ०-६-२-०, ०-४-२-० सिधासम्पर्क ९८५९११०४५९९

चावहिलचोक नजिक ०-१०-२-० बनेकोघर बिक्रीमा 9866404126

नंयाबानेश्वर थापागाउमा घरजग्गा बिक्रिमा ९८१८६१०५५३

कोटेश्वरको घडेरी तुरुन्त बिक्रिमा सीधा ९८०३८९३४३४

कम्पनीमा घरजग्गा राखी कर्जा 9860579477

कपनआकाशेधारा चोकैमा ०-६-१-०, कपनबालुवाखानीमा, ०-५-१-१, ९८४१३४५००५

चांगाथली गोपालचोकमा कर्मशियल ६ आना र इमाडोलमा ७ आना जग्गा ९८५९१०८८७३६

टिकाथलीमा ३.३आनामा बनेको ३.५तले नयांघर बिक्रिमा ९८६०३९३३१२

पेप्सिप्लानिङ्गमा २.५तल्ले घरबिक्रिमा सम्पर्क 9810166516

शंखमुलको १७ आना जग्गाबिक्रिमा 9851148343

चितवनको ०-५-१२ एकमुष्ठ १,४०,००,०००। 9851154507

बनस्थली अन्तपूर्णचोक रिंगरोडबाट २०० मिटर भित्र कारखाना गोदामको लागि पार्किङ्ग सुविधा भएको २-८-०-० बिक्रीमा/ भाँडामा 9808037317

बसुन्धरामा आधुनिक घरबिक्रिमा ०-४-१-०, २,८२,५०,०००।- ९८५१०५९०७६

बालकुमारी भित्र च्यासलमा २० फिटबाटो भएको ०-४-०-३, ९८४९१५२६५०

कलंकी सिनेमाहल लाईनमा मालपोतपछाडि ५.५आनाको आकर्षकजग्गा बिक्रिमाआनाको ५०,००,०००/- ९८१३४२८७६८

धुलिखेल अस्पतालको दक्षिणपट्टि हाईटमा २६फिटे पिचबाटोसंगै जोडिएको दक्षिणफर्किएको ५आनाघडेरी तुविक्रीमा। जग्गाधनीको सम्पर्क 9808725394, रु.२५,००००० /- प्रतिआना

बुढानीलकण्ठ, चपलीमा सस्तो घडेरीबिक्रीमा 9851031498

सुन्तखान बालुवामा जग्गा बिक्रीमा प्रतिआना १२लाख 9841332604

काठमाडौंको दहचोकमा जग्गा बिक्रिमा प्रतिआना ७०,०००।- ९८४०३५३४२६, ०१४३७०४४२

ललितपुर खुमलटार प्रचण्ड निवास जानेबाटो १० आना मूल्य आनाको ३५,५०,०००। ९८४१७८५२५६

चापागाउंमा १४ र २३ आना बिक्रीमा ९८४५५३७१२०

सितापाईला रिंगरोडबाट २.५ कि.मी.को दूरीमा रु.१करोड ७०लाख माथिका घरैहरू बुकिगतथा बिक्रिमा, ९८५११८१७५७, ९८५११८०७१६,

ककनीमा हिमाल र काठमाडौंदेखिने पिचबाटोमा ५रोपनी जग्गा बिक्रिमा ९८६३४०२५९९, ९८१०२१७१९३

लोकन्थली ५.५ आनाबिक्रिमा ९८५१०४७१०८, ९८४१४२६४४२

बालुवाटार, चाबेल, महाराजगन्ज आवशिय, व्यापारिक घरजग्गाहरू 9818509742

प्लटिङ्ग/उद्योगको लागिअति उपयुक्त आश्राङ्कको जग्गासस्तोमा ९८५११६३०२१

व्यापारिक घरजग्गा दुइकरोडको चाहियो ९८४३४४५८५६

काठमाडौं टोखा ग्रान्डी हस्पिटल नजिकै ०-६-२-२ जग्गा बिक्रिमा ९८५२०५०७६०, ९८४११८०९३८

रिङ्गरोड बाहिर टुक्राजग्गा चाहियो ९८१३२०१६६३

चपली भद्रकालीमा सस्तोजग्गा बिक्रिमा २५,००,०००।- ९८६८३२४५७४

हात्तिगौंडा गणेशस्कुल भंगालहाईटमा ०-३-२-१ जग्गाबिक्रीमा नयांघरसंग सट्टापट्टागर्न सकिने 9860193128

बालुवाटारमा ०-१३-०-० जग्गा बिक्रीमा 9823727933

गल्कोपाखा ठमेलमा दुईतर्फी बाटोभएको २३-आना जग्गाबिक्रीमा 9861024936

सांखुमा ४आना २पैसा जग्गाबिक्रीमा सम्पर्क 98031939153

बौद्धनजिकै प्यानिङ्गमा आकर्षक नयाँघर 9841663063

सवारी साधन

स्कार्पियो रिजर्भमा चाहिएमा संपर्क ९८२३८१६५२६

Scorpio भाडामा चाहिएमा सम्पर्क ९८१८११६९७०

सम्पर्क

सस्तोमा धितो फुकुवा 9845769503

सस्तोमा Cash deposit धितोफुकुवा 9841027010

सस्तोमा Cashdeposit धितोफुकुवा लोनतिर्न 9851006688

सस्तोमा Cashdeposit, धितोफुकुवा गर्नेपरेमा 9851153365

सस्तोमा Bank Deposit 9863646909, 9803702227

Cash Deposit विदेशकोलागि सस्तोमा 9886158947

विद्यार्थीलाई सस्तोमा Cash Deposit 9826104122

Cash deposit without collateral 9841756349

अतिसस्तोमा धितोफुकुवागर्न, विदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८५१११७९८०

सस्तोमा धितोफुकुवा Cashdeposit सहकारीबाट ऋण ९८४३२७६७२५

Cash Deposit विद्यार्थीको लागि ९८१५१५१५३५

सस्तोमा Bankdiposit डकुमेन्टेसन, धितोफुकुवा 9851067787

धितो राखी ऋण चाहिएमा ९८५११९४९३०

कम्पनीको लागि धितो चाहियो ९८५११९४९३०

धितोफुकुवा, क्यासडिपोजिट, धितोराखी ९८४४४७८७५८, ९८०३१२३५७८

काठमाडौं जिल्लाभरि कार्यक्षेत्र रहेको सहकारीमा लगानीगरी कामगर्न इच्छुकले 9801306463, 9851157674

एक दिनमा धितो फुकुवा 9823501134

खैरो बिरालो घुंटीमा orangecolor फिताबाधेको पौष १२देखि धारामार्ग चावहिल बाट हराएकोले पाउनुभएमा ९८०८८९४२४६

सस्तोमा Bank Cash Deposit 9841081605

विविध बिक्रीमा

चावहीलमा चलिरहेको इन्स्टीच्युट बिक्रिमा ९८५१००२८०४

चलिरहेको कलंकीको रेष्टुरेण्ट ९८४४३४७६४, ९८४५१८०८८२

लगनखेलको व्यस्तचोकमा चलिरहेको फास्टफुड भोजनालय बिक्रीमा ९८४७२७०२७४

नयाबसपार्कमा चलिरहेको गेष्टहाउस तुबिक्रीमा ९८४१८००१९८

नाफामा गइरहेको तन्दुरीरेष्टुरेन्ट बिक्रिमा 9807288664

किराना पसल बिक्रिमा बुद्धनगरचोक ९८०८५२५३५५

पोखराको लेकसाइडमा चलिरहेको रेष्टुरेन्ट बिक्रीमा 9802043330

होटललाई चाहिने सामान बिक्रीमा 9849829731

काठमान्डौमा चलिरहेको गाईफम बिक्रिमा ९८४०७०८५८१

चलिरहेको चाउमिन फ्याक्ट्री बिक्रीमा बुढानिलकण्ठ 9849076470

शंखमूलको चलिरहेको पार्टिप्यालेस रेष्टुरेन्ट बिक्रिमा 9851148343

कालोपुलको भांडा पसल बिक्रीमा ९८५११२६१२३

हात्तिगौंडामा चलिरहेको बुटिक तुबिक्रिमा ९८५११४९७७२, ९८४१८०२३२६

बौद्धमा जेन्सको फेन्सीपसल बिक्रीमा 9851139167

बौद्धस्थित चलिरहेको होटलभित्र स्पाबिक्रीमा 9813500320

रेष्टुरेण्ट बिक्रीमा कुमारीपार्टी मुल्य-४५००००० /- ९८४१५७३४८६

पुतलीसडकमा ट्राभल्स कन्सल्टेन्सी अफिसको लागि डेकोरेशन सहितको अफिस 9823331347

चलिरहेको किराना होलसेल बिक्रीमा टोखा भत्केपुल 9851171961

चावहिलचोकको सुनपसल बिक्रिमा मोवाईल इलोक्ट्रोनिक फेन्सी इत्यादिको लागी पनि उपयुक्त ९८१८६८८९६३, ९८४३८३२३१३

ब्वाईज होस्टेल बिक्रीमा तिनकुने 9851183186

बुढानिलकण्ठको रिसोर्ट बिक्रिमा डाँडागाउ ९८०८८००६९३

ट्राभल्स एजेन्सी बिक्रिमा ६,००,०००।- ९८४१८८८६१६

काठमाडौंको प्रतिष्ठित महलमा राम्रोचलिरहेको क्याफे १८,५०,०००।- ९८४१८८८६१६

पुतलीसडक- शंकरदेव लाइनको साथै बागबजार- अद्वैतमार्गमा सस्तो भाडा भएको प्रसस्त स्पेश, फूल डेकोरेशन सहितको अफिस तु.बिक्रीमा ९८२३१३४८४८

हस्पिटलअगाडी गेष्ट हाउस बिक्रिमा ९८४४८६५०३५

निर्माण सफाई

सेफ्टीटैंकी सफाई २०००। ९८४१६७३२३०, ९८५१०९९५७२

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851089410, 9841266950

ढलट्वाइलेट, मंगलाबनाउने, जामखोल्ने 9844531660, 9841516395

सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 01-5182401

सेफ्टीट्यांकी सफाई गाडीमा १५००/-, ९८४३७६८७३७

सेफ्टीट्यांकी सफाई ठुलागाडीमा मेसिनबाट ५२५१०९२, ९८५१०२४३६४

सेफ्टिटैंकी सफाई सस्तोमा 9841343487, 4464568

सेफ्टिटैंकी सफाई गाडिबाट 9851118279, 9851087058

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

ढलट्वाइलेट, मंगाल जामखोल्ने इनारसफाई, रिजर्भटेङ्कीसफाई, सोलारफिल्टर 9851116022

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344, 9841050858

इनारसफाई, बोरिङ्गसर्भिस, प्लम्बिङ्ग, धाराजामखोल्ने, सोलारसर्भिस पहेलोपानिफिल्टर, रिजर्भटेङ्कीसफाई इनारखन्ने 9851168028

ढलट्वाइलेट मंगाल जामखोल्ने निर्माण 9841982894

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टीटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

सोलार फिल्टर इनारबोरिङ्ग प्लम्बिङ्ग 9841441798

गाडीमेसीनबाट सेफ्टीट्याङ्की ढलट्वाइलेट सफाई 9851247369

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9841955291

भ्याकुमबाट सेफ्टिटैंकी सफाई 014114455, 015712671, 9851152299, 9851052299

प्रोफेशनल पानीटैंकी सफाई 9851152299, 9841367851

सस्तोमा सेफ्टीट्याङ्की उठाइन्छ र ढलमंगाल खोलिन्छ 9841634234, 9841176292

भाडामा

ललितपुर ढोलाहिटि मेनरोडमा 5,400/- sp.ft पार्किङ्ग सहित बैंक अफिस, रेष्टुरेण्टको लागि घर भाडामा, 9851114104, 9851071590

Four Rooms Ground flat for Office parking Available, prime location Hanumansthan, Anamnagar Kathmandu 01-5705051, 9843155278

ललितपुरमा घर फ्ल्याट लिनदिन, 9851046386

ललितपुरमा छिटै घरफल्याट लिनदिने, 9841358684

ललितपुरमा चाडै घरफल्याट लिनदिने, 9851085854

घरभाडामा लिनदिन कुमारलामा Realstate 4720460, 9849427626

भाडामा लिनदिन परेमा bhumikarealestate076@gmail.com, 9851136162

तुरुन्तै घरभाडामा लिनदिन 9851040807 realestatemanakamana@gmail.com

1-Room service apartment at Patan Dubarsquare 3-beedroom apartment at Ekantakuna Jawalakhel 9851067168

गोदामकोलागि मिनभवन बानेश्वरमा भाडामाछ ९८४९८०५७८०

फ्ल्याट भाडामा हात्तिगौडा जगन्नाथमन्दिर 9851081539

बसुन्धारामा ६०००sqft. घर पार्किङ्गसहित 9851063596

अनामनगरमा सुविधासम्पन्न अफिस भाडामा ९८५१०१८४६६

Two bed room apartment near Thamel. 9849464940

लोकन्थली चोकनजिक गार्डेन रेष्टुरेण्टलाई उपयुक्त बाह्रआनामा बनेकोघर, बालकोट चोकनजिक २६' पिचबाटोमा १-०-०-० खालीजग्गा ९८५११६००४९, ९८४१९४४५९९

चाहियो

जोरपाटीचोकैमा पढेनपढेका महिलापुरुष कर्मचारीहरू अर्जेन्ट 13,500/ घरैमाबसी गर्नमिल्नेकाम 01-4912867, 9813528011

खानबस्न सुविधासहित नयांअफिस बालाजुलाई कर्मचारी 15,500/- 01-4388962, 9818349301

गोंगबु अफिसलाई कर्मचारी 15,500/- 01-5905304, 9849365964, 9803691194

सेक्यूरिटीगार्डहरू तु. आवश्यकता १६,०००-२१,०००।- 9803121700

ग्वार्कोचोकैको PGLअफिसलाई अफिसस्टाफ अर्जेन्ट 18500/ सबैलेगर्नमिल्ने 9808728580, 9846599866

गोपिकृष्ण नजिकैको अफिसलाई कर्मचारी अर्जेन्ट 27,500/ 9861497188, 9823691949 (सबैलेगर्नमिल्ने)

सामाखुशी चोकैकोलागि पढेनपढेका महिलापुरुष कामदारहरू अर्जेन्ट 22500-24500 घरअफिसमै गर्नमिल्ने 9823566595, 9842768410

नयांबानेश्वर प्रोजेक्टमा थपकर्मचारीहरू चाहियो साधारण लेखपढ above 26,500 +बोनस 9803558829, 9847943050

आकर्षक सुविधासहित अफिसस्टाफ ललितपुर 9806525154, 9861766825

गोपिकृष्णनजिकै officestaff अर्जेन्ट 28,000/ +खाजाभाडा साधारणदेखि SEE+2,above सबैलेगर्नमिल्ने 01-4820559, 9818282550

गोंगबु अफिसलाई कर्मचारी 15,500/- 9842942463, 9803390405

कालिमाटीचोकमा पढे-नपढेकालाई डल्स, अगरबत्ती, पेपरकटिङ्गमा रोजगार कामघरैमारु. २८,०००/- ९८१३५८६५२२, ९८४५२७९७६३

खानबस्नसहित कलंकी अफिसलाई कर्मचारी 15,500/- 9851024779, 9818554555

कोटेश्वर अफिसलाई १५कर्मचारी 15,500/- 9818535221, 9841466409

ग्वार्को गुणसिनेमा हलसगैको अफिसलाई Staff अर्जेन्ट 21,500 खाजा-१०० भाडालागेजति जोकोहिले गर्नमिल्ने 9828721889, 9847494568

चावहिल KItowerको अफिसलाईस्टाफ 15000/- 9861028530, 9821626393

पढेनपढेका महिलापुरुष कामदार अर्जन्टे ३५,०००।- 9823032655, 9840089976

तुकर्मचारी आवश्यकता 15000/- बौद्ध 9803873207

तन्दुरी कुक, महिला/पुरुष मसाल्ची, टेण्टी तन्दुरी भोजनालय, गौशाला ९८१३७५०१०१

साधारण सेक्यूरीटी तुअर्जेन्ट 17000/ 9813209817

मित्रपार्कको अफिसमा चाइनिजमाला, पेपरकटिङ्ग, सफ्टडल्स अगरबत्ती बनाउनेमा, Call Centere, कर्मचारीहरू १८,५००। ०१-४४७४७८, ९८०८३२२२३१

Homebased Typing Job 26,500/- 9803188112

खानबस्नसहित कलंकीमा कर्मचारी 15,500/- 9813374034, 9840309992

भारतको उत्कृष्ट आलमुनिय सरकारी औद्योगिक कम्पनीमा १५०सेक्यूरिटीगार्ड अर्जेन्ट, तलब-भ.पु.३५,०००।-,सिभिल २४०००।-, सञ्चयकोष, बोनस खानबस्न बीमा तलबबृद्धि 014916689, 9848731351, 9741427400

कर्मचारी आवश्यकता 15500/- चावहिलचोक 9813255411

चावहिल अफिसलाई SLC+2 कर्मचारी 14,500/- 9869461529, 9808835855

गोंगबु अफिसलाई कर्मचारी 15,500/- 9813261320, 9848822910, 01-4020315

तीनकुनेचौकैको CSSकम्पनीलाई पढेनपढेका महिलापुरुष,+2 गरेनगरेका अफिसस्टाफहरू 27,500/ खाजाभाडा बोनस, 9861604419, 9823705671

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,500/- 9823280255

NGO अफिसलाई विविध सेक्टरमा साधारण लेखपढ Test/SEE above कामदारहरू अर्जेन्ट 24500/ 9808551061, 9847776910,

सानेपामा कर्मचारी 18,500/- 9865815490, 9810244230

सेल्स ब्वाय आवश्यक बाइक लाइसेन्स भएको ९८४००५७४२६

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 14,500/- 9813644084, 9842675522

पसलमा कामगर्ने मानिस चाहीयो, 9813508710

कालिमाटीमा ६–१० कामगर्ने पुरुष ९८२३७२०९७७

कुक १ मसाल्ची २ ९८४१८५८५८५

Staff needed for Construction Company, Manager, Engineer, Supervisor, Overseer, Transport incharge, Minimum 3years work Experience 014478802, 9841370595

Staff needed for Night Club, Accountant, Manager, Supervisor, Floor Manager Minimum 3years work Experience 014478802, 9841370595

धुलिखेलको रिसोर्टलाई सुपरभाइजर, कुक, वेटर खानेबस्ने सुविधा आकर्षक तलब ९८६४६५७५३४

अर्जेन्ट अनुभवी मिडियम बेकरी कुक चाहियो 9851229049

कलंकीमा कर्मचारी 17500/- 9803718913, 9862740975

नयांबानेश्वरमा रेष्टुरेन्टकोलागि कुक, हेल्पर, वेटर, मसाल्ची आवश्यकता ९८४११२१५०२

खानबस्नसहित बल्खुअफिसलाई कर्मचारी 19,500/- 9823091703, 9860909328

कस्मेटिकमा स्टाफचाहियो 15,500/- चावहिलचोक 9803842550, 9847300700

कुक चाहियो जगाति, भक्तपुर 9851065106

सेक्यूरिटीगार्ड तुआवश्यकता, भपुसिभिल 9801307121, 01-4385447, 9851235069

जमल बचत तथा ऋण सहकारी संस्थाकोलागी बजारप्रतिनिधि -10जना सम्पर्क 01-4239506, 01-4238346

होस्टेल आय तुआवश्यकता २जना ४७८७११९,४७८२९०६

अफिसलाई स्टाफ 15,000/- सुकेधारा 9851159846

कस्मेटिकमा इमान्दार कर्मचारी 15,500/- 9813370285

साधारण सेक्यूरीटी तुअर्जेन्ट 17000 9801101472

Homebased Typing Job 24,500/- 9817749612

सातदोबाटोमा अफिसलाई SEEabove कर्मचारी :13500/- 9813228445, 9848542220

सरसफाई कम्पनीको लागी पार्टटाइम फुलटाईम कर्मचारी आवश्यकता स्थान: विजुलीबजार, थापाथली, पुलचोक, गौरिधारा, बालाजु ०१४७८१२३९, ९८६३३९९६३३

हेल्पर, वेटर, मसाल्ची धुलिखेल ९८५११२३५०५

ट्राभलकोलागि टुरअपरेटर मार्केटिङ्ग अफिसर 9851205010

कुखुराफर्मलाई दुईजोडी कामदार तलबजोडिको २२,०००।- बस्नेसुविधा, 9851057404

नयाँअफिसलाई 15000/- 014488043, 9851155847, 9818236092

फर्निचर बनाउने सिकारु हेल्परचाहियो 9860906392

कुक-२, हेल्पर-२, वेटर-२ मध्यवानेश्वर ९८६०३१४६३१ खाने-बस्ने सुविधा

होस्टेलमा बसेर कामगर्ने महिलाहेल्पर ९८४१२६८१३४

म:म बनाउने कामदार टीकाथली ९८५१०७४८१३

लगनखेल म:म सेन्टरमा कामदारको आवश्यकता तलब ८,०००।– खानबस्ने ९८०३२२५९८७, ९८०३२२०७५५

1 Delivery Boy/2 Girls for Marketing 9806246837, 9845058531

बुढानिलकण्ठमा पानी फ् योक्टीकोलागि ड्राइभर/हेल्पर ९८०१०६९२९१

मासु पसल चाहियो बालाजु एरियामा 9818684827

खानबस्न व्यवस्थासहित चावहिल Salesgirl, Salesboy 9851228468, 9803508136

माछापोखरीको रेष्टुरेण्टमा कुक चाहियो 4390747

जुनसुकै कामदार, कामचाहिएमा ९८६०८५५६०८, ९८०८९६१९८३

क्यान्टिनकोलागि मसाल्ची- १२,०००। खानेबस्नेसुविधा ९८२३१५३१९९, ९८०३५३९९४४

गेष्टहाउसमा लेडीज, कुक, रुमक्लिनर 9841289726

सेल्सगर्ल, सेल्सब्वाई चाहियो न्यूरोड 9823819465

बाईक लाईसेन्स भएको केटाहरू 9840698067

कुक, हेल्पर, चाहियो तिनकुने 9857014799

जावलाखेलमा क्लिनिककोलागि +2Pass महिला रिसेप्सनिष्ट चाहियो ०१५५५५९९०

मर्मत

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851089410, 9841266950

ढलट्वाईलेट मंगाल जामखोल्ने साथैमर्मत 9807622373

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9843541227

ढलट्वाइलेट, सेफटीटेङ्कीमा मंगालको जामखोल्ने 9851109635

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9851039094

TVLED, SONY, SAMSUNG, LG जुनसुकैपनी ग्यारेन्टीकासाथ मर्मत ९८५९०५९६२९

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

LED/TV, Computer, CCTV ग्यारेन्टीसाथ घरैमाममर्मत 01-4215169, 9841688285

फ्रिज, वासिङ्गमेशिन, A/C, LEDTV, Microwave ग्यारेन्टी घरमैममर्मत 9851156123

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841072969

प्लम्बिन ईनारसफाई सोलारफिल्टर मर्मत 9861292559

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४३७४९८५५

भर्ना

सजिलो संग अंग्रेजी सिक्न 9851045716

अंग्रेजी, भाषा, टिउसन सामाखुशी 014382196

तालिम

डोजर (एस्काभेटर, JCB), फोर्कलिफ्ट अपरेटर तालीमकेन्द्र CTEVT सम्बन्धनप्राप्तः 9851122136

डोजर JCB, Excavator अपरेटर तालिम रु.२५,०००।- फ्रिखानेबस्ने, वाईफाई, कोर्सबुकसहित 9808178842

निशुल्क मण्टेश्वरी, मोवाईल तालिम 9851003391

कुक, वेटर, बारटेण्डर बेकरी कोलिमाटी, नयांबानेश्वर 9860235388

Civil3D, Revit, Google Sketchup, Lumin/VRAY 9841343932

कुक, वेटर, हाउसकिपीङ्ग, औंतेनेसस्तोमा 9851154507

निशुल्कमा मोबाइल, ल्यापटप, हाउसवायरिङ्ग 9803471693

orane makeup studio, eyeplex mall, newbaneshwor only few seats available for upcoming makeup classes. 9869101520, 9803097466

तालिम सिकौ स्वरोजगार बनौ हामीले दिइने तालिमहरू (बेकरी, कुकीङ्ग) साथै सबै खाले रोजगार र कामदारको लागि हामीलाई सम्पर्क गर्नँहोला साथै चलिरहेको बेकरी उद्योग बिक्रीमा साथै पार्टनसीपमा पनि चलाउन सकिने, 9828958214

उपचार

यौनशक्ति, लिङ्गकोसाईज बढाउने Herbal Suppliment ९८५११४७८१०

लिङ्गलाई कडा उत्तेजना बनाउने सप्लिमेन्ट 9851030269

पुरानो दम युरिकएसिड सुगर मॉनिब्याक ग्यारेण्टी न्युरोड 9841269077, 9808300073

बिहावारी

अमेरिका, अष्ट्रेलिया, क्यानडा, युके पिआर सिटिजन 20 देखि 56 सम्मका बरबधु चाहिएमा 9862597178

डिभोर्स विधुवा बधु चाहियो 9869028977

एम.बी.ए. पास बैंकअधिकृत काठमाण्डौ मध्यक्षेत्रको २ ९वर्षको ब्राम्हण बरकालागी आकर्षकव्यक्तित्वमास्टरतह उत्तीर्ण रोजगारभएको २८वर्षमुनिको कुलीनपरिवारको बधुचाहियो सिधासम्पर्क ९८८६३२४१५८

Health मा.मास्टर, HA गरी JobHolder ब्राम्हण बरकोलागि २५-३० बर्षको ब्राम्हणबधु चाहियो 9863460094

बर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

रिजन एड मिडिया एण्ड मार्केटिङ्ग	पेप्सीकोला/कोटेश्वर	०१-५१५५६११/५८५११७८८३०
जिरो मिडिया	अनामनगर	४२२०३२७
सुस्मिता क्लासिफाइड	नयाँबानेश्वर	०१-४१०४२३७, ५८५१०२११७२
सिद्धि गणेश एडभरटाइजिङ्ग	फुलबारी टोल, कपन	४८२३१२५, ५८४३७८७५५६
युनिटेक आई.टी. सोलुसन	चुच्चेपाटी	५८४१३१५४४१
जयबागेश्वरी कम्युनिकेशन	जयबागे

मादलबाट गुजारा
काठमाडौं नरदेवीमा मादल बनाउँदै युवा ।

ekantipur.com

अर्थ वाणिज्य

निजी क्षेत्र भन्छ–

'नीतिभन्दा नियतले समस्या'

कान्तिपुर संवाददाता (काठमाडौं)

सरकारको नीतिनियमभन्दा पनि नियतका कारण लगानी अनकूल वातावरणमा अवरोध भइरहेको सरोकारवालाहरूले बताएका छन् । बिहीबार आयोजित 'कान्तिपुर इकोनमिक समिट २०२०' को 'निजी क्षेत्रको मनोबल' विषयक सेसनका अधिकारीहरूले यस्तो धारणा राखेका हुन् । छलफलमा पूर्वअर्थमन्त्री एवं नेकपा महासचिव विष्णु पौडेल, अर्बपति विनोद चौधरी, राजस्व सचिव शिशिर ढुंगाना र नेपाल-भारत उद्योग वाणिज्य संघकी अध्यक्ष सिर्जना राणाले धारणा राखे ।

'सरकारले प्रदेशमा औद्योगिक पार्क खोल्ने नीति लिएको छ । भैरहवास्थित विशेष आर्थिक क्षेत्र र बनेपाको आईटी पार्क बने पनि सञ्चालन भएका छैनन्,' बहसमा चौधरीले भने, 'औद्योगिक क्षेत्र खुले तर किन सञ्चालन भएनन् ? पूर्वाधार मात्र बनाएर हुँदैन । भित्र जाने वातावरण पनि बनाउनु उत्तिकै आवश्यक छ ।'

सरकारका केही नीति नियमलाई काला कानुन भएको उनले टिप्पणी गरे । 'काला कानुनको अन्त्य नभएसम्म लगानी बढ्दैन,' उनले भने, 'ऐनकानुन बनाउने मान्छे इमानदार, सज्जन र जसका लागि कानुन बनाईंदै छ, त्यो चोर भन्ने सोचाइ छ । यस्तो बनाउँदा तरकारीदेखि फूलसम्मको आयात बिर्सिइन्छ । अनि खर्बौं रुपैयाँ बिदेसिन्छ ।'

सरकारले उद्योग सञ्चालनका लागि नीतिनियम र पूर्वाधार बनाए पनि भित्र छिर्ने वातावरण बनाउन नसकेको छलफलका वक्ताहरूको धारणा थियो । अव्यावहारिक नीतिका कारण लगानीको वातावरण बन्न नसकेको उनीहरूको भनाइ छ । छलफल नै नगरी नीति नियम जारी गर्दा सरकारको नियतमा शंका उब्जिएको नेपाल-भारत उद्योग वाणिज्य संघकी अध्यक्ष राणाले बताइन् । 'नीति नियम धेरै छन् ।

कार्यक्रममा दायाँबाट क्रमशः राजस्व सचिव शिशिर ढुंगाना, उद्योगी एवं सांसद विनोद चौधरी, पूर्वअर्थमन्त्री तथा नेकपाका महासचिव विष्णु पौडेल, उद्यमी एवं नेपाल-भारत उद्योग वाणिज्य संघकी अध्यक्ष सिर्जना राणा र प्रस्तोता प्रतीक प्रधान । *तस्बिर : कान्तिपुर*

यसको आवश्यकता पनि छ,' होटल अन्नपूर्णकी अध्यक्षसमेत रहेकी राणाले भनिन्, 'तर नीति निर्माणमा पर्याप्त छलफल हुँदैन । यसले निजी क्षेत्रलाई नियन्त्रण गरेको महसुस भएको छ ।' सरकारले योजनाबिनै भीसीटीएस प्रणाली लागू गर्दा पनि व्यवसायीलाई समस्या भएको उनले बताइन् । राष्ट्र बैंकले पनि गृहकार्यबिनै सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित नीति जारी गरेको उनको आरोप छ । यसले निजी क्षेत्र तथा व्यक्तिगत रूपमा त्रास फैलिएको उनले बताइन् । 'यी व्यवस्था आवश्यक भए पनि निजी क्षेत्रसँग छलफलबिना ल्याउनुको आशय के हो ?' उनले सोधिन् । सरकारले जारी गरेका नीतिनियम कार्यान्वयनबारे मूल्यांकन नहुँदा समस्या भएको उनको भनाइ छ । राजस्व सचिव ढुंगानाले भने ऐन कानुन बनाउँदा सरोकारवालासँग छलफल गरेको दाबी गरे । सरोकारवाला निकायको सहभागितालाई कुनै कानुन जारी नभएको उनको भनाइ छ । 'विगतमा भएका गल्ती र आगामी दिनमा कसरी प्रोत्साहन गर्ने भन्नेबारे छलफल भएको छ,' उनले भने । राजस्वलाई मात्रै जोड दिएर निजी क्षेत्रलाई संकुचित नपारिएको उनको भनाइ छ । 'सबैका कुरा आआफ्नो दृष्टि र सोचाइमा निर्भर हुन्छन् । आफ्नो मनोगतका आधारमा विश्लेषण गरी कानुन बनाउँदा केही कालो हुन सक्छ,' ढुंगानाले चौधरीतर्फ लक्ष्य गर्दै भने, 'सबै कानुन काला हुँदैनन् ।' निजी क्षेत्रका लागि आधार तय भएको र लगानी आकर्षित गर्नकै लागि वातावरण बनाउन राजस्वमा मात्रै जोड नदिएको उनले बताए ।

निजी क्षेत्रलाई संकुचित पनि नगरिएको उनले दाबी गरे । 'निजी क्षेत्रको मनोबल उकास्न आवश्यक अनुदान दिएका छौं । लगानीकर्ताका लागि पूर्वाधार निर्माण र सुरक्षालाई पहिलो प्राथमिकतामा राखेका छौं,' उनले भने, 'लगानीपछिको सुनिश्चतता पनि हाम्रो प्राथमिकता हो ।' निजी क्षेत्रको मनोबल विकासका लागि सरकारका तर्फबाट जुनसुकै सहयोग गर्न तयार रहेको उनको भनाइ छ ।

नेकपाका महासचिव विष्णु पौडेलले पनि निजी क्षेत्रको मनोबल टुट्न नदिने बताए । 'निजी क्षेत्रले लगानी गरेअनुसार अपेक्षा पनि गरेका हुन्छन् । जोखिम पनि कम खोजेका हुन्छन्, सीमित लगानीमा केही मुनाफा खोज्छन्,' उनले भने, 'सरकारले निजी क्षेत्रको कठिनाइ हेर्छ । मनोबल टुट्न दिँदैन ।' निजी क्षेत्रसँग कम्युनिस्ट पार्टीले घनिष्ट सहकार्य गर्न चाहेको उनले बताए । 'हामी निजी क्षेत्रसँग घनिष्ठ सम्बन्ध राख्न चाहन्छौं,' उनले भने, 'हामी निजी क्षेत्रलाई नलिई अगाडि बढ्न सक्दैनौं ।' सरकारले लगानी भित्र्याउने योजना बनाए पनि व्यावहारिक पाटोलाई ध्यान नदिएको उद्योगी चौधरीले आरोप लगाए । सरकारी अड्डामा लामो समय फाइल रोकिँदा निजी क्षेत्रको मनोबल घट्ने गरेको उनको भनाइ छ । १५ दिनभित्र फाइल रोकिए त्यसको कारण लिखित रूपमै दिनुपर्नेमा उनको जोड छ । 'निजी क्षेत्र रफ्तारको विकास चाहन्छ । त्यहीअनुसार व्यावहारिक एवं नीतिगत परिवर्तन चाहन्छौं,' उनले भने, 'सरकारले एउटा मात्रै निर्णय गरोस्, १५ दिनभन्दा बढी कुनै पनि सरकारी कार्यालयले फाइल थन्काएर राख्न नपाओस् । निर्णय गर्न नसके कारण दिनुपऱ्यो । स्विकार्न सक्दैनौं भनेर लिखित दिनुपऱ्यो ।'

लिखित जवाफ माग्दा मुद्दामा जान्छ भन्ने कर्मचारीको मानसिकता रहेको उनको आरोप छ । 'काम हुन नसकेको सन्दर्भमा लेखेर पनि नदिने, काम पनि नगर्ने । तर अनौपचारिक रूपमा सोध्दा अख्तियारले बोलाउला भन्ने जवाफ पाउँछौं,' उनले भने, 'निजी क्षेत्र चल्ने गति, आत्मबल यही कुराबाट प्रस्टिन्छ । लगानीको कमी छैन । सरकारले व्यावहारिक रूपमा लगानीको वातावरण बनाउनुपऱ्यो ।'

भिडियो हेर्न स्क्यान गर्नुहोस्

कसरी जुटाउने पूर्वाधारमा लगानी ?

कार्यक्रममा दायाँबाट क्रमशः राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष स्वर्णिम वाग्ले, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमाल, पूर्वअर्थसचिव रामेश्वर खनाल, उद्योग सचिव यामकुमारी खतिवडा र प्रस्तोता सेमन्त दाहाल । *तस्बिर : कान्तिपुर*

कान्तिपुर संवाददाता (काठमाडौं)

नेपालको पूर्वाधार विकासमा ठूलो लगानी हुन नसकिरहेको औंल्याउँदै सरकारको बजेट खर्च र स्वदेशी तथा विदेशी लगानीबाटै त्यसको पूर्ति गर्नुपर्नेमा विज्ञहरूले जोड दिएका छन् । बिहीबार आयोजित 'कान्तिपुर इकोनमिक समिट २०२०' अन्तर्गत 'पूर्वाधारको खाडल' शीर्षक सेसनमा वक्ताहरूले सरकारी र निजीक्षेत्र दुवैबाट पूर्वाधार क्षेत्रमा लगानी हुन नसकिरहेको बताए ।

समिटमा प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमाल, योजना आयोगका पूर्वउपाध्यक्ष स्वर्णिम वाग्ले, पूर्व अर्थ सचिव रामेश्वर खनाल र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयकी सचिव यामकुमारी खतिवडाबीच छलफल भएको थियो । 'सरकारको महत्त्वाकांक्षा ७ देखि १० प्रतिशत आर्थिक वृद्धि गर्ने छ,' वाग्लेले भने, '१० प्रतिशतको आर्थिक वृद्धिदर पुऱ्याउन समग्रमा वार्षिक २० खर्ब रुपैयाँ चाहिन्छ ।' तर सरकारको बजेट १५ खर्ब रुपैयाँ बराबरको रहने र उक्त रकमसमेत पूरै खर्च नहुने कारणले लक्ष्य भेट्न कठिन पर्ने जनाइएको छ । संयुक्त राष्ट्रसंघले सन् २०३० सम्मका लागि लागू गरेको दिगो विकासका लक्ष्यहरू भेट्टाउनसमेत पूर्वाधारको ग्यापले असर गर्ने वाग्लेको भनाइ छ । प्रधानमन्त्रीका प्रमुख सल्लाहकार रिमालले भने सरकारी खर्च बढाउन विभिन्न प्रयास भइरहेको दाबी गरे ।

प्रधानमन्त्री कार्यालयमा बसेर हेर्दा सबैभन्दा ठूलो समस्या प्रक्रियामा रहेको उनको भनाइ छ । 'सार्वजनिक खरिद ऐन नै संशोधन हुनुपर्ने हो । ऐन संशोधन गरेको भए नियमावली तलमाथि हुँदैनथ्यो,' रिमालले भने, 'एकै वर्ष हतारमै नियमावली संशोधन भयो, यसो गर्नुको कारण पुँजीगत खर्च धेरै होस् भन्ने हो ।'

नियमावलीबाट काम चलाउन खोज्दा एकै वर्ष चार/चार पटकसम्म नियमावली संशोधन गर्नुपरेको उनको धारणा थियो । 'चार पटकसम्म संशोधन गर्नुपर्ने कारण अन्तरमन्त्रालय समन्वय अभाव पनि हो,' रिमालले भने, 'छैटौं, सातौं र आठौं पटक संशोधनमा केही न केही समस्या देखिए, नवौं संशोधनले सबै समस्या समाधान भएका छन् ।' पूर्वाधार क्षेत्रलाई प्राथमिकतामा राखेर नै सरकारले ठूला परियोजनासम्बन्धी छुट्टै विधेयक ल्याउन लागेको उनले बताए । 'जुन संसद्मा छलफलको क्रममा छ,' उनले भने, 'निश्चित परियोजनाका लागि निश्चित समयसम्म छुट दिएर काम गर्न गर्नुपर्ने आवश्यकता छ ।' पूर्वउपाध्यक्ष वाग्लेले समेत ठूला आयोजनाका लागि छुट्टै ऐन आवश्यक रहेको औंल्याए । '०४४ सालमा सुरु भएको भेरी बबई डाइभर्सन आयोजना र ०५८ मा सुरु भएको मेलम्ची खानेपानी आयोजना अहिलेसम्म पूरा भएका छैनन्,' उनले भने, 'यस्तो अवस्थामा आयोजना प्रमुखलाई नै कालोसूचीमा राख्न अधिकार दिने र निर्माण व्यवसायीको क्षमता पनि बढाउनेतर्फ ध्यान दिनुपर्छ ।'

यस्तै कामका लागि छुट्टै ऐन आवश्यक रहेको उनले बताए । '५० लाख र ५० करोड रुपैयाँका आयोजनालाई एउटै नियम लागू गर्नु ठीक छैन ?' उनले भने, 'छुट्टै ऐन बनाएर राष्ट्रिय गौरवका आयोजना हेर्ने व्यवस्था गर्न सके राम्रो हुन्थ्यो ।' गौरवका आयोजनाको बुझाइमा एकरूपतासमेत नभएको उनको भनाइ छ । अहिले गौरवका आयोजनामा पूर्वाधारका आयोजना मुख्य रूपमा समेटिएका छन् । 'यसलाई फराकिलो बनाउन सक्नुपर्छ,' उनले भने, 'पोषण र शिक्षाका आयोजनालाई पनि राष्ट्रिय गौरवका आयोजना बनाउन सकिन्छ ।'

भिडियो हेर्न स्क्यान गर्नुहोस्

प्राथमिकता न्यूनतम पूर्वाधार कि रेल ?

छलफलमा न्यूनतम पूर्वाधार, रेल र पानीजहाजसम्मको चर्चा चल्यो । पूर्व अर्थ सचिव खनालले रेल अहिलेको प्राथमिकताको विषय नरहेको बताए । 'कम्तीमा तीन वटा आर्थिक करिडोरसहितका उत्तर-दक्षिण जोड्ने सडक हाम्रो प्राथमिकता हुन्,' उनले भने, 'रेल होइन ।' कुशल सडक नै उपयुक्त रहेको उनको भनाइ छ । आर्थिक उद्देश्य के हो भन्ने स्पष्ट नभई सडकले सदरमुकाम जोड्ने काम मात्र भएको उनले बताए । 'तर अहिलेका कुनै पनि सडक कुशल सडक होइनन्, एउटा गन्तव्यबाट अर्को गन्तव्यसम्म मानिसलाई पुऱ्याउने काम मात्र गर्छन्,' उनले भने, 'एउटा गन्तव्यबाट अर्को गन्तव्यसम्म सामान भने पुऱ्याउँदैनन् ।' काठमाडौंदेखि तराईसम्म जोड्ने द्रुतमार्ग, हुलाकी राजमार्ग, मध्य पहाडी लोकमार्ग महत्त्वपूर्ण राजमार्ग रहेको उनको भनाइ छ ।

'काठमाडौं-तराई द्रुतमार्ग र माथिल्लो तामाकोसी दुवै महँगा र ठूलो लागत पर्ने आयोजना हुन्,' उनले भने । फास्टट्राक सेनालाई निर्माण गर्न दिन नहुनेसमेत उनले बताए । 'संकट परेको अवस्थामा मात्र दिनुपर्छ,' उनले भने, 'त्यसमा कि सरकारले स्वविवेक प्रयोग गर्नुपर्‍यो, कि निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (बुट) मोडलमा लैजानुपर्‍यो ।'

'लगानीअनुकूल वातावरण बनेको छ'

समिटमा उद्योग सचिव खतिवडाले पूर्वाधारमा निजी लगानीलाई नै जोड दिनुपर्ने धारणा राखिन् । हाल लगानी अनुकूल वातावरण सिर्जना भएको उनको दाबी छ । 'लगानी अनुकूल वातावरण बनेको विभिन्न तथ्यांकले देखाएका छन्,' उनले भनिन्, 'नियम कानुन पनि त्यही हिसाबले बनाएका छौं ।' हालसम्म आठ वटा कानुन आइसकेको उनले बताइन् । पूर्वाधारतर्फ दिगो विकासको लक्ष्य भेट्टाउन २० खर्ब रुपैयाँको बजेट छुट्याउँदा यातायात र उद्योगमा मात्र ६ खर्ब आवश्यक पर्ने उनले जानकारी दिइन् । 'यो पन्ध्रौं योजनासम्म जोडेर हेर्दा उद्योग क्षेत्रमा मात्र ३२ खर्ब आवश्यक छ,' उनले भनिन् ।

दिगो आर्थिक वृद्धिको सूत्र

'सरकारले पूर्वाधार, निजीले उत्पादनमूलक क्षेत्रमा लगानी'

काठमाडौंमा बिहीबार आयोजित 'कान्तिपुर इकोनमिक समिट-२०२०' का सहभागी । *तस्बिर : इलिट जोशी/कान्तिपुर*

कान्तिपुर संवाददाता (काठमाडौं)

आगामी दशकमा सरकारले चाहेको दोहोरो अंकको आर्थिक वृद्धि गर्न निजी क्षेत्रबाट उत्पादनमूलक र सरकारी तवरबाट पूर्वाधार क्षेत्रमा लगानी केन्द्रित हुनुपर्ने सरोकारवालाहरूले बताएका छन् । कृषि, पर्यटन र जलविद्युत् क्षेत्रमा लगानी बढाउनुपर्नेमा 'कान्तिपुर इकोनमिक समिट २०२०' का वक्ताहरूले जोड दिए । अर्थमन्त्री युवराज खतिवडा, पूर्वअर्थमन्त्रीद्वय रामशरण महत, प्रकाशचन्द्र लोहनी र नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणाले 'नेपाली अर्थतन्त्र : आजको अवस्था र भोलिको दिशा' विषयका छलफल सत्रमा नेपालका लागि तुलनात्मक लाभका क्षेत्र पहिचान गरेका हुन् ।

कार्यक्रममा अर्थमन्त्री खतिवडाले दोहोरो आर्थिक वृद्धिका लागि फड्को मार्न भौतिक पूर्वाधारसहित कृषि र उद्योग क्षेत्रलाई सँगै अघि लैजानुपर्ने बताए । 'कृषिबाट मात्रै दोहोरो अंकको आर्थिक वृद्धिका लागि ठूलो लगानी आवश्यक पर्छ,' उनले भने, 'यसका लागि कृषि, उद्योग र पूर्वाधारलाई सँगै लैजानुपर्छ ।' आर्थिक वृद्धिका लागि पूर्वाधारलाई मात्रै जोड दिँदा आन्तरिक एवं बाह्य माग धान्ने उत्पादन नहुने भएकाले कृषि र उद्योगलाई पनि पूर्वाधारलाई जत्तिकै प्राथमिकता दिनुपर्ने उनको भनाइ छ ।

दोहोरो आर्थिक वृद्धि हासिल गर्न कृषिसहित जलविद्युत् र उत्पादन प्रमुख क्षेत्र भएको उनले बताए । सरकारले पुँजीगत खर्च अर्थतन्त्रको ७-८ प्रतिशतभन्दा बढी गर्न नसकेको भन्दै पूर्वाधारमा लगानी गरिँदिए अन्य क्षेत्रमा निजी क्षेत्रले लगानी गर्ने उनको धारणा छ । व्यापार घाटा डरलाग्दो अवस्थामा रहेको र त्यसलाई कम गराउन उत्पादनमूलक क्षेत्रमा जोड दिनुपर्ने उनको भनाइ छ । 'नेपालको उत्पादकत्व दक्षिण एसियामै कमजोर छ,' उनले भने, 'सर्वप्रथम सरकारले पूर्वाधारमै जोड दिनुपर्छ ।' जलविद्युत् र कृषिमा सरकारले पर्याप्त ध्यान दिए नेपाल दक्षिण एसियाकै एग्रो पावर बन्न सक्ने उनको तर्क छ ।

सरकारले आफ्नो प्रभावकारिता बढाए निजी क्षेत्रलाई उत्पादनमूलक क्षेत्र, जलविद्युत् जस्ता क्षेत्रमा आकर्षित गर्न सकिने महतले बताए । 'सरकार पूर्वाधार बढाउनेभन्दा पनि लोकप्रियतामा लागेको छ,' उनले भने, '२० लाख पर्यटक भित्र्याउने भनिएको छ तर पूर्वाधारमा ध्यान दिइएको छैन ।'

भिडियो हेर्न स्क्यान गर्नुहोस्

अर्का पूर्वअर्थमन्त्री लोहनीले भने आर्थिक वृद्धिका लागि तुलनात्मक लाभको क्षेत्र छान्दा सबै सरकारको उस्तै प्राथमिकता भए पनि संरचनात्मक सुधारतर्फ जोड दिनुपर्ने धारणा राखे । नेपालको अर्थतन्त्रलाई वृद्धि गर्न पर्यटन क्षेत्र प्राथमिकता हुन सक्ने उनको भनाइ छ । पर्यटन क्षेत्रमा सरकार र निजी क्षेत्रबीच सहकार्यको सम्भावना बढी रहेको उनले बताए । 'सरकारले पूर्वाधार बनाइदिने हो भने निजी क्षेत्रले अघि लैजान्छ,' उनले भने, 'अर्थतन्त्रलाई स्थायित्व बनाउने काम जुनसुकै अर्थमन्त्रीले पनि गरेका छन् ।' अर्थतन्त्रसँग सम्बन्धित संरचना कमजोर हुँदै गएको उनले बताए । आर्थिक वृद्धि अर्थतन्त्रको भौतिक तथा संस्थागत विकासका लागि काम गर्ने क्षमता छ कि छैन भन्नेमा केन्द्रित हुने उनको भनाइ छ ।

अर्थतन्त्रमा स्थायित्व भए पनि धेरै देशले विकासमा फड्को मार्न नसकेको भन्दै लोहनीले बजेट कार्यान्वयनका लागि सरकारले संस्थागत सुधार गर्नुपर्ने धारणा राखे । संस्थागत एवं संरचनात्मक सुधार नभए अर्थमन्त्री युवराज खतिवडाले बजेटमा तय गरेको प्राथमिकता पनि हासिल गर्न नसकिने लोहनीले बताए । पाँच वर्षमा सक्नुपर्ने परियोजना १० वर्षमा सक्ने र ५ करोड लाग्ने परियोजनाको लागत ५० करोड लाग्ने प्रणाली परिवर्तन हुनुपर्ने उनको भनाइ छ । उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणाले पनि सरकारले कृषि, पर्यटन, जलविद्युत् जस्ता क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने धारणा राखिन् । त्योबाहेक नेपालमा पाइने ढुंगा पनि बहुमूल्य वस्तुका रूपमा निर्यात हुन सक्ने सम्भावना रहेको उनले बताइन् । 'आर्थिक वृद्धिमा योगदान दिन पर्यटन क्षेत्रको सम्भावना राम्रो भए पनि पूर्वाधार छैन,' उनले भनिन्, 'पर्यटनका लागि योभन्दा बढी गन्तव्य पहिचान गर्न सक्नुपर्छ ।' पर्यटन पूर्वाधारमा सरकारले जोड दिए निजी क्षेत्र लगानीका लागि सधैं तयार रहेको उनले बताइन् ।

कर बढ्दैन : अर्थमन्त्री

अर्थमन्त्री युवराज खतिवडाले करको दर नबढ्ने प्रस्ट् याएका छन् । अब करको दर नभई करसम्बन्धी कानुन र संरचनाको सुधार हुने उनले बताए । अर्थमन्त्रीका रूपमा खतिवडा आएपछि करको दर बढेको सरोकार वालाको गुनासो छ ।

'सांसदलाई बजेट अनुचित'

कार्यक्रमका वक्ताहरूले सांसदलाई विकासका नाममा बजेट दिनु अनुचित भएको बताएका छन् । कार्यक्रममा पूर्वअर्थमन्त्री महतले सांसदलाई निर्वाचन क्षेत्र कार्यक्रमका लागि बजेट दिने प्रथा आफ्नो पालामा नभई अघिल्ला अर्थमन्त्रीहरूले सुरु गरेको र रोक्न खोज्दा बढी दबाब परेको अनुभव सुनाए । आफ्नो पालामा स्थानीय निर्वाचन भएको र त्यो बेलामा सांसदलाई आफ्नो निर्वाचन क्षेत्रमा विकासका लागि केही बजेट दिने परम्परा भए पनि अहिले भने त्यो अनुचित भएको उनको भनाइ छ । 'संविधानले नै स्थानीय सरकारलाई स्थानीय तहको विकास गर्ने म्यान्डेट दिएको छ,' उनले भने, 'स्थानीय सरकारले गर्नुपर्ने कामका लागि सांसदलाई बजेट दिनु संविधानको मर्मविपरीत छ ।'

पूर्वअर्थमन्त्री लोहनीले पनि सांसदलाई दिइँदै आएको बजेट रोक्न अर्थमन्त्रीको दायरा सीमित हुने धारणा राखे ।

'आर्थिक वृद्धि अवास्तविक'

पूर्वअर्थमन्त्री महतले अहिले भइरहेको आर्थिक वृद्धि भूकम्प र नाकाबन्दीको प्रभावस्वरूप बढेको देखिए पनि दिगो नभएको दाबी गरे ।

बाँकी पृष्ठ १२

‘जनताको पैसा सुरक्षित गर्न वित्तीय क्षेत्र नियन्त्रण’

कार्यक्रममा बायाँबाट क्रमशः नेपाल राष्ट्र बैंकका गभर्नर चिरञ्जीवी नेपाल, बैंकर्स एसोसिएसनका अध्यक्ष भुवन दाहाल, मेगा बैंककी सीईओ अनुमा खुञ्जेली, प्रभु बैंकका सीईओ अशोक शेरचन र प्रस्तोता कृष्ण आचार्य ।

तस्बिर : अंगद ढकाल/कान्तिपुर

कान्तिपुर संवाददाता (काठमाडौं)

सर्वसाधारणको निक्षेप सुरक्षित गर्न अवस्था हेरेर वित्तीय क्षेत्रको नियन्त्रण गर्नुपरेको राष्ट्र बैंकका गभर्नर चिरञ्जीवी नेपालले बताएका छन् । वित्तीय क्षेत्रलाई दिगो र राम्रो बनाउन राष्ट्र बैंकले आवश्यकताअनुसार बैंक तथा वित्तीय संस्थालाई नियमन एवं नियन्त्रण गर्दै आएको उनले स्विकारे । ‘राष्ट्र बैंकले मनगढन्ते रूपमा निर्देशन ल्याउँदैन, अध्ययन अनुसन्धानपछि मात्र निर्णय गर्छ,’ उनले भने, ‘यसरी आएका नीति निर्देशनलाई नियमन वा नियन्त्रण ?’ ती गतिविधिलाई राष्ट्र बैंकले नियमनकै पाटोका रूपमा हेरेको उनले बताए ।

काठमाडौंमा बिहीबार आयोजित कान्तिपुर इकोनमिक समिटमा ‘वित्तीय क्षेत्र नियमन कि नियन्त्रण’ विषयक अन्तर्क्रियामा गभर्नर नेपालले भने, ‘बैंक तथा वित्तीय संस्थाले जनताको पैसामा मनपरी गर्न पाइँदैन । करिब १० प्रतिशत पुँजी हालेर ९० प्रतिशतमा हालिमुहाली गर्ने अधिकार बैंकलाई छैन ।’ वित्तीय संस्थामा समस्या आएपछि त्यसको जिम्मा राष्ट्र बैंकले लिनुपर्ने भएकाले पनि तिनलाई मनपरी गर्न दिन नहुने उनको भनाइ छ ।

विगतमा वित्तीय सुधारका नाममा सरकारी स्वामित्वका तीन वटा बैंकमा मात्र करिब १० अर्ब रुपैयाँ खर्च भइसकेको उनले बताए । ‘त्यसमा राष्ट्रको लगानी छ, सर्वसाधारणको पसिनाको कमाइ छ, कुनै पनि हालतमा राष्ट्र बैंकले त्यसको दुरुपयोग गर्न दिनुहुँदैन,’ उनले भने ।

राष्ट्र बैंकले अन्तर्राष्ट्रिय अभ्यास तथा मापदण्डलाई पनि अंगीकार गर्नुपर्ने र ती पक्षलाई नियन्त्रणका रूपमा हेर्ने गरिएको उनको भनाइ छ । भारतलगायत छिमेकी मुलुकमा पनि निश्चित उमेर समूहभन्दा माथिका व्यक्ति बैंक तथा वित्तीय संस्थाको कार्यकारी पदमा बस्न नपाउने व्यवस्था गभर्नर नेपालले बताए । ‘बुबा वृद्ध हुँदै गएपछि व्यक्तिगत सम्पत्ति व्यवस्थापन गर्न पनि छोरालाई जिम्मा दिइन्छ । जनताको सम्पत्ति व्यवस्थापन गर्न चाहिँ उमेर नचाहिने ?’ उनले भने । यही कारण राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थामा अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतको उमेर हद तोकेको उनले प्रस्ट्याए ।

राष्ट्र बैंकलाई अन्तर्राष्ट्रिय क्षेत्रले पनि नियालिरहने भएकाले पनि समयसापेक्ष रूपमा आफ् ना नीतिनियमलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार परिमार्जन गर्नुपर्ने उनको भनाइ छ । ‘यसलाई कसैले नियमन भन्लान्, कसैले नियन्त्रण,’ उनले थपे, ‘राष्ट्र बैंकका लागि यो नियमित काम र कर्तव्य हो ।’ राष्ट्र बैंकले समग्र वित्तीय क्षेत्रकै

भिडियो हेर्न स्क्यान गर्नुहोस्

हितका लागि नीतिनियम बनाउने र यस क्रममा अन्तर्राष्ट्रिय प्रयोग तथा मापदण्डलाई आधार लिइने उनले बताए ।

पछिल्ला वर्षमा राष्ट्र बैंकमा अर्थ मन्त्रालयको हस्तक्षेप बढेको आरोप गलत रहेको गभर्नर नेपालको भनाइ छ । ‘म नेतृत्वमा आएलगत्तै पुँजी बढाएर ८ अर्ब रुपैयाँ बनाउन निर्देशन दिएँ, त्यो सरकारले भनेको थिएन,’ उनले भने, ‘अहिले ८ अर्ब पनि कम भएको बैंकहरूले बताउँदै आएका छन् ।’

अपवादबाहेक राष्ट्र बैंकको व्यवहार नियमनकारी नै भएको बैंकर्स संघका अध्यक्ष भुवन दाहालले बताए । ‘संख्या र पुँजीगत आधार बढेसँगै बैंकहरूबीच तीव्र प्रतिस्पर्धा छ,’ उनले भने, ‘प्रतिस्पर्धाको दौडमा बैंकहरू केही अराजक भए, राष्ट्र बैंकले संयमित हुन भन्यो । त्यसलाई नियन्त्रण कसरी भन्ने ?’

राष्ट्र बैंकको प्रभावकारी नियमन तथा सुपरिवेक्षणका कारण नेपाली वित्तीय क्षेत्र दक्षिण एसियाकै उत्कृष्ट रहेको उनको दावी छ । ‘अन्तर्राष्ट्रिय क्षेत्रमा हाम्रो छवि राम्रो छ,’ उनले भने, ‘राष्ट्र बैंकको नियमनकै कारण यस्तो अवस्था आएको हो ।’ राष्ट्र बैंकका पछिल्ला केही नीति निर्देशन बैंकको नाफा घटाउने खालका छन् । यसरी हरेक वर्ष नाफाको वृद्धिदर घट्दै जाँदा बैंक तथा वित्तीय संस्था दिगोपनमा पनि सोच्नुपर्ने बेला आएको उनले बताए । बैंकहरूले ब्याजदरमा ‘सिन्डिकेट’ गरे नि ? भन्ने जिज्ञासामा उनले भने, ‘सामूहिक नाफा बढाउने उद्देश्यले सिन्डिकेट गरिन्छ, बैंकहरूको नाफा वृद्धिदर भने घटेको छ । यसकारण ब्याजदरमा भएको सहमति सिन्डिकेट होइन ।’ ब्याजदरमा देखिएको अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न बैंकहरूले निक्षेपको ब्याजदरमा एक प्रकारको सहमति गर्नुपरेको उनको भनाइ छ । राष्ट्र बैंककै कडाइका कारण वित्तीय क्षेत्र पारदर्शी र गुणस्तरीय बन्दै गएको उनले बताए ।

राष्ट्र बैंकले नियन्त्रण नभई जिम्मेवार अभिभावकको जिम्मेवारी निर्वाह गर्दै आएको मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीको भनाइ छ । ‘बैंकहरूले पनि मनपरी गर्न त पाइएन नि,’ उनले भनिन्, ‘नीति नियम मन्त्रैपऱ्यो ।’ राष्ट्र बैंकले आवश्यकताअनुसार नियमन र नियन्त्रण दुवै आवश्यक रहेको उनले बताइन् । राष्ट्र बैंकले वित्तीय क्षेत्रका हरेक गतिविधि सूक्ष्म रूपमा हेरेको छ । त्यसका आधारमा नीति निर्देशन जारी गर्छ । यसलाई नियन्त्रणका रूपमा हेर्न नहुने उनको भनाइ थियो ।

संघीय संविधान जारी भएपछि मुलकमा नयाँ अवसर सिर्जना भएकाले वित्तीय क्षेत्रले त्यसलाई पूर्ण उपयोग गर्नुपर्ने प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले बताए । ‘संघीयता कार्यान्वयन संक्रमणकालीन अवस्था रहेकाले केही ढिलाइ भए पनि त्यसलाई समस्याका रूपमा लिनुभएन,’ उनले भने, ‘नयाँ अवसरको उपयोगमा लाग्नुपऱ्यो ।’ कृषि, ऊर्जा र पर्यटनमा आफ्नै साधनस्रोत रहेकाले तिनको विकास एवं विस्तारबिना तीव्र आर्थिक विकास सम्भव नभएको उनको भनाइ छ । ‘हाम्रो लगानी ती प्रमुख तीन क्षेत्रमा केन्द्रित गर्नुपऱ्यो,’ उनले भने, ‘सम्भावना जति पनि छ । यसमा सरकारको पनि ध्यान जानुपर्छ ।’

सरकारले पूर्वाधार, निजीले उत्पादनमूलक...

‘अहिले भइरहेको आर्थिक वृद्धिको आधार सेवा क्षेत्र हो,’ उनले भने, ‘विशेषगरी रेमिट्यान्सबाट आर्थिक वृद्धिका लागि बढी योगदान भइरहेको छ । उत्पादनशील क्षेत्रमा पनि आर्थिक वृद्धि हुनुपर्छ ।’ सरकारले सामाजिक क्षेत्रमा बढी लगानी गरेको आरोप लगाउँदै उनले कृषि वस्तुसमेत आयात हुन लागेकोमा चिन्ता व्यक्त गरे ।

उद्योग वाणिज्य महासंघ अध्यक्ष राणाले पनि अर्थतन्त्रमा उत्पादन क्षेत्रको योगदान घट्दै गएको टिप्पणी गरिन् । अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान बढी भए पनि कृषि क्षेत्र व्यावसायिक नभएको उनको भनाइ छ । ‘अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान बढी छ,’ उनले भनिन्, ‘उद्योग क्षेत्रको योगदान १२ प्रतिशत जति मात्रै छ ।’ यो सूचकांक हेर्दा अर्थतन्त्र चलायमान नभएको उनले बताइन् ।

‘अनुदान होइन सीप’

पुँजीगत क्षेत्रमा बजेट खर्च गर्न नसकेको र अनुदानका रूपमा रकम बाँडेको विषयमा सरकारको आलोचना भइरहँदा जानकारहरूले भने सरकारले अनुदान दिनेभन्दा पनि बेरोजगारहरूलाई सीप दिने कार्यक्रम लागू गर्नुपर्नेमा जोड दिएका छन् । कार्यक्रममा अर्थमन्त्री खतिवडाले संविधानले नागरिकका लागि तोकेका ३१ वटा मौलिक हकमध्ये आधाजसो आर्थिक हकसँग सम्बन्धित भएकाले नागरिकलाई सुविधा दिने विभिन्न कार्यक्रम लागू गर्नुपरेको दावी गरे । ‘लोक कल्याणकारी राज्य हाम्रो अवधारणा हो,’ उनले भने, ‘यसमा सामाजिक न्यायसहितको वितरण चाहिन्छ ।’ आर्थिक रूपमा धान्नै नसकिने तहभन्दा बढी वितरण गर्न नहुने उनको भनाइ छ । ‘कुल बजेटको १५ प्रतिशतभन्दा बढी रकम सामाजिक सुरक्षामा नलगाऔं भनेर मैले भन्दै आएको छु,’ उनले भने, ‘राजस्व २५ प्रतिशत हाराहारीमा छ, सामाजिक सुरक्षामा मात्रै खर्च गऱ्यौं भने विकासका लागि पैसा पुग्दैन ।’

पूर्वअर्थमन्त्री महतले पनि लहडका आधारमा नभई मापदण्डको आधारमा अनुदान हुनुपर्ने बताए । ‘बेरोजगारलाई अनुदान होइन, सीप दिनुपर्छ,’ उनले भने । सरकारले मितव्ययी खर्च नगरे संघीयता सम्भव नहुने उनको भनाइ छ । ‘संघीयतामा जाँदा प्रशासनिक खर्च धेरै बढेको छ,’ उनले भने, ‘सरकार मितव्ययी नबने आर्थिक रूपमा संघीयता सम्भव हुन्न ।’ हाल ३७ हजार निर्वाचित जनप्रतिनिधि रहेको र सबैलाई तलब दिनुपरेकाले संघीय एवं अन्य तहका सरकारको चालु खर्च बढेको उनको भनाइ छ ।

महासंघ अध्यक्ष राणाले सरकारले अध्ययन नै नगरी अनुदान दिने प्रवृत्तिले आवश्यक भएकालाई अनुदान नपुग्ने समस्या देखिएको बताइन् । सरकारले पर्याप्त अध्ययन गरेर मात्रै अनुदानमा रकम खर्च गर्नुपर्ने उनको धारणा थियो ।

अर्थ संक्षेप

ट्राफिकलाई नाडाको सहयोग

काठमाडौं (कास)- नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले महानगरीय ट्राफिक प्रहरी महाशाखालाई २०० सीसीको जेन्टलम्यान मोटरसाइकल सहयोग गरेको छ । नाडाका अध्यक्ष कृष्णप्रसाद दुलालले महाशाखा प्रमुख भीमप्रसाद ढकाललाई मोटरसाइकलको साँचो हस्तान्तरण गरे । प्रहरी प्रमुख ढकालसँग नाडा प्रतिनिधिसहितको टोलीले राजधानीको ट्राफिक व्यवस्थापनमा देखिएका समस्या र समाधानबारे छलफल गरेपछि सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गरेको हो ।

मेटलाइफको नयाँ कार्यालय

काठमाडौं (कास)- मेटलाइफले काठमाडौं रवि भवनमा नयाँ एजेन्सी कार्यालयको उद्घाटन गरेको छ । कम्पनीका उपाध्यक्ष तथा महाप्रबन्धक निर्मलकाजी श्रेष्ठले कार्यालयको उद्घाटन गरे । नयाँ कार्यालयले कम्पनीका ग्राहकलाई थप सुविधा पुग्ने बताइएको छ ।

Feed the Future Nepal Knowledge-Based Integrated Sustainable Agriculture in Nepal (KISAN) II Project

Notice for Expression of Interest

KISAN II invites Expression of Interest from potential vendors/suppliers and service providers with experience of working in the following areas.

1. Air Ticketing service: Domestic air ticketing (all sectors of Nepal)
2. Vehicle Hire: Inside Kathmandu valley and project districts - Kavre, Nuwakot, Sindupalchok & Makwanpur
3. Printing/Publications: ID card, Business card, letterhead, Notebook, brochure, fact sheets, IEC materials etc.
4. Toner/Cartridge and IT related services/supplies: Cables, Keyboard, Mouse and other IT related accessories
5. Hotel services: Accommodation, meeting/workshop/seminar hall including food
6. Advertisement Services: Newspaper advertisement
7. Translation and interpretation services: Translation services- written and verbal (English to Nepali, vice versa) mostly agriculture related. For this service individual consultants can also apply.
8. Courier Services- National

Interested firms and agencies having at least 2 years of experience working with INGOs and NGOs in providing services listed above should send a request for EoI format to **info.KISAN@winrock.org**

Along with the completed EoI the firm should email the following documents to **info.KISAN@winrock.org** by January 24, 2020 and the subject line should state Submission of EoI for specific category of service(s) as mentioned above.

For Firms:

- Signed letter of Interest in company letterhead
- Completed EOI Form/format
- Company profile
- Company registration documents with list of directors with renewal, if applicable
- VAT/PAN registration
- Latest Audit Report and Tax clearance certificate
- Recent reference letter from 2 clients

For Individual Consultants:

- For translation and interpretation services consultants should send signed letter of interest, updated CV highlighting relevant skills and expertise, VAT/PAN registration, and recent reference letter from 2 clients along with the completed EoI format.

Only shortlisted firms and individuals will be contacted for further processing. Canvassing at any stage of the process shall lead to automatic disqualification of the application. WI/KISAN II project reserves the right to accept or reject any or all EOI without assigning any reason and decision of WI/KISAN II will be final.

Winrock International/KISAN II Project
Sanepa, Lalitpur

सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
कान्तिपुर

कान्तिपुर
सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
Kantipur Saving & Credit Co-Operative Ltd.

केन्द्रीय कार्यालय: गोरखा कम्प्लेक्स, मिनभवन, काठमाडौं, पो.ब.नं.: २०४५७, फोन नं.: ४१०६५३१, ४१०६५४९, ४१०६५५०

को

२३औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

यस संस्थाको संचालक समितिको मिति २०७६ पौष ३ गते बसेको बैठकको निर्णय अनुसार संस्थाको २३ औं बार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा बस्ने बारेको सूचना सम्पूर्ण सदस्य महानुभावहरुलाई जानकारीको लागि पत्र पठाइसकेको र सो सूचना संस्थाको केन्द्रीय कार्यालयको सूचना पाटीमा समेत टांस गरि सकेको हुंदा सोको जानकारी प्राप्त नभएको भए यसै सूचनालाई आधारमानी उपस्थित भई दिनुहुन सम्पूर्ण सदस्य महानुभावहरुलाई हार्दिक अनुरोध गरिन्छ ।

छलफलका विषयहरु:

१. संचालक समितिको तर्फबाट आ.व. २०७५/०७६ को अध्यक्षज्यूको वार्षिक प्रतिवेदन,
२. आ.व. २०७५/०७६ को लेखा समितिको प्रतिवेदन,
३. आ.व. २०७५/०७६ को लेखा परीक्षण प्रतिवेदन,
४. आ.व. २०७६/०७७ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण,
५. आ.व. २०७६/०७७ को लागि वार्षिक बजेट नीति तथा कार्यक्रम तर्जुमा,
६. निर्णय पुस्तिका दस्तखत गर्न शेयर सदस्यहरुको तर्फबाट ८ जना प्रतिनिधि मनोनयन गर्ने,
७. विशेष प्रस्तावः संस्था गाभ्ने/गाभिने (मर्जर गर्ने) ।
८. विविध ।

सभा हुने स्थान, मिति र समय :

मिति : २०७६ पौष २८ गते, सोमबार ।
स्थान : बानेश्वर बैंक्वेट, थापागाउँ, बानेश्वर, काठमाडौं ।
समय : दिउसो १:०० बजे ।

आज्ञाले,
(सचिव)
संचालक समिति

नेपाल स्टक एक्सचेन्ज

२४ पुस २०७६ को कारोबार

कम्पनीको नाम	अघिल्लो दिनको मूल्य	अन्तिम मूल्य	कारोबार संख्या	फरक
कृषि विकास बैंक	३६९	३६५	११०५९	-४
आंखुखोला जलविद्युत	५६	५७	३००	१
अपी पावर कम्पनी	११३	११२	२४५४१	-१
अरूण कावेली पावर	११४	११५	५४४५३	१
अरूणभ्याली हाइड्रोपावर	९३	९१	२०५०	-२
आशा लघुवित्त	५६५	५८०	७५६५	१५
एसियन लाइफ इन्स्योरेन्स	३८२	३८१	११५७३	-१
बैंक अफ काठमाडौं लि.	२२६	२२५	२२६१३	-१
बेस्ट फाइनान्स	८५	९०	३९२१	५
विशाल बजार कम्पनी	१८५३	१८१९	१९०	-३४
बुटवल पावर कम्पनी	३०९	३०९	११४८३	०
सेन्ट्रल फाइनान्स	१३२	१२७	५१३२	-५
सेन्चुरी कमर्सियल बैंक	१६९	१७०	१३२१३	१
छिमेक लघुवित्त विकास बैंक	८३९	८५६	९७२२	१७
छ्याङ्दी हाइड्रोपावर	८५	८६	१५५	१
चिलिमे हाइड्रोपावर	३७३	३७२	३६२४	-१
सिटिजन बैंक इन्टरनेशनल	१९३	१९४	८४५३	१
सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट	२०९१	२०७७	२५५७	-१४
सिटिजन म्युचुअल फन्ड	९.४५	९.२७	४५००	-०.१८
सिमिल बैंक	१३७	१३७	२०८८९	०
सिमिल बैंक प्र.से.	१००	१००	२०१८६६१	०
सिमिल लघुवित्त वित्तीय संस्था	७२८	७९४	५४२८	६६
कर्पोरेट डेभलपमेन्ट	१२३	१२२	७४९८	-१
डिप्रोक्स लघुवित्त वित्तीय संस्था	९३७	९५७	२४१४३	२०
देव विकास बैंक	१४३	१४२	६१७०	-१
दिव्येश्वरी हाइड्रोपावर	५५	५८	२११	३
एमरेष्ट बैंक लि.	५८५	५८६	१०४६१	१
एमरेष्ट इन्स्योरेन्स	२७५	२७९	१००४९	४
एक्सेल डेपलपमेन्ट बैंक लि.	३०४	३०१	२५५	-३
फस्ट माइक्रोफाइनान्स	३४२	३६७	४९००९	२५
फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स	१११०	११४०	३०३९	३०
गणपति माइक्रोफाइनान्स	६३५	६८५	१६४१५	५०
गरिमा विकास बैंक	२१२	२१५	२१४०८	३
घोडीघोडा लघुवित्त	६२९	६९१	३४९८	६२
गोलोबल आइएमइ लघुवित्त वित्तीय	९६९	१०२२	४६२०	५३
गुडविल फाइनान्स	१३०	१३२	३२२	२
ग्रामीण विकास लघुवित्त	३५२	३६७	६६३७२	१५
ग्रीन डेभ. बैंक	१०३	१०५	५७०७	२
गुहेश्वरी मर्चेन्ट बैंक एण्ड फाइनान्स	११८	१२०	४९७६	२
गुराँस लघुवित्त वि. संस्था	५४५	५८१	७२७३	३६
गुराँस लाइफ इन्स्योरेन्स	४८३	४८५	१३०३९	२
गुर्खाज फाइनान्स	११७	११६	१७६	-१
हिमालय ऊर्जा विकास क.	१०४	१०४	११२०	०
हिमालयन बैंक	५४१	५४४	७८८२	३
हिमालयन डिष्टिलरी	१२०८	१२०२	७८३४	-६
हिमालयन जनरल इन्स्योरेन्स	२८८	२९५	४८८५	७
हिमालयन पावर पार्टनर	१५०	१४६	६७५	-४
हाइड्रोसिटी इन्भे. एन्ड डेभ. क.लि.	१३४	१३५	४९४१	१
आईसीएफसी फाइनान्स लि.	१५२	१५२	२५२५	०
आईएमई जनरल इन्स्योरेन्स	३१७	३२९	४२९१	१२
इन्फिनिटी लघुवित्त	५८३	६३२	६६२६	४९
जानकी फाइनान्स	१६१	१६३	४३३	२
जनउत्थान सामुदायिक लघुवित्त	१२६१	१३५०	८७२८	८९
ज्योति विकास बैंक	१५७	१५६	८६८५	-१
कालिका पावर कम्पनी	८४	८४	१४१०	०
कामना सेवा विकास बैंक	१३८	१३८	७१२	०
कन्चन डेभलपमेन्ट बैंक	२२९	२३३	२८१९	४
कर्णाली डेभलपमेन्ट बैंक	१०५	१०३	२४८०	-२
खानीखोला हाइड्रोपावर	५२	५२	२४०	०
कुमारी बैंक लि.	१८६	१८६	२७४०८	०
लक्ष्मी बैंक	२०१	२०१	९७८४	०
लक्ष्मी लघुवित्त वित्तीय संस्था	७८८	८२५	४५३२	३७
लक्ष्मी म्यालु फन्ड-१	९.१०	९.२८	३०००	०.१८
लाइफ इन्स्योरेन्स कं.लि.	१०९०	१११०	२११९	२०
लुम्बिनी विकास बैंक	१८०	१८०	१८५१४	०
लुम्बिनी जनरल इन्स्योरेन्स	३४०	३५५	१६८०१	१५
माछापुछ्रे बैंक लि.	२२५	२२५	२७१७४	०
महालक्ष्मी विकास बैंक	१८०	१८४	९९३९	४
महिला सहयात्रा माइक्रोफाइनान्स	६३२	६९२	४१५४	६०
महुली सामुदायिक लघुवित्त	८६८	८८५	१६०८	१७
मन्जुश्री फाइनान्स	१५१	१५०	१७०६९	-१
मेगा बैंक	१९४	१९३	२०३४४	-१
मेगा बैंक प्र.से.	१००	१००	१२२३	०
मेरो माइक्रोफाइनान्स	५०२	५४०	२४४२६	३८
मितेरी डेपलमपेन्ट बैंक	२६८	२७०	१६८५	२
मिथीला लघुवित्तय वित्तीय संस्था	५४३	५७५	३१२४	३२
माउन्टेन हाइड्रो नेपाल	९५	९३	२३१०	-२
मुक्तिनाथ विकास बैंक	२९१	२९१	११५९९	०
नबिल बैंक	७२१	७१६	९६२४	-५
नबिल इक्विटी फन्ड	७.७५	७.६५	२४६४९	-०.१०
नेडेप लघुवित्त	५५२	५९०	१७३०३	३८
नेशनल हाइड्रोपावर कम्पनि लि.	५२	५१	१०९६०	-१
नेशनल लाइफ इन्स्योरेन्स	४९०	४८९	२७२८	-१
नेशनल माइक्रोफाइनान्स	१२८०	१३२८	१२७९	४८
नयाँ नेपाल लघुवित्त विकास बैंक लि.	५५५	५९५	३४९०	४०
नेको इन्स्योरेन्स	४००	४००	८२१८	०
नेपाल बंगलादेश बैंक लि.	१९६	१९८	४०१७४	२
नेपाल बैंक लि.	२७३	२७१	२८९९६	-२
नेपाल क्रेडिट एन्ड कमर्स बैंक	२०८	२०९	३७०८४	१
नेपाल दूरसञ्चार	६२३	६२०	२०६०	-३
नेपाल फाइनान्स	१२८	१२६	९४०	-२
नेपाल हाइड्रो डेभलपर्स	११६	११६	७६०	०
नेपाल इन्स्योरेनस	३१८	३१०	२६९२८	-८
नेपाल इन्भेष्टमेन्ट बैंक	४००	३९८	२००४१	-२
नेपाल इन्भेष्टमेन्ट बैंक प्र.से.	३७०	३७०	१०५५	०
नेपाल लाइफ इन्स्योरेन्स क. लि.	९६१	९६०	१५०५३	-१
नेपाल एसबीआई बैंक	३८६	३९५	५१५९	९
नेपाल सेवा लघुवित्तय वित्तीय संस्था	५३६	५८६	२७१५	५०
नेरूडे लघुवित्त	५५६	५८८	१८४६२	३२
न्याग्दी ग्रुप पावर	११०	११२	७४७	२
एनआईबीएल प्रगति फन्ड	६.८२	७.०३	१२०३०	०.२१
एनआईबीएल समृद्धि फन्ड	८.७७	८.९४	३५०००	०.१७
एनआइसी एसिया बैंक लि.	४३४	४३३	३३४२७	-१
एनआइसी एसिया ग्रोथ फन्ड	८.८२	८.८२	१७०००	०
निर्धन उत्थान	८५७	८६४	८७५७	७
एनएलजी इन्स्युरेन्स कं. लि.	६१६	६३८	३५३१	२२
एनएमबी माइक्रोफाइनान्स	६४४	६८५	४५२३	४१
एनएमबी बैंक लि.	३३७	३३५	२८०३६	-२
ओरिन्टल होस्टेल लि.	४६५	४६३	६९५४	-२
पन्चकन्या माई हाइड्रो	८६	८५	१७०	-१
पाचथर पावर क.	११५	११५	११५२	०
प्रभु बैंक	२३१	२३४	६७१७०	३

कुल कारोबार मूल्य : ८३७,०३५,७५७ | कारोबार संख्या : ,६५६
सेयर संख्या : ३,८४९,७२२ | नेप्से : १,२१३.११ (३.५१)

कान्तिपुर मिडिया ग्रुपले बिहीबार राजधानीमा आयोजना गरेको इकोनोमिक समिट-२०२० का सहभागी ।

तस्बिर : अंगद ढकाल/कान्तिपुर

आर्थिक बहसको खाँचो...

अहिलेको सन्दर्भमा महत्त्वपूर्ण कुरा के भने उदारीकरणको बृहत् अभ्यास र त्यसको अर्थराजनीतिबारे व्यापक बहस नै भएन । राज्यको भूमिकालाई संकुचित गर्ने क्रममा नियमन गर्ने संयन्त्र र निकाय न व्यवस्थित भए न अनुशासित । नीति र कार्यक्रमहरू दातृनिकाय र अर्थतन्त्र हाँक्ने हस्तीहरूले तिलस्मी ढंगले यसरी ल्याए मानौं कार्यक्रम र नीतिहरूबाट प्रभावित हुने समुदायहरूको यसमा कुनै सरोकार छैन । गरिब देशले अन्तर्राष्ट्रिय वित्तीय संस्थासँग लिइने ऋणका माध्यमबाट ल्याएको गरिबी निवारण कार्यक्रमबारे चाखलाग्दो कुरा त के छ भने हालसम्म गरिएका जीवनस्तर सर्वेक्षणले त्यसबीच भएको गरिबी निवारणमा सार्वजनिक शिक्षा र स्वास्थ्य जस्ता सामुदायिक सेवाको विस्तार र श्रमिक बसाइँसराइबाट भित्रिएको विप्रेषणको योगदान महत्त्वपूर्ण मानेका छन् ।

माथिको त एउटा उदाहरण भयो । विकासका नीति र कार्यक्रममा बहसको खडेरी अहिले पनि उस्तै छ । अहिले देशमा राजनैतिक स्थायित्वका हिसाबले सुविधाजनक बहुमतको संघीय सरकार छ । छवटा प्रदेशमा सत्तारूढ दलकै राम्रो बहुमतका सरकार छन् । झन्डै दुई तिहाइ पालिका तहमा करिबकरिब एक दलकै वर्चस्व छ । राजनैतिक 'स्थायित्व' को यो भन्दा राम्रो उदाहरण लोकतान्त्रिक मुलुकमा बिरलै मिल्छ तर पनि विकासको बहस सुस्त र गतिहीन छ । बहसले विषयको गम्भीरतालाई अगाडि ल्याउँछ, काममा तदारुकता बढाउँछ । एउटै विषयलाई विभिन्न कोणबाट हेर्न र आकलन गर्न सघाउँछ । तथ्यसंगत तर्कको अपेक्षा राख्छ । 'मेरो गोरुको बाह्रै टक्का' प्रवृत्तिलाई निरुत्साहित गर्छ । विकास नीति निर्मातालाई हैन, समुदाय र सरोकारवालालाई हो भन्ने यथार्थ स्थापित गर्छ । बहसले पारदर्शिताको माग गर्छ, जुन सुशासन र लोकतन्त्रको आधारशिला हो । गतिशील विकास नीतिका निम्ति बहसको विकल्प छैन । नीति निर्माताको संलग्नता (इंगेजमेन्ट) बहसको अपरिहार्य सर्त हुनुपर्छ । बिँड मात्र तातेर हुँदैन, ताप्के नै तताउनुपर्छ । अहिले बहसमा आउनुपर्ने धेरै विषय छन् । तीमध्ये केही विषयको मात्र सरसर्ती चर्चा म यहाँ गर्नेछु ।

समाजवाद

हामीले अंगीकार गरेको संविधानको प्रस्तावनामा प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली र स्वतन्त्रतासहित विभिन्न 'लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण' गर्ने आकांक्षा व्यक्त छ । यो प्रतिबद्धता शब्दजाल मात्र नभई विकासको सुविचारित सोचको जगमा अडेको हुनुपर्छ । नाम र कामका दृष्टिले समाजवाद विश्वमा थरीथरीका छन् । हामीले सोचेको, चाहेको समाजवादको चरित्र के हो, त्यसका विशेषता के के हुन्, त्यसमा निजी क्षेत्र, बजार र समुदायबाट अपेक्षित भूमिका के हो, तिनीहरूको अन्तरसम्बन्धलाई कसरी सबल तुल्याउने हो, समाजवादप्रतिको प्रतिबद्धताका सामाजिक, आर्थिक सूचकहरू के के हुन् । समाजवादले अर्थतन्त्रका सामाजिक, आर्थिक पूर्वाधार जस्ता अत्यावश्यक क्षेत्रमा राज्यको नेतृत्वदायी भूमिकाको अपेक्षा गर्छ भने त्यो चरणबद्ध रूपमा कसरी अभिव्यक्त हुने हो । यी र यस्ता विषयमा सबै राजनीतिक दलका धारणा देखिनुपर्ने हो, प्राज्ञिक र व्यावसायिक दुवैतिर यो विषय विकासको बहसको महत्त्वपूर्ण अंग हुनुपर्ने हो । संविधानले प्रतिबद्धता जाहेर गरेको समाजवाद एकअर्काप्रतिको आक्षेप नभएर विकासका सबै हिस्सेदारको सहयात्राको आधार हुनुपर्ने हो ।

संघीयता

संघीयतालाई राज्य सञ्चालनको प्रणालीका रूपमा नेपालमा अंगीकार गर्नंका पछाडि तीनवटा औचित्य रहेको आभास मिल्छ । पहिलो, जातीय, सामाजिक, आर्थिक र क्षेत्रीय विभेद अन्त्य गर्ने हेतुले पहिचानको व्यवस्थापन । दोस्रो, समावेशी, समतामूलक र न्यायोचित विकास । तेस्रो, नेपालको अति केन्द्रीकृत प्रशासनिक, राजनीतिक र वित्तीय प्रणालीको तल्लो तहसम्म विकेन्द्रीकरण र निक्षेपण । पहिलोमा असहमतिहरू छन् तर विभेदबिना सबै नागरिकप्रति जवाफदेही हुने लोकतन्त्रलाई संस्थागत गर्ने र शासन प्रणालीलाई जनउत्तरदायी बनाउने अभिप्रायमा असहमति नहोला ।

संघीयता माथिबाट तल (टप-डाउन) जाने विकासको ढाँचालाई तलबाट माथि (बटम-अप) उन्मुख विकासको ढाँचामा लैजाने प्रतिबद्धता हो । संविधानमा विभिन्न तहका सरकारको अधिकारको प्रत्याभूति एकल र साझा शासनको द्योतक हुनुपर्ने हो । यो बुझाइ व्यवहारमा झल्किदैन । संघीय सरकार प्रदेश र स्थानीय सरकारलाई सबल बनाउन लागिपर्नपर्नेमा आफ्नै कार्यक्षेत्रलाई कायम र विस्तार गर्ने दिशातिर उन्मुख छ । शासन पद्धति प्रदेश वा स्थानीय तहकै आवश्यकताप्रति लक्षित हुनुपर्ने र त्यहीअनुरूप क्षमता विस्तार हुनुपर्नेमा संघकै पुरातन पद्धतिलाई निरन्तरता दिइँदै छ । तीन तहका सरकारको सम्बन्ध सहकारिता, समन्वय र सहअस्तित्वमा आधारित हुने व्यवस्था छ तर त्यस्ता विधि र संयन्त्र संस्थागत भएका छैनन् वा केन्द्रकै तर्जबिजमा छन् । प्रशासनमा केन्द्रीकृत मानसिकता रहिरहनु आश्चर्यको कुरा हैन तर यो मानसिकताको जरो सबै राजनैतिक दलमा समेत गाडिएको छ । संघ र प्रदेश अनि प्रदेश र पालिकाबीच योजनाको औचित्य, अन्तरसम्बन्ध, प्रक्रिया र समन्वयको समस्या छ ।

संघीयता संस्थागत हुन लामै समय लाग्छ । तर चासोको विषय के हो भने संघीयताको कार्यान्वयन र प्रतिबद्धतासँग सम्बद्ध यस्ता विषयमा सार्थक बहस भएको देखिँदैन । संघीयता कार्यान्वयनको मियो 'राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग' को स्वायत्तता र पूर्णतामा देखिएको उदासीनताले वित्तीय संघीयताको कार्यान्वयन र क्षमता सम्बन्धमै प्रश्न उठाउने ठाउँ छ । संघीय सरकारको सफलता प्रदेश सरकारको प्रदर्शनमा आधारित हुन्छ भन्ने सोच संस्थागत भइरहेको छैन । प्रदेश र स्थानीय तहलाई केन्द्रमा राखेर विकासको बहस बढाउन सकिएन भने संघीयताबाट अपेक्षित विकेन्द्रित विकास सम्भव हुन्न । यसले संघीयतालाई नै धरापमा पार्छ जुन मुलुककै निम्ति दुर्भाग्य र सकसपूर्ण हुनेछ ।

हाम्रा विकासका बृहत्तर नीति र कार्यक्रम हाम्रै चेतबाट भन्दा पनि दातृनिकायद्वारा निर्देशित रहने गरेको हाम्रो यथार्थ हो । यी नीति र कार्यक्रमको अन्तरसम्बन्ध कति व्यापक, दूरगामी र प्रभावोत्पादक हुनेरहेछ भन्ने कुरा हालैको अमेरिकी सरकारको एमसीसी (मिलेनियम च्यालेन्ज कर्पोरेसन) को ५० करोड डलरको विद्युत् प्रसारण, विद्युत् व्यापार र सडक सुधार कार्यक्रमले निम्त्याएको विवादले जनाउँछ । एमसीसीका सन्दर्भमा अहिले चर्चा-परिचर्चा भइरहेको छ । त्यसका विभिन्न पक्षबारे सन् २०११ मा एमसीसीको सोच भित्रिने समयमै व्यापक बहसलाई स्थान दिइएको भए अहिलेको स्थिति आउने नै थिएन । एमसीसीमार्फत प्रस्तावित योजना नेपाललाई अत्यावश्यक छ, त्यसमा शंका छैन । तर त्यसका अन्तरसम्बन्धलाई लिएर नीति निर्माता र राजनैतिक नेतृत्वको विश्वसनीयतामाथि प्रश्न उठ्ने खण्ड आउनु राम्रो संकेत हैन ।

विकासको ढाँचा

अर्थतन्त्रको अपेक्षित संरचनात्मक रूपान्तरणसँग जोडिएको विषय नेपालको विकासको ढाँचा (मोडल) हो । पश्चिमी मुलुकको आर्थिक वृद्धि र विकासको प्रक्रिया कृषिबाट क्रमशः उद्योग र सेवा क्षेत्रतिरको बढ्दो उत्पादकत्वले ल्याएको रूपान्तरणको प्रक्रिया थियो । विगत दशकहरूमा यो प्रक्रिया भारतसहित धेरै विकासशील देशमा अवरुद्ध भइसकेको छ । नेपालमा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान क्रमिक रूपले घट्दो छ, उद्योग सानो घेरामै सीमित छ तर सेवा क्षेत्रको वृद्धि निरन्तर छ । आर्थिक रूपान्तरणको पारम्परिक पश्चिमा ढाँचा नै हाम्रो भविष्य हो भने त्यसले साना र मझौला उद्यम विस्तारको अपेक्षा गर्ला । त्यसका निम्ति राष्ट्रिय पुँजी परिचालन कसरी होला र बाह्य लगानी र प्रविधिको कस्तो भूमिका अपेक्षित होला । भूमण्डलीकरणसँगै भित्रिएको वित्तीय सञ्जाल र बहुराष्ट्रिय कम्पनीसँगको सहकार्यले

कान्तिपुर इकोनोमिक समिटमा बोल्दै प्रा. पीताम्बर शर्मा ।

प्रदेश र स्थानीय तहलाई केन्द्रमा राखेर विकासको बहस बढाउन सकिएन भने संघीयता नै धरापमा पर्छ जुन मुलुककै निम्ति दुर्भाग्य र सकसपूर्ण हुनेछ

उद्यमीहरूको राष्ट्रिय चरित्र पनि बदलिएको स्थितिमा नेपाली जनताको हैसियत र आवश्यकताअनुसार कस्तो लगानी प्रोत्साहित गरिनुपर्ने हो । अर्कातिर सेवा क्षेत्रको विस्तार आर्थिक रूपान्तरणको बाटो हुने हो भने यसले हाम्रो विकासको समग्र चिन्तन, संस्थागत क्षमता, मानव संसाधन, पूर्वाधारमाथिको लगानी र जोडिएका वित्तीय अन्तरसम्बन्धलाई नै प्रभावित गर्ला । विकासको ढाँचाको यस्तो क्षेत्रगत बृहत् सोच बहसमा ताननुपर्छ । विकासको ढाँचासँगै जोडिएर आउने कुरा विधिको शासन र सुशासनको प्रत्याभूति दिने र विकास सम्बद्ध संस्थाहरूको निरन्तरता, निर्माण र सुदृढीकरणको कुरा हो । संस्थागत पूर्वाधारबिना न लोकतन्त्र खँदिलो हुन्छ, न विकास समावेशी र न्यायोचित नै ।

नेपालमा कृषि बहुसंख्यक घरपरिवार र श्रमशक्तिको आश्रय र जीविकाको अपर्याप्त तर मूल आधार हो । बहुसंख्यक साना र सीमान्त किसानका निम्ति कृषि भूमि उनीहरूको मूल सम्पत्ति हो । हाम्रा कृषि विकासका योजनाहरू कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यबाट प्रेरित छन् । स्वाभाविक रूपले कृषि विकास योजनाहरूको घेरामा तिनै किसान पर्छन् जोसँग आधुनिकीकरण, विशिष्टीकरण र व्यवसायीकरणका निम्ति आवश्यक न्यूनतम कृषि भूमि र स्रोतसाधनमा पहुँच छ । यसरी कृषिमाथि आश्रित साना र सीमान्त किसानको ठूलो हिस्सा राज्यका नीति र कार्यक्रमको घेरा बाहिर परेको छ । निःसन्देह, कृषि क्षेत्रको व्यवसायीकरणमा निजी लगानी आवश्यक छ र प्रोत्साहित गरिनुपर्छ । त्यसका साथै साना र सीमान्त कृषकका पक्षमा राज्यको भूमिका पनि त्यत्तिकै अपेक्षित हुन्छ । यिनै सन्दर्भमा विद्यमान भूमि व्यवस्था, भू-उपयोग नीतिको कार्यान्वयन, रसायन आधारित कृषि, कृषिमा सार्वजनिक लगानी र सहकारिता जस्ता पक्षलाई कृषि विकासको बहसको केन्द्रमा ल्याइनुपर्छ । नेपालमा कृषि क्षेत्रको विकासको प्रश्नलाई छायामा राखेर न खाद्य सुरक्षाको प्रत्याभूति दिन सकिन्छ, न किसानको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ, न आयात प्रतिस्थापन वा निर्यातमा वृद्धि गर्न सकिन्छ, न उद्योग, पर्यटनजस्ता अन्य क्षेत्रको विकासका अन्तरसम्बन्धहरूको लाभ नै लिन सकिन्छ ।

नेपालमा सडक पूर्वाधार विकासकै पर्यायवाची भएको छ । अन्य पूर्वाधार पनि यसैसँग जोडिएका छन् । केही दशक अगाडिको तुलनामा नेपालको यातायात सञ्जाल विस्तारित छ, अर्थतन्त्र बढी एकीकृत छ तर समस्या पनि त्यत्तिकै गहिरिएका छन् । सडकको किसिम र प्राथमिकता तय गर्दा सडकको राजनीतिक अर्थशास्त्रको (सडक क्षेत्रको उत्पादन, सम्भावना, जनघनत्व, जनस्तरमा तुलनात्मक लाभ, बजारमा पहुँच, लागत उठ्ने सम्भावना) हेक्का राखेको देखिँदैन । पहाडका भूसंवेदनशील क्षेत्रमा सडकले विकासभन्दा विनाश गर्छ । सडक र यातायातको गुणस्तरीयताको अनुगमन र मर्मत सम्भारको स्थापित पद्धति छैन । ठेकेदार र सरकारकै उदासीनता व्यापक छ । तर संस्थागत र विधिगत पुनरावलोकन भइरहेको देखिन्न । यी कुनै पनि विषयमा गम्भीर बहस नहुनुले सडकको दुर्गतिको गठजोड र अर्थराजनीति कति गहिरो र व्यापक छ भन्ने देखाउँछ । पूर्वाधार सम्बद्ध सबैजसो क्षेत्रमा सार्वजनिक लगानीको स्थिति सन्तोषजनक छैन । पूर्वाधारको अवस्था हाम्रो अर्थतन्त्र उच्च लागतको हुनुमा प्रमुख कारकमध्ये हो । पर्यटन जस्ता क्षेत्रको विस्तार गुणस्तरीय पूर्वाधारबिना सम्भव छैन । सरकारप्रति आस्था र विश्वसनीयताका मानक हुनुपर्ने गौरवका योजनासमेत उपेक्षित रहनु र सबैजसो योजनामा त्यस्तै समस्या देखिनुले संरचनागत र प्रणालीगत त्रुटि र कमजोरी स्पष्ट नै देखिन्छ । तिनको सम्बोधनमा तदारुकता पनि भेटिन्न ।

विकासको बहसमा आत्मसात् नगरी नहुने विषय जलवायु परिवर्तनको प्रभाव र अनुकूलन हो । उचाइ र भूतलीय विविधताले जलवायु परिवर्तनको प्रभाव प्राकृतिक स्रोत, उत्पादन, जनजीविका र विकासका प्रायः सबै क्षेत्रमा पर्ने निश्चित छ । हालैका अध्ययनले यो प्रभाव अनुमान गरेभन्दा तीव्र, विविध र विषम हुने संकेत गर्छन् । यसले हिमनदी र पानीका स्रोतमा ह्रास, जैविक विविधतामा अनपेक्षित परिवर्तन, कृषि जस्ता क्षेत्रमा प्रणालीगत अनुकूलन, पूर्वाधारका क्षेत्रमा लचिलोपन (रेजिलियन्स), ऊर्जामा नवीकरणीय स्रोतहरूको प्रयोगमा व्यापकता, स्वास्थ्यमा नयाँ संक्रमण र रोगहरूसँग प्रतिरोध गर्ने संस्थागत क्षमता, पर्यटनमा प्राकृतिक सम्पदाको आकर्षणमा परिवर्तन र बस्तीहरूको लचिलोपन र प्राकृतिक र अन्य विपत्को जोखिमसँग जुझ्ने सामुदायिक क्षमतामा वृद्धिको अपेक्षा राख्छ । जलवायु परिवर्तनले विकासका सबै रणनीति र कार्यक्रम र तिनको लागतमा स्पष्ट प्रभाव पार्नेछ । सबै क्षेत्रमा हरित विकासको अवधारणालाई आत्मसात् नगरी जलवायु परिवर्तनको प्रभावसँग जुझ्न सकिँदैन । जलवायु परिवर्तनले विकासका विरोधाभासलाई मात्र अगाडि ल्याउँदैन, नवीन समाधान खोज्न प्रेरित गराउँछ ।

बदलिँदो स्थलीय अर्थतन्त्र

नेपालको आर्थिक विकासको बहसलाई प्रभाव पार्ने र प्रभावित हुने तर प्रायः चर्चा नगरिने पक्ष स्थलीय अर्थतन्त्र अर्थात् आर्थिक क्रियाकलापले असर पार्ने स्थल/क्षेत्र/प्रदेशको पाटो हो । विगत दशकहरूमा नेपालको जनसांख्यिक प्रवृत्ति फेरिएको छ र यसले स्वस्फूर्त रूपमा विकासको दिशा र अर्थराजनीतिलाई नै प्रभावित गरिरहेछ । अहिले नेपाल जनसांख्यिक लाभको स्थितिमा छ, श्रम बजारबाट बाहिर रहेकाभन्दा श्रम बजारमा प्रवेश गर्नेको संख्या बढी छ तर यो स्थिति धेरै काल रहँदैन । कालान्तरमा बढ्दो वयस्क जनसंख्या बुढिँदै जान्छ र जनसांख्यिक लाभको स्थिति अन्त्य हुन्छ । नेपालमा यसो हुन बढीमा अर्को २५-३० वर्ष लाग्ला । विकासशील देशहरूले आर्थिक समृद्धि हासिल गर्ने नै जनसांख्यिक लाभको फाइदा लिएर हो । उत्पादनशील र आयमूलक रोजगारीका अवसर अहिले नेपालको श्रम सक्षम जनसंख्याको प्रमुख खोजी हो । यो खोजी तीन प्रकारले प्रकट भइरहेको छ- पहाडबाट तराईतिर बसाइँसराइ, गाउँबाट सहरतिर बसाइँसराइ र बाह्य श्रम बसाइँसराइ ।

खास गरेर मलेरिया उन्मूलनपछि उत्तरतिरबाट दक्षिणतिर अर्थात् पहाडपर्वतबाट तराईतिर बसाइँसराइको क्रम बढ्न थाल्यो । अहिले आधाभन्दा बढी जनसंख्या दक्षिणको २० प्रतिशतभन्दा कम भूभागमा छ । यसरी नेपाल ग्रामीण पर्वतीय मुलुकबाट मैदानी सहरी मुलुकमा परिवर्तित हुने क्रममा छ । यसरी जनसंख्याको चाप तराईतिर बढ्दा यसका राजनैतिक र आर्थिक प्रभाव पनि देखिँदैछन् । तराईको राजनैतिक र आर्थिक हैसियतमा स्पष्ट असामञ्जस्यता छ । पूर्वाधार, मानव विकास, उत्पादन र उत्पादकत्वका सूचक खास गरेर प्रदेश २ मा कमजोर छन् । अर्कातिर बसाइँसराइले पहाडमा श्रम सक्षम जनसंख्याको अनुपात धेरै घटेको छ । यसको प्रभाव कृषिदेखि लिएर स्रोतसाधनको परिचालन आदिमा देखिँदै जान्छ । स्पष्ट छ, पहाडबाट तराईतिर भइरहेको बसाइँसराइ दुवैतिर अझ विषम राजनीतिक र आर्थिक प्रभाववबिना अनन्तकालसम्म जान सक्दैन ।

करिब चार दशकयता सहरीकरणको गति तीव्र भइरहेको छ । अहिले ६२ प्रतिशत जनसंख्या नगरपालिकामा भए पनि खास सहरी जनसंख्या त्यसको आधाभन्दा कम होला । सहरीकरण सडक सञ्जाल, अवस्थिति र व्यापारिक नाकाहरूबाट प्रभावित छ र दक्षिणउन्मुख छ । काठमाडौं र पोखरा उपत्यकाबाहेक पहाडतिर स्रोत परिचालन, उत्पादन र उद्यममा आधारित सहरी विकास सीमित छ । तराईमा जनघनत्व र सघन कृषि र त्यसमा आधारित उद्योगका सम्भावना आदि कारणले तीव्र सहरीकरणका प्रशस्त सम्भावना छन् तर भौतिक र मानवीय पूर्वाधारको समस्या छ । ग्रामीण भेगबाट सहरतिरको बसाइँसराइ तीव्र हुँदै जाँदा सहरको उत्पादन र अवसर सिर्जना गर्ने र लगानी आकर्षण गर्ने सामर्थ्यमा खास कुनै रूपान्तरण हुन सकेको छैन । सहरी पूर्वाधार कमजोर र स्तरहीन छन् । आवासको संकट छ । अनियन्त्रित सहरी विस्तार अपवादको साटो नियम नै बन्न पुगेको छ । सहरी भूउपयोगका न कुनै मापदण्ड छन् न नियन्त्रण गर्न सघाउने कानुन । वातावरण र प्रदूषणको समस्या सबै प्रमुख सहरमा व्याप्त र बढ्दो छ । रोजगारीको सिर्जना आवश्यकताको तुलनामा धेरै कम छ । सहरी गरिबी र असमानता बढ्ने संकेत छन् । सहरी प्रशासनको संस्थागत र व्यवस्थापकीय क्षमता अत्यन्त कमजोर छ । बेलैमा सम्बोधन गरिएन भने सहरी आर्थिक र राजनीतिक अराजकता यसको स्वाभाविक परिणति हुन सक्छ ।

नेपालमा बाह्य बसाइँसराइ नौलो कुरा हैन । तर १९९० को दशकदेखि नेपालको बाह्य बसाइँसराइले संख्यात्मक र गुणात्मक र गन्तव्यका हिसाबले फड्को मारेको देखिन्छ । अहिले श्रम सक्षम जनसंख्याको करिब १३-१४ प्रतिशत बाह्य बसाइँसराइमा संलग्न रहेको अनुमान छ । विप्रेषण आयमा नेपाली अर्थतन्त्र नाजुक किसिमले आश्रित हुँदै छ । बाह्य बसाइँसराइका माध्यमबाट नेपाली श्रम बजार आफ्नो सीमा र नियन्त्रण बाहिर विस्तारित भएको छ । कमजोर दक्षता, खर्चिलो लागत, अनिश्चित जोखिम, उत्पादक लगानीको सीमितता र भविष्यको अनिश्चितताले श्रम बसाइँसराइमाथिको निर्भरता र दिगोपनका धेरै प्रश्न छन् । गन्तव्य देशहरूमा हुन सक्ने उतारचढावले विदेशमा रहेको श्रम रोजगार जनसंख्या नेपाल फर्कने स्थिति आयो भने त्यसबाट उत्पन्न हुने संकट र अराजकताको अहिले अनुमानसमेत कहालीलाग्दो हुन सक्छ ।

यसरी नेपालको विकासको बहसमा जोडिनैपर्ने तीनवटा प्रश्न अगाडि आउँछन्- पहाडी जनसंख्यालाई पहाडमै स्थायित्व दिने खण्ड कसरी बनाउने ?, सहरीकरणलाई कसरी विकेन्द्रीकृत, उत्पादनमूलक बनाउने र पर्यावरणप्रति संवेदनशील हुने गरी व्यवस्थापन गर्ने ?, स्वदेशमै व्यापक रोजगारीको विस्तार कसरी गर्ने र श्रम रोजगारीबाट अधिकतम आर्जन हुने खण्ड कसरी बनाउने ?

(कान्तिपुर इकोनोमिक समिटमा मुख्य वक्ता शर्माद्वारा प्रस्तुत मन्तव्य)

'निजी क्षेत्रको मनोबल...

सरकारले पुँजीगत खर्च बढाउनकै लागि सार्वजनिक खरिद नियमावली संशोधन गरेको दाबी गर्दै रिमालले पूर्वाधार आयोजनालाई प्राथमिकतामा राखेर सरकारले ठूला परियोजनासम्बन्धी छुट्टै विधेयक ल्याउन लागेको बताए । 'विधेयक संसद्मा छलफलका क्रममा छ,' उनले भने, 'निश्चित परियोजनाका लागि निश्चित समयसम्म छुट दिएर काम गर्नुपर्ने आवश्यकता छ ।' गभर्नर चिरञ्जीवी नेपालले वित्तीय क्षेत्रलाई दिगो बनाउन राष्ट्र बैंकले आवश्यकताअनुसार बैंक तथा वित्तीय संस्थालाई नियमन गर्दै आएको बताए । राष्ट्र बैंकको प्रभावकारी नियमन तथा सुपरिवेक्षणका कारण नेपाली वित्तीय क्षेत्र दक्षिण एसियाकै उत्कृष्ट रहेको उनले बताए । 'अन्तर्राष्ट्रिय क्षेत्रमा हाम्रो छवि राम्रो छ,' उनले भने, 'राष्ट्र बैंकले मनगढन्ते रूपमा निर्देशन ल्याउँदैन, अध्ययन र अनुसन्धानपछि मात्र ल्याउने हो,' उनले भने, 'यसरी आएका नीति निर्देशनले अर्थतन्त्र र निजी क्षेत्रलाई नै सघाउ पुऱ्याउने हो ।'

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयकी सचिव यामकुमारी खतिवडाले पूर्वाधारमा निजी लगानीलाई जोड दिनुपर्ने धारणा व्यक्त गरिन् । 'नियमकानुन लगानीमैत्री हिसाबले बनाएका छौं,' उनले भनिन्, '८ वटा कानुन आइसकेका छन् ।' पूर्वाधारतर्फ दिगो विकासको लक्ष्य भेट्टाउन २० खर्बको बजेट छुट्याउँदा यातायात र उद्योगमा मात्र ६ खर्ब आवश्यक पर्ने उनले बताइन् । 'यो १५ औं योजनासम्म जोडेर हेर्दा ३२ खर्ब उद्योग क्षेत्रमा मात्र आवश्यक छ,' उनले भनिन्, 'औद्योगिक पूर्वाधार ठूलो विषय हो, यसको विकास गर्न निजी क्षेत्रलाई सहभागी गराउने गरी कानुनहरू बनेका छन् ।' पूर्वाधार विकासमा निजी क्षेत्रलाई सहभागी गराउनेबारे विगतमा अन्योल रहे पनि अब सार्वजनिक निजी साझेदारी र लगानी बोर्डसम्बन्धी ऐनले स्पष्ट व्यवस्था गरेको उनले बताइन् । यसभन्दा अघि निजी क्षेत्र लगानीकर्ताका रूपमा मात्र आउने गरेकामा अब विकासकर्ताको रूपमा आउन सक्ने उनको धारणा थियो ।

समिटमा पूर्वअर्थमन्त्री रामशरण महतले सरकारले पूर्वाधारमा लगानी बढाए निजी क्षेत्रले विभिन्न क्षेत्रमा लगानी गर्ने उल्लेख गर्दै पुँजीगत खर्च बढाउन सरकारलाई सुझाव दिए । सरकारले आफ्नो प्रभावकारिता बढाए निजी क्षेत्रलाई उत्पादनमूलक र जलविद्युत्जस्ता क्षेत्रमा आकर्षित गर्न सकिने उनले बताए । 'सरकार पूर्वाधार बढाउनभन्दा पनि लोकप्रियतामा लागेको छ,' उनले भने, '२० लाख पर्यटक भित्र्याउने भनिएको छ तर पूर्वाधारमा ध्याने दिइएको छैन ।' पूर्वाधारमा निजी क्षेत्रको लगानी आवश्यक रहेको उनको धारणा छ ।

पूर्वअर्थमन्त्री प्रकाशचन्द्र लोहनीले पर्यटन क्षेत्रमा सरकारले पूर्वाधार निर्माण गरे त्यसमा निजी क्षेत्रले साथ दिन सक्ने टिप्पणी गरे । आर्थिक वृद्धिका लागि संस्थागत सुधार गर्न उनले सरकारलाई सुझाव दिए ।

समिटमा उद्योगपति विनोद चौधरीले सरकारका केही नीतिनियम 'काला-कानुन' भएको टिप्पणी गरे । 'काला कानुन अन्त नभएसम्म लगानी बढ्दैन,' उनले भने, 'ऐनकानुन बनाउने मान्छे इमानदार र सज्जन तर जसका लागि कानुन बनाइँदै छ, त्यो चोर भन्ने सोचाइ छ ।' यस्तो सोच त्यागी निजी क्षेत्रअनुकूल वातावरण बनाउनु नै आजको आवश्यकता रहेको उनले औंल्याए ।

नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणाले सरकारले पूर्वाधार बनाए निजी क्षेत्र लगानीका लागि तयार रहेको बताइन् । 'तर संघ, प्रदेश र स्थानीय तहले लगाएको कर र कतिपय कानुनका कारण निजी क्षेत्रमा संशय पैदा भएको छ,' उनले भनिन्, 'वातावरण बनाए निजी क्षेत्र धेरै क्षेत्रमा लगानी गर्न तत्पर छ ।' उनले कानुन ल्याउँदा र अनुगमन गर्दा निष्पक्ष ढंगले गरे त्यो निजी क्षेत्रकै हितमा हुने उल्लेख गर्दै त्यस्तो अनुभूति निजी क्षेत्रले गर्न नसकिरहेको जानकारी गराएकी थिइन् । दिगो आर्थिक विकासका लागि आगामी कार्यदिशा पहिल्याउने उद्देश्यले आयोजित समिटमा उद्योगी, व्यवसायी, विज्ञ, सरकारी अधिकारी राजनीतिज्ञहरूको सहभागिता थियो । समिटका चार फरक-फरक सत्रमा १६ वक्ताहरू छलफलमा सहभागी भएका थिए । त्यसअघि राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष पीताम्बर शर्माले मुख्य वक्ताका रूपमा मुलुकको आर्थिक विकासको याथार्थ, चुनौती र सम्भाव्यताहरूलाई समेटेर मन्तव्य दिएका थिए ।

समिटका सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहियाले आर्थिक विकासका निम्ति मुलुकमा सार्थक संवाद र बहस होस् भनेर कार्यक्रम आयोजना गरिएको बताए । 'नेपालको पूर्वाधार विकासको मार्गचित्र के हुन सक्छ, निजी क्षेत्रको मनोबल कसरी उच्च राख्न सकिन्छ, अर्थतन्त्रलाई चलायमान बनाउने उपाय के के हुन सक्छन्, दिगो आर्थिक विकासको दिशा कसरी पहिल्याउने भन्ने विषयको वरिपरि विमर्श गर्न चाहेका हौं,' उनले भने । समिटका सुझाव र निष्कर्षलाई नीति निर्माता र अन्य सरोकारवालाले मनन गर्ने विश्वास पनि उनले व्यक्त गरे ।

कान्तिपुर दैनिकका प्रधान सम्पादक सुधीर शर्माले संविधान जारी भएपछि मुलुकले राजनीतिक कोर्स पूरा गरेको उल्लेख गर्दै त्यसपछिको बाटो आर्थिक विकास रहेको बताए । 'संघीयताको अभ्यास सुरु भइसकेपछि सन्तुलित विकास र आम मानिसको जीवनमा परिवर्तनको अपेक्षा रहेको सन्दर्भमा हामी ठीक बाटोमा छौं कि चुकेका छौं वा भित्रभित्रै भइरहेको विकासको आधार हामीले नदेखेका हौं भनेर समिटमा छलफल गर्न खोजिएको हो,' उनले भने । आर्थिक विकासको सही बाटो पहिल्याउनकै लागि समिट आयोजना गरिएको उनले बताए ।

कर्मचारी आवश्यकता

क्र.सं.	पद	संख्या	तलब	योग्यता
१.	कर्जा अधिकृत	२	१५,५००।-	स्नातक
२.	सुपरभाइजर	५	१३,५००।-	+2 पास, रनिङ
३.	रिसेप्सन	२	८,५००।-	+2
४.	बजार प्रतिनिधि	२०	१०,०००+कमिसन	SLC

इच्छुक व्यक्तिहरुले आफ्नो डकुमेन्ट सहित १० दिनभित्रमा संस्थाको कार्यालयमा सम्पर्क राख्नुहोला ।

हाम्रो भकारी बचत तथा ऋण सहकारी संस्था
बौद्धगेट, काठमाडौं, फोनः ४४८८३०१, ४४८८३०२, ९८४३७४८१५८
hamrobhakari123@gmail.com

मञ्जरी बहुउद्देश्यीय सहकारी संस्था
सातदोबाटो, ललितपुर, फोनः
५५५२०६३, ५५५४०५३, ९८२८७६३८०२
manjarimultipurposecoopltd@gmail.com

ANNOUNCEMENT OF VACANCY

United Mission to Nepal (UMN) is an international development organisation which aims to enable the poorest people living in poverty to transform their lives, leading towards fullness of life. As we serve the people of Nepal, multicultural teams of Nepali and volunteer expatriate staff work alongside local organisations in ten districts of the country, building partnerships that lead to healthy, dignified and empowered individuals and transformed communities.

Position: Infrastructure and WASH Officer
(Based in Dhading until mid July 2020 with possible extension)

The main purpose of this position is to plan, design, communicate, supervise, share knowledge and monitor all construction works of community infrastructures i.e. Schools and community Water Supply Schemes, User Friendly Toilets and support in Hygiene Promotion under the Dhading Disaster Response Programme (DDRP) in rural areas of Dhading district.

Qualifications and Experience:
- Bachelor's degree in Civil Engineering;
- A minimum of 2 - 3 years of post-qualification experience in construction sector;
- Experience in Monitoring and Supervision of Truss and RCC frame structure buildings and Gravity Flow Rural Water Supply Scheme and knowledge of Hygiene Promotion;
- Knowledge of preparing BOQ, Cost Estimates and Rate Analysis;
- Experience in Design and Analysis of Truss and RCC structures and survey and design of Rural Water Supply Scheme;
- Knowledge of AutoCAD and Structural Design Software (SAP2000);
- Flexible in terms of working hours, workload and travel;
- Able to work under high pressure;
- Good computer skills and communication skills in Nepali and English language, both written and verbal.

Salaries and benefits will be according to UMN standards.

All interested individuals who meet the minimum qualifications are encouraged to apply for this position. The **Job Description** and **Application Form** can be downloaded from our website: **www.umn.org.np/vacancy.**

Completed application forms should be sent by e-mail to **nepali.recruit@umn.org.np** at latest by **4:00 pm on Sunday 19 January 2020**. Only short-listed candidates will be invited to participate in an assessment process.

We especially encourage applications from women and marginalised groups.

जीर्ण राजभवनकी 'जेठीकान्छी'

राजभवनमा आएपछि उनले खासै काम गर्नुपरेन । नोकरचाकरले सबै काम निप्ट्याउँथे । त्यसबेला बिहान र बेलुका सासूको चरण छुनु अनिवार्य थियो । झिलीमिली भवनभित्रै सबै सुविधा उपलब्ध हुन्थ्यो ।

■ **मधु शाही** (बाँके)

मुख्य द्वारमा लेखिएको छ, 'राजभवन ।' गेटभित्र पस्नेबित्तिकै घाँस उम्रिएको देखिन्छ । भवनका भित्ता मक्किएर काला भएका छन् । लेउ, झारपात, वर र पीपलका टुसा पलाएका छन् । लाग्छ- यसले वर्षौंदेखि स्याहार पाएको छैन । यो त्यही भवन हो, कुनै बेला राणा परिवारको सान र मान थियो ।

आँगनमा पुग्दा छतमा एक वृद्धा झुल्किइन् । टोपी, कालो चस्मा र स्विटर लगाएर गोजीमा हात लुकाउँदै उभिएकी उनको अवस्था भवनकै जस्तो लाग्थ्यो, वृद्ध । म पुरानो काठको भर्‍याङ चढेर उनलाई भेट्न माथिल्लो तला पुगेँ । 'के काम थियो ?,' ८८ वर्षीया बोधकुमारी शमशेर राणाले ठाडो शैलीमा सोधिन् । 'तपाईंसँग भलाकुसारी गर्न आएको' भनेपछि झोक्किँदै भनिन्, 'जो आउँछ, कुरा गर्छ, जान्छ । हामीलाई के फाइदा ?'

ससुरा राजशमशेर राणाका ७ भाइमध्ये कान्छोमाथिको छोरा (अमृतशमशेर राणा) की पत्नी भएकाले उनलाई परिवारमा 'जेठीकान्छी' भनेर चिनिँदो रहेछ । उनले परिवारले बोलाउने आफ्नो नामबाट कुरा सुरु गरिन् । राजभवनबारे बताउन उनले भवनवरिपरि घुमाउन थालिन् । उप्किएका, चिरा परेका र झारपात पलाएका भित्ता देखाउँदै भनिन्, 'ऊ यस्तै छ राजभवनको हाल ।'

पावरवाला कालो चस्माले भावुक आँखा छोप्दै उनी एकैछिन मौन रहिन् । बोधकुमारी अर्थात् जेठीकान्छीको साइनो राजभवनसँग गहिरो छ । त्यसैले उनी कसैले भवनको कुरा सोध्दा बढी भावुक हुन्छिन् । सन् १९३४ मा निर्माण भएको राजभवनभन्दा उनी तीन वर्षले जेठी भएको जानकारी दिइन् । राणा खानदानमा बेहुली भई भित्रिँदाको त्यो राजभवन र अहिले आकाश-जमिनको फरक छ, उनको उमेर जस्तै । जेठीकान्छीको जवानी र भवनको जवानी सँगसँगै बुढो हुँदै गयो । कुनै बेला दुबै जवान थिए ।

नेपालगन्ज फुलटेक्रा-६ माइत भएकी उनी १४ वर्षको उमेरमा राणा परिवारकी बुहारी भइन् । २००४ सालमा बिहे गरेकी उनको बाल्य, जवानी, अधबैंस र बुढ्यौली यहीँ बित्यो । फुलटेक्रा उति बेला नेपालगन्जको मुख्य सहर थियो । हुलाकी सडक जोडिएकाले यही बाटो हुँदै छिमेकी भारत व्यापार गर्न जाने-आउनेको चलहपहल थियो । अहिले रहेको सुर्खेत रोड, धम्बोजी चोक र नेपालगन्जका आधाजसो भाग जंगलै जंगलले भरिएका थिए । फुलटेक्रा उतिबेला सहरी क्षेत्र भएकाले यहीं भवन बनाउन राजशमशेर राणाको मञ्जुरी भएको उनले सुनाइन् ।

मल्ल परिवारमा जन्मिएकी बोधकुमारीले ससुरा राजशमशेरबारे सुनेकी मात्रै थिइन् । 'उतिबेला छोरीलाई बाहिर घुमफिर गर्न दिइने चलन थिएन,' भन्छिन्, 'दुई/चार अक्षर घरमै सिकाउन गुरु आउँथे । बाहिर कहिलेकाहीं हिँड्नुपरे एक्का, टाँगामा जानुपर्थ्यो । त्यसमा पनि अनुहार देखिन्छ भनेर पर्दा लगाइएको हुन्थ्यो ।'

त्यस बेला राणाले ठकुरीकी छोरीलाई विहा गर्ने चलन थियो । ठकुरीको पहाडमा धेरै बसोबास थियो । नयाँ बस्ती बसेकाले यहाँ ठकुरीका छोरी खोज्न चुनौती थियो । राणाको छोराले बिहे गर्ने सुन्दा त्यो दिन बोधकुमारी खुसीले गदगद थिइन् । 'उतिबेला छोरीको अन्तिम लक्ष्य नै बिहे गर्नु हो जस्तै थियो,' उनले भनिन्, 'सम्पन्न, खान्दानी परिवार पाएपछि जीवन सुखी हुन्छ, ठानिन्थ्यो ।'

भवनको जग हालेको केही महिनामै ३२ वर्षे राजशमशेरको मृत्यु भएको उनले सुनाइन् । त्यसपछि राजशमशेरकी पत्नी जगतकुमारीले भवन निर्माण पूरा गरेकी थिइन् । बोधकुमारीका अनुसार सासूको नेतृत्वमा राजभवन चलेको थियो । ४ बिघामा बनेको राजभवनमा कति कोठा छन्, उनको उमेरले भुल्न थालेको छ । '२२, २३ कोठा हुनुपर्छ,' भन्छिन्, 'झन्डै सय जना अटाउने भवन थियो पहिले ।' नोकरचाकर, धाईआमाहरू, भण्डारे, पाले, माली गरी सय जनाको हाराहारीमा राजभवन भरिभराउ हुन्थ्यो । राजभवनमा आएपछि उनले खासै काम गर्नुपरेन । नोकरचाकरले सबै काम निप्ट्याउँथे । त्यसबेला बिहान र बेलुका सासूको चरण छुनु अनिवार्य थियो । झिलीमिली भवनभित्रै सबै सुविधा उपलब्ध हुन्थ्यो । बगैंचामा देवरानी-जेठानी भेट भएर गफ गर्नुबाहेक अरू केही काम नभएको उनले सम्झिइन् ।

> राणा खानदानमा बेहुली भई भित्रिँदा र अहिलेको राजभवनमा आकाश-जमिनको फरक छ, उनको उमेर जस्तै । जेठीकान्छीको जवानी र भवनको जवानी सँगसँगै ओइलाए ।

बोधकुमारीको जीवन अहिले ठीक उल्टो घुमेको छ । राजभवनमा कहिल्यै कुचो नसमाएकी उनी अचेल आफ्नो कोठा सफा नगरी बस्दिनन् । छोरा-बुहारीसँगै बसेकी उनी सकेसम्म घरको काम आफैं गर्दै आएकी छन् । राजभवनभित्रको सुखले उनलाई जीवनको गहिरो भाव बुझाएको छ । भन्छिन्, 'सुखपछि दुःख पाउनुभन्दा दुःखपछि सुख पाउनु भाग्यमानी ठान्न थालेकी छु ।'

उनले राजभवन रङरोगन गर्ने पैसा अभाव भएको सुनाइन् । राजशमशेरका ७ छोरामध्ये सबै बितिसकेका छन् । १७ नाति र १४ नातिनी छन् । संयुक्त परिवार चलिरहेको छ तर यसको मर्मतसम्भारमा कसैलाई चासो नभएको देख्दा बोधकुमारी खिन्न छिन् । छतको केही भागमा पानी चुहिने समस्या छ । 'नातिनातिनालाई वास्ता छैन, हामी बुढाबुढी भयौं,' उनी भन्छिन्, 'कसले गर्दिने रङ ?' राजभवनको ऐतिहासिक महत्त्व भने उस्तै छ । एकताका फिल्म सुटिङ गर्न आउनेको घुइँचो नै थियो । शुल्क तिरेर सुटिङ गर्छु भन्ने, पछि नदिने प्रवृत्ति देखेपछि उनले खिच्न दिनै छाडिन् । 'फिल्म खिच्छन्, उल्टै फोहोर बनाएर छोडिदिन्छन्,' उनले भनिन्, 'अहिले कसैलाई खिच्ने अनुमति दिएकी छैन ।'

नेपालगन्जनिवासी नरेन्द्रशमशेर राणाका अनुसार राजशमशेर राणा रुद्रशमशेरका साइँला छोरा र वीरशमशेरका नाति हुन् । जुद्धशमशेरले गद्दी सम्हालेपछि रुद्रशमशेरलाई पाल्पाको गभर्नर बनाई पठाएका थिए । कमान्डर इन चिफ तथा फिल्ड मास्टर रुद्रशमशेरले पाल्पामै शासन गरे । राजशमशेरका नाति नरेन्द्रशमशेर हुन् । हाल उनको परिवार नेपालगन्जमा बस्दै आएको छ ।

नेपालगन्ज र राणाहरूको साइनो

नेपालगन्ज र राणा इतिहासबीच गहिरो सम्बन्ध छ । सन् १९१५ मा भारतमा भएको सिपाही विद्रोह दमन गर्न तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले इस्ट-इन्डिया कम्पनीलाई सहयोग गरे । त्यसैबापत सुगौली सन्धिबाट गुमेको भूभागमध्ये बाँके, बर्दिया, कैलाली र कञ्चनपुर सन् १८५७ मा नेपाललाई फिर्ता गरियो । ऊबेला यी जिल्लालाई नयाँ मुलुक भनिन्थ्यो ।

विभिन्न कालखण्डमा काठमाडौंबाट निष्कासन भएका राणाहरू नेपालगन्ज आएर बस्न थालेको देखिन्छ । नेपालगन्ज उपमहानगरका मेयर ध्रुवलशमशेर राणाका अनुसार नेपालगन्जमा राणा वंशका तीन परिवार आएर बसोबास गरेका थिए । जो जंगबहादुर, देवशमशेर र रुद्रशमशेरका खलक हुन् । जंगबहादुरका परिवार नेपालगन्जको पुरैनीमा बस्न थाले । त्यस्तै, रुद्रशमशेरका दुई छोरा राजशमशेर र मेघशमशेर फुलटेक्रामा बसोबास गरे । राजशमशेर बर्दियाका गभर्नरसमेत भए । राजशमशेरले बस्नका लागि राजभवन बनाए भने मेघशमशेरले मेघालय । मेघालय भवन अहिले प्रयोगविहीन छ ।

मेयर ध्रुवलशमशेर देवशमशेर राणाका वंशज हुन् । त्यतिबेला राणाहरूको काठमाडौंपछिको दोस्रो रोजाइ नेपालगन्ज हुने गरेको उनले सुनाए । 'जिजु हजुरबुवा मन्सुरीशमशेरले काठमाडौंमा बस्न नपाएपछि नेपालगन्ज रोज्नुभएको थियो,' ध्रुवलशमशेरले भने । उनका अनुसार जिजु हजुरबुवा यहाँ आउनुको मुख्य कारण रुपैडिया (भारत) मा चल्ने रेल र नेपालगन्जमा पाइने टाँगा सुविधा थियो । उतिबेला रेलको डिब्बामा बसेपछि जोकोही पनि भारतको जुनसुकै ठाउँ पुग्न सकिन्थ्यो । त्यस्तै, यातायातको सुविधा नभएका बेला नेपालगन्जमा टाँगा चल्थे । उद्योगपति रहेका मन्सुरीशमशेरले तीनवटा ठूला मिल सञ्चालन गरेका थिए ।

'जिजु हजुरबाले भनेअनुसार नेपालगन्ज त्यसबेला काठमाडौंपछिको दोस्रो ठूलो सहर थियो,' ध्रुवलले सुनाए, 'पछि पूर्वमा राजमार्ग खुल्दै गएपछि यहाँको विकास हराउँदै गयो ।'

हार्दिक श्रद्धाञ्जली

जन्म: २००२।०५।२२

स्वर्गारोहण: २०७६।०९।१३

स्व. लक्ष्मीदेवी क्षेत्री थापा

हाम्री पुज्जनीय मुमा **स्व. लक्ष्मीदेवी क्षेत्री थापा**को मिति २०७६ पौष १३ गते असामयिक निधन भएकोमा हामी अत्यन्त दुखित भएका छौं । दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै १३ औं दिनको पुण्य तिथिमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

ज्वाईहरू:
चोलेन्द्र शम्शेर ज.व.राणा
जवाहर शम्शेर ज.व.राणा
सुनिल वुर्लाकोटी

छोरीहरू:
श्रीमती रेजी राणा
श्रीमती डेजी राणा
श्रीमती मेगी वुर्लाकोटी

नाती:
सचिन्द्र शम्शेर ज.व.राणा

नाती बुहारी:
श्रीमती सोफी राणा

नातिनीहरू:
सृष्टि राणा रावल
समृद्धी राणा कुँवर
सात्वीका वुर्लाकोटी

नातिनी ज्वाईहरू:
विनय रावल
सन्तोष कुँवर

पनाती:
रिवन रोचक कुँवर

पनातिनीहरू:
सोनाक्षी रावल
सुभाङ्गी रावल
शीरा राणा
समष्ठी कुँवर

एवं समस्त परिवार

बिरामी ठग्दै 'अन्तिम विकल्प'...

तर रोगले च्याप्दै लग्यो, दुखाइ बढ्दै गयो, उनी शिथिल बने । आयुर्वेदिक भनिएको उक्त क्लिनिकबाट ल्याएको औषधिले सञ्चो नहुने देखिएपछि सोनमले बुबालाई अस्पताल लगे । त्यति बेला आन्द्राको क्यान्सर दिमागसम्म फैलिएको थियो । अहिले केसाइको आन्द्रा बन्द भएको छ । दिसा निस्किने बाटो नभएर पेट फुलेको छ । किमोथेरापीको माध्यमबाट जहिलेसम्म चल्छ, उनको जिन्दगी त्यत्ति नै हो ।

बेस्सरी पेट दुख्न थालेपछि ललितपुर कुसुन्तीकी सानु थापा गत जेठमा प्रसूति गृह थापाथलीमा जँचाउन पुगिन् । उनलाई क्यान्सरले छोइसकेको रहेछ । टेलिभिजन र युट्युबमा जस्तोसुकै रोग निको पार्ने र त्यसका लागि शल्यक्रिया पनि गर्नु नपर्ने प्रचार हेरेकी उनी अन्तिम विकल्पमा पुगिन् । त्यसका सञ्चालक सुब्बाले उनीसँग १० महिनामै क्यान्सर निको पारिदिने ग्यारेन्टी गरे । महिनाको ४५ हजारमा तीनथरी औषधि खानुपर्ने बताए । यो हिसाबमा सानुले ३ लाख १५ हजार रुपैयाँ औषधिका लागि मात्रै खर्च गरेकी छन् । सातौं महिनामा पुग्दा सानुको क्यान्सर झन् फैलियो, दुखाइ बढ्न थाल्यो । उनी आत्तिइन् । सुब्बाले मुख नबारेकाले औषधिले काम नगरेको भन्दै उल्टै गाली गरे । अहिले क्यान्सर रोग विशेषज्ञको सरसल्लाहमा उनको उपचार भइरहेको छ । तर यो सात महिनामा सानुको क्यान्सर दोस्रो स्टेजबाट चौथो स्टेजमा पुगेको छ ।

धादिङकी ४७ वर्षीया सुन्दरी तामाङ र उनको परिवार सोमबार अत्तालिँदै काठमाडौं क्यान्सर अस्पताल भक्तपुर पुग्यो । नाकको पछाडिको भागमा सुरु भएको क्यान्सर फैलिएर दिमाग र देब्रे आँखामा पुगिसकेको छ । उनी पनि युट्युब र फेसबुक हेरेर अन्तिम विकल्प पुगेकी थिइन् । १० महिनासम्म त्यहींको चमत्कार नामक औषधि खाइन् । तर बिमार झन्झन् बढ्दै गएपछि तामाङलाई सोमबार अस्पताल पुऱ्याइएको छ ।

काठमाडौं क्यान्सर अस्पतालमा मात्रै सुरुमा यस्ता गलत प्रचारवाला ठाउँमा पुगेर रोगले असाध्यै चर्केर भएपछि आएका ६ जना बिरामी छन् । सबै क्यान्सरको स्टेज ४ का बिरामी हुन् । 'क्यान्सर पत्ता लाग्नेबित्तिकै उपचार गर्न पाएको भए अहिलेसम्म उनीहरू तन्दुरुस्त भइसक्थे,' अस्पतालका क्यान्सर रोग विशेषज्ञ डा. आविश अधिकारीले भने ।

म एकदमै ट्यालेन्ट छु

- सुवास सुब्बा
सञ्चालक, अन्तिम विकल्प

मैले आयुर्वेदिक र एलोप्याथिक दुवै विषय पढेको छैन । म डाक्टर होइन तर मलाई डाक्टरलाई भन्दा १० गुणा बढी ज्ञान छ । मैले धेरै अनुसन्धान गरेर क्यान्सर र एचआईभीको औषधि पत्ता लगाएको हुँ । ती औषधि हाम्रै क्लिनिकमा उत्पादन हुन्छन् । मैले अमेरिका र युरोपमा पनि औषधि निर्यात गरेको छु । एकदम राम्रो मार्केट छ हाम्रो औषधिको । यहाँको औषधिले ९९ प्रतिशत बिरामी सञ्चो भएका छन् । यसका लागि मैले केही मिहिनेत गरेको छु, केही परमेश्वरले दिएको बरदान छ । म एकदम ट्यालेन्ट मान्छे हुँ । कलाकार हुँ । गीत गाउँछु । रिसर्चर पनि हुँ । बरको रूख महिला प्रजातिको हो भन्ने मैले पत्ता लगाएपछि रानी ऐश्वर्याबाट तक्मा पनि थापेको हुँ । फोहोर डम्पिङ साइटमा फाल्नुपर्छ भनेर मैले नै नगरपालिकाका मेयरलाई धेरै पहिले आइडिया दिएको हुँ । अरू कुरा धेरै गर्छन्, म काम गर्छु तर के गर्नु सरकारले मजस्तो प्रतिभालाई चिन्न सकेन ।

आयुर्वेदले क्यान्सर निको हुँदैन

- डा. आविश अधिकारी

क्यान्सर समयमै उपचार गर्नु निकै महत्त्वपूर्ण हुन्छ । क्यान्सरको वैज्ञानिक तथ्यहरूले प्रमाणित गरेको उपचार किमोथेरापी (क्यान्सरका विभिन्न औषधि दिने प्रक्रिया), रेडियोथेरापी (विकिरणले 'सेक्ने') र शल्यक्रिया (चिरेर झिकेर फाल्ने) हुन् । यी सबै वा कुनै एक वा दुई उपचार हरेक क्यान्सरलाई जरुरी हुन्छ । क्यान्सरको उपचार जटिल छ तर उपचार सम्भव छ ।

क्यान्सरको उपचारमा प्रयोग हुने प्रमाणित औषधिहरू पनि केही जडीबुटी र केही केमिकलबाट बनेका हुन् तर जडीबुटी खाएर कसैको क्यान्सर निको भएको छैन । औषधिहरू निकै राम्रा बन्न थालेका छन् । निकै जटिल अपरेसन पनि सहजै हुन थालेका छन् र रेडियोथेरापी गर्ने मेसिन पनि नयाँ र सटीक भएका छन् । विकसित देशमा उपलब्ध हुने सबै उपचार नेपालमै पाइन्छन् ।

सामाजिक सञ्जालहरूमा विज्ञापन हेरेर 'अन्तिम विकल्प' मा दैनिक ५० हाराहारी बिरामी पुग्छन् । सञ्चालक सुब्बाकै दाबीअनुसार त्यहाँ उपचार गर्न पुग्नेमध्ये ८० प्रतिशत क्यान्सरका बिरामी र १० प्रतिशत एचआईभी संक्रमित छन् । उनी ती सबैलाई निको पारेको दाबी गर्छन् ।

सबै रोगका बिरामीलाई एउटै औषधि दिने उक्त क्लिनिकले बिरामी उपचारका नाममा १४ वर्षदेखि यो अवैध धन्दा चलाइरहेको छ । कतै दर्ता नगरी क्लिनिक चलाएको भन्दै जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले कारबाही गर्ने बताएपछि एक महिनाअघि उक्त कम्पनी 'अन्तिम विकल्प पोलिक्लिनिक' का रूपमा दर्ता भएको छ । 'त्यहाँ ठगी हुन्छ भन्ने थाहा पाएपछि हामी अनुगमनमा गयौं,' जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख डा. अनु शाक्यले भनिन्, 'उनीहरू सबै विधि पुऱ्याएर दर्ता प्रक्रियामा आए ।' उनले दर्तापछि उक्त क्लिनिकले के गरिरहेको छ भन्नेबारे आफूहरूले खोजी नगरेको बताइन् ।

क्लिनिक सञ्चालक सुब्बा भने त्यही क्लिनिकलाई अस्पताल बनाउने ध्याउन्नमा छन् । 'मैले यति राम्रो काम गरेको छु, यहाँ आउने क्यान्सरका १०० रोगीमध्ये ९९ जनालाई निको पारेर पठाउँछु, पाँच वर्षदेखि एचआईभीको औषधि गरेर पूरै निर्मूल पारेको छु,' सुब्बाले कान्तिपुरसँग भने, 'तर सरकारले मेरो प्रतिभा चिनेन ।'

आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य विभाग, स्वास्थ्य प्रवर्द्धन शाखाका प्रमुख एवं नेपाल आयुर्वेद चिकित्सक संघका अध्यक्ष डा. प्रकाश ज्ञवाली आयुर्वेदिक पद्धतिबाट क्यान्सर निको हुने पद्धति फेला नपरेको बताउँछन् । उनका अनुसार आयुर्वेदिक उपचारका औषधि पनि औषधि व्यवस्था विभागमा दर्ता हुनुपर्छ । सुब्बाले सञ्चालन गरिरहेको क्लिनिकले आफैं औषधि उत्पादन गर्छ र वितरण पनि । तर यो कम्पनी औषधि उत्पादनका लागि विभागमा दर्ता भएकै छैन । सुब्बा एचआईभी संक्रमितलाई पूरै निको पारिदिएको दाबी गर्छन् तर त्यस्तो औषधि संसारमै नबनेको सरुवा रोग विशेषज्ञ डा. अनुप बास्तोला बताउँछन् । 'एचआईभी निर्मूल हुँदैन, नियन्त्रण हुन्छ, नियमित औषधि खानुपर्छ,' उनले भने ।

आयुर्वेदिक उपचारका नाममा ठगी धन्दा चलाउने 'अन्तिम विकल्प' जस्ता संस्था टोलटोलमा छन् । 'उनीहरूले लाइसेन्स पनि लिएका छैनन्, भ्रामक प्रचार गरेर लुट मच्चाइरहेका छन्,' डा. ज्ञवालीले भने । उनका अनुसार देशभरमा ६ सय हाराहारी मात्रै लाइसेन्स प्राप्त आयुर्वेद डाक्टर र ६० जना विषयगत डाक्टर छन् । 'तीबाहेक अरू सबैले गैरकानुनी काम गरिरहेका हुन्,' डा. ज्ञवालीले भने ।

केही रेडियो र टेलिभिजनमा पनि यस्ता भ्रामक विज्ञापन बजिरहेका हुन्छन् । आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले २०७२ मा प्रेस काउन्सिलमार्फत सञ्चारमाध्यमबाट यस्ता भ्रामक विज्ञापन हटाउन पत्राचार पनि गरेको थियो । तर अनुगमन नहुँदा सञ्चारमाध्यममै आउने यस्ता विज्ञापनले पनि रोगको आयु बढाउन र बिरामीको आयु घटाउन भूमिका खेलिरहेको डा. ज्ञवाली बताउँछन् ।

हार्दिक समवेदना



जन्म: २०००।०१ गते

स्वर्गारोहण: २०७६ मंसिर १० गते

स्व. रंगराज खतिवडा

यस संस्थाका कर्मचारी श्री रोशनराज खतिवडाको पुजनीय पिता रंगराज खतिवडाको असामयिक स्वर्गारोहण भएको आज ४५ औं पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गर्न श्री पशुपतिनाथसँग प्रार्थना गर्दछौं ।

ग्रेट गंगा सागर बचत तथा ऋण सहकारी संस्था लि. परिवार

ekantipur.com

खेलकुद

प्रतिस्पर्धामा छात्रा

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा जारी क्विक्स कप अन्तरस्कुल राष्ट्रिय छात्रा फुटबल प्रतियोगितामा बिहीबारका खेलबाट त्रिवेणी, दुर्गा र ज्वालामुखी मावि अन्तिम चारमा पुगेका छन् ।

'हनिमुन' मै व्यस्त क्यान

'संघलाई कसरी व्यवस्थित गर्ने भनेर क्यालेन्डर तयार गरेका छौं । यसलाई कसरी प्रयोग गर्ने भनेर प्रायोजककहाँ दौडधुप गरिरहेका छौं । एकमहिना जति त सागमै बित्यो ।'

■ **विनोद पाण्डे** (काठमाडौं)

भन्डै चार वर्ष नेपाल क्रिकेट संघ (क्यान) ले अन्तर्राष्ट्रिय निलम्बनमै बितायो । नेपाललाई अन्तर्राष्ट्रिय प्रतियोगितामा खेल्ने वातावरण अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले बनाइदिए पनि संघमाथि प्रतिबन्ध लगाइएको थियो । क्यान आईसीसीको नियन्त्रणमा थियो र नेपाली क्रिकेट उसैले हाँकिरहेको थियो ।

आन्तरिक विवाद, भ्रष्टाचारको आरोप हुँदै निष्पक्ष निर्वाचन नगराएको र संघमाथि राजनीतिक हस्तक्षेप भएको भन्दै आईसीसीले सन् २०१६ को अप्रिलमा क्यानलाई निलम्बन गरेको थियो । संघ यतिसम्म निकम्मा भइसकेको थियो कि आईसीसीले निलम्बन लगाउँदा धेरैले यसलाई राम्रो भन्दै अब नेपाली क्रिकेटको निकास हुने सम्भावनासमेत देखेका थिए ।

झन्डै चार वर्षको निलम्बनमा नेपाली क्रिकेटको विकास किन भएन भन्दा सरोकारवालाको एउटै जस्तो उत्तर आउँथ्यो, 'क्यान निलम्बनका कारण' । आईसीसीको नियन्त्रण र संघ निलम्बनको अवस्थामा नेपालले चाहेजस्तो केही गर्न सक्दैनथ्यो । अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्नुअघि क्याम्प राख्न पनि आईसीसीको स्वीकृति चाहिन्थ्यो । संघले राष्ट्रिय प्रतियोगिताहरू गर्न छाडेको थियो । यसले ग्रासरुटमा ठूलो असर पुग्यो । ट्रयालबाटै युवा खेलाडी छनोट गर्नुपर्थ्यो । यसको असर नेपाली क्रिकेटमा गहिरो देखियो । नयाँ प्रतिभाहरू देखिन छाडेका छन् । भएका खेलाडीबाट नेपालको प्रतिनिधित्व गराउनुपरेको छ ।

आईसीसीको मध्यस्थतामा विभिन्न चरण पार गर्दै विशेष साधारणसभामार्फत असोज ११ मा गरिएको निर्वाचनबाट क्यानमा नयाँ कार्यसमिति आयो । यसै साता क्यानको नयाँ कार्यसमितिले '१०० दिन (हनिमुन अवधि) पूरा गरेको छ । यसबीचमा भएका क्यान गतिविधि हेर्ने हो भने नेपाली क्रिकेटले नयाँ कार्यसमितिबाट जुन अपेक्षा गरेको थियो, त्यसको छेउछाउसम्म पुगेको देखिँदैन र पाइँदैन पनि । नेपाली राष्ट्रिय टोली छनोट गर्न मात्र नयाँ कार्यसमितिको बैठक बसेको जस्तो देखिन्छ ।

क्यान अध्यक्ष चतुरबहादुर चन्द त्यो मान्न तयार छैनन् । 'झट्ट हेर्दा देखिने कार्य केही भएजस्तो लाग्दैन । निर्वाचनलगत्तै चाडपर्वहरू पऱ्यो, नियमित कामहरू पहिलाजस्तै भइरहेका थिए, तर व्यवस्थित थिएन । क्यान बैठक दुईपल्ट मात्र बसेको छ । कसरी जाने भन्ने योजना अनौपचारिक छलफलमै जिम्मेवारी लिएर अगाडि बढिरहेका छौं,' उनले क्रिकेट विकासका लागि संघ लागिरहेको दाबी गर्दै भने, 'संघलाई कसरी व्यवस्थित गर्ने भनेर क्यालेन्डर तयार गरेका छौं । यसलाई कसरी प्रयोग गर्ने भनेर प्रायोजककहाँ दौडधुप गरिरहेका छौं । १२-१५ कर्पोरेट हाउससँग कुरा भइरहेको छ । धेरै सकारात्मक प्रतिक्रिया आएको छ ।'

उनी १३ औं दक्षिण एसियाली खेलकुदको महिला र पुरुष इभेन्टको दौडधुपमै एक महिना बितेको सुनाउँछन् । निलम्बनपछि क्यानको पहिलो इभेन्ट रहेकाले धेरै मिलाउन त्यसतर्फ समय खर्चिएको उनले बताए । राष्ट्रिय खेलकुद परिषद्को इभेन्ट भए पनि सागको क्रिकेट इभेन्ट क्यानले नै आयोजना गरेको उनी मान्छन् । उनले भने, 'सागअघि कीर्तिपुर मैदान अव्यस्थित थियो, हामी सबैको ध्यान त्यसैमा केन्द्रित रह्यो । पोखराको महिला इभेन्टलाई पनि ध्यान दिनुपर्ने थियो । यो सबै क्यानले गरेकोमा दुईमत छैन । पैसा थोरै थियो, हामीले कहींकतै प्रश्न उठाउने ठाउँ दिएनौं । व्यवस्थित हिसाबमा साग सम्पन्न भयो भन्ने हाम्रो दाबा छ ।'

यसबीच क्यानको आईसीसीसँग बैठक भएको अध्यक्ष चन्दले सुनाए । आईसीसीले सन् २०२० को कार्यक्रम र बजेट बनाउन भनेको सुनाउँदै उनले जनवरी अन्तसम्म कार्यक्रम र बजेट बनाएर पठाइसक्ने बताए । नेपालले अबको २० दिनपछि क्रिकेट विश्वकप लिग २ मा अमेरिका र ओमानलाई आतिथ्यता प्रदान गर्दै छ । बाँकी समय त्यसैमा व्यस्त रहने उनको जिकिर छ । फेब्रुअरी ५ देखि कीर्तिपुरमा हुने लिग २ मा सहभागी तीन टोलीले एकअर्कासँग २-२ खेल खेल्नेछ । ६ एकदिवसीय अन्तर्राष्ट्रिय खेलमध्ये नेपालले अमेरिका र ओमानसँग २-२ खेल खेल्नेछ । अगस्टबाट सुरु भएको २०२३ को विश्वकप छनोटको शृंखला २०२२ सम्म चल्नेछ । नेपालले दुई वर्षभित्र यो प्रतियोगितामा ३२ खेल खेल्नेछ ।

'आईसीसीले जनवरी १५ सम्म कार्यक्रम र बजेट पठाउनू भनेको छ, तर हामी त्रिकोणात्मक एकदिवसीय शृंखलामा अहिले व्यस्त छौं । यो नेपालमा हुन लागेको सबैभन्दा ठूलो इभेन्ट हो । निलम्बन फुकुवापछि पहिलो ठूलो इभेन्ट गर्दैछौं,' अध्यक्ष चन्दले भने, 'यसलाई राम्रोसँग सम्पन्न गर्न हामी कुनै कसर बाँकी राख्दैछैनौं । मुलपानीमा अभ्यासका लागि मैदानको काम तथा कीर्तिपुरमा खेल्न लागि मैदानभित्र र बाहिरको सबैको कार्य भइरहेको छ । काम नै नभएको होइन, हामी नियमित खटेकै छौं । अहिले नै काम भएको छैन भन्नु हतार हुन्छ ।'

तर भएका कार्य पनि क्यानले व्यवस्थित गर्न सकिरहेको छैन । एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता पाएपछि सबैभन्दा ठूलो प्रतियोगिता खेल्नेक्रममा रहेको नेपालसँग तीन साताको मात्र प्रशिक्षण अवधि छ । क्यानले शुक्रबारदेखि पोखरामा नेपाली राष्ट्रिय टोलीको बन्द प्रशिक्षण डाकेको छ । त्यहाँ मलेसियासँग तीन एकदिवसीय अभ्यास म्याच खेल्नेछ । सुनसरीको इनरुवामा भइरहेको मनमोहन मेमोरियल राष्ट्रिय क्रिकेट प्रतियोगितामा भाग लिन आएको मलेसिया विश्वकप च्यालेन्ज लिग टिम हो । जबकि अमेरिका र ओमान लिग २ मा पहिलो र तेस्रो स्थानमा छन् ।

तीन साताको प्रशिक्षण लिग २ खेल्न पर्याप्त छ त ? अध्यक्ष चन्द स्वीकार्छन् यो समय अपुग हो । उनी यसको केही दोष प्रशिक्षक उमेश पटुवाललाई दिन्छन् । '२० दिनको तयारीमा खेल्नु सही त होइन । तर हामीसँग प्रशिक्षक (उमेश पटवाल) नै उपलब्ध थिएनन् । पासपोर्टको पाना सकियो भनेर उहाँ भारत जानुभयो । पूरा खेलाडी पनि प्रशिक्षणलाई छैनन् । भूमिका लिइसकेपछि सबै जिम्मेवार हुनुपर्छ,' समस्या देखाउँदै उनी आशावादी पनि छन्, 'प्रशिक्षण सुरु गर्न काठमाडौंमा सम्भव भएन । धेरै खेलाडी एमएम कप खेल्न गएका छन् । तीन साताको प्रशिक्षण कम हो तर राम्रो प्रशिक्षण गर्न नपाए पनि खेलाडीहरू टचमा छन् ।'

वार्षिक क्यालेन्डर बनाए पनि ५ वर्षे रणनीतिक कार्यक्रमको खाका क्यानसँग देखिँदैन । अन्य कार्यक्रमहरू देखिएका छैनन् । अगाडि आएको कार्यक्रम कार्यन्वयन गर्नमै क्यान व्यस्त देखिन्छ । चन्द पनि लिग २ त्रिकोणात्मक शृंखलामा व्यस्त भएकाले अरुमा आफूहरूले ध्यान दिन नसकिरहेको मान्छन् । उनले भने, 'वार्षिक क्यालेन्डर बनाइसक्यौं । क्यालेन्डरअनुसार चल्न खर्च चाहियो । त्यही खर्च हामी जुटाउँदै छौं । २०१९ सम्म खेलाडी, प्रशिक्षकको तलब आईसीसीले नै हेरोस्, त्यसपछि हामी हेर्छौं भनेका छौं । जनवरी १ देखि हाम्रो जिम्मेवारी सुरु भएको हो । त्यसयता पनि हामी नियमित काममा छौं । आईसीसीले तपाईंहरूको वार्षिक बजेट यो हो, यसअनुसार चल्नु भनेको छ । त्यति बजेटले केही हुँदैन । बाँकीको बजेटका लागि हामी दौडिरहेका छौं ।'

जिल्लालाई १ लाख र प्रदेशलाई वार्षिक ३ लाख रुपैयाँ दिने निर्णय क्यान कार्यसमितिले गरिसकेको छ । यसले कार्यालय खोल्न मदत गर्ने क्यानको बुझाइ छ । यो बजेटसँगै कार्यालय र कर्मचारी संरचना के हो भनेर जानेछ भने खुला सूचनाबाट कर्मचारी नलिए मार्चसम्म पदाधिकारी नै दौडिनुपर्ने बाध्यता रहेको उनी सुनाउँछन् । 'विधानअनुसार नै प्रवन्ध निर्देशक वा प्रमुख कार्यकारी अधिकृत तथा फाइनान्स म्यानेजर, प्रशासनमा कर्मचारी राख्छौं । अलि पछि सातै प्रदेशमा प्रशिक्षक राख्ने छौं । त्रिकोणात्मक शृंखलाअगाडि काम गर्न सजिलो होस् भनेर सिटी अफिस बनाउन खोजिरहेका छौं,' उनी अहिले नै यो काम भयो भनेर भन्नलाई केही नभएको, तर नतिजा राम्रो हुने विश्वासमा छन् ।

क्यान अध्यक्ष चतुरबहादुर चन्द

एनपीएल तयारी

नेपालमा हाल एभरेस्ट प्रिमियर लिग, धनगढी प्रिमियर लिग र पोखरा प्रिमियर लिग गरी तीन फ्रेन्चाइज प्रतियोगिता छन् । यसलाई व्यवस्थित बनाएर नेपाल प्रिमियर लिग (एनपीएल) को भित्रभित्र तयारी भइरहेको चन्दले सुनाए । त्यसका लागि तयार भइरहेको र धेरै बोल्यो भने त्योअनुरुप नहोला भनेर उनी यसको विस्तृत खाका बनाउन चाहँदैन । तर उनी अन्य प्रिमियर लिग अब सबै क्यानको स्वीकृति र मातहतमा मात्र हुने बताउँछन् ।

'अरु लिग समय मिल्यो भने, क्यान र आईसीसीको क्यालेन्डरमा अटायो भने गर्न दिन्छौं । रोक्ने कुरा भएन । तर ती लिगहरू व्यवस्थित हुनुपऱ्यो । नेपालको कानुनलाई मिचेर केही हुनुभएन,' चन्दले भने, 'करचुक्ता गरे नगरेको, विदेशी खेलाडीको श्रम स्वीकृति लिए नलिएको वा लिनुपर्ने नपर्ने भनेर संघलाई पत्र आइरहेको छ । २०१९ सम्मको इभेन्टमा हाम्रो केही भूमिका छैन, त्यसको जिम्मेवार हामी छैनौं । आउने लिगहरूबारे हामी सचेत छौं । २०२० देखि सबै क्यानमातहत हुनेछ ।' हाल भइरहेको लिगबारे मन्त्रालयले पत्रचार गरी विस्तृत विवरण मागेको र त्यहीअनुसार पत्र मन्त्रालयमा बुझाउने प्रक्रियामा रहेको चन्दले बताए । उनले भने, 'फ्रेन्चाइज लिगले कर तिरे नतिरेको, मालिक र खेलाडीको विवरण हामीलाई पत्र पठाई मागिएको छ । हामीले सम्बन्धित सबैसँग यसबारे जानकारी माग्ने छौं । क्यानलाई आधिकारिक हिसाबमा केही थाहा छैन, तपाईंको पत्रिका र रेडियो, टिभीमा थाहा होला । एउटा लिगका ६ वटा फ्रेन्चाइज र एउटा आयोजकको कम्पनी दर्ता अब सबै चाहिन्छ । हामी लिग व्यवस्थित गर्न खोजिरहेका छौं ।'

महानगर कप भलिबल

ललितपुर र चौतारा भिड्ने

जावलाखेलमा भइरहेको महानगर कप भलिबलमा बिहीबार ललितपुर (नीलो) र कमलामाईका खेलाडी भिड्दै । राजधानीमै जारी डायमन्ड कप महिला भलिबलमा आर्मी (हरियो) को स्पाइक झेल्दै टप्सका खेलाडी (तल) ।

कान्तिपुर संवाददाता (काठमाडौं)

आयोजक ललितपुर महानगरपालिका र चौतारा नगरपालिकाले महानगर कप भलिबलको पुरुषतर्फ फाइनलमा प्रतिस्पर्धा गर्ने भएका छन् ।

जावलाखेल भलिबल प्रशिक्षण केन्द्रमा बिहीबार भएको सेमिफाइनलमा जित निकाल्दै ललितपुर र चौतारा उपाधि भिडन्तमा पुगेका हुन् । चौतारालेपहिलो सेमिफाइनलमा महालक्ष्मी नगरपालिकालाई ३-१ को सेटमा पराजित गऱ्यो । चौतारालेे २५-१४, ३५-३३, १८-२५, २५-१७ को सेटमा खेल जितेको हो । दोस्रो सेमिफाइनलमा ललितपुरले कमलामाई नगरपालिकालाई सोझो सेटमा हरायो । ललितपुरले जित पाउँदा २५-१५, २५-१५, २५-८ को नतिजा निकालेको हो । महिलातफले चन्द्रागिरि नगरपालिकाले आयोजक ललितपुर महानगरपालिकासँग उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ ।

दुवैको फाइनल शुक्रबार हुनेछ । महिला र पुरुष दुवैतर्फका विजेताले २ लाख, उपविजेताले १ लाख र तेस्रोले ५० हजार रुपैयाँ पुरस्कार पाउने छन् । दुवैका सर्वोत्कृष्ट खेलाडीले १० हजार पाउँदा विधागतर्फ उत्कृष्ट हुने स्पाइकर, ब्लकर, सेटर, डिफेन्स, सर्भर र प्रशिक्षकले जनही ५ हजार रुपैयाँ पाउने छन् ।

डायमन्ड र पुलिस विजयी

आयोजक न्यु डायमन्ड स्पोर्ट्स क्लब र नेपाल पुलिस क्लब तेस्रो न्यु डायमन्ड खुला राष्ट्रिय महिला भलिबलको सेमिफाइनलमा पुगेका छन् । ढोरपाटन क्लबको खेल मैदानमा बिहीबार न्यु डायमन्ड र पुलिसले ढोरपाटन स्पोर्ट्स क्लबलाई पराजित गर्दै एक खेल बाँकी हुँदै सेमिफाइनल तय गरेका हुन् । डायमन्ड र पुलिसबीचको खेलले नै समूह 'बी' को विजेता टुंगो लगाउने छ । दुई टोलीबीचको खेल बुधबार वर्षाका कारण रद्द भएको थियो । पुलिसले ढोरपाटनलाई २५-१२, २७-२५, २५-१० ले र डायमण्डले पनि ढोरपाटनलाई २५-५, २५-१२, २५-११ को सेटमा हराएका थिए ।

बिहीबारै त्रिभुवन आर्मीले पोखराको टप्स मावि लाई २५-१३, २५-१६, २५-७ को सोझो सेटमा हरायो । समूह 'ए' मा आर्मीको यो दोस्रो जित हो । आर्मीले पारामाउन्टलाई हराएको थियो ।

टप्सले भने पारामाउन्टमाथि ३-१ को जित निकाल्यो । बिहीबार तय आर्मी र एपीएफबीचको खेल वर्षाका कारण रोकिएको छ । पहिलो सेट एपीएफले २५-१८ ले आफ्नो पक्षमा पारेको थियो । त्यसपछि वर्षाले खेल हुन सकेन । शुक्रबार तीन खेल हुनेछ । न्यु डायमन्ड र पुलिस, एपीएफ र पारामाउन्ट तथा आर्मी र एपीएफ भिड्नेछन् ।



लेस्टर र भिल्लाबीच बराबर

लेस्टरका जेम्स म्याडिसन (नीलो) को प्रहार रोक्ने क्रममा एस्टन भिल्लाका खेलाडीद्वय ।

लेस्टर (एएफपी)- ब्रेन्डन रोजर्सले आफ्ना लेस्टर सिटी खेलाडीलाई लिग कप फाइनल खेल्ने सम्भावनाबाट वन्चित हुनुपर्ने चेतावनी दिएका छन् । केलेची इहेनाचोले खेलको अन्त्यतिर गरेको गोल मदतले एस्टन भिल्लाले बुधबार दोस्रो सेमिफाइनलको पहिलो लेगमा लेस्टर सिटीलाई उसकै भूमिमा १-१ को बराबरीमा रोकेपछि व्यवस्थापक रोजर्स आत्तिएका हुन् । प्रिमियर लिगको दोस्रो स्थानको लेस्टरले किङ पावर स्टेडियममा फ्रेडरिच गुल्बर्टको गोलले अग्रता लिएको थियो ।

इहेनाचोले वेन्चबाट मैदानमा छिर्दै बराबरी गोल गरे । क्लबका लागि यसपल्ट आठौं खेल खेल्दा उनले गरेको गोलसंख्या ८ पुगेको छ । पूरा खेल आफ्नो नियन्त्रणमा राखेपछि अब लेस्टरले जनवरी २८ मा हुने दोस्रो लेगको सेमिफाइनलमा भिल्ला पार्कको भ्रमण गर्नेछ र दबावमा रहनेछ । रोजर्सले भने, 'समग्रमा खेलमाथि हामी नै बलियो रह्यौं, तर भिल्लाले केही राम्रा बचाउ गरे । विशेषतः गोलरक्षक लयमा रहे र राम्रो खेले ।' उनले दुई लेगको खेल जहिल्यै पनि गाह्रो हुने हुनाले लेस्टरले दोस्रो लेग सेमिफाइनलमा आफ्नो स्तर बढाएर खेल्नुपर्ने पनि स्विकारे । कप प्रतियोगितामा रोजर्सको प्रदर्शन उनका पूर्व क्लब लिभरपुल र सेल्टिकका लागि राम्रो छ, तर सन् २०१४-१५ मा उनी लिभरपुलमा छँदा एफए कप सेमिफाइनलमा भिल्लाकै हातबाट पराजित रहेका थिए । सन् १९९६ मा भिल्लाले लिग कप जितेको थियो । यो नै भिल्लाले जितेको अन्तिम उपाधि हो ।

लेस्टरले भने सन् २००० मा लिग कप जितेको थियो । त्यो वर्ष सेमिफाइनलमा भिल्लालाई नै हराउन सफल थियो । भिल्लाका व्यवस्थापक डिन स्मिथले खेलपछि भने, 'हाम्रो तुलनामा लेस्टर बलियो टिम हो, तर हाम्रो डिफेन्सले राम्रो खेल्न सक्यो । अब हामी भिल्ला पार्कमा खेल्दैछौं र त्यो खेलमा प्रतीक्षामा हुनेछौं । यो खेलमा दुवै टिमले सुरुदेखि नयाँ सोचले खेल्नुपर्नेछ ।' अर्को सेमिफाइनलमा म्यानचेस्टर सिटी र युनाइटेड भिड्नेछन् ।

स्पेनी सुपर कप

रियाद- टोनी क्रुजले गरेको जादुयी गोल मदतले रियल म्याड्रिडले बुधबार राति भ्यालेन्सियालाई ३-१ ले हरायो । साउदी अरेबियामा भएको विवादास्पद स्पेनी सुपर कपको फाइनल पुग्न सफल रहयो । रियलका लागि इस्को र लुका मोड्रिचले पनि गोल गरे । किङ अब्दुलाह स्पोर्टस सिटी स्टेडियममा भएको खेलमा भ्यालेन्सियाका लागि डानी परेजोले एक गोल फर्काए । रियलले आइतबार फाइनलमा बार्सिलोना र एट्लेटिको म्याड्रिडको विजेतासँग खेल्नेछ । दोस्रो सेमिफाइनल बिहीबार हुँदै छ ।

आर्मीको च्याम्पियन दाउ

■ राजु धिसिङ (काठमाडौं)

नेपाली सेनाको त्रिभुवन आर्मी क्लब घरेलु फुटबलमा सधैं शक्तिशाली मानिन्छ। विशेषगरी नकआउट फुटबलमा खेलाडीको जुझारु खेलबाट आर्मीले थुप्रै सफलता पाइसकेको छ। ए डिभिजन लिगको डेब्यूमै २०६१ सालमा पनि आर्मीलाई उपाधिको दावेदार मानिएको थियो। तर, घरेलु फुटबलको सबैभन्दा प्रतिष्ठित प्रतियोगितामा १५ वर्षयता निरन्तर प्रतिस्पर्धा गरेर पनि आर्मीले उपाधि चुम्न पाएको छैन।

पहिलो सिजन चौथोमा रहेको आर्मी २०६३ सालको लिगमा उपविजेता भयो। यो नै आर्मीको सबैभन्दा राम्रो नतिजा थियो। आर्मीलाई गत वर्ष पनि उपाधि दावेदार मानिएको थियो तर त्यो अपेक्षामै सीमित भयो र नतिजा फेरि चौथो स्थान। आर्मीका लागि २०६८ र ०७० सालको लिग भने सम्झनयोग्य छैन, त्यसमा क्रमशः आठौं र नवौं भएको थियो। अधिक बराबरी नतिजाले आर्मी तल परेको थियो।

सधैंजस्तै आर्मीलाई यसपालि पनि उपाधिको दावेदार मानिएको छ। पाँचौं चरणसम्म आइपुग्दा आर्मीले आफूलाई पहिलोपल्ट लिग च्याम्पियन बन्ने अभियानमा रहेको देखाइरहेको छ। तर खेल भने च्याम्पियन बन्ने खालको टिमजस्तो देखिँदैन। हुन त २०७१ देखि ०७४ सम्म ए डिभिजन नहुँदा नाम चलेका अरु ठूला क्लबहरूको खेलस्तर पनि खस्किएकै छ। कुनै पनि टिम स्वाभाविक लयमा देखिएका छैनन्, स्तरीय खेल प्रदर्शन गर्न सकेका छैनन्। यस्तोमा आर्मी पनि पृथक रहेन।

फरवार्ड भरत खवासलाई भर्ना गरेसँगै शारीरिक प्रतिस्पर्धालाई छाडेर प्राविधिक खेलमा जोड दिएको आर्मीले यसपालिको लिगमा बिहीबार सरस्वती युवा क्लबलाई १-० ले पराजित गऱ्यो। रेलिगेसनबाट बच्न संघर्षरत टिमविरुद्ध चिसो मौसममा दशरथ रंगशालामा ३ अंक जोड्न आर्मीलाई सजिलो भएन। तर त्यो जितले आर्मी (१२ अंक) मनाङ मर्स्याङदी (११), मछिन्द्र (१०) लाई उछिन्दै सहिद स्मारक 'ए' डिभिजन लिगको शीर्षस्थानमा पुगेको छ। दोस्रो चरणमा डिफेन्डिङ च्याम्पियन मनाङसँग १-० ले हारेको आर्मीले अरु ४ खेलमा शतप्रतिशत अंक जोड्यो।

'हामीलाई ३ अंक एकदम महत्त्वपूर्ण थियो। अंकतालिकाको शीर्षस्थानमा पुग्ने भएकाले त्यसको दबाब थियो,' आर्मीका प्रशिक्षक नवीन न्यौपानेले भने, 'त्यसका लागि प्रेसिङ गेम (आक्रामक खेल) खेल्ने रणनीति बनाएर मैदान उत्रिएका थियौं। धेरै मौका पाएका थियौं। तर, सबै खेलमा पाइरहेका अवसरअनुसार गोल भएको छैन।'

लगातार ५ खेल हारेको र पाँचौं चरणसम्म अंक जोड्न असफल एकमात्र टिमको रूपमा रहेको सरस्वतीबारे उनले भने, 'सरस्वतीलाई सजिलो लिएको थिएन। अघिल्लो खेलमा थ्रीस्टारविरुद्ध खेलेजस्तै गति कायम राख्ने हिसाबले तयारी गरेका थियौं। त्यो दबाबले पनि गाह्रो भयो।' आर्मीले जर्जप्रिन्स कार्कीले ३० औं मिनेटमा गरेको गोलमा पूर्ण अंक जोडेको हो। त्यसमा दिनेश हेन्जनले दिएको पास उत्कृष्ट थियो, जसलाई हल्का रूपमै प्रिन्सले गोल गरिदिए। आर्मी थप ६ सहज अवसर उपयोग गर्न सकेन। सरस्वतीका सब्स्टिच्युट विनोद केसीले ५४ औं मिनेटमा फस्ट बारमै प्रहार गरेको बललाई आर्मीका गोलकिपर विकेश कुथुले बाहिर फाले। सरस्वतीले उल्लेखनीय अर्को आक्रमण गरेन। आर्मीको खेल पनि प्रशंसायोग्य भएन।

म्यान अफ द म्याच चुनिएका आर्मीका डिफेन्डर विकास खवासले भने, 'मुख्यतः हामीलाई ३ अंक चाहिएको थियो। खेलमा उतारचढाव भइरहन्छ। जतिसक्दो उत्कृष्ट खेल्ने प्रयास गऱ्यौं। गोलअन्तर कम भयो तर ३ अंक लिन सफल भयौं। अहिले लिगको शीर्षस्थानमा छौं, यसैलाई निरन्तरता दिएर उपाधिसम्म पुग्ने आशा छ।' कप्तान भरत खवासले मांसपेसीको चोटको कारण १३ औं मिनेटमै मैदान छाडे पनि त्यो गम्भीर नभएको प्रशिक्षक न्यौपानेले बताए।

सुधारको खाँचो

विश्वकप २०२२ छनोटमा कुवेतविरुद्धको खेलअघि 'नाइट क्लब काण्ड' मा परेका मिडफिल्डर सन्तोष तामाङले ४५ दिने निलम्बनपछि पुनरागमन गर्दै उत्कृष्ट प्रदर्शन गरेपछि आर्मीले थ्रीस्टारलाई हराएको थियो। तर, उनी सरस्वतीविरुद्ध चलेनन्। यो खेलमा दिनेश हेन्जन नै प्रभावशाली देखिए। 'कहिले को कहिले को राम्रो देखिएको छ,' प्रशिक्षक नवीन न्यौपानेले भने, 'नवयुग (श्रेष्ठ), भरत (खवास), प्रिन्स र दिनेशलाई आक्रमणमा केन्द्रित गरेका छौं। उनीहरू पूर्णतः स्ट्राइकर हाइनन्, विंगर पनि होइनन्। उनीहरूको समन्वय मिलिरहेको छैन, त्यसैले स्कोर नभइरहेको हो।'

'अग्रपंक्तिमा गोल नभए पनि हाम्रा खेलाडीले प्रयास गर्न छोड्दैनन्। चारजनाको समन्वय मिल्यो भने धेरै राम्रो हुन्छ, अरुलाई डिफेन्स गर्न धेरै गाह्रो हुन्छ,' प्रशिक्षक न्यौपानेले भने, 'हामीले शीर्षस्थान कायम राख्न स-साना गल्तीमा गोल खानुभएन। एउटा खेलमा ४-५ मौका पाइन्छ, एउटा त गोल हुन्छ। आफ्नै गल्तीमा गोल खाइरहेका छौं, यसमा सुधार गर्नु जरुरी छ।' डिफेन्समा सुधार भइरहेको पनि उनले सुनाए।

यो लिगमा नियमित ४-५ पास खेल्नसक्ने टिम देखिन पनि गाह्रो भएको छ। संगठित खेलमा अलि बलियो छ मछिन्द्र। मनाङ र थ्रस्टारका चर्चित खेलाडीहरू भित्र्याएपछि फेरिएको मछिन्द्रले पहिलोपल्ट लिग च्याम्पियन बन्ने योजना बनाएको हो। मछिन्द्र, मनाङ र जावलाखेल पाँचौं चरणसम्म अपराजित छन्। मछिन्द्र र मनाङले समान ३ जित र २ बराबरी खेलेका छन् भने जावलाखेलको २ जित र ३ बराबरी। गत वर्षको लिगमा पुछारबाट दोस्रोमा रहेकाले मछिन्द्र १ अंक घटुवाको कारबाहीमा पनि छ। त्यसको फाइदा उपाधि हेाडमा अरु टिमले लिन सक्छन्। जावलाखेलभन्दा अगाडि चौथोमा छ थ्रीस्टार (३-१-१)।

फ्रेन्ड्सलाई २-१, हिमालयन शेर्पा र थ्रीस्टारलाई समान २-० पछि सरस्वतीलाई १-० ले हराएर आर्मी पहिलोपल्ट शीर्षस्थानमा उक्लिएको हो। प्रशिक्षक न्यौपानेले भने, 'उपाधि होडमा मनाङ, मछिन्द्र र थ्रीस्टार मुख्य प्रतिद्वन्द्वी हुन्। व्यक्तिगत र टिमको खेल हेर्दा मछिन्द्र बलियो छ र टिमसँग क्षमतावान खेलाडीहरू पनि छन्। काउन्टरमा मनाङ राम्रो छ। जावलाखेल, एनआरटी, संकटाले जुनै टिमलाई पनि रोक्नसक्छ, उनीहरूसँग सजग हुनुपर्छ।'

उनले थपे, 'हामी शीर्षस्थानमा रहेका छौं यसैलाई कायम गर्न हामीसँग खेलाडी छ, क्षमता छ तर त्यो स्तरको प्रदर्शन आइरहेको छैन। बेन्च पनि बलियो भएकैले उपाधि जित्ने लक्ष्य लिएका छौं।'

सहिद स्मारक लिगमा बिहीबार आर्मीका जर्जप्रिन्स कार्की (हरियो) र सरस्वती क्लबका मबी आन्द्रे एकवम बल नियन्त्रणमा लिने प्रयास गर्दै। तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

सुरुका ५ खेलमा आर्मी

गोल	प्रतिद्वन्द्वी
२-१	फ्रेन्ड्स
०-१	मनाङ
२-०	हिमालयन शेर्पा
२-०	थ्रीस्टार
१-०	सरस्वती

६ खेलाडीलाई कारबाही

काठमाडौं- एन्फाको अनुशासन समितिले मनाडविरुद्ध मछिन्द्रको खेल सकिएपछि झडपमा उत्रिएका ६ खेलाडीलाई बिहीबार कारबाही गर्ने निर्णय गरेको छ।

मनाङका विंगर जगजित श्रेष्ठलाई ५ र दोस्रो रोजाइका गोलकिपर अशोक बरालालाई ६ खेल तथा रन्जन विष्टलाई २ खेलमा निलम्बन गरिएको उल्लेख गर्दै एन्फाले मछिन्द्रका दीपक राई, देवेन्द्र तामाङ र विजय धिमाललाई २ खेलमा निलम्बनको कारबाही गऱ्यो। समितिले दुवै क्लबलाई ५०-५० हजार रुपैयाँसँगै जगजित र अशोकलाई १०-१० हजार जरिवाना गर्ने निर्णय पनि गऱ्यो। मनाङका किट्स म्यानेजर शिव लामा लिगका बाँकी खेलमा निलम्बन गर्दै १० हजार जरिवानामा परे।

दशरथ रंगशालामा सोमबार खेल सकिएलगत्तै जगजितले दीपकलाई कुहिनाले प्रहार गरेपछि झगडा सुरु भएको थियो। देवेन्द्रलाई किक प्रहार गरेका अशोकलाई रातो कार्ड देखाइएको थियो। उक्त खेल २-२ मा टुंगिएको थियो।

संकटाको फराकिलो जित

काठमाडौं- पाँचौं चरणसम्म एउटै खेलमा सर्वाधिक ६ गोल भयो संकटा र एपीएफको प्रतिस्पर्धामा। बिहीबारको उक्त खेल संकटाले ४-२ ले जित्यो। यो संकटाको दोस्रो जित हो।

म्या अफ द म्याच अफ्रिकी मूलका फरवार्ड अजयी मार्टिन्सले ५३ र ८८ औं मिनेटमा गोल गर्नुअघि कर्ण लिम्बुले ४४ र लक्ष्मण रुचालले १९ औं मिनेटमा बललाई पोस्टको दिशा दिँदै संकटालाई अगाडि बढाएका थिए। एपीएफका लागि नवीन लामाले ५६ र आशिष लामाले ७२ औं मिनेटमा गोल गरे। यो लिगमा संकटाले ७ र एपीएफले ४ अंक जोडेका छन्।

प्रदेश २ विजयी

■ सुम्निमा चाम्लिङ (इटहरी)

मनमोहन मेमोरियल लिग (एमएमएल) एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताबाट कर्णाली प्रदेश बाहिरिएको छ। कर्णाली लगातार दुई खेलमा पराजित भयो। इनरुवा रंगशालामा जारी लिगमा बिहीबार प्रदेश २ ले कर्णाली प्रदेशलाई ८ विकेटले हरायो। प्रदेश २ ले नेपाल पुलिस क्लबसँगको भेट पक्का गरेको छ।

कर्णाली प्रदेशले दिएको १ सय ३० रनको लक्ष्य प्रदेश २ ले २२.५ ओभरमा २ विकेट गुमाउँदै पूरा गऱ्यो। प्रदेश २ को जितमा हसिम अन्सारीले अर्धशतकीय इनिङ्स खेले। उनले ११ चौका र १ छक्का प्रहार गर्दै ८० रन बनाए। सुरज पटेलले ३३ रन बटुले। प्रदेश २ का हरिशंकर शाहले ५ र सुधीर चौधरीले २ रन जोडे। कर्णाली प्रदेशका अनुज चुनारा र दिनेश अधिकारीले १-१ विकेट लिए।

टस जितेर ब्याटिङ गरेको कर्णाली प्रदेशले ३१.५ ओभरमा सबै विकेट गुमाएर १ सय २९ रन बनाएको थियो। कर्णालीका रवीन्द्रजंग शाहीले ४६ रन बनाए।

दिवान पुनले २३ र प्रकाश जैसीले १५ रन जोडे। अन्य ब्याट्समान्यानले उत्कृष्ट प्रदर्शन गर्न सकेनन्। प्रदेश २ का महबुब आलमले ३ विकेट र कुमार थापाले १ विकेट हात पारे। प्रदेश २ का हसिम अन्सारी म्यान अफ द म्याच घोषित भए। शुक्रबार सेमिफाइनल पुगनका लागि पुलिस र प्रदेश २ भिड्ने छन्।

म्यान अफ द म्याच प्रदेश २ का हसिम अन्सारी।

त्रिवेणी सेमिफाइनलमा

काठमाडौं (कास)- त्रिवेणी मावि, दुर्गा मावि र ज्वालामुखी मावि क्विक्स अन्तरविद्यालय छात्रा फुटबल प्रतियोगिताको सेमिफाइनल पुगेका छन्। सातदोबाटोस्थित एन्फा कम्प्लेकसमा बिहीबारका खेलमा त्रिवेणीले जनज्योति पब्लिक स्कुललाई १-० ले पराजित गऱ्यो।

दीक्षा खाँणले २६ औं मिनेटमा गोल गरेकी थिइन्। दुर्गा माविले स्मृति बोर्डिङलाई ३-० ले पराजित गर्दा सुनीता ब्लोनले २ र मन्दिरा राईले १ गोल गरिन्। ज्वालामुखीले एकता जेम्स एकेडेमीलाई ४-१ ले पराजित गऱ्यो।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आर्थिक वर्ष २०७६/०७७ को अनुमानित करको विवरण तथा आयकरको पहिलो किस्ता बापतको रकम दाखिला गर्ने सम्बन्धी जरुरी सूचना

आयकर ऐन, २०५८ (सं. स) को दफा ९४ को उपदफा (१) बमोजिम आर्थिक वर्ष २०७६/०७७ को आयकरको किस्ता रकम दाखिला गर्नु पर्ने करदाताहरुले दफा ९५ बमोजिम आर्थिक वर्ष २०७६/०७७ को कारोवारको अनुमानित करको विवरण र सो विवरण अनुसारको तिर्नु पर्ने आयकरको पहिलो किस्ता वापतको चालिस प्रतिशतले हुने रकम यही २०७६ पौष मसान्त भित्रै ठूला करदाता कार्यालय वा मध्यमस्तरीय करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा सम्बन्धित करदाता सेवा कार्यालयमा दाखिला गरी ऐन अनुसार लाग्ने शुल्क तथा व्याजवाट बचौं।

मलेसियन टोली आइपुग्यो

मलेसियन क्रिकेट टिमलाई बिहीबार स्वागत गर्दै एमएमसीसीका अध्यक्ष ठाकुर गैरे।

काठमाडौं (कास)- मनमोहन मेमोरियल राष्ट्रिय क्रिकेट प्रतियोगिता (एमएम कप) मा भाग लिन १८ सदस्यीय मलेसियाली राष्ट्रिय टोली बिहीबार काठमाडौं आइपुगेको छ। सुनसरीको इनरुवामा भइरहेको प्रतियोगितामा टोलीले मलेसिया ११ को नामबाट खेल्नेछ।

इनरुवा नगरपालिका र मनमोहन मेमोरियल क्रिकेट सेन्टर प्रदेश १ को संयुक्त आयोजनामा पुस १५ देखि भइरहेको प्रतियोगितामा मलेसिया समूह 'डी' मा छ। मलेसियाले शनिबार सुदूरपश्चिमसँग खेल्नेछ। मलेसियाले सोमबार समूह चरणको अन्तिम खेलमा गण्डकी प्रदेशको सामना गर्नेछ। शीर्ष टोली सेमिफाइनल पुग्नेछन्।

क्वालालम्पुरबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएको मलेसियाको टोलीलाई मनमोहन मेमोरियल क्रिकेट सेन्टर (एमएमसीसी) का अध्यक्ष ठाकुर गैरेले स्वागत गरे।

अहमद फैज मोहम्मद नुरको कप्तानीमा आएको मलेसियाली टोली बिहीबार नै सडकमार्ग हुँदै इनरुवा लागिसकेको छ। इनरुवापछि मलेसियाले पोखरा गएर नेपाली राष्ट्रिय टोलीसँग तीन एकदिवसीय म्याच खेल्नेछ।

नीताको दोहोरो जित

काठमाडौं (कास)- त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा भइरहेको प्रेसिडेन्ट कप नेपाल इन्टरनेसनल सिरिज (यू-१९) ब्याडमिन्टनको महिला एकलमा नेपालकी रसिला महर्जन बिहीबार पराजित भएकी छन्।

रसिलाले मलेसियाकी करुपथेभन लेत्सानासँगको खेल २१-१४, २१-१२ को सेटमा गुमाएकी थिइन्। सीमा राजवंशी भारतकी अनुपमा उपाध्यायसँग २१-९, २१-७ ले पराजित भइन्। अर्को खेलमा भारतकी तस्निमा मिरले मलेसियाकी सरन्या कविलानलाई २१-९, २१-३ ले हराइन्। महिला एकलमै नीता लम्सालले आफ्नै देशकी निलिमा महरालाई २१-१२, २१-६ ले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएकी छन्। नीताले दोहोरो जित निकाल्ने क्रममा गोकुल जोरासँग मिलेर मिक्स्ड डबल्समा नेपालकै नरेन्द्र बम र निलिमालाई २१-१६, २१-१३ को सेटमा हराइन्। उनीहरू सेमिफाइनल पुगेका छन्।

नेपालकै पेम्बा शेर्पा र सीमा राजवंशीको जोडी पनि अन्तिम चारमा पुगेको छ। उनीहरूले अमृत चौधरी र विष्णा विष्टको जोडीलाई २१-१४, २१-१० को सेटमा पराजित गरे। पुरुषतर्फ भने प्रिन्स दाहालले भारतका आयन रसिदलाई २१-१०, २१-९ ले पराजित गरेका छन्। उनी र रसिलाको जोडी मिक्स्ड डबल्समा भने पराजित भयो।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email: kantipur@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा

कान्तिपुर
ekantipur.com
Hello शुक्रबार
कान्तिपुरको शुक्रबार परिशिष्टाङ्क
२५ पुस २०७६

स्टार्टअपका सारथि

पछिल्लो दशक नेपालमा नयाँ किसिमको व्यवसाय सञ्चालनका लागि तालिम, परामर्श तथा आर्थिक सहयोग गर्ने संस्थाहरु बढेका छन् । त्यसैले स्टार्टअपहरुले फक्रने अवसर पाइरहेका छन् ।

■ नुमा थामसुहाङ
numaathamsuhang@gmail.com

तस्विरहरू : जीबीजी

नवीनतम सोच, सीप, उद्यमशीलता र प्रविधिको उपयोग गरी आफ्नै व्यवसाय सुरु गर्नुलाई अचेल स्टार्टअप भनिन्छ । यसको ठ्याक्कै परिभाषा नभए पनि यसैभित्र रहेर व्यवसाय सुरु गर्नेको संख्या बढ्दो छ । स्टार्टअपको संख्या मात्रै नभई यसलाई सहजीकरण गर्ने निकाय पनि बढिरहेका छन् ।

समाजमा विद्यमान चुनौतीलाई अवसरका रूपमा प्रयोग गरी धेरै युवाले आफ्नै व्यवसाय सुरु गरेका पाइन्छन् । स्टार्टअपको उद्देश्य व्यवसायका माध्यमबाट समाजमा रहेको चुनौती समाधानका लागि सघाउनु पनि हो । यसका लागि ठूलो लगानी नचाहिन पनि सक्छ, मात्र अरूभन्दा फरक सीपलाई प्रयोग गरी उद्यमी बन्ने सोच हुनुपर्छ । जसबाट कुनै समस्या समाधानका लागि सहयोग पनि होस् ।

अहिले यिनै स्टार्टअपहरूलाई नयाँ अवसरको बाटो देखाउन विभिन्न समुदाय (बिजनेस कम्युनिटी) छन् । जसले उद्यमी बन्ने चाहना भए पनि लगानीको स्रोत नभएकालाई तालिम, कार्यक्रम तथा लगानीको वातावरण सिर्जना गर्न सहयोग गर्दछन् । सन् २०१३ देखि गुगल बिजनेस ग्रुप (जीबीजी) ले स्टार्टअपलाई अवसरको विकल्प दिँदै आएको छ । यसले महिलाका लागि 'वुमन विल' र स्टार्टअपका लागि 'बीज फेस्ट' प्रदर्शनी गरिरहेको छ । अघिल्लो साता भएको बीज फेस्टमा एक सय बढी स्टार्टअप सहभागी भएका थिए ।

जीबीजी अन्तर्राष्ट्रिय स्वयंसेवी संस्था भएको यसबारे नेपालमा नेतृत्व गरिरहेका अमित अग्रवाल बताउँछन् । उनी भन्छन्, 'यो स्वयंसेवी संस्था हो । नव उद्यमीलाई अगाडि बढाउनु नै यसको उद्देश्य हो । चुनौती मै अवसर देखेर तिनै समस्या समाधान गर्न स्थापना भएका स्टार्टअप छन् । स्टार्टअपसँग महँगो प्रदर्शनी हलमा गएर आफ्ना सेवाको प्रचार गर्ने क्षमता र स्रोत साधन पनि नहुने भएकाले यसले सहयोग गर्छ ।'

स्नातक सकेका, जसमा उद्यमी बन्ने सपना भएका युवाहरू बढी स्टार्टअपमा आकर्षित छन् । स्टार्टअपहरू नयाँ भएकाले सबै दर्ता भइसकेका हुँदैनन् । त्यसलाई जीबीजीले गाइड गर्छ । जीबीजीले हालसम्म ५ सय बढी स्टार्टअपलाई निःशुल्क रूपमा उद्यमशीलतासम्बन्धी तालिम र अरू सहयोग गरिसकेको छ । 'यो एउटा प्लेटफर्म मात्र हो,' अग्रवालले भने, 'यसमा अवसर र चुनौती दुवै छ, त्यसको सामना पनि गर्नुपर्छ । उद्यमी बन्न सजिलो कुरा पनि होइन ।'

उनका अनुसार कृषिमा उपयोगी हुने ड्रोनदेखि मोबाइल गेम, एनिमेसन, डिजिटल मार्केटिङ, अनलाइन सपिङ, अनलाइनमार्फत शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने, नेपाली ब्रान्डका लुगा उत्पादन गर्नेसम्मका स्टार्टअपलाई जीबीजीले सहजीकरण गरेको छ । स्टार्टअपका लागि कामको वातावरण सिर्जना गर्नुपर्ने उनी बताउँछन् । भन्छन्, 'आविष्कार पहिला र नीति पछि आउँछ । यो नयाँ कुरा हो, त्यसैले टेक्नोलोजीसँगै जनहितमा ठीक गर्न कानुन बनाउनुपर्छ ।'

जीबीजीले गत साता काठमाडौंमा गरेको बीज फेस्टमा सहभागी भएका डेढ सय स्टार्टअपमध्ये 'सजिलो मर्मत सेवा' पनि हो । यसका संस्थापक २ ९ वर्षीय सुजित रेग्मी तीन लाख रुपैयाँ लगानीमा तीन जना साथी मिलेर दुई वर्ष अघि कम्पनी स्थापना गरेको बताउँछन् । उनको कम्पनीले घर वा अफिसका लागि कार्पेन्टर, प्लम्बिङ, इलेक्ट्रिसियन तथा होम अप्लायन्सका सामग्री बनाउने र नयाँ उपलब्ध गराउने काम दिने गर्दछ । उनका अनुसार कम्पनीमा १३ जना कर्मचारी छन् भने ६५ जनालाई पार्टटाइम काम मिलेको छ ।

बीज फेस्टजस्तो प्लेटफर्मका कारण आफ्नो स्टार्टअपको ब्रान्डिङमा सहयोग पुग्ने उनी बताउँछन् । एमबीए गरेका रेग्मी भन्छन्, 'क्लासको प्रोजेक्टको समयमा हामीले गरेको अध्ययनबाट सेवाग्राहीको समयमा काम नहुने र सेवा प्रदायकमा दक्ष कामदारको समस्या देखियो । त्यतिबेला नै यसमा केही गर्न सकिन्छ भन्ने सोच आएको हो ।' उनको कम्पनीले हालसम्म उपत्यकाभित्र नौ हजार ग्राहक बनाइसकेको छ । १७० वटा संस्थाले सेवा लिइसकेका छन् । 'विदेश जानुपर्ने बाध्यता भएकाहरूका लागि मर्मतसम्बन्धी तालिम धेरै छन्,' उनले भने, 'उनीहरूका लागि रोजगारीको वातावरण सिर्जना गर्न पनि यसले सहयोग गरेको छ ।' स्टार्टअपमा संघर्ष धेरै गर्नुपर्ने भए पनि यसबाट केही गर्न सकिने विश्वास रहेको उनले बताए ।

नेपाल कम्युनिटर स्टार्टअपलाई गाइड गर्ने अर्को कम्पनी हो । यसले एक वर्षसम्म स्टार्टअपलाई सफल व्यवसायी बनाउनमा, सहकार्य, प्रशिक्षण, व्यापार तथा परामर्शको सेवा दिने काम गर्दछ । कम्युनिटरका प्रोगाम अफिसर अनिल पराजुली भन्छन्, 'हामीले स्टार्टअपलाई एक वर्षसम्म व्यवसाय वृद्धिसम्बन्धी तालिम प्रदान गर्दछौं । जसमा स्टार्टअपलाई आफ्नो व्यवसायको उद्देश्य निश्चित गर्न सिकाउँछौं ।' स्टार्टअपले रोजेको व्यवसायको बजार अध्ययन यसको महत्त्वपूर्ण पक्ष रहने उनी बताउँछन् ।

२०७२ सालको महाभूकम्पपछि नेपाललाई सहयोग गर्न आएको अन्तर्राष्ट्रिय संस्था कम्युनिटरले नव उद्यमीका लागि अवसरका रूपमा स्थापित गरेको पराजुली सुनाउँछन् । उनको यो संस्था दर्ता भएर सञ्चालनमा आएको एक वर्षमात्र हुँदै छ । नेपाल कम्युनिटरमा चार कम्पनी रहेका छन् । यसले आफ्नो कम्पनीलाई अगाडि बढाउन सहयोग गरिरहेको छ ।

अनिल पराजुलीले ५ वर्ष अगाडि समृद्धि फाउन्डेसनमा 'अर्थलाय' कार्यक्रममा युवालाई उद्यमसम्बन्धी तालिम दिने काम गर्थे । तीन वर्षको अनुभवबाट सिक्दै सिकाइरहेको उनी बताउँछन् । 'त्यो समयमा हामीले २४ युवालाई तालिम दिएको मध्ये २-३ जनाले मात्र आफ्नै कम्पनी सञ्चालन गर्न सकेका थिए,' उनले भने, 'त्यसले मेरो चित्त बुझेन । आफूले अरूलाई केही सिकाएपछि नतिजा पनि राम्रै निस्कियोस् भन्ने चाहना हुन्छ । त्यसैले अहिले एक वर्षसँगै राखेर व्यवसायसम्बन्धी सबै तालिम दिइरहेका छौं ।' नेपाल कम्युनिटरमा १२ जनाको टिमको आ-आफ्नै भूमिका रहेको उनले बताए । देशलाई उद्यमीको आवश्यकता रहेकाले उनीहरूलाई सहयोग गर्नुपर्ने उनको भनाइ छ । 'स्टार्टअप नयाँ हुन्,' उनले भने, 'व्यवसायको वातावरण सिर्जना हामीले गर्न सक्नुपर्छ ।'

> अवसर र चुनौती दुवै छ, त्यसको सामना पनि गर्नुपर्छ । उद्यमी बन्न सजिलो कुरा पनि होइन ।

भाडामा कपडाको व्यवसाय सुरु गर्ने नव उद्यमी हुन् २७ वर्षे मनीषजंग थापा । उनले आठ महिनायता कम्युनिटर नेपालबाट 'एन्टिडोट नेपाल' सञ्चालन गरिरहेका छन् । उनले यो व्यवसाय ५० हजार रुपैयाँको लगानीबाट सुरु गरेका हुन् । बानेश्वर, युनिग्लोब कलेजबाट मार्केटिङ एन्ड सेल्समा बीबीए गरेका उनी भन्छन्, 'कपडा छ, फेरि दोहोऱ्याएर लाउन मन नलाग्ने । पैसा छ, एकचोटि लाउनलाई मात्र महँगो तिर्नुपर्ने समस्या मेरी बहिनीबाट थाहा पाएँ ।' यसको समाधानका लागि उनले अरूबाट १-२ पटक प्रयोग गरिसकेको कपडा लिने र त्यसलाई भाडामा दिने व्यवसाय सुरु गरेका हुन् ।

भित्र

पेज II | प्रविधिमा नयाँ ट्रेन्ड !

पेज II | एट द इन्ड अफ द डे



पेज II | संगीतमा टिकटकको प्रभाव



पेज IV | द स्काई इज पिंक

प्रविधिमा नयाँ ट्रेन्ड !

प्रविधि प्रदर्शनीको महाकुम्भ मानिने कन्ज्युमर इलेक्ट्रोनिक्स शो (सीईएस) अमेरिकाको लस भेगासमा भइरहेको छ । हरेक वर्षको जनवरीको पहिलोदेखि दोस्रो सातासम्म चल्ने यो मेलालाई विश्वकै सबैभन्दा ठूलो प्रविधि प्रदर्शनी मानिन्छ । यही प्रदर्शनीमा राखिएका धेरै प्रविधिले वर्षभरि चर्चा पाउँछन् । सन् २०२० मा आर्टिफिसियल इन्टेलिजेन्स, फाइभजी, फोल्डेबल स्क्रिनजस्ता प्रविधिले फड्को मार्ने आकलन भए पनि स-साना प्रविधिले पनि मानिसको जीवन प्रभावित पार्ने र रुचि जगाउने सम्भावना धेरै छ । तीमध्ये केही :

■ हेलो शुक्रबार
helbsukrabar@gmail.com

मोक्सी

बाथरुमसम्बन्धी सामान निर्माता कम्पनी कोहलरले यो वर्ष सीईएसमा नयाँ खालको सावर राखेको छ । बाथरुममा प्रयोग हुने सावर भए पनि यसमा माइक्रोसफ्टको भर्चुअल असिस्टेन्ट एलेक्सा छ । जसका कारण प्रयोगकर्ताले आवाजकै भरमा यसलाई निर्देशन दिन सक्छ । नुहाउनका लागि आवश्यक पानीसहित यसमा स्पिकर र माइक्रोफोन पनि हुनेछ ।



स्मार्टप्यान

मानिसको दैनिक जीवनमा आवश्यक पर्ने हरेक चीजमा प्रविधिले फड्को मारे पनि किचनमा पाइने सामानमा भने आधुनिक प्रविधि धेरै पाइन्न । तर यो वर्ष सीईएसमा नयाँ खालको प्यान प्रदर्शनीमा राखिएको छ । जसलाई नाम दिइएको छ- स्मार्टप्यान । यो प्यानले सुरुमा प्रयोगकर्तालाई पकाउनुपर्ने खानाको तौल र त्यसको तापक्रमको अवस्थाबारे जानकारी दिन्छ । त्यसपछिको प्रक्रिया प्रयोगकर्ताले एपमार्फत निर्धारण गर्न सक्छन् । सीईएसमा राखिएको इभरिभ नामक ग्यास चुलोले पनि प्रयोगकर्तालाई आवाजमार्फत आगो कम र बढी गर्ने सुविधा दिन्छ ।

मान्छे चिन्ने क्यामेरा

क्यामेरा रोबोट कम्पनी अमार्लियोले एथेना नामक आफ्नो क्यामेरालाई सीईएसमा राखेको छ । व्यापारिक रूपमा उपलब्ध नभइसकेको यो क्यामेरा यसपालि प्रवर्द्धनका लागि राखिएको हो । यस क्यामेराले परिवारका सदस्य र बाहिरका मानिसलाई छुट्याउन सक्छ । सोहीअनुसार परिवारका सदस्यहरूलाई घरमा आएका नयाँ मानिसका बारेमा जानकारी दिन सक्छ । साथै, यसले आगलागी भएमा साइरनमार्फत सूचनासमेत दिन सक्छ ।



खेल्ने रोबोट

चीनको इलेफेन्ट रोबोटिक्सले सीईएसमा नयाँ खालको रोबोट सार्वजनिक गरेको छ । मार्सक्याट नाम दिइएको यो रोबोटको आकार हेर्दा बिरालोजस्तो हुन्छ । यसले परिवारका सदस्यहरूको आवाज चिन्न सक्ने कम्पनीको दावी छ । यसले वास्तविक बिरालोसँग संवाद गर्न सक्ने र खेलौनाहरूसँग रमाएर खेल्न सक्ने बताइएको छ । यो बुढ्यौली उमेरमा भएकाहरूका लागि लक्षित गरी ल्याइएको हो ।

फेरिने जुत्ता

सीईएसमा राखिएको सानो तर चाखलाग्दो प्रविधिस्वरूप परिवर्तन हुने जुत्ता पनि हो । उहु नाम दिइएको यो जुत्ता मौसमअनुसार परिवर्तन हुन्छ । यसको सोल पनि मौसमअनुसार फेरिन्छ । दुवै खुट्टाको जुत्ताको आकार र प्रकार उस्तै हुने गरी फेरिने यसको विशेषता हो । हरेक मौसमका लागि पनि एउटै जुत्ता लगाउन मिल्ने गरी यसको डिजाइन गरिएको हो ।

स्मार्ट चस्मा

गुगलले धेरै अघि स्मार्ट चस्मा बनाउँदा फ्लप प्रोडक्टमा दरियो । तर यो पटक फिटबिटले सीईएसमा स्मार्ट चस्मा ल्याएको छ, जुन गुगलकै अनुसन्धानमा आधारित छ । स्मार्ट वाच निर्माता केही महिनाअघि गुगलले किनेको थियो । फिटबिटले ल्याएको चस्मामा कल गर्न सक्ने, म्याप हेर्न सक्ने, भिडियो खिच्न सक्ने र प्ले गर्न सक्ने सुविधा छ । यसको डिजाइन र फिचर हेर्दा यो प्रयोगकर्ताका लागि निकै उपयोगी साबित हुन सक्छ ।

तस्विरहरू : एजेन्सी

एट द इन्ड अफ द डे

कुनै बेला नेपालमा सञ्चारकर्मी रहेका दम्पती दीपिका श्रेष्ठ र अनुज थापा अमेरिका पुगेर आप्रवासीहरुलाई सहयोग गर्ने उद्देश्यले पोडकास्ट बनाइरहेका छन् ।

■ हेलो शुक्रबार
helbsukrabar@gmail.com

बीबीसी मिडिया एक्सनको जागिर छाडेर दीपिका श्रेष्ठ अमेरिका पुगेकी थिइन् । उनका श्रीमान् अनुज थापा पनि सञ्चारकर्मीको काम छाडेरै अमेरिका पुगेका थिए । मिडियाको अनुभव चाखेका यो दम्पतीलाई अमेरिका पुगेपछिका दिनहरू आफैंमा नौलो मात्रै थिएन, के गरौं र कसो गरौंको हुटहुटी पनि थियो ।

सन् २०१४ मा अमेरिका पुगेपछि नै उनीहरूले थाहा पाए, नयाँ मानिसका निम्ति अवसर खोज्न, करिअर बनाउन र आत्मविश्वासी भएर अघि बढ्न कति गाह्रो छ । यही भोगाइपछि यो दम्पतीलाई लाग्यो, हामीले जस्तै समस्या अरूले नभोगुन् भनेर केही गर्ने । उनीहरूले आपसमा यही कुरा साटे ।

कुरैकुरामा कुरा मिल्यो । अनि सुरु भयो न्युयोर्क सहरबाट 'एट दि एन्ड अफ द डे' नाममा पोडकास्ट । अमेरिका छिरेका आप्रवासीहरूलाई सहयोग गर्ने उद्देश्यले उनीहरूले हरेक आइतबार १० देखि १५ मिनेट लामो पोडकास्ट बनाउँछन् । अंग्रेजी भाषा कसरी सुधार्ने, के पढ्ने ? अनि करिअर अगाडि बढाउन के गर्ने ? अवसरलाई कसरी पछ्याउने ? यस्तै प्रश्नको उत्तर उनीहरूले अमेरिका छिरेर स्थापित भएका वा हुने बाटोमा लागेकाहरूको अनुभवबाट बटुल्छन् ।

युट्युबमा हेर्न सकिने र आइट्युन्स, स्पोटिफाइलगायत १० भन्दा बढी पोडकास्ट प्लाटफर्ममा सुन्न सकिने कार्यक्रम बनाउनुको दुःख आफ्नै ठाउँमा छ । तर अनुज र दीपिका त्यतिबेला खुसी हुन्छन्, जतिबेला कार्यक्रम सुनेकाहरूले मीठो प्रतिक्रिया पठाउँछन् । साप्ताहिक कार्यक्रमको ८५ इपिसोड पूरा गरेका उनीहरूले हालसम्म रुस, बेलारुस, सुडान, फिलिपिन्स, पाकिस्तान, एल साल्भाडोर, बुर्किना फासो, ताइवान, इथियोपिया, भारतलगायत विभिन्न देशका आप्रवासीसँग अन्तर्वार्ता लिइसकेका छन् । अमेरिकामा जागिर खोज्न के गर्ने ? कसरी नेटवर्क बनाउने ? यी र यस्तै प्रश्नहरूको उत्तर उनीहरूले पोडकास्टमार्फत दिइरहेका छन् । गत कात्तिकमा अमेरिकामा बस्न पुगेका आप्रवासीलाई सहयोग हुने काम गरेको भन्दै दीपिकाले 'एलसीयू फन्ड प्रसिडेन्ट्स अवार्ड फर एक्सिलेन्स इन लिडरसिप' समेत प्राप्त गरिन् । एक सय ६० वर्षको इतिहास बोकेको एलसीयू फन्ड फर वुमन एजुकेसनले दीपिकालाई अवार्ड दिएको हो । नेपाल छँदा बीबीसी मिडिया एक्सनमा ५ वर्ष बढी सञ्चारकर्मीका रूपमा काम गरेकी दीपिका अमेरिकामा इन्टरनेसनल अफेयर्समा स्नातकोत्तर पढ्दै छिन् । सञ्चारकर्मीको विगत र पछिल्लो सफलताले पनि उनीहरूलाई सफलता पछ्याइरहेका विभिन्न आप्रवासी भेट्न, उनीहरूका सुख, दुःख र संघर्षका कथा सुन्न सजिलो बनाएको छ ।

क्रेगन्युमार्क ग्रयाजुएट स्कुल अफ जर्नलिजमबाट पत्रकारितामा स्नातकोत्तर गरेका अनुज दि स्ट्रिट नामक आर्थिक समाचारसम्बन्धी वेबसाइटमा भिडियो प्रोड्युसरका रूपमा काम गर्छन् । आफ्नो पेसागत सञ्चारकर्मको समय जोगाएर पोडकास्ट बनाउन खटिन्छन् । उनीहरू दुवैले सल्लाह गरी विषय छनोट गर्छन्, उक्त विषयसम्बद्ध मान्छे खोज्छन्, अन्तर्वार्ता लिने व्यक्तिको पृष्ठभूमि खोतल्छन् । साँच्चै उक्त मान्छेको कथा अरूका निम्ति काम लाग्नेछ भने अन्तर्वार्ताका निम्ति समय लिने पहल थाल्छन् ।

अनुजले सुनाए, 'सफल मान्छेसँग समय मिलाउनु पनि ठूलो कुरा हुन्छ । कहिलेकाहीँ त महिनौंपछि अन्तर्वार्ताको समय मिल्छ ।' उनका अनुसार अनेकन भाषा, संस्कृति र परम्पराबाट आएर पनि अमेरिकाको मूलधारमा मिसिएर सफलता पछ्याएकाहरूको कथा आफैंमा प्रेरणादायी हुन्छ । त्यस्तो कथाले अरूका निम्ति पनि उपयोगी हुने थाहा पाएर उनीहरूले पोडकास्टको यात्रा जारी राखेका छन् ।

बसाइँ सरेर अमेरिका आएकाहरूलाई धेरै कुरा नौलो लाग्छ । सानो देशबाट आएकाहरूलाई ठूलो देशको परम्परा, पद्धति र आफू हिँड्ने बाटो पहिल्याउनै चुनौतीपूर्ण हुन्छ । अनुजले भने, 'अलमलिएकाहरूले बाटो देखे भने वा प्रेरणा पाए भने त्यही सफलताको कुरा हो ।'

तस्विरहरू : एजेन्सी

संगीतमा टिकटकको प्रभाव

सन् २०१९ मा लिल नास एक्स भए, सर्वाधिक कमाउनेमध्ये एक कलाकार । उनी अश्वेत अमेरिकी च्यापर हुन्, राम्रै ढंगले गीत पनि लेख्छन् । त्यसैले त उनी फोर्ब्सले निकालेको सर्वाधिक कमाउने गायक-गायिकामध्ये १८ औं स्थानमा रहे । उनको अहिलेसम्मकै सबैभन्दा लोकप्रिय गीत हो, 'ओल्ड टाउन रोड' । यसलाई पछ्याएर रिमिक्स गर्ने काम पनि धेरै भयो । बिलबोर्डको हट १०० मा यो लामो समय नम्बर १ पनि रह्यो । एक प्रकारले कीर्तिमान नै बन्यो ।

यी सबै उपलब्धि पछाडिको सबैभन्दा ठूलो कारण रह्यो, सामाजिक सञ्जालको भिडियो एप, टिकटक । यसले पनि देखाउँछ, अहिलेको विश्व संगीतमा कसरी टिकटकको प्रभाव बढ्दै छ भनेर । भलै लिल नास एक्स राम्रा कलाकार हुन्, उनको प्रतिभामा कुनै शंका छैन । तर उनलाई अहिलेको सफलतामा सबैभन्दा ठूलो भूमिका त टिकटककै त रह्यो । अझ रमाइलो त के भन्दा बिली रे साइरसले 'ओल्ड टाउन रोड' को रिमिक्स सुरुमा टिकटकमा हालेका रहेछन् ।

यसले वास्तविक गीतलाई पनि लोकप्रिय बनाउन सुरुआती भूमिका खेल्यो । फोर्ब्सलाई नै आधार मान्ने हो भने यी २० वर्षीया लिल नास एक्सले सन् २०१९ मा मात्र १ करोड ४० लाख डलर कमाए । सन् २०१८ को जुन १ देखि २०१९ को जुलाईसम्म कमाइ हो, यो । टिकटकमा लोकप्रिय भएपछि उनलाई कोलम्बिया रेकर्डले पनि अनुबन्ध गऱ्यो र उनले निकाले, डेब्यु एल्बम 'ईपी सेभेन' । सन् २०१९ को फेब्रुअरीमा मात्र उनले टिकटकमा आफ्नो गीत राखेका थिए ।

टिकटक आफैं पनि यी उपलब्धि सुन्दा मख्ख छ । भेनेसा पापास हुन्, अमेरिकामा टिकटकका प्रमुख व्यवस्थापक । उनी भन्छन्, 'टिकटकमै ओल्ड टाउन रोडले सफलता चुमेको थियो र सर्वाधिक लोकप्रिय गीत पनि साबित भयो । अचेल टिकटक कसैका लागि पनि गीत सुन्ने राम्रो माध्यम भएको छ । दिनहुँ करोडौंले टिकटकबाट गीत सुन्ने गर्छन् ।' हुन पनि अब टिकटकमा जुन कलाकारको सबैभन्दा बढी गीत सुनिन्छ, निश्चित छ, यिनै सफलताको शिखरमा पुग्नेछन् ।

-फोर्ब्स

हामी नेपाली, हाम्रो आवाज

Production Partner:

KEY ENTERTAINMENT & RESEARCH PVT. LTD.

नेपाल टेलिभिजन २०४१

NEPAL TELEVISION HD

PRESENTS

बाह्र बाह्र

Nepal Star

NEPAL'S OWN SINGING REALITY SHOW

Red Carpet Partner:

YETI CARPET
हाम्रो संस्कृती

Hospital Partner:

NEPAL MEDICITI
For a Healthy & Prosperous Nation

TOTAL CASH PRIZE

NRs. 50,00,000/-

५० लाख नगद पुरस्कार

Winner
NRs.35,00,000/-

Finalists
NRs.5,00,000/- each

BUTWAL ✓ | DHANGADHI ✓ | SURKHET ✓ | POKHARA

CHITWAN | BARDIBAS | ITAHARI | KATHMANDU

Digital Partner: KEY DIGITAL

Radio Partner: Himalaya F.M.Network (P.) Ltd.

Marketed by: KEY ADVERTISING

/nepalstarofficial

/nepalstarofficial

द स्काई इज पिंक

हिँड्डुल गर्न पनि नसक्ने आयशा चौधरीको बायोपिक 'द स्काई इज पिंक' बक्सअफिसमा फ्लप भयो । तर, यो फिल्मले सन्तान प्रेम र दम्पतीको उतारचढावपूर्ण सम्बन्धलाई रोचक ढंगले प्रस्तुत गरेको छ ।

तस्विरहरू : एजेन्सी

■ गोकर्ण गौतम
gokarna.gtm@gmail.com

गर्भमै हुँदा थाहा हुन्छ, छोरी जन्मिएको केही महिना वा वर्षमा मृत्यु हुन्छ । तर आमाबाबुको अथाह हेरचाह र उपचारले १८ वर्षसम्म बाँच्छिन् । त्यसपछि चाहिँ कलेजो प्रत्यारोपण गर्नुपर्ने हुन्छ । त्यसो गर्दा छोरीको आयु १० वर्ष बढ्न सक्छ तर चुनौती धेरै हुन्छ । बाँचे पनि हिँडडुल गर्न सक्दिनन् तैपनि बाबुको मन त हो, छोरीलाई बचाउन चाहन्छन् । तर छोरीलाई जीवन पुगिसकेको हुन्छ । भन्छिन्, '१८ वर्षभन्दा २८ वर्षमा मर्न सजिलो हुन्छ र ? मलाई अब योभन्दा बढी पीडा नदिनुस् ।'

हिन्दी फिल्म द स्काई इज पिंकको दृश्य हो यो । बाबु बनेका छन्, फरहान अख्तर । छोरी जायरा वसिम अनि आमाचाहिँ प्रियंका चोपरा । यो फिल्म तीन महिना अगाडि रिलिज भएको थियो तर नेपालमा आएन । अहिले नेट्फ्लिक्समा उपलब्ध छ । बाबु-आमाको सन्तानप्रतिको माया र त्याग अनुभूत हुन्छ यसमा । सँगै जीवनलाई अनेक कोणबाट हेर्न पनि प्रेरित गर्छ । निर्देशक हुन्, सोनाली बोस । उनी संवेदनशील फिल्म बनाउन कहलिएकी छन्, यो फिल्म पनि त्यसकै निरन्तरता हो ।

तर फिल्ममा सन्तान प्रेममात्र छैन । विवाहित दम्पतीको आन्तरिक द्वन्द्व र उतारचढावलाई पनि उत्तिकै महत्त्व दिइएको छ । छोरी आशा (जायरा) को उपचारका लागि आमा अदिति (प्रियंका) लन्डनमा हुन्छिन्, बाबु निरेन (फरहान) चाहिँ भारतमै । यो 'लङ डिस्ट्यान्स रिलेसन' ले उनीहरूमा शंका पैदा गर्छ, रोजै मनमुटाव हुन्छ । तर छोरीको उपचारका लागि कुनै कसर बाँकी राख्दैनन् । निरेन जागिरमा व्यस्त, अदितिले जीवनको सुनौलो समय आयशालाई समर्पण गर्छिन् । आयशाको प्रतिरक्षा प्रणाली एकदम कमजोर हुन्छ, छिट्टै 'एलर्जी' हुन्छ, भीडमा जानै हुन्न, बरोबर अस्पताल धाउनुपर्छ । अदितिको दैनिकी यही चक्रमा घुम्छ । कतिसम्म भने, सन्तानलाई राम्रो हुन्छ भनेर उनी धर्मसमेत परिवर्तन गर्छिन् ।

प्रियंका यस फिल्मकी अभिनेत्रीमात्र होइन, निर्माता पनि हुन् । जय गंगाजल प्रदर्शन भएको तीन वर्षपछि उनी यही फिल्मबाट बलिउडमा देखा परिन् । नत्र उनको ध्यान उतै हलिउडमा छ । यसबीच बलिउडकी 'ग्लोबल स्टार' को छाप बनाइसकेकी छन् । यस फिल्ममा उनको उपस्थिति जीवन्त लाग्छ । 'दंगल' मा जायरा वसिम शारीरिक रूपमा बलिष्ठ थिइन्, यसपटक ठ्याक्कै उल्टो । तर फिल्ममा सबैभन्दा बढी कसैले मन जित्छ भने उनकै चरित्रले हो । कथा वाचक पनि उनी नै ।

फरहानले पति र पिताका रूपमा आफूलाई सन्तुलनमा राखेका छन् । सोनाली बोसको पछिल्लो फिल्म 'मार्गारिटा विद अ स्ट्र' मा पनि शारीरिक रूपमा अशक्त पात्र केन्द्रमा थियो । यसपटक उनले पात्रको आन्तरिक संघर्षसँगै उसका अभिभावकका उल्झनलाई मूल कथामा बुनेकी छन् । यही कारण हुनुपर्छ, फिल्म हेर्ने जोकोहीले यसमा कहीं न कहीं आफ्नुलाई पाउँछ । बाबुआमाको त्याग त साँच्चै वर्णन नै गर्न सकिँदैनजस्तो लाग्छ ।

र, अन्त्यमा तीन वटा तथ्य ।

पहिलो : यस फिल्मका चरित्र र कथा काल्पनिक हैन, वास्तविक हो । असाध्यै दुर्लभ मानिने 'सेभियर कम्बाइन्ड इम्युनोडिफिसिएन्सी' रोगबाट ग्रसित आयशा चौधरीको बायोपिक हो यो । आयशा सुन्दर पेन्टिङ गर्थिन्, मृत्युको एक दिन अगाडि उनको पुस्तक 'द लिटिल इपर्फिनिस' प्रकाशित भएको थियो । उनका प्रेरणादायी भाषणले युट्युबमा लाखौं भ्युज पाएका छन् । सन् २०१५ मा उनले संसार छाडेकी थिइन् ।

दोस्रो : यो बक्सअफिसमा सुपरफ्लप भयो । यसको विश्वव्यापी व्यापार भारु ३४ करोडमा सीमित रह्यो ।

तेस्रो : जायरा वसिमले यसअघि दंगल र सेक्रेट सुपरस्टारमा अभिनय गरेकी थिइन् । नेसनल अवार्डसँगै अन्य प्रतिष्ठित अवार्डहरू जितिन् । तर, अब उनलाई सम्भवतः पर्दामा देख्न पाइने छैन । उनले फिल्म नखेल्ने घोषणा गरेकी छन् । यही फिल्मको प्रमोसनमा समेत हिँडिनन् ।

FRIDAY फेस

हाई
कलाकार विराज भट्ट र मिस नेपाल २०१७ निकिता चण्डक बानेश्वरमा ।
-कविन अधिकारी

सौन्दर्य राज
मिस कस्मोपालिटन वर्ल्ड २०१९ प्रियारानी लामा र उषा खड्गी न्युरोडमा ।
-दुर्गाप्रसाद जोशी

फिल्मी भेट
अभिनेत्री गौरी मल्ल, दीपाश्री निरौला र निर्देशक सम्झना रौनियार सानेपामा ।
-महेश प्रधान

दुई स्वर्णको चमक
करौंते खेलाडी मन्डेकाजी श्रेष्ठ त्रिपुरेश्वरमा ।
-केशव थापा

नयाँ काम ?
कलाकार सलोन बस्नेत कमलपोखरीमा ।
-कविन अधिकारी

मार्टिन्सको दुई गोल
संकटाको फराकिलो जित । १६

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

भुमरीमा दीपिका
'छपाक' बहिष्कार ट्रेन्डमा । ९

वर्ष २७ अंक ३२० विराटनगर | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

NEPAL GEM & JEWELLERY ASSOCIATION
PRESENTS

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

GJE
3rd Nepal
GEM & JEWELLERY
EXPO 2020
Taking Nepalese Jewellery Globally

HOTEL SOALTEE CROWN PLAZA
Kathmandu, Nepal

Nepal's Exclusive Jewellery Exhibition

11-12 January, 2020, 10am - 6pm

More than 26 reputed jewelers under one roof

Large Variety of Gems & Jewelleries

Wedding Jewelleries

ORGANIZED BY
NEPAL GEM & JEWELLERY ASSOCIATION
FNCCI
Nepal Tourism Board www.welcomenepal.com

ENDORSED BY
Trade and Export Promotion Centre
Ministry of Industry Commerce and Supplies

MAIN SPONSOR:
कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED

DIAMOND SPONSOR:
Warsteiner PREMIUM GERMAN BEER
TVS

DIAMOND SPONSOR:
अर्घाखाँची सिमेन्ट प्रा.लि.
MORRIS GARAGES
लक्ष्मी बैंक

SILVER SPONSOR :
HIMALAYA AIRLINES
PRIME BANK LTD.
SiddharthaBank
सिद्धार्थ इन्स्योरेन्स लिमिटेड Siddhartha Insurance Limited
BAJAJ
Global IME Bank

SUPPORTING PARTNERS :
GARUD SECURITIES P. LTD.
Godrej
Radisson HOTEL KATHMANDU
SOALTEE CROWNE PLAZA KATHMANDU

MAKE-UP
MAKE-UP STUDIO PROFESSIONAL AMSTERDAM

MAGAZINE PARTNERS :
SHINE
N-MAG SOCIAL NETWORK MAGAZINE

MEDIA PARTNERS :
KANTIPUR

EVENT MANAGED BY :
EVENT sansar.com

मार्टिन्सको दुई गोल
संकटाको फराकिलो जित । १६

भुमरीमा दीपिका
'छपाक' बहिष्कार ट्रेन्डमा । ९

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३२० विराटनगर | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

सत्तारूढ दलका नेता र सरकारका उच्च अधिकारीको प्रतिबद्धता

'निजी क्षेत्रको मनोबल टुट्न दिन्नौं'

कान्तिपुर संवाददाता (काठमाडौं)

सत्तारूढ दलका नेता तथा सरकारका उच्च अधिकारीहरूले निजी क्षेत्रको मनोबल टुट्न नदिने प्रतिबद्धता जनाएका छन् ।

राजधानीमा बिहीबार आयोजित 'कान्तिपुर इकोनमिक समिट २०२०' मा सत्तारूढ नेकपाका नेता, बहालवाला तथा पूर्वअर्थमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष र सरकारका उच्च अधिकारीहरूले अहिले निजी क्षेत्रले केही असहज महसुस गरिरहे पनि मनोबल टुट्न नदिने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

समिटमा 'नेपाली अर्थतन्त्र : वर्तमान अवस्था र भावी दिशा' शीर्षकको छलफलमा सहभागी अर्थमन्त्री युवराज खतिवडाले विभिन्न तहका सरकारले निर्धारण गरेको करका कारण निजी क्षेत्रले असहज महसुस गरे पनि अब त्यस्तो नहुने बताए । संघ, प्रदेश र स्थानीय तहका सरकारले लगाएको करसम्बन्धी समस्या समाधान भइसकेको उल्लेख गरे । 'कर क्षेत्रको सुशासनमा सरकारको ध्यान जानेछ,' उनले भने । जनता र निजी क्षेत्रले तिरेको कर सदुपयोग हुनेमा आश्वस्त पार्दै उनले भने, 'अब कर बढ्दैन ।' उनले कर्पोरेट कर नबढेको र भन्सार महसुलमा मात्रै केही परिवर्तन गरिएको बताए ।

समिटका क्रममा निजी क्षेत्रको मनोबल शीर्षकको छलफल सत्रमा राजस्व सचिव शिशिर ढुंगानाले निजी क्षेत्रलाई सरकारले संकुचित नपारेको दाबी गरे । 'निजी क्षेत्रको मनोबल उकास्न आवश्यक अनुदान दिएका छौं,' उनले भने, 'लगानीकर्ताका लागि पूर्वाधार निर्माण र सुरक्षालाई पहिलो प्राथमिकतामा राखेका छौं ।'

'निजी क्षेत्रको मनोबल' शीर्षकको अर्को छलफलमा पूर्वअर्थमन्त्री एवं नेकपाका महासचिव विष्णु पौडेलले पनि निजी क्षेत्रको विश्वास जित्न कुनै कसुर बाँकी नराख्ने बताए । 'निजी क्षेत्रले लगानी गरेअनुसार अपेक्षा पनि गरेका हुन्छन् । उनीहरूले जोखिम कम खोजेका हुन्छन् । सीमित लगानीमा केही मुनाफा खोज्छन्,' उनले भने, 'सरकारले निजी क्षेत्रको कठिनाइ हेर्छ ।' सरकारले मात्र नभई नेकपाले पनि निजी क्षेत्रसँग घनिष्ठ सहकार्य गर्न चाहेको उनले बताए ।

लोकतान्त्रिक विधि र आर्थिक प्रणालीबाट चल्ने मुलुकमा निजी क्षेत्र आवश्यक पर्ने उल्लेख गर्दै उनले भने, 'निजी क्षेत्रलाई साथमा नलिई समृद्धि आउँदैन । निजी क्षेत्रको विश्वास जित्न र मनोबल उठाउन सरकारले कुनै संकोच राख्दैन ।' उनले निजी क्षेत्रलाई समस्या पर्ने कुनै कानुन भए तिनलाई संशोधन गर्न सकिने आश्वासनसमेत दिए ।

सोही छलफलमा राजस्व सचिव शिशिर ढुंगानाले पनि निजी क्षेत्रलाई सरकारले प्रोत्साहन गरिरहेको धारणा व्यक्त गरे । 'निजी क्षेत्रको मनोबल बढाउन सरकारका तर्फबाट सक्दो सहयोग गरेका छौं,' उनले भने, 'सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न चाहेको छ, त्यसैले राजस्वमा मात्रै जोड दिएका छैनौं ।' सरकारले ऐन, कानुन बनाउँदा पनि निजी क्षेत्रसँग छलफल गरेको उनले स्मरण गराए ।

कार्यक्रममा प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमालले निजी क्षेत्रसँगको सहकार्यमा ठूला आयोजना निर्माण गर्न सरकारले सार्वजनिक-निजी साझेदारी ऐन तयार पारिसकेको जानकारी दिए । **बाँकी पृष्ठ १३**

पृष्ठ ११/१२

- निजी क्षेत्र भन्छ- 'नीतिभन्दा नियतले समस्या'
- कसरी जुटाउने पूर्वाधारमा लगानी ?
- 'जनताको पैसा सुरक्षित गर्न वित्तीय क्षेत्र नियन्त्रण'
- 'सरकारले पूर्वाधार, निजीले उत्पादनमूलक क्षेत्रमा लगानी'

काठमाडौंमा बिहीबार आयोजित 'कान्तिपुर इकोनोमिक समिट-२०२०' को 'नेपाली अर्थतन्त्र : आजको अवस्था र भोलिको दिशा' शीर्षक छलफलमा सहभागी वक्ताहरू बायाँबाट क्रमशः अर्थमन्त्री युवराज खतिवडा, पूर्वअर्थमन्त्रीद्वय रामशरण महत र प्रकाशचन्द्र लोहनी, नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणा र प्रस्तोता विश्व पौडेल ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/ कान्तिपुर

आर्थिक बहसको खाँचो

संस्थागत पूर्वाधारबिना न लोकतन्त्र खँदिलो हुन्छ, न विकास समावेशी र न्यायोचित नै



प्रा. पीताम्बर शर्मा
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

नेपालमा खास गरेर आर्थिक विकास र नीतिहरूबारे सार्वजनिक फोरमहरूमा बहस, संवाद गर्ने र विषयको गम्भीरतालाई जनसाधारणमा सम्प्रेषण गर्ने स्थापित परम्परा छैन । भारतका विश्वविद्यालयको नक्कल गरेर विकसित हाम्रो प्राज्ञिक परम्परामा बेलामौकामा हुने गोष्ठी कर्मकाण्ड जस्तै छन् । दीर्घकालीन महत्त्वका वा समसामयिक विकासका विषयहरूमा विश्लेषण गर्ने प्राज्ञिक अनुसन्धानको खडेरी नै छ । व्यावसायिक संघसंस्थाका गोष्ठी र सम्मेलन आफ्ना मागहरूको सार्थकता वा सरकारी नीतिप्रति आफ्नो धारणा व्यक्त गर्ने फोरमभन्दा बढी हुने गर्दैनन् । विचार मन्थन गर्ने भनिएका सरकारी निकायहरूको निरीहता तथ्यको विश्लेषणमा आधारित नीति निर्माणभन्दा खास आग्रहद्वारा प्रेरित नीति र कार्यक्रमको पृष्ठपोषणमा झल्कन्छ ।

बहस र संवाद लोकतन्त्रको सबैभन्दा राम्रो पक्ष मानिन्छ । यसले सुन्ने-सुनाउने, बुझ्ने-बुझाउने, परिमार्जन गर्ने-गराउने एउटा खण्ड बनाउँछ । जब बहस, संवाद र प्रतिस्पर्धा कुण्ठित हुन्छ, तब तथ्य र प्रमाणलाई 'वैकल्पिक कथ्य' ले विस्थापित गर्छ । लोकतन्त्रका लागि यो सबैभन्दा घातक स्थिति बन्छ ।

पञ्चायतकालको राजाको निरपेक्ष शासनमा बहसलाई कुनै स्थान थिएन । पञ्चायतको अन्त्यकालताका सन् १९८५ मा बृहत् आर्थिक सन्तुलन कायम गर्ने नाममा संरचनात्मक समायोजन कार्यक्रम लागू गरियो । उद्योग, व्यापार, विदेशी विनिमय र मौद्रिक नीतिलाई उदार बनाइयो र आयात प्रतिस्थापनका लागि संरक्षण गरिएका उद्योगलाई बाह्य प्रतिस्पर्धाका लागि छाडियो । पञ्चायतको अवसानपछिको प्रजातान्त्रिक सरकारले दोस्रो चरणमा उदारीकरण, निजीकरण र भूमण्डलीकरण सँगसँगै लैजान कानुनी संरक्षण प्रदान गऱ्यो । सन् २००३ मा गरिबी निवारण र वृद्धि सुविधाका नाममा यो कार्यक्रमलाई अझै व्यापक र विस्तारित बनाइयो ।

संरचनात्मक समायोजनबाट यातायात, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको विकासमा निजी क्षेत्रको भूमिका बढ्यो र झाँगियो । कतिपय सार्वजनिक उद्योगहरू निजीकरण गरिए तर उद्योगमा दिगो अपेक्षित विकास हुन सकेन । दिगो आधार नभएका भुइँफुट्टा (फुटलुज) उद्योगको विकास भयो । विकासका निम्ति अपरिहार्य सार्वजनिक शिक्षा र स्वास्थ्य सेवा निकायमा संख्यात्मक वृद्धि हुँदाहुँदै पनि अपेक्षित गुणात्मक परिवर्तन आएन । **बाँकी पृष्ठ १३**

बिरामी ठग्दै 'अन्तिम विकल्प'

बिनु सुवेदी (काठमाडौं)

५० वर्षीय केसाङ (परिवर्तित नाम) भरतपुर क्यान्सर अस्पताल चितवनमा एक साता बसेर गत आइतबार ललितपुर गोदावरीको घर फर्किए । अन्तिम चरणमा पुगेको आन्द्राको क्यान्सर शल्यक्रिया गरे पनि निको नहुने भएपछि अब उनीसँग उनकै शब्दमा 'मृत्यु पर्खिनु' को विकल्प छैन ।

रोग पत्ता लाग्नेबित्तिकै उपचार गराउन अस्पताल पुगेको भए उनी छिट्टै निको हुन्थे तर उनी 'बिना अपरेसन क्यान्सर निको पार्छौं' भन्ने प्रचारको पछि लागे । शरीर डामाडोल भयो ।

करिब १७ महिनाअघि केसाङले आफ्नो आन्द्रामा क्यान्सर भएको पत्ता पाएका हुन् । डाक्टरले तुरुन्तै उपचार गरे रोग छिट्टै निको हुने पनि भनेका थिए । तर उनलाई शल्यक्रियासँग डर लाग्यो । उनले शरीर चिर्दै नचिरी सन्चो हुने उपचार पद्धतिबारे सुनेका थिए । सुरुमा त उनले बिमारबारे परिवारका सदस्यलाई पनि भनेनन् । गल्दै गएर करिब सात महिनाअघि उनले परिवारलाई बताउँदा उनको क्यान्सर स्टेज २ मा थियो ।



क्यान्सरका बिरामीले पैसा मात्र सिध्याएका छैनन्, बिमारलाई पनि अन्तिम चरणमै पुऱ्याइरहेका छन्

उनका छोरा सोनम (परिवर्तित नाम) भन्छन्, 'बुबाले शल्यक्रियाभन्दा सजिलो केही उपाय छ भने बुझौं न भनेपछि हामीले इन्टरनेटमा खोज्यौं ।' शल्यक्रिया नै नगरी रोग निको पार्छौं भन्दै प्रचार गरिरहेको ललितपुरको ढोलाहिटीस्थित 'अन्तिम विकल्प' मा सोनम बुबालाई लिएर गए । उनले अन्तिम विकल्पका सञ्चालक सुवास सुब्बालाई भेटेर बिमार र त्यसको उपचारबारे परामर्श गरे । सुब्बाले अन्तिम विकल्पलाई अस्पताल दाबी गर्दै गरेको प्रचार फेसबुक र युट्युबमा छयापछ्याप्ती छ । त्यहाँ उपचार गराएर निको भएका भनिएका 'बिरामी'हरूलाई सुब्बा आफैंले भेटाइदिए । सबैको कुरा र दाबी सुनिसकेपछि सोनमलाई लाग्यो, 'शल्यक्रिया नै नगरी दसै महिनामा उपचार हुने यो त गज्जबको ठाउँ रहेछ ।'

उनीहरूले त्यही उपचार सुरु गरे । सुब्बाले क्यान्सर निको पार्ने भन्दै आफ्नै क्लिनिकमा उत्पादन गरेको चमत्कार नामक औषधि चालु गराए । महिनाको ४५ हजार तिरेर किनेको त्यो औषधि केसाङले लगातार चार महिनासम्म खाए । **बाँकी पृष्ठ १४**

भारतपट्टिको सडक पर्खदै चिवाभञ्ज्याङ

नेपालले सिमानासम्म सडक पुऱ्याइसक्दा भारततर्फको सडक जोडिने अत्तोपत्तो छैन । चीनको सिमाना छिचोल्न ७ किलोमिटर मात्रै बाँकी छ ।

■ **आनन्द गौतम** (चिवाभञ्ज्याङ, पाँचथर)

सदरमुकाम फिदिमबाट तीन दिन हिँडेपछि पुगिने पाँचथर फलैचाका रामचन्द्र खनाललाई मध्यपहाडी लोकमार्ग बन्छ भन्दा पत्यार लाग्दैनथियो । त्यतिबेला रेडियो, एफएममा समाचार सुन्दा उनलाई अनौठो लाग्थ्यो ।

उनीजस्तै धेरैले पत्याएका थिएनन् । ०६४ सालमा स्काभेटर लगाएर सडक निर्माण सुरु भयो । त्यसबेला पनि उनलाई कोट् याउँछन् र छाड्छन् जस्तै लाग्यो । जब सडक मेची राजमार्गको गणेश चोकमा जोडियो अनि उनको धारणा फेरियो । 'त्यसपछि भने जंगलछेउ बस्नेका पनि दिन फिर्दोरहेछ भन्ने लाग्यो,' उनले भने । डढाल्नामा ढाकर बोकेर पसिना चुहाउँदै धरानबाट नुन, तेलको भारी खेपेका उनी गाडीमा यात्रा गर्दा मख्ख परे । तक्माले अड्याउँदै ढाकर बोकेको गोरेटो बाटो छाडेर मोटरमा गुडिरहँदा सुरुमा सपना पो हो कि जस्तो लागेको उनले सुनाए । 'अब त बानी परिसकेँ,' उनले भने ।

पाँचथरको च्याङ्थापूर्देखि बैतडीसम्म निर्माण गर्ने योजनाका साथ सुरु गरिएको मध्यपहाडी लोकमार्ग दुबै जिल्लाका सिमानासम्मै विस्तार भए । पाँचथर र बैतडी भारतसँग सिमाना जोडिएका जिल्ला हुन् । पाँचथरको चिवाभञ्ज्याङ र बैतडीको झुलाघाट भारतसँग जोडिएका सिमावर्ती नाका हुन् । नेपालले सिमानासम्म सडक पुऱ्याएपछि स्थानीय उत्साहित छन् । तर, नेपालले सिमानासम्म पुऱ्याएको वर्षौं भइसक्दा पनि भारततर्फको सडक जोडिने अत्तोपत्तो छैन । चिवाभञ्ज्याङमा भारतबाट सडक जोडिन बाँकी छ भने झुलाघाटमा पुल बनाउन । उमेरले ७४ पुगेका खनाललाई अब गाडीमै चढेर सिक्किम पुग्ने चाहना चाहिँ पूरा नहोला कि जस्तो लाग्छ । चिवाभञ्ज्याङ जाने जो कोहीलाई उनले एउटै प्रश्न सोध्छन्, 'सिक्किमको सडक कहाँ आइपुग्यो ?' तर, हरेकको जवाफ एकै हुन्छ, 'जहाँको त्यहीँ छ ।'

स्थानीयले भौतिक योजना तथा निर्माण मन्त्रालयका अधिकारीदेखि मन्त्रीसम्मलाई भारतसँग पहल गरेर सडक चाँडो जोडिदिन आग्रह गर्दै आएका छन् । अहिले त आफ्नै जिल्लाको भएकाले भौतिक मन्त्री वसन्तकुमार नेम्वाङलाई बधाई दिँदादेखि नै यो आग्रह गर्न थालेका छन् । मध्यपहाडी लोकमार्गको परिकल्पनाकार आफू र पत्नी हिसिला यमी भएको भन्दै गत वर्ष माघमा चिवाभञ्ज्याङ आएका पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईलाई पनि उनीहरुले यही आग्रह गरेका थिए ।

भारततर्फको सडक जोडिए द्विदेशीय व्यापारको सुरुआत हुने र पर्यटकको संख्यामा वृद्धि हुने बुझाइ स्थानीयको छ । गाडीमै चढेर सिक्किमको राजधानी गान्तोक पुग्ने रहर भएकाहरू भारतीय पर्यटक आउने र आफ्नो जिल्लामा पनि व्यापार, व्यवसाय फस्टाउनेमा आशावादी छन् । तर, सडक जोडिनमा भएको ढिलाइप्रति उनीहरू जानकार छैनन् ।

भारतको सिक्किम राज्यका मुख्यमन्त्री पिएस गोलेका प्रेस सल्लाहकार चन्द्रप्रकाश भट्टराई (सीपी शर्मा) सडक जोडिने तर मिति यकिन गर्न नसकिने बताउँछन् । उनका अनुसार राष्ट्रिय निकुञ्ज, वन क्षेत्र भएकाले केही समय लाग्नसक्छ ।

भौतिक मन्त्रालयका सचिव देवेन्द्र कार्की मध्यपहाडी लोकमार्ग भारतसँग जोड्ने भन्दा पनि नेपालकै पूर्वपश्चिम जोड्ने उद्देश्यले निर्माण गरिएको बताउँछन् । 'पहिला च्याङ्थापुदेखि बैतडीसम्म निर्माण गर्ने भनिएको थियो, पछि सिमानासम्म पुऱ्याउँ भनेर लम्ब्याइएको हो,' कार्कीले थपे, 'यो हाम्रो क्षेत्राधिकारमा नपर्ने भएकाले वाणिज्य विभागले भारतसँग पनि समन्वय त गरिरहेको छ ।' यसको उपयोगिता, सुरक्षा लगायतको विषयमा ध्यान दिएको हुनसक्ने सडकका अधिकारीहरू बताउँछन् ।

विश्वकै दुर्लभ रेडपाण्डा, पोखरी र रमणीय क्षेत्र भएकाले सडक बनेसँगै यसकै आधारमा यहाँको पर्यटन प्रवर्द्धन गर्न सकिन्छ भन्ने आशा सीमा क्षेत्रका नेपालीलाई छ । ताप्लेजुङको माथिल्लो फेदी अस्थायी प्रहरी चौकीको तथ्यांकअनुसार झापा, मोरङ, सुनसरीपछि भारतको सिक्किमबाट ताप्लेजुङको पाथीभरामा धेरै तिर्थयात्री आउँछन् ।

यो नाका खुले भारतीय पर्यटक यही मार्ग भएर आउने भएकाले व्यापार र व्यवसाय बढ्छ भन्ने आशा पनि उनीहरुमा छ । चिवाभञ्ज्याङ नेपाल र भारतको पुरानो सिमाना भएकाले यस्को सम्मानका लागि पनि नाका चल्नुपर्ने स्थानीयको माग छ । गत वर्ष एक महिने जनसंवादमा निस्किएका भट्टराईले पनि राजधानी पुगेर भारतसँग जोड्ने विषयमा पहल गर्ने बताएका थिए । उनले व्यक्तिगत रुपमा पनि सिक्किम र भारत सरकारसँग कुरा गर्ने जनाएका थिए । तर, यसको अनुभूति गर्न नपाएको गुनासो स्थानीयको छ ।

सिक्किमको उत्तरे बजार छेउसम्म सडक पुगेको छ । चिवाभञ्ज्याङदेखि जुलाघाटसम्म १ हजार ७ सय ७६ किलोमिटर सडक छ । राजमार्ग भएर पश्चिम जानुभन्दा छिमेकी सिक्किमसँग व्यापारिक लाभ हुने भएकाले स्थानीयको जोड सिक्किमतर्फको सडकमा बढी छ । चिवाभञ्ज्याङदेखि मेची राजमार्गको गणेश चोकसम्म अढाईदेखि तीन घण्टामा एकोहोरो यात्रा गर्न सकिन्छ । गणेशचोकदेखि च्याङथापुको बस्तीसम्म 'टु-ह्विलर' गाडी नै चल्छ । यहाँदेखि चिवाभञ्ज्याङ भने 'फोर ह्विलर' गाडीमा यात्रा गर्नुपर्छ । चिवाभञ्ज्याङमा भारतीय सीमा सुरक्षा बल र सिक्किम प्रहरी चौकी छ । यो सिमानादेखि नजिकै छ ।

नेपालतर्फ च्याङथापु बजारमा मात्रै प्रहरी चौकी छ । एकबाट अर्को देशमा आउजाउ गर्नका लागि प्रहरी चौकीको सिफारिस अनिवार्य हुन्छ । नेपालीहरू च्याङथापु आएर प्रहरीको सिफारिस लिएर जान्छन् । सीमा प्रहरी चौकीको तथ्यांकअनुसार नेपालबाट जाने धेरै हुन्छन् तर भारतबाट आउने अत्यन्तै न्यून ।

चीनतर्फ ७ किलोमिटर बाँकी

ताप्लेजुङ सदरमुकाम फुङलिङबाट चीनसँगको नाका जोडिन अब ७ किलोमिटर मात्रै ट्रयाक खुल्न बाँकी छ । काठमाडौंको एसडी एलाईट निर्माण कम्पनीले गत वर्षदेखि सडकको ट्रयाक खोल्ने काम गरिरहेको छ ।

सदरमुकामबाट फक्तालुङ गाउँपालिका-६, लेलेपको इलालडाँडा झरनाको छेउमा पुऱ्याएको छ भने ओलाङचुङगोला तर्फबाट पार्टी भन्ने स्थानसम्म ट्रयाक खोलिसकिएको छ । फक्ताङलुङ गाउँपालिकाका प्रवक्ता छेतेन वालुङले चीनको सीमासम्म पुग्न अब ७ किलोमिटर मात्रै बाँकी रहेको बताए । यही गतिमा काम भए अबको दुई/तीन महिनामाने सडकको ट्रयाक खुल्छ ।

तर, इलालडाँडातर्फ चढ्दान भएकाले त्यहाँ केही समय लाग्ने ठेकदार कम्पनीका राजिव लामिछाने बताउँछन् । सदरमुकामबाट इलालडाँडा झरनासम्मको सडकमा भने साना सवारी साधन सहजै पुग्ने उनले बताए । ओलाङचुङगोला तर्फबाट जोङ्गिनसम्म यातायातका साधन आउन सक्छन् । यहाँदेखि पार्टीसम्म ट्रयाक खोल्ने काम भइरहेको छ । ठेकदारले चीनसँग सम्झौता गरेर उतैको मेसिन र जनशक्ति ल्याएर काम गराइरहेको छ ।

सडकको नियमनकारी निकाय उत्तर दक्षिण दोभान-ओलाङचुङगोला लोकमार्ग आयोजनाका प्रमुख रामबहादुर गुरुङका अनुसार यसै आर्थिक वर्षमा सडकले सिमाना जोड्ने उद्देश्य छ । एकातिरबाट मात्रै खन्दा ट्रयाक जोड्न ढिलाइ हुने भएकाले दुवैतिरबाट सडक निर्माण गरिएको हो ।

नेपालको मेसिन घुमाएर लैजान सकिने भएपनि तेल ल्याउन असहज हुने भएकाले चिनियाँ ठेकदारसँग साझेदारी गरेको निर्माण कम्पनीले बताएको छ । सम्झौताअनुसार चिनियाँ मेसिनले सिसेवासम्म १५ किलोमिटर ट्रयाक खोल्नेछ । यहाँसम्मको सिमाना तमोर नदीले छुट्याउँछ । सरकारले यो आयोजनालाई बहुवर्षीय ठेक्कामा राखेको छ । तापेथोक र लेलेप जोड्ने तमोर नदीको रानी पुल भन्ने स्थानमा अस्थायी पुल बने पछि गाडीमा लेलेपसम्म पुग्न सकिने प्रवक्ता छेतेन बताउँछन् ।

पाँचथरको चिवाभञ्ज्याङस्थित मध्यपहाडी लोकमार्गमा सवारीसाधन । *तस्विर : आनन्द/कान्तिपुर*

छोटकरी

चन्द समूहका ब्युरो सदस्यले पार्टी छाडे

धनकुटा (कास)- नेत्रविक्रम चन्द समूहका ब्युरो सदस्य अमर परियारले साधारण सदस्यसमेत नरहने गरी पार्टी छाडेका छन् । बिहीबार विज्ञप्ति जारी गरी उनले पार्टी त्यागेको जनाएका हुन् । पछिल्लो समय ज्याला, मजदूरी गर्दै आएको उनले बताएका छन् । पाख्रिबास नगरपालिका-१, सान्नेका परियार २०६१ देखि तत्कालिन नेकपा (माओवादी केन्द्र) तथा मोहन वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी) हुँदै पछिल्लो समय चन्द समूहमा थिए । दोस्रो संविधानसभा निर्वाचनमा पाँचथरको फाल्गुनन्द गाउँपालिकामा बम विष्फोट गराएको अभियोगमा पक्राउ परेर उनी छुटेका थिए ।

बलात्कार आरोपित पक्राउ

ताप्लेजुङ (कास)- १५ वर्षीया किशोरीलाई बलात्कार गरेको आरोपमा पाँचथरको मिक्लाजोङ गाउँपालिका-४, थामथुमका ५७ वर्षीय कृष्णबहादुर गहतराजलाई प्रहरीले पक्राउ गरेको छ । पुस १९ को राति आफ्नै घरमा आएर बलात्कार गरेको भन्दै पीडितले दिएको जाहेरीका आधारमा प्रहरीले उनलाई पक्राउ गरेको हो । भाइहरूसँग एउटै कोठामा सुतिरहेका बेला झ्यालबाट आएका गहतराजले आफूलाई मुख र हात समाएर बलात्कार गरेको पीडितले प्रहरीमा बताएकी छन् । बलात्कारपछि किशोरीलाई अर्धचेत अवस्थामा पाँचथर अस्पताल पुऱ्याएर उपचार गरिएको थियो । आरोपीलाई पुस २१ गते पक्राउ गरी बाल यौन दुर्व्यवहारमा मुद्दा दर्ता गरी अदालतबाट म्याद थपिएको प्रहरी निरिक्षक रोमन अर्यालले बताए ।

जो आफ्नो लुगा आफैं बनाउँछन्

कान्तिपुर संवाददाता (धनकुटा)

धनकुटा-५, बिहिबारेकी सचेता छाराहाङ आफूले लगाउने लुगा आफैं बनाउँछिन् । उनको आँगनभरी कपडामा बुट्टा बनाउन प्रयोग गरिने कच्चा पदार्थ सुकाइएको छ । आँगनको छेउमा ओखलमा कच्चा पदार्थ कुट्ने र पकाएर बुट्टा बनाउन उनी व्यस्त देखिन्छिन् । बजारमा रोजेर कपडा किन्न पाइन्छ, तर उनको दैनिकी हातैले बुट्टा सजाएर मौलिक लुगा बनाउने, लगाउने र अरुलाई बिक्री गरेर आम्दानी गर्दै बितेको छ ।

धनकुटा नगरपालिका क्षेत्रमा मात्र बसोबास गर्ने आठपहरिया जातिमा खासगरी महिलाले हातैले बुनेको मौलिक पोसाक मेखली (चोली), सिन (फरिया) पहिरिने गर्दछन् । पछिल्लो समय बजारमा पाइने कपडाले मौलिक पोसाक विस्थापित बन्दै गएको अवस्थामा सचेताले भने मेखली, सिन बनाएर बिक्रीसमेत गर्दै आएकी हुन् । 'मैले बुट्टा भरेको लुगा आफैं लगाउँछु,' उनले भनिन्, 'केही लुगाको बिक्रीबाट आम्दानी पनि हात पर्छ'

ओखलमा कुटेर धुलो बनाइएको मजितो, हर्रो, असुरो, किट, कोदोको पीठोलाई तोरीको तेल र फिड्किरी मिसाएर बनाइएको मौलिक रङबाट उनले बुट्टा बनाउने गरेको बताइन् । विभिन्न जडिबुटी बटुलेर उनले मेखली, सिनमा छिपेको बुट्टाको माग बढ्दो छ । महिनामा उनले २५ हजार रुपैयाँभन्दा बढीका कपडा बेच्ने गरेको सुनाइन् ।

बजारमा सहज पाइने कपडाले महिलाको चोली र फरिया तथा पुरुषको कछाड र भोटोसमेत विस्थापित बन्दै आएको उनको भनाइ छ । मौलिक पोसाक जोगाउने चिन्ता गरेरै यही काममा हात हालेको सचेताको भनाइ छ । किराँत आठपहरिया समाजको नगर समिति अध्यक्ष समेत रहेकी उनले मेखली, सिन बनाउने कामलाई नै मुख्य पेसा बनाउँदै आएकी छन् । 'माग धेरै भए पनि आफ्नो मौलिक पोसाक संरक्षणका लागि जुटेकोले महँगो मूल्यमा बिक्री गरेकी छैन,' उनले भनिन्, 'मागअनुसार उत्पादन गर्न भने धौ-धौ परेको छ ।' उनले मेखली र सिन दुवैलाई २ हजार ५ सय रुपैयाँमा बेच्दै आएको बताइन् ।

किराँत आठपहरिया समाज, वडा नम्बर ५ कार्यालय र घरेलु समितिले सञ्चालन गरेको मौलिक पोसाक बनाउने तालिम लिएपछि सचेताले काम थालेकी हुन् । पति राजपति र १४ वर्षिया छोरी स्पर्शले पनि उनलाई सघाउने गरेका छन् । विगतमा सियो धागोले उनेर विशेष रुपमा बनाइएको बुट्टेदार लुगा लगाउने आठपहरिया जाति पछिल्लो समय बजारमा भित्रिएका रंगीविरंगी कपडामा भुलेको गुनासो छ ।

अघिल्लो पुस्तासम्म आफैंले बनाएको लुगा लगाउने आठपहरिया जातिमा पछिल्लो समय मौलिक पहिरन लोप हुने अवस्थामा पुगेको आठपहरिया समाजका केन्द्रीय महासचिव सूर्यबहादुर आठपहरियाले बताए ।

आठपहरियाअन्तर्गत अघिल्ला पुस्ताका स्थानीय पदमबहादुर आठपहरियाले पनि मेखली र सिनामा बुट्टा सजाउँदै बेच्दै आएका छन् ।

२०६८ सालको जनगणनाअनुसार आठपहरिया जातिको जनसंख्या ५ हजार ९ सय ७७ छ ।

धनकुटा नगरपालिका-५ की सचेता छाराहाङ आठपहरिया जातिको मौलिक पोसाकमा बुट्टा निकाल्दै । *तस्विर: रमेशचन्द्र/कान्तिपुर*



तपाईंको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनश्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
कर्कट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारीक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल पौष २६ गते शनिबार तदनुरुप ११ जनवरी २०२० माघ कृष्णपक्ष प्रतिपदा रात्रिको ११:५७ बजेसम्म उप्रान्त द्वितीया तिथि, पूनर्वसु नक्षत्र दिनको २:४७ बजेसम्म उप्रान्त तिष्य नक्षत्र, वैधृति योग दिनको ३:३३ बजेसम्म उप्रान्त विष्कुम्भ योग, बालब करण दिनको १२:३९ बजेसम्म उप्रान्त कौलब करण, मिथुन राशिमा चन्द्रमा प्रातः ८:५७ बजेसम्म उप्रान्त कर्कट राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
७:३०	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्यूज
९:००	हवाट द फ्लप (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	हियर्ज द लाइफ (रिपिट)
११:००	कान्तिपुर न्यूज
११:३०	सुमनसँग (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	फायरसाइड (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	मनी टक्स (रिपिट)
३:००	हवाट द फ्लप (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	सुमनसँग (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	यू एण्ड आई
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हर्के हल्दार
१०:००	यू एण्ड आई (रिपिट)
१०:३०	कान्तिपुर न्यूज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोर्टेड
१:००	कान्तिपुर न्यूज रिपोर्टेड
१:३०	यू एण्ड आई (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपोर्टेड
४:००	हर्के हल्दार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	दिव्य दृष्टि (दिवाकर पन्त)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (धलिसा)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	शैली (भूपेन्द्र)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फेमिना (दिपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	फेमिना (दिपाञ्जली)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप अफ द टप्स (साञ्झारिका)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (महेश)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (महेश)
१५:००	कान्तिपुर डायरी
१५:१५	सौगाई (कृष्ण मल्ल)
१६:००	हेल्थ एन्ड वेलनेस डायरी
१६:०५	द राहुल मुजेल सो
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	फेनाटिक फ्राइडे (महेश/स्मिता)
१८:००	आधा आकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	नो टेन्सन (दीपकराज/अनिबका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	प्लेट्रोनिक्स (सञ्जय गुप्ता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी ज्योल्डी (स्मीता)
२३:००	इलिमेन्थ आवर (संजय)
२४:००	टप अफ द टप्स - रिपिट (संजय)
०१:००	कालजयी गीत-संगीत (भूपेन्द्र)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०४:००	भजनहरु लगातार

अस्पताल र विविध

दमकल

विराटनगर	०२१-४२००००
इटहरी	०२५-५८०१०१
धरान	०२५-५२०१९९
इनरुवा	०२५-५६०१०१
दमक	०२३-५८०१०१
भद्रपुर	०२३-५१०१०१
धनकुटा	९८५२०६१२०१
कोसी अञ्चल अस्पताल विराटनगर	५३०१०३/५२६२३८
मेची अञ्चल अस्पताल, भद्रपुर	०२३-५२००२८
बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	०२५-५२५५५५
रक्तसञ्चार केन्द्र, विराटनगर	०२१-५२३३२६
विराटनगर आँखा अस्पताल	०२१-४३६३६०
रक्तसञ्चार केन्द्र, धरान	०२५-५२०९६८

एम्बुलेन्स

विराटनगर सेन्ट्रल	०२१-५३७००१
लाइफगार्ड अस्पताल, विराटनगर	९८४२०४२३३३
दुहबी जेसिज, सुनसरी	०२५-५४०४३५
शव बाहन, विराटनगर	०२१-५२५८७४

प्रहरी

जिल्ला प्रहरी कार्यालय, मोरङ	१००/९८५२०२६७५०
इलाका प्रहरी कार्यालय, उर्लाबारी	५४०२९०/९८५२०२०१३६
इलाका प्रहरी कार्यालय, रंगेली	५८०१३०/९८५२०२०१४४
क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी	०२५-५८०१०५/९८५२०२०१६१/१०३

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२६०७
प्रसूति गृह	४२५३२०६६
ठेकु अस्पताल	४२५३३२६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६०६६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
नेपाल मेडिसिटी अस्पताल	११३४, ४२१७०६६६, ४२१७०५५५
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन	४४९८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९८५१०४६५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४६२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२०९९
देव कर्मर नि:शुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२४८०८६
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

रत्न मन्दिर र हिमागृह छिट्टै नखुल्ने

पोखरा (कास)- उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलले नेपाल ट्रस्ट मातहत रहेको पोखराको रत्न मन्दिर र हिमागृह सर्वसाधारणका लागि छिट्टै नखुल्ने संकेत गरेका छन् । ट्रस्टका अध्यक्षसमेत रहेका उनले बिहीबार पोखरामा पर्यटन व्यवसायीसँगको भेटमा अहिले नै मिति यकिन नहुने बताए ।

यी दुई संरचना खुला गरी पर्यटकीय गन्तव्यमा परिणत गर्न पोखरा पर्यटन परिषद्ले उनलाई ज्ञापनपत्र बुझाएको हो । पोखरेलले ट्रस्टले ती दुई स्थल व्यापारिक प्रयोजनका लागि दिएको भन्ने समाचारमा सत्य नभएको उल्लेख गरे । 'रत्न मन्दिर र हिमागृह विद्यमान कानुनलाई ख्याल गरेर यहींको प्रदेश र स्थानीय सरकारसँग परामर्श गरी के गर्दा अधिकतम उपयोग हुन्छ, त्यसरी नै गरिन्छ,' उनले भने, 'ठ्याक्कै तिथिमिति कहिलेदेखि भन्न सक्दिनँ ।' उनले प्रदेश र स्थानीय तहलाई पन्छाएर कुनै पनि कुरा नहुने जनाए । 'जे गर्छौं कानुनसम्मत गर्छौं,' उनले भने, 'कानुनलाई तोडेर अपारदर्शी ढंगले हुँदैन ।'

परिषद्का अध्यक्ष चिरञ्जीवी पोखरेलले रत्न मन्दिर र हिमागृह खुला गर्दा पर्यटकको बसाइ लम्ब्याउन सकिने बताए । 'गणतन्त्र स्थापनासँगै नारायणहिटी राजदरबार संग्रहालयमा रुपान्तरण हुँदै सर्वसाधारणको पहुँचमा पुगेको यत्ति वर्ष भयो,' उपप्रधानमन्त्रीसँग उनले भने, 'पोखरामा पनि यथाशक्य छिटो खुला गर्नुपर्छ ।'

परिषद्ले फेवाताल संरक्षण, एक्यापमा बहुप्रवेश अनुमति, विभिन्न अन्तर्राष्ट्रिय सहरसँग पोखराको सिधा हवाइ उड्डयन सम्झौता, पोखरा-भीमाद-चितवन-लुम्बिनी द्रुतमार्ग, अन्तर्राष्ट्रिय विमानस्थलदेखि फेवातालसम्म एक्सप्रेस वे, भिसा शुल्कमा सहुलियत, पर्वतारोहण शुल्क मिनाहा, पर्यटक बस टर्मिनल, विशेष पर्यटकीय क्षेत्र सम्बन्धमा उपप्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाएको थियो ।

सुस्त मनस्थितिकी महिला बलात्कृत

बुटवल (कास)- बोल्न र सुन्न नसक्ने ५० वर्षीया महिला सामूहिक बलात्कारमा परेकी छन् । शुद्धोधन गाउँपालिका-१ चंखीपुरका रामनाथ मल्लाह र कुलबहादुर पौडेलले बलात्कार गरेको परिवारको आरोप छ ।

परिवारले दुर्वैविरुद्ध इलाका प्रहरी कार्यालय बुटललमा किटानी जाहेरी दिएको छ । 'चिनजानकै व्यक्तिबाट सुस्त मनस्थितिकी आमा बलात्कारमा पर्नुभएको छ,' आफन्त रामु क्षत्रीले भने, 'नामै किटान गरेर उजुरी दिँदा पनि प्रहरीले खोजतलासमा बेवास्ता गरेको छ ।'

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार पुस २० गते साँझ ती महिला छिमेकीको घर गएकी थिइन् । फर्कंदा बाटोमा रक्सीले मात्तिएका उनीहरूले महिलालाई लतारेर खेतमा लगी बलात्कार गरेका थिए । रगताम्य अवस्थामा भेटिएकी उनलाई सुरुमा परिवारले प्राथमिक उपचार गरेको थियो । सामान्य अवस्थामा आएपछि उनीहरूले घटनाबारे स्थानीयलाई बताएका हुन् । स्थानीयले महिलाको इसाराका आधारमा बलात्कारमा संलग्नको पहिचान गरेका थिए । त्यसैका आधारमा पुस २२ गते छोराले उनीहरूविरुद्ध इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिएका थिए ।

घटना प्रहरीमा पुगेको थाहा पाएपछि आरोपित पौडेल र मल्लाह फरार छन् । डीएसपी भीमलाल भट्टराईले बलात्कारमा संलग्नको खोजी भइरहेको बताए । 'अपांगता भएकी महिलामाथि जघन्य अपराध भएको छ,' उनले भने, 'घटना पहिल्यै सार्वजनिक हुनु र ढिलो गरी उजुरी आउनुले आरोपित भागेका हुन् ।'

कोइलाबास सम्झँदै 'हटारु'

'पहिले गाउँबाट पैसा जम्मा गरेर सामान किन्न बजार पुग्नुपर्थ्यो । अहिले पैसा लिएर मानिस हामीलाई खोज्दै सामान लिएर गाउँमा आइपुग्छन्'

रोल्पाबाट नुन लिन दाङ र भारतको सीमामा पर्ने कोइलाबास पुगेको याद गर्दै पूर्वी रोल्पाको जेलबाङका हटारु । तस्बिर : काशीराम/कान्तिपुर

■ **काशीराम डाँगी** (रोल्पा)

कोइलाबास कुनै बेला दाङ, रोल्पा, प्यूठान, रुकुम, सल्यानलगायत जिल्लाको नुन किन्ने एकमात्र बजार थियो । रोल्पाबाट २२ दिनदेखि एक महिनासम्म एकतर्फी हिँडेर हटारु (भारी बोकेर नुन ल्याउने समूह) बनेर नुन किन्न जान्थे । पश्चिमी रोल्पाको घर्तीगाउँको झिनुवाबाट कोइलाबास पुग्न २८ दिन लाग्थ्यो । १० पटक नुन लिन हटारु बनेर कोइलाबास पुगेका झिनुवाका ६८ वर्षीय हीरालाल वलीले १ सय २० जना एकैसाथ पुगेको सम्झिए । 'ठूलै जत्थामा हिँड्दा निकै रमाइलो हुन्थ्यो । घरैबाट खाना बोकेर नुन लिन जाँदाको रमाइलो क्षण अब सुन्नेलाई किंवदन्ती जस्तो बनेको छ,' उनले भने, 'झिनुवाबाट कोइलाबास पुग्न आठवटा भन्दा बढी त खोल्सा र डाँडामा बास बस्नुपर्थ्यो ।'

घरबाट निस्केपछि हटारुको जत्था हान्जाबाङ, त्रिवेणी, दहवन, तोसपेदा, भैंसे गोगली, मसौट खोला, गढवा, अम्बास र चोरखोलीमा बास बसेपछि मात्र अर्को दिन कोइलाबास पुग्थ्यो । कोइलाबासमा नुन, कपडा र भेली किन्न आठ दिन लाग्थ्यो । पहिलो दिन त उछिट्टेलाई नचाउन लाग्थ्यो । कोइलाबास पहिलोपटक जानेलाई उतिबेला 'उछिट्टे' भन्ने चलन थियो र उसलाई गुड (भेली मिठाई) का डल्लाले हानेर स्वागत गर्ने चलन थियो । यो चलन कोइलाबासका पसलेले नै सुरु गरेका थिए । नुन लिने टोलीका प्रमुखले ती 'उछिट्टे' लाई बेस्सरी नचाउँथे पनि ।

त्यसपछि मालुका पात टिप्न, नुनलाई पोकामा राखेर भारी बनाउन एक साता लाग्थ्यो । 'घरबाट लगेको जिनिस बेचेपछि मात्रै के किन्ने भन्ने निर्णय हुन्थ्यो,' उनले भने, 'आधा महिना हिँडेर घरबाट बजार पुग्दा निकै आनन्द हुन्थ्यो ।' कोइलाबास पुगेर पात टिप्ने, बाबियो खोज्ने र डोरी बनाउने काम अगुवाले गर्थे भने अन्यले सघाउने चलन थियो । घरबाट निस्केपछि कोइलाबास पुग्नुअघिको बाटो आसपासका गाउँमा खर्च (बाटोमा खाने अन्न) राख्दै झर्ने र फर्कंदा लिने चलन थियो । जुन घरमा खर्च राखिएको हुन्थ्यो, त्यही घरमा मिठाई (भेली) बाँड्ने गरेको वलीको सम्झना छ । हटारुले तलतिर झर्दा बास बस्ने ठाउँ नजिकैका घरमा अन्नका पोका-पन्तुरा झुन्ड्याई छाड्थे ।

कोइलाबासबाट नुन लिन कम्तीमा एक दर्जन गाउँका हटारु एकैसाथ जान्थे । त्यसो गर्दा सुरक्षा, सरसहयोग र रमाइलो यात्रा महत्त्वपूर्ण मानिन्थ्यो । कोइलाबास पुगेर नुनको भारी बोकेर साथै आएका साथीहरू पर्सराम खड्का, वीरबहादुर खड्का, शशे खत्री र म्याउसे वलीलगायतसँग उनको अहिले पनि भेट भइरहन्छ । उनको टोलीमा ओत, झिनुवा, जिनाबाङ, पाखापानी, पाछाबाङ, राँकलगायत गाउँमा हटारु साथै जान्थे । उनीहरूले गाउँबाट कोइलाबास जाँदा वनका जडीबुटी, टिम्मुर, घिउ, मह, सिमी र भटमासलगायत जिनिस बेच्न लैजान्थे । पश्चिमी रोल्पाका धेरै गाउँका हटारुको हाङजाबाङ गाउँ बास बस्ने मुख्य थलोमध्येको एक थियो । हटारुलाई घरमै बास बस्न दिएकामध्येका ७५ वर्षीय झुपल डाँगीले भने, 'ती दिन रमाइला थिए । हटारु र हामीबीच गज्जबको मित्रवत् सम्बन्ध थियो ।'

जेलबाङबाट २२ दिनमा कोइलाबास

जेलबाङबाट हटारुलाई कोइलाबास पुग्न २२ दिन लाग्थ्यो । 'आउँदा र जाँदा करिब दुई महिनै लाग्थ्यो,' जेलबाङका ८० वर्षीय ढाँट परियारले सम्झिए, 'म नुन लिन कोइलाबास कम्तीमा ६/७ पटक पुगेँ ।'

अहिले नुन, तेल, लत्ताकपडा र औषधिलगायत अत्यावश्यक सामग्री घर छेउमै आइपुग्छ । सडक भए गाडीले ल्याइदिन्छ, नभए घोडा-खच्चड प्रशस्तै छन् । कोइलाबास जाँदा हिँडेको र बास बसेको बाटोको याद अझै छ हटारु ढाँटसँग । ठूलो समूहमा हिँड्दा यात्रा लामो हुने बताउँदै उनले जेलबाङबाट कोइलाबास पुग्दा बाटैभरि बास बसेको ठाउँको याद गरे । जेलबाङबाट नुन लिन कोइलाबासका लागि यात्रा थालेपछि बाटोमा हाङ्जा, छिर्ने, घोरालखोला, काँडाबास, लिवाडी आँप, राम्चे, देउराली, धौलाबाङ, घोराही, लमही र कोइलाबासलगायत ठाउँ भेटिन्थे । ती स्थानमा नुन बोक्ने हटारुहरू कैयौंपटक बास पनि बसेका छन् ।

'जहाँ रात पर्छ, त्यहीं बास बस्थ्यौं,' ढाँटले सम्झिए, 'मानिसको डर थिएन । भूतप्रेत लाग्ला भन्दै चनाखो हुन्थ्यौं ।'

जेलबाङसम्मै सडक पुगेकाले अब उनलाई नुन बोक्नैरै खानुपर्ने बाध्यता छैन । बढी किनमेल गर्न उनी मोटरमै सुलिचौर बजार झर्छन् । नुन, तेल, खाद्यान्नलगायत सामान किन्न उनका छोरानाति जान्छन् । मुलुकमा राजनीतिक परिवर्तन, विकासमा नयाँ ढाँचा, फेरिएको समय, बजारीकरण र सडकको विकासले जीवनमै व्यापक फेरबदल आएको उनको अनुभव छ । 'अब कोइलाबास जानै पर्दैन,' उनले भने, 'बाटोको विकासले उहिले कोइलाबासमा व्यापार गर्ने व्यापारीहरू अहिले रोल्पा-रुकुम-सल्यानका कुना कन्दरासम्म पुगेका छन् । सजिलो छ अहिले ।'

जेहोस्, व्यापारीलाई व्यापार व्यवसायले मन तानेजसरी जेलबाङका यी वृद्धहरूलाई गाडी देख्ने र चढ्ने रहरले मन तानेको छ । पूर्वोत्तर रोल्पाको जेलबाङ गाउँका उनीहरू अहिले सुलिचौर, लिवाङ र दाङसम्म आवतजावत गर्दा गाडी चढ्छन् । पूर्वी रोल्पाको जेलबाङ घर भएका सुनछहरी गाउँपालिकाका अध्यक्ष आसबहादुर पुनमगरले नुन, तेल र कपडा किन्न अब कोइलाबास पुग्नु नपर्ने समय आएको बताए । विगतको विकटता हटाउन विकासका योजना अघि सारिँ आएका उनले भने, 'अहिलेसम्म सडक गाउँमा पुग्नुएका छौं । अब सडकमार्फत गाउँको बहुआयामिक फाइदा हुने गरी विकासका सम्भावना वृद्धि गर्ने हो ।'

उहिले हटारु, अहिले यात्रु

बैंसमा गाडी चढ्न नपाए पनि अहिले हटारुहरू गाडी चढेर यात्रा गर्छन् । 'गाडी सफा र चिल्लो हुने रहेछ, छाम्न पाए झन् मज्जा,' पहिलोपटक गाडी देखेपछिको प्रसंग जेलबाङका ९० वर्षीय अति रोकाले सम्झिए । गाउँकी बाटीसरा विकसँग जेलबाङबाट सुलीचौर हुँदै लिवाङसम्मै गाडी चढेको अनुभव छ । हेर्न र औषधि खान उनी लिवाङ पुगेकी थिइन् । यहाँकी ८० वर्षीया गुठी रोकासँग पनि गाडी चढेर दाङ झरेको अनुभव छ । 'मेरो जेठो छोरोलाई भेट्न कपिलवस्तुको शिवपुर पनि गाडीमै पुगेकी छु,' उनले भनिन् ।

उहिलेको जमानामा अहिलेजस्तो गाडी देख्न कहाँ पाइन्थ्यो र ! त्यो पनि गाउँमा । अहिलेको कुरा गर्ने हो भने गाउँमा सडक पुगेको छ । सानै भए पनि गाडी आएका छन् । गाडी नदेख्ने वा नचढ्ने कमै होलान् । तर वृद्धवृद्धालाई सजिलो छैन । बढ्दो उमेर, बसाइ नै असजिलो हुन्छ, त्यसमा सबै गाउँमा भनेकै बेला पनि गाडी चढिहाल्न पनि मिल्दैन । ८० वर्षीया चामसरी परियारले भनिन्, 'सुलीचौरबाट बुटवलसम्म गाडी चढ्दा केही सास्ती भयो । उल्टी भयो, टाउको दुख्यो, जीउ भारी भएर आयो ।' उहिले उहिले नुन-तेल बोक्न महिनौं हिँडेर भारतीय सीमासम्म पुग्दा पनि गाडीको नाकमुख देखिन्थ्यो । हिँडेरै आवत-जावत गर्नुपर्थ्यो । 'नुन किन्न कोइलाबास पटकपटक पुगेको छु,' गाडी चढ्ने अवसर नपाएका अति रोकाले भने, 'मैले त्यसबेला न गाडी देखें, न चढ्ने मौका पाएँ । अझै गाडी चढेको छैन । देखेको भने छु ।'

घरबाट निस्कनु नपरेकाले उनले गाडी नचढेको बताए । यस्तै ५० वर्षकी खोष्टी सुनारले नजिकको बजार सुलिचौरसम्म पनि गाडी चढेर जाने अवसर नपाएको सुनाइन् । सडक पुगेपछि गाउँको विकास सम्भव भएको जेलबाङका पूर्वशिक्षक चन्द्र बुढा शेषले बताए । उनका अनुसार सडक निर्माणपछि गाडी गाउँमा ल्याएपछि फर्कंदा गाउँका जिनिस (घरेलु उत्पादन र जडीबुटी) बजार पुग्याएर बेच्न सक्नुपर्छ । यस्तो चलन भए मात्रै गाउँको आयस्तर वृद्धि हुन सक्छ । सडक बनेकाले भित्री गाउँमा पनि उत्पादन क्षेत्रलाई प्राथमिकता दिनुपर्ने बेला आएको उनले बताए । 'पहिले गाउँबाट पैसा जम्मा गरेर सामान किन्न बजार पुग्नुपर्थ्यो । अब पैसा लिएर मानिस हामीलाई खोज्दै सामान लिएर गाउँमा आइपुग्छन्,' उनले भने ।

'झापा विद्रोह'का योद्धालाई बेवास्ता

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

डेराको साघुँरो कोठा । तीन जनाको परिवार अट्न मुस्किल । भित्र ठाउँ नभएपछि ७० वर्षीय बयोवृद्ध टंकप्रसाद चौधरी बरन्डामा सुत्छन् । ओढ्ने, ओछ्याउने गतिलो छैन । पुसको चिसोले चौधरीको कम्मरको बिराम झन बढेको छ । दैनिक औषधि नखाई हुँदैन । आम्दानीको स्रोत छैन । आफ्नो नाममा एक धुर जमिन छैन । बुढेसकालमा कमाएर खुवाउने छोरा पनि छैन । 'झापा विद्रोह' मा ९ वर्ष ३ महिना कठोर जेल जीवन बिताएका टंकप्रसाद हाल बिर्तामोड नगरपालिका ४ मा एउटा सानो कोठामा कष्टले दिन बिताइरहेका छन् ।

श्रीमतीले दुई-चार गाउँ डुलेर साग-सब्जी किनेर ल्याउँछिन् अनि नजिकैको बिर्ता बजारमा बेच्छिन् । त्यो आम्दानीले तेल-नुन किन्न सघाउ पुग्छ । कान्छी छोरी सन्ध्यावतीले मिस्त्री काम गरेर चामल र डेराभाडा धानेकी छन् ।

०२८ सालको झापा विद्रोहकै अर्का योद्धा केपी शर्मा ओली मुलुकको प्रधानमन्त्री बनेका छन् । सीपी मैनालीसहितका कैयन् नेता मन्त्री, सांसद बने । उनीहरूले श्रीमती, छोरा-छोरी र आफन्तहरूलाई समेत सांसद तथा राज्यको उच्च ओहोदामा पुऱ्याए । तर, टंकप्रसादसँग शिर लुकाउने छानो छैन । जेल बसेर आएको हुँ भनेर उनले कुनै नेतासँग सहयोग पनि मागेनन् । चुपचाप बसे । जसरी जीवन चल्यो, चलाए ।

२३ वर्षका लक्का जवान थिए, टंकप्रसाद । विवाह गरेको एक वर्ष पुग्दै थियो । ०२९ मंसिर महिना थियो । उनी बुबा रामदुलालसँगै खेतमा धान काटिरहेका थिए । अचानक हतियारसहित आएका प्रहरीले बुबाछोरालाई नै नियन्त्रणमा लिए । गाडीमा हालेर चन्द्रगढी पुऱ्याए ।

कम्युनिस्टमा लागेको आरोपमा टंकप्रसाद चौधरीसँगै उनका बाबुलाई पनि पक्राउ गरियो । बाबुछोराले ९ वर्ष ३ महिना जेलमा काटे ।

चन्द्रगढीमा प्रहरीले यातना दिँदै कबुल गराउन थालेपछि मात्रै टंकप्रसादले थाहा पाए, 'कम्युनिस्ट पार्टी' मा लागेको भनेर गिरफ्तार गरिएको रहेछ । 'हामीले हात जोडेर अनुनयविनय गऱ्यौं । कुनै पार्टीमा नलागेको भन्यौं,' टंकप्रसादले भने, 'प्रहरीले हाम्रो कुरा सुन्दै सुनेन । उल्टै हामीलाई थाहा छ भन्दै यातना दिएरहे ।' विपन्न परिवारका उनीहरू मालिकको खेत अधियाँ गर्थे ।

गिरफ्तारीको एक वर्षसम्म चन्द्रगढीमा चरम यातना दिइएको उनले सुनाए । 'पाइतलामा घाउ नै घाउ भएको थियो । शरीरमा चोट नलागेको ठाउँ थिएन,' उनले भने, 'खुर्सानी-पानी नाकमा हालेर कुट्थ्यो । हातका औंलामा सियोले घोच्थ्यो ।'

एक वर्षसम्म चरम यातनापछि चौधरी बुबाछोरालाई वीरगन्ज कारागार चलान गरियो । जीवनको ऊर्जाशील उमेर कारागारको चिसो छिँडीमा बिताएका टंकप्रसादलाई कुनै कम्युनिस्ट नेताले खोजी गरेनन् । हालत सोध्न गएनन् ।

'जेल बसेको ९ वर्ष ३ महिनापछि तिमीहरू निर्दोष रहेछौ भनेर हामी बाबुछोरालाई छोड्यो,' मंगलबार बिर्तामोड नगरपालिका कार्यालयमा भेटिएका उनले विगत सम्झिए । फर्किएर तत्कालीन गरामनी गाविस-८ नडियाबारी आइपुग्दा घरमा पत्नी थिइनन् ।

गाउँको परिवेश फेरिएको थियो । तर उनले गाउँ छोडेनन् । ज्याला-मजदुरी गरेर जीवन चलाए । जेलमुक्त भएको तीन वर्षपछि बुबा बिते । एक्लो बनेका उनले बौरीदेवीसँग दोस्रो विवाह गरे । दुई छोरीका बुबा टंकप्रसादले जीवनभरि पैसा कमाएर एउटा टहरासम्म उभ्याउन सकेनन् । अहिले बस्दै आएको कोठाको मासिक १२ सय रुपैयाँ तिर्नुपर्छ ।

कम्युनिस्ट आन्दोलनमा कठोर जेल जीवन बिताएको भन्दै टंकप्रसादलाई नेकपा, बिर्तामोडका स्थानीय कार्यकर्ता विदुरप्रसाद तिवारी (भक्ति) ले साढे ५ धुर जमिन निःशुल्क दिएका छन् । उनले टंकप्रसादलाई जग्गाधनी पुर्जा नै दिइसके । उक्त जमिनमा बिर्तामोड नगरपालिकाले घर निर्माण गरिदिन लागेको मेयर ध्रुवकुमार सिवाकोटीले जानकारी दिए ।

'बोल्दा छुन्छन्, गाडीमा रेट सोध्छन्'

■ **अमृता अनमोल** (बुटवल)

डाडकी कमला नेपालीका पुरानो पुस्ताका महिलाले धेरै वर्षअघि देह व्यापार गर्थे । त्यसकै आम्दानीले घरखर्च चलाउँथे । अहिले त्यस्तो बाध्यता हटिसक्यो । उनीहरू आयआर्जनका वैकल्पिक पेसामा संलग्न छन् । कमलाको पुस्ताले त्यस्तो बेहोर्नु परेन । तर, अघिल्लो पुस्ताले गरेको देह व्यापारको असर अहिले पनि भोग्नुपर्दा दुःखी हुन्छिन् । अघिल्लो पुस्ताले पुस्ताको दाग लागेकोमा उनीहरू चिन्तित छन् ।

'बादी महिला भन्नासाथ अपरिचितको अनुहार फेरिन्छ । गाडीमा हिँड्दा दररेट सोध्छन् । बोल्दा संवेदनशील अंग छुन्छन् । चिमोट्न र टाँसिन खोज्छन्,' १८ वर्षीया कमलाले भनिन्, 'भविष्य बनाउन खोज्ने हामी किशोरीलाई बचेर हिँड्नै दुःख छ ।' कमला सिलाइ सिक्दै काम गरिरहेकी छन् । १५ वर्षयता आमा र हजुरआमा मजदुरीका काम गरिरहेका छन् । घोराही-१४ पक्रैयाका ३० परिवारले आयआर्जनका विकल्प अपनाएका छन् ।

देह व्यापार र नाचगानबाट जीविका चलाउँदै आएको र घुमन्ते जीवन बिताउने समुदाय अहिले जीविकोपार्जनका विभिन्न काममा लागेको छ । पुरुष मजदुरीका लागि भारत जान्छन्, केहीले मादल, सुल्पा, हुक्का, चिलिम, माटाका भाँडा बनाउँछन् । माछा मार्छन् । मजदुरी गर्छन् । समुदाय परिवर्तन भयो । तर, उनीहरूप्रति सामाजिक दृष्टिकोण भने फेरिएको छैन । त्यसको असर हुर्कंदै गरेका किशोरीले भोगिरहेका छन् । डाडको तुलसीपुर-६ मोतीपुरकी सन्जु नेपाली त्यसैमध्येकी हुन् । 'बादी महिलाले यौन पेसा नै गरे हुन्थ्यो भन्ने धेरै छन् । हाम्लाई समेत पाइला-पाइलामा लुट्न खोज्छन्,' उनले भनिन्, 'बादी केटीहरू देख्दा सिठी फुक्ने, आँखा झिम्क्याउने, जिब्रो पड्काउने र ओठले चुम्बन गरेको इसारा गर्ने त कति छन् कति !' कसैले अहिलेको दुःखभन्दा पहिलेकै सुख राम्रो भनेरसमेत गिज्याउने गरेको उनले बताइन् ।

जनगणना-२०६८ अनुसार मुलुकभर बादी समुदायको जनसंख्या ३८ हजार ६ सय ३ छ । त्यसमा महिला २० हजार ३ सय ५ छन् । पुरुष १८ हजार २ सय ९८ छन् । प्रदेश ५ का विभिन्न जिल्लामा यो समुदायको संख्या ७ हजार ८ सय ८६ छ । प्रदेशका १२ वटै जिल्लामा यो समुदायको बसोबास छ । सरकारले २०६५ सालमा बादी समुदायलाई यौन शोषणमुक्त घोषणा गऱ्यो । यसपछि खुलेआम हुँदै आएको देह व्यापार हट्यो । तर समुदायको पुनःस्थापनाका लागि कुनै योजना र रणनीति बनेन । यही कारण उनीहरूको आर्थिक र सामाजिक सशक्तीकरण हुन सकेको छैन । फलस्वरूप कमला र सन्जुजस्तै धेरै किशोरीले अहिले पनि दुर्व्यवहार र लान्छना सहनु परिरहेको छ । बुटवलमा आयोजित बादी समुदायको

बुटवलमा आयोजित बादी समुदायको पहिचान र अवस्था विषयक कार्यक्रममा सहभागी उक्त समुदायका प्रतिनिधि । तस्बिर : अमृता/कान्तिपुर

पहिचान र अवस्था विषयक कार्यक्रममा सहभागी हुन आएका उनीहरूले निर्धक्क भएर आफ्ना गुनासा पोखेका हुन् । 'कहिलेकाहीं त आफ्नै सरहरूले पनि गिद्धे नजर राखे । छिमेकीले पनि हिंसा गरे,' घोराहीकी सुजाता नेपालीले भनिन्, 'छुने, मुसार्ने, गढेर हेर्ने र यौन इसारा गर्नेलाई सामान्य मानेर सहँदै आयौं । हाम्रो समुदायले यस्तो हिंसा सहनुपर्छ भन्ने सिक्यौं । पहिले त हिंसा हो भन्ने नै थाहा पाएनौं ।' सुजाता अहिले घोराहीमा ब्युटिपार्लरको तालिम लिइरहेकी छन् । सीप सिकेपछि वैदेशिक रोजगारीमा जाने उनको योजना छ । 'तर पनि धेरै पुरुषले देह व्यापारमै लाग्न र नांगिन लोभ्याउने गरेका छन् । अरू काम गर्छु भन्दा पनि पत्याउँदैनन्,' उनले भनिन्, 'साह्रै दुःख लाग्छ ।'

देह व्यापार छोडेर अन्य काममा लागेका महिलाको त बयान गरिसाध्य छैन । झन्डै ३० वर्ष देह व्यापार गरेकी सुन्दरी नेपालीले अहिले पनि धेरै पुरुष वरपर डुल्ने र लोभ्याएर यौन बाध्यतामा फसाउन खोज्ने बताइन् । 'अधिकांश पुरुष हामी ढाकिँदा पिरोलिएका छन् । उनीहरूमा कहिल्यै पूरा नहुने यौन प्यास छ,' उनले भनिन्, 'त्यो प्यास अब हाम्रा किशोरी छोरीबाट मेट्न चाहन्छन् ।' यही कारण समुदायका किशोरी अगाडि बढ्न नसकेको उनले बताइन् । 'हामीसित नांगिने पुरुष समाजका अगाडि ढाकिन्छन् । हाम्रा छोरीचेलीलाई सधैं नंग्याउन चाहन्छन्,' उनले भनिन्, 'तिनकै कारण आत्मसम्मानले बाँच्न पाएका छैनौं ।'

उक्त समुदायकी अधिकारकर्मी मीना नेपालीका अनुसार पहिले-पहिले यस समुदायमा जीवन चलाउने अरू उपाय थिएन । यसैले आफ्नै घर र परिवारका अगाडि नांगिएका थिए । यौन तृष्णा मेटाएर त्यसबापत केही कमाएका थिए । अहिले त्यस्तो अवस्था छैन । 'हामी अहिले जसोतसो ढाकिएका छौं । तर, हाम्रा छोरीचेलीमाथि कुदृष्टि राखिरहेका छन्,' उनले भनिन्, 'यही सोच फेर्न नसक्दा दिनदिनै नांगिएझैं लाग्छ ।'

अहिले पनि कतिपय होटल-रेस्टुराँमा देह व्यापार छ । अरू समुदायका महिलाले पनि त्यसैलाई जीविकोपार्जनको माध्यम बनाएका छन् । तर, उनीहरूको चर्चा हुन्न । बादी अधिकारकर्मी नेपालीले भनिन्, 'प्रहरीले रंगेहात पक्राउ गर्दा पनि बादी महिला भनेर नसोधी किटान गर्छ ।'

बादी समुदायको समग्र विकासका लागि थुप्रै समुदायमा आधारित सामाजिक संस्थाको स्थापना भएका छन् । समुदायको उत्थानका लागि क्रियाशील कमिट नेपालका अध्यक्ष प्रकाश नेपालीले प्रभावकारी नीति र योजना नभएका कारण समुदाय परिवर्तन गरे पनि दीर्घकालीन विकास गर्न नसकेको बताए । 'बादी महिलाको बाध्यात्मक देह व्यापारमा कति पुरुष रमे, रमाए । उनीहरू बदनाम भएनन् । सधैं सम्मानित भए,' उनले भने, 'हाम्रो पुस्ता देह व्यापारमै नहुँदा पनि अपमानित हुनु दुर्भाग्य हो ।' प्रदेश सरकारले यौन पेसा गरेर परिवार पाल्ने अवस्था अन्त्य गरी बादी समुदायलाई अगाडि बढाउन शिक्षा र रोजगारीमा सहयोग गर्ने योजना बनाएको छ ।

बादी समुदायलाई अरू जातिसरह आत्मसम्मानले बाँच्न सक्ने बनाउन शिक्षा, स्वास्थ्य र रोजगारीका प्याकेज सञ्चालन हुने सामाजिक विकासमन्त्री सुदर्शन बरालले बताए ।

मार्टिन्सको दुई गोल
संकटाको फराकिलो जित । १६

भुमरीमा दीपिका
'छपाक' बहिष्कार ट्रेन्डमा । ९

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३२० जनकपुर | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

NEPAL GEM & JEWELLERY ASSOCIATION
PRESENTS

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

GJE
3rd Nepal
GEM & JEWELLERY
EXPO 2020
Taking Nepalese Jewellery Globally

HOTEL SOALTEE CROWN PLAZA
Kathmandu, Nepal

Nepal's Exclusive Jewellery Exhibition

11-12 January, 2020, 10am - 6pm

More than 26 reputed jewelers under one roof

Large Variety of Gems & Jewelleries

Wedding Jewelleries

ORGANIZED BY
NEPAL GEM & JEWELLERY ASSOCIATION

FNCCI

Nepal Tourism Board
www.welcomenepal.com

ENDORSED BY
Trade and Export Promotion Centre

Ministry of Industry
Commerce and Supplies

MAIN SPONSOR:
कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

DIAMOND SPONSOR:
Warsteiner
PREMIUM GERMAN BEER
TVS

DIAMOND SPONSOR:
अर्घाखाँची सिमेन्ट प्रा.लि.
MORRIS GARAGES
लक्ष्मी बैंक

SILVER SPONSOR :
HIMALAYA AIRLINES
PRIME BANK LTD.
SiddharthaBank
सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
Siddhartha Insurance Limited
BAJAJ
Global IME Bank

SUPPORTING PARTNERS :
GARUD SECURITIES P. LTD.
Godrej
Radisson HOTEL KATHMANDU
SOALTEE CROWNE PLAZA KATHMANDU

MAKE-UP
MAKE-UP STUDIO
PROFESSIONAL AMSTERDAM

MAGAZINE PARTNERS :
SHINE
N-MAG SOCIAL NETWORK MAGAZINE

MEDIA PARTNERS :
KANTIPUR

EVENT MANAGED BY :
EVENT sansar.com

मार्टिन्सको दुई गोल
संकटाको फराकिलो जित । १६

भुमरीमा दीपिका
'छपाक' बहिष्कार ट्रेन्डमा । ९

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३२० जनकपुर | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

सत्तारूढ दलका नेता र सरकारका उच्च अधिकारीको प्रतिबद्धता

'निजी क्षेत्रको मनोबल टुट्न दिन्नौं'

कान्तिपुर संवाददाता (काठमाडौं)

सत्तारूढ दलका नेता तथा सरकारका उच्च अधिकारीहरूले निजी क्षेत्रको मनोबल टुट्न नदिने प्रतिबद्धता जनाएका छन् ।

राजधानीमा बिहीबार आयोजित 'कान्तिपुर इकोनमिक समिट २०२०' मा सत्तारूढ नेकपाका नेता, बहालवाला तथा पूर्वअर्थमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष र सरकारका उच्च अधिकारीहरूले अहिले निजी क्षेत्रले केही असहज महसुस गरिरहे पनि मनोबल टुट्न नदिने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

समिटमा 'नेपाली अर्थतन्त्र : वर्तमान अवस्था र भावी दिशा' शीर्षकको छलफलमा सहभागी अर्थमन्त्री युवराज खतिवडाले विभिन्न तहका सरकारले निर्धारण गरेको करका कारण निजी क्षेत्रले असहज महसुस गरे पनि अब त्यस्तो नहुने बताए । संघ, प्रदेश र स्थानीय तहका सरकारले लगाएको करसम्बन्धी समस्या समाधान भइसकेको उल्लेख गरे । 'कर क्षेत्रको सुशासनमा सरकारको ध्यान जानेछ,' उनले भने । जनता र निजी क्षेत्रले तिरेको कर सदुपयोग हुनेमा आश्वस्त पार्दै उनले भने, 'अब कर बढ्दैन ।' उनले कर्पोरेट कर नबढेको र भन्सार महसुलमा मात्रै केही परिवर्तन गरिएको बताए ।

समिटका क्रममा निजी क्षेत्रको मनोबल शीर्षकको छलफल सत्रमा राजस्व सचिव शिशिर ढुंगानाले निजी क्षेत्रलाई सरकारले संकुचित नपारेको दाबी गरे । 'निजी क्षेत्रको मनोबल उकास्न आवश्यक अनुदान दिएका छौं,' उनले भने, 'लगानीकर्ताका लागि पूर्वाधार निर्माण र सुरक्षालाई पहिलो प्राथमिकतामा राखेका छौं ।'

'निजी क्षेत्रको मनोबल' शीर्षकको अर्को छलफलमा पूर्वअर्थमन्त्री एवं नेकपाका महासचिव विष्णु पौडेलले पनि निजी क्षेत्रको विश्वास जित्न कुनै कसुर बाँकी नराख्ने बताए । 'निजी क्षेत्रले लगानी गरेअनुसार अपेक्षा पनि गरेका हुन्छन् । उनीहरूले जोखिम कम खोजेका हुन्छन् । सीमित लगानीमा केही मुनाफा खोज्छन्,' उनले भने, 'सरकारले निजी क्षेत्रको कठिनाइ हेर्छ ।' सरकारले मात्र नभई नेकपाले पनि निजी क्षेत्रसँग घनिष्ठ सहकार्य गर्न चाहेको उनले बताए ।

लोकतान्त्रिक विधि र आर्थिक प्रणालीबाट चल्ने मुलुकमा निजी क्षेत्र आवश्यक पर्ने उल्लेख गर्दै उनले भने, 'निजी क्षेत्रलाई साथमा नलिई समृद्धि आउँदैन । निजी क्षेत्रको विश्वास जित्न र मनोबल उठाउन सरकारले कुनै संकोच राख्दैन ।' उनले निजी क्षेत्रलाई समस्या पर्ने कुनै कानुन भए तिनलाई संशोधन गर्न सकिने आश्वासनसमेत दिए ।

सोही छलफलमा राजस्व सचिव शिशिर ढुंगानाले पनि निजी क्षेत्रलाई सरकारले प्रोत्साहन गरिरहेको धारणा व्यक्त गरे । 'निजी क्षेत्रको मनोबल बढाउन सरकारका तर्फबाट सक्दो सहयोग गरेका छौं,' उनले भने, 'सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न चाहेको छ, त्यसैले राजस्वमा मात्रै जोड दिएका छैनौं ।' सरकारले ऐन, कानुन बनाउँदा पनि निजी क्षेत्रसँग छलफल गरेको उनले स्मरण गराए ।

कार्यक्रममा प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमालले निजी क्षेत्रसँगको सहकार्यमा ठूला आयोजना निर्माण गर्न सरकारले सार्वजनिक-निजी साझेदारी ऐन तयार पारिसकेको जानकारी दिए । **बाँकी पृष्ठ १३**

पृष्ठ ११/१२

- निजी क्षेत्र भन्छ- 'नीतिभन्दा नियतले समस्या'
- कसरी जुटाउने पूर्वाधारमा लगानी ?
- 'जनताको पैसा सुरक्षित गर्न वित्तीय क्षेत्र नियन्त्रण'
- 'सरकारले पूर्वाधार, निजीले उत्पादनमूलक क्षेत्रमा लगानी'

काठमाडौंमा बिहीबार आयोजित 'कान्तिपुर इकोनोमिक समिट-२०२०' को 'नेपाली अर्थतन्त्र : आजको अवस्था र भोलिको दिशा' शीर्षक छलफलमा सहभागी वक्ताहरू बायाँबाट क्रमशः अर्थमन्त्री युवराज खतिवडा, पूर्वअर्थमन्त्रीद्वय रामशरण महत र प्रकाशचन्द्र लोहनी, नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणा र प्रस्तोता विश्व पौडेल ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/ कान्तिपुर

आर्थिक बहसको खाँचो

संस्थागत पूर्वाधारबिना न लोकतन्त्र खँदिलो हुन्छ, न विकास समावेशी र न्यायोचित नै



प्रा. पीताम्बर शर्मा
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

नेपालमा खास गरेर आर्थिक विकास र नीतिहरूबारे सार्वजनिक फोरमहरूमा बहस, संवाद गर्ने र विषयको गम्भीरतालाई जनसाधारणमा सम्प्रेषण गर्ने स्थापित परम्परा छैन । भारतका विश्वविद्यालयको नक्कल गरेर विकसित हाम्रो प्राज्ञिक परम्परामा बेलामौकामा हुने गोष्ठी कर्मकाण्ड जस्तै छन् । दीर्घकालीन महत्त्वका वा समसामयिक विकासका विषयहरूमा विश्लेषण गर्ने प्राज्ञिक अनुसन्धानको खडेरी नै छ । व्यावसायिक संघसंस्थाका गोष्ठी र सम्मेलन आफ्ना मागहरूको सार्थकता वा सरकारी नीतिप्रति आफ्नो धारणा व्यक्त गर्ने फोरमभन्दा बढी हुने गर्दैनन् । विचार मन्थन गर्ने भनिएका सरकारी निकायहरूको निरीहता तथ्यको विश्लेषणमा आधारित नीति निर्माणभन्दा खास आग्रहद्वारा प्रेरित नीति र कार्यक्रमको पृष्ठपोषणमा झल्कन्छ ।

बहस र संवाद लोकतन्त्रको सबैभन्दा राम्रो पक्ष मानिन्छ । यसले सुन्ने-सुनाउने, बुझ्ने-बुझाउने, परिमार्जन गर्ने-गराउने एउटा खण्ड बनाउँछ । जब बहस, संवाद र प्रतिस्पर्धा कुण्ठित हुन्छ, तब तथ्य र प्रमाणलाई 'वैकल्पिक कथ्य' ले विस्थापित गर्छ । लोकतन्त्रका लागि यो सबैभन्दा घातक स्थिति बन्छ ।

पञ्चायतकालको राजाको निरपेक्ष शासनमा बहसलाई कुनै स्थान थिएन । पञ्चायतको अन्त्यकालताका सन् १९८५ मा बृहत् आर्थिक सन्तुलन कायम गर्ने नाममा संरचनात्मक समायोजन कार्यक्रम लागू गरियो । उद्योग, व्यापार, विदेशी विनिमय र मौद्रिक नीतिलाई उदार बनाइयो र आयात प्रतिस्थापनका लागि संरक्षण गरिएका उद्योगलाई बाह्य प्रतिस्पर्धाका लागि छाडियो । पञ्चायतको अवसानपछिको प्रजातान्त्रिक सरकारले दोस्रो चरणमा उदारीकरण, निजीकरण र भूमण्डलीकरण सँगसँगै लैजान कानुनी संरक्षण प्रदान गऱ्यो । सन् २००३ मा गरिबी निवारण र वृद्धि सुविधाका नाममा यो कार्यक्रमलाई अझै व्यापक र विस्तारित बनाइयो ।

संरचनात्मक समायोजनबाट यातायात, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको विकासमा निजी क्षेत्रको भूमिका बढ्यो र झाँगियो । कतिपय सार्वजनिक उद्योगहरू निजीकरण गरिए तर उद्योगमा दिगो अपेक्षित विकास हुन सकेन । दिगो आधार नभएका भुइँफुट्टा (फुटलुज) उद्योगको विकास भयो । विकासका निम्ति अपरिहार्य सार्वजनिक शिक्षा र स्वास्थ्य सेवा निकायमा संख्यात्मक वृद्धि हुँदाहुँदै पनि अपेक्षित गुणात्मक परिवर्तन आएन । **बाँकी पृष्ठ १३**

बिरामी ठग्दै 'अन्तिम विकल्प'

■ **बिनु सुवेदी** (काठमाडौं)

५० वर्षीय केसाङ (परिवर्तित नाम) भरतपुर क्यान्सर अस्पताल चितवनमा एक साता बसेर गत आइतबार ललितपुर गोदावरीको घर फर्किए । अन्तिम चरणमा पुगेको आन्द्राको क्यान्सर शल्यक्रिया गरे पनि निको नहुने भएपछि अब उनीसँग उनकै शब्दमा 'मृत्यु पर्खिनु' को विकल्प छैन ।

रोग पत्ता लाग्नेबित्तिकै उपचार गराउन अस्पताल पुगेको भए उनी छिट्टै निको हुन्थे तर उनी 'बिना अपरेसन क्यान्सर निको पार्छौं' भन्ने प्रचारको पछि लागे । शरीर डामाडोल भयो ।

करिब १७ महिनाअघि केसाङले आफ्नो आन्द्रामा क्यान्सर भएको पत्ता पाएका हुन् । डाक्टरले तुरुन्तै उपचार गरे रोग छिट्टै निको हुने पनि भनेका थिए । तर उनलाई शल्यक्रियासँग डर लाग्यो । उनले शरीर चिर्दै नचिरी सन्चो हुने उपचार पद्धतिबारे सुनेका थिए । सुरुमा त उनले बिमारबारे परिवारका सदस्यलाई पनि भनेनन् । गल्दै गएर करिब सात महिनाअघि उनले परिवारलाई बताउँदा उनको क्यान्सर स्टेज २ मा थियो ।



क्यान्सरका बिरामीले पैसा मात्र सिध्याएका छैनन्, बिमारलाई पनि अन्तिम चरणमै पुऱ्याइरहेका छन्

उनका छोरा सोनम (परिवर्तित नाम) भन्छन्, 'बुबाले शल्यक्रियाभन्दा सजिलो केही उपाय छ भने बुझौं न भनेपछि हामीले इन्टरनेटमा खोज्यौं ।' शल्यक्रिया नै नगरी रोग निको पार्छौं भन्दै प्रचार गरिरहेको ललितपुरको ढोलाहिटीस्थित 'अन्तिम विकल्प' मा सोनम बुबालाई लिएर गए । उनले अन्तिम विकल्पका सञ्चालक सुवास सुब्बालाई भेटेर बिमार र त्यसको उपचारबारे परामर्श गरे । सुब्बाले अन्तिम विकल्पलाई अस्पताल दाबी गर्दै गरेको प्रचार फेसबुक र युट्युबमा छयापछ्याप्ती छ । त्यहाँ उपचार गराएर निको भएका भनिएका 'बिरामी'हरूलाई सुब्बा आफैंले भेटाइदिए । सबैको कुरा र दाबी सुनिसकेपछि सोनमलाई लाग्यो, 'शल्यक्रिया नै नगरी दसै महिनामा उपचार हुने यो त गज्जबको ठाउँ रहेछ ।'

उनीहरूले त्यही उपचार सुरु गरे । सुब्बाले क्यान्सर निको पार्ने भन्दै आफ्नै क्लिनिकमा उत्पादन गरेको चमत्कार नामक औषधि चालु गराए । महिनाको ४५ हजार तिरेर किनेको त्यो औषधि केसाङले लगातार चार महिनासम्म खाए । **बाँकी पृष्ठ १४**

चुरेमा रोकिएन अवैध उत्खनन

रौतहट (कास)- विकास निर्माणको लागि भन्दै चुरेबाट ढुंगा ओसार्ने क्रम बढेको छ । चुरे क्षेत्रमा उत्खनन गर्न निषेध गरिए पनि नदीजन्य सामग्री निकासी कम हुन नसकेको हो । हालै मात्र डिभिजन वन कार्यालय रौतहटले निषेधित चुरे क्षेत्रबाट ढुंगा ल्याउँदै गरेका ७ वटा ट्रयाक्टरलाई नियन्त्रणमा लिएको छ । कार्यालयका अनुसार धन्सार नाकाको चुरे क्षेत्रबाट सशस्त्र वन रक्षक टोलीले सोमबार ती ट्रयाक्टर नियन्त्रणमा लिएको हो ।

बारा र रौतहटको सीमा क्षेत्रको चुरेबाट ढुंगा ओसार्दै गरेको भेटिएको डिभिजन वन प्रमुख विनोद सिंहले बताए । उनले यस्ता गतिविधि गर्नेविरुद्ध कडा रुपमा प्रस्तुत हुने जानकारी दिए । वन कार्यालयको धन्सार पोष्टका कर्मचारीले रकम मागेको र नदिएकाले नियन्त्रणमा लिएको ट्रयाक्टर धनीको आरोप छ । वन प्रमुख सिंहले यसबारे कर्मचारीसित पनि सोधपुछ गरिने बताए । ढुंगा ओर्सानका लागि निजगढ नगरपालिकाले ७ सय ९१ रुपैयाँको रसिद काटेर पठाएको फेला परेको छ । चुरे क्षेत्रमा कुनै पनि किसिमले नदीजन्य पदार्थको दोहन निषेध गरिएकोले नगरपालिकाले रसिद काट्न नमिल्ने डिभिजन वन कार्यालयको भनाइ छ ।

यस्तै, चन्द्रपुर नगरपालिकाले ठेक्का लगाएको भन्दै यहाँको हिलेखोला गैंडाटार लगायतको चुरे क्षेत्रबाट पनि नदीजन्य सामग्रीको चोरीनिकासी बढेको छ । यस क्षेत्रमा चन्द्रपुर नगरपालिकाले नदीजन्य वस्तुको ठेक्का लगाएको छ । यही कारण चुरे दोहन गर्नेले प्रश्रय पाएको वन कार्यालयको आरोप छ । चन्द्रपुरले चालू आर्थिक वर्षका लागि चादि नदीको उत्तरी चुरे क्षेत्र नजिकबाट नदीजन्य वस्तु उत्खननको ठेक्का दिएको छ । त्यहाँ पुगेका ट्रयाक्टरले निषेधित क्षेत्रको नदीजन्य सामग्री पनि उत्खनन गरी ल्याउने गरेका छन् । डिभिजन वन प्रमुख सिंहले अवैध उत्खनन रोक्न कारवाही थालिने बताए ।

‘पर्यटन प्रवर्द्धनमा केन्द्रको असहयोग’

नेपाल भ्रमण वर्षको सन्दर्भमा केन्द्रले गठन गरेको प्रादेशिक समिति प्रभावकारी नभएको गुनासो

भिजिट मधेस नेपालले बिहीबार वीरगन्जमा आयोजना गरेको तराई मधेसमा पर्यटन प्रवर्द्धनसम्बन्धी अन्तर्क्रियामा सहभागी । *तस्विर : शंकर/ कान्तिपुर*

■ **शंकर आचार्य** (पर्सा)

प्रदेश २ का पर्यटन राज्यमन्त्री सुरेश मण्डलले प्रदेशको पर्यटन प्रवर्द्धनमा केन्द्र सरकार गम्भीर नभएको आरोप लगाएका छन् । भिजिट मधेस नेपालले बिहीबार वीरगन्जमा आयोजना गरेको तराई-मधेसमा पर्यटन प्रवर्द्धन अन्तर्क्रिया र भिजिट मधेस २०२० कार्यक्रममा राज्यमन्त्री मण्डलले यस्तो आरोप लगाएका हुन् ।

उनले नेपाल भ्रमण वर्ष २०२० को सन्दर्भमा संघ सरकारले गठन गरेको प्रादेशिक समिति प्रभावकारी नभएको पनि गुनासो गरे । ‘यस्तो महत्वपूर्ण समिति गठन गर्दा कम्तीमा प्रदेश सरकारसँग छलफल गरेर मधेसको पर्यटन बुझेका मानिसहरूलाई जिम्मेवारी दिइनु पर्थ्यो,’ उनले भने, ‘केन्द्र सरकारले अधिकार मिचेर उक्त समिति गठन गरेको छ, समिति प्रभावकारी भएन ।’ मधेशको पर्यटन बुझेकाहरूलाई समितिमा राखिनुपर्ने उनको भनाइ छ ।

भारतीय पर्यटकसम्बन्धी केन्द्र सरकारको नीति पनि मधेसविरोधी रहेको उनको आरोप थियो । मुलुकको कुल पर्यटकमा ४० प्रतिशत भारतीय हुने गरेकोमा भ्रमण वर्षमा उनीहरूलाई निर्बाध आवागमनको सुविधा दिइनु पर्ने उनको तर्क छ । तर, भारतीयहरूको गाडी ल्याउने पटके सीमाले मुलुककै पर्यटन क्षेत्रलाई ठूलो घाटा हुने पनि उनले दाबी गरे । केन्द्र सरकारले प्रदेश सरकारसँग समन्वय नगरी यस्ता नीतिनियम बनाउँदा भ्रमण वर्षको वातावरण बन्न नसक्ने उनको धारणा थियो ।

प्रदेश २ मा धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेको औंल्याउँदै उनले नेपाल, भारत, श्रीलंका र बंगलादेश जोडेर रामायण सर्किट निर्माण हुन सके मुलुककै पर्यटन प्रवर्द्धनमा कोशेढुंगा साबित हुने बताए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुरमा आएपछि भारतीय पर्यटकको आगमन उल्लेख्य रुपमा बढेको बताउँदै उनले भने, ‘पर्यटन मार्केटिङको काम पनि हो ।’ प्रदेश सरकारको समृद्धिको ३ खम्बामा कृषि, उद्योग र पर्यटन रहेको बताउँदै राज्यमन्त्री मण्डलले पर्यटनलाई उद्योग व्यवसायको रुपमा प्रवर्द्धन गरे मात्र समृद्धि सम्भव रहेको धारणा राखे । उनले प्रदेशमा केवल पर्यटक आएर मात्र नहुने बताउँदै पर्यटकलाई केही दिन प्रदेशमा बस्न सक्ने वातावरण निर्माण हुनुपर्नेमा जोड दिए । ‘तराई-मधेसमा पनि पर्यटक आऊन् भन्ने हाम्रो चाहना र प्रयास हो,’ उनले भने, ‘यहाँ कम्तीमा २ देखि ५ दिनसम्म पर्यटक बस्ने वातावरण बन्नु पर्छ ।’

वीरगन्ज महानगरपालिकाका मेयर विजयकुमार सरावगीले महानगरको रामवन क्षेत्रमा प्राकृतिक चिडियाखानाको अवधारणा अघि सारेको बताए । उनले महानगरमा कृषि पर्यटनका लागि २ वर्षदेखि प्रयास गरे पनि केन्द्र सरकारको उदासीनताले सम्भव नभएको आरोप लगाए । भारतीय पर्यटक भित्र्याउन तीनवटै सरकारको भूमिका हुने तर कसैको पनि यसतर्फ ध्यान र प्रयास नरहेको उनले गुनासो गरे ।

होटल तथा पर्यटन व्यवसायी संघ पर्साका अध्यक्ष हरि पन्तले प्रदेशमै पर्यटकको आगमन न्यून हुनु चिन्ताको विषय रहेको बताए । देशमा आउने कुल पर्यटकमध्ये प्रदेशमा शून्य दशमलव २ प्रतिशत मात्र आउने गरेकाले पर्यटकको आगमन बढाउन सम्पूर्ण सरोकारवालाहरू गम्भीर ढंगले लाग्नुपर्नेमा उनले जोड दिए ।

पोखरिया नगरपालिकाकी उपमेयर सलमा खातुनले प्रदेशमा पर्यटन प्रवर्द्धनका लागि यहाँका दल र स्थानीय सरकारहरू गम्भीर नभएको आरोप लगाइन् । ‘संघ र प्रदेश सरकारको जे जस्तो नीति भए पनि त्यसको कार्यान्वयन स्थानीय सरकारबाट हुने भएकाले पर्यटन प्रवर्द्धनका लागि स्थानीय सरकार आफै जाग्नुको विकल्प छैन,’ उनले भनिन् ।

वीरगन्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष सुबोधकुमार गुप्ताले प्रदेशमा पर्यटन क्षेत्रमा प्रचुर सम्भावना रहे पनि यस क्षेत्रमा प्रयास नै नभएको गुनासो गरे । उनले यहाँको पर्सा राष्ट्रिय निकुन्जको प्रवर्द्धन गर्न प्रदेश नै चुकेको आरोप लगाए । प्रदेशको पर्यटन प्रवर्द्धनका लागि होटल व्यवसायीदेखि प्रदेश र संघ सरकारले पनि आकर्षक प्याकेजको घोषणा गर्नुपर्ने उनको सुझाव छ । उनले पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्र पछि नपर्ने तर लगानी उठ्ने वातावरण निर्माण गर्नु प्रदेश तथा संघ सरकारको जिम्मेवारी रहेको बताए । यसका लागि सबैबीच सहकार्य आवश्यक भएको उनको भनाइ छ ।

विद्यालयमा तालाबन्दी

■ **भरत जर्घामगर** (सिरहा)

विद्यालयको आयव्यय सार्वजनिक गर्न माग गर्दै सिरहाको लक्ष्मीपुरपतारी-५ स्थित आधारभूत विद्यालय पत्थरगाडामा व्यवस्थापन समितिका अध्यक्षले तालाबन्दी गरेका छन् । दुई आर्थिक वर्षको हिसाबकिताब माग गरे पनि प्रधानाध्यापक राजदेव यादवले अटेर गरेको आरोप छ । प्रशासन कक्षमा पुस १३ गतेदेखि तालाबन्दी गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विजय कुमार यादवले जानकारी दिए । उनका अनुसार पठनपाठनमा अवरोध पुऱ्याइएको छैन ।

२०४२ सालमा स्थापित विद्यालयमा कक्षा ५ सम्म पढाइ हुन्छ । १ सय ७२ बालबालिका अध्ययनरत विद्यालयमा दरबन्दी प्रधानाध्यापक यादव, राहत कोटामा मञ्जुकुमारी यादव, बालविकासतर्फ लक्ष्मी बस्नेत यादव, मेथुनदेवी यादव र कार्यालय सहयोगी रामपूत साह कार्यरत छन् । विद्यालयमा अधिकांश दलित बालबालिका अध्ययनरत छन् ।

व्यवस्थापन समितिका अध्यक्ष यादवले जिल्ला शिक्षा कार्यालयको १६ लाख अनुदान र जनश्रमदान १ लाख १६ हजार ७८ पैसा गरी कुल १७ लाख ९९ हजार १ सय ५३ रुपैयाँ लागतमा निर्मित दुई कोठे स्कुल भवनको हरहिसाबसहित विद्यालय आयव्यय सार्वजनिक गर्न माग गरेको बताए । तर, आलटाल गरेपछि विद्यालय प्रशासनमा तालाबन्दी गर्न बाध्य भएको उनको भनाइ छ । २०७४ पुस १५ मा निर्माण सम्पन्न भएको भवनको एक वर्ष नपुग्दै कमसल कामकै कारण ढलान फुटेको उनले बताए ।

विद्यालयमा डेस्क बेन्चसमेत नहुँदा बालबालिका चिसो भुइँमा बसेर पढ्न बाध्य छन् । प्रधानाध्यापक यादव नियमित विद्यालयमा उपस्थित नहुने र उपस्थित भए पनि कक्षामा नपढाउने गरेको, विद्यार्थीलाई खाजामा जंक फुड खुवाएर टार्ने गरेको आरोप अध्यक्ष यादवको छ । ‘बालबालिकाको भविष्यमाथि खेलवाड गर्न पाईदैन,’ उनले भने, ‘विद्यालयको रकम समेत हिनामिना

प्रधानाध्यापकले दुई आर्थिक वर्षको आयव्यय सार्वजनिक गर्न नमानेको आरोप

गरेको पाइएको छ ।’ प्रधानाध्यापक यादवले विद्यालय व्यवस्थापन समितिका अध्यक्षले आयव्यय सार्वजनिक गर्न अवरोध गरेको आरोप लगाए । दुई वर्षदेखि सामाजिक लेखाजोखा हुन नसकेको उनले बताए । ‘विद्यालयको आयव्यय माघभरिमा सार्वजनिक गर्छु,’ उनले भने, ‘विद्यालयमा २० वटा डेस्क बेन्च छन्, अरु २० वटा बनाउन दिएको छु ।’ १२ दिनदेखि विद्यालयमा तालबन्दी भएपछि लक्ष्मीपुरपतारी गाउँपालिकाले छलफलका लागि दुवै पक्षलाई बोलाएको छ ।

शिविरमा ३४ हजार लाभान्वित

बर्दिवास (कास)- नेपाली सेनाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको सहकार्यमा प्रदेश २ को महोत्तरीमा १० दिने बृहत् निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

शिविरबाट ३४ हजार १ सय ७२ जना लाभान्वित भएको जंगी अड्डाले जनाएको छ । स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका सिरहा, सिन्धुली, महोत्तरी, सर्लाही र धनुषाका बासिन्दा लक्षित शिविर मंसिर २७ देखि पुस ६ गतेसम्म चलेको थियो । शिविरका लागि स्वास्थ्य मन्त्रालयले ७० लाख रूपैयाँ सहयोग गरेको थियो ।

सेनाका अनुसार शल्य चिकित्सासहितको शिविरमा ३ सय २ ९ जनाको शल्यक्रिया गरिएको छ । शिविरका लागि महोत्तरीको सोनमा गाउँपालिका-३ स्थित खकना माविमा मुख्य क्याम्प र सदरमुकामस्थित जलेश्वर अस्पतालमा सर्जिकल क्याम्प स्थापना गरिएको थियो ।

राजमार्ग आसपासका घरटहरा हटाइँदै

सिरहा (कास)- जिल्ला प्रशासन कार्यालय सिरहाले स्थानीय तहको समन्वयमा राजमार्ग अतिक्रमण गरी बनाएका घरटहरा हटाउन सुरु गरेको छ । प्रशासनले पूर्वपश्चिम राजमार्गअन्तर्गत सिरहाको बन्दीपुरदेखि लहान नगरक्षेत्रसम्म ४२ किलोमिटर दूरीमा अतिक्रमण गरी बनाएका घरटहरा मंगलबारदेखि हटाउन सुरु गरेको हो ।

जिप्रकाले लहान, गोलबजार, मिर्चैया र कर्जन्हा नगरपालिकासँग समन्वय गरेको छ । ती स्थानीय तहले यसअघि राजमार्गको दुवैतर्फ ८२ फिटभित्र बनाइएका घरटहरा, व्यापारिक भवन र अन्य वस्तुहरू भए हटाउन १५ दिनको सूचना जारी गरेको थियो । घरटहरा नहटाएपछि प्रशासनले डोजर लगाएर हटाउन सुरु गरेको हो । राजमार्ग छेउमै बजार लाग्ने गरेको, अतिक्रमण गरी ठेला पसल, फलफूल पसल सञ्चालन हुने गरेको र सडकमै सवारी पार्किङ गर्न थालेपछि सवारी दुर्घटना समेत बढ्न थालेको प्रशासनको भनाइ छ । दुर्घटना न्यूनीकरण गर्न यो अभियान थालिएको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जानकारी दिए ।

सडकमै सवारी पार्किङ गर्नेलाई समेत कारबाहीको दायरामा ल्याइने उनले जानकारी दिए । पालिकाहरूले राजमार्ग क्षेत्रमा छाडिएका छाडा चौपाया नियन्त्रणमा लिन सुरु गरेका छन् ।

राजमार्ग अतिक्रमण गरी बनाएका घरटहरा हटाउन गोलबजार क्षेत्रमा नापजाँच गर्दै गोलबजार नगरपालिकाका कर्मचारी । *तस्विर : भरत/कान्तिपुर*

हाटबजारलाई समेत व्यवस्थित गरिएको छ । नगरपालिकाले नगर क्षेत्रभित्र जथाभावी थुपारिएका गिट्टीबालुवा लगायत निर्माण सामग्री समेत हटाउन थालिएको छ । अतिक्रमित घरटहरा हटाउन सात दिन लाग्ने स्थानीय तहले जानकारी दिएका छन् ।

MAW BUILDING TRUST THROUGH SERVICE SINCE 1964

रोजगारीको लागि सीप
सीप पछि रोजगारी
त्यसको लागि पूर्व तयारी

सीपले व्यक्तिलाई सफलताको बाटोमा लैजान्छ त्यसैले सहूलियत शूल्कमा सीप मुलक हेभि इक्विपमेन्ट अपरेटर तथा मेकानिक्स प्रशिक्षण प्राप्त गरी सबल र सक्षम बनौं ।

आकर्षणहरू :
•अन्तराष्ट्रिय मान्यता प्राप्त संस्था JCB बाट प्रमाणीकरण हुने ।
•तालिममा सिम्युलेटर (Simulator) को प्रयोग गरी सिकाईने ।

प्रशिक्षणहरू
ब्याकहो लोडर-३० दिन
एस्काभेटर-३० दिन
हेभी इक्वीपमेन्ट मेकानिक्स -१२० दिन

महिला तथा सीमांकृत समूहलाई विशेष ग्राहयता

JCB EXPECT MORE

MAW academy for SKILLS DEVELOPMENT

विस्तृत जानकारीको लागि: JCB अपरेटर प्रशिक्षण केन्द्र, पिडारी चोक, जनकपुर
एम.ए.डब्लु. अर्थ मुभर्स प्रा. लि.
फोन नं. : ९८०१९०२९३९
ईमेल : mahendra.roy@mawnepal.com
वेभ : www.mawjcb.com.np

सहकार्य : प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं. २ | सीप | UKaid from the British people

ENJOY DOLBY ATMOS SOUND | BIG Movies
NOW SHOWING
GOOD NEWWZ | DABANGG 3
GOOD NEEWZ : 8:45 AM, 11:15 AM, 12:15 PM, 2:00 PM, 2:45 PM, 5:00 PM, 6:00 PM, 7:45 PM, 8:45 PM
DABANGG 3 : 9:15 AM, 11:45 AM, 3:00 PM, 5:30 PM, 8:30 PM
4011643/45, 01-2112233 | NLIC City Centre Kamalpokhari, Kathmandu | www.bigmovies.com.np | facebook/bigmoviesnepal | Wednesday & Thursdays | At Rs. 185 * Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info: Kathmandu: 01-4442220 Narayanghat: 056-522079 Nepalgunj: 081-411330 Pokhara: 061-522630/47 Birtamode: 023-543083 Butwal: 071-541506 Biratnagar: 021-522644 qfxcinemas.com
CATS | SPIES IN DISGUISE | STAR WARS | JUMANJI | DABANGG

गोरी तेरे प्यार में
Showing Time 8:20, 11:20, 2:20, 5:20
● Good Newwz ● Dabangg 3 ● Commando 3 ● प्रेम सन्सार ● सुर्य किरण ● माया परिम ● माछा माछा

GUNA GROUP गुण सिनेमा हल प्रा. लि.
● Good Newwz ● Surya Kiran ● Chha maya Chhapakkai ● Poi Paryo Kale ● Kabaddi3 ● Dabang3 ● Prem Sangsar

तपाईंको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनश्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
कर्कट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारीक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल पौष २६ गते शनिबार तदनुरुप ११ जनवरी २०२० माघ कृष्णपक्ष प्रतिपदा रात्रिको ११:५७ बजेसम्म उप्रान्त द्वितीया तिथि, पूर्नर्वसु नक्षत्र दिनको २:४७ बजेसम्म उप्रान्त तिष्य नक्षत्र, वैधृति योग दिनको ३:३३ बजेसम्म उप्रान्त विष्कुम्भ योग, बालब करण दिनको १२:३२ बजेसम्म उप्रान्त कौलब करण, मिथुन राशिमा चन्द्रमा प्रात: ८:५७ बजेसम्म उप्रान्त कर्कट राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हवाट द फ्लप (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	हियर्ज दु लाइफ (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	सुमनसँग (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	फायरसाइड (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	मनी टक्स (रिपिट)
३:००	हवाट द फ्लप (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	सुमनसँग (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	यू एण्ड आई
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हर्के हल्दार
१०:००	यू एण्ड आई (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोटेड
१:००	कान्तिपुर न्युज रिपोटेड
१:३०	यू एण्ड आई (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ५)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपोटेड
४:००	हर्के हल्दार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	दिव्य दृष्टि (दिवाकर पन्त)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०८:००	डेमलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (धलिसा)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	शैली (भूपेन्द्र)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फेमिना (दिपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	फेमिना (दिपाञ्जली)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप अफ द टप्स (साञ्जरिका)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (महेश)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (महेश)
१५:००	कान्तिपुर डायरी
१५:१५	सौगाई (कृष्ण मल्ल)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	द राहुल भुजेल सो
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	फेनाटिक फ्राइडे (महेश/स्मिता)
१८:००	आधा आकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	नो टेन्सन (दीपकराज/अनिबका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	प्लेट्रोनिक्स (सञ्जय गुप्ता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेली
२२:००	ओल्डी ओल्डी (स्मीता)
२३:००	इलिमेन्थ आवर (संजय)
२४:००	टप अफ द टप्स - रिपिट (संजय)
०१:००	कालजयी गीत-संगीत (भूपेन्द्र)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

धनुषा

प्रहरी	०४१५२०४१००
एम्बुलेन्स रेडक्रस	१०२
बारुण चन्त्र	५२००११
जनकपुर अञ्चल अस्पताल	५२४२३८
एम्बुलेन्स मलाबीर चुवा कमिटी	५२५२८०
एम्बुलेन्स मारवाडी सेवा समिति	५२१४८४
रक्त सञ्चार रेडक्रस	५२०८७०
धनुषा अस्पताल	५२५८००
केयर मेडिकल सेन्टर	५२०२३०
जानकी आँखा अस्पताल	५२०३९७
जानकी हेल्थ केयर सेन्टर	५२५३४१
अञ्चल प्रहरी कार्यालय	५२०३४५
एयरपोर्ट	५२००४४
बुद्ध एयर	५२५०२२
यति एयरलाइन्स	५२४४६०
जानकी मन्दिर	५२०१७६
राष्ट्रिय मानव अधिकार आयोग	०४१-५२७८१२/५२७८१९

महोत्तरी

जिल्ला अस्पताल	५२००७०
वारुण चन्त्र	५२००१७
प्रहरी	५२०१२२
प्रहरी	५२००००, ५२००१०
रेडक्रस एम्बुलेन्स	५२०१००, ५२०१००
बन्दना हस्पिटल प्रा.लि. गौशाला	९८५४०२५५२७/९८५४०२३५२७
विद्युत फ्युज शाखा	५२००६६
जलेश्वर अस्पताल	५२००७०
ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स	९८४४२७१७७७
क्षिननसेवा ग्राण	५२०६१२
ई.प्र.का. बर्दिबास	५५५००६
जिल्ला प्रहरी कार्यालय	५२०१२२
प्रहरी कन्ट्रोल	५२००००, ५२००१०
जिल्ला अस्पताल	५२००७०
ईलाका प्रहरी कार्यालय जौशाला	५५१००/६१२०७२

काठमाडौंका महत्वपूर्ण टेलिफोन

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०६२१
तिलगंगा आँखा अस्पताल	४४२३६८४
वीर अस्पताल	४२२१९८८
त्रिभि शिक्षण अस्पताल	४४१२७०७
प्रसुति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६०६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
नेपाल मेडिसिटी अस्पताल	९७३४, ४२१७०६६६, ४२१७०५५
मेडीकेयर नेशनल अस्पताल	४४६०८४७
मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स)	४४६०८४७
फ्रेन्डस आफ शान्ता भवन	४४७०१८१
नेपाल आर्थोपेडिक अस्पताल	४४२३७२५
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७१६०३
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११२५७/८५८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४९८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४६५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५४४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७४

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्मर निःशुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२४८०८६
नेपाल मिटर दबाबरी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५६-२२२२ (Ncell)

रत्न मन्दिर र हिमागृह छिट्टै नखुल्ने

पोखरा (कास)- उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलले नेपाल ट्रस्ट मातहत रहेको पोखराको रत्न मन्दिर र हिमागृह सर्वसाधारणका लागि छिट्टै नखुल्ने संकेत गरेका छन् । ट्रस्टका अध्यक्षसमेत रहेका उनले बिहीबार पोखरामा पर्यटन व्यवसायीसँगको भेटमा अहिले नै मिति यकिन नहुने बताए ।

यी दुई संरचना खुला गरी पर्यटकीय गन्तव्यमा परिणत गर्न पोखरा पर्यटन परिषद्ले उनलाई ज्ञापनपत्र बुझाएको हो । पोखरेलले ट्रस्टले ती दुई स्थल व्यापारिक प्रयोजनका लागि दिएको भन्ने समाचारमा सत्य नभएको उल्लेख गरे । 'रत्न मन्दिर र हिमागृह विद्यमान कानुनलाई ख्याल गरेर यहींको प्रदेश र स्थानीय सरकारसँग परामर्श गरी के गर्दा अधिकतम उपयोग हुन्छ, त्यसरी नै गरिन्छ,' उनले भने, 'ठ्याक्कै तिथिमिति कहिलेदेखि भन्न सक्दिनँ ।' उनले प्रदेश र स्थानीय तहलाई पन्छाएर कुनै पनि कुरा नहुने जनाए । 'जे गर्छौं कानुनसम्मत गर्छौं,' उनले भने, 'कानुनलाई तोडेर अपारदर्शी ढंगले हुँदैन ।'

परिषद्का अध्यक्ष चिरञ्जीवी पोखरेलले रत्न मन्दिर र हिमागृह खुला गर्दा पर्यटकको बसाइ लम्ब्याउन सकिने बताए । 'गणतन्त्र स्थापनासँगै नारायणहिटी राजदरबार संग्रहालयमा रुपान्तरण हुँदै सर्वसाधारणको पहुँचमा पुगेको यत्ति वर्ष भयो,' उपप्रधानमन्त्रीसँग उनले भने, 'पोखरामा पनि यथाशक्य छिटो खुला गर्नुपर्छ ।'

परिषद्ले फेवाताल संरक्षण, एक्यापमा बहुप्रवेश अनुमति, विभिन्न अन्तर्राष्ट्रिय सहरसँग पोखराको सिधा हवाइ उड्डयन सम्झौता, पोखरा-भीमाद-चितवन-लुम्बिनी द्रुतमार्ग, अन्तर्राष्ट्रिय विमानस्थलदेखि फेवातालसम्म एक्सप्रेस वे, भिसा शुल्कमा सहुलियत, पर्वतारोहण शुल्क मिनाहा, पर्यटक बस टर्मिनल, विशेष पर्यटकीय क्षेत्र सम्बन्धमा उपप्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाएको थियो ।

सुस्त मनस्थितिकी महिला बलात्कृत

बुटवल (कास)- बोल्न र सुन्न नसक्ने ५० वर्षीया महिला सामूहिक बलात्कारमा परेकी छन् । शुद्धोधन गाउँपालिका-१ चंखीपुरका रामनाथ मल्लाह र कुलबहादुर पौडेलले बलात्कार गरेको परिवारको आरोप छ ।

परिवारले दुर्वैविरुद्ध इलाका प्रहरी कार्यालय बुटललमा किटानी जाहेरी दिएको छ । 'चिनजानकै व्यक्तिबाट सुस्त मनस्थितिकी आमा बलात्कारमा पर्नुभएको छ,' आफन्त रामु क्षत्रीले भने, 'नामै किटान गरेर उजुरी दिँदा पनि प्रहरीले खोजतलासमा बेवास्ता गरेको छ ।'

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार पुस २० गते साँझ ती महिला छिमेकीको घर गएकी थिइन् । फर्कंदा बाटोमा रक्सीले मात्तिएका उनीहरूले महिलालाई लतारेर खेतमा लगी बलात्कार गरेका थिए । रगताम्य अवस्थामा भेटिएकी उनलाई सुरुमा परिवारले प्राथमिक उपचार गरेको थियो । सामान्य अवस्थामा आएपछि उनीहरूले घटनाबारे स्थानीयलाई बताएका हुन् । स्थानीयले महिलाको इसाराका आधारमा बलात्कारमा संलग्नको पहिचान गरेका थिए । त्यसैका आधारमा पुस २२ गते छोराले उनीहरूविरुद्ध इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिएका थिए ।

घटना प्रहरीमा पुगेको थाहा पाएपछि आरोपित पौडेल र मल्लाह फरार छन् । डीएसपी भीमलाल भट्टराईले बलात्कारमा संलग्नको खोजी भइरहेको बताए । 'अपांगता भएकी महिलामाथि जघन्य अपराध भएको छ,' उनले भने, 'घटना पहिल्यै सार्वजनिक हुनु र ढिलो गरी उजुरी आउनुले आरोपित भागेका हुन् ।'

कोइलाबास सम्झँदै 'हटारु'

'पहिले गाउँबाट पैसा जम्मा गरेर सामान किन्न बजार पुग्नुपर्थ्यो । अहिले पैसा लिएर मानिस हामीलाई खोज्दै सामान लिएर गाउँमा आइपुग्छन्'

रोल्पाबाट नुन लिन दाङ र भारतको सीमामा पर्ने कोइलाबास पुगेको याद गर्दै पूर्वी रोल्पाको जेलबाङका हटारु । तस्बिर : काशीराम/कान्तिपुर

■ **काशीराम डाँगी** (रोल्पा)

कोइलाबास कुनै बेला दाङ, रोल्पा, प्यूठान, रुकुम, सल्यानलगायत जिल्लाको नुन किन्ने एकमात्र बजार थियो । रोल्पाबाट २२ दिनदेखि एक महिनासम्म एकतर्फी हिँडेर हटारु (भारी बोकेर नुन ल्याउने समूह) बनेर नुन किन्न जान्थे । पश्चिमी रोल्पाको घर्तीगाउँको झिनुवाबाट कोइलाबास पुग्न २८ दिन लाग्थ्यो । १० पटक नुन लिन हटारु बनेर कोइलाबास पुगेका झिनुवाका ६८ वर्षीय हीरालाल वलीले १ सय २० जना एकैसाथ पुगेको सम्झिए । 'ठूलै जत्थामा हिँड्दा निकै रमाइलो हुन्थ्यो । घरैबाट खाना बोकेर नुन लिन जाँदाको रमाइलो क्षण अब सुन्नेलाई किंवदन्ती जस्तो बनेको छ,' उनले भने, 'झिनुवाबाट कोइलाबास पुग्न आठवटा भन्दा बढी त खोल्सा र डाँडामा बास बस्नुपर्थ्यो ।'

घरबाट निस्केपछि हटारुको जत्था हान्जाबाङ, त्रिवेणी, दहवन, तोसपेदा, भैंसे गोगली, मसौट खोला, गढवा, अम्बास र चोरखोलीमा बास बसेपछि मात्र अर्को दिन कोइलाबास पुग्थ्यो । कोइलाबासमा नुन, कपडा र भेली किन्न आठ दिन लाग्थ्यो । पहिलो दिन त उछिट्टेलाई नचाउन लाग्थ्यो । कोइलाबास पहिलोपटक जानेलाई उतिबेला 'उछिट्टे' भन्ने चलन थियो र उसलाई गुड (भेली मिठाई) का डल्लाले हानेर स्वागत गर्ने चलन थियो । यो चलन कोइलाबासका पसलेले नै सुरु गरेका थिए । नुन लिने टोलीका प्रमुखले ती 'उछिट्टे' लाई बेस्सरी नचाउँथे पनि ।

त्यसपछि मालुका पात टिप्न, नुनलाई पोकामा राखेर भारी बनाउन एक साता लाग्थ्यो । 'घरबाट लगेको जिनिस बेचेपछि मात्रै के किन्ने भन्ने निर्णय हुन्थ्यो,' उनले भने, 'आधा महिना हिँडेर घरबाट बजार पुग्दा निकै आनन्द हुन्थ्यो ।' कोइलाबास पुगेर पात टिप्ने, बाबियो खोज्ने र डोरी बनाउने काम अगुवाले गर्थे भने अन्यले सघाउने चलन थियो । घरबाट निस्केपछि कोइलाबास पुग्नुअघिको बाटो आसपासका गाउँमा खर्च (बाटोमा खाने अन्न) राख्दै झर्ने र फर्कंदा लिने चलन थियो । जुन घरमा खर्च राखिएको हुन्थ्यो, त्यही घरमा मिठाई (भेली) बाँड्ने गरेको वलीको सम्झना छ । हटारुले तलतिर झर्दा बास बस्ने ठाउँ नजिकैका घरमा अन्नका पोका-पन्तुरा झुन्ड्याई छाड्थे ।

कोइलाबासबाट नुन लिन कम्तीमा एक दर्जन गाउँका हटारु एकैसाथ जान्थे । त्यसो गर्दा सुरक्षा, सरसहयोग र रमाइलो यात्रा महत्त्वपूर्ण मानिन्थ्यो । कोइलाबास पुगेर नुनको भारी बोकेर साथै आएका साथीहरू पर्सराम खड्का, वीरबहादुर खड्का, शशे खत्री र म्याउसे वलीलगायतसँग उनको अहिले पनि भेट भइरहन्छ । उनको टोलीमा ओत, झिनुवा, जिनाबाङ, पाखापानी, पाछाबाङ, राँकलगायत गाउँमा हटारु साथै जान्थे । उनीहरूले गाउँबाट कोइलाबास जाँदा वनका जडीबुटी, टिम्मुर, घिउ, मह, सिमी र भटमासलगायत जिनिस बेच्न लैजान्थे । पश्चिमी रोल्पाका धेरै गाउँका हटारुको हाङजाबाङ गाउँ बास बस्ने मुख्य थलोमध्येको एक थियो । हटारुलाई घरमै बास बस्न दिएकामध्येका ७५ वर्षीय झुपल डाँगीले भने, 'ती दिन रमाइला थिए । हटारु र हामीबीच गज्जबको मित्रवत् सम्बन्ध थियो ।'

जेलबाङबाट २२ दिनमा कोइलाबास

जेलबाङबाट हटारुलाई कोइलाबास पुग्न २२ दिन लाग्थ्यो । 'आउँदा र जाँदा करिब दुई महिनै लाग्थ्यो,' जेलबाङका ८० वर्षीय ढाँट परियारले सम्झिए, 'म नुन लिन कोइलाबास कम्तीमा ६/७ पटक पुगेँ ।'

अहिले नुन, तेल, लत्ताकपडा र औषधिलगायत अत्यावश्यक सामग्री घर छेउमै आइपुग्छ । सडक भए गाडीले ल्याइदिन्छ, नभए घोडा-खच्चड प्रशस्तै छन् । कोइलाबास जाँदा हिँडेको र बास बसेको बाटोको याद अझै छ हटारु ढाँटसँग । ठूलो समूहमा हिँड्दा यात्रा लामो हुने बताउँदै उनले जेलबाङबाट कोइलाबास पुग्दा बाटैभरि बास बसेको ठाउँको याद गरे । जेलबाङबाट नुन लिन कोइलाबासका लागि यात्रा थालेपछि बाटोमा हाङ्जा, छिर्ने, घोरालखोला, काँडाबास, लिवाडी आँप, राम्चे, देउराली, धौलाबाङ, घोराही, लमही र कोइलाबासलगायत ठाउँ भेटिन्थे । ती स्थानमा नुन बोक्ने हटारुहरू कैयौंपटक बास पनि बसेका छन् ।

'जहाँ रात पर्छ, त्यहीं बास बस्थ्यौं,' ढाँटले सम्झिए, 'मानिसको डर थिएन । भूतप्रेत लाग्ला भन्दै चनाखो हुन्थ्यौं ।'

जेलबाङसम्मै सडक पुगेकाले अब उनलाई नुन बोक्नैरै खानुपर्ने बाध्यता छैन । बढी किनमेल गर्न उनी मोटरमै सुलिचौर बजार झर्छन् । नुन, तेल, खाद्यान्नलगायत सामान किन्न उनका छोरानाति जान्छन् । मुलुकमा राजनीतिक परिवर्तन, विकासमा नयाँ ढाँचा, फेरिएको समय, बजारीकरण र सडकको विकासले जीवनमै व्यापक फेरबदल आएको उनको अनुभव छ । 'अब कोइलाबास जानै पर्दैन,' उनले भने, 'बाटोको विकासले उहिले कोइलाबासमा व्यापार गर्ने व्यापारीहरू अहिले रोल्पा-रुकुम-सल्यानका कुना कन्दरासम्म पुगेका छन् । सजिलो छ अहिले ।'

जेहोस्, व्यापारीलाई व्यापार व्यवसायले मन तानेजसरी जेलबाङका यी वृद्धहरूलाई गाडी देख्ने र चढ्ने रहरले मन तानेको छ । पूर्वोत्तर रोल्पाको जेलबाङ गाउँका उनीहरू अहिले सुलिचौर, लिवाङ र दाङसम्म आवतजावत गर्दा गाडी चढ्छन् । पूर्वी रोल्पाको जेलबाङ घर भएका सुनछहरी गाउँपालिकाका अध्यक्ष आसबहादुर पुनमगरले नुन, तेल र कपडा किन्न अब कोइलाबास पुग्नु नपर्ने समय आएको बताए । विगतको विकटता हटाउन विकासका योजना अघि सारिँ आएका उनले भने, 'अहिलेसम्म सडक गाउँमा पुग्नुएका छौं । अब सडकमार्फत गाउँको बहुआयामिक फाइदा हुने गरी विकासका सम्भावना वृद्धि गर्ने हो ।'

उहिले हटारु, अहिले यात्रु

बैंसमा गाडी चढ्न नपाए पनि अहिले हटारुहरू गाडी चढेर यात्रा गर्छन् । 'गाडी सफा र चिल्लो हुने रहेछ, छाम्न पाए झन् मज्जा,' पहिलोपटक गाडी देखेपछिको प्रसंग जेलबाङका ९० वर्षीय अति रोकाले सम्झिए । गाउँकी बाटीसरा विकसँग जेलबाङबाट सुलीचौर हुँदै लिवाङसम्मै गाडी चढेको अनुभव छ । हेर्न र औषधि खान उनी लिवाङ पुगेकी थिइन् । यहाँकी ८० वर्षीया गुठी रोकासँग पनि गाडी चढेर दाङ झरेको अनुभव छ । 'मेरो जेठो छोरोलाई भेट्न कपिलवस्तुको शिवपुर पनि गाडीमै पुगेकी छु,' उनले भनिन् ।

उहिलेको जमानामा अहिलेजस्तो गाडी देख्न कहाँ पाइन्थ्यो र ! त्यो पनि गाउँमा । अहिलेको कुरा गर्ने हो भने गाउँमा सडक पुगेको छ । सानै भए पनि गाडी आएका छन् । गाडी नदेख्ने वा नचढ्ने कमै होलान् । तर वृद्धवृद्धालाई सजिलो छैन । बढ्दो उमेर, बसाइ नै असजिलो हुन्छ, त्यसमा सबै गाउँमा भनेकै बेला पनि गाडी चढिहाल्न पनि मिल्दैन । ८० वर्षीया चामसरी परियारले भनिन्, 'सुलीचौरबाट बुटवलसम्म गाडी चढ्दा केही सास्ती भयो । उल्टी भयो, टाउको दुख्यो, जीउ भारी भएर आयो ।' उहिले उहिले नुन-तेल बोक्न महिनौं हिँडेर भारतीय सीमासम्म पुग्दा पनि गाडीको नाकमुख देखिन्थ्यो । हिँडेरै आवत-जावत गर्नुपर्थ्यो । 'नुन किन्न कोइलाबास पटकपटक पुगेको छु,' गाडी चढ्ने अवसर नपाएका अति रोकाले भने, 'मैले त्यसबेला न गाडी देखें, न चढ्ने मौका पाएँ । अझै गाडी चढेको छैन । देखेको भने छु ।'

घरबाट निस्कनु नपरेकाले उनले गाडी नचढेको बताए । यस्तै ५० वर्षकी खोष्टी सुनारले नजिकको बजार सुलिचौरसम्म पनि गाडी चढेर जाने अवसर नपाएको सुनाइन् । सडक पुगेपछि गाउँको विकास सम्भव भएको जेलबाङका पूर्वशिक्षक चन्द्र बुढा शेषले बताए । उनका अनुसार सडक निर्माणपछि गाडी गाउँमा ल्याएपछि फर्कंदा गाउँका जिनिस (घरेलु उत्पादन र जडीबुटी) बजार पुग्याएर बेच्न सक्नुपर्छ । यस्तो चलन भए मात्रै गाउँको आयस्तर वृद्धि हुन सक्छ । सडक बनेकाले भित्री गाउँमा पनि उत्पादन क्षेत्रलाई प्राथमिकता दिनुपर्ने बेला आएको उनले बताए । 'पहिले गाउँबाट पैसा जम्मा गरेर सामान किन्न बजार पुग्नुपर्थ्यो । अब पैसा लिएर मानिस हामीलाई खोज्दै सामान लिएर गाउँमा आइपुग्छन्,' उनले भने ।

'झापा विद्रोह'का योद्धालाई बेवास्ता

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

डेराको साघुँरो कोठा । तीन जनाको परिवार अट्न मुस्किल । भित्र ठाउँ नभएपछि ७० वर्षीय बयोवृद्ध टंकप्रसाद चौधरी बरन्डामा सुत्छन् । ओढ्ने, ओछ्याउने गतिलो छैन । पुसको चिसोले चौधरीको कम्मरको बिराम झन बढेको छ । दैनिक औषधि नखाई हुँदैन । आम्दानीको स्रोत छैन । आफ्नो नाममा एक धुर जमिन छैन । बुढेसकालमा कमाएर खुवाउने छोरा पनि छैन । 'झापा विद्रोह' मा ९ वर्ष ३ महिना कठोर जेल जीवन बिताएका टंकप्रसाद हाल बिर्तामोड नगरपालिका ४ मा एउटा सानो कोठामा कष्टले दिन बिताइरहेका छन् ।

श्रीमतीले दुई-चार गाउँ डुलेर साग-सब्जी किनेर ल्याउँछिन् अनि नजिकैको बिर्ता बजारमा बेच्छिन् । त्यो आम्दानीले तेल-नुन किन्न सघाउ पुग्छ । कान्छी छोरी सन्ध्यावतीले मिस्त्री काम गरेर चामल र डेराभाडा धानेकी छन् ।

०२८ सालको झापा विद्रोहकै अर्का योद्धा केपी शर्मा ओली मुलुकको प्रधानमन्त्री बनेका छन् । सीपी मैनालीसहितका कैयन् नेता मन्त्री, सांसद बने । उनीहरूले श्रीमती, छोरा-छोरी र आफन्तहरूलाई समेत सांसद तथा राज्यको उच्च ओहोदामा पुऱ्याए । तर, टंकप्रसादसँग शिर लुकाउने छानो छैन । जेल बसेर आएको हुँ भनेर उनले कुनै नेतासँग सहयोग पनि मागेनन् । चुपचाप बसे । जसरी जीवन चल्यो, चलाए ।

२३ वर्षका लक्का जवान थिए, टंकप्रसाद । विवाह गरेको एक वर्ष पुग्दै थियो । ०२९ मंसिर महिना थियो । उनी बुबा रामदुलालसँगै खेतमा धान काटिरहेका थिए । अचानक हतियारसहित आएका प्रहरीले बुबाछोरालाई नै नियन्त्रणमा लिए । गाडीमा हालेर चन्द्रगढी पुऱ्याए ।

कम्युनिस्टमा लागेको आरोपमा टंकप्रसाद चौधरीसँगै उनका बाबुलाई पनि पक्राउ गरियो । बाबुछोराले ९ वर्ष ३ महिना जेलमा काटे ।

चन्द्रगढीमा प्रहरीले यातना दिँदै कबुल गराउन थालेपछि मात्रै टंकप्रसादले थाहा पाए, 'कम्युनिस्ट पार्टी' मा लागेको भनेर गिरफ्तार गरिएको रहेछ । 'हामीले हात जोडेर अनुनयविनय गऱ्यौं । कुनै पार्टीमा नलागेको भन्यौं,' टंकप्रसादले भने, 'प्रहरीले हाम्रो कुरा सुन्दै सुनेन । उल्टै हामीलाई थाहा छ भन्दै यातना दिएरहे ।' विपन्न परिवारका उनीहरू मालिकको खेत अधियाँ गर्थे ।

गिरफ्तारीको एक वर्षसम्म चन्द्रगढीमा चरम यातना दिइएको उनले सुनाए । 'पाइतलामा घाउ नै घाउ भएको थियो । शरीरमा चोट नलागेको ठाउँ थिएन,' उनले भने, 'खुर्सानी-पानी नाकमा हालेर कुट्थ्यो । हातका औंलामा सियोले घोच्थ्यो ।'

एक वर्षसम्म चरम यातनापछि चौधरी बुबाछोरालाई वीरगन्ज कारागार चलान गरियो । जीवनको ऊर्जाशील उमेर कारागारको चिसो छिँडीमा बिताएका टंकप्रसादलाई कुनै कम्युनिस्ट नेताले खोजी गरेनन् । हालत सोध्न गएनन् ।

'जेल बसेको ९ वर्ष ३ महिनापछि तिमीहरू निर्दोष रहेछौ भनेर हामी बाबुछोरालाई छोड्यो,' मंगलबार बिर्तामोड नगरपालिका कार्यालयमा भेटिएका उनले विगत सम्झिए । फर्किएर तत्कालीन गरामनी गाविस-८ नडियाबारी आइपुग्दा घरमा पत्नी थिइनन् ।

गाउँको परिवेश फेरिएको थियो । तर उनले गाउँ छोडेनन् । ज्याला-मजदुरी गरेर जीवन चलाए । जेलमुक्त भएको तीन वर्षपछि बुबा बिते । एक्लो बनेका उनले बौरीदेवीसँग दोस्रो विवाह गरे । दुई छोरीका बुबा टंकप्रसादले जीवनभरि पैसा कमाएर एउटा टहरासम्म उभ्याउन सकेनन् । अहिले बस्दै आएको कोठाको मासिक १२ सय रुपैयाँ तिर्नुपर्छ ।

कम्युनिस्ट आन्दोलनमा कठोर जेल जीवन बिताएको भन्दै टंकप्रसादलाई नेकपा, बिर्तामोडका स्थानीय कार्यकर्ता विदुरप्रसाद तिवारी (भक्ति) ले साढे ५ धुर जमिन निःशुल्क दिएका छन् । उनले टंकप्रसादलाई जग्गाधनी पुर्जा नै दिइसके । उक्त जमिनमा बिर्तामोड नगरपालिकाले घर निर्माण गरिदिन लागेको मेयर ध्रुवकुमार सिवाकोटीले जानकारी दिए ।

'बोल्दा छुन्छन्, गाडीमा रेट सोध्छन्'

■ **अमृता अनमोल** (बुटवल)

डाडकी कमला नेपालीका पुरानो पुस्ताका महिलाले धेरै वर्षअघि देह व्यापार गर्थे । त्यसकै आम्दानीले घरखर्च चलाउँथे । अहिले त्यस्तो बाध्यता हटिसक्यो । उनीहरू आयआर्जनका वैकल्पिक पेसामा संलग्न छन् । कमलाको पुस्ताले त्यस्तो बेहोर्नु परेन । तर, अघिल्लो पुस्ताले गरेको देह व्यापारको असर अहिले पनि भोग्नुपर्दा दुःखी हुन्छिन् । अघिल्लो पुस्ताले पुस्ताको दाग लागेकोमा उनीहरू चिन्तित छन् ।

'बादी महिला भन्नासाथ अपरिचितको अनुहार फेरिन्छ । गाडीमा हिँड्दा दररेट सोध्छन् । बोल्दा संवेदनशील अंग छुन्छन् । चिमोट्न र टाँसिन खोज्छन्,' १८ वर्षीया कमलाले भनिन्, 'भविष्य बनाउन खोज्ने हामी किशोरीलाई बचेर हिँड्नै दुःख छ ।' कमला सिलाइ सिक्दै काम गरिरहेकी छन् । १५ वर्षयता आमा र हजुरआमा मजदुरीका काम गरिरहेका छन् । घोराही-१४ पक्रैयाका ३० परिवारले आयआर्जनका विकल्प अपनाएका छन् ।

देह व्यापार र नाचगानबाट जीविका चलाउँदै आएको र घुमन्ते जीवन बिताउने समुदाय अहिले जीविकोपार्जनका विभिन्न काममा लागेको छ । पुरुष मजदुरीका लागि भारत जान्छन्, केहीले मादल, सुल्पा, हुक्का, चिलिम, माटाका भाँडा बनाउँछन् । माछा मार्छन् । मजदुरी गर्छन् । समुदाय परिवर्तन भयो । तर, उनीहरूप्रति सामाजिक दृष्टिकोण भने फेरिएको छैन । त्यसको असर हुर्कंदै गरेका किशोरीले भोगिरहेका छन् । डाडको तुलसीपुर-६ मोतीपुरकी सन्जु नेपाली त्यसैमध्येकी हुन् । 'बादी महिलाले यौन पेसा नै गरे हुन्थ्यो भन्ने धेरै छन् । हाम्लाई समेत पाइला-पाइलामा लुट्न खोज्छन्,' उनले भनिन्, 'बादी केटीहरू देख्दा सिठी फुक्ने, आँखा झिम्क्याउने, जिब्रो पड्काउने र ओठले चुम्बन गरेको इसारा गर्ने त कति छन् कति !' कसैले अहिलेको दुःखभन्दा पहिलेकै सुख राम्रो भनेरसमेत गिज्याउने गरेको उनले बताइन् ।

जनगणना-२०६८ अनुसार मुलुकभर बादी समुदायको जनसंख्या ३८ हजार ६ सय ३ छ । त्यसमा महिला २० हजार ३ सय ५ छन् । पुरुष १८ हजार २ सय ९८ छन् । प्रदेश ५ का विभिन्न जिल्लामा यो समुदायको संख्या ७ हजार ८ सय ८६ छ । प्रदेशका १२ वटै जिल्लामा यो समुदायको बसोबास छ । सरकारले २०६५ सालमा बादी समुदायलाई यौन शोषणमुक्त घोषणा गऱ्यो । यसपछि खुलेआम हुँदै आएको देह व्यापार हट्यो । तर समुदायको पुनःस्थापनाका लागि कुनै योजना र रणनीति बनेन । यही कारण उनीहरूको आर्थिक र सामाजिक सशक्तीकरण हुन सकेको छैन । फलस्वरूप कमला र सन्जुजस्तै धेरै किशोरीले अहिले पनि दुर्व्यवहार र लान्छना सहनु परिरहेको छ । बुटवलमा आयोजित बादी समुदायको

बुटवलमा आयोजित बादी समुदायको पहिचान र अवस्था विषयक कार्यक्रममा सहभागी उक्त समुदायका प्रतिनिधि । तस्बिर : अमृता/कान्तिपुर

पहिचान र अवस्था विषयक कार्यक्रममा सहभागी हुन आएका उनीहरूले निर्धक्क भएर आफ्ना गुनासा पोखेका हुन् । 'कहिलेकाहीं त आफ्नै सरहरूले पनि गिद्धे नजर राखे । छिमेकीले पनि हिंसा गरे,' घोराहीकी सुजाता नेपालीले भनिन्, 'छुने, मुसार्ने, गढेर हेर्ने र यौन इसारा गर्नेलाई सामान्य मानेर सहँदै आयौं । हाम्रो समुदायले यस्तो हिंसा सहनुपर्छ भन्ने सिक्यौं । पहिले त हिंसा हो भन्ने नै थाहा पाएनौं ।' सुजाता अहिले घोराहीमा ब्युटिपार्लरको तालिम लिइरहेकी छन् । सीप सिकेपछि वैदेशिक रोजगारीमा जाने उनको योजना छ । 'तर पनि धेरै पुरुषले देह व्यापारमै लाग्न र नांगिन लोभ्याउने गरेका छन् । अरू काम गर्छु भन्दा पनि पत्याउँदैनन्,' उनले भनिन्, 'साह्रै दुःख लाग्छ ।'

देह व्यापार छोडेर अन्य काममा लागेका महिलाको त बयान गरिसाध्य छैन । झन्डै ३० वर्ष देह व्यापार गरेकी सुन्दरी नेपालीले अहिले पनि धेरै पुरुष वरपर डुल्ने र लोभ्याएर यौन बाध्यतामा फसाउन खोज्ने बताइन् । 'अधिकांश पुरुष हामी ढाकिँदा पिरोलिएका छन् । उनीहरूमा कहिल्यै पूरा नहुने यौन प्यास छ,' उनले भनिन्, 'त्यो प्यास अब हाम्रा किशोरी छोरीबाट मेट्न चाहन्छन् ।' यही कारण समुदायका किशोरी अगाडि बढ्न नसकेको उनले बताइन् । 'हामीसित नांगिने पुरुष समाजका अगाडि ढाकिन्छन् । हाम्रा छोरीचेलीलाई सधैं नंग्याउन चाहन्छन्,' उनले भनिन्, 'तिनकै कारण आत्मसम्मानले बाँच्न पाएका छैनौं ।'

उक्त समुदायकी अधिकारकर्मी मीना नेपालीका अनुसार पहिले-पहिले यस समुदायमा जीवन चलाउने अरू उपाय थिएन । यसैले आफ्नै घर र परिवारका अगाडि नांगिएका थिए । यौन तृष्णा मेटाएर त्यसबापत केही कमाएका थिए । अहिले त्यस्तो अवस्था छैन । 'हामी अहिले जसोतसो ढाकिएका छौं । तर, हाम्रा छोरीचेलीमाथि कुदृष्टि राखिरहेका छन्,' उनले भनिन्, 'यही सोच फेर्न नसक्दा दिनदिनै नांगिएझैं लाग्छ ।'

अहिले पनि कतिपय होटल-रेस्टुराँमा देह व्यापार छ । अरू समुदायका महिलाले पनि त्यसैलाई जीविकोपार्जनको माध्यम बनाएका छन् । तर, उनीहरूको चर्चा हुन्न । बादी अधिकारकर्मी नेपालीले भनिन्, 'प्रहरीले रंगेहात पक्राउ गर्दा पनि बादी महिला भनेर नसोधी किटान गर्छ ।'

बादी समुदायको समग्र विकासका लागि थुप्रै समुदायमा आधारित सामाजिक संस्थाको स्थापना भएका छन् । समुदायको उत्थानका लागि क्रियाशील कमिट नेपालका अध्यक्ष प्रकाश नेपालीले प्रभावकारी नीति र योजना नभएका कारण समुदाय परिवर्तन गरे पनि दीर्घकालीन विकास गर्न नसकेको बताए । 'बादी महिलाको बाध्यात्मक देह व्यापारमा कति पुरुष रमे, रमाए । उनीहरू बदनाम भएनन् । सधैं सम्मानित भए,' उनले भने, 'हाम्रो पुस्ता देह व्यापारमै नहुँदा पनि अपमानित हुनु दुर्भाग्य हो ।' प्रदेश सरकारले यौन पेसा गरेर परिवार पाल्ने अवस्था अन्त्य गरी बादी समुदायलाई अगाडि बढाउन शिक्षा र रोजगारीमा सहयोग गर्ने योजना बनाएको छ ।

बादी समुदायलाई अरू जातिसरह आत्मसम्मानले बाँच्न सक्ने बनाउन शिक्षा, स्वास्थ्य र रोजगारीका प्याकेज सञ्चालन हुने सामाजिक विकासमन्त्री सुदर्शन बरालले बताए ।

मार्टिन्सको दुई गोल
संकटाको फराकिलो जित । १६

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

भुमरीमा दीपिका
'छपाक' बहिष्कार ट्रेन्डमा । ९

वर्ष २७ अंक ३२० पोखरा | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

NEPAL GEM & JEWELLERY ASSOCIATION
PRESENTS

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

GJE
3rd Nepal
GEM & JEWELLERY
EXPO 2020
Taking Nepalese Jewellery Globally

HOTEL SOALTEE CROWN PLAZA
Kathmandu, Nepal

Nepal's Exclusive Jewellery Exhibition

11-12 January, 2020, 10am - 6pm

More than 26 reputed jewelers under one roof

Large Variety of Gems & Jewelleries

Wedding Jewelleries

ORGANIZED BY
NEPAL GEM & JEWELLERY ASSOCIATION
FNCCI
Nepal Tourism Board www.welcomenepal.com

ENDORSED BY
Trade and Export Promotion Centre
Ministry of Industry Commerce and Supplies

MAIN SPONSOR: कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED

DIAMOND SPONSOR: Warsteiner PREMIUM GERMAN BEER, TVS

DIAMOND SPONSOR: अर्घाखाँची सिमेन्ट प्रा.लि., MORRIS GARAGES, लक्ष्मी बैंक

SILVER SPONSOR : HIMALAYA AIRLINES, PRIME BANK LTD., SiddharthaBank, सिद्धार्थ इन्स्योरेन्स लिमिटेड Siddhartha Insurance Limited, BAJAJ, Global IME Bank

SUPPORTING PARTNERS : GARUD SECURITIES P. LTD., Godrej, Radisson HOTEL KATHMANDU, SOALTEE CROWNE PLAZA KATHMANDU

MAKE-UP: MAKE-UP STUDIO PROFESSIONAL AMSTERDAM

MAGAZINE PARTNERS : SHINE, N-MAG SOCIAL NETWORK MAGAZINE

MEDIA PARTNERS : KANTIPUR HD

EVENT MANAGED BY : EVENT sansar.com

मार्टिन्सको दुई गोल
संकटाको फराकिलो जित । १६

भुमरीमा दीपिका
'छपाक' बहिष्कार ट्रेन्डमा । ९

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३२० पोखरा | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

सत्तारूढ दलका नेता र सरकारका उच्च अधिकारीको प्रतिबद्धता

'निजी क्षेत्रको मनोबल टुट्न दिन्नौं'

कान्तिपुर संवाददाता (काठमाडौं)

सत्तारूढ दलका नेता तथा सरकारका उच्च अधिकारीहरूले निजी क्षेत्रको मनोबल टुट्न नदिने प्रतिबद्धता जनाएका छन् ।

राजधानीमा बिहीबार आयोजित 'कान्तिपुर इकोनमिक समिट २०२०' मा सत्तारूढ नेकपाका नेता, बहालवाला तथा पूर्वअर्थमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष र सरकारका उच्च अधिकारीहरूले अहिले निजी क्षेत्रले केही असहज महसुस गरिरहे पनि मनोबल टुट्न नदिने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

समिटमा 'नेपाली अर्थतन्त्र : वर्तमान अवस्था र भावी दिशा' शीर्षकको छलफलमा सहभागी अर्थमन्त्री युवराज खतिवडाले विभिन्न तहका सरकारले निर्धारण गरेको करका कारण निजी क्षेत्रले असहज महसुस गरे पनि अब त्यस्तो नहुने बताए । संघ, प्रदेश र स्थानीय तहका सरकारले लगाएको करसम्बन्धी समस्या समाधान भइसकेको उल्लेख गरे । 'कर क्षेत्रको सुशासनमा सरकारको ध्यान जानेछ,' उनले भने । जनता र निजी क्षेत्रले तिरेको कर सदुपयोग हुनेमा आश्वस्त पार्दै उनले भने, 'अब कर बढ्दैन ।' उनले कर्पोरेट कर नबढेको र भन्सार महसुलमा मात्रै केही परिवर्तन गरिएको बताए ।

समिटका क्रममा निजी क्षेत्रको मनोबल शीर्षकको छलफल सत्रमा राजस्व सचिव शिशिर ढुंगानाले निजी क्षेत्रलाई सरकारले संकुचित नपारेको दाबी गरे । 'निजी क्षेत्रको मनोबल उकास्न आवश्यक अनुदान दिएका छौं,' उनले भने, 'लगानीकर्ताका लागि पूर्वाधार निर्माण र सुरक्षालाई पहिलो प्राथमिकतामा राखेका छौं ।'

'निजी क्षेत्रको मनोबल' शीर्षकको अर्को छलफलमा पूर्वअर्थमन्त्री एवं नेकपाका महासचिव विष्णु पौडेलले पनि निजी क्षेत्रको विश्वास जित्न कुनै कसुर बाँकी नराख्ने बताए । 'निजी क्षेत्रले लगानी गरेअनुसार अपेक्षा पनि गरेका हुन्छन् । उनीहरूले जोखिम कम खोजेका हुन्छन् । सीमित लगानीमा केही मुनाफा खोज्छन्,' उनले भने, 'सरकारले निजी क्षेत्रको कठिनाइ हेर्छ ।' सरकारले मात्र नभई नेकपाले पनि निजी क्षेत्रसँग घनिष्ठ सहकार्य गर्न चाहेको उनले बताए ।

लोकतान्त्रिक विधि र आर्थिक प्रणालीबाट चल्ने मुलुकमा निजी क्षेत्र आवश्यक पर्ने उल्लेख गर्दै उनले भने, 'निजी क्षेत्रलाई साथमा नलिई समृद्धि आउँदैन । निजी क्षेत्रको विश्वास जित्न र मनोबल उठाउन सरकारले कुनै संकोच राख्दैन ।' उनले निजी क्षेत्रलाई समस्या पर्ने कुनै कानुन भए तिनलाई संशोधन गर्न सकिने आश्वासनसमेत दिए ।

सोही छलफलमा राजस्व सचिव शिशिर ढुंगानाले पनि निजी क्षेत्रलाई सरकारले प्रोत्साहन गरिरहेको धारणा व्यक्त गरे । 'निजी क्षेत्रको मनोबल बढाउन सरकारका तर्फबाट सक्दो सहयोग गरेका छौं,' उनले भने, 'सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न चाहेको छ, त्यसैले राजस्वमा मात्रै जोड दिएका छैनौं ।' सरकारले ऐन, कानुन बनाउँदा पनि निजी क्षेत्रसँग छलफल गरेको उनले स्मरण गराए ।

कार्यक्रममा प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमालले निजी क्षेत्रसँगको सहकार्यमा ठूला आयोजना निर्माण गर्न सरकारले सार्वजनिक-निजी साझेदारी ऐन तयार पारिसकेको जानकारी दिए । **बाँकी पृष्ठ १३**

पृष्ठ ११/१२

- निजी क्षेत्र भन्छ- 'नीतिभन्दा नियतले समस्या'
- कसरी जुटाउने पूर्वाधारमा लगानी ?
- 'जनताको पैसा सुरक्षित गर्न वित्तीय क्षेत्र नियन्त्रण'
- 'सरकारले पूर्वाधार, निजीले उत्पादनमूलक क्षेत्रमा लगानी'

काठमाडौंमा बिहीबार आयोजित 'कान्तिपुर इकोनोमिक समिट-२०२०' को 'नेपाली अर्थतन्त्र : आजको अवस्था र भोलिको दिशा' शीर्षक छलफलमा सहभागी वक्ताहरू बायाँबाट क्रमशः अर्थमन्त्री युवराज खतिवडा, पूर्वअर्थमन्त्रीद्वय रामशरण महत र प्रकाशचन्द्र लोहनी, नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणा र प्रस्तोता विश्व पौडेल ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/ कान्तिपुर

आर्थिक बहसको खाँचो

संस्थागत पूर्वाधारबिना न लोकतन्त्र खँदिलो हुन्छ, न विकास समावेशी र न्यायोचित नै



प्रा. पीताम्बर शर्मा
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

नेपालमा खास गरेर आर्थिक विकास र नीतिहरूबारे सार्वजनिक फोरमहरूमा बहस, संवाद गर्ने र विषयको गम्भीरतालाई जनसाधारणमा सम्प्रेषण गर्ने स्थापित परम्परा छैन । भारतका विश्वविद्यालयको नक्कल गरेर विकसित हाम्रो प्राज्ञिक परम्परामा बेलामौकामा हुने गोष्ठी कर्मकाण्ड जस्तै छन् । दीर्घकालीन महत्त्वका वा समसामयिक विकासका विषयहरूमा विश्लेषण गर्ने प्राज्ञिक अनुसन्धानको खडेरी नै छ । व्यावसायिक संघसंस्थाका गोष्ठी र सम्मेलन आफ्ना मागहरूको सार्थकता वा सरकारी नीतिप्रति आफ्नो धारणा व्यक्त गर्ने फोरमभन्दा बढी हुने गर्दैनन् । विचार मन्थन गर्ने भनिएका सरकारी निकायहरूको निरीहता तथ्यको विश्लेषणमा आधारित नीति निर्माणभन्दा खास आग्रहद्वारा प्रेरित नीति र कार्यक्रमको पृष्ठपोषणमा झल्कन्छ ।

बहस र संवाद लोकतन्त्रको सबैभन्दा राम्रो पक्ष मानिन्छ । यसले सुन्ने-सुनाउने, बुझ्ने-बुझाउने, परिमार्जन गर्ने-गराउने एउटा खण्ड बनाउँछ । जब बहस, संवाद र प्रतिस्पर्धा कुण्ठित हुन्छ, तब तथ्य र प्रमाणलाई 'वैकल्पिक कथ्य' ले विस्थापित गर्छ । लोकतन्त्रका लागि यो सबैभन्दा घातक स्थिति बन्छ ।

पञ्चायतकालको राजाको निरपेक्ष शासनमा बहसलाई कुनै स्थान थिएन । पञ्चायतको अन्त्यकालताका सन् १९८५ मा बृहत् आर्थिक सन्तुलन कायम गर्ने नाममा संरचनात्मक समायोजन कार्यक्रम लागू गरियो । उद्योग, व्यापार, विदेशी विनिमय र मौद्रिक नीतिलाई उदार बनाइयो र आयात प्रतिस्थापनका लागि संरक्षण गरिएका उद्योगलाई बाह्य प्रतिस्पर्धाका लागि छाडियो । पञ्चायतको अवसानपछिको प्रजातान्त्रिक सरकारले दोस्रो चरणमा उदारीकरण, निजीकरण र भूमण्डलीकरण सँगसँगै लैजान कानुनी संरक्षण प्रदान गऱ्यो । सन् २००३ मा गरिबी निवारण र वृद्धि सुविधाका नाममा यो कार्यक्रमलाई अझै व्यापक र विस्तारित बनाइयो ।

संरचनात्मक समायोजनबाट यातायात, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको विकासमा निजी क्षेत्रको भूमिका बढ्यो र झाँगियो । कतिपय सार्वजनिक उद्योगहरू निजीकरण गरिए तर उद्योगमा दिगो अपेक्षित विकास हुन सकेन । दिगो आधार नभएका भुइँफुट्टा (फुटलुज) उद्योगको विकास भयो । विकासका निम्ति अपरिहार्य सार्वजनिक शिक्षा र स्वास्थ्य सेवा निकायमा संख्यात्मक वृद्धि हुँदाहुँदै पनि अपेक्षित गुणात्मक परिवर्तन आएन । **बाँकी पृष्ठ १३**

बिरामी ठग्दै 'अन्तिम विकल्प'

■ **बिनु सुवेदी** (काठमाडौं)

५० वर्षीय केसाङ (परिवर्तित नाम) भरतपुर क्यान्सर अस्पताल चितवनमा एक साता बसेर गत आइतबार ललितपुर गोदावरीको घर फर्किए । अन्तिम चरणमा पुगेको आन्द्राको क्यान्सर शल्यक्रिया गरे पनि निको नहुने भएपछि अब उनीसँग उनकै शब्दमा 'मृत्यु पर्खिनु' को विकल्प छैन ।

रोग पत्ता लाग्नेबित्तिकै उपचार गराउन अस्पताल पुगेको भए उनी छिट्टै निको हुन्थे तर उनी 'बिना अपरेसन क्यान्सर निको पार्छौं' भन्ने प्रचारको पछि लागे । शरीर डामाडोल भयो ।

करिब १७ महिनाअघि केसाङले आफ्नो आन्द्रामा क्यान्सर भएको पत्ता पाएका हुन् । डाक्टरले तुरुन्तै उपचार गरे रोग छिट्टै निको हुने पनि भनेका थिए । तर उनलाई शल्यक्रियासँग डर लाग्यो । उनले शरीर चिर्दै नचिरी सन्चो हुने उपचार पद्धतिबारे सुनेका थिए । सुरुमा त उनले बिमारबारे परिवारका सदस्यलाई पनि भनेनन् । गल्दै गएर करिब सात महिनाअघि उनले परिवारलाई बताउँदा उनको क्यान्सर स्टेज २ मा थियो ।



क्यान्सरका बिरामीले पैसा मात्र सिध्याएका छैनन्, बिमारलाई पनि अन्तिम चरणमै पुऱ्याइरहेका छन्

उनका छोरा सोनम (परिवर्तित नाम) भन्छन्, 'बुबाले शल्यक्रियाभन्दा सजिलो केही उपाय छ भने बुझौं न भनेपछि हामीले इन्टरनेटमा खोज्यौं ।' शल्यक्रिया नै नगरी रोग निको पार्छौं भन्दै प्रचार गरिरहेको ललितपुरको ढोलाहिटीस्थित 'अन्तिम विकल्प' मा सोनम बुबालाई लिएर गए । उनले अन्तिम विकल्पका सञ्चालक सुवास सुब्बालाई भेटेर बिमार र त्यसको उपचारबारे परामर्श गरे । सुब्बाले अन्तिम विकल्पलाई अस्पताल दाबी गर्दै गरेको प्रचार फेसबुक र युट्युबमा छयापछ्याप्ती छ । त्यहाँ उपचार गराएर निको भएका भनिएका 'बिरामी'हरूलाई सुब्बा आफैंले भेटाइदिए । सबैको कुरा र दाबी सुनिसकेपछि सोनमलाई लाग्यो, 'शल्यक्रिया नै नगरी दसै महिनामा उपचार हुने यो त गज्जबको ठाउँ रहेछ ।'

उनीहरूले त्यही उपचार सुरु गरे । सुब्बाले क्यान्सर निको पार्ने भन्दै आफ्नै क्लिनिकमा उत्पादन गरेको चमत्कार नामक औषधि चालु गराए । महिनाको ४५ हजार तिरेर किनेको त्यो औषधि केसाङले लगातार चार महिनासम्म खाए । **बाँकी पृष्ठ १४**

गौरवका योजना अलपत्र

■ **प्रकाश बराल** (बागलुङ)

गलकोट नगरपालिका-४ मा गत वर्ष ४८० मिटर सडक कालोपत्रे भयो। मध्यपहाडी लोकमार्गको डाँडाखेतदेखि वडा कार्यालयसम्मको सडक कालोपत्रे गर्ने नगरको योजना थियो। तर, त्यसले निरन्तरता पाएन। गत वर्ष ५० लाख खर्चिएको यो सडकमा चालु आवमा रकम नै छुट्याइएन। 'नगरपालिकाले गौरवको योजना भनेर राख्यो, तर, दोश्रो वर्ष बजेट परेन,' वडाध्यक्ष बलबहादुर खत्रीले भने, 'परिषद् मा उठाएको आवाज सुनुवाइ भएन।' कम्तीमा वडा कार्यालयसम्म सडक कालोपत्रे गर्न सकेको भए धेरै राम्रो हुने उनले बताए।

यो सडकको कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिन प्रदेश र केन्द्र सरकारसम्म पनि पहल भएको थियो। तर, कतैबाट बजेट नपरेको उनले गुनासो गरे। 'परिषद्मा विषय उठाउँदा कतै खाल्डा पुर्न सकिएको छैन, कतै कालोपत्रे गर्न हतार भयो भनियो,' खत्रीले भने, 'खाडल पुर्ने बजेट नपुगे मैले जवरजस्ती गर्न मिलेन।' तर, गौरवको योजना भनेपछि क्रमागत रुपमा लगानी गरेर टुंगोमा पुऱ्याएको भए राम्रो हुने उनले तर्क गरे।

गलकोट-११, रिघा जाने सडकमा पनि गतवर्ष ५० लाख बजेट विनियोजन भयो। उक्त बजेटले वडा-९ को खण्डमा काम भयो, रिघा जोड्ने बेलामा बजेट अपुग भयो। अहिले पनि रिघा जान यात्रीले जोखिम मोल्नुपर्छ। वडा-२ मा मात्र गौरवको योजना सम्पन्न भयो। ६५ लाखको लागतमा बहुउद्धेश्यीय सभाहल निर्माण भएको छ। उक्त हलमा वडा र नगरस्तरीय तालिम, गोष्ठी र सभा गर्न सकिने भएको छ। अन्य वडाका योजना भने पूरा नभएको वडाध्यक्षले गुनासो गरे।

बागलुङको गलकोट नगरपालिकाले गौरवको योजनामा समावेश गरेको वडा नम्बर ११ जाने सडक।

तस्विर : प्रकाश/कान्तिपुर

वडा-१ मा हेल्थपोष्ट भवन, वडा-३ मा कोटमैदान जाने सडक, वडा-५ मा बजार व्यवस्थापन र सडक स्तरोन्नतिसहित सबै वडाका प्राथमिकताका योजना थिए। ती सबै पूरा नहुँदै अलपत्र भएका हुन्। 'थालिएका कामलाई सम्पन्न गर्न सकेको भए राम्रो हुन्थ्यो, निरन्तर लगानी गर्न नसक्दा केही पर्यटकीय स्थान उजागर गर्न सकिएको छैन,' गलकोट वडा-३ का अध्यक्ष वीरजंग भण्डारीले भने, 'सहश्रधारा क्यानोनिङलाई व्यावसायिक बनाउन सबैको चासो बढ्नुपर्छ।' उक्त स्थानसम्म सडक कालोपत्रे गर्ने र क्यानोनिङलाई व्यावसायिक रुपमा सञ्चालन गर्दा पर्यटकीय गन्तव्य बनाउन सकिने उनको भनाइ छ। गत वर्षातमा यहाँ पोखरा र बागलुङका युवाले क्यानोनिङ गरेका थिए। अघिल्लो वर्ष नगरपालिका र अन्य संस्थाबाट १० लाख बढ्ी लगानी भएपनि व्यवस्थापनमा अहिले बजेट छैन।

दिर्घकालिन योजना छनोटमा नगरपालिका चुक्दै जान थालेको पनि स्थानीयले बताएका छन्। नगरपालिकाले फोहरलाई मोहोर बनाउने भन्दै थालेको योजना पनि सुरु हुन सकेको छैन। नगरप्रमुख भरत शर्मा गैरेले जग्गा अभावले फोहोर व्यवस्थापनको काम गर्न नसकेको बताए। डम्पिङ नभएर हटियाबजार प्रदुषित बन्दै गएको छ।

गौरवका योजना तुहाउने मन नभएर पनि बजेटलाई निरन्तरता दिन नसकेको उपप्रमुख रेणुका काउचाले बताइन्। 'गौरवको योजना वडैपिच्छे नराख्ने, तर वडाको प्राथमिकताको योजनामा बजेट राख्ने भनेर गयौं,' काउचाले भनिन्, 'दुई पालिका जोड्ने सडकहरू प्रदेशको लगानीमा बनाउने, पर्यटकीय गन्तव्य बनाउने र गरिबी घटाउने योजनामा यो वर्ष बजेट केन्द्रित छ।' चालु आवमा नगरपालिको खरका छाना विस्थापित गर्न, मुकामदेखि वडा १० को रमुवा पुग्ने सडक र कोटमैदानलाई पर्यटकीय गन्तव्य बनाउन लगानी गरिएको उनले जानकारी दिइन्।

रिघा जाने सडक अलपत्र परेपनि चालु वर्षदेखि नै प्रदेश सरकारले लगानी गर्ने भनेपछि नगरको बजेट नराखेको गैरेले स्पष्ट पारिन्। गत वर्ष नगरको ५० लाख हुँदा प्रदेशले पनि ५० लाख रुपैयाँ लगानी गरेको थियो। तर, यसपटक दुवै सरकारबाट योजना परेको छैन। बडिगाड गाउँपालिकाको सिसाखानी जोड्ने भएकोले यो सडक प्रदेशकै प्राथमिकतामा पर्नुपर्ने काउचाको भनाइ छ। कम्तिमा १ करोड बजेट लगाउन सकेमा रिघासम्मको सडक व्यवस्थित बन्ने उनको भनाइ छ। काउचाले भनिन्, 'दोहोरो लगानी नहोस् भन्दा विकासमै असर पऱ्यो।'

आरनमा ५० वर्ष

'छोरा पाउनु मात्रै, बरु छोरीले हेर्छन्'

■ **दीपक परियार** (पोखरा)

बाँसको कप्टेराले बनेको भित्ताको अन्तरकुन्तरबाट माछापुच्छ्रेको सिरेटो भित्र छिर्छ। पुसको ठण्डीमा कठ्याङ्ग्रिदै ललितबहादुर विक रात कटाउँछन्। माछापुच्छ्रेमुनि घलेल गाउँको सिरानमा छ उनको घर र पाँच दशक पुरानो आरन पनि।

आगो, कोइला र फलामसँग खेल्दै उनले अनेक कुइँनेटा छिचोले। ५२ वर्षको उमेरमा श्रीमती गुमाए। तीन छोरा र दुई छोरी आ-आफ्नो घरगृहस्थी सम्हाल्न पुगे। उमेरले ७० टेकेका उनीसँग सम्पत्तिका नाममा दुई सुर्का पाखोबारी छ। घन ठटाउने तागत घटिसक्यो, खेतीपाती परकै कुरा भयो।

पर्वतको लाङदीबाट उनको परिवार कास्कीको घलेल सऱ्यो। उनी कहिले पर्वत त कहिले घलेल ओहोरदोहोर गर्दै हुर्किए। १९ वर्षको उमेरमा गाउँकै सुकमायालाई भित्र्याए। बिहेपछि फौजमा भर्ती हुन दिल्ली पुगे। भर्तीमा फालिएपछि गाउँ फर्किएर बाबुबाजेको पेसा थामे। आरनको सीप उनले बाल्यकालदेखि नै सिकेका थिए। गाउँभरिकाले बाली दिँदा खानलाउन पुग्थ्यो। छोराछोरी भए। सुकमायालाई क्यान्सरले च्याप्यो। माइलो छोरा मनबहादुर र जेठी छोरी रामकुमारीले उपचार गर्न भारत लगे। सुकमायाले उतै देह त्यागिन्। मनबहादुर र कान्छो छोरा कालुले उतै आमाको किरिया गरे।

आमा बित्नु वर्ष दिनअघि कतार गएका जेठा छोरा रामप्रसादसँग ललितबहादुरको न भेटघाट छ, न त छोराको अवाज नै सुन्न पाएका छन्। १५ वर्ष भयो उनी बुवालाई सम्झिएर घर नफर्केको। रामले श्रीमती र दुई छोरालाई पोखरामै राखेका छन्। छोरासँग ठाकठुक परेको ललितबहादुरलाई सम्झना छैन। तर, जेठो छोरा कतारबाट पोखरा आउँछन्, दुई घण्टा परको घलेलमा भएका बुबालाई भेट्न पुग्दैनन्। दुई नाति भने कहिलेकाहीं पुग्छन्।

भारतको हिमाञ्चल प्रदेशमा मजदुरी गर्ने माइला र कान्छो छोरा भेट्न नआएको पनि ९-१० वर्ष पुग्यो। फोन पनि गर्दैनन्। 'छोराहरूले फोन पनि गर्दैनन्। टाढाबाट पैसा धेरै लाग्छ भन्थे,' उनले भने, 'जति खर्च भए पनि बा सम्झेर फोन गर्नुपर्ने हो।' फोनै नगर्ने छोराहरूले खर्चपानी हेर्ने कुरै भएन। उनलाई सम्झने भनेको कान्छी छोरी बुद्धिकुमारीले हो। उनी बिहे गरेर हेमजा मिलनचोकमा बस्दै आएकी छन्। दिनमा एकफेर बालाई फोन गर्छिन्। चाडबाडमा माइत आउँछिन्। ज्वाइँ विदेशबाट आउँदा धेरथोर खर्च दिन्छन्। 'छोरा पाउनु मात्रै भयो, बरु छोरीले हेर्छन्,' रित्तो घरतिर हेर्दै उनले भने, 'छोरा जन्माइयो, हुर्काइयो, २/४ कक्षा पढाइयो। अहिले आफ्नो नोकरी गर्ने भए, मलाई हेरेनन्।'

एक्लै बस्नुपर्दा उनको मनमा नानाथरी कुरा खेल्छन्। एक्लै पकाउ, खाउ। आरन बिसाउँदा खाजा बनाएर खुवाउने श्रीमती छैनन्। बिरामी पर्दा बोकेर लैजाने छोराछोरी छैनन्। एकाबिहानै हजुरबालाई उठाउन नातिनातिना आउँदैनन्। पनाति पनातिनीका तोतेबोली सुन्नै पाएनन्। घरका चार भित्ताभित्र छ त केवल सन्नाटा मात्रै।

कास्कीको माछापुच्छ्रे गाउँपालिकास्थित घलेलमा ५ दशकदेखि आरन थापेर बसिरहेका ललितबहादुर विक।

तस्विर : दीपक/कान्तिपुर

'उमेर छँदा श्रीमती नभए पनि हुँदैरैं'छ,' रसाएका आँखा, अवरुद्ध गलामा उनले भने, 'यही बेला रै'छ, बूढाबूढी चाहिने।' महिलालाई भन्दा पुरुषलाई बुढेसकाल काट्न गाह्रो हुने उनको अनुभव छ। 'बूढी हुन्थी भने छोराछोरी लाइनमा बस्थे होलान्, आयआर्जन हुन्थ्यो, छरछिमेक पनि खुसी हुन्थे होलान्,' उनी भन्छन्, 'कोही नहुँदा घरमा आगो निभ्यो, जोरी शत्रु हाँसेका छन्।'

घलेलमै खेतीपातीको चलन घट्यो। कोदो, मकै लाउँदैनन्। धेरैजसो जमिन बाँझो छ। गाउँमा रेमिट्यान्स पसेको छ। अन्न बजारबाटै जान्छ। 'डिंगा पाल्न पनि छोडे, गोबर मल नभई खेती हुन्नँ,' ललितबहादुर भन्छन्, 'मल नपुगेर हो कि खेती नगरेका।'

खेती नभएपछि उनीसँग आउने काम पनि घटेको छ। खेतीपातीलाई चाहिने बाउसो, आँसी, फालीजस्ता औजार बनाउन कमै आउँछन्। कम काम आएपछि उनको आम्दानी पनि घटेको छ। ग्राहकले पहिला बाली दिँदा खानलाउन पुग्थ्यो। तीन खाल मकै, दुई-चार मुरी कोदो हुन्थ्यो। उम्रेको बेच्थे पनि। त्यसैले चोखिन, मरमसला, लत्ताकपडा जोड्थे। पोहोरबाट गाउँलेले बाली दिन छाडे। नगदै दिन्छन्।

बाली बुझ्दा काम जति भए पनि सबै घरबाट उत्तिनै अन्न पाउँथे। नगद बुझ्दा काम गरेअनुसार पाउँछन्। 'खेतीपाती धेरै हुन्थ्यो भने औजार बनाउन पनि धेरै आउँथे, आम्दानी पनि धेरै हुन्थ्यो,' उनी भन्छन्, 'अहिले काम थोरै आउनी भएर खानलाउने धौ छ। कसैले बाँकी राख्छन्। मिहिनेतअनुसार पाउँदिनँ।' घलेल र सिदिङबाट आउने स्थानीयले हसियाँ अर्जापेको १५-२० रुपैयाँ दिन्छन्, ओदानको खुट्टा जोडेको ५० रुपैयाँ। त्यतिले उनलाई घर खर्च चलाउन हम्मे-हम्मे पर्छ। तीन-तीन महिनामा पाउने वृद्धभत्ताले भरथेग गरेको छ।

मनाङमा ढुवानी ठप्प

लमजुङ (कास)- एक सातायता हिमाली जिल्ला मनाङमा हिमपात भइरहेको छ। पुस १७ र १८ मा भारी हिमपात भएको थियो। अहिले भने केही पातलिएको छ। सडकमा हिउँ जमेको छ। तल्लो मनाङको नासों गाउँपालिका-९, दानक्युदेखि माथिल्लो क्षेत्रको सडक तथा पदमार्गभरी हिउँ जमेपछि पैदल यात्रामा समेत कठिनाइ भइरहेको स्थानीयले बताए। एक सातायता यातायात सेवा ठप्प छ। सवारीसाधन गुड्न नसकेपछि खाद्यान्न, निर्माण सामाग्री लगायतको ढुवानी हुन सकेको छैन।

माथिल्लो मनाङ क्षेत्रमा गत मंसिर २७ देखि केही दिनसम्म हिमपात भएकोमा चामेदेखि सवारीसाधन चल्न सकेका छैनन्। करीब ४ सातादेखि माथिल्लो क्षेत्रमा ढुवानी ठप्प छ। माथिल्लो मनाङस्थित होटल तिलिचोका सञ्चालक छिरिङ लोप्साङ गुरुङले हिमपातपछि ढुवानी ठप्प भएको बताए। 'ढुवानी ठप्प छ,' उनले भने, 'अहिले मानिस पनि प्रायः तल झरेका छन्। पर्यटक पनि आएका छैनन्। त्यसैले खाद्यान्न सकिने पीर छैन।' उनका अनुसार आवश्यक खाद्यान्न हिउँ पर्नुअघि नै ल्याएर राख्ने गरिन्छ। मनाङको डिस्याङ गाउँपालिकाका आन्तरिक लेखा परीक्षक बाबुराम तिवारीले करीब २/३ साता खाद्यान्नलगायत ढुवानी ठप्प भएको बताए। 'अभाव छैन। खाद्यको चामल छँदैछ। व्यवसायीले पनि किनेर राखेका छन्। दाल पनि छ। तरकारीलाई भने अब जेठ कुर्नुपर्छ,' उनले भने। हिमपातले एउटा गाउँबाट अर्कोमा जाने बाटोसमेत बन्द भएको उनले सुनाए। गाउँपालिका अध्यक्ष कान्छा घलेका अनुसार खाद्यान्न ढुवानी ठप्प छ भने सवारी गुड्नसक्ने अवस्था छैन।

प्रमुख जिल्ला अधिकारी पुष्पराज पौडेलका अनुसार दानाक्युदेखि माथिल्लो क्षेत्रको सडक तथा पदमार्गमा हिउँ जमेको छ। हिमपातपछि मनाङको जनजीवन सहज छैन। 'एकसाताअघि हिउँ थपियो। अहिले पनि हिउँ परिरहेको छ। चिसो अत्यधिक छ,' उनले भने, 'यस्तो बेला बाटो खुलेपनि कसरी गाडी चलाउन सकिन्छ र ?' उनले सडक खुलाउने तयारी गरिरहँदा फेरि हिउँ थपिने गरेको बताए। खाद्यान्नलगायत सामग्री यसअघि नै जोहो गर्ने गरिएकोले अहिलेलाई तत्काल खाद्यान्न संकट नपर्ने उनले स्पष्ट पारे।

पृथ्वी जयन्तीमा सार्वजनिक बिदा

गोरखा (कास)- पृथ्वी जयन्तीमा यहाँका तीन स्थानीय तहले सार्वजनिक बिदा दिने भएका छन्। गोरखा र पालुङटार नगरपालिका तथा भिमसेन थापा गाउँपालिकाले कार्यपालिका बैठकबाट निर्णय गराएर पुस २७ मा सार्वजनिक बिदाको घोषणा गरेका हुन्। विद्यालय, वित्तीय संघसंस्था र सरकारी कार्यालय १ दिनका लागि बिदा दिएर पृथ्वी जयन्ती उत्सवको रुपमा मनाउन लागिएको गोरखा नगरपालिकाका प्रमुख राजनराज पन्तले बताए। गोरखा संग्राहालय परिसरमा पृथ्वीनारायण शाहको पूर्णकदको सालिक रहेको स्थानमा विशेष समारोह आयोजना गरी पृथ्वी जयन्ती मनाइने उनले जानकारी दिए।

बन्दीपुरमा सिसाको भ्यू-टावर

कान्तिपुर संवाददाता (तनहुँ)

'पहाडकी रानी' का रुपमा परिचित बन्दीपुरमा पर्यटक आकर्षित गर्न सिसाको भ्यू-टावर बनाइने भएको छ। माघ महिनाभित्रै भ्यू-टावर निर्माणको काम सुरु हुने गाउँपालिका अध्यक्ष पुर्णसिंह थापाले बताए।

बन्दीपुरको टुँडिखेलमा निर्माण गरिने भ्यू-टावरका लागि करिब ३ करोड रुपैयाँ बजेट आवश्यक पर्ने थापाले बताए। उनले भने, 'जमिनको सतहबाट करिब ५ फिट अग्लो टावर निर्माण गरी दृश्यावलोकनको केन्द्र निर्माण गर्ने लक्ष्य छ।' बन्दीपुरमा निर्माण गरिएका भक्तपुरे शैलीका घर, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी तथा खड्गदेवी, विन्ध्यवासिनी र महालक्ष्मी मन्दिर लगायत स्थल पर्यटकको रोजाइ बन्ने गरेका छन्।

'बन्दीपुरमा बनेको भक्तपुरे शैलीका घर, यहाँको सुन्दर वातावरण र आकर्षणको रुपमा भ्यू-टावर पनि हुनेछ,' उनले भने, 'एकपटकमा १५ जनाले अवलोकन गर्न मिल्ने गरी भ्यू-टावरको डिपिआर तयार भएको छ। टावर निर्माणपछि गाउँपालिकालाई वार्षिक ३ करोड रुपैयाँ आम्दानी हुनेछ।'

तनहुँको बन्दीपुर गाउँपालिकास्थित टुँडिखेलमा शिशाको भ्यू टावरको प्रस्तावित गुरुयोजना।

तस्विर: कान्तिपुर

यहाँबाट अन्नपूर्ण, माछापुच्छ्रे, धवलागिरीलगायत हिमशृङ्खला तथा पहाडका टाकुरादेखि बेंसीसम्म अवलोकन गर्न सकिन्छ। भ्यू-टावरसँगै गाउँपालिकाको १० वर्षे गुरुयोजनामा पर्यटक आकर्षित गर्न विभिन्न योजना तयार हुँदैछन्। साहसिक पर्यटकलाई लक्षित गर्दै जीप फ्लायरको डीपीआरको कामलाई अघि बढाइएको छ। दक्षिण एसियाकै ठूलो दाबी गरिएको सिद्धगुफामा जीप फ्लायर बनाउन लागिएको हो।

विभिन्न पूर्वाधार बनाएर २० वर्षभित्र पर्यटकलाई कम्तीमा २ रात बन्दीपुरमा बास बस्न सक्ने बनाउनु नै गाउँपालिकाको लक्ष्य रहेको उपाध्यक्ष करुण गुरुङले बताइन्। 'विश्वभर प्रख्यात ऐतिहासिक पर्यटकीय नगरी बन्दीपुरको विकासका लागि विभिन्न पक्षलाई समेटेर गुरुयोजना बनाइएको हो,' गुरुङले भनिन्। बन्दीपुरबासीको सञ्जाललाई सक्रिय बनाई उनीहरूको आर्थिक, भौतिक तथा बौद्धिक क्षमतालाई बन्दीपुरको विकासमा प्रयोग गरिने लक्ष्य रहेको उनको भनाइ छ। 'नेपालमा गएपछि कता घुम्न जाने भन्दा, सबैभन्दा पहिले बन्दीपुर नै जाऊँ भन्ने बनाउन मन छ,' उनले थपिन्, 'काठमाडौं, पोखरा र सौराहाजस्ता पर्यटकीय केन्द्रहरूको बिचमा रहेको बन्दीपुरलाई केन्द्रको रुपमा विकास गर्ने गाउँपालिकाको सोच छ।'

तपाईंको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनश्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
कर्कट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारीक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल पौष २६ गते शनिबार तदनुरुप ११ जनवरी २०२० माघ कृष्णपक्ष प्रतिपदा रात्रिको ११:५० बजेसम्म उप्रान्त द्वितीया तिथि, पूर्नर्वसु नक्षत्र दिनको २:४० बजेसम्म उप्रान्त तिष्य नक्षत्र, वैधृति योग दिनको ३:३३ बजेसम्म उप्रान्त विष्कुम्भ योग, बालब करण दिनको १२:३९ बजेसम्म उप्रान्त कौलब करण, मिथुन राशिमा चन्द्रमा प्रातः ८:५० बजेसम्म उप्रान्त कर्कट राशिमा। ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्यूज
९:००	हवाट द फ्लप (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	हियर्ज टु लाइफ (रिपिट)
११:००	कान्तिपुर न्यूज
११:३०	सुमनसँग (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	फायरसाइड (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	मनी टक्स (रिपिट)
३:००	हवाट द फ्लप (रिपिट)
८:००	कान्तिपुर समाचार
८:३०	सुमनसँग (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	यू एण्ड आई
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हर्के हल्दार
१०:००	यू एण्ड आई (रिपिट)
१०:३०	कान्तिपुर न्यूज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्यूज रिपीटेड
१:३०	यू एण्ड आई (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हर्के हल्दार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, घनगदी, नेपालगन्ज

००:०५	दिव्य दृष्टि (दिवाकर पन्त)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (धलिसा)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:५०	ट्राफिक अपडेट
०९:५५	राष्ट्रिय गीत
०९:२०	रौली (भूपेन्द्र)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फेमिना (दिपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी
११:०५	फेमिना (दिपाञ्जली)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप अफ द टप्स (साञ्जरिका)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (महेश)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (महेश)
१५:००	कान्तिपुर डायरी
१५:५५	सौराई (कृष्ण मल्ल)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	द राहुल भृंजेल सो
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	फेनोमेनिक फ्राइडे (महेश/स्मिता)
१८:००	आद्या आकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	नो टेन्सन (दीपकराज/अनिबका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	प्लेटोनिक्स (सञ्जय गुप्ता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्यूज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी ज्योल्डी (स्मीता)
२३:००	इलिमेन्थ आवर (संजय)
२४:००	टप अफ द टप्स - रिपिट (संजय)
०१:००	कालजयी गीत-संगीत (भूपेन्द्र)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

पोखराका महत्वपूर्ण नम्बरहरु

रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस	०६१-५२१०२१
कास्की रेडक्रस	०६१-५२०३४०
दमकल सेवा	०६१-५२०२२२
शव बाहन सेवा (सिद्धार्थ क्लब)	०६१-५३०२००
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल	०६१-५२००६६/६७
मणिपाल शिक्षण अस्पताल	०६१-५२६१९६/९०/९८
गण्डकी मेडिकल कलेज	०६१-५४०२५३
हिमालय आँखा अस्पताल	०६१-४६१९६८
पोखरा विश्वविद्यालय, लेखनाथ	०६१-४६१०४६/४६१५४६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि ११११७/०६१-४६४८४१
क्षेत्रीय प्रहरी कार्यालय	०६१-४६२४००/९८४६०२८३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८४६०३५४९२
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०४१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-४६१०८८/९८४२६२०४७

बागलुङ

धौलागिरि अञ्चल अस्पताल	०६८ ५२०१९८/५२०२८८
रक्तसञ्चार केन्द्र	०६८ ५२०२७३
कालिका भगवती गुठी एम्बुलेन्स	९८४६२९६५००
गोरखा अस्पताल	०६४ ४२०२०८
स्याङ्जा जिल्ला अस्पताल	०६३ ४२०२३२
स्याङ्जा रेडक्रस एम्बुलेन्स	०६३ ४२०१५४
पर्वत जिल्ला अस्पताल	०६७ ४२०१९२/४२०१५४
पर्वत रेडक्रस एम्बुलेन्स	०६७ ४२०१६२
पर्वत प्रहरी/वाकण्यन्त्र	०६७ ४२०१००/४२०१९२
लमजुङ जिल्ला अस्पताल	०६६ ५२०१२५/५२०५५७
लमजुङ सामुदायिक अस्पताल	०६६ ५२०१८३
म्याग्दी जिल्ला अस्पताल	०६२ ५२०१०८
दमौली अस्पताल	०६५ ५६०२०३
नवलपरासी जिल्ला अस्पताल	०७८ ५२०५०३
स्याङ्जा बाग्लुङ अञ्चल	०६३ ४२०४०२
जिल्ला प्रहरी बागलुङ	०६८ ५२०१९२ र ५२०२९२
जिल्ला प्रहरी गोरखा	०६४ ४२०२३७
जिल्ला प्रहरी लमजुङ	०६६ ५२०१९८ र ५२०१९२
जिल्ला प्रहरी मनाङ	०६६ ४४०१९२
जिल्ला प्रहरी मुस्ताङ	०६२ ४४०१५६ र ४४००९८
जिल्ला प्रहरी म्याग्दी	०६२ ५२०१९२ र ५२०२९२
जिल्ला प्रहरी पर्वत	०६७ ४२०१९२
जिल्ला प्रहरी स्याङ्जा	०६३ ४२०१००/४२०१९२/४२०२८४
जिल्ला प्रहरी तनहुँ	०६५ ५६०१९२
इपका आँबुखैरेनी	०६५ ५४००९२
जिल्ला प्रहरी नवलपरासी	०७८ ५४०१००
लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१४४२०२०
बुद्ध सामुदायीक मृदु अस्पताल	०७१५४६१९७
महिला तथा बाल अस्पताल-आरठा	०७१५४४४५०
युनिमर्सल कलेज अफ मेडिकल साइन्सेस भैरहवा	०७१५०६३०
मीम अस्पताल भैरहवा	०७१५२०१९३
पृथ्वी चन्द्र अस्पताल पराशी	०७८५२०१९८
अर्घासाची जिल्ला अस्पताल	०७७४२०२५७
गुल्मी जिल्ला अस्पताल	०७५५२०१९८
कपिलवस्तु जिल्ला अस्पताल	०७६५६०२००
रेडक्रस एम्बुलेन्स भैरहवा	०७१-५२०२६३, ९४४६०२९१०४
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८६७३२६५४७
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१००४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४१२४४/४२४१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२९२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुशेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अज्ञावाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०९३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२६००६
नेपाल मिठर ह्यावर्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

रत्न मन्दिर र हिमागृह छिट्टै नखुल्ने

पोखरा (कास)- उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलले नेपाल ट्रस्ट मातहत रहेको पोखराको रत्न मन्दिर र हिमागृह सर्वसाधारणका लागि छिट्टै नखुल्ने संकेत गरेका छन् । ट्रस्टका अध्यक्षसमेत रहेका उनले बिहीबार पोखरामा पर्यटन व्यवसायीसँगको भेटमा अहिले नै मिति यकिन नहुने बताए ।

यी दुई संरचना खुला गरी पर्यटकीय गन्तव्यमा परिणत गर्न पोखरा पर्यटन परिषद्ले उनलाई ज्ञापनपत्र बुझाएको हो । पोखरेलले ट्रस्टले ती दुई स्थल व्यापारिक प्रयोजनका लागि दिएको भन्ने समाचारमा सत्य नभएको उल्लेख गरे । 'रत्न मन्दिर र हिमागृह विद्यमान कानुनलाई ख्याल गरेर यहींको प्रदेश र स्थानीय सरकारसँग परामर्श गरी के गर्दा अधिकतम उपयोग हुन्छ, त्यसरी नै गरिन्छ,' उनले भने, 'ठ्याक्कै तिथिमिति कहिलेदेखि भन्न सक्दिनँ ।' उनले प्रदेश र स्थानीय तहलाई पन्छाएर कुनै पनि कुरा नहुने जनाए । 'जे गर्छौं कानुनसम्मत गर्छौं,' उनले भने, 'कानुनलाई तोडेर अपारदर्शी ढंगले हुँदैन ।'

परिषद्का अध्यक्ष चिरञ्जीवी पोखरेलले रत्न मन्दिर र हिमागृह खुला गर्दा पर्यटकको बसाइ लम्ब्याउन सकिने बताए । 'गणतन्त्र स्थापनासँगै नारायणहिटी राजदरबार संग्रहालयमा रुपान्तरण हुँदै सर्वसाधारणको पहुँचमा पुगेको यत्ति वर्ष भयो,' उपप्रधानमन्त्रीसँग उनले भने, 'पोखरामा पनि यथाशक्य छिटो खुला गर्नुपर्छ ।'

परिषद्ले फेवाताल संरक्षण, एक्यापमा बहुप्रवेश अनुमति, विभिन्न अन्तर्राष्ट्रिय सहरसँग पोखराको सिधा हवाइ उड्डयन सम्झौता, पोखरा-भीमाद-चितवन-लुम्बिनी द्रुतमार्ग, अन्तर्राष्ट्रिय विमानस्थलदेखि फेवातालसम्म एक्सप्रेस वे, भिसा शुल्कमा सहुलियत, पर्वतारोहण शुल्क मिनाहा, पर्यटक बस टर्मिनल, विशेष पर्यटकीय क्षेत्र सम्बन्धमा उपप्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाएको थियो ।

सुस्त मनस्थितिकी महिला बलात्कृत

बुटवल (कास)- बोल्न र सुन्न नसक्ने ५० वर्षीया महिला सामूहिक बलात्कारमा परेकी छन् । शुद्धोधन गाउँपालिका-१ चंखीपुरका रामनाथ मल्लाह र कुलबहादुर पौडेलले बलात्कार गरेको परिवारको आरोप छ ।

परिवारले दुर्वैविरुद्ध इलाका प्रहरी कार्यालय बुटललमा किटानी जाहेरी दिएको छ । 'चिनजानकै व्यक्तिबाट सुस्त मनस्थितिकी आमा बलात्कारमा पर्नुभएको छ,' आफन्त रामु क्षत्रीले भने, 'नामै किटान गरेर उजुरी दिँदा पनि प्रहरीले खोजतलासमा बेवास्ता गरेको छ ।'

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार पुस २० गते साँझ ती महिला छिमेकीको घर गएकी थिइन् । फर्कंदा बाटोमा रक्सीले मात्तिएका उनीहरूले महिलालाई लतारेर खेतमा लगी बलात्कार गरेका थिए । रगताम्य अवस्थामा भेटिएकी उनलाई सुरुमा परिवारले प्राथमिक उपचार गरेको थियो । सामान्य अवस्थामा आएपछि उनीहरूले घटनाबारे स्थानीयलाई बताएका हुन् । स्थानीयले महिलाको इसाराका आधारमा बलात्कारमा संलग्नको पहिचान गरेका थिए । त्यसैका आधारमा पुस २२ गते छोराले उनीहरूविरुद्ध इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिएका थिए ।

घटना प्रहरीमा पुगेको थाहा पाएपछि आरोपित पौडेल र मल्लाह फरार छन् । डीएसपी भीमलाल भट्टराईले बलात्कारमा संलग्नको खोजी भइरहेको बताए । 'अपांगता भएकी महिलामाथि जघन्य अपराध भएको छ,' उनले भने, 'घटना पहिल्यै सार्वजनिक हुनु र ढिलो गरी उजुरी आउनुले आरोपित भागेका हुन् ।'

कोइलाबास सम्झँदै 'हटारु'

'पहिले गाउँबाट पैसा जम्मा गरेर सामान किन्न बजार पुग्नुपर्थ्यो । अहिले पैसा लिएर मानिस हामीलाई खोज्दै सामान लिएर गाउँमा आइपुग्छन्'

रोल्पाबाट नुन लिन दाङ र भारतको सीमामा पर्ने कोइलाबास पुगेको याद गर्दै पूर्वी रोल्पाको जेलबाङका हटारु । तस्बिर : काशीराम/कान्तिपुर

■ **काशीराम डाँगी** (रोल्पा)

कोइलाबास कुनै बेला दाङ, रोल्पा, प्यूठान, रुकुम, सल्यानलगायत जिल्लाको नुन किन्ने एकमात्र बजार थियो । रोल्पाबाट २२ दिनदेखि एक महिनासम्म एकतर्फी हिँडेर हटारु (भारी बोकेर नुन ल्याउने समूह) बनेर नुन किन्न जान्थे । पश्चिमी रोल्पाको घर्तीगाउँको झिनुवाबाट कोइलाबास पुग्न २८ दिन लाग्थ्यो । १० पटक नुन लिन हटारु बनेर कोइलाबास पुगेका झिनुवाका ६८ वर्षीय हीरालाल वलीले १ सय २० जना एकैसाथ पुगेको सम्झिए । 'ठूलै जत्थामा हिँड्दा निकै रमाइलो हुन्थ्यो । घरैबाट खाना बोकेर नुन लिन जाँदाको रमाइलो क्षण अब सुन्नेलाई किंवदन्ती जस्तो बनेको छ,' उनले भने, 'झिनुवाबाट कोइलाबास पुग्न आठवटा भन्दा बढी त खोल्सा र डाँडामा बास बस्नुपर्थ्यो ।'

घरबाट निस्केपछि हटारुको जत्था हान्जाबाङ, त्रिवेणी, दहवन, तोसपेदा, भैंसे गोगली, मसौट खोला, गढवा, अम्बास र चोरखोलीमा बास बसेपछि मात्र अर्को दिन कोइलाबास पुग्थ्यो । कोइलाबासमा नुन, कपडा र भेली किन्न आठ दिन लाग्थ्यो । पहिलो दिन त उछिट्टेलाई नचाउन लाग्थ्यो । कोइलाबास पहिलोपटक जानेलाई उतिबेला 'उछिट्टे' भन्ने चलन थियो र उसलाई गुड (भेली मिठाई) का डल्लाले हानेर स्वागत गर्ने चलन थियो । यो चलन कोइलाबासका पसलेले नै सुरु गरेका थिए । नुन लिने टोलीका प्रमुखले ती 'उछिट्टे' लाई बेस्सरी नचाउँथे पनि ।

त्यसपछि मालुका पात टिप्न, नुनलाई पोकामा राखेर भारी बनाउन एक साता लाग्थ्यो । 'घरबाट लगेको जिनिस बेचेपछि मात्रै के किन्ने भन्ने निर्णय हुन्थ्यो,' उनले भने, 'आधा महिना हिँडेर घरबाट बजार पुग्दा निकै आनन्द हुन्थ्यो ।' कोइलाबास पुगेर पात टिप्ने, बाबियो खोज्ने र डोरी बनाउने काम अगुवाले गर्थे भने अन्यले सघाउने चलन थियो । घरबाट निस्केपछि कोइलाबास पुग्नुअघिको बाटो आसपासका गाउँमा खर्च (बाटोमा खाने अन्न) राख्दै झर्ने र फर्कंदा लिने चलन थियो । जुन घरमा खर्च राखिएको हुन्थ्यो, त्यही घरमा मिठाई (भेली) बाँड्ने गरेको वलीको सम्झना छ । हटारुले तलतिर झर्दा बास बस्ने ठाउँ नजिकैका घरमा अन्नका पोका-पन्तुरा झुन्ड्याई छाड्थे ।

कोइलाबासबाट नुन लिन कम्तीमा एक दर्जन गाउँका हटारु एकैसाथ जान्थे । त्यसो गर्दा सुरक्षा, सरसहयोग र रमाइलो यात्रा महत्त्वपूर्ण मानिन्थ्यो । कोइलाबास पुगेर नुनको भारी बोकेर साथै आएका साथीहरू पर्सराम खड्का, वीरबहादुर खड्का, शशे खत्री र म्याउसे वलीलगायतसँग उनको अहिले पनि भेट भइरहन्छ । उनको टोलीमा ओत, झिनुवा, जिनाबाङ, पाखापानी, पाछाबाङ, राँकलगायत गाउँमा हटारु साथै जान्थे । उनीहरूले गाउँबाट कोइलाबास जाँदा वनका जडीबुटी, टिम्मुर, घिउ, मह, सिमी र भटमासलगायत जिनिस बेच्न लैजान्थे । पश्चिमी रोल्पाका धेरै गाउँका हटारुको हाङजाबाङ गाउँ बास बस्ने मुख्य थलोमध्येको एक थियो । हटारुलाई घरमै बास बस्न दिएकामध्येका ७५ वर्षीय झुपल डाँगीले भने, 'ती दिन रमाइला थिए । हटारु र हामीबीच गज्जबको मित्रवत् सम्बन्ध थियो ।'

जेलबाङबाट २२ दिनमा कोइलाबास

जेलबाङबाट हटारुलाई कोइलाबास पुग्न २२ दिन लाग्थ्यो । 'आउँदा र जाँदा करिब दुई महिनै लाग्थ्यो,' जेलबाङका ८० वर्षीय ढाँट परियारले सम्झिए, 'म नुन लिन कोइलाबास कम्तीमा ६/७ पटक पुगेँ ।'

अहिले नुन, तेल, लत्ताकपडा र औषधिलगायत अत्यावश्यक सामग्री घर छेउमै आइपुग्छ । सडक भए गाडीले ल्याइदिन्छ, नभए घोडा-खच्चड प्रशस्तै छन् । कोइलाबास जाँदा हिँडेको र बास बसेको बाटोको याद अझै छ हटारु ढाँटसँग । ठूलो समूहमा हिँड्दा यात्रा लामो हुने बताउँदै उनले जेलबाङबाट कोइलाबास पुग्दा बाटैभरि बास बसेको ठाउँको याद गरे । जेलबाङबाट नुन लिन कोइलाबासका लागि यात्रा थालेपछि बाटोमा हाङ्जा, छिर्ने, घोरालखोला, काँडाबास, लिवाडी आँप, राम्चे, देउराली, धौलाबाङ, घोराही, लमही र कोइलाबासलगायत ठाउँ भेटिन्थे । ती स्थानमा नुन बोक्ने हटारुहरू कैयौंपटक बास पनि बसेका छन् ।

'जहाँ रात पर्छ, त्यहीं बास बस्थ्यौं,' ढाँटले सम्झिए, 'मानिसको डर थिएन । भूतप्रेत लाग्ला भन्दै चनाखो हुन्थ्यौं ।'

जेलबाङसम्मै सडक पुगेकाले अब उनलाई नुन बोक्नैरै खानुपर्ने बाध्यता छैन । बढी किनमेल गर्न उनी मोटरमै सुलिचौर बजार झर्छन् । नुन, तेल, खाद्यान्नलगायत सामान किन्न उनका छोरानाति जान्छन् । मुलुकमा राजनीतिक परिवर्तन, विकासमा नयाँ ढाँचा, फेरिएको समय, बजारीकरण र सडकको विकासले जीवनमै व्यापक फेरबदल आएको उनको अनुभव छ । 'अब कोइलाबास जानै पर्दैन,' उनले भने, 'बाटोको विकासले उहिले कोइलाबासमा व्यापार गर्ने व्यापारीहरू अहिले रोल्पा-रुकुम-सल्यानका कुना कन्दरासम्म पुगेका छन् । सजिलो छ अहिले ।'

जेहोस्, व्यापारीलाई व्यापार व्यवसायले मन तानेजसरी जेलबाङका यी वृद्धहरूलाई गाडी देख्ने र चढ्ने रहरले मन तानेको छ । पूर्वोत्तर रोल्पाको जेलबाङ गाउँका उनीहरू अहिले सुलिचौर, लिवाङ र दाङसम्म आवतजावत गर्दा गाडी चढ्छन् । पूर्वी रोल्पाको जेलबाङ घर भएका सुनछहरी गाउँपालिकाका अध्यक्ष आसबहादुर पुनमगरले नुन, तेल र कपडा किन्न अब कोइलाबास पुग्नु नपर्ने समय आएको बताए । विगतको विकटता हटाउन विकासका योजना अघि सारिँ आएका उनले भने, 'अहिलेसम्म सडक गाउँमा पुग्नुएका छौं । अब सडकमार्फत गाउँको बहुआयामिक फाइदा हुने गरी विकासका सम्भावना वृद्धि गर्ने हो ।'

उहिले हटारु, अहिले यात्रु

बैंसमा गाडी चढ्न नपाए पनि अहिले हटारुहरू गाडी चढेर यात्रा गर्छन् । 'गाडी सफा र चिल्लो हुने रहेछ, छाम्न पाए झन् मज्जा,' पहिलोपटक गाडी देखेपछिको प्रसंग जेलबाङका ९० वर्षीय अति रोकाले सम्झिए । गाउँकी बाटीसरा विकसँग जेलबाङबाट सुलीचौर हुँदै लिवाङसम्मै गाडी चढेको अनुभव छ । हेर्न र औषधि खान उनी लिवाङ पुगेकी थिइन् । यहाँकी ८० वर्षीया गुठी रोकासँग पनि गाडी चढेर दाङ झरेको अनुभव छ । 'मेरो जेठो छोरोलाई भेट्न कपिलवस्तुको शिवपुर पनि गाडीमै पुगेकी छु,' उनले भनिन् ।

उहिलेको जमानामा अहिलेजस्तो गाडी देख्न कहाँ पाइन्थ्यो र ! त्यो पनि गाउँमा । अहिलेको कुरा गर्ने हो भने गाउँमा सडक पुगेको छ । सानै भए पनि गाडी आएका छन् । गाडी नदेख्ने वा नचढ्ने कमै होलान् । तर वृद्धवृद्धालाई सजिलो छैन । बढ्दो उमेर, बसाइ नै असजिलो हुन्छ, त्यसमा सबै गाउँमा भनेकै बेला पनि गाडी चढिहाल्न पनि मिल्दैन । ८० वर्षीया चामसरी परियारले भनिन्, 'सुलीचौरबाट बुटवलसम्म गाडी चढ्दा केही सास्ती भयो । उल्टी भयो, टाउको दुख्यो, जीउ भारी भएर आयो ।' उहिले उहिले नुन-तेल बोक्न महिनौं हिँडेर भारतीय सीमासम्म पुग्दा पनि गाडीको नाकमुख देखिन्थ्यो । हिँडेरै आवत-जावत गर्नुपर्थ्यो । 'नुन किन्न कोइलाबास पटकपटक पुगेको छु,' गाडी चढ्ने अवसर नपाएका अति रोकाले भने, 'मैले त्यसबेला न गाडी देखें, न चढ्ने मौका पाएँ । अझै गाडी चढेको छैन । देखेको भने छु ।'

घरबाट निस्कनु नपरेकाले उनले गाडी नचढेको बताए । यस्तै ५० वर्षकी खोष्टी सुनारले नजिकको बजार सुलिचौरसम्म पनि गाडी चढेर जाने अवसर नपाएको सुनाइन् । सडक पुगेपछि गाउँको विकास सम्भव भएको जेलबाङका पूर्वशिक्षक चन्द्र बुढा शेषले बताए । उनका अनुसार सडक निर्माणपछि गाडी गाउँमा ल्याएपछि फर्कंदा गाउँका जिनिस (घरेलु उत्पादन र जडीबुटी) बजार पुग्याएर बेच्न सक्नुपर्छ । यस्तो चलन भए मात्रै गाउँको आयस्तर वृद्धि हुन सक्छ । सडक बनेकाले भित्री गाउँमा पनि उत्पादन क्षेत्रलाई प्राथमिकता दिनुपर्ने बेला आएको उनले बताए । 'पहिले गाउँबाट पैसा जम्मा गरेर सामान किन्न बजार पुग्नुपर्थ्यो । अब पैसा लिएर मानिस हामीलाई खोज्दै सामान लिएर गाउँमा आइपुग्छन्,' उनले भने ।

'झापा विद्रोह'का योद्धालाई बेवास्ता

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

डेराको साघुँरो कोठा । तीन जनाको परिवार अट्न मुस्किल । भित्र ठाउँ नभएपछि ७० वर्षीय बयोवृद्ध टंकप्रसाद चौधरी बरन्डामा सुत्छन् । ओढ्ने, ओछ्याउने गतिलो छैन । पुसको चिसोले चौधरीको कम्मरको बिराम झन बढेको छ । दैनिक औषधि नखाई हुँदैन । आम्दानीको स्रोत छैन । आफ्नो नाममा एक धुर जमिन छैन । बुढेसकालमा कमाएर खुवाउने छोरा पनि छैन । 'झापा विद्रोह' मा ९ वर्ष ३ महिना कठोर जेल जीवन बिताएका टंकप्रसाद हाल बिर्तामोड नगरपालिका ४ मा एउटा सानो कोठामा कष्टले दिन बिताइरहेका छन् ।

श्रीमतीले दुई-चार गाउँ डुलेर साग-सब्जी किनेर ल्याउँछिन् अनि नजिकैको बिर्ता बजारमा बेच्छिन् । त्यो आम्दानीले तेल-नुन किन्न सघाउ पुग्छ । कान्छी छोरी सन्ध्यावतीले मिस्त्री काम गरेर चामल र डेराभाडा धानेकी छन् ।

०२८ सालको झापा विद्रोहकै अर्का योद्धा केपी शर्मा ओली मुलुकको प्रधानमन्त्री बनेका छन् । सीपी मैनालीसहितका कैयन् नेता मन्त्री, सांसद बने । उनीहरूले श्रीमती, छोरा-छोरी र आफन्तहरूलाई समेत सांसद तथा राज्यको उच्च ओहोदामा पुऱ्याए । तर, टंकप्रसादसँग शिर लुकाउने छानो छैन । जेल बसेर आएको हुँ भनेर उनले कुनै नेतासँग सहयोग पनि मागेनन् । चुपचाप बसे । जसरी जीवन चल्यो, चलाए ।

२३ वर्षका लक्का जवान थिए, टंकप्रसाद । विवाह गरेको एक वर्ष पुग्दै थियो । ०२९ मंसिर महिना थियो । उनी बुबा रामदुलालसँगै खेतमा धान काटिरहेका थिए । अचानक हतियारसहित आएका प्रहरीले बुबाछोरालाई नै नियन्त्रणमा लिए । गाडीमा हालेर चन्द्रगढी पुऱ्याए ।

कम्युनिस्टमा लागेको आरोपमा टंकप्रसाद चौधरीसँगै उनका बाबुलाई पनि पक्राउ गरियो । बाबुछोराले ९ वर्ष ३ महिना जेलमा काटे ।

चन्द्रगढीमा प्रहरीले यातना दिँदै कबुल गराउन थालेपछि मात्रै टंकप्रसादले थाहा पाए, 'कम्युनिस्ट पार्टी' मा लागेको भनेर गिरफ्तार गरिएको रहेछ । 'हामीले हात जोडेर अनुनयविनय गऱ्यौं । कुनै पार्टीमा नलागेको भन्यौं,' टंकप्रसादले भने, 'प्रहरीले हाम्रो कुरा सुन्दै सुनेन । उल्टै हामीलाई थाहा छ भन्दै यातना दिएरहे ।' विपन्न परिवारका उनीहरू मालिकको खेत अधियाँ गर्थे ।

गिरफ्तारीको एक वर्षसम्म चन्द्रगढीमा चरम यातना दिइएको उनले सुनाए । 'पाइतलामा घाउ नै घाउ भएको थियो । शरीरमा चोट नलागेको ठाउँ थिएन,' उनले भने, 'खुर्सानी-पानी नाकमा हालेर कुट्थ्यो । हातका औंलामा सियोले घोच्थ्यो ।'

एक वर्षसम्म चरम यातनापछि चौधरी बुबाछोरालाई वीरगन्ज कारागार चलान गरियो । जीवनको ऊर्जाशील उमेर कारागारको चिसो छिँडीमा बिताएका टंकप्रसादलाई कुनै कम्युनिस्ट नेताले खोजी गरेनन् । हालत सोध्न गएनन् ।

'जेल बसेको ९ वर्ष ३ महिनापछि तिमीहरू निर्दोष रहेछौ भनेर हामी बाबुछोरालाई छोड्यो,' मंगलबार बिर्तामोड नगरपालिका कार्यालयमा भेटिएका उनले विगत सम्झिए । फर्किएर तत्कालीन गरामनी गाविस-८ नडियाबारी आइपुग्दा घरमा पत्नी थिइनन् ।

गाउँको परिवेश फेरिएको थियो । तर उनले गाउँ छोडेनन् । ज्याला-मजदुरी गरेर जीवन चलाए । जेलमुक्त भएको तीन वर्षपछि बुबा बिते । एक्लो बनेका उनले बौरीदेवीसँग दोस्रो विवाह गरे । दुई छोरीका बुबा टंकप्रसादले जीवनभरि पैसा कमाएर एउटा टहरासम्म उभ्याउन सकेनन् । अहिले बस्दै आएको कोठाको मासिक १२ सय रुपैयाँ तिर्नुपर्छ ।

कम्युनिस्ट आन्दोलनमा कठोर जेल जीवन बिताएको भन्दै टंकप्रसादलाई नेकपा, बिर्तामोडका स्थानीय कार्यकर्ता विदुरप्रसाद तिवारी (भक्ति) ले साढे ५ धुर जमिन निःशुल्क दिएका छन् । उनले टंकप्रसादलाई जग्गाधनी पुर्जा नै दिइसके । उक्त जमिनमा बिर्तामोड नगरपालिकाले घर निर्माण गरिदिन लागेको मेयर ध्रुवकुमार सिवाकोटीले जानकारी दिए ।

'बोल्दा छुन्छन्, गाडीमा रेट सोध्छन्'

■ **अमृता अनमोल** (बुटवल)

डाडकी कमला नेपालीका पुरानो पुस्ताका महिलाले धेरै वर्षअघि देह व्यापार गर्थे । त्यसकै आम्दानीले घरखर्च चलाउँथे । अहिले त्यस्तो बाध्यता हटिसक्यो । उनीहरू आयआर्जनका वैकल्पिक पेसामा संलग्न छन् । कमलाको पुस्ताले त्यस्तो बेहोर्नु परेन । तर, अघिल्लो पुस्ताले गरेको देह व्यापारको असर अहिले पनि भोग्नुपर्दा दुःखी हुन्छिन् । अघिल्लो पुस्ताले पुस्ताको दाग लागेकोमा उनीहरू चिन्तित छन् ।

'बादी महिला भन्नासाथ अपरिचितको अनुहार फेरिन्छ । गाडीमा हिँड्दा दररेट सोध्छन् । बोल्दा संवेदनशील अंग छुन्छन् । चिमोट्न र टाँसिन खोज्छन्,' १८ वर्षीया कमलाले भनिन्, 'भविष्य बनाउन खोज्ने हामी किशोरीलाई बचेर हिँड्नै दुःख छ ।' कमला सिलाइ सिक्दै काम गरिरहेकी छन् । १५ वर्षयता आमा र हजुरआमा मजदुरीका काम गरिरहेका छन् । घोराही-१४ पक्रैयाका ३० परिवारले आयआर्जनका विकल्प अपनाएका छन् ।

देह व्यापार र नाचगानबाट जीविका चलाउँदै आएको र घुमन्ते जीवन बिताउने समुदाय अहिले जीविकोपार्जनका विभिन्न काममा लागेको छ । पुरुष मजदुरीका लागि भारत जान्छन्, केहीले मादल, सुल्पा, हुक्का, चिलिम, माटाका भाँडा बनाउँछन् । माछा मार्छन् । मजदुरी गर्छन् । समुदाय परिवर्तन भयो । तर, उनीहरूप्रति सामाजिक दृष्टिकोण भने फेरिएको छैन । त्यसको असर हुर्कंदै गरेका किशोरीले भोगिरहेका छन् । डाडको तुलसीपुर-६ मोतीपुरकी सन्जु नेपाली त्यसैमध्येकी हुन् । 'बादी महिलाले यौन पेसा नै गरे हुन्थ्यो भन्ने धेरै छन् । हाम्लाई समेत पाइला-पाइलामा लुट्न खोज्छन्,' उनले भनिन्, 'बादी केटीहरू देख्दा सिठी फुक्ने, आँखा झिम्क्याउने, जिब्रो पड्काउने र ओठले चुम्बन गरेको इसारा गर्ने त कति छन् कति !' कसैले अहिलेको दुःखभन्दा पहिलेकै सुख राम्रो भनेरसमेत गिज्याउने गरेको उनले बताइन् ।

जनगणना-२०६८ अनुसार मुलुकभर बादी समुदायको जनसंख्या ३८ हजार ६ सय ३ छ । त्यसमा महिला २० हजार ३ सय ५ छन् । पुरुष १८ हजार २ सय ९८ छन् । प्रदेश ५ का विभिन्न जिल्लामा यो समुदायको संख्या ७ हजार ८ सय ८६ छ । प्रदेशका १२ वटै जिल्लामा यो समुदायको बसोबास छ । सरकारले २०६५ सालमा बादी समुदायलाई यौन शोषणमुक्त घोषणा गऱ्यो । यसपछि खुलेआम हुँदै आएको देह व्यापार हट्यो । तर समुदायको पुनःस्थापनाका लागि कुनै योजना र रणनीति बनेन । यही कारण उनीहरूको आर्थिक र सामाजिक सशक्तीकरण हुन सकेको छैन । फलस्वरूप कमला र सन्जुजस्तै धेरै किशोरीले अहिले पनि दुर्व्यवहार र लान्छना सहनु परिरहेको छ । बुटवलमा आयोजित बादी समुदायको

बुटवलमा आयोजित बादी समुदायको पहिचान र अवस्था विषयक कार्यक्रममा सहभागी उक्त समुदायका प्रतिनिधि । तस्बिर : अमृता/कान्तिपुर

पहिचान र अवस्था विषयक कार्यक्रममा सहभागी हुन आएका उनीहरूले निर्धक्क भएर आफ्ना गुनासा पोखेका हुन् । 'कहिलेकाहीं त आफ्नै सरहरूले पनि गिद्धे नजर राखे । छिमेकीले पनि हिंसा गरे,' घोराहीकी सुजाता नेपालीले भनिन्, 'छुने, मुसार्ने, गढेर हेर्ने र यौन इसारा गर्नेलाई सामान्य मानेर सहँदै आयौं । हाम्रो समुदायले यस्तो हिंसा सहनुपर्छ भन्ने सिक्यौं । पहिले त हिंसा हो भन्ने नै थाहा पाएनौं ।' सुजाता अहिले घोराहीमा ब्युटिपार्लरको तालिम लिइरहेकी छन् । सीप सिकेपछि वैदेशिक रोजगारीमा जाने उनको योजना छ । 'तर पनि धेरै पुरुषले देह व्यापारमै लाग्न र नांगिन लोभ्याउने गरेका छन् । अरू काम गर्छु भन्दा पनि पत्याउँदैनन्,' उनले भनिन्, 'साह्रै दुःख लाग्छ ।'

देह व्यापार छोडेर अन्य काममा लागेका महिलाको त बयान गरिसाध्य छैन । झन्डै ३० वर्ष देह व्यापार गरेकी सुन्दरी नेपालीले अहिले पनि धेरै पुरुष वरपर डुल्ने र लोभ्याएर यौन बाध्यतामा फसाउन खोज्ने बताइन् । 'अधिकांश पुरुष हामी ढाकिँदा पिरोलिएका छन् । उनीहरूमा कहिल्यै पूरा नहुने यौन प्यास छ,' उनले भनिन्, 'त्यो प्यास अब हाम्रा किशोरी छोरीबाट मेट्न चाहन्छन् ।' यही कारण समुदायका किशोरी अगाडि बढ्न नसकेको उनले बताइन् । 'हामीसित नांगिने पुरुष समाजका अगाडि ढाकिन्छन् । हाम्रा छोरीचेलीलाई सधैं नंग्याउन चाहन्छन्,' उनले भनिन्, 'तिनकै कारण आत्मसम्मानले बाँच्न पाएका छैनौं ।'

उक्त समुदायकी अधिकारकर्मी मीना नेपालीका अनुसार पहिले-पहिले यस समुदायमा जीवन चलाउने अरू उपाय थिएन । यसैले आफ्नै घर र परिवारका अगाडि नांगिएका थिए । यौन तृष्णा मेटाएर त्यसबापत केही कमाएका थिए । अहिले त्यस्तो अवस्था छैन । 'हामी अहिले जसोतसो ढाकिएका छौं । तर, हाम्रा छोरीचेलीमाथि कुदृष्टि राखिरहेका छन्,' उनले भनिन्, 'यही सोच फेर्न नसक्दा दिनदिनै नांगिएझैं लाग्छ ।'

अहिले पनि कतिपय होटल-रेस्टुराँमा देह व्यापार छ । अरू समुदायका महिलाले पनि त्यसैलाई जीविकोपार्जनको माध्यम बनाएका छन् । तर, उनीहरूको चर्चा हुन्न । बादी अधिकारकर्मी नेपालीले भनिन्, 'प्रहरीले रंगेहात पक्राउ गर्दा पनि बादी महिला भनेर नसोधी किटान गर्छ ।'

बादी समुदायको समग्र विकासका लागि थुप्रै समुदायमा आधारित सामाजिक संस्थाको स्थापना भएका छन् । समुदायको उत्थानका लागि क्रियाशील कमिट नेपालका अध्यक्ष प्रकाश नेपालीले प्रभावकारी नीति र योजना नभएका कारण समुदाय परिवर्तन गरे पनि दीर्घकालीन विकास गर्न नसकेको बताए । 'बादी महिलाको बाध्यात्मक देह व्यापारमा कति पुरुष रमे, रमाए । उनीहरू बदनाम भएनन् । सधैं सम्मानित भए,' उनले भने, 'हाम्रो पुस्ता देह व्यापारमै नहुँदा पनि अपमानित हुनु दुर्भाग्य हो ।' प्रदेश सरकारले यौन पेसा गरेर परिवार पाल्ने अवस्था अन्त्य गरी बादी समुदायलाई अगाडि बढाउन शिक्षा र रोजगारीमा सहयोग गर्ने योजना बनाएको छ ।

बादी समुदायलाई अरू जातिसरह आत्मसम्मानले बाँच्न सक्ने बनाउन शिक्षा, स्वास्थ्य र रोजगारीका प्याकेज सञ्चालन हुने सामाजिक विकासमन्त्री सुदर्शन बरालले बताए ।

मार्टिन्सको दुई गोल

संकटाको फराकिलो जित । १६

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

भुमरीमा दीपिका

'छपाक' बहिष्कार ट्रेन्डमा । ९

वर्ष २७ अंक ३२० बुटवल | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

NEPAL GEM & JEWELLERY ASSOCIATION
PRESENTS

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

GJE
3rd Nepal
GEM & JEWELLERY
EXPO 2020
Taking Nepalese Jewellery Globally

HOTEL SOALTEE CROWN PLAZA
Kathmandu, Nepal

Nepal's Exclusive Jewellery Exhibition

11-12 January, 2020, 10am - 6pm

More than 26 reputed jewelers under one roof

Large Variety of Gems & Jewelleries

Wedding Jewelleries

ORGANIZED BY
NEPAL GEM & JEWELLERY ASSOCIATION
FNCCI
Nepal Tourism Board www.welcomenepal.com

ENDORSED BY
Trade and Export Promotion Centre
Ministry of Industry Commerce and Supplies

MAIN SPONSOR: कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED

DIAMOND SPONSOR: Warsteiner PREMIUM GERMAN BEER, TVS

DIAMOND SPONSOR: अर्घाखाँची सिमेन्ट प्रा.लि., MORRIS GARAGES, लक्ष्मी बैंक

SILVER SPONSOR : HIMALAYA AIRLINES, PRIME BANK LTD., SiddharthaBank, सिद्धार्थ इन्स्योरेन्स लिमिटेड Siddhartha Insurance Limited, BAJAJ, Global IME Bank

SUPPORTING PARTNERS : GARUD SECURITIES P. LTD., Godrej, Radisson HOTEL KATHMANDU, SOALTEE CROWNE PLAZA KATHMANDU

MAKE-UP: MAKE-UP STUDIO PROFESSIONAL AMSTERDAM

MAGAZINE PARTNERS : SHINE, N-MAG SOCIAL NETWORK MAGAZINE

MEDIA PARTNERS : KANTIPUR HD

EVENT MANAGED BY : EVENT sansar.com

मार्टिन्सको दुई गोल
संकटाको फराकिलो जित । १६

भुमरीमा दीपिका
'छपाक' बहिष्कार ट्रेन्डमा । ९

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३२० बुटवल | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

सत्तारूढ दलका नेता र सरकारका उच्च अधिकारीको प्रतिबद्धता

'निजी क्षेत्रको मनोबल टुट्न दिन्नौं'

कान्तिपुर संवाददाता (काठमाडौं)

सत्तारूढ दलका नेता तथा सरकारका उच्च अधिकारीहरूले निजी क्षेत्रको मनोबल टुट्न नदिने प्रतिबद्धता जनाएका छन् ।

राजधानीमा बिहीबार आयोजित 'कान्तिपुर इकोनमिक समिट २०२०' मा सत्तारूढ नेकपाका नेता, बहालवाला तथा पूर्वअर्थमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष र सरकारका उच्च अधिकारीहरूले अहिले निजी क्षेत्रले केही असहज महसुस गरिरहे पनि मनोबल टुट्न नदिने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

समिटमा 'नेपाली अर्थतन्त्र : वर्तमान अवस्था र भावी दिशा' शीर्षकको छलफलमा सहभागी अर्थमन्त्री युवराज खतिवडाले विभिन्न तहका सरकारले निर्धारण गरेको करका कारण निजी क्षेत्रले असहज महसुस गरे पनि अब त्यस्तो नहुने बताए । संघ, प्रदेश र स्थानीय तहका सरकारले लगाएको करसम्बन्धी समस्या समाधान भइसकेको उल्लेख गरे । 'कर क्षेत्रको सुशासनमा सरकारको ध्यान जानेछ,' उनले भने । जनता र निजी क्षेत्रले तिरेको कर सदुपयोग हुनेमा आश्वस्त पार्दै उनले भने, 'अब कर बढ्दैन ।' उनले कर्पोरेट कर नबढेको र भन्सार महसुलमा मात्रै केही परिवर्तन गरिएको बताए ।

समिटका क्रममा निजी क्षेत्रको मनोबल शीर्षकको छलफल सत्रमा राजस्व सचिव शिशिर ढुंगानाले निजी क्षेत्रलाई सरकारले संकुचित नपारेको दाबी गरे । 'निजी क्षेत्रको मनोबल उकास्न आवश्यक अनुदान दिएका छौं,' उनले भने, 'लगानीकर्ताका लागि पूर्वाधार निर्माण र सुरक्षालाई पहिलो प्राथमिकतामा राखेका छौं ।'

'निजी क्षेत्रको मनोबल' शीर्षकको अर्को छलफलमा पूर्वअर्थमन्त्री एवं नेकपाका महासचिव विष्णु पौडेलले पनि निजी क्षेत्रको विश्वास जित्न कुनै कसुर बाँकी नराख्ने बताए । 'निजी क्षेत्रले लगानी गरेअनुसार अपेक्षा पनि गरेका हुन्छन् । उनीहरूले जोखिम कम खोजेका हुन्छन् । सीमित लगानीमा केही मुनाफा खोज्छन्,' उनले भने, 'सरकारले निजी क्षेत्रको कठिनाइ हेर्छ ।' सरकारले मात्र नभई नेकपाले पनि निजी क्षेत्रसँग घनिष्ठ सहकार्य गर्न चाहेको उनले बताए ।

लोकतान्त्रिक विधि र आर्थिक प्रणालीबाट चल्ने मुलुकमा निजी क्षेत्र आवश्यक पर्ने उल्लेख गर्दै उनले भने, 'निजी क्षेत्रलाई साथमा नलिई समृद्धि आउँदैन । निजी क्षेत्रको विश्वास जित्न र मनोबल उठाउन सरकारले कुनै संकोच राख्दैन ।' उनले निजी क्षेत्रलाई समस्या पर्ने कुनै कानुन भए तिनलाई संशोधन गर्न सकिने आश्वासनसमेत दिए ।

सोही छलफलमा राजस्व सचिव शिशिर ढुंगानाले पनि निजी क्षेत्रलाई सरकारले प्रोत्साहन गरिरहेको धारणा व्यक्त गरे । 'निजी क्षेत्रको मनोबल बढाउन सरकारका तर्फबाट सक्दो सहयोग गरेका छौं,' उनले भने, 'सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न चाहेको छ, त्यसैले राजस्वमा मात्रै जोड दिएका छैनौं ।' सरकारले ऐन, कानुन बनाउँदा पनि निजी क्षेत्रसँग छलफल गरेको उनले स्मरण गराए ।

कार्यक्रममा प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमालले निजी क्षेत्रसँगको सहकार्यमा ठूला आयोजना निर्माण गर्न सरकारले सार्वजनिक-निजी साझेदारी ऐन तयार पारिसकेको जानकारी दिए । **बाँकी पृष्ठ १३**

पृष्ठ ११/१२

- निजी क्षेत्र भन्छ- 'नीतिभन्दा नियतले समस्या'
- कसरी जुटाउने पूर्वाधारमा लगानी ?
- 'जनताको पैसा सुरक्षित गर्न वित्तीय क्षेत्र नियन्त्रण'
- 'सरकारले पूर्वाधार, निजीले उत्पादनमूलक क्षेत्रमा लगानी'

काठमाडौंमा बिहीबार आयोजित 'कान्तिपुर इकोनोमिक समिट-२०२०' को 'नेपाली अर्थतन्त्र : आजको अवस्था र भोलिको दिशा' शीर्षक छलफलमा सहभागी वक्ताहरू बायाँबाट क्रमशः अर्थमन्त्री युवराज खतिवडा, पूर्वअर्थमन्त्रीद्वय रामशरण महत र प्रकाशचन्द्र लोहनी, नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणा र प्रस्तोता विश्व पौडेल ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/ कान्तिपुर

आर्थिक बहसको खाँचो

संस्थागत पूर्वाधारबिना न लोकतन्त्र खँदिलो हुन्छ, न विकास समावेशी र न्यायोचित नै



प्रा. पीताम्बर शर्मा
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

नेपालमा खास गरेर आर्थिक विकास र नीतिहरूबारे सार्वजनिक फोरमहरूमा बहस, संवाद गर्ने र विषयको गम्भीरतालाई जनसाधारणमा सम्प्रेषण गर्ने स्थापित परम्परा छैन । भारतका विश्वविद्यालयको नक्कल गरेर विकसित हाम्रो प्राज्ञिक परम्परामा बेलामौकामा हुने गोष्ठी कर्मकाण्ड जस्तै छन् । दीर्घकालीन महत्त्वका वा समसामयिक विकासका विषयहरूमा विश्लेषण गर्ने प्राज्ञिक अनुसन्धानको खडेरी नै छ । व्यावसायिक संघसंस्थाका गोष्ठी र सम्मेलन आफ्ना मागहरूको सार्थकता वा सरकारी नीतिप्रति आफ्नो धारणा व्यक्त गर्ने फोरमभन्दा बढी हुने गर्दैनन् । विचार मन्थन गर्ने भनिएका सरकारी निकायहरूको निरीहता तथ्यको विश्लेषणमा आधारित नीति निर्माणभन्दा खास आग्रहद्वारा प्रेरित नीति र कार्यक्रमको पृष्ठपोषणमा झल्कन्छ ।

बहस र संवाद लोकतन्त्रको सबैभन्दा राम्रो पक्ष मानिन्छ । यसले सुन्ने-सुनाउने, बुझ्ने-बुझाउने, परिमार्जन गर्ने-गराउने एउटा खण्ड बनाउँछ । जब बहस, संवाद र प्रतिस्पर्धा कुण्ठित हुन्छ, तब तथ्य र प्रमाणलाई 'वैकल्पिक कथ्य' ले विस्थापित गर्छ । लोकतन्त्रका लागि यो सबैभन्दा घातक स्थिति बन्छ ।

पञ्चायतकालको राजाको निरपेक्ष शासनमा बहसलाई कुनै स्थान थिएन । पञ्चायतको अन्त्यकालताका सन् १९८५ मा बृहत् आर्थिक सन्तुलन कायम गर्ने नाममा संरचनात्मक समायोजन कार्यक्रम लागू गरियो । उद्योग, व्यापार, विदेशी विनिमय र मौद्रिक नीतिलाई उदार बनाइयो र आयात प्रतिस्थापनका लागि संरक्षण गरिएका उद्योगलाई बाह्य प्रतिस्पर्धाका लागि छाडियो । पञ्चायतको अवसानपछिको प्रजातान्त्रिक सरकारले दोस्रो चरणमा उदारीकरण, निजीकरण र भूमण्डलीकरण सँगसँगै लैजान कानुनी संरक्षण प्रदान गऱ्यो । सन् २००३ मा गरिबी निवारण र वृद्धि सुविधाका नाममा यो कार्यक्रमलाई अझै व्यापक र विस्तारित बनाइयो ।

संरचनात्मक समायोजनबाट यातायात, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको विकासमा निजी क्षेत्रको भूमिका बढ्यो र झाँगियो । कतिपय सार्वजनिक उद्योगहरू निजीकरण गरिए तर उद्योगमा दिगो अपेक्षित विकास हुन सकेन । दिगो आधार नभएका भुइँफुट्टा (फुटलुज) उद्योगको विकास भयो । विकासका निम्ति अपरिहार्य सार्वजनिक शिक्षा र स्वास्थ्य सेवा निकायमा संख्यात्मक वृद्धि हुँदाहुँदै पनि अपेक्षित गुणात्मक परिवर्तन आएन । **बाँकी पृष्ठ १३**

बिरामी ठग्दै 'अन्तिम विकल्प'

बिनु सुवेदी (काठमाडौं)

५० वर्षीय केसाङ (परिवर्तित नाम) भरतपुर क्यान्सर अस्पताल चितवनमा एक साता बसेर गत आइतबार ललितपुर गोदावरीको घर फर्किए । अन्तिम चरणमा पुगेको आन्द्राको क्यान्सर शल्यक्रिया गरे पनि निको नहुने भएपछि अब उनीसँग उनकै शब्दमा 'मृत्यु पर्खिनु' को विकल्प छैन ।

रोग पत्ता लाग्नेबित्तिकै उपचार गराउन अस्पताल पुगेको भए उनी छिट्टै निको हुन्थे तर उनी 'बिना अपरेसन क्यान्सर निको पार्छौं' भन्ने प्रचारको पछि लागे । शरीर डामाडोल भयो ।

करिब १७ महिनाअघि केसाङले आफ्नो आन्द्रामा क्यान्सर भएको पत्ता पाएका हुन् । डाक्टरले तुरुन्तै उपचार गरे रोग छिट्टै निको हुने पनि भनेका थिए । तर उनलाई शल्यक्रियासँग डर लाग्यो । उनले शरीर चिर्दै नचिरी सन्चो हुने उपचार पद्धतिबारे सुनेका थिए । सुरुमा त उनले बिमारबारे परिवारका सदस्यलाई पनि भनेनन् । गल्दै गएर करिब सात महिनाअघि उनले परिवारलाई बताउँदा उनको क्यान्सर स्टेज २ मा थियो ।



क्यान्सरका बिरामीले पैसा मात्र सिध्याएका छैनन्, बिमारलाई पनि अन्तिम चरणमै पुऱ्याइरहेका छन्

उनका छोरा सोनम (परिवर्तित नाम) भन्छन्, 'बुबाले शल्यक्रियाभन्दा सजिलो केही उपाय छ भने बुझौं न भनेपछि हामीले इन्टरनेटमा खोज्यौं ।' शल्यक्रिया नै नगरी रोग निको पार्छौं भन्दै प्रचार गरिरहेको ललितपुरको ढोलाहिटीस्थित 'अन्तिम विकल्प' मा सोनम बुबालाई लिएर गए । उनले अन्तिम विकल्पका सञ्चालक सुवास सुब्बालाई भेटेर बिमार र त्यसको उपचारबारे परामर्श गरे । सुब्बाले अन्तिम विकल्पलाई अस्पताल दाबी गर्दै गरेको प्रचार फेसबुक र युट्युबमा छयापछ्याप्ती छ । त्यहाँ उपचार गराएर निको भएका भनिएका 'बिरामी'हरूलाई सुब्बा आफैंले भेटाइदिए । सबैको कुरा र दाबी सुनिसकेपछि सोनमलाई लाग्यो, 'शल्यक्रिया नै नगरी दसै महिनामा उपचार हुने यो त गज्जबको ठाउँ रहेछ ।'

उनीहरूले त्यही उपचार सुरु गरे । सुब्बाले क्यान्सर निको पार्ने भन्दै आफ्नै क्लिनिकमा उत्पादन गरेको चमत्कार नामक औषधि चालु गराए । महिनाको ४५ हजार तिरेर किनेको त्यो औषधि केसाङले लगातार चार महिनासम्म खाए । **बाँकी पृष्ठ १४**

सुनसान बन्दै चौरपानी गाउँ

■ गिरुप्रसाद भण्डारी (प्यूठान)

लौकादेवी गिरी १२ दिनदेखि सम्पर्कविहीन थिइन्। गिरीकै आँगनमा रहेको सार्वजनिक धारामा पानी भर्न आउने दिदीबहिनीले उनी हराएको कुरा गर्थे। मल्लरानी गाउँपालिका-३ चौरपानीकी ६१ वर्षीया गिरीको समयमै खोजतलास हुन सकेन। गाउँमा वृद्धवृद्धा र महिलामात्र भएकाले खोज्न नसकेको स्थानीयले बताए। सहयोगका लागि हरेक महिनाको २० गते बस्ने गरिबी निवारण कोषअन्तर्गत सञ्चालित घुम्ती कोषको बैठक पर्खनु पऱ्यो। बैठकमा सहभागीले गाउँले कटुवालमार्फत हाँक हाल्न लगाएर उनको खोजी गर्न आग्रह गरे। सबै लागेर खोजी गर्दा हत्या गरेर खरबारीमा गाडिएको अवस्थामा लौकादेवीको शव फेला पऱ्यो। अहिले उक्त घटनाको प्रहरीले अनुसन्धान गरिरहेको छ।

लौकादेवीका छोराछोरी कामका सिलसिलामा जिल्लाबाहिर छन्। उनका मात्र नभई चौरपानी गाउँका युवाजति कामको खोजीमा गाउँबाहिर छन्। त्यसैले परिआउँदा सहयोग गर्ने युवा गाउँमा नभएको स्थानीय कृष्णराज पाण्डेले बताए। 'गाउँमा वृद्धवृद्धा र केटाकेटीमात्र छन्,' उनले भने, 'यसले गर्दा गाउँले निराश छन्।' सुविधाको खोज्दै स्थानीय बसाइँ सरेर मधेस झरेको उनले बताए। ८/१० वर्षयतादेखि गाउँ सुनसान बन्दै गएको उनको भनाइ छ। महिलाको हत्या गरी शव फालेको अवस्थामा फेला परेपछि चौरपानी बट्टाकुराका स्थानीय त्रासमा छन्। गाउँमा रहेका एक-दुई जना पुरुष पनि मृत भेटिएकी लौकादेवीको पोस्टमार्टमका लागि बिजुवार झरेका छन्। महिलाहरू त्रासमा रहेको स्थानीय सुस्मिता गिरीले बताइन्। अलग-अलग घरमा बसेका खोड्स गिरीका दम्पतीमध्ये लौकादेवीको हत्या गरी शव खरबारीमा खाडल खनेर गाडेको अवस्थामा फेला परेको उनले बताइन्। 'टाउकामा ठूलो चोट लागेको शव फेला पारेका हौं,' उनले भनिन्, 'घरमा बसेकी वृद्धाको हत्याले गाउँलाई नै त्रस्त बनाएको छ।'

मृतकका श्रीमान् खोड्सलाई अनुसन्धानका लागि प्रहरीले लगेको छ। 'गिरीहरूको शतगत गर्ने परम्परा फरक किसिमको छ,' सुस्मिताले भनिन्, 'हामीले खाडल खनेर मृतकको अन्त्येष्टि गर्छौं। खाडल खन्नेसमेत मान्छे गाउँमा छैनन्।' चौरपानीबाट विगत पाँच वर्षयता झण्डै २५/३० परिवार बसाइँ सरेर अन्यत्र गएको मल्लरानी-३ का वडा सदस्य मेघराज आचार्यले बताए। दसैं, तिहार, देवालीलगायत चाडपर्वमा मात्र दुई-चार दिन बाहिर गएकाहरू आएर रमाइलो हुने उनले बताए। 'पछिल्लो समय गाउँ सुनसान हुँदै गएका छन्,' आचार्यले भने, 'यसले गर्दा गाउँमा चौतर्फी समस्या थपिँदै छ।'

बुटवलमा वर्डक्याम्प

रूपन्देही (कास)- वेबसाइट डिजाइन गर्ने सफ्टवेयर वर्डप्रेस सम्बन्धी सम्मेलन 'वर्डक्याम्प बुटवल २०२०' बुटवलमा आयोजना हुने भएको छ। माघ ११ गते हुने सम्मेलन सफ्टवेयर प्रविधितर्फको बुटवलको पहिलो अन्तर्राष्ट्रिय सम्मेलन भएको वर्डप्रेस तथा वर्डक्याम्प बुटवलका लिडर एवं सफ्टवेयर डेभलपर माधप ढुंगानाले बिहीबार पत्रकार सम्मेलनमा बताए।

सम्मेलनले यस क्षेत्रमा सूचना प्रविधिको स्तर वृद्धि गर्न र अन्तर्राष्ट्रिय पहुँचका लागि सहयोग पुग्ने विश्वास छ। नेपाल भ्रमण वर्ष २०२० को अवसर पारेर गर्न लागिएको सम्मेलनमा जापान, भारत लगायतका विभिन्न देशका २० जना आईटी विज्ञले विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गर्ने उनले बताए। कार्यक्रममा देश तथा विदेशबाट पाँच सयभन्दा बढी सहभागी हुनेछन्।

अधिकांश बजेट सडकमा

कृषि उत्पादन बजारसम्म पुऱ्याउन र अन्य विकास निर्माण गर्न सहज हुने स्थानीय तहको भनाइ

■ माधव अर्याल (पाल्पा)
ठाकुरसिंह थारू (बर्दिया)

जिल्लाका लागि विनियोजित अधिकांश बजेट सडकमा खर्च गर्ने गरिएको पाइएको छ। प्रतिनिधि सांसदको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमदेखि स्थानीय तहसम्मको बजेट सडक योजनामा छुट्याइने गरिएको हो। स्थानीय तहले कृषि उत्पादन बजारसम्म पुऱ्याउन र अन्य विकास निर्माण गर्न सहज हुने भन्दै सडक निर्माणलाई प्राथमिकतामा राखेका हुन्।

साताअघि तानसेनमा आयोजित एक कार्यक्रमका सहभागीले नयाँ ट्रयाक खोल्न पर्ने सडक नभएकाले स्तरोन्नति र नाली निर्माणलगायतका काममा डोजर प्रयोग नगर्न सांसदलाई सुझाव दिए। प्रतिनिधिसभा सदस्य सोमप्रसाद पाण्डेयले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको योजना सार्वजनिक गर्न आयोजना गरेको उक्त कार्यक्रमका सहभागीले मुलुकले दिगो विकास लक्ष्य हासिल गर्न, जलवायु परिवर्तन र वातावरणीय असर कम गर्नका लागि पनि डोजर चलाएर पहाड भत्काउन उपयुक्त नहुने सुझाव दिएका थिए।

'अब डोजर चलाउन कम गर्नुपर्छ,' त्रिभुवन बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख कृष्ण कार्कीले भने, 'मानव श्रमलाई प्रयोग गर्न सकियो भने युवालाई रोजगारी मिल्ने थियो।' दैनिक ज्याला बढाएर मानव श्रम प्रयोग गर्नुपर्ने ग्रामीण आर्थिक विकास संघका कार्यकारी निर्देशक लीलाबहादुर कार्कीले बताए। रिब्दीकोट गाउँपालिका अध्यक्ष नारायणबहादुर जीसीले गाउँमा श्रमिक नपाएर हैरान भएको बताए। 'सकेको प्रयास गर्ने हो,' उनले भने, 'तर, मान्छे नै पाउन छाडियो।' सांसद पाण्डेयले गाउँपालिकाका मागअनुसार सडकमा बजेट विनियोजन गर्नु परेको सुनाए। उनका २८ योजनामध्ये आधा सडकका छन्।

पाल्पा-१ का प्रतिनिधिसभा सदस्य दलबहादुर रानाका पनि अधिकांश योजना सडक निर्माणसँग सम्बन्धित छन्। उनका २४ योजनामा आधाभन्दा बढी सडक निर्माणकै छन्। दुई सांसदका ५२ योजना छन्। सांसद पाण्डेयले तानसेनमा सरोकारवालालाई भेला गरेर सुझावसहित बजेट, योजना सार्वजनिक गरे। उनले तानसेनको पर्यटनलाई प्राथमिकता दिएको बताए। उनका सातवटा ठूला योजना छन् भने अन्य बजेट साना योजनाका लागि छ। उनले 'तानसेन' नामक विद्युतीय धातु निर्माण गर्न ५० लाख विनियोजन गरेका छन्। व्यायाम केन्द्रका लागि ५० लाख, कर्णेल उजिरसिंह थापाको सालिक निर्माण गर्न ५० लाख र प्रभास आँप बगैंचा तथा योग केन्द्रका लागि १९ लाख ६० हजार छुट्याएको बताए।

कालोपत्र गर्ने तयारीमा रहेको बर्दियाको भोलागौडी-बढैयाताल सडक। तस्बिर : ठाकुरसिंह/कान्तिपुर

धमाधम सडक

स्थानीय सरकार बनेपछि बर्दियामा पनि सडक विकासले तीव्रता पाएका छन्। जताततै सडक स्तरोन्नति र कालोपत्र धमाधम भइरहेको छ। यही गतिले सडक निर्माण हुने हो भने पाँच/सात वर्षमा जिल्लाका सबै ग्रामीण सडक कालोपत्रे भइसक्नेछन्। विकट मानिने बारबर्दिया नगरपालिकाको रम्भापुरदेखि सदरमुकाम गुलरियासम्म १५ मिटर फराकिलो सडक निर्माणको काम धमाधम भइरहेको छ। उक्त सडकले बारबर्दियालाई हुलाकी राजमार्ग र पूर्वपश्चिम राजमार्गलाई जोड्नेछ। भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत सडक सुधार आयोजनाको १ सय १५ करोड रुपैयाँ लागतमा उक्त सडक कालोपत्रे हुन थालेको हो। 'ग्राभेललगायतको काम पूरा भइसक्यो। अब कालोपत्रेको तयारीमा निर्माण कम्पनी छ,' बारबर्दिया नगरपालिकाका प्रमुख दुर्गाबहादुर चौधरीले भने, 'पाँच वर्षमा नगरका सबै सडकको स्तरोन्नति गरी कालोपत्र गर्ने लक्ष्य छ।'

उक्त पालिकाले दुधा गाउँ हुँदै मगरागाढीदेखि सतखोलवा तालसम्मको सडकलाई यही आर्थिक वर्षमा कालोपत्रे गर्ने लक्ष्य राखेको छ। बाँसगढी नगरपालिकाले पालिकाको सबैभन्दा विकट मानिने चेपाड गाउँको सडक कालोपत्र गरेको छ। लखनादेखि राँझासम्मको सडक निर्माण तीव्र छ। बाँसगढी गाउँदेखि बढैयाताल आउने बाटोलाई चौडा गरी कालोपत्र गर्ने लक्ष्य छ।

बाँसगढीका प्रमुख शालिकराम अधिकारीले सडक निर्माणलाई प्राथमिकतामा पारेको बताए। 'सुरुमा प्रमुख सडकलाई प्राथमिकतामा पारेका छौं। त्यसपछि ग्रामीण सडक पनि कालोपत्र हुन्छ,' उनले भने। गुलरिया नगरपालिका, ठाकुरबाबा, राजापुर, मधुवन नगरपालिका र बढैयाताल तथा गेरुवा गाउँपालिकामा पनि बजार तथा ग्रामीण क्षेत्रका सडकहरु धमाधम स्तरोन्नति र कालोपत्र भइरहेका छन्।

छोटकरी

युवा सञ्जालमा पौडेल

दाङ (कास)- राष्ट्रिय युवा परिषद्मा आबद्ध सामाजिक संघसंस्थाको युवा सञ्जाल गठन गरिएको छ। अध्यक्षमा जागृति बाल तथा युवा सरोकार नेपालका अध्यक्ष तिलोत्तम पौडेल चयन भएका छन्। उपाध्यक्षमा कर्णाली प्रदेशका नारायण गिरी, सचिवमा प्रदेश २ का चन्दन ठाकुर, सहसचिवमा प्रदेश ३ का निर्मला गौतम र कोषाध्यक्षमा निरा तिम्सिना चयन भएका छन्। सदस्यहरूमा प्रदेश १ का धीरज भण्डारी, प्रदेश २ का गौतम शर्मा र अञ्जना सिवाकोटी, प्रदेश ३ का प्रदीप चौलागाईं, शारदा लामा र विमला महर्जन, प्रदेश ५ की मीना चन्द ठकुरी, कर्णाली प्रदेशका रामसरा रेग्मी र सुदूरपश्चिम प्रदेशका तपेन्द्र रावल र विपिन कठायत छन्। राष्ट्रिय युवा परिषद् नियमावली, २०७३ मा युवा विकासको क्षेत्रमा काम गर्ने सामाजिक संस्थाहरू परिषद्मा आबद्ध हुन सक्ने प्रावधान छ। हालसम्म पाँच सयभन्दा बढी आबद्ध भइसकेको सञ्जालका अध्यक्ष पौडेलले बताए।

खेल प्रतियोगिता हुँदै

नेपालगन्ज (कास)- बाँकेको खजुरा गाउँपालिकाले शुक्रबारदेखि विभिन्न खेल सञ्चालन गर्ने भएको छ। गाउँपालिकास्थित शिक्षा समितिको आयोजनामा हुने अन्तर विद्यालय मेयर रनिङ सिल्ड खेलकुद प्रतियोगिताले ठूलै खेल कुम्भको झझल्को दिने खजुरा गाउँपालिका प्रमुख किस्मतकुमार कक्षपतिले बताए। 'प्रतियोगिताबाट छनोट हुने खेलाडी जिल्ला स्तर र राष्ट्रपति रनिङ सिल्डमा भाग लिनेछन्,' उनले भने। पुस २५ देखि २९ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा खजुरा क्षेत्रका ६५ विद्यालयले सहभागिता जनाउनेछन्। प्रतियोगितामा ६५ खेल हुनेछन्।

फाउन्डेसनमा मनोनयन

तिलोत्तमा (कास)- गिरिजाप्रसाद कोइराला फाउन्डेसनले आमन्त्रित केन्द्रीय सदस्यमा रूपन्देहीका हेमराज अर्यालले मनोनयन गरेको छ। केन्द्रीय समितिको बैठक र परिपत्रअनुसार प्रदेश ५ को महासचिवमा नेपाली कांग्रेस बुटवल उप-महानगरपालिकाका सभापति खेलराज पाण्डे मनोनीत भएका छन्। संस्थाको, रूपन्देही जिल्ला अध्यक्षमा चिरन्जीवी पौडेल र प्रदेश ५ को सल्लाहकारमा चित्रबहादुर केसीलाई मनोनयन गरिएको छ। संस्थाका अध्यक्ष सुजाता कोइरालाले दुईवर्षे कार्यकालका लागि मनोनयन गरेको संस्थाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। फाउन्डेसनले सातै प्रदेश र ७७ वटै जिल्लामा संगठन विस्तार गरेको छ।

विद्यालय बन्द

दाङ (कास)- चिसो बढेपछि घोराही र तुलसीपुर उपमहानगरपालिकामा दुई दिन विद्यालय बन्द गरिएको छ। वर्षे बिदाबाट कट्टी गर्ने गरी बिहीबार र शुक्रबार बिदा गरिएको घोराही उपमहानगरपालिकाका कार्यवाहक प्रमुख सीता सिग्देल न्यौपानेले बताइन्।

क्यान इन्फोटेक हुँदै

तिलोत्तमा (कास)- क्यान महासंघ रूपन्देहीको आयोजनामा माघ १७ गतेदेखि ९ औं संस्करणको प्रभु पे क्यान इन्फोटेक हुने भएको छ। इन्फोटेकमा १ सय १० स्टल रहने क्यान महासंघ रुपन्देहीका अध्यक्ष रामुदेव गौतमले बताए। नयाँ प्रविधिको सूचना दिने उद्देश्यले हरेक वर्ष क्यानले इन्फोटेक गर्दै आएको छ। एकै थलोमा सूचना तथा प्रविधिको अवलोकन तथा खरिद गर्न सकिने आयोजकले जनाएको छ। इन्फोटेकमा हार्डवेयर तथा सेल्स मेन्टिनेन्स, मोबाइल एसेसोरिज, डिलर र डिस्ट्रिब्युटर्स, इन्टरनेट सेवा प्रदायक, टेलिकम्युनिकेशनस्, बैंक, शैक्षिक परामर्श केन्द्र लगायत स्थानीय विद्यार्थीले बनाएका प्रविधियुक्त सामग्री रहने गौतमले बताए।

राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया
५ नं. प्रदेश, नेपाल

बोलपत्र स्वीकृती सम्बन्धी आशयको सूचना

(प्रकाशित मिति : २०७६/०९/२५)

यस कार्यालयबाट मिति २०७६/०८/११ गते (ठे.नं.18/RM/NCB/W/076/77, ठे.नं. 19/RM/NCB/W/076/77, ठे.नं.20/RM/NCB/W/076/77 र ठे.नं.21/RM/NCB/W/076/77) गतेका दिन अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्येबाट न्युनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने बोलपत्र स्वीकृती गर्ने आशय सम्बन्धी सूचना प्रकाशन गरिएको छ।

सि.नं.	ठेक्का नं.	योजनाको नाम	बोलपत्रदाताहरुको नाम	कबोल अंक (मु.अ.कर र पि.एस. बाहेक) रु.	कैफियत
१	18/RM/NCB/W /076/77	Construction of 5 no. ward office building	Tulsi Nirman sewa, Geruwa, Bardiya	58,56,316.76	
२	19/RM/NCB/W /076/77	Construction of 7 no. ward office building	Tulsi Nirman sewa, Geruwa, Bardiya	59,65,956.76	
३	20/RM/NCB/W /076/77	Construction of 10 no. ward office building	Tulsi Nirman sewa, Geruwa, Bardiya	60,43,006.76	
४	21/RM/NCB/W /076/77	Construction of remaining work of shopping store building.	Timilsina builders, rajapur 4, bardiya	16,76,310.49	

प्रमुख प्रसाशकिय अधिकृत

घरबाहिर निस्कनै कठिन

■ हरि गौतम (रुकुम पूर्व)

निरन्तर वर्षा र हिमपातले यहाँको जनजीवन प्रभावित भएको छ। जिल्लाका अधिकांश बस्ती हिउँले सेताम्य छन्। सोमबार साँझदेखि वर्षा र हिमपात भइरहेको छ। त्यसले सर्वसाधारणको दैनिकी असहज बनेको हो। निरन्तर पानी परेपछि हिउँ पग्लिन पाएको छैन, थपिँदै छ। यसले मानिससँगै वस्तुभाउ पनि प्रभावित भएका छन्।

'यसपटक लामो वर्षा र हिमपात भयो,' पुथाउत्तरगंगा गाउँपालिका-२ का बलमान कामीले भने, 'हामी घरबाहिर निस्कन सकेका छैनौं, वस्तुभाउ गोठमै छन्।' विगतका वर्षभन्दा फरक तरिकाले वर्षा र हिमपात भएकाले समस्या भएको उनले बताए। पहिले एक दिन र एक रातमात्रै पानी वा हिउँ पर्थ्यो। यसपटक एकसाथ निरन्तर वर्षा र हिमपात भएका कारण जनजीवन कष्टपूर्ण भइरहेको छ। घाम लाग्न नपाएपछि हिउँ चुलिँदै गएको र पानी जमेको पुथाउत्तरगंगा-५ स्थित स्वास्थ्य चौकीका इन्चार्ज शान्तबहादुर बोहराले बताए। 'अत्यधिक चिसो छ,' उनले भने, 'पाइपमा समेत पानी जमेर समस्या भइरहेको छ।' चिसोमा सर्वसाधारणलाई घरबाहिर ननिस्कन, हिउँमा नखेल्न, न्याना लुगा लाउन र तातो तथा झोलिलो पदार्थ खान अनुरोध गरिएको उनले बताए।

रुकुम पूर्व पुथाउत्तरगंगा गाउँपालिका-१ दुलेमा हिमपातपछि गाउँ फर्काइँदै खच्चड। तस्बिर : कान्तिपुर

जिल्लाका तीन पालिकाका ३१ वडामध्ये अधिकांशमा हिउँ परेको छ। तीन दिनदेखि वस्तुभाउ गोठभित्रै थुनिएका छन्। जंगलमा रहेका भेडीगोठाला चिसोका कारण समस्यामा छन्। गोठालाले भेडालाई ओडार र गोठभित्र राखेर आगो तापी दिन काटिरहेको सिस्ने गाउँपालिका-१ का वडाध्यक्ष मानबहादुर बुढाले बताए। 'गोठबाहिर बाक्लो हिउँ छ। निस्कने सकिदैन,' उनले भने, 'निरन्तर वर्षा र हिमपातका कारण भेडा चर्न पनि पाएका छैनन्, डाले घाँस काटेर दिन पनि सकिएको छैन।'

ENJOY DOLBY ATMOS SOUND | BIG Movies

RELEASED TODAY

CHHAPAAK : 8:30 AM, 11:00 AM, 2:15 PM, 5:15 PM, 7:45 PM
UNDERWATER : 12:15 PM, DABANGG 3 : 1:30 PM
GOOD NEWWZ : 9:30 AM, 4:30 PM, 7:15 PM
3D:TANHAJI: THE UNSUNG WARRIOR : 9:00 AM, 11:45 AM, 2:45 PM, 5:45 PM, 8:30 PM

4011643/45, 01-2112233 | NLIC City Centre Kamalpokhari, Kathmandu | www.bigmovies.com.np | facebook/bigmoviesnepal | Wednesday & Thursdays | At Rs. 185 * Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info: Kathmandu: 01-4442220 Narayanghat: 056-522079 Nepalgunj: 081-411330 Pokhara: 061-522630/47 Birtamode: 023-543083 Butwal: 071-541506 Biratnagar: 021-522644 qfxcinemas.com

गाँरी चुरुम
Showing Time 8:20, 11:20, 2:20, 5:20



• Good Newwz • Dabangg 3 • Commando 3 • प्रेम सन्सार
• सुर्य किरण • माया पिरिम • माछा माछा

GUNA GROUP गुण सिनेमा हल प्रा. लि.

• Good Newwz • Surya Kiran • Chha maya Chhapakkai
• Poi Paryo Kale • Kabaddi3 • Dabang3
• Prem Sangsar

तपाईंको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनश्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
कर्कट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारीक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल पौष २६ गते शनिबार तदनुरुप ११ जनवरी २०२० माघ कृष्णपक्ष प्रतिपदा रात्रिको ११:५७ बजेसम्म उप्रान्त द्वितीया तिथि, पूनर्वसु नक्षत्र दिनको २:४७ बजेसम्म उप्रान्त तिष्य नक्षत्र, वैधृति योग दिनको ३:३३ बजेसम्म उप्रान्त विष्कुम्भ योग, बालब करण दिनको १२:३९ बजेसम्म उप्रान्त कौलब करण, मिथुन राशिमा चन्द्रमा प्रात: ८:५७ बजेसम्म उप्रान्त कर्कट राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
७:३०	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हवाट द फ्लप (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	हियर्ज द लाइफ (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	सुमनसँग (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	फायरसाइड (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	मनी टक्स (रिपिट)
३:००	हवाट द फ्लप (रिपिट)
८:००	कान्तिपुर समाचार
८:३०	सुमनसँग (रिपिट)
९:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	यू ण्ड आई
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हर्के हल्दार
१०:००	यू ण्ड आई (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोटेड
१:००	कान्तिपुर न्युज रिपोटेड
१:३०	यू ण्ड आई (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपोटेड
४:००	हर्के हल्दार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	दिव्य दृष्टि (दिवाकर पन्त)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (धलिसा)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	शैली (भूपेन्द्र)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फेमिना (दिपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	फेमिना (दिपाञ्जली)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप अफ द टप्स (साञ्जरिका)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (महेश)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (महेश)
१५:००	कान्तिपुर डायरी
१५:१५	सौराई (कृष्ण मल्ल)
१६:००	हेल्थ एन्ड ह्यजुकेसन डायरी
१६:०५	द राहुल ग्रुजेल सो
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	फेनाटिक फ्राइड (महेश/स्मिता)
१८:००	आधा आकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	नो ठेन्सन (दीपकराज/अनिबका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	प्लेट्रोनिक्स (सञ्जय गुप्ता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेली
२२:००	ओल्डी ग्रोल्डी (स्मीता)
२३:००	इलिमेन्थ आवर (संजय)
२४:००	टप अफ द टप्स - रिपिट (संजय)
०१:००	कालजयी गीत-संगीत (भूपेन्द्र)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०४:००	भजनहरु लगातार

अस्पताल र विविध

लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१४४०२००
बुद्ध सामुदायीक मृगु अस्पताल	०७१४१६१५७
महिला तथा बाल अस्पताल-आमदा	०७१४१६१४०
चुनिमर्सल कलेज अफ मेडिकल साचन्सेस भैरहवा	०७१४०६०३०
मीम अस्पताल भैरहवा	०७१४२०१९३
पृथ्वी चन्द्र अस्पताल पराशी	०७८४२०१९८
अर्घासाची जिल्ला अस्पताल	०७७४२०२५०
गुल्मी जिल्ला अस्पताल	०७५४२०१९८
कपिलवस्तु जिल्ला अस्पताल	०७४१६०२००
रेडक्रस धनुबेनस भैरहवा	०७१-५२०२६३, ९७४७०२१५७
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८६७२६४५०
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१०७
संचुक्त धनुबेनस चालक संघ बुटवल	९८५७०२७०९
मीम अस्पताल भैरहवा	०७१-५२०१९३
चुनिमर्सल शिक्षण अस्पताल भैरहवा	०७१-५०६०९२, ५०६०५२
जिल्ला ग्राफिक प्ररी कार्यालय	०७१-५२२८६५, ९८५७०२७३९०
इलाका प्ररी कार्यालय बेलहिया	०७१-४९८०७
अध्यागमन कार्यालय बेलहिया	०७१-४९८०२०
गौतम बुद्ध विमानस्थल कार्यालय	०७१-५०७०८६
दमकल सिद्धार्थनगर नगरपालिका	०७१-५२०२१४
दमकल बुटवल उपमहानगरपालिका	०७१-५४०१११
माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा	०७१-५२३५३८
जिल्ला प्रशासन कार्यालय	५४०१३३
जिल्ला प्ररी कार्यालय	५४०१९९
रात्री उपक्षेत्रीय अस्पताल घोराही	५४२३६५
रात्री अञ्चल अस्पताल तुलसीपुर	५२००११
लमही अस्पताल	५४००११
रात्री आँखा अस्पताल तुलसीपुर	५२०१६५
आँखा अस्पताल लमही	४१७००८
घोराही उपमहानगरपालिका	५४०७००
तुलसीपुर उपमहानगरपालिका	५२०२३३
लमही न.ग.पालिका	५४००५०
उच्च अदालत तुलसीपुर	५२००२४
जिल्ला अदालत	५६०२४५
रात्री ग्राबिधिक शिक्षालय लालमाटिया	४१३००१
धनुबेनस सञ्जिवनी विकास केन्द्र तुलसीपुर	९८५७८३१२३
धनुबेनस परिवार नियोजन संघ घोराही	५४००२३/९८६७८६२३५८
दमकल घोराही	५६०४९९
दमकल तुलसीपुर	५२०३०५
रेडक्रश सोसाइटी घोराही ब्लड बैंक	५६१६६०
रेडक्रश सोसाइटी तुलसीपुर ब्लड बैंक	५२३१४०
घोराही बसपार्क	५६०४१५
तुलसीपुर बसपार्क	५२०५०४
लमही बसपार्क	५४००४०
जिल्ला प्ररी कार्यालय बाँके	५२०२११/५२२७४८/१००
ईलाका प्ररी कार्यालय कोहलपुर	५४०४२०/५४०११३
वडा प्ररी कार्यालय नेपालगन्ज	५२०२९९
क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज	५४०००३/ १०३
जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज	५२०८५३
नेपाल रेडक्रस सोसाईटी	५२०१०४
धनुबेनस/ब्लड बैंक नेपालगन्ज	५२०१७४
दमकल नेपालगन्ज	५२०१११
दमकल कोहलपुर	९८४८१५४५८०
मेरी अन्चल अस्पताल नेपालगन्ज	५२०१२०
नेपालगन्ज मेडिकल कलेज	५२०४५८
कोहलपुर मेडिकल	५४०४०८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्ररी (काठमाडौं)	४२४१२४४/४२४१४९०
जिल्ला प्ररी (ललितपुर)	५५२९२०६
जिल्ला प्ररी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्ररी सेवा	४२२६२९०
ट्राफिक प्ररी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क धनुबेलेन्स/शववाहन	४४२८०३५
सुशेरु धनुबेलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार धनुबेलेन्स सेवा	४२६०८५२
बिशालबजार धनुबेलेन्स सेवा	४२४४१२१
रेडक्रस धनुबेलेन्स सेवा	४२२८०८४
ललितपुर रेडक्रस धनुबेलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्चघाट सेवा केन्द्र	४४२२९९२
देव कर्मर नि:शुल्क शववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६०८६
नेपाल मिटर ट्यावर्स संघ	४२२४३७४

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

रत्न मन्दिर र हिमागृह छिट्टै नखुल्ने

पोखरा (कास)- उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलले नेपाल ट्रस्ट मातहत रहेको पोखराको रत्न मन्दिर र हिमागृह सर्वसाधारणका लागि छिट्टै नखुल्ने संकेत गरेका छन् । ट्रस्टका अध्यक्षसमेत रहेका उनले बिहीबार पोखरामा पर्यटन व्यवसायीसँगको भेटमा अहिले नै मिति यकिन नहुने बताए ।

यी दुई संरचना खुला गरी पर्यटकीय गन्तव्यमा परिणत गर्न पोखरा पर्यटन परिषद्ले उनलाई ज्ञापनपत्र बुझाएको हो । पोखरेलले ट्रस्टले ती दुई स्थल व्यापारिक प्रयोजनका लागि दिएको भन्ने समाचारमा सत्य नभएको उल्लेख गरे । 'रत्न मन्दिर र हिमागृह विद्यमान कानुनलाई ख्याल गरेर यहींको प्रदेश र स्थानीय सरकारसँग परामर्श गरी के गर्दा अधिकतम उपयोग हुन्छ, त्यसरी नै गरिन्छ,' उनले भने, 'ठ्याक्कै तिथिमिति कहिलेदेखि भन्न सक्दिनँ ।' उनले प्रदेश र स्थानीय तहलाई पन्छाएर कुनै पनि कुरा नहुने जनाए । 'जे गर्छौं कानुनसम्मत गर्छौं,' उनले भने, 'कानुनलाई तोडेर अपारदर्शी ढंगले हुँदैन ।'

परिषद्का अध्यक्ष चिरञ्जीवी पोखरेलले रत्न मन्दिर र हिमागृह खुला गर्दा पर्यटकको बसाइ लम्ब्याउन सकिने बताए । 'गणतन्त्र स्थापनासँगै नारायणहिटी राजदरबार संग्रहालयमा रुपान्तरण हुँदै सर्वसाधारणको पहुँचमा पुगेको यत्ति वर्ष भयो,' उपप्रधानमन्त्रीसँग उनले भने, 'पोखरामा पनि यथाशक्य छिटो खुला गर्नुपर्छ ।'

परिषद्ले फेवाताल संरक्षण, एक्यापमा बहुप्रवेश अनुमति, विभिन्न अन्तर्राष्ट्रिय सहरसँग पोखराको सिधा हवाइ उड्डयन सम्झौता, पोखरा-भीमाद-चितवन-लुम्बिनी द्रुतमार्ग, अन्तर्राष्ट्रिय विमानस्थलदेखि फेवातालसम्म एक्सप्रेस वे, भिसा शुल्कमा सहुलियत, पर्वतारोहण शुल्क मिनाहा, पर्यटक बस टर्मिनल, विशेष पर्यटकीय क्षेत्र सम्बन्धमा उपप्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाएको थियो ।

सुस्त मनस्थितिकी महिला बलात्कृत

बुटवल (कास)- बोल्न र सुन्न नसक्ने ५० वर्षीया महिला सामूहिक बलात्कारमा परेकी छन् । शुद्धोधन गाउँपालिका-१ चंखीपुरका रामनाथ मल्लाह र कुलबहादुर पौडेलले बलात्कार गरेको परिवारको आरोप छ ।

परिवारले दुर्वैविरुद्ध इलाका प्रहरी कार्यालय बुटललमा किटानी जाहेरी दिएको छ । 'चिनजानकै व्यक्तिबाट सुस्त मनस्थितिकी आमा बलात्कारमा पर्नुभएको छ,' आफन्त रामु क्षत्रीले भने, 'नामै किटान गरेर उजुरी दिँदा पनि प्रहरीले खोजतलासमा बेवास्ता गरेको छ ।'

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार पुस २० गते साँझ ती महिला छिमेकीको घर गएकी थिइन् । फर्कंदा बाटोमा रक्सीले मात्तिएका उनीहरूले महिलालाई लतारेर खेतमा लगी बलात्कार गरेका थिए । रगताम्य अवस्थामा भेटिएकी उनलाई सुरुमा परिवारले प्राथमिक उपचार गरेको थियो । सामान्य अवस्थामा आएपछि उनीहरूले घटनाबारे स्थानीयलाई बताएका हुन् । स्थानीयले महिलाको इसाराका आधारमा बलात्कारमा संलग्नको पहिचान गरेका थिए । त्यसैका आधारमा पुस २२ गते छोराले उनीहरूविरुद्ध इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिएका थिए ।

घटना प्रहरीमा पुगेको थाहा पाएपछि आरोपित पौडेल र मल्लाह फरार छन् । डीएसपी भीमलाल भट्टराईले बलात्कारमा संलग्नको खोजी भइरहेको बताए । 'अपांगता भएकी महिलामाथि जघन्य अपराध भएको छ,' उनले भने, 'घटना पहिल्यै सार्वजनिक हुनु र ढिलो गरी उजुरी आउनुले आरोपित भागेका हुन् ।'

कोइलाबास सम्झँदै 'हटारु'

'पहिले गाउँबाट पैसा जम्मा गरेर सामान किन्न बजार पुग्नुपर्थ्यो । अहिले पैसा लिएर मानिस हामीलाई खोज्दै सामान लिएर गाउँमा आइपुग्छन्'

रोल्पाबाट नुन लिन दाङ र भारतको सीमामा पर्ने कोइलाबास पुगेको याद गर्दै पूर्वी रोल्पाको जेलबाङका हटारु । तस्बिर : काशीराम/कान्तिपुर

■ **काशीराम डाँगी** (रोल्पा)

कोइलाबास कुनै बेला दाङ, रोल्पा, प्यूठान, रुकुम, सल्यानलगायत जिल्लाको नुन किन्ने एकमात्र बजार थियो । रोल्पाबाट २२ दिनदेखि एक महिनासम्म एकतर्फी हिँडेर हटारु (भारी बोकेर नुन ल्याउने समूह) बनेर नुन किन्न जान्थे । पश्चिमी रोल्पाको घर्तीगाउँको झिनुवाबाट कोइलाबास पुग्न २८ दिन लाग्थ्यो । १० पटक नुन लिन हटारु बनेर कोइलाबास पुगेका झिनुवाका ६८ वर्षीय हीरालाल वलीले १ सय २० जना एकैसाथ पुगेको सम्झिए । 'ठूलै जत्थामा हिँड्दा निकै रमाइलो हुन्थ्यो । घरैबाट खाना बोकेर नुन लिन जाँदाको रमाइलो क्षण अब सुन्नेलाई किंवदन्ती जस्तो बनेको छ,' उनले भने, 'झिनुवाबाट कोइलाबास पुग्न आठवटा भन्दा बढी त खोल्सा र डाँडामा बास बस्नुपर्थ्यो ।'

घरबाट निस्केपछि हटारुको जत्था हान्जाबाङ, त्रिवेणी, दहवन, तोसपेदा, भैंसे गोगली, मसौट खोला, गढवा, अम्बास र चोरखोलीमा बास बसेपछि मात्र अर्को दिन कोइलाबास पुग्थ्यो । कोइलाबासमा नुन, कपडा र भेली किन्न आठ दिन लाग्थ्यो । पहिलो दिन त उछिट्टेलाई नचाउन लाग्थ्यो । कोइलाबास पहिलोपटक जानेलाई उतिबेला 'उछिट्टे' भन्ने चलन थियो र उसलाई गुड (भेली मिठाई) का डल्लाले हानेर स्वागत गर्ने चलन थियो । यो चलन कोइलाबासका पसलेले नै सुरु गरेका थिए । नुन लिने टोलीका प्रमुखले ती 'उछिट्टे' लाई बेस्सरी नचाउँथे पनि ।

त्यसपछि मालुका पात टिप्न, नुनलाई पोकामा राखेर भारी बनाउन एक साता लाग्थ्यो । 'घरबाट लगेको जिनिस बेचेपछि मात्रै के किन्ने भन्ने निर्णय हुन्थ्यो,' उनले भने, 'आधा महिना हिँडेर घरबाट बजार पुग्दा निकै आनन्द हुन्थ्यो ।' कोइलाबास पुगेर पात टिप्ने, बाबियो खोज्ने र डोरी बनाउने काम अगुवाले गर्थे भने अन्यले सघाउने चलन थियो । घरबाट निस्केपछि कोइलाबास पुग्नुअघिको बाटो आसपासका गाउँमा खर्च (बाटोमा खाने अन्न) राख्दै झर्ने र फर्कंदा लिने चलन थियो । जुन घरमा खर्च राखिएको हुन्थ्यो, त्यही घरमा मिठाई (भेली) बाँड्ने गरेको वलीको सम्झना छ । हटारुले तलतिर झर्दा बास बस्ने ठाउँ नजिकैका घरमा अन्नका पोका-पन्तुरा झुन्ड्याई छाड्थे ।

कोइलाबासबाट नुन लिन कम्तीमा एक दर्जन गाउँका हटारु एकैसाथ जान्थे । त्यसो गर्दा सुरक्षा, सरसहयोग र रमाइलो यात्रा महत्त्वपूर्ण मानिन्थ्यो । कोइलाबास पुगेर नुनको भारी बोकेर साथै आएका साथीहरू पर्सराम खड्का, वीरबहादुर खड्का, शशे खत्री र म्याउसे वलीलगायतसँग उनको अहिले पनि भेट भइरहन्छ । उनको टोलीमा ओत, झिनुवा, जिनाबाङ, पाखापानी, पाछाबाङ, राँकलगायत गाउँमा हटारु साथै जान्थे । उनीहरूले गाउँबाट कोइलाबास जाँदा वनका जडीबुटी, टिम्मुर, घिउ, मह, सिमी र भटमासलगायत जिनिस बेच्न लैजान्थे । पश्चिमी रोल्पाका धेरै गाउँका हटारुको हाङजाबाङ गाउँ बास बस्ने मुख्य थलोमध्येको एक थियो । हटारुलाई घरमै बास बस्न दिएकामध्येका ७५ वर्षीय झुपल डाँगीले भने, 'ती दिन रमाइला थिए । हटारु र हामीबीच गज्जबको मित्रवत् सम्बन्ध थियो ।'

जेलबाङबाट २२ दिनमा कोइलाबास

जेलबाङबाट हटारुलाई कोइलाबास पुग्न २२ दिन लाग्थ्यो । 'आउँदा र जाँदा करिब दुई महिनै लाग्थ्यो,' जेलबाङका ८० वर्षीय ढाँट परियारले सम्झिए, 'म नुन लिन कोइलाबास कम्तीमा ६/७ पटक पुगेँ ।'

अहिले नुन, तेल, लत्ताकपडा र औषधिलगायत अत्यावश्यक सामग्री घर छेउमै आइपुग्छ । सडक भए गाडीले ल्याइदिन्छ, नभए घोडा-खच्चड प्रशस्तै छन् । कोइलाबास जाँदा हिँडेको र बास बसेको बाटोको याद अझै छ हटारु ढाँटसँग । ठूलो समूहमा हिँड्दा यात्रा लामो हुने बताउँदै उनले जेलबाङबाट कोइलाबास पुग्दा बाटैभरि बास बसेको ठाउँको याद गरे । जेलबाङबाट नुन लिन कोइलाबासका लागि यात्रा थालेपछि बाटोमा हाङ्जा, छिर्ने, घोरालखोला, काँडाबास, लिवाडी आँप, राम्चे, देउराली, धौलाबाङ, घोराही, लमही र कोइलाबासलगायत ठाउँ भेटिन्थे । ती स्थानमा नुन बोक्ने हटारुहरू कैयौंपटक बास पनि बसेका छन् ।

'जहाँ रात पर्छ, त्यहीं बास बस्थ्यौं,' ढाँटले सम्झिए, 'मानिसको डर थिएन । भूतप्रेत लाग्ला भन्दै चनाखो हुन्थ्यौं ।'

जेलबाङसम्मै सडक पुगेकाले अब उनलाई नुन बोक्नैरै खानुपर्ने बाध्यता छैन । बढी किनमेल गर्न उनी मोटरमै सुलिचौर बजार झर्छन् । नुन, तेल, खाद्यान्नलगायत सामान किन्न उनका छोरानाति जान्छन् । मुलुकमा राजनीतिक परिवर्तन, विकासमा नयाँ ढाँचा, फेरिएको समय, बजारीकरण र सडकको विकासले जीवनमै व्यापक फेरबदल आएको उनको अनुभव छ । 'अब कोइलाबास जानै पर्दैन,' उनले भने, 'बाटोको विकासले उहिले कोइलाबासमा व्यापार गर्ने व्यापारीहरू अहिले रोल्पा-रुकुम-सल्यानका कुना कन्दरासम्म पुगेका छन् । सजिलो छ अहिले ।'

जेहोस्, व्यापारीलाई व्यापार व्यवसायले मन तानेजसरी जेलबाङका यी वृद्धहरूलाई गाडी देख्ने र चढ्ने रहरले मन तानेको छ । पूर्वोत्तर रोल्पाको जेलबाङ गाउँका उनीहरू अहिले सुलिचौर, लिवाङ र दाङसम्म आवतजावत गर्दा गाडी चढ्छन् । पूर्वी रोल्पाको जेलबाङ घर भएका सुनछहरी गाउँपालिकाका अध्यक्ष आसबहादुर पुनमगरले नुन, तेल र कपडा किन्न अब कोइलाबास पुग्नु नपर्ने समय आएको बताए । विगतको विकटता हटाउन विकासका योजना अघि सारिँ आएका उनले भने, 'अहिलेसम्म सडक गाउँमा पुग्नुएका छौं । अब सडकमार्फत गाउँको बहुआयामिक फाइदा हुने गरी विकासका सम्भावना वृद्धि गर्ने हो ।'

उहिले हटारु, अहिले यात्रु

बैंसमा गाडी चढ्न नपाए पनि अहिले हटारुहरू गाडी चढेर यात्रा गर्छन् । 'गाडी सफा र चिल्लो हुने रहेछ, छाम्न पाए झन् मज्जा,' पहिलोपटक गाडी देखेपछिको प्रसंग जेलबाङका ९० वर्षीय अति रोकाले सम्झिए । गाउँकी बाटीसरा विकसँग जेलबाङबाट सुलीचौर हुँदै लिवाङसम्मै गाडी चढेको अनुभव छ । हेर्न र औषधि खान उनी लिवाङ पुगेकी थिइन् । यहाँकी ८० वर्षीया गुठी रोकासँग पनि गाडी चढेर दाङ झरेको अनुभव छ । 'मेरो जेठो छोरोलाई भेट्न कपिलवस्तुको शिवपुर पनि गाडीमै पुगेकी छु,' उनले भनिन् ।

उहिलेको जमानामा अहिलेजस्तो गाडी देख्न कहाँ पाइन्थ्यो र ! त्यो पनि गाउँमा । अहिलेको कुरा गर्ने हो भने गाउँमा सडक पुगेको छ । सानै भए पनि गाडी आएका छन् । गाडी नदेख्ने वा नचढ्ने कमै होलान् । तर वृद्धवृद्धालाई सजिलो छैन । बढ्दो उमेर, बसाइ नै असजिलो हुन्छ, त्यसमा सबै गाउँमा भनेकै बेला पनि गाडी चढिहाल्न पनि मिल्दैन । ८० वर्षीया चामसरी परियारले भनिन्, 'सुलीचौरबाट बुटवलसम्म गाडी चढ्दा केही सास्ती भयो । उल्टी भयो, टाउको दुख्यो, जीउ भारी भएर आयो ।' उहिले उहिले नुन-तेल बोक्न महिनौं हिँडेर भारतीय सीमासम्म पुग्दा पनि गाडीको नाकमुख देखिन्थ्यो । हिँडेरै आवत-जावत गर्नुपर्थ्यो । 'नुन किन्न कोइलाबास पटकपटक पुगेको छु,' गाडी चढ्ने अवसर नपाएका अति रोकाले भने, 'मैले त्यसबेला न गाडी देखें, न चढ्ने मौका पाएँ । अझै गाडी चढेको छैन । देखेको भने छु ।'

घरबाट निस्कनु नपरेकाले उनले गाडी नचढेको बताए । यस्तै ५० वर्षकी खोष्टी सुनारले नजिकको बजार सुलिचौरसम्म पनि गाडी चढेर जाने अवसर नपाएको सुनाइन् । सडक पुगेपछि गाउँको विकास सम्भव भएको जेलबाङका पूर्वशिक्षक चन्द्र बुढा शेषले बताए । उनका अनुसार सडक निर्माणपछि गाडी गाउँमा ल्याएपछि फर्कंदा गाउँका जिनिस (घरेलु उत्पादन र जडीबुटी) बजार पुग्याएर बेच्न सक्नुपर्छ । यस्तो चलन भए मात्रै गाउँको आयस्तर वृद्धि हुन सक्छ । सडक बनेकाले भित्री गाउँमा पनि उत्पादन क्षेत्रलाई प्राथमिकता दिनुपर्ने बेला आएको उनले बताए । 'पहिले गाउँबाट पैसा जम्मा गरेर सामान किन्न बजार पुग्नुपर्थ्यो । अब पैसा लिएर मानिस हामीलाई खोज्दै सामान लिएर गाउँमा आइपुग्छन्,' उनले भने ।

'झापा विद्रोह'का योद्धालाई बेवास्ता

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

डेराको साघुँरो कोठा । तीन जनाको परिवार अट्न मुस्किल । भित्र ठाउँ नभएपछि ७० वर्षीय बयोवृद्ध टंकप्रसाद चौधरी बरन्डामा सुत्छन् । ओढ्ने, ओछ्याउने गतिलो छैन । पुसको चिसोले चौधरीको कम्मरको बिराम झन बढेको छ । दैनिक औषधि नखाई हुँदैन । आम्दानीको स्रोत छैन । आफ्नो नाममा एक धुर जमिन छैन । बुढेसकालमा कमाएर खुवाउने छोरा पनि छैन । 'झापा विद्रोह' मा ९ वर्ष ३ महिना कठोर जेल जीवन बिताएका टंकप्रसाद हाल बिर्तामोड नगरपालिका ४ मा एउटा सानो कोठामा कष्टले दिन बिताइरहेका छन् ।

श्रीमतीले दुई-चार गाउँ डुलेर साग-सब्जी किनेर ल्याउँछिन् अनि नजिकैको बिर्ता बजारमा बेच्छिन् । त्यो आम्दानीले तेल-नुन किन्न सघाउ पुग्छ । कान्छी छोरी सन्ध्यावतीले मिस्त्री काम गरेर चामल र डेराभाडा धानेकी छन् ।

०२८ सालको झापा विद्रोहकै अर्का योद्धा केपी शर्मा ओली मुलुकको प्रधानमन्त्री बनेका छन् । सीपी मैनालीसहितका कैयन् नेता मन्त्री, सांसद बने । उनीहरूले श्रीमती, छोरा-छोरी र आफन्तहरूलाई समेत सांसद तथा राज्यको उच्च ओहोदामा पुऱ्याए । तर, टंकप्रसादसँग शिर लुकाउने छानो छैन । जेल बसेर आएको हुँ भनेर उनले कुनै नेतासँग सहयोग पनि मागेनन् । चुपचाप बसे । जसरी जीवन चल्यो, चलाए ।

२३ वर्षका लक्का जवान थिए, टंकप्रसाद । विवाह गरेको एक वर्ष पुग्दै थियो । ०२९ मंसिर महिना थियो । उनी बुबा रामदुलालसँगै खेतमा धान काटिरहेका थिए । अचानक हतियारसहित आएका प्रहरीले बुबाछोरालाई नै नियन्त्रणमा लिए । गाडीमा हालेर चन्द्रगढी पुऱ्याए ।

कम्युनिस्टमा लागेको आरोपमा टंकप्रसाद चौधरीसँगै उनका बाबुलाई पनि पक्राउ गरियो । बाबुछोराले ९ वर्ष ३ महिना जेलमा काटे ।

चन्द्रगढीमा प्रहरीले यातना दिँदै कबुल गराउन थालेपछि मात्रै टंकप्रसादले थाहा पाए, 'कम्युनिस्ट पार्टी' मा लागेको भनेर गिरफ्तार गरिएको रहेछ । 'हामीले हात जोडेर अनुनयविनय गऱ्यौं । कुनै पार्टीमा नलागेको भन्यौं,' टंकप्रसादले भने, 'प्रहरीले हाम्रो कुरा सुन्दै सुनेन । उल्टै हामीलाई थाहा छ भन्दै यातना दिएरहे ।' विपन्न परिवारका उनीहरू मालिकको खेत अधियाँ गर्थे ।

गिरफ्तारीको एक वर्षसम्म चन्द्रगढीमा चरम यातना दिइएको उनले सुनाए । 'पाइतलामा घाउ नै घाउ भएको थियो । शरीरमा चोट नलागेको ठाउँ थिएन,' उनले भने, 'खुर्सानी-पानी नाकमा हालेर कुट्थ्यो । हातका औंलामा सियोले घोच्थ्यो ।'

एक वर्षसम्म चरम यातनापछि चौधरी बुबाछोरालाई वीरगन्ज कारागार चलान गरियो । जीवनको ऊर्जाशील उमेर कारागारको चिसो छिँडीमा बिताएका टंकप्रसादलाई कुनै कम्युनिस्ट नेताले खोजी गरेनन् । हालत सोध्न गएनन् ।

'जेल बसेको ९ वर्ष ३ महिनापछि तिमीहरू निर्दोष रहेछौ भनेर हामी बाबुछोरालाई छोड्यो,' मंगलबार बिर्तामोड नगरपालिका कार्यालयमा भेटिएका उनले विगत सम्झिए । फर्किएर तत्कालीन गरामनी गाविस-८ नडियाबारी आइपुग्दा घरमा पत्नी थिइनन् ।

गाउँको परिवेश फेरिएको थियो । तर उनले गाउँ छोडेनन् । ज्याला-मजदुरी गरेर जीवन चलाए । जेलमुक्त भएको तीन वर्षपछि बुबा बिते । एक्लो बनेका उनले बौरीदेवीसँग दोस्रो विवाह गरे । दुई छोरीका बुबा टंकप्रसादले जीवनभरि पैसा कमाएर एउटा टहरासम्म उभ्याउन सकेनन् । अहिले बस्दै आएको कोठाको मासिक १२ सय रुपैयाँ तिर्नुपर्छ ।

कम्युनिस्ट आन्दोलनमा कठोर जेल जीवन बिताएको भन्दै टंकप्रसादलाई नेकपा, बिर्तामोडका स्थानीय कार्यकर्ता विदुरप्रसाद तिवारी (भक्ति) ले साढे ५ धुर जमिन निःशुल्क दिएका छन् । उनले टंकप्रसादलाई जग्गाधनी पुर्जा नै दिइसके । उक्त जमिनमा बिर्तामोड नगरपालिकाले घर निर्माण गरिदिन लागेको मेयर ध्रुवकुमार सिवाकोटीले जानकारी दिए ।

'बोल्दा छुन्छन्, गाडीमा रेट सोध्छन्'

■ **अमृता अनमोल** (बुटवल)

डाडकी कमला नेपालीका पुरानो पुस्ताका महिलाले धेरै वर्षअघि देह व्यापार गर्थे । त्यसकै आम्दानीले घरखर्च चलाउँथे । अहिले त्यस्तो बाध्यता हटिसक्यो । उनीहरू आयआर्जनका वैकल्पिक पेसामा संलग्न छन् । कमलाको पुस्ताले त्यस्तो बेहोर्नु परेन । तर, अघिल्लो पुस्ताले गरेको देह व्यापारको असर अहिले पनि भोग्नुपर्दा दुःखी हुन्छिन् । अघिल्लो पुस्ताले पुस्ताको दाग लागेकोमा उनीहरू चिन्तित छन् ।

'बादी महिला भन्नासाथ अपरिचितको अनुहार फेरिन्छ । गाडीमा हिँड्दा दररेट सोध्छन् । बोल्दा संवेदनशील अंग छुन्छन् । चिमोट्न र टाँसिन खोज्छन्,' १८ वर्षीया कमलाले भनिन्, 'भविष्य बनाउन खोज्ने हामी किशोरीलाई बचेर हिँड्नै दुःख छ ।' कमला सिलाइ सिक्दै काम गरिरहेकी छन् । १५ वर्षयता आमा र हजुरआमा मजदुरीका काम गरिरहेका छन् । घोराही-१४ पक्रैयाका ३० परिवारले आयआर्जनका विकल्प अपनाएका छन् ।

देह व्यापार र नाचगानबाट जीविका चलाउँदै आएको र घुमन्ते जीवन बिताउने समुदाय अहिले जीविकोपार्जनका विभिन्न काममा लागेको छ । पुरुष मजदुरीका लागि भारत जान्छन्, केहीले मादल, सुल्पा, हुक्का, चिलिम, माटाका भाँडा बनाउँछन् । माछा मार्छन् । मजदुरी गर्छन् । समुदाय परिवर्तन भयो । तर, उनीहरूप्रति सामाजिक दृष्टिकोण भने फेरिएको छैन । त्यसको असर हुर्कंदै गरेका किशोरीले भोगिरहेका छन् । डाडको तुलसीपुर-६ मोतीपुरकी सन्जु नेपाली त्यसैमध्येकी हुन् । 'बादी महिलाले यौन पेसा नै गरे हुन्थ्यो भन्ने धेरै छन् । हाम्लाई समेत पाइला-पाइलामा लुट्न खोज्छन्,' उनले भनिन्, 'बादी केटीहरू देख्दा सिठी फुक्ने, आँखा झिम्क्याउने, जिब्रो पड्काउने र ओठले चुम्बन गरेको इसारा गर्ने त कति छन् कति !' कसैले अहिलेको दुःखभन्दा पहिलेकै सुख राम्रो भनेरसमेत गिज्याउने गरेको उनले बताइन् ।

जनगणना-२०६८ अनुसार मुलुकभर बादी समुदायको जनसंख्या ३८ हजार ६ सय ३ छ । त्यसमा महिला २० हजार ३ सय ५ छन् । पुरुष १८ हजार २ सय ९८ छन् । प्रदेश ५ का विभिन्न जिल्लामा यो समुदायको संख्या ७ हजार ८ सय ८६ छ । प्रदेशका १२ वटै जिल्लामा यो समुदायको बसोबास छ । सरकारले २०६५ सालमा बादी समुदायलाई यौन शोषणमुक्त घोषणा गऱ्यो । यसपछि खुलेआम हुँदै आएको देह व्यापार हट्यो । तर समुदायको पुनःस्थापनाका लागि कुनै योजना र रणनीति बनेन । यही कारण उनीहरूको आर्थिक र सामाजिक सशक्तीकरण हुन सकेको छैन । फलस्वरूप कमला र सन्जुजस्तै धेरै किशोरीले अहिले पनि दुर्व्यवहार र लान्छना सहनु परिरहेको छ । बुटवलमा आयोजित बादी समुदायको

बुटवलमा आयोजित बादी समुदायको पहिचान र अवस्था विषयक कार्यक्रममा सहभागी उक्त समुदायका प्रतिनिधि । तस्बिर : अमृता/कान्तिपुर

पहिचान र अवस्था विषयक कार्यक्रममा सहभागी हुन आएका उनीहरूले निर्धक्क भएर आफ्ना गुनासा पोखेका हुन् । 'कहिलेकाहीं त आफ्नै सरहरूले पनि गिद्धे नजर राखे । छिमेकीले पनि हिंसा गरे,' घोराहीकी सुजाता नेपालीले भनिन्, 'छुने, मुसार्ने, गढेर हेर्ने र यौन इसारा गर्नेलाई सामान्य मानेर सहँदै आयौं । हाम्रो समुदायले यस्तो हिंसा सहनुपर्छ भन्ने सिक्यौं । पहिले त हिंसा हो भन्ने नै थाहा पाएनौं ।' सुजाता अहिले घोराहीमा ब्युटिपार्लरको तालिम लिइरहेकी छन् । सीप सिकेपछि वैदेशिक रोजगारीमा जाने उनको योजना छ । 'तर पनि धेरै पुरुषले देह व्यापारमै लाग्न र नांगिन लोभ्याउने गरेका छन् । अरू काम गर्छु भन्दा पनि पत्याउँदैनन्,' उनले भनिन्, 'साह्रै दुःख लाग्छ ।'

देह व्यापार छोडेर अन्य काममा लागेका महिलाको त बयान गरिसाध्य छैन । झन्डै ३० वर्ष देह व्यापार गरेकी सुन्दरी नेपालीले अहिले पनि धेरै पुरुष वरपर डुल्ने र लोभ्याएर यौन बाध्यतामा फसाउन खोज्ने बताइन् । 'अधिकांश पुरुष हामी ढाकिँदा पिरोलिएका छन् । उनीहरूमा कहिल्यै पूरा नहुने यौन प्यास छ,' उनले भनिन्, 'त्यो प्यास अब हाम्रा किशोरी छोरीबाट मेट्न चाहन्छन् ।' यही कारण समुदायका किशोरी अगाडि बढ्न नसकेको उनले बताइन् । 'हामीसित नांगिने पुरुष समाजका अगाडि ढाकिन्छन् । हाम्रा छोरीचेलीलाई सधैं नंग्याउन चाहन्छन्,' उनले भनिन्, 'तिनकै कारण आत्मसम्मानले बाँच्न पाएका छैनौं ।'

उक्त समुदायकी अधिकारकर्मी मीना नेपालीका अनुसार पहिले-पहिले यस समुदायमा जीवन चलाउने अरू उपाय थिएन । यसैले आफ्नै घर र परिवारका अगाडि नांगिएका थिए । यौन तृष्णा मेटाएर त्यसबापत केही कमाएका थिए । अहिले त्यस्तो अवस्था छैन । 'हामी अहिले जसोतसो ढाकिएका छौं । तर, हाम्रा छोरीचेलीमाथि कुदृष्टि राखिरहेका छन्,' उनले भनिन्, 'यही सोच फेर्न नसक्दा दिनदिनै नांगिएझैं लाग्छ ।'

अहिले पनि कतिपय होटल-रेस्टुराँमा देह व्यापार छ । अरू समुदायका महिलाले पनि त्यसैलाई जीविकोपार्जनको माध्यम बनाएका छन् । तर, उनीहरूको चर्चा हुन्न । बादी अधिकारकर्मी नेपालीले भनिन्, 'प्रहरीले रंगेहात पक्राउ गर्दा पनि बादी महिला भनेर नसोधी किटान गर्छ ।'

बादी समुदायको समग्र विकासका लागि थुप्रै समुदायमा आधारित सामाजिक संस्थाको स्थापना भएका छन् । समुदायको उत्थानका लागि क्रियाशील कमिट नेपालका अध्यक्ष प्रकाश नेपालीले प्रभावकारी नीति र योजना नभएका कारण समुदाय परिवर्तन गरे पनि दीर्घकालीन विकास गर्न नसकेको बताए । 'बादी महिलाको बाध्यात्मक देह व्यापारमा कति पुरुष रमे, रमाए । उनीहरू बदनाम भएनन् । सधैं सम्मानित भए,' उनले भने, 'हाम्रो पुस्ता देह व्यापारमै नहुँदा पनि अपमानित हुनु दुर्भाग्य हो ।' प्रदेश सरकारले यौन पेसा गरेर परिवार पाल्ने अवस्था अन्त्य गरी बादी समुदायलाई अगाडि बढाउन शिक्षा र रोजगारीमा सहयोग गर्ने योजना बनाएको छ ।

बादी समुदायलाई अरू जातिसरह आत्मसम्मानले बाँच्न सक्ने बनाउन शिक्षा, स्वास्थ्य र रोजगारीका प्याकेज सञ्चालन हुने सामाजिक विकासमन्त्री सुदर्शन बरालले बताए ।

मार्टिन्सको दुई गोल
संकटाको फराकिलो जित । १६

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

भुमरीमा दीपिका
'छपाक' बहिष्कार ट्रेन्डमा । ९

वर्ष २७ अंक ३२० सुर्खेत | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

NEPAL GEM & JEWELLERY ASSOCIATION
PRESENTS

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

GJE
3rd Nepal
GEM & JEWELLERY
EXPO 2020
Taking Nepalese Jewellery Globally

HOTEL SOALTEE CROWN PLAZA
Kathmandu, Nepal

Nepal's Exclusive Jewellery Exhibition

11-12 January, 2020, 10am - 6pm

More than 26 reputed jewelers under one roof

Large Variety of Gems & Jewelleries

Wedding Jewelleries

ORGANIZED BY
NEPAL GEM & JEWELLERY ASSOCIATION
FNCCI
Nepal Tourism Board www.welcomenepal.com

ENDORSED BY
Trade and Export Promotion Centre
Ministry of Industry Commerce and Supplies

MAIN SPONSOR: कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED

DIAMOND SPONSOR: Warsteiner PREMIUM GERMAN BEER, TVS

DIAMOND SPONSOR: अर्घाखाँची सिमेन्ट प्रा.लि., MORRIS GARAGES, लक्ष्मी बैंक

SILVER SPONSOR : HIMALAYA AIRLINES, PRIME BANK LTD., SiddharthaBank, सिद्धार्थ इन्स्योरेन्स लिमिटेड Siddhartha Insurance Limited, BAJAJ, Global IME Bank

SUPPORTING PARTNERS : GARUD SECURITIES P. LTD., Godrej, Radisson HOTEL KATHMANDU, SOALTEE CROWNE PLAZA KATHMANDU

MAKE-UP: MAKE-UP STUDIO PROFESSIONAL AMSTERDAM

MAGAZINE PARTNERS : SHINE, N-MAG SOCIAL NETWORK MAGAZINE

MEDIA PARTNERS : KANTIPUR HD

EVENT MANAGED BY : EVENT sansar.com

मार्टिन्सको दुई गोल
संकटाको फराकिलो जित । १६

भुमरीमा दीपिका
'छपाक' बहिष्कार ट्रेन्डमा । ९

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३२० सुर्खेत | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

सत्तारूढ दलका नेता र सरकारका उच्च अधिकारीको प्रतिबद्धता

'निजी क्षेत्रको मनोबल टुट्न दिन्नौं'

कान्तिपुर संवाददाता (काठमाडौं)

सत्तारूढ दलका नेता तथा सरकारका उच्च अधिकारीहरूले निजी क्षेत्रको मनोबल टुट्न नदिने प्रतिबद्धता जनाएका छन् ।

राजधानीमा बिहीबार आयोजित 'कान्तिपुर इकोनमिक समिट २०२०' मा सत्तारूढ नेकपाका नेता, बहालवाला तथा पूर्वअर्थमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष र सरकारका उच्च अधिकारीहरूले अहिले निजी क्षेत्रले केही असहज महसुस गरिरहे पनि मनोबल टुट्न नदिने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

समिटमा 'नेपाली अर्थतन्त्र : वर्तमान अवस्था र भावी दिशा' शीर्षकको छलफलमा सहभागी अर्थमन्त्री युवराज खतिवडाले विभिन्न तहका सरकारले निर्धारण गरेको करका कारण निजी क्षेत्रले असहज महसुस गरे पनि अब त्यस्तो नहुने बताए । संघ, प्रदेश र स्थानीय तहका सरकारले लगाएको करसम्बन्धी समस्या समाधान भइसकेको उल्लेख गरे । 'कर क्षेत्रको सुशासनमा सरकारको ध्यान जानेछ,' उनले भने । जनता र निजी क्षेत्रले तिरेको कर सदुपयोग हुनेमा आश्वस्त पार्दै उनले भने, 'अब कर बढ्दैन ।' उनले कर्पोरेट कर नबढेको र भन्सार महसुलमा मात्रै केही परिवर्तन गरिएको बताए ।

समिटका क्रममा निजी क्षेत्रको मनोबल शीर्षकको छलफल सत्रमा राजस्व सचिव शिशिर ढुंगानाले निजी क्षेत्रलाई सरकारले संकुचित नपारेको दाबी गरे । 'निजी क्षेत्रको मनोबल उकास्न आवश्यक अनुदान दिएका छौं,' उनले भने, 'लगानीकर्ताका लागि पूर्वाधार निर्माण र सुरक्षालाई पहिलो प्राथमिकतामा राखेका छौं ।'

'निजी क्षेत्रको मनोबल' शीर्षकको अर्को छलफलमा पूर्वअर्थमन्त्री एवं नेकपाका महासचिव विष्णु पौडेलले पनि निजी क्षेत्रको विश्वास जित्न कुनै कसुर बाँकी नराख्ने बताए । 'निजी क्षेत्रले लगानी गरेअनुसार अपेक्षा पनि गरेका हुन्छन् । उनीहरूले जोखिम कम खोजेका हुन्छन् । सीमित लगानीमा केही मुनाफा खोज्छन्,' उनले भने, 'सरकारले निजी क्षेत्रको कठिनाइ हेर्छ ।' सरकारले मात्र नभई नेकपाले पनि निजी क्षेत्रसँग घनिष्ठ सहकार्य गर्न चाहेको उनले बताए ।

लोकतान्त्रिक विधि र आर्थिक प्रणालीबाट चल्ने मुलुकमा निजी क्षेत्र आवश्यक पर्ने उल्लेख गर्दै उनले भने, 'निजी क्षेत्रलाई साथमा नलिई समृद्धि आउँदैन । निजी क्षेत्रको विश्वास जित्न र मनोबल उठाउन सरकारले कुनै संकोच राख्दैन ।' उनले निजी क्षेत्रलाई समस्या पर्ने कुनै कानुन भए तिनलाई संशोधन गर्न सकिने आश्वासनसमेत दिए ।

सोही छलफलमा राजस्व सचिव शिशिर ढुंगानाले पनि निजी क्षेत्रलाई सरकारले प्रोत्साहन गरिरहेको धारणा व्यक्त गरे । 'निजी क्षेत्रको मनोबल बढाउन सरकारका तर्फबाट सक्दो सहयोग गरेका छौं,' उनले भने, 'सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न चाहेको छ, त्यसैले राजस्वमा मात्रै जोड दिएका छैनौं ।' सरकारले ऐन, कानुन बनाउँदा पनि निजी क्षेत्रसँग छलफल गरेको उनले स्मरण गराए ।

कार्यक्रममा प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमालले निजी क्षेत्रसँगको सहकार्यमा ठूला आयोजना निर्माण गर्न सरकारले सार्वजनिक-निजी साझेदारी ऐन तयार पारिसकेको जानकारी दिए । **बाँकी पृष्ठ १३**

पृष्ठ ११/१२

- निजी क्षेत्र भन्छ- 'नीतिभन्दा नियतले समस्या'
- कसरी जुटाउने पूर्वाधारमा लगानी ?
- 'जनताको पैसा सुरक्षित गर्न वित्तीय क्षेत्र नियन्त्रण'
- 'सरकारले पूर्वाधार, निजीले उत्पादनमूलक क्षेत्रमा लगानी'

काठमाडौंमा बिहीबार आयोजित 'कान्तिपुर इकोनोमिक समिट-२०२०' को 'नेपाली अर्थतन्त्र : आजको अवस्था र भोलिको दिशा' शीर्षक छलफलमा सहभागी वक्ताहरू बायाँबाट क्रमशः अर्थमन्त्री युवराज खतिवडा, पूर्वअर्थमन्त्रीद्वय रामशरण महत र प्रकाशचन्द्र लोहनी, नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणा र प्रस्तोता विश्व पौडेल ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/ कान्तिपुर

आर्थिक बहसको खाँचो

संस्थागत पूर्वाधारबिना न लोकतन्त्र खँदिलो हुन्छ, न विकास समावेशी र न्यायोचित नै



प्रा. पीताम्बर शर्मा
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

नेपालमा खास गरेर आर्थिक विकास र नीतिहरूबारे सार्वजनिक फोरमहरूमा बहस, संवाद गर्ने र विषयको गम्भीरतालाई जनसाधारणमा सम्प्रेषण गर्ने स्थापित परम्परा छैन । भारतका विश्वविद्यालयको नक्कल गरेर विकसित हाम्रो प्राज्ञिक परम्परामा बेलामौकामा हुने गोष्ठी कर्मकाण्ड जस्तै छन् । दीर्घकालीन महत्त्वका वा समसामयिक विकासका विषयहरूमा विश्लेषण गर्ने प्राज्ञिक अनुसन्धानको खडेरी नै छ । व्यावसायिक संघसंस्थाका गोष्ठी र सम्मेलन आफ्ना मागहरूको सार्थकता वा सरकारी नीतिप्रति आफ्नो धारणा व्यक्त गर्ने फोरमभन्दा बढी हुने गर्दैनन् । विचार मन्थन गर्ने भनिएका सरकारी निकायहरूको निरीहता तथ्यको विश्लेषणमा आधारित नीति निर्माणभन्दा खास आग्रहद्वारा प्रेरित नीति र कार्यक्रमको पृष्ठपोषणमा झल्कन्छ ।

बहस र संवाद लोकतन्त्रको सबैभन्दा राम्रो पक्ष मानिन्छ । यसले सुन्ने-सुनाउने, बुझ्ने-बुझाउने, परिमार्जन गर्ने-गराउने एउटा खण्ड बनाउँछ । जब बहस, संवाद र प्रतिस्पर्धा कुण्ठित हुन्छ, तब तथ्य र प्रमाणलाई 'वैकल्पिक कथ्य' ले विस्थापित गर्छ । लोकतन्त्रका लागि यो सबैभन्दा घातक स्थिति बन्छ ।

पञ्चायतकालको राजाको निरपेक्ष शासनमा बहसलाई कुनै स्थान थिएन । पञ्चायतको अन्त्यकालताका सन् १९८५ मा बृहत् आर्थिक सन्तुलन कायम गर्ने नाममा संरचनात्मक समायोजन कार्यक्रम लागू गरियो । उद्योग, व्यापार, विदेशी विनिमय र मौद्रिक नीतिलाई उदार बनाइयो र आयात प्रतिस्थापनका लागि संरक्षण गरिएका उद्योगलाई बाह्य प्रतिस्पर्धाका लागि छाडियो । पञ्चायतको अवसानपछिको प्रजातान्त्रिक सरकारले दोस्रो चरणमा उदारीकरण, निजीकरण र भूमण्डलीकरण सँगसँगै लैजान कानुनी संरक्षण प्रदान गऱ्यो । सन् २००३ मा गरिबी निवारण र वृद्धि सुविधाका नाममा यो कार्यक्रमलाई अझै व्यापक र विस्तारित बनाइयो ।

संरचनात्मक समायोजनबाट यातायात, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको विकासमा निजी क्षेत्रको भूमिका बढ्यो र झाँगियो । कतिपय सार्वजनिक उद्योगहरू निजीकरण गरिए तर उद्योगमा दिगो अपेक्षित विकास हुन सकेन । दिगो आधार नभएका भुइँफुट्टा (फुटलुज) उद्योगको विकास भयो । विकासका निम्ति अपरिहार्य सार्वजनिक शिक्षा र स्वास्थ्य सेवा निकायमा संख्यात्मक वृद्धि हुँदाहुँदै पनि अपेक्षित गुणात्मक परिवर्तन आएन । **बाँकी पृष्ठ १३**

बिरामी ठग्दै 'अन्तिम विकल्प'

■ **बिनु सुवेदी** (काठमाडौं)

५० वर्षीय केसाङ (परिवर्तित नाम) भरतपुर क्यान्सर अस्पताल चितवनमा एक साता बसेर गत आइतबार ललितपुर गोदावरीको घर फर्किए । अन्तिम चरणमा पुगेको आन्द्राको क्यान्सर शल्यक्रिया गरे पनि निको नहुने भएपछि अब उनीसँग उनकै शब्दमा 'मृत्यु पर्खिनु' को विकल्प छैन ।

रोग पत्ता लाग्नेबित्तिकै उपचार गराउन अस्पताल पुगेको भए उनी छिट्टै निको हुन्थे तर उनी 'बिना अपरेसन क्यान्सर निको पार्छौं' भन्ने प्रचारको पछि लागे । शरीर डामाडोल भयो ।

करिब १७ महिनाअघि केसाङले आफ्नो आन्द्रामा क्यान्सर भएको पत्ता पाएका हुन् । डाक्टरले तुरुन्तै उपचार गरे रोग छिट्टै निको हुने पनि भनेका थिए । तर उनलाई शल्यक्रियासँग डर लाग्यो । उनले शरीर चिर्दै नचिरी सन्चो हुने उपचार पद्धतिबारे सुनेका थिए । सुरुमा त उनले बिमारबारे परिवारका सदस्यलाई पनि भनेनन् । गल्दै गएर करिब सात महिनाअघि उनले परिवारलाई बताउँदा उनको क्यान्सर स्टेज २ मा थियो ।



क्यान्सरका बिरामीले पैसा मात्र सिध्याएका छैनन्, बिमारलाई पनि अन्तिम चरणमै पुऱ्याइरहेका छन्

उनका छोरा सोनम (परिवर्तित नाम) भन्छन्, 'बुबाले शल्यक्रियाभन्दा सजिलो केही उपाय छ भने बुझौं न भनेपछि हामीले इन्टरनेटमा खोज्यौं ।' शल्यक्रिया नै नगरी रोग निको पार्छौं भन्दै प्रचार गरिरहेको ललितपुरको ढोलाहिटीस्थित 'अन्तिम विकल्प' मा सोनम बुबालाई लिएर गए । उनले अन्तिम विकल्पका सञ्चालक सुवास सुब्बालाई भेटेर बिमार र त्यसको उपचारबारे परामर्श गरे । सुब्बाले अन्तिम विकल्पलाई अस्पताल दाबी गर्दै गरेको प्रचार फेसबुक र युट्युबमा छयापछ्याप्ती छ । त्यहाँ उपचार गराएर निको भएका भनिएका 'बिरामी'हरूलाई सुब्बा आफैंले भेटाइदिए । सबैको कुरा र दाबी सुनिसकेपछि सोनमलाई लाग्यो, 'शल्यक्रिया नै नगरी दसै महिनामा उपचार हुने यो त गज्जबको ठाउँ रहेछ ।'

उनीहरूले त्यही उपचार सुरु गरे । सुब्बाले क्यान्सर निको पार्ने भन्दै आफ्नै क्लिनिकमा उत्पादन गरेको चमत्कार नामक औषधि चालु गराए । महिनाको ४५ हजार तिरेर किनेको त्यो औषधि केसाङले लगातार चार महिनासम्म खाए । **बाँकी पृष्ठ १४**

बनाउनेले नै भत्काए छाउगोठ

सल्यान (कास)- बाग्चौर नगरपालिका-२ नयाँ बस्तीमा रहेका छाउगोठ बनाउनेले नै भत्काएका छन्। जिल्लामा छाउप्रथा लामो समयअघि नै हटिसकेको भन्दै घरधनीले नै छाउगोठ भत्काएका हुन्।

जिल्लामा दशकअघि नै छाउप्रथा हटेपछि गोठ घाँस/दाउरा राख्न प्रयोग हुँदै आएका थिए। स्थानीय पुष्कर केसीले छाउप्रथा पहिले नै हटे पनि गोठलाई घाँस राख्ने ठाउँको रुपमा प्रयोग गरिएको जनाए। उनले प्रहरी अनुरोधमा गोठ भत्काइएको जानकारी दिए। स्थानीय दिलबहादुर खत्रीले गाउँका अधिकांश महिलाले महिनावारी बार्न छोडेको जानकारी दिए। 'पुराना छाउगोठलाई भण्डारकक्षको रुपमा प्रयोग गरिरहेका थियौं,' उनले भने, 'प्रहरीको अनुरोधमा भत्काइएको छ।' उनका अनुसार प्रहरी अभियानमा साथ दिन गाउँ आसपासका आधा दर्जन गोठ भत्काइएको हो।

बाग्चौरमा भेटिएको छाउगोठ डेढ दशक अघि निर्माण गरेको पाइएको जिल्ला प्रहरी प्रमुख डीएसपी ढकेन्द्र खतिवडाले बताए। उनका अनुसार ती गोठ प्रयोग गर्न छोडेको १० वर्षभन्दा बढी भइसकेको छ।

'जिल्लामा अहिले छाउप्रथा छैन,' उनले भने, 'पुराना छाउगोठलाई स्थानीयले घाँस/दाउरा राख्न प्रयोग गरिएको पाइयो, गोठ उसै रहँदा छाउप्रथा कायम रहेको सन्देश जाने भएकाले भत्काउन जिल्लाभर प्रहरी परिचालन गरिएको छ।'

सरोकारवालासँगको छलफलको क्रममा नयाँ बस्तीमा छाउगोठ रहेको पत्ता लागेपछि भत्काउन घरधनीलाई नै अनुरोध गरिएको प्रमुख जिल्ला अधिकारी चुडाराज न्यौपानेले बताए। उनले महिनावारी भएका महिलालाई छाउगोठमा राखेको थाहा पाए सरकारी सुविधाबाट वञ्चित गर्ने र आवश्यक कारबाही अगाडि बढाउने निर्णय भइसकेको जनाए। उनका अनुसार छाउगोठ भत्काउन जिल्ला प्रहरी कार्यालयले मातहतका इकाइलाई विभिन्न गाउँमा खटाएको छ।

नगरबाटै विद्यालय अनुगमन

प्रविधिबाट गरिने अनुगमनले शिक्षकलाई अनियमित हुन तथा लापरबाही गर्न रोकेको छ

■ हरि गौतम (रुकुम पश्चिम)

रुकुम पश्चिमको चौरजहारी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा संयोजक शेरप्रसाद ढकाल विद्यालयमा शिक्षकको उपस्थितिबारे कार्यालयबाटै जानकारी लिँदै। *तस्बिर : हरि/कान्तिपुर*

चौरजहारी नगरपालिका-५ स्थित माध्यमिक विद्यालय खहरेका प्रधानाध्यापक नेत्रबहादुर बुढाले मंसिरमा दुई दिन नगरका पदाधिकारीलाई स्पष्टीकरण दिए। नगरको शिक्षा, युवा तथा खेलकुद शाखाबाट उनलाई विद्यालयमा किन हाजिर नभएको भनेर सोधियो। कालिका आधारभूत विद्यालयका प्रधानाध्यापक लालबहादुर घर्तीले गत असोजमा पहिलो मौखिक स्पष्टीकरण दिए।

दुवै विद्यालयका प्रधानाध्यापकलाई विद्यालयमै गएर स्पष्टीकरण सोधिएको होइन, न उनीहरूलाई नगरपालिकामै बोलाइयो। २ नम्बर वडाको विजयेश्वरीडाँडामा रहेको शाखाबाटै उनीहरूलाई फोनमार्फत स्पष्टीकरण सोधिएको हो। शाखाले कार्यालयबाटै विद्यालयको अनुगमन गर्ने गरेका उदाहरण हुन् यी।

शाखाले नगरभित्रका २३ विद्यालयको अनुगमन विद्यालय नपुगेरै गरिरहेको छ। शैक्षिक परामर्श तथा प्रविधि कार्यक्रममार्फत नगरपालिकाले विद्यालयको गतिविधि कार्यालयबाटै अनुगमनको व्यवस्था मिलाएको हो। नगरपालिकामा रहेका ४० विद्यालयमध्ये पहिलो चरणमा २३ विद्यालयमा कार्यक्रम लागू छ।

पठनपाठनमा लापरबाही गर्ने, समयमा नआउने, समय नहुँदै विद्यालय छाड्ने शिक्षक र विद्यालय नआउने विद्यार्थीको अनुगमनका लागि कार्यक्रम सुरु गरिएको शिक्षा, युवा तथा खेलकुद शाखा संयोजक शेरप्रसाद ढकालले बताए। २३ विद्यालयलाई इन्टरनेट र सफ्टवेयरमार्फत कार्यालयमा जोडिएको छ। शिक्षकले विद्यालयमा गर्ने हाजिरीको जानकारी शाखामा इन्टरनेटमार्फत पुग्ने गरेको छ।

गत वर्षदेखि नै ९ माध्यमिक, ८ आधारभूत (१-८) र ६ प्राथमिक गरी २३ विद्यालयको अनुगमन कार्यालयबाटै भइरहेको शाखाले जनाएको छ। 'को शिक्षक आयो, को आएन, कसले आधा दिनमै विद्यालय छाड्यो भन्नेबारे हामीलाई दैनिक जानकारी हुन्छ,' ढकालले भने, 'विद्यार्थीको उपस्थिति दर समेतको अनुगमन कार्यालयबाटै भइरहेको छ।' विद्यालयमा शिक्षकबाट हुने लापरबाही र विद्यार्थीले गर्ने कमजोरीको अनुगमन गर्नका लागि नगरपालिकाले यस्तो विधि अपनाएको उनले जानकारी दिए। उनका अनुसार २३ विद्यालयका सबै शिक्षकको रेकर्ड कार्यालयमा पुग्नेगरी राखिएको छ।

शिक्षकले विद्यालयमा पुग्नेबित्तिकै डिजिटल हाजिरीमा उपस्थिति जनाउँछन्। उक्त उपस्थिति सफ्टवेयरमार्फत सोझै शिक्षा, युवा तथा खेलकुद शाखा कार्यालयमा पुग्छ। शिक्षक विद्यालय नआएको यसैबाट थाहा हुने ढकालले जनाए। जानकारी आएपछि शाखाले आवश्यक निर्णय लिने गरेको छ। २३ मध्ये कति विद्यालयका विद्यार्थीको पनि हाजिरी कार्यालयमा पुग्ने गरेको छ। सबै विद्यार्थीको उपस्थिति हेर्नेगरी मिलाउने काम भइरहेको शाखाले जनाएको छ।

'शैक्षिक परामर्श तथा प्रविधि कार्यक्रमले शिक्षकलाई अनियमित हुन तथा लापरबाही गर्नबाट रोकेको छ,' संयोजक ढकालले भने, 'यो कार्यक्रम सुरु गरिएपछि शिक्षकहरू दौडादौड गरेर भए पनि समयमै विद्यालयमा पुग्न थाल्नु भएको छ, विद्यालय विदा नभई विद्यालय छाड्ने क्रम अन्त्य भएको छ।' उनले चालू आर्थिक वर्षभित्रै सबै विद्यालयमा कार्यक्रम लागू गरिने जानकारी दिए। त्यसको तयारीस्वरुप सबै विद्यालयमा नगरपालिकाले इन्टरनेट जडान गरिसकेको छ।

कार्यक्रमका लागि नगरपालिकाले विद्यालयलाई अनुदान दिएको छ। प्रतिमाध्यमिक विद्यालय २ लाख २० हजार, आधारभूत विद्यालय (१-८) १ लाख ९६ हजार र प्राथमिक विद्यालय (१-५) लाई १ लाख ९० हजार रुपैयाँ अनुदान दिइएको थियो। पछिल्लो पटकको प्रविधिले शिक्षक तथा विद्यार्थीलाई नियमित बनाइरहेको भावि खहरेका प्रधानाध्यापक बुढाले बताए। विद्यालयको सबै गतिविधि सोझै कार्यालयमा पुग्ने भएकाले शिक्षक र विद्यार्थी अनुशासित हुन बल पुगेको उनको भनाइ छ।

बालबालिकाको रुचि र युग सुहाउँदो शिक्षण पद्धतिका लागि शैक्षिक परामर्श तथा प्रविधि कार्यक्रम सुरु गरिएको नगरपालिका प्रमुख विशाल शर्माले बताए। 'यो विज्ञान र प्रविधिको युग हो भन्ने तर वैज्ञानिक प्रविधिलाई विद्यालय शिक्षामा नजोड्ने भन्ने सुहाएन,' उनले भने, 'शिक्षण सिकाइमा समेत प्रविधिलाई प्राथमिकतामा राखेका छौं।'

उद्योगले थाल्यो मादल उत्पादन

■ विप्लव महर्जन (सल्यान)

शारदा नगरपालिका-१ श्रीनगरमा मादल उद्योग स्थापना भएको छ। २ युवा व्यवसायीले उद्योग सञ्चालन गरी मादलको व्यवसायिक उत्पादन थालेका हुन्। यहाँको मादल दाङ, नेपालगन्ज, सुर्खेत र बुटवललगायत ठाउँमा निकासी हुने गरेको उद्योग सञ्चालक प्रदीप चन्दले बताए।

उद्योगबाट दैनिक ६ मादल उत्पादन भइरहेका छन्। एउटा मादलको मूल्य १ हजार ८ सयदेखि २ हजार रुपैयाँसम्म रहेको छ। उद्योगमा बादी समुदायका व्यक्तिले नियमित रोजगारी पाइरहेका छन्। उद्योग सञ्चालन गरेपछि गाउँगाउबाट मादलको माग आउन लागेको सञ्चालक चन्दले बताए। उद्योगमा कच्चापदार्थ काठमाडौंबाट ल्याइने गरिएको छ। उनले ३ जनालाई रोजगारीसमेत दिएको जानकारी दिए। एक जनाले दैनिक २ मादल उत्पादन गरिरहेको चन्दको भनाइ छ।

'विभिन्न मेलापर्व, चाडबाड र औपचारिक कार्यक्रममा मादलको माग हुन थालेपछि उद्योग नै सञ्चालन गरेको हुँ,' उनले भने। उनले मादललाई सजावटको सामग्रीको रुपमा प्रयोग गर्ने क्रम बढेपछि माग पुऱ्याउन भ्याइनभ्याइ भएको जनाए। उद्योग स्थापनाले लोपोन्मुख मादल संरक्षणमा पनि टेवा पुऱ्याइरहेको अर्का सञ्चालक मित्रलाल भण्डारीले बताए। उनका अनुसार उद्योगमा मासिक खर्च कटाएर ५० हजार रुपैयाँ आम्दानी भइरहेको छ। 'मादल बनाउने कच्चा पदार्थ जिल्लामा नपाउने भएकाले काठमाडौंबाट ल्याउनुपर्दा उत्पादन केही महँगो पर्न गएको छ,' उनले भने, 'जिल्ला बाहिरबाट समेत माग बढ्न थालेपछि कालीगढलाई भ्याइनभ्याइ छ।'

बजार तथा कच्चा पदार्थको अभावमा एक दशकअघि मादल बनाउने पेसा छाडेका सिद्धकुमाख गाउँपालिका-३ का छविलाल नेपालीले उद्योगबाट नियमित रोजगारी मिलेको बताए। 'जीविकोपार्जनमा समस्या भएपछि मादल बनाउने पुर्ख्यौंली पेसा छाडिएको थियो,' उनले भने, 'अहिले यही सीप नै आम्दानीको मुख्य स्रोत बनेको छ।' उद्योगमा रोजगारी पाएपछि घरखर्च चलाउन र छोराछोरीलाई पढाउन सजिलो भएको उनको भनाइ छ। जिल्लाको एक मात्र उद्योग भएकाले पुराना मादल मर्मतको चापसमेत बढेको उनी बताउँछन्।

उद्योगमै रोजगारी पाइरहेका अर्जुन बादीले पुर्ख्यौंली सीप प्रयोग गरी परिवार पाल्न सजिलो भएको सुनाए। उनले उद्योगबाट मासिक १६ हजार रुपैयाँ आम्दानी भइरहेको सुनाए।

सल्यानको श्रीनगरस्थित उद्योगमा मादल बनाउँदै कालीगढ। *तस्बिर : विप्लव/कान्तिपुर*

सवारी दुर्घटनामा एकको मृत्यु

सल्यान (कास)- सुर्खेतबाट जाजरकोट जाँदै गरेको भे १ ख २५७३ नम्बरको यात्रुबाहक 'फोर्स' गाडी बन्गाडकुपिण्डे नगरपालिका-११ बालुवासंग्रही नजिकै दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ। बिहीबार भएको दुर्घटनामा ३५ वर्षीय चालक प्रकाश शर्माको मृत्यु भएको हो। दुर्घटनामा १७ यात्रु घाइते भएको प्रहरीले जनाएको छ।

गम्भीर घाइते भएका चालक शर्माको नेपालगन्ज मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा गम्भीर घाइते भएका सुर्खेत वीरेन्द्रनगर-१२ का ३० वर्षीय होम पंगाली, बन्गाडकुपिण्डे-१ का १३ वर्षीय अनिश विश्वकर्मा, जाजरकोट छेरागाडा-९ की २१ वर्षीया भगवती उपाध्याय र सान्तकुमार तिरुवाको कोहलपुरस्थित मेडिकल कलेजमा उपचार भइरहेको छ।

जिल्ला प्रहरी प्रमुख डीएसपी ढकेन्द्र खतिवडाका अनुसार अन्यको अवस्था सामान्य छ। ६ महिला, २ बालक र १० पुरुष घाइते भएको उनले जानकारी दिए। तीव्र गतिका कारण दुर्घटनामा भएको हुनसक्ने उनको अनुमान छ। गाडी सडकभन्दा १ सय ५० मिटर तल खसेको थियो।

रारामा भित्रिए विदेशी चरा

■ राजबहादुर शाही (मुगु)

मुगुको रारा तालमा देखिएका चरा। *तस्बिर : राजबहादुर/कान्तिपुर*

रारामा विभिन्न प्रजातिका चरा भित्रिने क्रम बढेको छ। वर्सेनि हिउँदको समयमा युरोप, चीन, साइबेरिया, भारतलगायत स्थानबाट विभिन्न प्रजातिका चरा रारामा आउने गरेका छन्। यस वर्ष कमकुट, बाटरफल्व, लिटिलक्रिट, टपटेक, ग्रिट, म्यासेन्जर, खोया हाँस र कन्याङकुरुङलगायत २० प्रजातिका विदेशी चरा रारा आएको रारा राष्ट्रिय निकुञ्जले जनाएको छ।

निकुञ्जका अनुसार अहिले रारामा ४९ प्रजातिका चरा छन्। ती चराहरू गर्मी महिना सुरु भएसँगै साइबेरिया, युरोप, मंगोलिया, मानसरोवरलगायत क्षेत्रमा फर्कन्छन्। मौसमी चराका कारण अहिले रारा क्षेत्र मनमोहक बनेको निकुञ्जका संरक्षण अधिकृत लालबहादुर भण्डारीले बताए। उनका अनुसार विदेशी र आन्तरिक चराका कारण रारातल चरामय बनेको छ।

मंसिरमै हिमपात सुरु भएकाले यस पटक रारामा धेरै पाहुना चरा आएको उनले जनाए। पुस-माघको कठ्याग्रिदो जाडोमा पनि रारा तालको पानी तातो हुने र पर्याप्त आहरा पाइने भएकोले विदेशी चरा यहाँ आउने गरेको उनले जानकारी दिए। 'चराले उफ्रिदै हिउँ खेलेको दृश्य हेर्दा पर्यटक रमाउँछन्,' उनले भने, 'मिलिचौर, ठाकुरज्यूला, ओखरबोट, निजारलगायत क्षेत्र पनि चराले भरिएका छन्।' उनले खोया हाँस, कपनकुटलगायत जलचर चराका कारण रारातको सौन्दर्य बढेको सुनाए।

आहारा खोज्न ताल मिसिएका स-साना खोलातिर पानीजन्य चराको घुइँचो हुन थालेको निकुञ्जका कर्मचारीको भनाइ छ। पानीसम्बन्धी चरा राति बास बस्न ताल नजिकका ढुंगेओडारमा आउने गरेका छन्। पाहुना चरा आहारा खोज्न मुर्मा, झयारी, माथि तुम, ताल्चालगायत बस्तीसम्म पुग्ने गरेको स्थानीयले जनाए। चिसोले गर्दा रारामा पर्यटकको संख्या भने घटेको हुटुस्थित भिलेज हेरिटेज रिसोर्टका प्रबन्धक दीपक रावतले सुनाए। यसैबीच, नेपाल पंक्षी संरक्षण संघबाट खटिएको ३ सदस्यीय विशेषज्ञ टोली रारामा फिरन्ते चराबारे अनुसन्धान गरेर फर्किएको छ। यसपल्ट रारामा १ सय ४ वटा प्रजातिका चरा फेला परेको टोलीले जनाएको छ। अनुसन्धानको क्रममा कल हाँस, खोया हाँस, खडखडे हाँस, हरियो टाउके, सुनजुरे, कैलो टाउके, कालीजुरे र मणीतुण्डकलगायत चरा भेटिएको चरा विशेषज्ञ मोहनविक्रम श्रेष्ठले बताए। 'चरालाई जलवायु परिवर्तनले पारेको असरबारे थाहा पाउन अनुसन्धान गरिएको हो,' उनले भने, '४ पटक अनुसन्धान गरेपछि मात्र चराबारे विस्तृत प्रतिवेदन सार्वजनिक गर्नेछौं।' उनका अनुसार यो पहिलो अनुसन्धान हो।

रारामा अन्य फिरन्ते चराको तुलनामा खोया हाँसको संख्या बढी पाइएको टोलीले जनाएको छ। उक्त प्रजातिको हाँस पनि रारामा पाहुनाको रुपमा आउने र गर्मी बढेपछि आफ्नै बासस्थानमा फर्किने गरेको पत्ता लागेको चराविज्ञ श्रेष्ठले जानकारी दिए। मौसम अनुसार चराको अनुसन्धान गर्ने संघको योजना छ। चिसो छल्न रारामा उच्च हिमाली भेगका वन्यजन्तुसमेत आउने गरेका छन्। ऋणीमोक्ष, छायानाथ, रोवा, सोभा लेक, कालाकाडालेकलगायत क्षेत्रबाट घोरल, मृग र कस्तुरीलगायत वन्यजन्तु रारामा आउने गरेका छन।

रेडपाण्डा बढ्दै

रारा क्षेत्रमा लोपोमुन्ख वन्यजन्तु रेडपाण्डको संख्या बढ्दै गएको निकुञ्जले जनाएको छ। निकुञ्जका अनुसार रारा केही वर्षयता रेडपाण्डाको प्रमुख बासस्थान बन्न थालेको हो।

संरक्षण अधिकृत भण्डारीका अनुसार गणना हुन नसके पनि रारामा रेडपाण्डाको संख्या बढिरहेको छ। भौगोलिक र वातावरणीय हिसाबले रेडपाण्डाको निम्ति रारा उपयुक्त मानिएको अनुसन्धानले देखाएको उनले जानकारी दिए। मुर्माटप, चुचुमारे, रुमखोला माझघट्टलगायत निकुञ्ज क्षेत्रमा रेडपाण्डा बस्ने गरेको उनले जनाए। निकुञ्ज क्षेत्रका निगालो र रुखको टोड्कामा रेडपाण्डाको बासस्थान रहेको उनले बताए।

भैलीको रकमले पक्की पोखरी

कान्तिपुर संवाददाता (सल्यान)

देउसीभैलो खेलेर जम्मा गरेको रकमबाट बन्गाडकुपिण्डे नगरपालिका-४ डोप्केस्थित हरियाली जनजागरण युवा क्लबले गाउँमा पक्की पोखरी निर्माण गरेको छ। पशुचौपायालाई पानी खुवाउन समस्या भएको भन्दै क्लबले पोखरी निर्माण गरेको हो।

क्लबले भैलीबाट ५० हजार रुपैयाँ संकलन गरेको थियो। पोखरी बनाउन क्लबका सदस्यले १ सातासम्म श्रमदान गरेका थिए। क्लबले विगत वर्षमा पनि भैली खेलेको रकम विभिन्न सामाजिक काममा खर्चिएको थियो। 'सुन्दा सानो लागे पनि पोखरी गाउँको सबैभन्दा ठूलो आवश्यकता भएको अनुभूति भयो,' क्लबका अध्यक्ष सुशील विकले भने, 'अहिले पशुपालक किसानलाई सुविधा भएको छ।'

स्थानीयले पोखरीको पानी कपडा धुन, नुहाउन र करेसाबारीमा प्रयोग गर्न सक्नेछन्। अध्यक्ष विकले सडक निर्माणको क्रममा यसअघिको पोखरी भत्किएका कारण नयाँ पोखरी निर्माण गरिएको जनाए।

गत वर्ष क्लबले भैली खेलेको रकमबाट खानेपानी र १ किलोमिटर सडक निर्माण गरेको थियो। 'विकासका लागि संघसंस्था र सरकारी कार्यालयको मुख ताक्ने प्रवृत्तिलाई निरुत्साहित गर्न खोजेका छौं,' अध्यक्ष विकले भने, 'विकासमा हाम्रो पनि लगानी हुनुपर्छ भनेर वर्सेनि क्लबका सदस्यले विभिन्न निर्माण कार्यमा श्रमदान गरिरहेका छन्।'



तपाईंको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनश्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
कर्कट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारीक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल पौष २६ गते शनिबार तदनुरुप ११ जनवरी २०२० माघ कृष्णपक्ष प्रतिपदा रात्रिको ११:५७ बजेसम्म उप्रान्त द्वितीया तिथि, पूनर्वसु नक्षत्र दिनको २:४७ बजेसम्म उप्रान्त तिष्य नक्षत्र, वैधृति योग दिनको ३:३३ बजेसम्म उप्रान्त विष्कुम्भ योग, बालब करण दिनको १२:३२ बजेसम्म उप्रान्त कौलब करण, मिथुन राशिमा चन्द्रमा प्रात: ८:५७ बजेसम्म उप्रान्त कर्कट राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हवाट द फ्लप (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	हियर्ज द लाइफ (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	सुमनसँग (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	फायरसाइड (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	मनी टक्स (रिपिट)
३:००	हवाट द फ्लप (रिपिट)
८:००	कान्तिपुर समाचार
८:३०	सुमनसँग (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	यू एण्ड आई
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हर्के हल्दार
१०:००	यू एण्ड आई (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	यू एण्ड आई (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ७)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हर्के हल्दार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	दिव्य दृष्टि (दिवाकर पन्त)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (धलिसा)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	रौली (भूपेन्द्र)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फेमिना (दिपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी
११:०५	फेमिना (दिपाञ्जली)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप अफ द टप्स (साजारिका)
१३:००	डिरेक्टिक डायरी
१३:०५	के छ नेपाल (महेश)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (महेश)
१५:००	कान्तिपुर डायरी
१५:०५	सौगाई (कृष्ण मल्ल)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	द राहुल भुजेल सो
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	फेनाटिक फ्राइडे (महेश/स्मिता)
१८:००	आद्या आकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	नो टेन्सन (दीपकराज/अम्बिका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	प्लेट्रोनिक्स (सञ्जय गुप्ता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी गोल्डी (स्मीता)
२३:००	इलिमेन्थ आवर (संजय)
२४:००	टप अफ द टप्स - रिपिट (संजय)
०१:००	कालजयी गीत-संगीत (भूपेन्द्र)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१११९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२११०९

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१६००
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५६०५५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१११९
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३९८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२११०१/५२०४०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३९०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८५८४४०१२९/४२०२०५
जिल्ला अस्पताल	४२००१९
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५१५०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९९

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-अस्पताल-एम्बुलेन्स	०८९-४३०१३९, ९८५८०४५५५५ ०८९४३०१८८ ९८१५५०२४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८६६०००२४९

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००१३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९७४८२९१६६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८६८१६५४८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२४०, ०८८५३०१५५
एम्बुलेन्स	९८०४८५८५८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००२९
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५१०८३०५५९

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९९
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२०१६६६

सल्यान

प्रहरी	०८८-५२००७०, ९८५८०४५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४८८३२४३८/०८८-५२०००४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४१२४५/४२४१४०२
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुनेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९८५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४१२२९
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८०५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्मर नि:शुल्क शवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६०८६
नेपाल मिटर ट्याक्सी संघ	४२२३३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

रत्न मन्दिर र हिमागृह छिट्टै नखुल्ने

पोखरा (कास)- उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलले नेपाल ट्रस्ट मातहत रहेको पोखराको रत्न मन्दिर र हिमागृह सर्वसाधारणका लागि छिट्टै नखुल्ने संकेत गरेका छन् । ट्रस्टका अध्यक्षसमेत रहेका उनले बिहीबार पोखरामा पर्यटन व्यवसायीसँगको भेटमा अहिले नै मिति यकिन नहुने बताए ।

यी दुई संरचना खुला गरी पर्यटकीय गन्तव्यमा परिणत गर्न पोखरा पर्यटन परिषद्ले उनलाई ज्ञापनपत्र बुझाएको हो । पोखरेलले ट्रस्टले ती दुई स्थल व्यापारिक प्रयोजनका लागि दिएको भन्ने समाचारमा सत्य नभएको उल्लेख गरे । 'रत्न मन्दिर र हिमागृह विद्यमान कानुनलाई ख्याल गरेर यहींको प्रदेश र स्थानीय सरकारसँग परामर्श गरी के गर्दा अधिकतम उपयोग हुन्छ, त्यसरी नै गरिन्छ,' उनले भने, 'ठ्याक्कै तिथिमिति कहिलेदेखि भन्न सक्दिनँ ।' उनले प्रदेश र स्थानीय तहलाई पन्छाएर कुनै पनि कुरा नहुने जनाए । 'जे गर्छौं कानुनसम्मत गर्छौं,' उनले भने, 'कानुनलाई तोडेर अपारदर्शी ढंगले हुँदैन ।'

परिषद्का अध्यक्ष चिरञ्जीवी पोखरेलले रत्न मन्दिर र हिमागृह खुला गर्दा पर्यटकको बसाइ लम्ब्याउन सकिने बताए । 'गणतन्त्र स्थापनासँगै नारायणहिटी राजदरबार संग्रहालयमा रुपान्तरण हुँदै सर्वसाधारणको पहुँचमा पुगेको यत्ति वर्ष भयो,' उपप्रधानमन्त्रीसँग उनले भने, 'पोखरामा पनि यथाशक्य छिटो खुला गर्नुपर्छ ।'

परिषद्ले फेवाताल संरक्षण, एक्यापमा बहुप्रवेश अनुमति, विभिन्न अन्तर्राष्ट्रिय सहरसँग पोखराको सिधा हवाइ उड्डयन सम्झौता, पोखरा-भीमाद-चितवन-लुम्बिनी द्रुतमार्ग, अन्तर्राष्ट्रिय विमानस्थलदेखि फेवातालसम्म एक्सप्रेस वे, भिसा शुल्कमा सहुलियत, पर्वतारोहण शुल्क मिनाहा, पर्यटक बस टर्मिनल, विशेष पर्यटकीय क्षेत्र सम्बन्धमा उपप्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाएको थियो ।

सुस्त मनस्थितिकी महिला बलात्कृत

बुटवल (कास)- बोल्न र सुन्न नसक्ने ५० वर्षीया महिला सामूहिक बलात्कारमा परेकी छन् । शुद्धोधन गाउँपालिका-१ चंखीपुरका रामनाथ मल्लाह र कुलबहादुर पौडेलले बलात्कार गरेको परिवारको आरोप छ ।

परिवारले दुर्वैविरुद्ध इलाका प्रहरी कार्यालय बुटललमा किटानी जाहेरी दिएको छ । 'चिनजानकै व्यक्तिबाट सुस्त मनस्थितिकी आमा बलात्कारमा पर्नुभएको छ,' आफन्त रामु क्षत्रीले भने, 'नामै किटान गरेर उजुरी दिँदा पनि प्रहरीले खोजतलासमा बेवास्ता गरेको छ ।'

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार पुस २० गते साँझ ती महिला छिमेकीको घर गएकी थिइन् । फर्कंदा बाटोमा रक्सीले मात्तिएका उनीहरूले महिलालाई लतारेर खेतमा लगी बलात्कार गरेका थिए । रगताम्य अवस्थामा भेटिएकी उनलाई सुरुमा परिवारले प्राथमिक उपचार गरेको थियो । सामान्य अवस्थामा आएपछि उनीहरूले घटनाबारे स्थानीयलाई बताएका हुन् । स्थानीयले महिलाको इसाराका आधारमा बलात्कारमा संलग्नको पहिचान गरेका थिए । त्यसैका आधारमा पुस २२ गते छोराले उनीहरूविरुद्ध इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिएका थिए ।

घटना प्रहरीमा पुगेको थाहा पाएपछि आरोपित पौडेल र मल्लाह फरार छन् । डीएसपी भीमलाल भट्टराईले बलात्कारमा संलग्नको खोजी भइरहेको बताए । 'अपांगता भएकी महिलामाथि जघन्य अपराध भएको छ,' उनले भने, 'घटना पहिल्यै सार्वजनिक हुनु र ढिलो गरी उजुरी आउनुले आरोपित भागेका हुन् ।'

कोइलाबास सम्झँदै 'हटारु'

'पहिले गाउँबाट पैसा जम्मा गरेर सामान किन्न बजार पुग्नुपर्थ्यो । अहिले पैसा लिएर मानिस हामीलाई खोज्दै सामान लिएर गाउँमा आइपुग्छन्'

रोल्पाबाट नुन लिन दाङ र भारतको सीमामा पर्ने कोइलाबास पुगेको याद गर्दै पूर्वी रोल्पाको जेलबाङका हटारु । तस्बिर : काशीराम/कान्तिपुर

■ **काशीराम डाँगी** (रोल्पा)

कोइलाबास कुनै बेला दाङ, रोल्पा, प्यूठान, रुकुम, सल्यानलगायत जिल्लाको नुन किन्ने एकमात्र बजार थियो । रोल्पाबाट २२ दिनदेखि एक महिनासम्म एकतर्फी हिँडेर हटारु (भारी बोकेर नुन ल्याउने समूह) बनेर नुन किन्न जान्थे । पश्चिमी रोल्पाको घर्तीगाउँको झिनुवाबाट कोइलाबास पुग्न २८ दिन लाग्थ्यो । १० पटक नुन लिन हटारु बनेर कोइलाबास पुगेका झिनुवाका ६८ वर्षीय हीरालाल वलीले १ सय २० जना एकैसाथ पुगेको सम्झिए । 'ठूलै जत्थामा हिँड्दा निकै रमाइलो हुन्थ्यो । घरैबाट खाना बोकेर नुन लिन जाँदाको रमाइलो क्षण अब सुन्नेलाई किंवदन्ती जस्तो बनेको छ,' उनले भने, 'झिनुवाबाट कोइलाबास पुग्न आठवटा भन्दा बढी त खोल्सा र डाँडामा बास बस्नुपर्थ्यो ।'

घरबाट निस्केपछि हटारुको जत्था हान्जाबाङ, त्रिवेणी, दहवन, तोसपेदा, भैंसे गोगली, मसौट खोला, गढवा, अम्बास र चोरखोलीमा बास बसेपछि मात्र अर्को दिन कोइलाबास पुग्थ्यो । कोइलाबासमा नुन, कपडा र भेली किन्न आठ दिन लाग्थ्यो । पहिलो दिन त उछिट्टेलाई नचाउन लाग्थ्यो । कोइलाबास पहिलोपटक जानेलाई उतिबेला 'उछिट्टे' भन्ने चलन थियो र उसलाई गुड (भेली मिठाई) का डल्लाले हानेर स्वागत गर्ने चलन थियो । यो चलन कोइलाबासका पसलेले नै सुरु गरेका थिए । नुन लिने टोलीका प्रमुखले ती 'उछिट्टे' लाई बेस्सरी नचाउँथे पनि ।

त्यसपछि मालुका पात टिप्न, नुनलाई पोकामा राखेर भारी बनाउन एक साता लाग्थ्यो । 'घरबाट लगेको जिनिस बेचेपछि मात्रै के किन्ने भन्ने निर्णय हुन्थ्यो,' उनले भने, 'आधा महिना हिँडेर घरबाट बजार पुग्दा निकै आनन्द हुन्थ्यो ।' कोइलाबास पुगेर पात टिप्ने, बाबियो खोज्ने र डोरी बनाउने काम अगुवाले गर्थे भने अन्यले सघाउने चलन थियो । घरबाट निस्केपछि कोइलाबास पुग्नुअघिको बाटो आसपासका गाउँमा खर्च (बाटोमा खाने अन्न) राख्दै झर्ने र फर्कंदा लिने चलन थियो । जुन घरमा खर्च राखिएको हुन्थ्यो, त्यही घरमा मिठाई (भेली) बाँड्ने गरेको वलीको सम्झना छ । हटारुले तलतिर झर्दा बास बस्ने ठाउँ नजिकैका घरमा अन्नका पोका-पन्तुरा झुन्ड्याई छाड्थे ।

कोइलाबासबाट नुन लिन कम्तीमा एक दर्जन गाउँका हटारु एकैसाथ जान्थे । त्यसो गर्दा सुरक्षा, सरसहयोग र रमाइलो यात्रा महत्त्वपूर्ण मानिन्थ्यो । कोइलाबास पुगेर नुनको भारी बोकेर साथै आएका साथीहरू पर्सराम खड्का, वीरबहादुर खड्का, शशे खत्री र म्याउसे वलीलगायतसँग उनको अहिले पनि भेट भइरहन्छ । उनको टोलीमा ओत, झिनुवा, जिनाबाङ, पाखापानी, पाछाबाङ, राँकलगायत गाउँमा हटारु साथै जान्थे । उनीहरूले गाउँबाट कोइलाबास जाँदा वनका जडीबुटी, टिम्मुर, घिउ, मह, सिमी र भटमासलगायत जिनिस बेच्न लैजान्थे । पश्चिमी रोल्पाका धेरै गाउँका हटारुको हाङजाबाङ गाउँ बास बस्ने मुख्य थलोमध्येको एक थियो । हटारुलाई घरमै बास बस्न दिएकामध्येका ७५ वर्षीय झुपल डाँगीले भने, 'ती दिन रमाइला थिए । हटारु र हामीबीच गज्जबको मित्रवत् सम्बन्ध थियो ।'

जेलबाङबाट २२ दिनमा कोइलाबास

जेलबाङबाट हटारुलाई कोइलाबास पुग्न २२ दिन लाग्थ्यो । 'आउँदा र जाँदा करिब दुई महिनै लाग्थ्यो,' जेलबाङका ८० वर्षीय ढाँट परियारले सम्झिए, 'म नुन लिन कोइलाबास कम्तीमा ६/७ पटक पुगेँ ।'

अहिले नुन, तेल, लत्ताकपडा र औषधिलगायत अत्यावश्यक सामग्री घर छेउमै आइपुग्छ । सडक भए गाडीले ल्याइदिन्छ, नभए घोडा-खच्चड प्रशस्तै छन् । कोइलाबास जाँदा हिँडेको र बास बसेको बाटोको याद अझै छ हटारु ढाँटसँग । ठूलो समूहमा हिँड्दा यात्रा लामो हुने बताउँदै उनले जेलबाङबाट कोइलाबास पुग्दा बाटैभरि बास बसेको ठाउँको याद गरे । जेलबाङबाट नुन लिन कोइलाबासका लागि यात्रा थालेपछि बाटोमा हाङ्जा, छिर्ने, घोरालखोला, काँडाबास, लिवाडी आँप, राम्चे, देउराली, धौलाबाङ, घोराही, लमही र कोइलाबासलगायत ठाउँ भेटिन्थे । ती स्थानमा नुन बोक्ने हटारुहरू कैयौंपटक बास पनि बसेका छन् ।

'जहाँ रात पर्छ, त्यहीं बास बस्थ्यौं,' ढाँटले सम्झिए, 'मानिसको डर थिएन । भूतप्रेत लाग्ला भन्दै चनाखो हुन्थ्यौं ।'

जेलबाङसम्मै सडक पुगेकाले अब उनलाई नुन बोक्नैरै खानुपर्ने बाध्यता छैन । बढी किनमेल गर्न उनी मोटरमै सुलिचौर बजार झर्छन् । नुन, तेल, खाद्यान्नलगायत सामान किन्न उनका छोरानाति जान्छन् । मुलुकमा राजनीतिक परिवर्तन, विकासमा नयाँ ढाँचा, फेरिएको समय, बजारीकरण र सडकको विकासले जीवनमै व्यापक फेरबदल आएको उनको अनुभव छ । 'अब कोइलाबास जानै पर्दैन,' उनले भने, 'बाटोको विकासले उहिले कोइलाबासमा व्यापार गर्ने व्यापारीहरू अहिले रोल्पा-रुकुम-सल्यानका कुना कन्दरासम्म पुगेका छन् । सजिलो छ अहिले ।'

जेहोस्, व्यापारीलाई व्यापार व्यवसायले मन तानेजसरी जेलबाङका यी वृद्धहरूलाई गाडी देख्ने र चढ्ने रहरले मन तानेको छ । पूर्वोत्तर रोल्पाको जेलबाङ गाउँका उनीहरू अहिले सुलिचौर, लिवाङ र दाङसम्म आवतजावत गर्दा गाडी चढ्छन् । पूर्वी रोल्पाको जेलबाङ घर भएका सुनछहरी गाउँपालिकाका अध्यक्ष आसबहादुर पुनमगरले नुन, तेल र कपडा किन्न अब कोइलाबास पुग्नु नपर्ने समय आएको बताए । विगतको विकटता हटाउन विकासका योजना अघि सारिँ आएका उनले भने, 'अहिलेसम्म सडक गाउँमा पुग्नुएका छौं । अब सडकमार्फत गाउँको बहुआयामिक फाइदा हुने गरी विकासका सम्भावना वृद्धि गर्ने हो ।'

उहिले हटारु, अहिले यात्रु

बैंसमा गाडी चढ्न नपाए पनि अहिले हटारुहरू गाडी चढेर यात्रा गर्छन् । 'गाडी सफा र चिल्लो हुने रहेछ, छाम्न पाए झन् मज्जा,' पहिलोपटक गाडी देखेपछिको प्रसंग जेलबाङका ९० वर्षीय अति रोकाले सम्झिए । गाउँकी बाटीसरा विकसँग जेलबाङबाट सुलीचौर हुँदै लिवाङसम्मै गाडी चढेको अनुभव छ । हेर्न र औषधि खान उनी लिवाङ पुगेकी थिइन् । यहाँकी ८० वर्षीया गुठी रोकासँग पनि गाडी चढेर दाङ झरेको अनुभव छ । 'मेरो जेठो छोरोलाई भेट्न कपिलवस्तुको शिवपुर पनि गाडीमै पुगेकी छु,' उनले भनिन् ।

उहिलेको जमानामा अहिलेजस्तो गाडी देख्न कहाँ पाइन्थ्यो र ! त्यो पनि गाउँमा । अहिलेको कुरा गर्ने हो भने गाउँमा सडक पुगेको छ । सानै भए पनि गाडी आएका छन् । गाडी नदेख्ने वा नचढ्ने कमै होलान् । तर वृद्धवृद्धालाई सजिलो छैन । बढ्दो उमेर, बसाइ नै असजिलो हुन्छ, त्यसमा सबै गाउँमा भनेकै बेला पनि गाडी चढिहाल्न पनि मिल्दैन । ८० वर्षीया चामसरी परियारले भनिन्, 'सुलीचौरबाट बुटवलसम्म गाडी चढ्दा केही सास्ती भयो । उल्टी भयो, टाउको दुख्यो, जीउ भारी भएर आयो ।' उहिले उहिले नुन-तेल बोक्न महिनौं हिँडेर भारतीय सीमासम्म पुग्दा पनि गाडीको नाकमुख देखिन्थ्यो । हिँडेरै आवत-जावत गर्नुपर्थ्यो । 'नुन किन्न कोइलाबास पटकपटक पुगेको छु,' गाडी चढ्ने अवसर नपाएका अति रोकाले भने, 'मैले त्यसबेला न गाडी देखें, न चढ्ने मौका पाएँ । अझै गाडी चढेको छैन । देखेको भने छु ।'

घरबाट निस्कनु नपरेकाले उनले गाडी नचढेको बताए । यस्तै ५० वर्षकी खोष्टी सुनारले नजिकको बजार सुलिचौरसम्म पनि गाडी चढेर जाने अवसर नपाएको सुनाइन् । सडक पुगेपछि गाउँको विकास सम्भव भएको जेलबाङका पूर्वशिक्षक चन्द्र बुढा शेषले बताए । उनका अनुसार सडक निर्माणपछि गाडी गाउँमा ल्याएपछि फर्कंदा गाउँका जिनिस (घरेलु उत्पादन र जडीबुटी) बजार पुग्याएर बेच्न सक्नुपर्छ । यस्तो चलन भए मात्रै गाउँको आयस्तर वृद्धि हुन सक्छ । सडक बनेकाले भित्री गाउँमा पनि उत्पादन क्षेत्रलाई प्राथमिकता दिनुपर्ने बेला आएको उनले बताए । 'पहिले गाउँबाट पैसा जम्मा गरेर सामान किन्न बजार पुग्नुपर्थ्यो । अब पैसा लिएर मानिस हामीलाई खोज्दै सामान लिएर गाउँमा आइपुग्छन्,' उनले भने ।

'झापा विद्रोह'का योद्धालाई बेवास्ता

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

डेराको साघुँरो कोठा । तीन जनाको परिवार अट्न मुस्किल । भित्र ठाउँ नभएपछि ७० वर्षीय बयोवृद्ध टंकप्रसाद चौधरी बरन्डामा सुत्छन् । ओढ्ने, ओछ्याउने गतिलो छैन । पुसको चिसोले चौधरीको कम्मरको बिराम झन बढेको छ । दैनिक औषधि नखाई हुँदैन । आम्दानीको स्रोत छैन । आफ्नो नाममा एक धुर जमिन छैन । बुढेसकालमा कमाएर खुवाउने छोरा पनि छैन । 'झापा विद्रोह' मा ९ वर्ष ३ महिना कठोर जेल जीवन बिताएका टंकप्रसाद हाल बिर्तामोड नगरपालिका ४ मा एउटा सानो कोठामा कष्टले दिन बिताइरहेका छन् ।

श्रीमतीले दुई-चार गाउँ डुलेर साग-सब्जी किनेर ल्याउँछिन् अनि नजिकैको बिर्ता बजारमा बेच्छिन् । त्यो आम्दानीले तेल-नुन किन्न सघाउ पुग्छ । कान्छी छोरी सन्ध्यावतीले मिस्त्री काम गरेर चामल र डेराभाडा धानेकी छन् ।

०२८ सालको झापा विद्रोहकै अर्का योद्धा केपी शर्मा ओली मुलुकको प्रधानमन्त्री बनेका छन् । सीपी मैनालीसहितका कैयन् नेता मन्त्री, सांसद बने । उनीहरूले श्रीमती, छोरा-छोरी र आफन्तहरूलाई समेत सांसद तथा राज्यको उच्च ओहोदामा पुऱ्याए । तर, टंकप्रसादसँग शिर लुकाउने छानो छैन । जेल बसेर आएको हुँ भनेर उनले कुनै नेतासँग सहयोग पनि मागेनन् । चुपचाप बसे । जसरी जीवन चल्यो, चलाए ।

२३ वर्षका लक्का जवान थिए, टंकप्रसाद । विवाह गरेको एक वर्ष पुग्दै थियो । ०२९ मंसिर महिना थियो । उनी बुबा रामदुलालसँगै खेतमा धान काटिरहेका थिए । अचानक हतियारसहित आएका प्रहरीले बुबाछोरालाई नै नियन्त्रणमा लिए । गाडीमा हालेर चन्द्रगढी पुऱ्याए ।

कम्युनिस्टमा लागेको आरोपमा टंकप्रसाद चौधरीसँगै उनका बाबुलाई पनि पक्राउ गरियो । बाबुछोराले ९ वर्ष ३ महिना जेलमा काटे ।

चन्द्रगढीमा प्रहरीले यातना दिँदै कबुल गराउन थालेपछि मात्रै टंकप्रसादले थाहा पाए, 'कम्युनिस्ट पार्टी' मा लागेको भनेर गिरफ्तार गरिएको रहेछ । 'हामीले हात जोडेर अनुनयविनय गऱ्यौं । कुनै पार्टीमा नलागेको भन्यौं,' टंकप्रसादले भने, 'प्रहरीले हाम्रो कुरा सुन्दै सुनेन । उल्टै हामीलाई थाहा छ भन्दै यातना दिएरहे ।' विपन्न परिवारका उनीहरू मालिकको खेत अधियाँ गर्थे ।

गिरफ्तारीको एक वर्षसम्म चन्द्रगढीमा चरम यातना दिइएको उनले सुनाए । 'पाइतलामा घाउ नै घाउ भएको थियो । शरीरमा चोट नलागेको ठाउँ थिएन,' उनले भने, 'खुर्सानी-पानी नाकमा हालेर कुट्थ्यो । हातका औंलामा सियोले घोच्थ्यो ।'

एक वर्षसम्म चरम यातनापछि चौधरी बुबाछोरालाई वीरगन्ज कारागार चलान गरियो । जीवनको ऊर्जाशील उमेर कारागारको चिसो छिँडीमा बिताएका टंकप्रसादलाई कुनै कम्युनिस्ट नेताले खोजी गरेनन् । हालत सोध्न गएनन् ।

'जेल बसेको ९ वर्ष ३ महिनापछि तिमीहरू निर्दोष रहेछौ भनेर हामी बाबुछोरालाई छोड्यो,' मंगलबार बिर्तामोड नगरपालिका कार्यालयमा भेटिएका उनले विगत सम्झिए । फर्किएर तत्कालीन गरामनी गाविस-८ नडियाबारी आइपुग्दा घरमा पत्नी थिइनन् ।

गाउँको परिवेश फेरिएको थियो । तर उनले गाउँ छोडेनन् । ज्याला-मजदुरी गरेर जीवन चलाए । जेलमुक्त भएको तीन वर्षपछि बुबा बिते । एक्लो बनेका उनले बौरीदेवीसँग दोस्रो विवाह गरे । दुई छोरीका बुबा टंकप्रसादले जीवनभरि पैसा कमाएर एउटा टहरासम्म उभ्याउन सकेनन् । अहिले बस्दै आएको कोठाको मासिक १२ सय रुपैयाँ तिर्नुपर्छ ।

कम्युनिस्ट आन्दोलनमा कठोर जेल जीवन बिताएको भन्दै टंकप्रसादलाई नेकपा, बिर्तामोडका स्थानीय कार्यकर्ता विदुरप्रसाद तिवारी (भक्ति) ले साढे ५ धुर जमिन निःशुल्क दिएका छन् । उनले टंकप्रसादलाई जग्गाधनी पुर्जा नै दिइसके । उक्त जमिनमा बिर्तामोड नगरपालिकाले घर निर्माण गरिदिन लागेको मेयर ध्रुवकुमार सिवाकोटीले जानकारी दिए ।

'बोल्दा छुन्छन्, गाडीमा रेट सोध्छन्'

■ **अमृता अनमोल** (बुटवल)

डाडकी कमला नेपालीका पुरानो पुस्ताका महिलाले धेरै वर्षअघि देह व्यापार गर्थे । त्यसकै आम्दानीले घरखर्च चलाउँथे । अहिले त्यस्तो बाध्यता हटिसक्यो । उनीहरू आयआर्जनका वैकल्पिक पेसामा संलग्न छन् । कमलाको पुस्ताले त्यस्तो बेहोर्नु परेन । तर, अघिल्लो पुस्ताले गरेको देह व्यापारको असर अहिले पनि भोग्नुपर्दा दुःखी हुन्छिन् । अघिल्लो पुस्ताले पुस्ताको दाग लागेकोमा उनीहरू चिन्तित छन् ।

'बादी महिला भन्नासाथ अपरिचितको अनुहार फेरिन्छ । गाडीमा हिँड्दा दररेट सोध्छन् । बोल्दा संवेदनशील अंग छुन्छन् । चिमोट्न र टाँसिन खोज्छन्,' १८ वर्षीया कमलाले भनिन्, 'भविष्य बनाउन खोज्ने हामी किशोरीलाई बचेर हिँड्नै दुःख छ ।' कमला सिलाइ सिक्दै काम गरिरहेकी छन् । १५ वर्षयता आमा र हजुरआमा मजदुरीका काम गरिरहेका छन् । घोराही-१४ पक्रैयाका ३० परिवारले आयआर्जनका विकल्प अपनाएका छन् ।

देह व्यापार र नाचगानबाट जीविका चलाउँदै आएको र घुमन्ते जीवन बिताउने समुदाय अहिले जीविकोपार्जनका विभिन्न काममा लागेको छ । पुरुष मजदुरीका लागि भारत जान्छन्, केहीले मादल, सुल्पा, हुक्का, चिलिम, माटाका भाँडा बनाउँछन् । माछा मार्छन् । मजदुरी गर्छन् । समुदाय परिवर्तन भयो । तर, उनीहरूप्रति सामाजिक दृष्टिकोण भने फेरिएको छैन । त्यसको असर हुर्कंदै गरेका किशोरीले भोगिरहेका छन् । डाडको तुलसीपुर-६ मोतीपुरकी सन्जु नेपाली त्यसैमध्येकी हुन् । 'बादी महिलाले यौन पेसा नै गरे हुन्थ्यो भन्ने धेरै छन् । हाम्लाई समेत पाइला-पाइलामा लुट्न खोज्छन्,' उनले भनिन्, 'बादी केटीहरू देख्दा सिठी फुक्ने, आँखा झिम्क्याउने, जिब्रो पड्काउने र ओठले चुम्बन गरेको इसारा गर्ने त कति छन् कति !' कसैले अहिलेको दुःखभन्दा पहिलेकै सुख राम्रो भनेरसमेत गिज्याउने गरेको उनले बताइन् ।

जनगणना-२०६८ अनुसार मुलुकभर बादी समुदायको जनसंख्या ३८ हजार ६ सय ३ छ । त्यसमा महिला २० हजार ३ सय ५ छन् । पुरुष १८ हजार २ सय ९८ छन् । प्रदेश ५ का विभिन्न जिल्लामा यो समुदायको संख्या ७ हजार ८ सय ८६ छ । प्रदेशका १२ वटै जिल्लामा यो समुदायको बसोबास छ । सरकारले २०६५ सालमा बादी समुदायलाई यौन शोषणमुक्त घोषणा गऱ्यो । यसपछि खुलेआम हुँदै आएको देह व्यापार हट्यो । तर समुदायको पुनःस्थापनाका लागि कुनै योजना र रणनीति बनेन । यही कारण उनीहरूको आर्थिक र सामाजिक सशक्तीकरण हुन सकेको छैन । फलस्वरूप कमला र सन्जुजस्तै धेरै किशोरीले अहिले पनि दुर्व्यवहार र लान्छना सहनु परिरहेको छ । बुटवलमा आयोजित बादी समुदायको

बुटवलमा आयोजित बादी समुदायको पहिचान र अवस्था विषयक कार्यक्रममा सहभागी उक्त समुदायका प्रतिनिधि । तस्बिर : अमृता/कान्तिपुर

पहिचान र अवस्था विषयक कार्यक्रममा सहभागी हुन आएका उनीहरूले निर्धक्क भएर आफ्ना गुनासा पोखेका हुन् । 'कहिलेकाहीं त आफ्नै सरहरूले पनि गिद्धे नजर राखे । छिमेकीले पनि हिंसा गरे,' घोराहीकी सुजाता नेपालीले भनिन्, 'छुने, मुसार्ने, गढेर हेर्ने र यौन इसारा गर्नेलाई सामान्य मानेर सहँदै आयौं । हाम्रो समुदायले यस्तो हिंसा सहनुपर्छ भन्ने सिक्यौं । पहिले त हिंसा हो भन्ने नै थाहा पाएनौं ।' सुजाता अहिले घोराहीमा ब्युटिपार्लरको तालिम लिइरहेकी छन् । सीप सिकेपछि वैदेशिक रोजगारीमा जाने उनको योजना छ । 'तर पनि धेरै पुरुषले देह व्यापारमै लाग्न र नांगिन लोभ्याउने गरेका छन् । अरू काम गर्छु भन्दा पनि पत्याउँदैनन्,' उनले भनिन्, 'साह्रै दुःख लाग्छ ।'

देह व्यापार छोडेर अन्य काममा लागेका महिलाको त बयान गरिसाध्य छैन । झन्डै ३० वर्ष देह व्यापार गरेकी सुन्दरी नेपालीले अहिले पनि धेरै पुरुष वरपर डुल्ने र लोभ्याएर यौन बाध्यतामा फसाउन खोज्ने बताइन् । 'अधिकांश पुरुष हामी ढाकिँदा पिरोलिएका छन् । उनीहरूमा कहिल्यै पूरा नहुने यौन प्यास छ,' उनले भनिन्, 'त्यो प्यास अब हाम्रा किशोरी छोरीबाट मेट्न चाहन्छन् ।' यही कारण समुदायका किशोरी अगाडि बढ्न नसकेको उनले बताइन् । 'हामीसित नांगिने पुरुष समाजका अगाडि ढाकिन्छन् । हाम्रा छोरीचेलीलाई सधैं नंग्याउन चाहन्छन्,' उनले भनिन्, 'तिनकै कारण आत्मसम्मानले बाँच्न पाएका छैनौं ।'

उक्त समुदायकी अधिकारकर्मी मीना नेपालीका अनुसार पहिले-पहिले यस समुदायमा जीवन चलाउने अरू उपाय थिएन । यसैले आफ्नै घर र परिवारका अगाडि नांगिएका थिए । यौन तृष्णा मेटाएर त्यसबापत केही कमाएका थिए । अहिले त्यस्तो अवस्था छैन । 'हामी अहिले जसोतसो ढाकिएका छौं । तर, हाम्रा छोरीचेलीमाथि कुदृष्टि राखिरहेका छन्,' उनले भनिन्, 'यही सोच फेर्न नसक्दा दिनदिनै नांगिएझैं लाग्छ ।'

अहिले पनि कतिपय होटल-रेस्टुराँमा देह व्यापार छ । अरू समुदायका महिलाले पनि त्यसैलाई जीविकोपार्जनको माध्यम बनाएका छन् । तर, उनीहरूको चर्चा हुन्न । बादी अधिकारकर्मी नेपालीले भनिन्, 'प्रहरीले रंगेहात पक्राउ गर्दा पनि बादी महिला भनेर नसोधी किटान गर्छ ।'

बादी समुदायको समग्र विकासका लागि थुप्रै समुदायमा आधारित सामाजिक संस्थाको स्थापना भएका छन् । समुदायको उत्थानका लागि क्रियाशील कमिट नेपालका अध्यक्ष प्रकाश नेपालीले प्रभावकारी नीति र योजना नभएका कारण समुदाय परिवर्तन गरे पनि दीर्घकालीन विकास गर्न नसकेको बताए । 'बादी महिलाको बाध्यात्मक देह व्यापारमा कति पुरुष रमे, रमाए । उनीहरू बदनाम भएनन् । सधैं सम्मानित भए,' उनले भने, 'हाम्रो पुस्ता देह व्यापारमै नहुँदा पनि अपमानित हुनु दुर्भाग्य हो ।' प्रदेश सरकारले यौन पेसा गरेर परिवार पाल्ने अवस्था अन्त्य गरी बादी समुदायलाई अगाडि बढाउन शिक्षा र रोजगारीमा सहयोग गर्ने योजना बनाएको छ ।

बादी समुदायलाई अरू जातिसरह आत्मसम्मानले बाँच्न सक्ने बनाउन शिक्षा, स्वास्थ्य र रोजगारीका प्याकेज सञ्चालन हुने सामाजिक विकासमन्त्री सुदर्शन बरालले बताए ।

मार्टिन्सको दुई गोल
संकटाको फराकिलो जित । १६

भुमरीमा दीपिका
'छपाक' बहिष्कार ट्रेन्डमा । ९

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३२० गोदावरी | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

NEPAL GEM & JEWELLERY ASSOCIATION
PRESENTS

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

GJE
3rd Nepal
GEM & JEWELLERY
EXPO 2020
Taking Nepalese Jewellery Globally

HOTEL SOALTEE CROWN PLAZA
Kathmandu, Nepal

Nepal's Exclusive Jewellery Exhibition

11-12 January, 2020, 10am - 6pm

More than 26 reputed jewelers under one roof

Large Variety of Gems & Jewelleries

Wedding Jewelleries

ORGANIZED BY
NEPAL GEM & JEWELLERY ASSOCIATION

ENDORSED BY
FNCCI
Nepal Tourism Board www.welcomenepal.com
Trade and Export Promotion Centre
Ministry of Industry Commerce and Supplies

MAIN SPONSOR: कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED

DIAMOND SPONSOR: Warsteiner PREMIUM GERMAN BEER, TVS

DIAMOND SPONSOR: अर्घाखाँची सिमेन्ट प्रा.लि., MG MORRIS GARAGES, लक्ष्मी बैंक

SILVER SPONSOR : HIMALAYA AIRLINES, PRIME BANK LTD., SiddharthaBank, सिद्धार्थ इन्स्योरेन्स लिमिटेड Siddhartha Insurance Limited, BAJAJ, Global IME Bank

SUPPORTING PARTNERS : GARUD SECURITIES P. LTD., Godrej, Radisson HOTEL KATHMANDU, SOALTEE CROWNE PLAZA KATHMANDU

MAKE-UP: MAKE-UP STUDIO PROFESSIONAL AMSTERDAM

MAGAZINE PARTNERS : SHINE, N-MAG SOCIAL NETWORK MAGAZINE

MEDIA PARTNERS : KANTIPUR HD

EVENT MANAGED BY : EVENT sansar.com

मार्टिन्सको दुई गोल
संकटाको फराकिलो जित । १६

भुमरीमा दीपिका
'छपाक' बहिष्कार ट्रेन्डमा । ९

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३२० गोदावरी | २५ पुस २०७६ शुक्रबार पौष शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 10, 2020 | पृष्ठ १२+४+२+४ | १० रुपैयाँ

सत्तारूढ दलका नेता र सरकारका उच्च अधिकारीको प्रतिबद्धता

'निजी क्षेत्रको मनोबल टुट्न दिन्नौं'

कान्तिपुर संवाददाता (काठमाडौं)

सत्तारूढ दलका नेता तथा सरकारका उच्च अधिकारीहरूले निजी क्षेत्रको मनोबल टुट्न नदिने प्रतिबद्धता जनाएका छन् ।

राजधानीमा बिहीबार आयोजित 'कान्तिपुर इकोनमिक समिट २०२०' मा सत्तारूढ नेकपाका नेता, बहालवाला तथा पूर्वअर्थमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष र सरकारका उच्च अधिकारीहरूले अहिले निजी क्षेत्रले केही असहज महसुस गरिरहे पनि मनोबल टुट्न नदिने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

समिटमा 'नेपाली अर्थतन्त्र : वर्तमान अवस्था र भावी दिशा' शीर्षकको छलफलमा सहभागी अर्थमन्त्री युवराज खतिवडाले विभिन्न तहका सरकारले निर्धारण गरेको करका कारण निजी क्षेत्रले असहज महसुस गरे पनि अब त्यस्तो नहुने बताए । संघ, प्रदेश र स्थानीय तहका सरकारले लगाएको करसम्बन्धी समस्या समाधान भइसकेको उल्लेख गरे । 'कर क्षेत्रको सुशासनमा सरकारको ध्यान जानेछ,' उनले भने । जनता र निजी क्षेत्रले तिरेको कर सदुपयोग हुनेमा आश्वस्त पार्दै उनले भने, 'अब कर बढ्दैन ।' उनले कर्पोरेट कर नबढेको र भन्सार महसुलमा मात्रै केही परिवर्तन गरिएको बताए ।

समिटका क्रममा निजी क्षेत्रको मनोबल शीर्षकको छलफल सत्रमा राजस्व सचिव शिशिर ढुंगानाले निजी क्षेत्रलाई सरकारले संकुचित नपारेको दाबी गरे । 'निजी क्षेत्रको मनोबल उकास्न आवश्यक अनुदान दिएका छौं,' उनले भने, 'लगानीकर्ताका लागि पूर्वाधार निर्माण र सुरक्षालाई पहिलो प्राथमिकतामा राखेका छौं ।'

'निजी क्षेत्रको मनोबल' शीर्षकको अर्को छलफलमा पूर्वअर्थमन्त्री एवं नेकपाका महासचिव विष्णु पौडेलले पनि निजी क्षेत्रको विश्वास जित्न कुनै कसुर बाँकी नराख्ने बताए । 'निजी क्षेत्रले लगानी गरेअनुसार अपेक्षा पनि गरेका हुन्छन् । उनीहरूले जोखिम कम खोजेका हुन्छन् । सीमित लगानीमा केही मुनाफा खोज्छन्,' उनले भने, 'सरकारले निजी क्षेत्रको कठिनाइ हेर्छ ।' सरकारले मात्र नभई नेकपाले पनि निजी क्षेत्रसँग घनिष्ठ सहकार्य गर्न चाहेको उनले बताए ।

लोकतान्त्रिक विधि र आर्थिक प्रणालीबाट चल्ने मुलुकमा निजी क्षेत्र आवश्यक पर्ने उल्लेख गर्दै उनले भने, 'निजी क्षेत्रलाई साथमा नलिई समृद्धि आउँदैन । निजी क्षेत्रको विश्वास जित्न र मनोबल उठाउन सरकारले कुनै संकोच राख्दैन ।' उनले निजी क्षेत्रलाई समस्या पर्ने कुनै कानुन भए तिनलाई संशोधन गर्न सकिने आश्वासनसमेत दिए ।

सोही छलफलमा राजस्व सचिव शिशिर ढुंगानाले पनि निजी क्षेत्रलाई सरकारले प्रोत्साहन गरिरहेको धारणा व्यक्त गरे । 'निजी क्षेत्रको मनोबल बढाउन सरकारका तर्फबाट सक्दो सहयोग गरेका छौं,' उनले भने, 'सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न चाहेको छ, त्यसैले राजस्वमा मात्रै जोड दिएका छैनौं ।' सरकारले ऐन, कानुन बनाउँदा पनि निजी क्षेत्रसँग छलफल गरेको उनले स्मरण गराए ।

कार्यक्रममा प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमालले निजी क्षेत्रसँगको सहकार्यमा ठूला आयोजना निर्माण गर्न सरकारले सार्वजनिक-निजी साझेदारी ऐन तयार पारिसकेको जानकारी दिए । **बाँकी पृष्ठ १३**

पृष्ठ ११/१२

- निजी क्षेत्र भन्छ- 'नीतिभन्दा नियतले समस्या'
- कसरी जुटाउने पूर्वाधारमा लगानी ?
- 'जनताको पैसा सुरक्षित गर्न वित्तीय क्षेत्र नियन्त्रण'
- 'सरकारले पूर्वाधार, निजीले उत्पादनमूलक क्षेत्रमा लगानी'

काठमाडौंमा बिहीबार आयोजित 'कान्तिपुर इकोनोमिक समिट-२०२०' को 'नेपाली अर्थतन्त्र : आजको अवस्था र भोलिको दिशा' शीर्षक छलफलमा सहभागी वक्ताहरू बायाँबाट क्रमशः अर्थमन्त्री युवराज खतिवडा, पूर्वअर्थमन्त्रीद्वय रामशरण महत र प्रकाशचन्द्र लोहनी, नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणा र प्रस्तोता विश्व पौडेल ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/ कान्तिपुर

आर्थिक बहसको खाँचो

संस्थागत पूर्वाधारबिना न लोकतन्त्र खँदिलो हुन्छ, न विकास समावेशी र न्यायोचित नै



प्रा. पीताम्बर शर्मा
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

नेपालमा खास गरेर आर्थिक विकास र नीतिहरूबारे सार्वजनिक फोरमहरूमा बहस, संवाद गर्ने र विषयको गम्भीरतालाई जनसाधारणमा सम्प्रेषण गर्ने स्थापित परम्परा छैन । भारतका विश्वविद्यालयको नक्कल गरेर विकसित हाम्रो प्राज्ञिक परम्परामा बेलामौकामा हुने गोष्ठी कर्मकाण्ड जस्तै छन् । दीर्घकालीन महत्त्वका वा समसामयिक विकासका विषयहरूमा विश्लेषण गर्ने प्राज्ञिक अनुसन्धानको खडेरी नै छ । व्यावसायिक संघसंस्थाका गोष्ठी र सम्मेलन आफ्ना मागहरूको सार्थकता वा सरकारी नीतिप्रति आफ्नो धारणा व्यक्त गर्ने फोरमभन्दा बढी हुने गर्दैनन् । विचार मन्थन गर्ने भनिएका सरकारी निकायहरूको निरीहता तथ्यको विश्लेषणमा आधारित नीति निर्माणभन्दा खास आग्रहद्वारा प्रेरित नीति र कार्यक्रमको पृष्ठपोषणमा झल्कन्छ ।

बहस र संवाद लोकतन्त्रको सबैभन्दा राम्रो पक्ष मानिन्छ । यसले सुन्ने-सुनाउने, बुझ्ने-बुझाउने, परिमार्जन गर्ने-गराउने एउटा खण्ड बनाउँछ । जब बहस, संवाद र प्रतिस्पर्धा कुण्ठित हुन्छ, तब तथ्य र प्रमाणलाई 'वैकल्पिक कथ्य' ले विस्थापित गर्छ । लोकतन्त्रका लागि यो सबैभन्दा घातक स्थिति बन्छ ।

पञ्चायतकालको राजाको निरपेक्ष शासनमा बहसलाई कुनै स्थान थिएन । पञ्चायतको अन्त्यकालताका सन् १९८५ मा बृहत् आर्थिक सन्तुलन कायम गर्ने नाममा संरचनात्मक समायोजन कार्यक्रम लागू गरियो । उद्योग, व्यापार, विदेशी विनिमय र मौद्रिक नीतिलाई उदार बनाइयो र आयात प्रतिस्थापनका लागि संरक्षण गरिएका उद्योगलाई बाह्य प्रतिस्पर्धाका लागि छाडियो । पञ्चायतको अवसानपछिको प्रजातान्त्रिक सरकारले दोस्रो चरणमा उदारीकरण, निजीकरण र भूमण्डलीकरण सँगसँगै लैजान कानुनी संरक्षण प्रदान गऱ्यो । सन् २००३ मा गरिबी निवारण र वृद्धि सुविधाका नाममा यो कार्यक्रमलाई अझै व्यापक र विस्तारित बनाइयो ।

संरचनात्मक समायोजनबाट यातायात, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको विकासमा निजी क्षेत्रको भूमिका बढ्यो र झाँगियो । कतिपय सार्वजनिक उद्योगहरू निजीकरण गरिए तर उद्योगमा दिगो अपेक्षित विकास हुन सकेन । दिगो आधार नभएका भुइँफुट्टा (फुटलुज) उद्योगको विकास भयो । विकासका निम्ति अपरिहार्य सार्वजनिक शिक्षा र स्वास्थ्य सेवा निकायमा संख्यात्मक वृद्धि हुँदाहुँदै पनि अपेक्षित गुणात्मक परिवर्तन आएन । **बाँकी पृष्ठ १३**

बिरामी ठग्दै 'अन्तिम विकल्प'

■ **बिनु सुवेदी** (काठमाडौं)

५० वर्षीय केसाङ (परिवर्तित नाम) भरतपुर क्यान्सर अस्पताल चितवनमा एक साता बसेर गत आइतबार ललितपुर गोदावरीको घर फर्किए । अन्तिम चरणमा पुगेको आन्द्राको क्यान्सर शल्यक्रिया गरे पनि निको नहुने भएपछि अब उनीसँग उनकै शब्दमा 'मृत्यु पर्खिनु' को विकल्प छैन ।

रोग पत्ता लाग्नेबित्तिकै उपचार गराउन अस्पताल पुगेको भए उनी छिट्टै निको हुन्थे तर उनी 'बिना अपरेसन क्यान्सर निको पार्छौं' भन्ने प्रचारको पछि लागे । शरीर डामाडोल भयो ।

करिब १७ महिनाअघि केसाङले आफ्नो आन्द्रामा क्यान्सर भएको पत्ता पाएका हुन् । डाक्टरले तुरुन्तै उपचार गरे रोग छिट्टै निको हुने पनि भनेका थिए । तर उनलाई शल्यक्रियासँग डर लाग्यो । उनले शरीर चिर्दै नचिरी सन्चो हुने उपचार पद्धतिबारे सुनेका थिए । सुरुमा त उनले बिमारबारे परिवारका सदस्यलाई पनि भनेनन् । गल्दै गएर करिब सात महिनाअघि उनले परिवारलाई बताउँदा उनको क्यान्सर स्टेज २ मा थियो ।



क्यान्सरका बिरामीले पैसा मात्र सिध्याएका छैनन्, बिमारलाई पनि अन्तिम चरणमै पुऱ्याइरहेका छन्

उनका छोरा सोनम (परिवर्तित नाम) भन्छन्, 'बुबाले शल्यक्रियाभन्दा सजिलो केही उपाय छ भने बुझौं न भनेपछि हामीले इन्टरनेटमा खोज्यौं ।' शल्यक्रिया नै नगरी रोग निको पार्छौं भन्दै प्रचार गरिरहेको ललितपुरको ढोलाहिटीस्थित 'अन्तिम विकल्प' मा सोनम बुबालाई लिएर गए । उनले अन्तिम विकल्पका सञ्चालक सुवास सुब्बालाई भेटेर बिमार र त्यसको उपचारबारे परामर्श गरे । सुब्बाले अन्तिम विकल्पलाई अस्पताल दाबी गर्दै गरेको प्रचार फेसबुक र युट्युबमा छयापछ्याप्ती छ । त्यहाँ उपचार गराएर निको भएका भनिएका 'बिरामी'हरूलाई सुब्बा आफैंले भेटाइदिए । सबैको कुरा र दाबी सुनिसकेपछि सोनमलाई लाग्यो, 'शल्यक्रिया नै नगरी दसै महिनामा उपचार हुने यो त गज्जबको ठाउँ रहेछ ।'

उनीहरूले त्यही उपचार सुरु गरे । सुब्बाले क्यान्सर निको पार्ने भन्दै आफ्नै क्लिनिकमा उत्पादन गरेको चमत्कार नामक औषधि चालु गराए । महिनाको ४५ हजार तिरेर किनेको त्यो औषधि केसाङले लगातार चार महिनासम्म खाए । **बाँकी पृष्ठ १४**

हिमपातले सास्ती

- डडेलधुरा र बैतडीका बेंसी क्षेत्रमा समेत हिमपात
- हिउँले पुरिएर बझाङमा एकको मृत्यु
- घर बाहिर ननिस्कन प्रशासनको अनुरोध

सुदूरपश्चिम ब्यूरो (धनगढी)

सुदूरपश्चिमका पहाडी जिल्लामा ३ दिनदेखि लगातार भएको वर्षा र हिमपातले स्थानीय बासिन्दाको जनजीवन कष्टकर बनेको छ। दार्चुला, बझाङ, डडेलधुरा, बाजुरा र बैतडीका उच्च पहाडी क्षेत्रमा यो सिजनमा मात्रै तेस्रोपटक हिमपात भएको हो।

हिमपातका कारण बझाङमा १ जनाको मृत्यु भएको छ। बझाङको सुर्मा गाउँपालिका-३ का ४० वर्षीय देउसिंह बोहराको हिउँमा पुरिएर मृत्यु भएको छ। दौलीचौर बजारबाट घर फर्किंदै गर्दा हिउँमा पुरिएर उनको मृत्यु भएको हो। सोमबारदेखि हिउँमा फसेका बोहराको शव बुधबार साँझ फेला परेको सुर्मा गाउँपालिकाकी उपाध्यक्ष समिता पुजाराले बताइन्। मृतक बोहरा स्थानीय तहको निर्वाचनमा नेकपा एमालेका तर्फबाट वडा अध्यक्षको उम्मेदवार थिए। यसअघि मंसिर अन्तिम साता परेको हिमपातमा सुर्मा गाउँपालिकाकै २ युवाको जडिबुटी संकलनका क्रममा मृत्यु भएको थियो।

पाइपमै जम्यो पानी

झन्डै ४० वर्षपछि डडेलधुरा र बैतडीका बेंसी क्षेत्रमा समेत हिउँ परेको छ। समुद्री सतहदेखि ११ सय मिटर उचाइमा रहेका ती क्षेत्रमा बुधबार राति पुनः हिमपात भएको हो। यसअघि मंसिर अन्तिम साता र पुस दोस्रो साता हिमपात भएको थियो। 'करिब ४० वर्षअघि बेंसी क्षेत्रमा यसपटक भन्दा भारी हिमपात भएको थियो,' अमरगढी-३ का जयराज पाण्डेयले भने, 'महाभारतको फेदीमा रहेका बस्तीमा यस पटक पुनः हिमपात भएको छ।' उनले त्यसबेला बगरकोट, भागेश्वरको अधिकांश क्षेत्र, चीपुरको तल्लो भेग र देवलको डागेश्वरी क्षेत्रमा ठूलो हिमपात भएको सुनाए।

मौसम विभागका पूर्व अधिकृत दिगम्बर मिश्र बेंसी क्षेत्रमा यसरी हिमपात हुनु आश्चर्यजनक घटना भएको बताउँछन्। उनले भने, 'यसरी औल क्षेत्रमा हिमपात भएको रेकर्ड देखिँदैन।' डडेलधुराको साविक बगरकोटको ऐदुंग्रा, चुल्लको तल्लो भेग खेतगाउँसम्म हिमपात भएको छ। यसैगरी साविक चिपुर गाविसको तल्लो भेगमासमेत हिमपात भएको छ।

बैतडी र डडेलधुरा सिमानामा रहेका अनारखोली, खोड्पे, भालुमारे, घनधस्या लेक, सदरमुकाम डडेलधुरा र डोटी सीमानामा रहेको हगुल्टे तथा महाभारत पर्वत शृंखलामा बुधबार रातिदेखि लगातार हिमपात भएको हो। डडेलधुरा सदरमुकाम र आसपासका क्षेत्रमा खानेपानीको आपूर्ति ठप्प छ। महाभारत लेकमा रहेका मुलबाट आपूर्ति हुँदै आएको पिउनेपानी सबैजसो गाउँमा अवरुद्ध भएको स्थानीय बासिन्दा बताउँछन्।

दार्चुलामा गत सोमबारदेखि सुरु भएको हिमपात अझै रोकिएको छैन। नौगाड गाउँपालिका-१, इयरकोटका स्थानीय जनकराज भट्टका अनुसार केही दिन बिराएर फेरि बाक्लो हिमपात भएको हो। बुधबार रातिदेखि बैतडी सदरमुकाम खलंगास्थित गोठालापानी, शाहीलेक र गढी बजारमासमेत हिउँ परेको छ। यी ठाउँमा समेत धेरै वर्षपछि हिमपात भएको स्थानीय बासिन्दाले बताए। पहिले फाट्टफुट्ट हिउँ पर्ने गरेको भए पनि यो वर्ष सदरमुकाममा पनि जम्नेगरी हिउँ परेको स्थानीय जेष्ठ नागरिक जंगदेव भट्टले बताए। उनले भने, 'यस ठाउँमा जम्नेगरी हिउँ नपरेको २० वर्ष जति भइसकेको थियो।'

हिमपातका कारण धनगढी-डडेलधुरा राजमार्ग अवरुद्ध भएपछि अलपत्र सवारी साधान र यात्रु। *तस्बिर : डीआर/कान्तिपुर*

विद्यालय र सरकारी कार्यालय बन्द

दार्चुलाका बेसी क्षेत्रमा सोमबारदेखिको वर्षा र लेकाली क्षेत्रमा भएको हिमपात बुधबार साँझसम्मै जारी थियो। अपी हिमाल, ब्यास र नौगाड गाउँपालिकाका विभिन्न बस्तीहरूमा बाक्लो हिउँ थुप्रिएको छ। 'इयरकोटमा सोमबार विहानसम्म डेढ फुटसम्म हिउँ जमेको थियो,' भट्टले भने, 'हिमाली बस्तीहरूमा बाक्लो हिउँ जमेको हुनाले स्थानीयले निकै सास्ती खेप्नु परेको छ।'

दार्चुलामा हिमपातले विद्यालय नियमित खुल्न सकेका छैनन्। बझाङका सबैजसो विद्यालय तथा सरकारी कार्यालयसमेत बन्द भएका छन्। 'घरबाहिर निस्कने अवस्था छैन, स्कुल कसरी चलाउनु?,' धुली निमाविका प्रधानाध्यापक नवराज जोशीले भने, 'हिउँ नपग्लेसम्म विद्यालय सञ्चालन गर्न सकिने अवस्था छैन।'

अपी हिमाल गाउँपालिका-६, सितोलाका महेन्द्र बुढाथोकीले यस वर्ष विगतभन्दा चाँडै भारी हिमपात भएको जनाए। धेरै दिनसम्म घाम नलाग्दा लेकाली भेगमा बसोबास गर्ने बालबालिका र वृद्धवृद्धालाई चिसोले सताएको छ। घरपालुवा जीवजन्तुको स्याहारमा समेत समस्या भएको उनले बताए। दार्चुला प्रहरीका अनुसार इयरकोट, सुचखोला, स्याकु, सिप्टी, दल्लेक, सिना, सुन्सेरा, राप्ला, दुम्लिङ, व्यास लगायतका बस्तीमा बाक्लो हिउँ जमेको छ।

बैंकिङ सेवा ठप्प

प्रदेशका धेरैजसो ठाउँमा सञ्चार सम्पर्क विच्छेद भएको छ। दार्चुलाको व्यास र दुहु गाउँपालिकामा हिमपातका कारण एक सातादेखि टेलिफोन सेवा अवरुद्ध छ। सोलार प्रणालीबाट ग्रामिण भेगमा टेलिफोन टावरहरू सञ्चालनमा थिए। ४ दिनदेखि घाम नलागेकोले सोलार प्रणालीमा समस्या देखिएको हो। सोलार पेलेटमा हिउँ पनि जमेको र उच्च लेकाली स्थानमा जान नसकिने हुनाले सञ्चार सेवा अवरुद्ध भएको नेपाल टेलिकमले जनाएको छ।

कैचुलाको टावरमा समस्या आएपछि व्यास र दुहुमा फोन सेवा अवरुद्ध भएको एक हप्ता भएको दुहु गाउँपालिका-२, हिकिलाका प्रेमराज जोशीले बताए। टेलिकमको एडिएसएल इन्टरनेट तथा ल्यान्डलाइन टेलिफोन सेवामा समेत समस्या आउँदा सरकारी तथा बैंकिङ कारोबार लगायतका कामहरू प्रभावित भएका छन्।

बझाङमा इन्टरनेट सेवा अवरुद्ध भएकाले त्यसबाट सञ्चालन हुने सार्वजनिक सेवासमेत प्रभावित छन्। बैंकले रकम जम्मा गर्ने, पठाउने र भुक्तानी दिने कामहरू रोकेका छन्। सबै एटिम मेसिन बन्द गरिएका छन्। 'नेटवर्क नआउँदासम्म बैंकिङ कारोबार सञ्चालन गर्न सकिने अवस्था छैन,' राष्ट्रिय वाणिज्य बैंक, बझाङका भरत गिरीले भने, 'सबै बैंकको कारोबार पूर्णरुपमा अनलाइन प्रविधिमा आधारित भएका कारण यो समस्या आएको हो।'

'हिमपात पूर्णरुपमा नरोकिएसम्म सञ्चार सेवा पुनः सुचारु गर्न सकिने अवस्था छैन,' नेपाल टेलिकम बझाङका गंगबहादुर सिंहले भने, 'लगातार घाम नलाग्दा र सोलारका पाताहरू हिउँमा पुरिँदा उर्जा आपूर्ति नभएर सेवा अवरुद्ध भएको हो।' उनले टेलिकमका प्राविधिकहरूले सञ्चार सेवा सुचारु गर्न प्रयास गरिरहेको भए पनि भारी हिमपातका कारण सम्भव नभएको बताए। हिमपातकै कारण बझाङको विद्युत सेवा पनि एक सातादेखि अवरुद्ध छ। बैतडीदेखि बझाङसम्म विद्युत प्रवाह गर्ने मुख्य लाइनको तारले हिउँको भार थाम्न नसकेका कारण विद्युत सेवा अवरुद्ध भएको नेपाल विद्युत प्राधिकरण बझाङ वितरण केन्द्रले जनाएको छ।

तापक्रम शून्यभन्दा तल

बझाङमा लगातार हिमपात भएकोले अधिकांश ठाउँको तापक्रम शून्यभन्दा तल झरेको छ। जिल्लाको सबैभन्दा होचो स्थान केदारस्यूँ गाउँपालिकाको देउरा (समुन्द्र सतहबाट ८ सय मिटर) आसपाससमेत हिमपात भएको छ। स्थानीयका अनुसार देउरा नजिक २५ वर्ष पहिला यही अनुपातमा हिमपात भएको थियो। बझाङ सदरमुकाम चैनपुरमा पनि १० वर्षपछि हिमपात भएको छ। हिमपातका कारण यहाँको यातायात सेवा सबैभन्दा बढी प्रभावित भएको छ। आइतबार केही घण्टामा हिमपात बन्द भएपछि सञ्चालनमा ल्याइएको जयपृथ्वी राजमार्ग पुनः अवरुद्ध भएको छ। स्थानीय रुटमा समेत यातायात सेवा ठप्प छ। डडेलधुरा र बैतडी जोड्ने मुख्य राजमार्ग पनि अवरुद्ध छ। धनगढी-डडेलधुरा भिमदत्त राजमार्गको गैरादेखि डडेलधुरासम्मको ३५ किलोमिटर सडकखण्ड हिउँले पुरिएको छ। यसैगरी डडेलधुरादेखि बैतडी जोड्ने दशरथ चन्द राजमार्गको भालुमारे, अनार खोली, खोड्पे सडकखण्ड पनि बन्द छ। राजमार्ग अवरुद्ध भएपछि सवारी साधन र यात्रु अलपत्र परेका छन्।

अँचोपैंचो गरेर गुजारा

उत्तरवर्ती क्षेत्रमा पाइपमा हिउँ जमेपछि पिउनेपानी आउनै बन्द भएको छ। स्थानीयले हिउँ पगालेर पानीको समस्या टारिरहेको साइपाल गाउँपालिकाका उमेश बोहरालेे बताए। यहाँका विभिन्न ठाँउमा १० फिटसम्म हिउँ जमेको र हिउँ थपिने क्रम जारी रहेको उनको भनाइ छ। साइपाल, सुर्मा, छविसपाथिभेरा, दुर्गाथली गाउँपालिका र बुंगल नगरपालिकाका उत्तरी क्षेत्रका बासिन्दा घरबाहिर निस्कन सकेका छैनन्। कतिपय गाँउमा खाद्यान्नलगायत बन्दोबस्तीका सामग्रीको समेत अभाव हुन थालेको छ। 'घरहरू पुरिन थालेका छन्,' साइपाल गाउँपालिका-४ का वडाध्यक्ष धनन्जय रोकायाले भने, 'कतिपयका घरमा खानेकुराहरू सकिएको छ। उनीहरू अँचोपैंचो गरेर काम चलाइरहेका छन्।' हिउँ थपिँदै गएकाले गम्भीर खालका बिरामीलाई उपचारको लागि जिल्ला बाहिर लैजान नसकिएको उनले गुनासो गरे। चरन अभावका कारण पशुचौपायासमेत मरेका छन्। हिमपातसँगै चिसो बढेपछि दार्चुला सदरमुकाम आसपासका क्षेत्र सुनसान बनेका छन्। जाडोबाट बच्न प्रशासनले स्थानीयलाई घर बाहिर ननिस्कन, आगो बालेर बस्न र न्यानो कपडा लगाएर बस्न सुझाएको छ।

(मनोज बडू (दार्चुला) **डीआर पन्त** (डडेलधुरा), **वसन्तप्रताप सिंह** (बझाङ) र **तृप्ति शाही** (बैतडी)

सिँचाइ आयोजना बन्दै, खेतीयोग्य जमिन घट्दै

■ **गणेश चौधरी** (टीकापुर)

दुई बाजेबाट तीन भाइ छोरा भए। उनीहरूबाट लक्ष्मी चौधरीसहित ७ भाइ छोरा जन्मिए। टीकापुर नगरपालिका-९, बनगाउँ बस्ने लक्ष्मीका बाजेका पालामा साढे ८ विघा जग्गा थियो। परिवार बढ्दै गएपछि अंशवण्डाका कारण जग्गा खण्डीकरण हुन थाल्यो। लक्ष्मीका नातिको पालासम्म आइपुग्दा उतिबेलाको ८ विघा जग्गा घडेरीमा मात्र सीमित हुने अवस्था आएको छ। टीकापुर बजारसँग जोडिएको यस गाउँका सबै परिवारसँग कुनै समय ४ विघाभन्दा बढी खेतीयोग्य जमिन थियो। जनसंख्या वृद्धिसँगै भाइ-भाइमा अंशवण्डा हुँदा जग्गा पनि टुक्रिएको हो। कतिपयले आर्थिक उपार्जन गर्न जग्गा प्लटिङ गरेर पनि बेचेका छन्।

मुलतः अंशवण्डा र जग्गा प्लटिङबाट यहाँको खेतीयोग्य जमिन मासिँदै गएको हो। बनगाउँको बीच टोलमा केही वर्षअघि ३० घरपरिवार रहेकोमा अहिले ७० घर पुगिसकेको लक्ष्मीले बताए। उनले भने, 'यहाँका अधिकांश थारु परिवार खेतीकिसानीमा निर्भर छन्। तर, भाइभाइ घर छुट्टिँदा जग्गा बाँडिदै गएको छ। बजार नजिक भएकोले कतिपयले जग्गा प्लानिङ गरेर बेचेका छन्।'

रानी-जमरा-कुलरिया सिँचाइ आयोजनामार्फत कैलालीको पूर्वी भागमा सिँचाइको व्यवस्था भइरहेको छ। तर, जग्गा प्लटिङ गर्दै घरघडेरीमा परिणत हुँदै जानु र अंशवण्डाले पनि यहाँको खेतीयोग्य जग्गा भने घट्दै गएको छ। खेतीयोग्य जग्गाको यकिन तथ्यांक कुनै निकायसँग छैन। सिँचाइ आयोजना सुरु हुँदा गरिएको सर्भेक्षणअनुसार आयोजनाको कमाण्ड क्षेत्रमा १४ हजार ३ सय हेक्टरमा सिँचाइ हुने भनिएको थियो। पछिल्लो तथ्यांक भने आयोजना कार्यालयसँग पनि छैन। सिंचित क्षेत्रको अपडेट नभएकोले खेतीयोग्य जग्गा कति घट्यो भनेर किटान गर्न नसकिने जमरा कुलो सिँचाइ उपभोक्ता समितिका अध्यक्ष लालवीर चौधरीले बताए। उनका अनुसार विगतका वर्षमा जग्गा प्लटिङ तीव्र बनेकोमा हालैका वर्षमा सरकारले एउटा कित्ता नम्बरको जग्गा वर्षमा एकपटक मात्र कित्ताकाट गर्न पाइने नियम बनाएपछि प्लटिङ गर्ने क्रम घटेको छ। प्लटिङका कारण वर्षमा एक सय विघाभन्दा बढी जमिन घरघडेरीमा परिणत हुँदै आएकोमा अहिले आधा कम भएको लालवीर बताउँछन्।

> अंशवण्डा, प्लटिङ, सिँचाइ आयोजना निर्माण र लिप्टिस खेतीका कारण उब्जाउ भूमि मासिँदै

सिँचाइ आयोजना निर्माणका क्रममा पनि उब्जाउ भूमि मासिएको छ। आयोजनाको दोस्रो चरणमा लम्की क्षेत्रमा नहर विस्तार गर्ने क्रममा ३४ विघा जमिनको मुआब्जा वितरण गरिएको छ। करिब २२ विघा ऐलानी जग्गा रहेको जनाइएको छ। भूउपयोग नीति नहुँदा यहाँको जग्गा जथाभावी प्रयोग हुँदै आएको टीकापुर बहुमुखी क्याम्पसका प्राध्यापक मीनबहादुर शाहीले बताए। उनले भने, 'भूउपयोग नीति केन्द्रमा बन्दैछ भन्ने कुरा सुन्नमा आएको छ। तर, कहिले बन्ने र कहिले आउने? त्यसमा खेतीयोग्य जग्गा बचाउने कुराको सम्बोधन होला। साथै यहाँको स्थानीय तह, आयोजना र जल उपभोक्ता समूहले पनि जग्गा खण्डीकरण रोक्न पहल गर्नुपर्नेमा कसैले चासो दिएको पाईदैन।'

देश संघीयतामा गइसकेपछि सबै स्थानीय तहको जोड बाटोघाटो बनाउनमा छ। सडक भएको ठाउँमा चौडा गर्ने र नभएको ठाउँमा नयाँ सडक निर्माण गर्ने स्थानीय प्रतिनिधिबीच होडबाजी चलिरहेको छ। शाहीले भने, 'बाटो भएको ठाउँमा घर बनाउने नेपालीको चलन हो। यहाँ बाटो बन्नु भनेको खेतीयोग्य जग्गा मासिनु हो।' मालपोत कार्यालय टीकापुरका अनुसार सरकारले कित्ताकाटसम्बन्धी नयाँ नीति ल्याएसँगै दैनिक ३/४ वटा जग्गाको मात्रै कित्ताकाट हुने गरेको छ। यो नियम आउनुभन्दा पहिले प्लटिङ धेरै हुनेगर्थ्यो। अब अंशवण्डा वा राजीनामा गर्दा मात्र कित्ताकाटा हुने गरेको कार्यालयले जनाएको छ।

जग्गा खण्डीकरण मात्र नभई खेतबारी लिप्टिसले भरिन थालेपछि सिँचाइमा लगानी उपलब्धिहीन हुनसक्ने खतरा बढेको कृषि प्राविधिकहरूले औंल्याएका छन्। सिँचाइ सुविधा भएको र प्रशस्त अन्न फल्ने जग्गामा लिप्टिस रोपेर जग्गा मास्न थालिएको रानी-जमरा-कुलरिया सिँचाइ उपभोक्ता समितिका उपाध्यक्ष दामोदर खड्काले बताए।

उनले भने, 'एकातिर हामी सिँचाइ पुऱ्याएर खाद्यान्नमा आत्मनिर्भर हुने कुरा गरिरहेका छौं, अर्कोतिर खेतीयोग्य जग्गामा लिप्टिस रोपेर कसरी खाद्यान्न उत्पादन बढाउन सकिएला ?' सिँचाइ आयोजनाको कमाण्ड एरियामा मात्र करिब ५० विघामा लिप्टिस खेती गरिएको अनुमान खड्काको छ। उनले भने, 'यत्रो राष्ट्रिय गौरवको आयोजना छ। किसान उब्जाउ भूमिमा धमाधम लिप्टिस लगाउँदैछन्, कसले रोक्ने?'

'खेतीपाती र सिँचाइ नहुने खालको जग्गा हो भने लिप्टिस रोप्नु ठिकै होला। तर, खेतीयोग्य जग्गामा लिप्टिस लगाएपछि खेतीपाती कहाँ लगाउनु, अनि कृषिमा आत्मनिर्भर कसरी हुने?,' खड्काको प्रश्न छ। सिँचाइ आयोजनाको काम सकिएपछि यसअन्तर्गतका कुलामा बाह्रै महिना पानी उपलब्ध हुने र सिँचाइ सुविधा भएपछि यहाँको कृषि उत्पादन पनि बढ्ने आशा गरिएको छ।

आयोजनाले रानी कुलोबाट ५३ सय हेक्टर, कुलरियाबाट ४१ सय हेक्टर र जमरा कुलोबाट ४९ सय हेक्टरमा सिँचाइ सुविधा पुग्नेछ। राजमार्गको माथिल्लो भागबाट निकालिएको नहरले ६ हजार हेक्टरमा सिँचाइ सुविधा पुग्ने आयोजना कार्यालयले जनाएको छ।

शुक्लाफाँटामा ५६ प्रजातिका स्तनधारी

कञ्चनपुर (कास)- शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ५६ बढी प्रजातिका स्तनधारी जनावर रहेको पाइएको छ। एक वर्षदेखिको अध्ययन र संकलन गरिएका तस्बिरका आधारमा स्तनधारीको परिचयसहितको पुस्तकसमेत लोकार्पण गरिएको हो। गत वर्ष बाघ गणनाका लागि निकुञ्जभित्र राखिएको क्यामेरामा संकलन भएका तस्बिरकै आधारमा पुस्तक प्रकाशन गरिएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत लक्ष्मणप्रसाद पौड्यालले बताए। पौड्यालले भने, 'स्तनधारी वन्यजन्तुहरू क्यामेरामा ट्र्याप भएका आधारमा कुन-कुन क्षेत्रमा विचरण भएका छन् भनि निकुञ्जको नक्सामा समेत देखाइएको छ।' पुस्तकको विमोचन बिहीबार पूर्व वन अधिकृत रमेश चन्द र प्रमुख संरक्षण अधिकृत पौड्यालले संयुक्त रुपमा गरे।

उनका अनुसार क्यामेरा ट्र्यापमा ३७ र २ वटा व्यक्तिले संकलन गरेका तस्बिरहरू पुस्तकमा समावेश गरिएको छ। ५ धर्के लोखर्केको तस्बिर नेचर गाइड कुम ठाकुरले खिचेका हुन्। ठूलो एसियाली पित्ता चमेरोको भने निकुञ्जकै कर्मचारीले संकलन गरेका थिए। बाँकी १७ प्रजातिका तस्बिर निकुञ्ज स्थापनादेखि हालसम्म गरिएका विभिन्न अध्ययन र अनुसन्धानका आधारमा उल्लेख गरिएको उनले जानकारी दिए।

निकुञ्जमा पाइने स्तनधारीमध्ये विश्वमै दुर्लभ मानिएका १४ वटा र नेपालमा दुर्लभ मानिएका २३ प्रजाति छन्। साइटिस सूचीमा सूचिकृत भएका ३४ प्रजाति छन्। सन् २०१८ मा राष्ट्रिय कार्यक्रमअन्तर्गत यहाँ क्यामेरा ट्र्यापिङ विधिबाट बाघ गणना भएको थियो। निकुञ्जभित्र २/२ किलोमिटरको ९० ग्रीडमा ८६ जोडी क्यामेरा जडान गरिएको थियो। सो क्रममा १६ वयस्क बाघ भएको तथ्यांक सार्वजनिक गरिएको थियो। 'बाघ गणनाकै लागि राखिएका क्यामेराको सहयोगमा अन्य स्तनधारीको पहिचान गरेका हौं,' पौड्यालले भने, '९ जनाको टोलीले अध्ययन गरेको हो।'

निकुञ्जमा हाल गैंडाको संख्या १७ पुगेको छ। विभिन्न समयमा गरिएको गणनाका आधारमा ४ सय २४ वाट वृद्धि भएर साढे ४ सय प्रजातिका चरा पाइने पुस्तकमा उल्लेख छ।



तपाईंको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनश्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
कर्कट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारीक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल पौष २६ गते शनिबार तदनुरुप ११ जनवरी २०२० माघ कृष्णपक्ष प्रतिपदा रात्रिको ११:५० बजेसम्म उप्रान्त द्वितीया तिथि, पूनर्वसु नक्षत्र दिनको २:४० बजेसम्म उप्रान्त तिष्य नक्षत्र, वैधृति योग दिनको ३:३३ बजेसम्म उप्रान्त विष्कुम्भ योग, बालब करण दिनको १२:३२ बजेसम्म उप्रान्त कौलब करण, मिथुन राशिमा चन्द्रमा प्रातः ८:५० बजेसम्म उप्रान्त कर्कट राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हृवाट द फ्लप (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	हियर्ज द लाइफ (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	सुमनसँग (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	फायरसाइड (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	मनी टक्स (रिपिट)
३:००	हृवाट द फ्लप (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	सुमनसँग (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	यू ण्ड आई
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हर्के हल्दार
१०:००	यू ण्ड आई (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	यू ण्ड आई (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ५)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हर्के हल्दार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	दिव्य दृष्टि (दिवाकर पन्त)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०८:००	डेमालपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (धलिसा)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	शैली (भूपेन्द्र)
१०:००	स्पोर्ट्स डायरी
१०:०५	फेमिना (दिपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	फेमिना (दिपाञ्जली)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप अफ द टप्स (साञ्जरिका)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के ष्ठ नेपाल (महेश)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के ष्ठ नेपाल (महेश)
१५:००	कान्तिपुर डायरी
१५:१५	सौराई (कृष्ण मल्ल)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	द राहुल मुजेल सो
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	फेनाटिक फ्राइडे (महेश/स्मिता)
१८:००	आधा आकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	नो टेन्सन (दीपकराज/अनिबका)
२०:००	सेक्सुयरिटी एन्ड क्राइम डायरी
२०:०५	प्लेट्रोनिक्स (सञ्जय गुप्ता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी गोल्डी (स्मीता)
२३:००	इलिमेन्ट्स आवर (संजय)
२४:००	टप अफ द टप्स - रिपिट (संजय)
०१:००	कालजयी गीत-संगीत (भूपेन्द्र)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

सत्यचण्डिकाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२०१११
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२११०९

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१६००
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५६०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१११९
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३९८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२११०२/५२२४०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८५८४४०१२०/४२०२०४
जिल्ला अस्पताल	४२००१९
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५५४०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१२२
जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३१, ९८५८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८५४५०४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८४६००२४४

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००९३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९७४८२४१६६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८२६५४८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२७७, ०८८५३०१५५
एम्बुलेन्स	९८०९८५८१८५

हुम्ला

प्रहरी	०८७-४८०००३/ ०८७४८००९९
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५१०७३२४९

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९९
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२०१६६६

सल्यान

प्रहरी	०८८-५२००७०, ९८५८०५५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७८३

रत्न मन्दिर र हिमागृह छिट्टै नखुल्ने

पोखरा (कास)- उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलले नेपाल ट्रस्ट मातहत रहेको पोखराको रत्न मन्दिर र हिमागृह सर्वसाधारणका लागि छिट्टै नखुल्ने संकेत गरेका छन् । ट्रस्टका अध्यक्षसमेत रहेका उनले बिहीबार पोखरामा पर्यटन व्यवसायीसँगको भेटमा अहिले नै मिति यकिन नहुने बताए ।

यी दुई संरचना खुला गरी पर्यटकीय गन्तव्यमा परिणत गर्न पोखरा पर्यटन परिषद्ले उनलाई ज्ञापनपत्र बुझाएको हो । पोखरेलले ट्रस्टले ती दुई स्थल व्यापारिक प्रयोजनका लागि दिएको भन्ने समाचारमा सत्य नभएको उल्लेख गरे । 'रत्न मन्दिर र हिमागृह विद्यमान कानुनलाई ख्याल गरेर यहींको प्रदेश र स्थानीय सरकारसँग परामर्श गरी के गर्दा अधिकतम उपयोग हुन्छ, त्यसरी नै गरिन्छ,' उनले भने, 'ठ्याक्कै तिथिमिति कहिलेदेखि भन्न सक्दिनँ ।' उनले प्रदेश र स्थानीय तहलाई पन्छाएर कुनै पनि कुरा नहुने जनाए । 'जे गर्छौं कानुनसम्मत गर्छौं,' उनले भने, 'कानुनलाई तोडेर अपारदर्शी ढंगले हुँदैन ।'

परिषद्का अध्यक्ष चिरञ्जीवी पोखरेलले रत्न मन्दिर र हिमागृह खुला गर्दा पर्यटकको बसाइ लम्ब्याउन सकिने बताए । 'गणतन्त्र स्थापनासँगै नारायणहिटी राजदरबार संग्रहालयमा रुपान्तरण हुँदै सर्वसाधारणको पहुँचमा पुगेको यत्ति वर्ष भयो,' उपप्रधानमन्त्रीसँग उनले भने, 'पोखरामा पनि यथाशक्य छिटो खुला गर्नुपर्छ ।'

परिषद्ले फेवाताल संरक्षण, एक्यापमा बहुप्रवेश अनुमति, विभिन्न अन्तर्राष्ट्रिय सहरसँग पोखराको सिधा हवाइ उड्डयन सम्झौता, पोखरा-भीमाद-चितवन-लुम्बिनी द्रुतमार्ग, अन्तर्राष्ट्रिय विमानस्थलदेखि फेवातालसम्म एक्सप्रेस वे, भिसा शुल्कमा सहुलियत, पर्वतारोहण शुल्क मिनाहा, पर्यटक बस टर्मिनल, विशेष पर्यटकीय क्षेत्र सम्बन्धमा उपप्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाएको थियो ।

सुस्त मनस्थितिकी महिला बलात्कृत

बुटवल (कास)- बोल्न र सुन्न नसक्ने ५० वर्षीया महिला सामूहिक बलात्कारमा परेकी छन् । शुद्धोधन गाउँपालिका-१ चंखीपुरका रामनाथ मल्लाह र कुलबहादुर पौडेलले बलात्कार गरेको परिवारको आरोप छ ।

परिवारले दुर्वैविरुद्ध इलाका प्रहरी कार्यालय बुटललमा किटानी जाहेरी दिएको छ । 'चिनजानकै व्यक्तिबाट सुस्त मनस्थितिकी आमा बलात्कारमा पर्नुभएको छ,' आफन्त रामु क्षत्रीले भने, 'नामै किटान गरेर उजुरी दिँदा पनि प्रहरीले खोजतलासमा बेवास्ता गरेको छ ।'

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार पुस २० गते साँझ ती महिला छिमेकीको घर गएकी थिइन् । फर्कंदा बाटोमा रक्सीले मात्तिएका उनीहरूले महिलालाई लतारेर खेतमा लगी बलात्कार गरेका थिए । रगताम्य अवस्थामा भेटिएकी उनलाई सुरुमा परिवारले प्राथमिक उपचार गरेको थियो । सामान्य अवस्थामा आएपछि उनीहरूले घटनाबारे स्थानीयलाई बताएका हुन् । स्थानीयले महिलाको इसाराका आधारमा बलात्कारमा संलग्नको पहिचान गरेका थिए । त्यसैका आधारमा पुस २२ गते छोराले उनीहरूविरुद्ध इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिएका थिए ।

घटना प्रहरीमा पुगेको थाहा पाएपछि आरोपित पौडेल र मल्लाह फरार छन् । डीएसपी भीमलाल भट्टराईले बलात्कारमा संलग्नको खोजी भइरहेको बताए । 'अपांगता भएकी महिलामाथि जघन्य अपराध भएको छ,' उनले भने, 'घटना पहिल्यै सार्वजनिक हुनु र ढिलो गरी उजुरी आउनुले आरोपित भागेका हुन् ।'

कोइलाबास सम्झँदै 'हटारु'

'पहिले गाउँबाट पैसा जम्मा गरेर सामान किन्न बजार पुग्नुपर्थ्यो । अहिले पैसा लिएर मानिस हामीलाई खोज्दै सामान लिएर गाउँमा आइपुग्छन्'

रोल्पाबाट नुन लिन दाङ र भारतको सीमामा पर्ने कोइलाबास पुगेको याद गर्दै पूर्वी रोल्पाको जेलबाङका हटारु । तस्बिर : काशीराम/कान्तिपुर

■ **काशीराम डाँगी** (रोल्पा)

कोइलाबास कुनै बेला दाङ, रोल्पा, प्यूठान, रुकुम, सल्यानलगायत जिल्लाको नुन किन्ने एकमात्र बजार थियो । रोल्पाबाट २२ दिनदेखि एक महिनासम्म एकतर्फी हिँडेर हटारु (भारी बोकेर नुन ल्याउने समूह) बनेर नुन किन्न जान्थे । पश्चिमी रोल्पाको घर्तीगाउँको झिनुवाबाट कोइलाबास पुग्न २८ दिन लाग्थ्यो । १० पटक नुन लिन हटारु बनेर कोइलाबास पुगेका झिनुवाका ६८ वर्षीय हीरालाल वलीले १ सय २० जना एकैसाथ पुगेको सम्झिए । 'ठूलै जत्थामा हिँड्दा निकै रमाइलो हुन्थ्यो । घरैबाट खाना बोकेर नुन लिन जाँदाको रमाइलो क्षण अब सुन्नेलाई किंवदन्ती जस्तो बनेको छ,' उनले भने, 'झिनुवाबाट कोइलाबास पुग्न आठवटा भन्दा बढी त खोल्सा र डाँडामा बास बस्नुपर्थ्यो ।'

घरबाट निस्केपछि हटारुको जत्था हान्जाबाङ, त्रिवेणी, दहवन, तोसपेदा, भैंसे गोगली, मसौट खोला, गढवा, अम्बास र चोरखोलीमा बास बसेपछि मात्र अर्को दिन कोइलाबास पुग्थ्यो । कोइलाबासमा नुन, कपडा र भेली किन्न आठ दिन लाग्थ्यो । पहिलो दिन त उछिट्टेलाई नचाउन लाग्थ्यो । कोइलाबास पहिलोपटक जानेलाई उतिबेला 'उछिट्टे' भन्ने चलन थियो र उसलाई गुड (भेली मिठाई) का डल्लाले हानेर स्वागत गर्ने चलन थियो । यो चलन कोइलाबासका पसलेले नै सुरु गरेका थिए । नुन लिने टोलीका प्रमुखले ती 'उछिट्टे' लाई बेस्सरी नचाउँथे पनि ।

त्यसपछि मालुका पात टिप्न, नुनलाई पोकामा राखेर भारी बनाउन एक साता लाग्थ्यो । 'घरबाट लगेको जिनिस बेचेपछि मात्रै के किन्ने भन्ने निर्णय हुन्थ्यो,' उनले भने, 'आधा महिना हिँडेर घरबाट बजार पुग्दा निकै आनन्द हुन्थ्यो ।' कोइलाबास पुगेर पात टिप्ने, बाबियो खोज्ने र डोरी बनाउने काम अगुवाले गर्थे भने अन्यले सघाउने चलन थियो । घरबाट निस्केपछि कोइलाबास पुग्नुअघिको बाटो आसपासका गाउँमा खर्च (बाटोमा खाने अन्न) राख्दै झर्ने र फर्कंदा लिने चलन थियो । जुन घरमा खर्च राखिएको हुन्थ्यो, त्यही घरमा मिठाई (भेली) बाँड्ने गरेको वलीको सम्झना छ । हटारुले तलतिर झर्दा बास बस्ने ठाउँ नजिकैका घरमा अन्नका पोका-पन्तुरा झुन्ड्याई छाड्थे ।

कोइलाबासबाट नुन लिन कम्तीमा एक दर्जन गाउँका हटारु एकैसाथ जान्थे । त्यसो गर्दा सुरक्षा, सरसहयोग र रमाइलो यात्रा महत्त्वपूर्ण मानिन्थ्यो । कोइलाबास पुगेर नुनको भारी बोकेर साथै आएका साथीहरू पर्सराम खड्का, वीरबहादुर खड्का, शशे खत्री र म्याउसे वलीलगायतसँग उनको अहिले पनि भेट भइरहन्छ । उनको टोलीमा ओत, झिनुवा, जिनाबाङ, पाखापानी, पाछाबाङ, राँकलगायत गाउँमा हटारु साथै जान्थे । उनीहरूले गाउँबाट कोइलाबास जाँदा वनका जडीबुटी, टिम्मुर, घिउ, मह, सिमी र भटमासलगायत जिनिस बेच्न लैजान्थे । पश्चिमी रोल्पाका धेरै गाउँका हटारुको हाङजाबाङ गाउँ बास बस्ने मुख्य थलोमध्येको एक थियो । हटारुलाई घरमै बास बस्न दिएकामध्येका ७५ वर्षीय झुपल डाँगीले भने, 'ती दिन रमाइला थिए । हटारु र हामीबीच गज्जबको मित्रवत् सम्बन्ध थियो ।'

जेलबाङबाट २२ दिनमा कोइलाबास

जेलबाङबाट हटारुलाई कोइलाबास पुग्न २२ दिन लाग्थ्यो । 'आउँदा र जाँदा करिब दुई महिनै लाग्थ्यो,' जेलबाङका ८० वर्षीय ढाँट परियारले सम्झिए, 'म नुन लिन कोइलाबास कम्तीमा ६/७ पटक पुगेँ ।'

अहिले नुन, तेल, लत्ताकपडा र औषधिलगायत अत्यावश्यक सामग्री घर छेउमै आइपुग्छ । सडक भए गाडीले ल्याइदिन्छ, नभए घोडा-खच्चड प्रशस्तै छन् । कोइलाबास जाँदा हिँडेको र बास बसेको बाटोको याद अझै छ हटारु ढाँटसँग । ठूलो समूहमा हिँड्दा यात्रा लामो हुने बताउँदै उनले जेलबाङबाट कोइलाबास पुग्दा बाटैभरि बास बसेको ठाउँको याद गरे । जेलबाङबाट नुन लिन कोइलाबासका लागि यात्रा थालेपछि बाटोमा हाङ्जा, छिर्ने, घोरालखोला, काँडाबास, लिवाडी आँप, राम्चे, देउराली, धौलाबाङ, घोराही, लमही र कोइलाबासलगायत ठाउँ भेटिन्थे । ती स्थानमा नुन बोक्ने हटारुहरू कैयौंपटक बास पनि बसेका छन् ।

'जहाँ रात पर्छ, त्यहीं बास बस्थ्यौं,' ढाँटले सम्झिए, 'मानिसको डर थिएन । भूतप्रेत लाग्ला भन्दै चनाखो हुन्थ्यौं ।'

जेलबाङसम्मै सडक पुगेकाले अब उनलाई नुन बोक्नैरै खानुपर्ने बाध्यता छैन । बढी किनमेल गर्न उनी मोटरमै सुलिचौर बजार झर्छन् । नुन, तेल, खाद्यान्नलगायत सामान किन्न उनका छोरानाति जान्छन् । मुलुकमा राजनीतिक परिवर्तन, विकासमा नयाँ ढाँचा, फेरिएको समय, बजारीकरण र सडकको विकासले जीवनमै व्यापक फेरबदल आएको उनको अनुभव छ । 'अब कोइलाबास जानै पर्दैन,' उनले भने, 'बाटोको विकासले उहिले कोइलाबासमा व्यापार गर्ने व्यापारीहरू अहिले रोल्पा-रुकुम-सल्यानका कुना कन्दरासम्म पुगेका छन् । सजिलो छ अहिले ।'

जेहोस्, व्यापारीलाई व्यापार व्यवसायले मन तानेजसरी जेलबाङका यी वृद्धहरूलाई गाडी देख्ने र चढ्ने रहरले मन तानेको छ । पूर्वोत्तर रोल्पाको जेलबाङ गाउँका उनीहरू अहिले सुलिचौर, लिवाङ र दाङसम्म आवतजावत गर्दा गाडी चढ्छन् । पूर्वी रोल्पाको जेलबाङ घर भएका सुनछहरी गाउँपालिकाका अध्यक्ष आसबहादुर पुनमगरले नुन, तेल र कपडा किन्न अब कोइलाबास पुग्नु नपर्ने समय आएको बताए । विगतको विकटता हटाउन विकासका योजना अघि सारिँ आएका उनले भने, 'अहिलेसम्म सडक गाउँमा पुग्नुएका छौं । अब सडकमार्फत गाउँको बहुआयामिक फाइदा हुने गरी विकासका सम्भावना वृद्धि गर्ने हो ।'

उहिले हटारु, अहिले यात्रु

बैंसमा गाडी चढ्न नपाए पनि अहिले हटारुहरू गाडी चढेर यात्रा गर्छन् । 'गाडी सफा र चिल्लो हुने रहेछ, छाम्न पाए झन् मज्जा,' पहिलोपटक गाडी देखेपछिको प्रसंग जेलबाङका ९० वर्षीय अति रोकाले सम्झिए । गाउँकी बाटीसरा विकसँग जेलबाङबाट सुलीचौर हुँदै लिवाङसम्मै गाडी चढेको अनुभव छ । हेर्न र औषधि खान उनी लिवाङ पुगेकी थिइन् । यहाँकी ८० वर्षीया गुठी रोकासँग पनि गाडी चढेर दाङ झरेको अनुभव छ । 'मेरो जेठो छोरोलाई भेट्न कपिलवस्तुको शिवपुर पनि गाडीमै पुगेकी छु,' उनले भनिन् ।

उहिलेको जमानामा अहिलेजस्तो गाडी देख्न कहाँ पाइन्थ्यो र ! त्यो पनि गाउँमा । अहिलेको कुरा गर्ने हो भने गाउँमा सडक पुगेको छ । सानै भए पनि गाडी आएका छन् । गाडी नदेख्ने वा नचढ्ने कमै होलान् । तर वृद्धवृद्धालाई सजिलो छैन । बढ्दो उमेर, बसाइ नै असजिलो हुन्छ, त्यसमा सबै गाउँमा भनेकै बेला पनि गाडी चढिहाल्न पनि मिल्दैन । ८० वर्षीया चामसरी परियारले भनिन्, 'सुलीचौरबाट बुटवलसम्म गाडी चढ्दा केही सास्ती भयो । उल्टी भयो, टाउको दुख्यो, जीउ भारी भएर आयो ।' उहिले उहिले नुन-तेल बोक्न महिनौं हिँडेर भारतीय सीमासम्म पुग्दा पनि गाडीको नाकमुख देखिन्थ्यो । हिँडेरै आवत-जावत गर्नुपर्थ्यो । 'नुन किन्न कोइलाबास पटकपटक पुगेको छु,' गाडी चढ्ने अवसर नपाएका अति रोकाले भने, 'मैले त्यसबेला न गाडी देखें, न चढ्ने मौका पाएँ । अझै गाडी चढेको छैन । देखेको भने छु ।'

घरबाट निस्कनु नपरेकाले उनले गाडी नचढेको बताए । यस्तै ५० वर्षकी खोष्टी सुनारले नजिकको बजार सुलिचौरसम्म पनि गाडी चढेर जाने अवसर नपाएको सुनाइन् । सडक पुगेपछि गाउँको विकास सम्भव भएको जेलबाङका पूर्वशिक्षक चन्द्र बुढा शेषले बताए । उनका अनुसार सडक निर्माणपछि गाडी गाउँमा ल्याएपछि फर्कंदा गाउँका जिनिस (घरेलु उत्पादन र जडीबुटी) बजार पुग्याएर बेच्न सक्नुपर्छ । यस्तो चलन भए मात्रै गाउँको आयस्तर वृद्धि हुन सक्छ । सडक बनेकाले भित्री गाउँमा पनि उत्पादन क्षेत्रलाई प्राथमिकता दिनुपर्ने बेला आएको उनले बताए । 'पहिले गाउँबाट पैसा जम्मा गरेर सामान किन्न बजार पुग्नुपर्थ्यो । अब पैसा लिएर मानिस हामीलाई खोज्दै सामान लिएर गाउँमा आइपुग्छन्,' उनले भने ।

'झापा विद्रोह'का योद्धालाई बेवास्ता

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

डेराको साघुँरो कोठा । तीन जनाको परिवार अट्न मुस्किल । भित्र ठाउँ नभएपछि ७० वर्षीय बयोवृद्ध टंकप्रसाद चौधरी बरन्डामा सुत्छन् । ओढ्ने, ओछ्याउने गतिलो छैन । पुसको चिसोले चौधरीको कम्मरको बिराम झन बढेको छ । दैनिक औषधि नखाई हुँदैन । आम्दानीको स्रोत छैन । आफ्नो नाममा एक धुर जमिन छैन । बुढेसकालमा कमाएर खुवाउने छोरा पनि छैन । 'झापा विद्रोह' मा ९ वर्ष ३ महिना कठोर जेल जीवन बिताएका टंकप्रसाद हाल बिर्तामोड नगरपालिका ४ मा एउटा सानो कोठामा कष्टले दिन बिताइरहेका छन् ।

श्रीमतीले दुई-चार गाउँ डुलेर साग-सब्जी किनेर ल्याउँछिन् अनि नजिकैको बिर्ता बजारमा बेच्छिन् । त्यो आम्दानीले तेल-नुन किन्न सघाउ पुग्छ । कान्छी छोरी सन्ध्यावतीले मिस्त्री काम गरेर चामल र डेराभाडा धानेकी छन् ।

०२८ सालको झापा विद्रोहकै अर्का योद्धा केपी शर्मा ओली मुलुकको प्रधानमन्त्री बनेका छन् । सीपी मैनालीसहितका कैयन् नेता मन्त्री, सांसद बने । उनीहरूले श्रीमती, छोरा-छोरी र आफन्तहरूलाई समेत सांसद तथा राज्यको उच्च ओहोदामा पुऱ्याए । तर, टंकप्रसादसँग शिर लुकाउने छानो छैन । जेल बसेर आएको हुँ भनेर उनले कुनै नेतासँग सहयोग पनि मागेनन् । चुपचाप बसे । जसरी जीवन चल्यो, चलाए ।

२३ वर्षका लक्का जवान थिए, टंकप्रसाद । विवाह गरेको एक वर्ष पुग्दै थियो । ०२९ मंसिर महिना थियो । उनी बुबा रामदुलालसँगै खेतमा धान काटिरहेका थिए । अचानक हतियारसहित आएका प्रहरीले बुबाछोरालाई नै नियन्त्रणमा लिए । गाडीमा हालेर चन्द्रगढी पुऱ्याए ।

कम्युनिस्टमा लागेको आरोपमा टंकप्रसाद चौधरीसँगै उनका बाबुलाई पनि पक्राउ गरियो । बाबुछोराले ९ वर्ष ३ महिना जेलमा काटे ।

चन्द्रगढीमा प्रहरीले यातना दिँदै कबुल गराउन थालेपछि मात्रै टंकप्रसादले थाहा पाए, 'कम्युनिस्ट पार्टी' मा लागेको भनेर गिरफ्तार गरिएको रहेछ । 'हामीले हात जोडेर अनुनयविनय गऱ्यौं । कुनै पार्टीमा नलागेको भन्यौं,' टंकप्रसादले भने, 'प्रहरीले हाम्रो कुरा सुन्दै सुनेन । उल्टै हामीलाई थाहा छ भन्दै यातना दिएरहे ।' विपन्न परिवारका उनीहरू मालिकको खेत अधियाँ गर्थे ।

गिरफ्तारीको एक वर्षसम्म चन्द्रगढीमा चरम यातना दिइएको उनले सुनाए । 'पाइतलामा घाउ नै घाउ भएको थियो । शरीरमा चोट नलागेको ठाउँ थिएन,' उनले भने, 'खुर्सानी-पानी नाकमा हालेर कुट्थ्यो । हातका औंलामा सियोले घोच्थ्यो ।'

एक वर्षसम्म चरम यातनापछि चौधरी बुबाछोरालाई वीरगन्ज कारागार चलान गरियो । जीवनको ऊर्जाशील उमेर कारागारको चिसो छिँडीमा बिताएका टंकप्रसादलाई कुनै कम्युनिस्ट नेताले खोजी गरेनन् । हालत सोध्न गएनन् ।

'जेल बसेको ९ वर्ष ३ महिनापछि तिमीहरू निर्दोष रहेछौ भनेर हामी बाबुछोरालाई छोड्यो,' मंगलबार बिर्तामोड नगरपालिका कार्यालयमा भेटिएका उनले विगत सम्झिए । फर्किएर तत्कालीन गरामनी गाविस-८ नडियाबारी आइपुग्दा घरमा पत्नी थिइनन् ।

गाउँको परिवेश फेरिएको थियो । तर उनले गाउँ छोडेनन् । ज्याला-मजदुरी गरेर जीवन चलाए । जेलमुक्त भएको तीन वर्षपछि बुबा बिते । एक्लो बनेका उनले बौरीदेवीसँग दोस्रो विवाह गरे । दुई छोरीका बुबा टंकप्रसादले जीवनभरि पैसा कमाएर एउटा टहरासम्म उभ्याउन सकेनन् । अहिले बस्दै आएको कोठाको मासिक १२ सय रुपैयाँ तिर्नुपर्छ ।

कम्युनिस्ट आन्दोलनमा कठोर जेल जीवन बिताएको भन्दै टंकप्रसादलाई नेकपा, बिर्तामोडका स्थानीय कार्यकर्ता विदुरप्रसाद तिवारी (भक्ति) ले साढे ५ धुर जमिन निःशुल्क दिएका छन् । उनले टंकप्रसादलाई जग्गाधनी पुर्जा नै दिइसके । उक्त जमिनमा बिर्तामोड नगरपालिकाले घर निर्माण गरिदिन लागेको मेयर ध्रुवकुमार सिवाकोटीले जानकारी दिए ।

'बोल्दा छुन्छन्, गाडीमा रेट सोध्छन्'

■ **अमृता अनमोल** (बुटवल)

डाडकी कमला नेपालीका पुरानो पुस्ताका महिलाले धेरै वर्षअघि देह व्यापार गर्थे । त्यसकै आम्दानीले घरखर्च चलाउँथे । अहिले त्यस्तो बाध्यता हटिसक्यो । उनीहरू आयआर्जनका वैकल्पिक पेसामा संलग्न छन् । कमलाको पुस्ताले त्यस्तो बेहोर्नु परेन । तर, अघिल्लो पुस्ताले गरेको देह व्यापारको असर अहिले पनि भोग्नुपर्दा दुःखी हुन्छिन् । अघिल्लो पुस्ताले पुस्ताको दाग लागेकोमा उनीहरू चिन्तित छन् ।

'बादी महिला भन्नासाथ अपरिचितको अनुहार फेरिन्छ । गाडीमा हिँड्दा दररेट सोध्छन् । बोल्दा संवेदनशील अंग छुन्छन् । चिमोट्न र टाँसिन खोज्छन्,' १८ वर्षीया कमलाले भनिन्, 'भविष्य बनाउन खोज्ने हामी किशोरीलाई बचेर हिँड्नै दुःख छ ।' कमला सिलाइ सिक्दै काम गरिरहेकी छन् । १५ वर्षयता आमा र हजुरआमा मजदुरीका काम गरिरहेका छन् । घोराही-१४ पक्रैयाका ३० परिवारले आयआर्जनका विकल्प अपनाएका छन् ।

देह व्यापार र नाचगानबाट जीविका चलाउँदै आएको र घुमन्ते जीवन बिताउने समुदाय अहिले जीविकोपार्जनका विभिन्न काममा लागेको छ । पुरुष मजदुरीका लागि भारत जान्छन्, केहीले मादल, सुल्पा, हुक्का, चिलिम, माटाका भाँडा बनाउँछन् । माछा मार्छन् । मजदुरी गर्छन् । समुदाय परिवर्तन भयो । तर, उनीहरूप्रति सामाजिक दृष्टिकोण भने फेरिएको छैन । त्यसको असर हुर्कंदै गरेका किशोरीले भोगिरहेका छन् । डाडको तुलसीपुर-६ मोतीपुरकी सन्जु नेपाली त्यसैमध्येकी हुन् । 'बादी महिलाले यौन पेसा नै गरे हुन्थ्यो भन्ने धेरै छन् । हाम्लाई समेत पाइला-पाइलामा लुट्न खोज्छन्,' उनले भनिन्, 'बादी केटीहरू देख्दा सिठी फुक्ने, आँखा झिम्क्याउने, जिब्रो पड्काउने र ओठले चुम्बन गरेको इसारा गर्ने त कति छन् कति !' कसैले अहिलेको दुःखभन्दा पहिलेकै सुख राम्रो भनेरसमेत गिज्याउने गरेको उनले बताइन् ।

जनगणना-२०६८ अनुसार मुलुकभर बादी समुदायको जनसंख्या ३८ हजार ६ सय ३ छ । त्यसमा महिला २० हजार ३ सय ५ छन् । पुरुष १८ हजार २ सय ९८ छन् । प्रदेश ५ का विभिन्न जिल्लामा यो समुदायको संख्या ७ हजार ८ सय ८६ छ । प्रदेशका १२ वटै जिल्लामा यो समुदायको बसोबास छ । सरकारले २०६५ सालमा बादी समुदायलाई यौन शोषणमुक्त घोषणा गऱ्यो । यसपछि खुलेआम हुँदै आएको देह व्यापार हट्यो । तर समुदायको पुनःस्थापनाका लागि कुनै योजना र रणनीति बनेन । यही कारण उनीहरूको आर्थिक र सामाजिक सशक्तीकरण हुन सकेको छैन । फलस्वरूप कमला र सन्जुजस्तै धेरै किशोरीले अहिले पनि दुर्व्यवहार र लान्छना सहनु परिरहेको छ । बुटवलमा आयोजित बादी समुदायको

बुटवलमा आयोजित बादी समुदायको पहिचान र अवस्था विषयक कार्यक्रममा सहभागी उक्त समुदायका प्रतिनिधि । तस्बिर : अमृता/कान्तिपुर

पहिचान र अवस्था विषयक कार्यक्रममा सहभागी हुन आएका उनीहरूले निर्धक्क भएर आफ्ना गुनासा पोखेका हुन् । 'कहिलेकाहीं त आफ्नै सरहरूले पनि गिद्धे नजर राखे । छिमेकीले पनि हिंसा गरे,' घोराहीकी सुजाता नेपालीले भनिन्, 'छुने, मुसार्ने, गढेर हेर्ने र यौन इसारा गर्नेलाई सामान्य मानेर सहँदै आयौं । हाम्रो समुदायले यस्तो हिंसा सहनुपर्छ भन्ने सिक्यौं । पहिले त हिंसा हो भन्ने नै थाहा पाएनौं ।' सुजाता अहिले घोराहीमा ब्युटिपार्लरको तालिम लिइरहेकी छन् । सीप सिकेपछि वैदेशिक रोजगारीमा जाने उनको योजना छ । 'तर पनि धेरै पुरुषले देह व्यापारमै लाग्न र नांगिन लोभ्याउने गरेका छन् । अरू काम गर्छु भन्दा पनि पत्याउँदैनन्,' उनले भनिन्, 'साह्रै दुःख लाग्छ ।'

देह व्यापार छोडेर अन्य काममा लागेका महिलाको त बयान गरिसाध्य छैन । झन्डै ३० वर्ष देह व्यापार गरेकी सुन्दरी नेपालीले अहिले पनि धेरै पुरुष वरपर डुल्ने र लोभ्याएर यौन बाध्यतामा फसाउन खोज्ने बताइन् । 'अधिकांश पुरुष हामी ढाकिँदा पिरोलिएका छन् । उनीहरूमा कहिल्यै पूरा नहुने यौन प्यास छ,' उनले भनिन्, 'त्यो प्यास अब हाम्रा किशोरी छोरीबाट मेट्न चाहन्छन् ।' यही कारण समुदायका किशोरी अगाडि बढ्न नसकेको उनले बताइन् । 'हामीसित नांगिने पुरुष समाजका अगाडि ढाकिन्छन् । हाम्रा छोरीचेलीलाई सधैं नंग्याउन चाहन्छन्,' उनले भनिन्, 'तिनकै कारण आत्मसम्मानले बाँच्न पाएका छैनौं ।'

उक्त समुदायकी अधिकारकर्मी मीना नेपालीका अनुसार पहिले-पहिले यस समुदायमा जीवन चलाउने अरू उपाय थिएन । यसैले आफ्नै घर र परिवारका अगाडि नांगिएका थिए । यौन तृष्णा मेटाएर त्यसबापत केही कमाएका थिए । अहिले त्यस्तो अवस्था छैन । 'हामी अहिले जसोतसो ढाकिएका छौं । तर, हाम्रा छोरीचेलीमाथि कुदृष्टि राखिरहेका छन्,' उनले भनिन्, 'यही सोच फेर्न नसक्दा दिनदिनै नांगिएझैं लाग्छ ।'

अहिले पनि कतिपय होटल-रेस्टुराँमा देह व्यापार छ । अरू समुदायका महिलाले पनि त्यसैलाई जीविकोपार्जनको माध्यम बनाएका छन् । तर, उनीहरूको चर्चा हुन्न । बादी अधिकारकर्मी नेपालीले भनिन्, 'प्रहरीले रंगेहात पक्राउ गर्दा पनि बादी महिला भनेर नसोधी किटान गर्छ ।'

बादी समुदायको समग्र विकासका लागि थुप्रै समुदायमा आधारित सामाजिक संस्थाको स्थापना भएका छन् । समुदायको उत्थानका लागि क्रियाशील कमिट नेपालका अध्यक्ष प्रकाश नेपालीले प्रभावकारी नीति र योजना नभएका कारण समुदाय परिवर्तन गरे पनि दीर्घकालीन विकास गर्न नसकेको बताए । 'बादी महिलाको बाध्यात्मक देह व्यापारमा कति पुरुष रमे, रमाए । उनीहरू बदनाम भएनन् । सधैं सम्मानित भए,' उनले भने, 'हाम्रो पुस्ता देह व्यापारमै नहुँदा पनि अपमानित हुनु दुर्भाग्य हो ।' प्रदेश सरकारले यौन पेसा गरेर परिवार पाल्ने अवस्था अन्त्य गरी बादी समुदायलाई अगाडि बढाउन शिक्षा र रोजगारीमा सहयोग गर्ने योजना बनाएको छ ।

बादी समुदायलाई अरू जातिसरह आत्मसम्मानले बाँच्न सक्ने बनाउन शिक्षा, स्वास्थ्य र रोजगारीका प्याकेज सञ्चालन हुने सामाजिक विकासमन्त्री सुदर्शन बरालले बताए ।